योगवासिष्ठ ज्ञानमाला

अनुवादक

ब्रह्मचारी हिरालाल ब्रह्मसरस्वती

का पुस्तकी

अद्वैत विद्यापीठम्, बेंगळूर

ॐ

सच्चिदानन्दाय नमः

योगवासिष्ठ ज्ञानमाला

वैराग्य, मुमुक्षु, उत्पत्ति, स्थिति, उपशम

र

निर्वाण प्रकरणको नेपाली अनुवाद

अनुवादक:

महात्यागी हीरालाल महासरस्वती

उपकुलपती

अद्वैत विश्वविद्यालय, नेपाल

प्रकाशक :
अमृतप्रसाद शेरचन
सुनिल फ्लोरिङ्ग सेण्टर
२।८२ भैरब टोल, पोखरा
फोन नं. २०१६१


प्रथम संस्करण– १००० प्रति
विजया दसमी– २०४६

मूल्य रू. ६०।–

कभर सहितको
मुल्य रु ७५।–

मुद्रक :
मुद्रण तथा प्रकाशन विभाग,
सिंहदरबार, काठमाडौं,
नेपाल।

योगवासिष्ठ-ज्ञानमाला



भगवान् वसिष्ठ



श्री प्रतापचक्रवर्ती

कुलपति अद्वैत विश्वविद्यालय

अद्वैत संस्था, नेपाल

आशीर्वचन

योगवासिष्ठ ज्ञानशास्त्र संसारमा ठूलो र अद्वैत वेदान्तको आदारणीय ग्रन्थ हो । अद्वैत संस्थाका परम पूज्य संस्थापक ब्रह्मज्ञानी श्री गुरुदेवले पनि यो मोक्षदायक ग्रन्थको महिमा बताउँदै आज्ञा भएको थियो– भूलोकमा यस्तो ज्ञान शास्त्र अरूछैन । ब्रह्मलोकमा ब्रह्माजीको सभामा यो सर्वोत्तम मोक्षशास्त्रको चर्चा भइरहन्छ ।

यो ग्रन्थको ज्ञान वचनलाई आदरपूर्वक निरन्तर चिन्तन गरेपछि देहादि अहंभावनाको परित्याग पूर्वक आत्माकार वृत्ति उदित भै आफ्नू भुलिराखेको सनातन अद्वितीयस्वरूपको सम्यकज्ञान प्राप्त हुनेछ ।

माहात्यागी श्री हीरालाल महासरस्वतीजीले ठूलो परिश्रम गरी भगवान् वसिष्ठ र श्रीरामको सम्बादरूप योगवासिष्ठ महारामायणको संक्षिप्त नेपालिमा अनुवादगरी प्रकाशनमा ल्याउने थाहा पाएर म हृदयदेखि खुशी भएकोछु श्री प्रधानजीलाई म आशीर्वाद प्रदान गर्दछु र साथै यसग्रन्थलाई श्रद्धाभक्ति पूर्वक श्रवण मननगरी मुमुक्षुहरू कल्याण लाभ गरुन् भन्ने पनि चाहान्छु ।

मिति २०४६ श्रावण ३ प्राप्त



रिडी आचार्यपीठका पूज्यपीठाधीश पुरूषोत्तमाचार्य प्रधान जगद्‌गुरु श्रीदेवेश्वर सरस्वतीबाट मन्तव्य

योगवासिष्ठ ग्रन्थका सम्बन्धमा ब्रह्मज्ञानी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्ती आज्ञा हुन्छ– "...भू लोकमा यस्तो ज्ञानशास्त्र अरू छैन । ब्रह्मलोकमा ब्रह्माजीको सभामा यो सर्वोत्तम मोक्ष शास्त्रको चर्चा भैरहन्छ" फेरि आज्ञा हुन्छ–"योगवासिष्ठबाट नै मलाई ज्ञान भएको हो । यसैले यस ग्रन्थमा मेरो स्वाभाविक रूचि छ"

जगत्‌लाई आधिभौतिकरूप हैन सङ्कल्परूप हो भनी पहिले बताएर पछि आफूदेखि अभिन्न रूप हो भनी पुनः पुनः जगत्‌को अलग सत्तालाई अस्वीकार गर्दै सहजले मुमुक्षु लाई स्वरूपमा प्रतिष्ठित गरिदिने अमूल्य यस योगवासिष्ठ महारामायणमा हात हाल्नु भएर श्री गुरुदेवबाट प्राप्त ज्ञानलाई परिपक्व (दृढ अपरोक्ष) तुल्याउन संलग्न हुनु हुने महात्यागी श्री हीरालाल महासरस्वतीज्यूले गहन कार्य गर्नुभएको छ । म उहाँको यस उच्चतम कार्यको भूरि भूरि प्रशंसा गर्दछु ।

(मिति २०४६ श्रावण ६)

रूरू क्षेत्र

गुल्मी



देवघाट् आचार्य पीठका पूज्यपीठाधीश
पुरूषोत्तमाचार्य जगद्गुरु
श्री पद्मपादसरस्वतीबाट आशीर्वाद

श्री राम सदृशो शिस्यो वसिष्ठ सदृशो गुरुः
वासिष्ठं सदृशं शास्त्रं न भूतो न भविष्यति ।

यसबाट नै ग्रन्थको उत्कर्षता स्पष्ट थाहा हुन्छ । यो अर्थवाद हैन यो हो यथार्थ । ग्रन्थ के कस्तो हो भन्ने विषयमा ज्ञानवान्‌को विचार नै भरपर्दो र आदरणीय हो । पूज्य ज्ञानवान् श्री गुरुदेव ब्रह्मज्ञानी डा. क्षितीश चन्द्र चक्रवर्ती ज्यू भन्नुहुन्छ–

यो योगवाशिष्ठ ग्रन्थको अध्ययनले मानिसका सबै दुःख-हरू हट्दछन् र उसको हृदयमा अपूर्वशान्ति प्राप्त हुन्छ। अध्ययन गर्ने मानिंस सुख–दुःखको घेराबाट बाहिर निस्कन्छन् र परम आनन्दको अनुभव गर्दछन् । मनोयोग पूर्वक अध्ययन-गर्ने मानिस निश्चयनै यो जीवनमा ब्रह्मज्ञान गरेर मुक्त हुन्छ । यो ग्रन्थ ज्ञानको भण्डार हो। वेदान्त ग्रन्थहरूमा यो चम्किलो रत्न हो । मुमुक्षुले नित्य निरन्तर यसको अध्ययन गर्नुपर्छ ।

श्री गुरुदेव यस ग्रन्थबाट आफू प्रभावित भएको मात्र हैन यही ग्रन्थबाट आफूलाई ज्ञानप्राप्त भएको भनी बताउनु हुन्छ यतिमात्र हैन अद्वैत संस्थाबाट प्रकाशित पूज्यगुरु-

देवका शताधिक ग्रन्थ मध्ये योगवासिष्ठलाई लिएर लेखिए का ग्रन्थहरू पर्याप्त मात्रामा छन् । जस्तो योगवासिष्ठसार, मोक्ष पन्थ प्रकाश, मोक्षोपाय गुरु चन्द्रिका, भक्ति र विचार, ब्रह्मगीता, ज्ञानामृत आदि ।

योगवासिष्ठ शास्त्रको अर्को विशेषता यो छ कि यसको उपदेश प्रणालिमा परिभाषा धेरै छैनन्, त्यसैले उत्तम मुमुक्षु सजिलैसित ब्रह्मज्ञान प्राप्त गरिहाल्छन् । यहाँसत्ता सामान्य, संवित्, संवेदन र संवेद्य । यसलाई शाङ्कर प्रणालीमा ब्रह्म, सर्वसाक्षी, (ईश्वर)साक्षी, (आत्मा) र प्रमाता (जीव) भनिन्छ । त्यस्तै यो प्रणालीमा निष्काम कर्मको काम सत्संगले दिन्छ त्यसैले वसिष्ठ भन्नुहुन्छः–

साधु सङ्गम सच्छास्त्रा परो भवसि सन्मतेः
तद्दिनैरेवनोमासै प्रान्प्रोषिमां परांधियम् ।

यसरी वासिष्ठ अनुसार सत्संगबाट नै चित्त शुद्धि र क्रमश ब्रह्मज्ञानहुने हुनाले यो प्रणाली ज्यादा सुलभ छ । यसैगरि यो प्रणाली सहज हुनाका कारण हो यहाँनाना त्रिपुटीको उल्लेख छैन, केवल रूप, अवलोक र मनस्कारको उल्लेखछ । यसै भित्र सारा त्रिपुटी अन्तर्भुत हुन्छ ।

ग्रन्थका सङ्कलयिता अद्वैत संस्थाका भू.पू. सभापति हीरालाल महासरस्वतीबाट पूज्य श्री गुरुदेवका साथ सत्संगमा ऐले पनि ज्ञानी हजूर्ले योगवासिष्ठ हेर्नुपर्छ र भन्ने प्रश्न गर्दा आज्ञाभएको छ –ज्ञानी कहाँ त वासिष्ठको चर्चावार्ता हुन्छ, अज्ञानी कहाँ के चर्चा हुने ? अर्को कुरा हामीलाई यसैबाट ज्ञान प्राप्त भएको हुनाले स्वभाविक हामी यसैमा डुबिरहन्छौं ।

यस्तो ज्ञानी गुरुबाट अवलम्बन गरिएको ग्रन्थ हुनाको कारण योगवासिष्ठ प्रति सङ्कलन कर्ताको अभिरूचि बढी

देखिन्छ। यसबाट प्रेरित भएर नै यो ज्ञानमाला सङ्कलनमा समय लागउनु भएको बुझिन्छ। फलस्वरूप आफूलाई सुन्दर लागेका उपयोगी विषय– वाक्यहरू सङ्कलन गरेर संदर्भ मिलाई योगवासिष्ठ ज्ञानमाला नामक ग्रन्थकोरूपमा संग्रह गरिएकोछ। यसकार्यबाट स्वयंलाई आत्मस्वरूपमा स्थितिको मदत मिल्ने छ र आफ्नै मातृभाषामा लेखिएको हुनाले नेपाली सज्जन मुमुक्षुजन यसबाट राम्रै उपकृत हुनमा मद्दत मिल्नेछ। ग्रन्थको अवलोकनबाट वासिष्ठ सिद्धान्त बुझ्नको लागि श्री गुरुदेवका माथि लेखिएका ग्रन्थ प्रति मुमुक्षु आकृष्ठ हुनेछन्। फलस्वरूप सङ्कलन कर्ताको सारा परिश्रम सफल हुनेछ। साथै सच्चा सफलता त उहाँकै स्वरूप स्थिति नै हुनेछ।

अन्तमा सङ्कलयिता र प्रकाशक प्रति उपदेष्टा भगवान् वसिष्ठ र भगवान् रामको करूणा मिलिराखोस्। यस किसिमका ग्रन्थप्रकाशनमा रूची बढ्दैरहोस्, ज्ञानी गुरुहरूको आशीर्वाद मिलिराखोस् भनी कामना गर्दछु।

(मिति २०४६।४।२६ गते)

देवघाट्धाम



जनकपुर आचार्य पीठका पूज्यपीठाधीश
पुरूषोत्तमाचार्य जगद्गुरु
श्री हस्तामलक सरस्वतीबाट
प्रशंसनीय परिश्रम

विपरीत भावनाको निवृत्तिका लागि निदिध्यासनको अत्यन्त प्रयोजन रहन्छ । जगत्को अभाव दर्शनविना निदिध्यासन सम्भव हुँदैन, जगत्को अभाव दर्शनको लागि सुषुप्तिकालीन अनुभवको अनुस्मरणबाट नै सम्भव हुन्छ । योगवासिष्ठमा उपलब्ध लीलाको उपाख्यान जस्ता उपाख्यान र सुषुप्ति कालीन अनुभवको अनुस्मरणद्वारा नै सङ्कल्प रहित भएर स्वरूप स्थितिरूप निधिध्यासनमा यत्न शील हुन सकिन्छ । असङ्कल्परूप यत्नद्वारा स्वतःसिद्ध स्वरूपावस्थानरूप निदिध्यासन नै निर्विकल्प समाधि-रूप आत्मज्ञान प्राप्तिको अनिवार्य साधन हो ।

"सुषुप्ति कालमा जो द्वैतको अदर्शन अनुभव भएको थियो त्यसबाट उत्पन्न भएको संस्कारको बलले द्वैत मिथ्यात्व को निश्चय पूर्वक बुद्धिवृत्तिहीन भै हाल्छ र यो वृत्तिहीन बुद्धिमा सर्वब्यापक ब्रम्ह स्वतः आरूढ भैकन अज्ञानलाई विनाश गरिदिन्छ ।"

यसरी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूद्वारा योगवासिष्ठ सार आदि धेरै ग्रन्थ रत्नद्वारा प्रतिपादित भएकोछ ।

उनै श्री गुरुदेवका शिष्य गुरुभक्तरत्न स्व. ख लाल प्रसाद प्रधानका सुपुत्र यस वाशिष्ठ ज्ञानमालाका प्रस्तोता श्री हीरालाल प्रधान ज्यू श्री गुरुदेवका दीर्घकाल सेवा र सत्संग गर्नु भै अमृतवचन जस्तो श्री गुरु देवका उपदेश संग्रह गरिकन जसरी सज्जन मुमुक्षुहरूलाई ब्रह्मज्ञान प्राप्त गर्ने अवसर दिनु भएकोछ त्यसै गरी विशाल योगवासिष्ठ महारामायणको ज्ञान हिस्सालाई सङ्कलन गरी नेपाली भाषामा लेखी त्यस ग्रन्थलाई प्रकाशन गरी सज्जन मुमुक्षु हरूलाई निदिध्यासनसिल हुने अवसर दिनु भएकोछ । साथै श्री गुरुदेवका कतिपय योगवासिष्ठमा आधारित ग्रन्थको उपदेशलाई पनि यो ग्रन्थमा समावेश गरी ग्रन्थको प्रामाणिकतालाई प्रामाणीत् गर्नु भएकोछ यस्तो उहाँको परिश्रम सन्हाहनीयछ ।

श्री कृष्णाष्टमी

२०४९ भाद्र ४

आनन्दनगर, जनकपुरधाम

दुई शब्द

योगवासिष्ठ ग्रन्थ महान् ग्रन्थ हो। जुन ग्रन्थलाई श्रद्धाले नित्य हेरे, सुने मानिसले खोजेको परमसुख–जो आफ्नै वास्तविक स्वरूप हो प्राप्त गरिहाल्छ। यस्तो ग्रन्थलाई श्रद्धेय मामा श्री हीरालाल प्रधानले नेपाली भाषामा आँशिक अनुवाद गर्नु भएर नेपाली जनमानसमा वितरण गर्दै हुनुहुन्छ।

मलाई वैराग्य प्रकरणको हिस्सा मात्र हेर्न दिनु भएको थियो। भगवान् राम जस्तो महापुरूष पनि संसारबाट पूर्ण-रूपले विरक्त हुनु भएर ज्ञानवान् गुरुको सरण पर्नु भएको देखिन्छ। गुरु ईश्वरमा पूर्ण भक्ति, पूर्ण श्रद्धा विना विवेक-वैराग्य त्यसै प्राप्त हुँदैन। अनन्त जन्मको पुण्य राशिको फलले विवेक-वैराग्य प्राप्त हुन्छ। जबसम्म शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि र अहंकारको विचार, जाग्रत,स्वप्न र सुषुप्ति–रूप तीन अवस्थाको विचार, अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशको विचार हुँदैन र यिनीहरूको पूर्वापरको विचार हुँदैन तबसम्म यो अनात्म संसारबाट वैराग्य हुनु संभव छैन र यसको अधिष्ठान, यसको सत्ता स्फुर्ति प्रदाता चैतन्यस्वरूप वास्तविक आफ्नो अनुभव हुँदैन। त्यसैले वैराग्य प्रकरण योगवासिष्ठ महारामायणमा प्रतिपादित भएको छ। यसरी विचारद्वारा सम्पूर्ण अनात्म-दृश्य प्रपञ्चमा मिथ्यात्व बुद्धि गरेर बुद्धिलाई सधैं आफ्नो वास्तविक चैतन्यस्वरूप परमात्मामा लीन गर्दै गर्दै चैतन्य

स्वरूपदेखि अभिन्न भए आफ्नो परमानन्दरूपको साक्षात् अनुभव पूर्वक जीवको भ्रम निवृत्त हुन्छ, मुमुक्षु मनुष्य परमपदमा प्राप्त हुन्छन् । यसैलाई मुक्ति भनिन्छ ।

यस्तो महान् ग्रन्थको अनुवाद, प्रकाशन गरेर आफ्नो वास्तविकस्वरूप चिन्न पूर्ण प्रयत्न गरिरहनु भएका आदरणीय मामा श्री हीरालाल प्रधान प्रति भगवान् राम प्रसन्न हुनु भै विवेक, वैराग्य प्रदान गरिकन सदा सर्वदा भित्र बाहिर भेद वर्जित पूर्ण परमात्मस्वरूपलाई आफूदेखि अभिन्न हुँ भन्ने दृढ अनुभव गरिकन मुक्त हुन सफल होस् भन्ने शुभकामना अभिव्यक्त गर्दछु ।

विनीतः–

२०४६ श्रावण ११ रविवार — बसन्तलाल चुके


कामदा एकादशी — नारायणगढ चितवन

प्रकाशकीय

ब्रह्मनिष्ट–आत्मज्ञानी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूबाट हामी जस्ता सिधा, साधा भक्तहरूको निम्ति वेदान्त जस्तो गहन र सूक्ष्म ब्रह्म विद्यालाई नेपाली सरल भाषामा बताएर सर्वप्रथम अमृत वचन गुरु–चेला प्रश्नोत्तर किताव निक्ली ईश्वरको अनुग्रहले अकस्मात् मेरो हातमा आइपुग्यो । श्रद्धापूर्वक ८।१० पटक पूर्ण आवृत्ति गरी हेर्दै छु । जति श्रवण गऱ्यो उति मीठो लाग्यो । जतिजति हेर्दै गयो उतिउति हृदय शीतल अनुभव हुँदै आयो । धन्य हो ज्ञानवान् महापुरूषको दया ।

मनुष्य जीवन के हो ? शान्ति कहाँ मिल्छ ? बाटो कुन हो ? त्यो परमार्थ राजमार्ग देखाई दिनु भएको मैले त्यहाँ पाएँ । फेरी योगवासिष्ठ शास्त्रको ठूलो महिमा पनि मैले सुनें । यस्तैमा श्री गुरुदेवका धेरै नजिक रहनु भएका चेला महात्यागी श्री हीरालालज्यूबाट अमृत वचन जस्तै योगवासिष्ठ नेपालीमा अनुवाद भएको थाहा पाएँ । त्यसैले ज्ञान प्राप्त गर्न सबै भक्तहरूले पाउन् भनी वेदान्तको मुकुट रत्न प्रकाशन गर्न मलाई इच्छा भयो । परमेश्वरको अनुग्रह, माता-पिताको आशिर्वाद र सबै बन्धु जनहरूको आत्मियतालाई पाएर आज मैले योगवाशिष्ठ ज्ञानमाला ग्रन्थ प्रकाशन गरी मुमुक्षुहरूका हातमा पुऱ्याउन पाएकोमा मलाई ज्यादै सन्तोष र खुशी लागेको छ । सबै भक्तहरूले श्रद्धापूर्वक श्रवण, मनन गर्नु भै सुख-शान्ति प्राप्त गर्न सकुन् भन्ने ठूलो आशा पनि राखेको छु ।

योगवासिष्ठ-ज्ञानमाला



प्रकाशक
अमृत प्रसाद शेरचन
भैरवटोल, पोखरा

बन्दना

भित्र वाहिर परिपूर्ण रूपले रहनु भएको जो परमात्मा हुनुहुन्छ त्यसको अनुग्रहले निर्बिकार शुद्ध अन्तरात्मालाई राम देखि अभिन्न जानेर भगवान श्रीरामलाई आत्मभावले प्रणाम बन्दना गर्छु ।

रामं विश्व मयं वन्दे रामं वन्दे रघू द्वहम् ।
रामं विप्रवरं वन्दे रामं श्यामा गजं भजे ।।

श्री परम पूज्य दानबीर ईश्वर मूर्ति गुरुभक्त रत्न, पिता ज्यू ख. लालप्रसाद प्रधानलाई प्रणाम वन्दना गरि वहाँकै आशिर्वादपाई अत्यन्त दुर्लभ, परम पवित्र अध्यात्म पदमा प्रवेश गर्ने मौका मिल्यो वहाँकै सम्पर्कबाट ब्रह्मज्ञानी श्री गुरुदेव क्षितीशचन्द्र चक्रवर्तीज्यूलाईपाएँ । समय समयमा वहाँकै निवास कलकत्तामा र उत्तराखण्ड घन पोखरा, रूरू-क्षेत्र (रिडी) नारायणगढ र काठमाडू आदि ठाउँमा सत्सङ्ग समारोह योजना राखी वहाँलाई पदार्पण गराई ज्ञानवान्‌को महान् वाणी सुन्ने सुबुद्धि परमात्माले दिनुभयो ।

त्यतिमात्र हैन फेरि दूरदर्शी ज्ञानवान्. दयालु श्री गुरु-देवले हामी नेपाली भक्तजनको कल्याणार्थ अपूर्व योजना रचना गरी ०२३ साल आषाढ २६ का दिन अद्वैतसंस्था स्थापित गरी दैनिक सत्सङ्ग, संत्शास्त्रको अध्ययन गर्ने मौका मिल्यो । विद्या अध्ययनको लागि अद्वैत महाविद्यालय, विश्वविद्यालय स्थापित भयो । वेदान्त, दर्शन, उपनिषद

आदि गहन (लुकेको) वाणीलाई निकाली वेदान्तको हुण्डि फुकाएर सबैले बुझ्ने गरी नेपाली भाषामा गीतामृत, वासिष्ठामृत, योगवाशिष्ठसार, अमृत वचन, सुखको बाटो, वृहत् वासिष्ठ, ब्रह्मसूत्र आदि २०० प्रकारका नेपाली उपनिषद ग्रन्थ रचना गरी सारा नेपालीलाई उद्धार गरिदिनु भयो ।

ठाउँ ठाउँमा धेरै शाखा खोलिए । रिडी, देवघाट र जनकपुर धाममा आचार्य पीठ स्थापित भयो । सत्संगको प्रचार–प्रसार जतातते फैलिंदै गयो । दिनदिन सत्सङ्गमा मुमुक्षु भक्तहरू भाग लिन थाले । मिथ्या अहंकारादि वासना भ्रम (मनमा उठेको चित्तवृत्ति) लाई छाडेर त्यसको प्रकाशक निर्विकार साक्षी चैतन्य आफ्ना शुद्ध वास्तविक स्वरूप–आत्मानन्दमा रुचि, स्थिति र दृढ अभ्यास गर्ने मौका मिल्यो ।


जस्तो भगवान् रामलाई गुरु वसिष्ठले ब्रह्म ज्ञान दिनु भएको थियो त्यस्तै हामी नेपाली पुण्यात्माहरूलाई शंकर वशिष्ठ मूर्ति ब्रह्मज्ञानी श्री गुरुदेवले ब्रह्मज्ञानको भण्डार खोली दिनुभयो ।

अविद्यारूप मिथ्या-भ्रम देह प्रपञ्चरूपि माहामोहजालबाट बाहिर निकाली दिनुभयो । आफूले भुलिराखको नित्य, सत्य सदाप्राप्त स्वयंप्रकाश अनुभवरूप चिदानन्द बोध स्वरूप-आत्मदेवमा सम्मिलित पारिदिनुभयो ।

आज उनै दयालु श्री गुरुदेवको करुणाशक्ति पाएर चिन्तामणिरूप वेदान्तको शिरोमणि योगवासिष्ठ महारामायण छ प्रकरण भित्र रहेको ज्ञानका विशाल भण्डारबाट संक्षिप्त अंश बटुली यो ज्ञानमाला अनुवाद गरिएको हो । यो हो ईश्वरको महिमा ।

फेरि प्रकाशन गर्न अमृत जस्तै उदार दिल भएका भक्त अमृतप्रसाद शेरचनको सद्बुद्धि इच्छाले तत्काले प्रकाशन

योगवासिष्ठ-ज्ञानमाला



माहात्यागी

हीरालाल महासरस्वती

गरी नेपाली पुण्यात्माहरूको हातमा दिनु भएको छ । मुमुक्षु जनले यो देव दुर्लभ ज्ञानमाला श्रद्धापूर्वक श्रवण, मनन गरी भक्ति (प्रेम) ले निरन्तर हृदयमा धारणा गरी राखे सजिलैसित मिथ्या–अविद्यारूप अहं, ममको भ्रमनिवारण भएर सदा प्राप्त स्वयम्ः सिद्ध निर्मल आत्मा (साधकको यथार्थ स्वरूप) आफ्नै हृदयमा प्रकाशमान भै परमानन्द प्राप्त हुनेछ ।

यो ब्रह्म विद्या संकलन गर्न र रूपान्तर गर्न भित्रदेखि प्रेरणाशक्ति (सत्‌बुद्धि) दिनु भएका वशिष्ठ स्वरूप ब्रह्मज्ञानी श्री गुरुदेव शिवराम पुरुषोत्तमानन्द (क्षितीश चन्द्र चक्रवर्ती) भगवान्‌लाई सर्वदा आत्मभावले प्रणाम वन्दना गर्दछु ।

यो ज्ञानमाला प्रकाशन गर्न स्नेह र आशीर्वाद प्रदान गर्नु हुने परमपुज्य गुरूदेवका उत्तराधिकारी एवं सम्मान्य कुलपति श्रीमान प्रताप चक्रवर्तीज्यूमा र मन्तव्य आसिर्वाद लेखी ग्रन्थको शोभा बढाई दिनु भएकोमा आचार्य त्रय तथा भानिज वसन्तलाल चुकेलाई र हरतहरबाट उत्साह, सहयोग दिनु भै भूमिका लेखिदिनु हुने आत्मीय उदारात्मा प्रधान कुलपति सहचारी श्री गंगाराम सरस्वतीज्यूलाई हृदयदेखि स्मरण एवं वन्दना गर्दछु ।

अन्तमा पाण्डुलिपी सुधार गरी शुद्धि गरिदिनु भएका आत्मीय कमलप्रसाद रिजालज्यूलाई पनि धेरै सम्झनागर्दै वन्दना गर्दछु ।

महात्यागी
हीरालाल महासरस्वती
उपकुलपति
अद्वैत विश्वविद्यालय

प्रधान निवास
नारायणगढ
नेपाल

भूमिका

महात्यागी श्री हीरालाल प्रधानजीले गहन चिन्तन र मनन गरी हिन्दी भाषामा लेखिएको योगवासिष्ठ महा-रामायणलाई सरल नेपाली भाषामा अनुवाद गर्नु भएको पाण्डुलिपि आद्योपान्त हेर्ने सुअवसर पाएको थिएँ । वेदान्तको महामणिरूप योगवासिष्ठ ग्रन्थ नेपाली भाषामा अनुदित हुनु नेपाली मुमुक्षुहरूका लागि सौभाग्यको विषय हो । यस्तो मीठो र अनूभूतिपूर्ण अनुवाद विरलै पाइन्छ । जसको तत् विषयमा आस्था र पूर्ण प्रवेश छ उसैद्वारामात्र मूलको आशय अनुसार अनुवाद हुन सक्छ । श्री हीरालाल प्रधान श्री गुरूभक्तरत्न स्व. ख. लालप्रसाद प्रधान जस्ता वीतरागी महात्माका सुपुत्र र कलियुगीन वसिष्ठ प्रचण्ड ब्रह्मज्ञानी श्रोत्रीय ब्रह्मनिष्ठ श्रीगुरूदेव डा. क्षितीशचन्द्र चक्रवर्ती महोदयका अन्तरंग शिष्य हुनुहुन्छ । उहाँ जस्ता गृहस्थ महात्माबाट नेपालीमा योगवासिष्ठ लेखिनु अत्यन्त शोभनीय हो । उहाँ मुमुक्षुहरूको शतशः धन्यवादका पात्र हुनुहुन्छ, यस सुकृतिका लागि हीरालालजी स्मरणीय हुनुहुन्छ ।

श्रीगुरूदेवबाट नेपाली भाषामा योगवासिष्ठका धेरै नै ग्रन्थ प्रणीत छन् । ती पूजनीय ग्रन्थका आफ्नै महिमा छन् । ज्ञानवान गुरुदेवले योगवासिष्ठलाई आफ्नो ज्ञान-वत्ताको बलले विशेष मौलिकता प्रदान गर्नु भएको छ र यो चाहिं योगवासिष्ठको अनुवाद हो, यसको छुट्टै गरिमा छ, आफ्नै महिमा र रसास्वाद छ ।

लेखकले योगवासिष्ठमा पाइने लामालामा कथाहरूलाई समावेश नगरी आध्यात्मिक चिन्ता धारालाई मात्रराखी रूद्राक्ष माला झैं ज्ञानामाला तयार पारिदिनु भएको छ।

जीवनको सार सर्वस्व मोक्षप्राप्ति हो, परमसुखी भएर रहनु । यसका लागि प्रस्तुत महाग्रन्थमा अत्यन्त सरल र सुबोध रीतिले वर्णन गरिएको छ । यसैले नै यो ग्रन्थ भगवद्भक्त मुमुक्षुहरूले नहेरिनहुने, नपढीनहुने र यसको चिन्तन मनन नगरिनहुने प्रमाणित भएको छ। यसको श्रद्धा भक्तिपूर्वक अनुसन्धान विना मोक्ष पदबी दुर्लभ छ। यो कुरा हाम्रा प्रातः स्मरणीय श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यू बराबर भनिरहनुहुन्थ्यो। आफूलाई योगवाशिष्ठ ग्रन्थबाट नै ज्ञान प्राप्त भएको कुरा बताउँदै श्री गुरुदेव भन्नु हुन्थ्यो "योगवाशिष्ठ ग्रन्थलाई घरमा राखेर पूजामात्र गरे पनि ठूलो पुण्य मिल्छ"। यस्तो ग्रन्थलाई नेपालीमा अनुवाद गरिदिनुभएर श्री हीरालालजीले मोक्षभिलाषीहरू माथि ठूलो अनुकम्पा गर्नु भएको छ।

६ प्रकरण भएको योगवाशिष्ठ ग्रन्थ संस्कृत भाषामा लेखिएको छ। यसमा ३२ हजार श्लोक छन्। एकजना ज्ञानी महात्माले दया परवश भएर हिन्दीमा दिनु भएको वासिष्ठ-उपदेशलाई हुबहु लेख्न लगाई ठूला ठूला दुई ठेलीमा उपलब्ध गराइयो। समग्र ग्रन्थ बोक्न र हेर्न पनि असंम्भव प्रायः भएको बेलामा संक्षिप्तमा तर प्रमुख विषय नछुटाएर अनुवाद प्रकाशित भएको छ।

यो ग्रन्थ वेदान्त जगत्मा अत्यन्त पूजनीय र सुप्रसिद्ध बन्नाको कारण जगत् विषयक यसको सुस्पष्ट धारणा वा मन्तव्य पनि हो। योगवासिष्ठ दृष्टि-सृष्टिवादको सिद्धान्त-मा आधारित छ। संक्षिप्तमा भन्दा जगत् कुनै आधिदैविक

शक्तिबाट उत्पन्न नभैकन चित्तको चलन हो र यसैले जगत् ग्राविद्यक हो। यो नै योगवासिष्ठ ग्रन्थको मौलिक सिद्धान्त हो। यस कुराको ज्वलन्त उदाहरणको रूपमा सुषुप्तिलाई अगाडी सारिएको छ। सुषुप्तिमा चित्त छैन, चित्तको चलन छैन यसैले जगत्को अस्तितता पनि रहँदैन। यसरी जगत् केवल चित्तको वृत्तिरूप हो, जगत्रूप आलोक र मनस्कार मात्र हो। जगत् प्रति योगवासिष्ठ महारामायणको दृष्टिकोण यही हो।

योगवाशिष्ठ ग्रन्थ योगवासिण्ठ र ज्ञानवासिष्ठको योग हो। यसमा प्राण–अपानको अन्तरालको चिन्तन, (प्राण चिन्तन) वृत्ति निरोधरूप योगको विस्तृत व्याख्याका साथ-साथै मोक्षका लागि प्रमुख साधन विचार हो भनिएको छ। विचारलाई जगाउनु, बढाउनु र स्थिर पार्नुबाट नै स्वरूपबोध हुने कुरा यहाँ विश्वासका साथ वर्णित छ। विचार भनेको स्वात्मामा (ईश्वर स्वरूप आफूमा) विचरण गर्नु हो। यसको अर्को नाम आत्मार्चन हो। जसको दृढताले भेदवासना निवृत्त हुन्छ र फलस्वरूप सुद्धात्मस्वरूपको साक्षात्कार हुन्छ। (उपशम प्रकरणमा श्रीरामलाई यसै भएको थियो) जसलाई क्रमशः आत्मानुभव, स्वात्मानुभव र ब्रह्मानुभव प्राप्ति भनिएको छ। यस ग्रन्थलाई थोरै शब्दमा परिभाषित गर्नु पऱ्यो भने यही नै-हो। यसैको विस्तृतिकरणमा यहाँ ज्ञानका सात भूमिकाहरूलाई ज्यादै नै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। ज्ञान भूमिकाहरूको अभ्यासलाई तपस्या भनिएको छ र यो अभ्यास चित्तको क्रमिक शोधन र परित्याग हो भनिनु ज्यादै घत लाग्दो कुरा हो। अनि चित्तको यो शोधनका लागि अपनाउनु पर्ने क्षमाशिलता, औदार्यता, दया, राग-द्वेष राहित्य ज्ञाननिष्ठा आदि साधनहरूको समायोजनले अनुवादमा मूलको आस्वादन पाइन्छ।

ज्ञानी भएर बस्नुपर्छ र यसोगर्न कम्मर कसेर चाहना राख्ने हो भने सजिलो पनि छ भनेर देखाउनु प्रस्तुत अनुवादको अर्को प्रशंसनीय पक्ष हो । किनकि विषका साथमा औषधि पनि हुन्छ । यहाँ बताइएको विष र त्यसको औषधिको विश्लेषण आफ्नै ढङ्गको छ । कलना (चित्तवृत्ति), वासना, भावना (विषय चिन्तन) र सम्वेदन (अहंकार) लाई समग्ररूपमा विष भनेर बताइएको छ भने यसको औषधि क्रमश: आत्मज्ञान, ईश्वर दर्शन, ईश्वर ध्यान (तत्वज्ञान) र ब्रह्म ज्ञान हो भनेर बताउनुबाट अनुवादको प्रमाण पक्षमा आकर्षण स्पष्ट भएको छ ।

ग्रन्थमा प्रदर्शित उदाहरणहरु ज्यादै मार्मिक छन् । जस्तो रज्जु-सर्प, समुद्र-तरङ्ग, सिपी, चाँदी आदि आदि । सर्वसाधारणले बुझ्ने यी उदाहरणद्वारा आफ्नो अधिष्ठान स्वरूपको निर्विकारता र निष्कलङ्कता प्रदर्शन गरिनुबाट ग्रन्थ सुबोध्य हुन पुगेको छ ।

मलाई त के लाग्छ भने दशवटा हात र हजार मुखले यो अनुवादको प्रसंशा गरे पनि कमी हुन्छ । आफूलाई समग्र रूपमा चिन्तन र मनन गरेर ठम्याइकन प्रस्तुत गरिएको छ यहाँ । आफू को हो र कस्तो छ अनि आफूलाई कसरी प्राप्त गर्ने (अनुभव गर्ने) भन्ने जिज्ञासाको सम्पूर्ण समाधान हो यो ग्रन्थ ।

ज्ञानाभासलाई पूर्णज्ञान भनेर ठान्ने साधकलाई भर्त्सना गर्दै मैत्री, करुणा, मृदुता आदि गुणावलीलाई अर्जन गर्न आदेश दिने यो ग्रन्थ आमाको काख भन्दा सुखद विश्रामस्थल हो । श्रद्धा र भक्तिपूर्वक यस ग्रन्थलाई पढेपछि सुनेपछि मानिस आफ्नो वास्तविक स्वरूपका विषयमा श्रीराम झैं नि: शंकहुन्छ कृतकृत्य भैहाल्छ ।

निराभास, साभास (सविषय) र निर्विषय आफू हरहमेशा जाज्वल्यमान छ। विषय चिन्तन हुनुभन्दा अगाडि आफू निराभासरूपले इन्द्रिय र विषयको सम्बन्ध हुँदा त्यसको प्रकाशकरूपले (सविशेष वा साभासरूपमा) र दृश्यहरूको अभाव कालमा आफू निर्विषयरूपले प्रकाशित हुन्छ र यसरी अलुप्त प्रकाश आफ्नो अवर्णनीय महिमालाई देखाउँदै दृश्य त्रिपुटीसँग मिलेपछि बन्धन हुने र दृश्य त्रिपुटीसँग साक्षी चैतन्यको सम्बन्धको अभावको ज्ञान भए मुक्ति प्राप्त हुने सरल उपदेशले सम्पूर्ण पृष्ठ भरिएको हुनाले यो ग्रन्थ हात परेपछि आद्योपान्त नपढी विश्राम लिन मन लाग्दैन।

योगवाशिष्ठका यस्ता सरलतम किन्तु परम उच्च साधन र सिद्धान्तलाई समनन् अध्ययन गरेर नै हाम्रा प्रातः स्मरणीय श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूले अद्वैत संस्था मार्फत नेपालमा सहज साक्षात्कार वादलाई प्रतिपादन गर्नु भएको देखिन्छ। गुरुदेव संधै योगवासिष्ठ हेरिरहनु हुन्थ्यो अनि आँखा चिम्लेर मनन गरिरहनु हुन्थ्यो। गुरुदेव योगवासिष्ठका प्रतिमूर्ति हुनुहुन्थ्यो। उहाँका अनुसार समस्त योगवासिष्ठलाई केही पंक्तिहरूमा हामी यसरी पढ्न सक्छौः–

१. शरीर, परिवार, धन, जन, ऐश्वर्यबाट चित्त उपरत नभए जिज्ञासा उत्पन्न हुन सक्तैन। यसैले सर्वप्रथम प्रकरण हो वैराग्य। शुभेच्छा (जो ज्ञानको पहिला भूमिका हो त्यसको प्रधान अङ्ग) हो वैराग्य।

२. वैराग्यको दृढता भए मुमुक्षा उत्पत्ति हुन्छ। मुमुक्षु पुरूषको व्यवहार कस्तो हुन्छ त्यसको विवरण मुमुक्षु व्यवहार प्रकरणमा वर्णित भएको छ। सार कुरा यो हो कि मुमुक्षु सर्व-प्रकारले सत्वगुण प्रधान हुन्छ, त्यसको व्यवहार पूरा सात्विक हुनुपर्छ।

३. उत्पत्ति प्रकरणमा वसिष्ठ देखाउनु हुन्छ कि जगत्को उत्पत्ति कुनै कारणबाट (आरम्भ किबा परिणामबाट) भएको होइन किन्तु संकल्प किबा सम्वेदनबाट मात्र भएको हो। उत्पत्ति प्रकरणको श्रवण मनन् भए वैराग्य सुप्रतिष्ठित हुन्छ।

४. स्थिति प्रकरणमा वसिष्ठ बताउनु हुन्छ कि संकल्पको दृढता भए सारा अनात्म प्रपञ्च (जगत्) स्थित भैहाल्छ, आधि भौतिकभाव प्राप्त हुन्छ।

५. यति कुरा सम्झेपछि मुमुक्षु आफ्नू स्वरूपलाई हेर्दै रहन्छ (अर्थात् आफ्नू चित् स्वरूपलाई अनुभव गर्दै रहन्छ र साथसाथै चित्तको विषयाकार वृत्तिलाई बन्द गरिदिने प्रयत्न गरिरहन्छ। गीता शास्त्रमा बताइएको जो ज्ञानाभ्यास हो त्यो उपशम प्रकरणमा विस्तृत रूपले वर्णित छ।

६. त्यसपछि चित्तवृत्तिशून्य हुन्छ। पहिले चित्त सम्पूर्ण नष्ट हुँदैन (निर्वाण पूर्वार्ध) र पछि सम्पूर्ण नष्ट हुन्छ। (निर्वाण उत्तरार्द्ध)। चित्तको आत्यान्तिक नाश किबा निर्वाण हो मोक्ष।

यहिँ नै हो योगवासिष्ठ सार-संग्रह।

अन्तमा, प्रचण्ड ज्ञानवान् भगवान् वसिष्ठ, ज्ञानसागर वासिष्ठ र यी दुबैका प्रतीक मेरा पूज्यचरण गुरुदेवमा सभक्ति बन्दना र श्री हीरालाल प्रधानजीमा साधुवाद टक्र्याउँदछु।

भगवान् श्रीराम सबैको सर्वप्रकारले कल्याण गरुन्।

प्रधान कुलपति-सहचारि
वेदान्त संरक्षक
गंगाराम सरस्वती

योगवासिष्ठ ज्ञानमाला भित्र

निर्वाण–पूर्वाद्ध-६

क्षितीश ज्ञानमाला भित्र

ॐ

सच्चिदानन्दायनमः


योगवासिष्ठ ज्ञानमाला



वैराग्य प्रकरण–१



राजा दशरथको सभामा वसिष्ठ मुनिबाट श्री रामलाई उपदेश





योगवासिष्ठ ज्ञानमाला

वैराग्य प्रकरण–१

मङ्गलाचरण

सत्‌चित, आनन्दरूप जुन आत्मा हो, त्यसलाई नमस्कार छ। जहाँबाट यो सबै प्रतीत भएको छ, जस्मा यो सबै लीन हुन्छ र जस्मा यो सबै स्थित छ, त्यो सत्य आत्मालाई नमस्कार छ।

ज्ञाता, ज्ञान, ज्ञेय, द्रष्टा, दर्शन, दृश्य र कर्ता, करण, क्रिया जसबाट सिद्ध हुन्छ, त्यस्तो जुन ज्ञानरूप आत्मा हो, त्यसलाई नमस्कार छ। जुन आनन्द समुद्रको एक थोपा पाएर संपूर्ण विश्व आनन्दित हुन्छन् र जुन आनन्दले सारा जीव बाँचिरहेका छन् त्यो आनन्दरूप आत्मालाई नमस्कार छ।

राम वैराग्य–१२

श्रीराम भन्नु हुन्छ– हेमुनीश्वर ! जो कुछ पदार्थ हो, त्यो मनको कल्पना हो। त्यो मन भएको होइन। नभएको मन पनि दु:खदायी भएको छ। जुन पदार्थलाई सत्य र सुख ठानी मन दौडी रहन्छ त्यो मृगतृष्णा जस्तो हो। त्यस्तै मूर्ख जीव पदार्थलाई सुख ठानी भोग्न यत्न गरिरहन्छ परन्तु शान्ति पाउँदैन ।

हे मुनीश्वर ! इन्द्रियहरूको भोग सर्प जस्ता हुन् जसलाई ग्रहण गरे पछि जन्म र मरणको दुःख मिलिरहन्छ। त्यस्मा जसले इच्छा गर्दछन् ती महामूर्ख हुन्। जुन पदार्थको नाश हुँदैन त्यो पदार्थ पाउन योग्य हो। त्यसकारण विचार गरी भोगलाई त्याग गरिदिन्छु ।

जे जति संपद रूप पदार्थहरू देखिन्छन् ती सबै आपत् हुन् त्यस्मा अलिकति पनि सुख छैन । जब त्यसको वियोग हुन्छ तब मनमा काँढा बिझे जस्तो दुःख हुन्छ। जब इन्द्रियलाई भोग मिल्छ, तब रागादि उपाधिले जलाउँछ । जब मिल्दैन तब आशा, इच्छाले जलाउँछ। त्यसैले भोग दुःखरूप जानेर भोगको इच्छा म गर्दिन ।

हे मुनीश्वर ! भोगरूपी चोरले अज्ञानरूपी रातमा आत्मारूपी धनलाई लुटेर लगेका छन् । त्यसैको वियोगले म अत्यन्त दुःखी भैरहेको छु। जुन भोगको लागि यो यत्न गरिराखिएको छ, त्यो सारा दुःखदायी हो । त्यसबाट शान्ति मिल्दैन । जुन देहमा अभिमान गरेर यो यत्न गरि रहन्छ त्यो शरीर क्षणभरमा नाश भएर जान्छ। त्यसकारण असार हो। जसले यस्तो असत्य भोगको इच्छा गरिरहन्छ– त्यो मूर्ख र जड हो। त्यसैले हे मुनीश्वर ! म भोगको इच्छा गर्दिन ।

लक्ष्मी तिरस्कार–१३

हे मुनीश्वर ! जो लक्ष्मी (धन)हो त्यो परम अनर्थकारी हो। जबसम्म धन मिल्दैन तबसम्म त्यसले यत्न गरिरहन्छ र अनर्थ गरी प्राप्त गर्छ। जब धन प्राप्त हुन्छ तब त्यसले सारा गुणलाई नाश गरिदिन्छ। अर्थात् संतोष, धर्म, उदारता, कोमलता, वैराग्य, विचार र दया आदि गुणलाई नाश गरि-

दिन्छ । त्यसैले परम दुःखको कारण जानेर त्यसलाई म त्याग गरिदिन्छु ।

हे मुनीश्वर ! लक्ष्मी हेर्न मात्र राम्रो छ, जब त्यसको प्राप्ति हुन्छ तब सत् गुणलाई हरण गरी लान्छ । हे मुने ! मैले विचार गरी हेरें, त्यसमा सुख अलिकति पनि छैन । दुःखै दुःखले भरिएको छ, त्यसैले मिथ्यारूप भोगको इच्छा म गर्दिन ।

हे मुनीश्वर ! ज्ञानवान् पुरूष परम पदमा स्थित रहन्छन् । तिनी बाँचिरहनु सुखको निम्ति हो र अरूको उपकारका लागि हो । जसलाई सदा भोगको इच्छामा संतोष छ, भोगमा नै रमिरहन्छ, आत्मपदबाट विमुखछ, त्यो मूर्खले बाँचिरहनु धिक्कार हो । त्यो मनुष्य जस्तो देखिए पनि मनुष्य हैन, पशु हो ।

हे मुनीश्वर ! जसले शास्त्र पढेर शास्त्रबाट पाइने योग्य पद पाएन, तब शास्त्र त्यसलाई भाररूप हो । मन आकाशरूप हो, त्यो मनमा शान्ति नआए तिनको मन भार रूप हो । जसले शरीर पाएर अभिमानलाई त्याग गरेन तब त्यो शरीर नै भाररूप हो । यो शरीर बाँचिरहनु आत्म प्राप्तिको निम्ति हो, त्यो नभए बाँचिरहनु व्यर्थ हो । अभ्यासले आत्मपद प्राप्त हुन्छ । जो आत्मपददेखि विमुख छन् तिनी संसारमै भट्किरहन्छन् । यो अपूर्व शरीर पाएर जसले भोगको इच्छा गर्छ, ती महामूर्ख हुन् । जस्तो सर्पको मुखमा परिसकेको भ्याकुताले माखालाई ताकिरहन्छ, त्यस्तै अज्ञानी मानिस कालको मुखमा परेर पनि भोगको इच्छा गरिरहन्छ । त्यो भ्याकुता जस्तै महान मूर्ख हो ।

हे मुनीश्वर ! मूर्ख पुरूष बाँचिरहनु दुःखको निम्ति हो । जस्तो वृद्ध मानिस बाँचिराख्नु दुःखको कारण हो,

त्यस्तै आत्मज्ञान रहित पुरुष बाँचिरहनु दुःखको कारण हो। त्यसले धेरै बाँचिरहनु भन्दा मर्नु श्रेष्ठ हो। जसले मनुष्य शरीर पाएर आत्मपद पाउनयत्न गर्दैन– त्यसले आफ्नू नाश आफैले गरी रहेछ, त्यो आत्मघाती हो। यो संसार भ्रम मात्र हो, त्यस्को इच्छा राख्नु व्यर्थ हो। त्यसैले मैले वासना रहित भएर रहने इच्छा गरेको छु।

अहंकार हो दुराशा – १५

हे मुनीश्वर ! परम दुःखको कारण अहंकार हो। जब त्यसको नाश हुन्छ तब दुःखको नाश भएर जान्छ। यो जुन म राम हो त्यो म होइन, इच्छा पनि केही छैन, किनकि जुन म छैन भने इच्छा कसको होला ? यदि इच्छा हुन्छ भने त्यही होस् जुन अहंकारदेखि रहित पद मिलोस्।

हे मुनीश्वर ! जस्तो कमललाई वरफले नाश गरी दिन्छ, त्यस्तै अहंकारले ज्ञानलाई नाश गरिदिन्छ। जस्तो व्याधा जाल फिंजारी चरालाई जालमा पार्छ त्यस्तै अहंकार-रूपी व्याधाले तृष्णारूपी जाल फिंजारी जीवलाई बन्धनमा पारिहाल्छ। त्यसकारण हे मुनीश्वर ! मलाई त्यै उपाय बताउनु होस् जसबाट अहंकार नाश भएर जावस्। जो अहंकार नाश भए पछि म परम सुखी भइहाल्नेछु।

हे मुनीश्वर ! आत्मारूपी सूर्यलाई मेघरूपी अहंकारले ढाकी दिएको छ। जब ज्ञानरूपी सूर्य उदाउँछ तब अहंकार रूपी बादल नाश भैहाल्छ। जहाँ अहंकार रहन्छ, त्यहाँ सारा आपद आएर बस्छ। जस्तो समुद्रमा सारा नदी मिली हाल्छ। त्यस्तै अहंकारमा सारा आपद आइहाल्छ। त्यसैले दुष्ट अहंकारलाई नाश गर्ने उपाय बताउनु होस्।

हे मुनीश्वर ! यो जुन मेरो चित्त हो, त्यो काम, क्रोध,

लोभ, मोह, तृष्णा आदिले गर्दा जर्जर भएको छ। महापुरूष-हरूको जुन गुण, वैराग्य, विचार, धैर्य, संन्तोष त्यसको नजिक पर्दैन। सदा विषरूपी कसिंगरमा भट्की रहन्छ, केही लाभ हुँदैन। जस्तो लोभी कुकुर दैला दैलामा घुमी-फिरी रहन्छ– त्यस्तै यो दुष्ट चित्त पनि पदार्थ पाउनको लागि यताउता घुमी रहन्छ र दुःख पाउँछ।

हे मुनीश्वर ! अज्ञानले गर्दा नभएको वेताल (भूत) चित्तमा दृढ गरी बसेको छ, त्यसलाई नाश गर्न मेरो सामर्थ्यले पुगेन। समुद्रलाई पिउनु सजिलो होला, आगोमा बस्नु सजिलो होला, परन्तु चित्तलाई जित्नु अत्यन्त कठीन छ। चित्त सदा चञ्चल स्वभावको हुन्छ जस्तो बाँदर स्थिर गरी बस्न सक्दैन, त्यस्तै चित्त वासनाले गर्दा कहिले पनि स्थिर भएर रहन सक्दैन। नाना प्रकारको वासना उब्जिरहन्छ। बालक झैं चञ्चल छ, सदा विषयमै घुमिरहन्छ। त्यसकारण हे मुनीश्वर ! यो चित्तरूपी शत्रुलाई जित्ने उपाय बताउनु होस्।

हे मुनीश्वर ! अब मलाई कुनै भोगको इच्छा छैन। जगत्को धन ऐश्वर्य पदार्थ विरस लागेको छ। जस्तो चन्द्रमा बादलको इच्छा गर्दैन, त्यस्तै म भोगको इच्छा गर्दिन। हे मुने ! मेरो चित्त परम शत्रु हो, त्यसैले मलाई त्यही उपाय बताई दिनुस् जसबाट (मनलाई जितेर आत्म) पद प्राप्त गरूँ।

हे मुनीश्वर ! सबैभन्दा ठूलो पवित्र पदमा बस्न म यत्न गर्छु, तर तृष्णाले बस्न दिंदैन। जस्तो जालमा परेको चरा आकाशमा उड्न यत्न गर्छ, तर उड्न सक्दैन, त्यस्तै म पनि अनात्म पदबाट आत्म पदमा पुग्न सक्दिन।

हे मुनीश्वर ! स्त्री, पुत्र र कुटुम्बहरूले फिंजाइ राखेका

जालमा म फँसी राखेको छु, निस्कन सक्दिन । आशारूपी बन्धनले बाँधिएको छु, कहिले माथि कहिले तल झरी दुःख पाउँछु। त्यसैले हे मुनीश्वर ! यसको इच्छा मलाई छैन ।

हे मुनीश्वर ! तृष्णा रूपी डरलाग्दो कालरात्री देखेर ठूला ठूला धैर्यवान्, बुद्धिमान् पुरूषहरू पनि डराउँछन् । आँखा भएको पुरूषलाई पनि अन्धा तुल्याइ दिन्छन् । जब त्यो आउँछ तब वैराग्य र अभ्यासरूपी आँखालाई अन्धा तुल्याइ दिन्छ । अर्थात् सत्य असत्यको विचार गर्न सक्दैन ।

हे मुनीश्वर ! तृष्णारूपी डंकिनीले सन्तोषादि पुत्रलाई मारी दुःख दिइराखेको छ । आगोले पोल्दा त्यति दुःख हुँदैन, इन्द्रको बज्र प्रहारबाट पनि त्यति कष्ट मिल्दैन, जस्तो दुःख तृष्णाले ग्रस्त पुरूषलाई हुन्छ । त्यो तृष्णाले मलाई दीन तुल्याई राखेको छ । जस्तो सुकेको पातलाई बतासले उडाई आकाशमा लान्छ त्यस्तै तृष्णारूपी बतासले मलाई उडाई राखेको छ । त्यसैले जसरी हुन्छ तृष्णारूपी पिचाशलाई नाश गरी आत्म पद मिलोस् । त्यो परम उपाय मलाई बताउनु होस् ।

देहको नश्वरता–१८

हे मुनीश्वर ! जुन यो अमंगल रूप देह हो, त्यसको उत्पत्ति हुनु अत्यन्त अभाग्य हो। हाड, मासु, रगत, मल, मूत्रले भरिएको अपवित्र-विकारवान् जुन देह हो–त्यो दुःखको घर हो । त्यसैले त्यस्तो शरीरको मलाई इच्छा छैन, त्यो अज्ञानले उब्जिन्छ। त्यस्तो अमंगलरूप शरीरमा जो अभिमान गरी फुर्छ त्यो दुःखको कारण हो । त्यसैले अहंभावलाई त्यागिदिउँ । जहाँसम्म आफ्नू परिवारमा मोह, ममता बाँधिन्छ, तबसम्म मुक्ति मिल्दैन । जब त्यसलाई त्याग्छ,

तब मुक्ति मिल्छ । देह, इन्द्रिय, प्राण, मन, बुद्धि यसका परिवार हुन् । त्यस्मा जो अहंभाव हो त्यसको त्याग गर्नु पर्छ । तब मुक्ति मिल्छ, अन्यथा मुक्ति मिल्दैन ।

हेमुनीश्वर ! यो शरीर हाड, मासु, रगतले भरिएको, अपवित्र छ । जस्तो हात्तीको कान सदा हल्लिरहन्छ, त्यस्तै यो शरीरलाई पनि कालले सदा हल्लाइ राखेकोछ । दुई चार दिनको ढीलो र चाँडो हो, परन्तु कालले सबैलाई निलिहाल्छ । त्यसैले म यस्तो नाशवान् शरीरको चाहना गर्दिन । यो शरीर कृतघ्न हो, भोग भोगाउँछ, ठूलो ऐश्वर्य प्राप्त गर्छ, परन्तु काल त्यसको मित्र होइन जब जीव त्यसलाई छाडेर परलोक जान्छ, तब एक्लै जान्छ। शरीरलाई छोडि दिन्छ । जीव त्यसको सुखको निम्ति अनेक प्रयत्न गर्छ, परन्तु सँधै साथ रहँदैन । त्यस्तो जुन कृतघ्न शरीर हो, त्यसलाई मैले मनै देखि त्याग गरेको छु। यो शरीर क्षण भंगुरछ, त्यस्तो शरीरमा आस्था गर्नु मूर्खता हो ।

हे मुनीश्वर ! जो धनवान् छन् तिनी ठूलो भोग भोग्छन् र जो निर्धन छन् तिनी थोरै भोगछन्। परन्तु बूढा हुनु र मर्नु दुबैको बराबर हो, त्यस्मा विशेषता केही छैन । यो शरीरलाई सिंगारेर, भोग भोगाएर राख्नु उल्टा दुःखको कारण हो । जस्तो सर्पलाई दूध पिलाई राखे आखिर उसैले टोकिदिन्छ त्यस्तै जीवले तृष्णारूपी नागिनीसित प्रेम सम्बन्ध राखे त्यसले पछि अवश्य मारिदिन्छ ।

हे मुनीश्वर ! यस्तो शरीरलाई पुष्ट गरी राख्ने चेष्टा गर्नु दुःखको निमित्त हो । यो शरीरसित कुनै कारणले पनि मिल्न योग्य छैन । जस्तो दाउरा बाल्नु सिवाय अरू काममा आउँदैन, त्यस्तै यो शरीर पनि जड् भएकाले जलाई दिन योग्य छ । जो पुरुषले काष्टरुपी शरीरलाई ज्ञानरुपी अग्नि-

द्वारा जलाई लिन्छ, त्यसको परम अर्थ सिद्ध हुन्छ । जसले जलाउँदैन त्यसले परम दुःख पाउँछ ।

हे मुनीश्वर ! न म शरीर हुँ, न मेरो शरीर हो, न त्यसको म हुँ न त्यो मेरो हो । अब मेरो कुनै कामना छैन, म निराशी पुरुष हुँ । त्यसैले अब शरीरका साथ मेरो प्रयोजन केही छैन । त्यसकारण जसरी म परम पद पाउँछु त्यो उपाय बताउनु होस् ।

हे मुनीश्वर ! जुन पुरुषले शरीरको अभिमानलाई त्यागी दिएको छ त्यो परमानन्द रुप हो । जसको देहमा अभिमान छ ती परम दुःखी हुन् । जे जति दुःख हो, त्यो शरीरको संयोगले हुन्छ । मान, अपमान, जन्म, मृत्यु आदि सबै विकार देहकै संयोगले हुन्छ । जसको देहमा अभिमान छ त्यसलाई धिक्कार छ । जसको देहमा अभिमान छैन ती उत्तम हुन् । तिनलाई बन्दना गर्नु योग्य हो ।

हे मुनीश्वर ! जस्तो आफ्नै छाया देखर बालक भूतको कल्पना गरी भयभीत हुन्छ, त्यस्तै अहंकाररुपी पिचाश लागि शरीरमा दृढ आस्था बनाएको छ । त्यसले त्यही उपाय पाउँ जसरी अहंकाररुपी पिशाच नाश भएर जावस् र आशारुपी फाँसी टुटोस् ।

हे मुनीश्वर ! जसले शरीरमा आस्था राखको छ, त्यो शरीर पानीको प्रवाह झैं स्थिर छैन । जस्तो विजुलीको चमक स्थिर रहँदैन त्यस्तै शरीरको आस्था गर्नु व्यर्थ हो । शरीरमा आस्था गरेर जो अहंकार गर्छ र पदार्थ पाउन यत्न गर्छ, त्यो महान् मूर्ख हो । जस्तो स्वप्न मिथ्या हो त्यस्तै यो जगत् मिथ्या हो । त्यसलाई सत्य जानेर जो यत्न गरी रहन्छ,त्यो बन्धनमा परिरहाल्छ । जस्तो पुतली, बत्तीको इच्छागर्छ त्यो आफ्नू नाशको निमित्त हो, त्यस्तै अज्ञानी पुरूष देहमा अभिमान

गरेर भोगको इच्छा गर्छ त्यो आफ्नू नाशको निमित्त हो।

हे मुनीश्वर! म त यो शरीरलाई अङ्गीकार गर्दिन। यो शरीरको अभिमानले परम दुःख मिल्छ। जसको देहाभिमान छैन तिनलाई भोगको इच्छा पनि रहँदैन, त्यसैले म निराश छु। एक परम पदको इच्छा छ, जुन पाएर फेरि संसार समुद्रको प्राप्ति नहोस्।

बाल्यावस्था–१६

हे मुनीश्वर! बालक अवस्था अत्यन्त दीन हीन अवस्था हो। जुन अवगुण हो त्यो त्यही अवस्थामा आउँछ। अशक्तता, मूर्खता, इच्छा, चपलता, दीनता आदि विकार उसमा प्राप्त हुन्छन्। शान्ति पाउन सक्दैन। त्यस्तो दीन अवस्थाको मलाई इच्छा छैन। बालकलाई माता,पिताको भय, बान्धवको भय र पशु पंक्षी आदिको भय रहन्छ। त्यस्तो दुःखरूप अवस्थाको मलाई इच्छा छैन।

हे मुनीश्वर! जस्तो वेश्याको चित्त एकै पुरूषमा रहँदैन त्यस्तै बालकको चित्त पनि एकै वस्तुमा बस्दैन। सुख, दुःख, इच्छा द्वेषबाट तापित भइरहन्छ। जब पढ्न विद्यालय जान्छ, तब गुरुदेखि भयभीत हुन्छ। शरीरमा कुनै कष्ट आए अत्यन्त दुःखी भएर जलिरहन्छ। दुःखले केही भन्न, बोल्न सक्दैन, लाटो मूढ भै दुःख पाउँछ। त्यस्तो बाल अवस्थाको इच्छा मलाई छैन। त्यो परम दुःखको अवस्था हो, त्यहाँ विवेक र विचार कुनै हुँदैन। एकमात्र खान–पानको आशा गरी रोइकराई रहन्छ। त्यस्तो अवगुणले भरिएको बाल अवस्थाको मलाई इच्छा छैन।

हे मुनीश्वर! त्यो महान् मूर्ख अवस्था हो। क्षणक्षणमा इच्छा बदलिरहन्छ, दुःख दिइरहन्छ, त्यो मूर्खताको लक्षण

हो, अवगुणको भूषण हो । जुन बालक अवस्थाको दुःख हो त्यो मलाई स्वप्नमा पनि मिलेको छैन , त्यसैले बाल अवस्थाको इच्छा मलाई छैन ।

युवावस्था–२०

हे मुनीश्वर ! दुःखरूप बाल अवस्था पछि यौवन अवस्था आउँछ । तब कामरूपी पिचाश आएर छोपिहाल्छ । दुःखदिन्छ, चित्त स्थिर हुँदैन डुलिरहन्छ, नाना इच्छा गरिराख्छ र काम रुपी पिचाशले उसलाई स्त्रीमा फँसाई दिन्छ । तब नाना उपाधि पाएर धेरै दुःख पाउँछ । जुन भोग सुखमय जानेर भोग्न इच्छा गर्छ, त्यो परम दुःखको कारण हो । जस्तो धनवानलाई देखेर निर्धन धनको आशा गर्छ, त्यस्तै यौवन अवस्थामा सबै दोष आएर प्रवेश गर्छ ।

हे मुनीश्वर ! काम, क्रोध, लोभ, मोह र अहंकार जुन चोर हो त्यो यौवनरूपी रातमा लुट्न आउँछन् र आत्मज्ञान रूपी धन चोरले लगिहाल्छ । तब ती आत्मानन्दको वियोगले दीन भएर दुःख पाउँछ । त्यसैले दुःखदायी यौवन अवस्थाको इच्छा पनि मलाई छैन ।

हे मुनीश्वर ! यौवन अवस्था जीवको परम शत्रु हो । जो पुरूष त्यो शत्रुको अस्त्रबाट बचेको छ त्यो धन्य हो । त्यस्को अस्त्र हो काम, क्रोध । जो त्यसबाट बचेको छ त्यसलाई बिघ्न बाधाले छुन सक्दैन । जसलाई त्यसले बाँधेको छ त्यो पशु समान हो ।

युवावस्था देख्न मात्र राम्रो हो । परन्तु भित्र इच्छाले जलाई राखेको छ । जस्तो वृक्ष देख्नमा राम्रो छ, तर भित्र कीरा लागि धोद्रो भएको छ । त्यस्तै यौवन अवस्था भोगको लागि यत्न गरिरहन्छ । त्यो भोग देख्न मात्र राम्रो हो ।

केलाई हेरे राम्रो भन्नु, केही पाइंदैन, किनकि जबसम्म इन्द्रिय र विषयको संयोग हुन्छ त्यहाँ सम्म अविचारले सुख भनी ठान्छ । जब वियोग हुन्छ तब दुःख आइहाल्छ । त्यसैले जुन भोग पाएर मूर्ख खुसिरहन्छ, उन्मत्त हुन्छ, त्यसलाई शान्ति मिल्दैन । किनकि भित्र इच्छा गरिरहन्छ स्त्रीमा चित्तको आशक्ति रहन्छ । जब स्त्रीको वियोग हुन्छ तब त्यसलाई सम्झेर हृदय जलिरहन्छ । जस्तो वनको वृक्ष आगोले जलाई दिन्छ ,त्यस्तै युवावस्थामा ईष्ट वियोगले जीव सदा जलिरहन्छ, शान्ति पाउन सक्दैन ।

हे मुनीश्वर ! यौवनावस्था अत्यन्त दुष्ट हो । ठूलो बुद्धि भए पनि शान्त निर्मल भए पनि, धेरै गुण सम्पन्न भए पनि यौवनावस्था आएपछि त्यसको बुद्धिलाई मलीन तुल्याई दिन्छ । अर्थात् नाश गरिदिन्छ । फेरि त्यो यौवनरूपी रात परेपछि कामना रूपी पिचाश आएर गर्जना गर्छ । त्यसैले उनी यस्तो संकल्प गर्छन् कि कुनै कामी पुरूष संग भेटी कुरा गर्छ । हे मित्र ! ती कस्ती राम्री सुन्दरी हुन्, कसरी हेर्छिन् ? त्यसलाई कसरी पाइएला भनी इच्छा गरी जलिरहन्छ । जस्तो मरुभूमिको पानी देखेर मृग दौडिरहन्छ, किन्तु प्यासले जलन हुन्छ । त्यस्तै कामी पुरूष विषय वासनाले सदा जलिरहन्छ शान्ति पाउन सक्दैन ।

हे मुनीश्वर ! विशाल समुद्र तर्नु सजिलो ठानेको छु, परन्तु युवावस्थालाई पार गर्नु अत्यन्त कठीन छ । नाना विकारले घेरिहाल्छ । जस्तो हावाले समुद्रमा अनन्त छाल, तरंग उठाइदिन्छ, त्यस्तै युवावस्था चित्तको अनेक कामनालाई उठाई पछारिदिन्छ । त्यसैले निर्दोषी भएर रहनु असम्भव छ । हे यौवनावस्था ! मलाई यही कृपागर जस्मा तिम्रो दर्शन गर्न फेरि नपरोस् ।

यौवनावस्था पाएर विनम्र हुनु, वैराग्य, विचार, सन्तोष शान्ति गुण सम्पन्न हुनु अत्यन्त दुर्लभ हो। जस्तो आकाशमा वन हुनु आश्चर्य हो त्यस्तै युवावस्थामा वैराग्य, विचार शान्ति, सन्तोष पाउनु ठूलो आश्चर्य हो। त्यसैले मलाई त्यही उपाय बताउनु होस्, जसरी यौवन अवस्थाको दु:खबाट मुक्ति पाएर आत्मपद मिलोस्।

हे मुनीश्वर ! मनुष्य जन्म मोक्ष प्राप्तिको साधन भएकोले अत्यन्त उत्तम हो। परन्तु जो अभागी हुन् त्यसलाई आत्मपद मिल्दैन। जस्तो चिन्तामणि मिले पनि पारख नभए यो चिन्तामणि कसरी होला ? भनी त्यागिदिन्छ। त्यस्तै मनुष्य शरीर पाएर आत्मपद पाएन भने तिनी अत्यन्त अभागी हुन्। तिनी मूर्खताले आफ्नू जीवन व्यर्थ खेर फाल्छन्।

स्त्री दुराशा–२१

हे मुनीश्वर ! जो काम विलासको निमित्त स्त्रीको इच्छा गर्छ त्यो स्त्री हाड, मासु, रगत, मूत्र विष्टाले भरिएको पुतली बनेको छ। जसले विचार गरी हेर्दैन त्यसले रमाइलो राम्री भनी देख्छ। जस्तो पर्वतको शिखर टाढाबाट रमणीय देखिन्छ नजिक पुगेपछि केही सार छैन। त्यस्तै स्त्री बस्त्र, भूषण लगाई सिंगारिएकीले सुन्दर रमणीय देखिएको हो। जुन शरीरलाई भिन्न भिन्न गरी विचार गरी हेरे पछि त्यस्मा सार वस्तु केही पाइंदैन।

जस्तो नागिनीको शरीर अत्यन्त कोमल सुन्दर देखिन्छ परन्तु त्यसलाई स्पर्श गरे टोकेर मारिदिन्छे। त्यस्तै जसले स्त्रीको स्पर्श गर्छ तिनको अवश्य नाश भएर जान्छ। त्यसैले हे मुनीश्वर ! मलाई स्त्रीको इच्छा छैन।

हे मुनीश्वर ! कामी पुरूष वासनाले जुन स्त्रीको

इच्छा गर्छ त्यो आफ्नै नाश गर्दछ । जस्तो कदली वनको हात्ती कागजको ढोईलाई देखेर वन्धनमा पर्छ र परम दु:ख पाउँछ, त्यस्तै परम दु:खको मूल स्त्रीसंगत नै हो । जस्तो सुकेको पातमा सल्केको आगोले जंगललाई डढाई दिन्छ त्यस्तै स्त्रीरूपी अग्नि त्यो भन्दा बढता छ । किनभने अग्नि-लाई स्पर्श गरे पछि जलन हुन्छ । स्त्रीरूपी अग्निलाई त संझना मात्र गरे पनि हृदय जलाइदिन्छ । जुन सुख रमणीय देखिन्छ त्यो आपात रमणीय हो । अर्थात् देख्न मात्र राम्रो हो, विचार गरे कुनै राम्रो होइन ।

हे मुनीश्वर ! जुन देह राम्रो र रमाइलो देखिएको छ, त्यो हाड, मासु, रगतले बनेको पिंजडा हो । त्यो अग्निमा भस्म भएर जान्छ अथवा पशु, पंक्षीको खाना (आहार) बन्दछ । जसलाई देखेर पुरूष प्रशन्न हुन्छ तिनको प्राण आकाशमा लीन भएर जान्छ । त्यसकारण स्त्रीको इच्छा गरी राख्नु मूर्खता हो ।

हे मुनीश्वर ! जीवलाई नाश गरिदिने स्त्रीरूपी अग्नि हो । जस्तो अग्निको स्पर्श गरे पछि जलन हुन्छ, त्यस्तै स्त्रीको स्पर्श गरे पछि पुरूषलाई पनि जलन भै हाल्छ । जो स्त्रीको इच्छा गर्छ, तिनी महान् मूर्ख, अज्ञानी हुन् । जस्तो पतङ्ग आफ्नू नाशको निम्ति बत्तिको इच्छा गर्छ, त्यस्तै कामी पुरूष आफ्नू नाशको लागि स्त्रीको इच्छा गर्दछ । त्यसैले हे मुनीश्वर ! त्यस्तो स्त्रीको जसले इच्छा गर्छ तिनी महान मूर्ख हुन् ।

स्त्रीको संयोग परम दु:खको कारण हो । त्यसैले मलाई त्यसको इच्छा छैन । जुन रोग हुन्छ त्यसको अनुसार औषधी गर्नु पर्छ, तब रोग निवृत्त हुन्छ । कुपथ्य परे रोग वढेर जान्छ, त्यसैले मेरो रोगको अनुसार औषधी गर्नुहोस् ।

हे मुनीश्वर ! मेरो रोग हुन्–जन्म र मृत्यु । त्यसलाई नाश गर्ने औषधी मलाई दिनुहोस् । स्त्री आदि जुन भोग छन् ती सबै रोगलाई बढाउने साधन हुन् । जस्तो आगोमा घ्यू हाले बढ्दछ । त्यस्तै भोगले जरा मृत्यु आदि रोग बढेर जान्छ त्यसकारण त्यो रोग निवृत्तिको औषधी गर्नुहोस् । हे मुनीश्वर ! संसारको बीज स्त्री हुन्, त्यो स्त्रीको इच्छा मलाई छैन । त्यसैले मलाई त्यो औषधी दिनु होस् जसबाट जरा मृत्यु आदि रोग निवृत्त भएर जाओस् ।

वृद्धावस्था–२२

हे मुनीश्वर ! जब वृद्धावस्था आउँछ तब शरीर जर्जर भै अशक्त हुन्छ, बुद्धि पनि क्षीण हुन्छ र कालको मुखमा पर्छ । कुनै कुरा सिद्ध हुँदैन, त्यसैले अज्ञानी भएर बाँच्नु व्यर्थ हो । जो जति रोग हुन् ती सारा वृद्धावस्थामा सम्मिलित हुन्छन् । शरीर कमजोर भएर शिथिल हुन्छ, स्त्री पुत्र, कुटुम्ब सबैले वृद्धलाई त्याग गरिदिन्छ । शरीर कुप्रो हुन्छ, कपाल सेतो हुन्छ, शक्ति क्षीण हुन्छ र त्यसलाई देखेर सबै हँस्सी गरी अपहेलना गर्दछन् ।

हे मुनीश्वर ! यो वृद्ध शरीरबाट अरू सबै शक्ति निस्केर जान्छ, परन्तु जुन लोभ शक्ति हो त्यो यसमा आई निवास गर्छ । त्यसैले जरा अवस्था दुःखको घर हो । यहाँ सारा दुःख आएर सम्मिलित हुन्छन् । त्यसैले वृद्ध शरीर अति दीन, क्षीण र पराधीन भएर जान्छ, यस्तो नीच वृद्धावस्थाको मलाई इच्छा छैन । जस्तो बूढो काम नलाग्ने गोरूलाई त्यागी दिन्छन् त्यस्तै स्त्री आदि कुटुम्बहरूले पनि वृद्ध पुरूषलाई त्यागिदिन्छन् । उसको निर्बल, सुकेको, कुरूप,

नराम्रो शरीर कसैलाई प्रिय हुँदैन । जुन बन्धुबान्धवहरूको दृष्टिमा उनी प्रति श्रद्धा मान मर्यादा र प्रेम थियो, तिनीहरू नै आज उसलाई देखेर नाक खुम्च्याई अपमान गर्दछन् । त्यसैले यस्तो नीच वृद्धावस्थाको चाहना मलाई छैन । अब मेरो जुन कर्तव्य हो त्यो मलाई बताउनु होस् ।

हे मुनीश्वर ! यो शरीरको जो तीन अवस्था हो, त्यो कुनै सुखदायी छैन । किनकि बाल अवस्था महामूढ छ, युवावस्था विकारवान् छ, वृद्धावस्था महान् दुःखको पात्र हो ; फेरि वृद्ध भए पछि कालको मुखमा परिहाल्छ । त्यसको आश्रय लिएर मलाई कसरी सुख शान्ति होला ? त्यसैले मलाई शान्तिको उत्तम उपाय बताउने कृपा गर्नुहोस्, जसबाट यो दुष्कर समुद्रबाट पारहुन सकुँ ।

हे मुनीश्वर ! जब वृद्धावस्था आउँछ तब मृत्यु पनि नजिक आइहाल्छ । जस्तो सन्ध्याकाल आएपछि रात पनि आइहाल्छ, त्यस्तै वृद्धावस्था आएपछि मृत्यु पनि नजिक आइपुग्छ । वृद्ध भएपछि बाँच्नुको आशा गरिरहनु महा-मूर्खता हो । जस्तो मूसालाई खान बिरालो ढुकी राख्छ त्यस्तै वृद्धावस्थालाई निल्न काल हेरिराखेको छ । वृद्धावस्था त कालको सखी हो । जब रोग रूपी अग्निले शरीर रूपी मासुलाई सुकाउँछ तब काल भगवान् आएर भोजन गरी हाल्छ ।

हे मुनीश्वर ! यो शरीर क्षणभंगुर छ । देख्नलाई रमणीय छ किन्तु परिवर्तनशील छ । थोरै काल रहने दुःखको घर हो । मूर्ख मनुष्य त्यसलाई राम्रो सुख साधन मानेर अत्यन्त दुःखमा परी घुमिराखेको छ ।

हे मुनीश्वर ! वृद्धावस्था अत्यन्त नीच अवस्था हो । वृद्ध भएपछि शरीर निर्बल हुन्छ, हात खुट्टा आदि अंग

कम्पायमान हुन्छ, इन्द्रियहरूले आफ्नू आफ्नूधर्म (काम गर्न) छोडिदिन्छ, स्त्री पुत्र आदि परिवारहरू पनि वृद्ध शरीरलाई देखी घृणा गर्न थाल्छन् । परन्तु मृत्यु (काल) भने खुसी हुन्छ । त्यसैले त्यस्तो दुःख रूप बाल, यौवन र वृद्ध अवस्थाको मलाई इच्छा छैन । यो अवस्था त्रयबाट कसरी मुक्त हुने हो ? बताउनु होस् ।

काल वृत्तान्त–२३

हे मुनीश्वर ! यो संसार एउटा खाडल हो । त्यस्मा अज्ञानी पुरूष खसेर दुःख पाइराखेको छ । उनको संकल्प, ब्रिकल्पको अन्त छैन । हे मुनीश्वर ! ज्ञानवान पुरूषले संसार मिथ्या हो भनी जानेका छन् । त्यसैले उनी यो भ्रम-जालमा फस्दैनन् । जो अज्ञानी छन् तिनी संसार सत्य जानेर आशा र इच्छारूपी जालमा फसी हाल्छन् र भोगको इच्छा गरी दुःख (कष्ट) भोगी रहन्छन् ।

हे मुनीश्वर ! जे जति पदार्थ छन् ती सबैलाई कालले ग्रास गरि राखेको छ । त्यो काल अत्यन्त बलवान् छ । जे जति उत्पन्न भएको छ, त्यो सबै पदार्थलाई कालले खाइहाल्छ । सारा दृश्य जगत उनै कालको आहार हो । त्यो काल अत्यन्त क्रूर र निर्दयी छ । त्यसले कसैमाथि दया गर्दैन । सबैलाई मारी खाइहाल्छ । सबै प्रपञ्च उसैको मुखमा छ । ब्रह्मा, विष्णु, रूद्र आदि सारा कालकृत छन् । उत्पत्ति, स्थिति र प्रलय, सबै कालद्वारा नै सञ्चालित भै राखेको छ । अनेक पटक, भोजन गरेर पनि तिनी तृप्त हुँदैनन् । जस्तो बलेको अग्निमा जति घिउको आहुति दिए पनि तृप्त हुँदैन । त्यस्तै सारा ब्रह्माण्डको भोजन गरेर पनि काल अघाउँदैन । फेरि कुनै पदार्थ स्थिर हुन दिंदैन । अत्यन्त कठोर निर्दयी छ त्यसैले

मलाई त्यो कालबाट भय छ । हे मुने ! त्यसबाट निर्भय हुने मार्ग के छ त्यो मलाई बताई दिनुहोस् ।

हे मुनीश्वर ! जे जति पदार्थ देखिन्छ, ती सबै नाश भएर जान्छन् । त्यसैले म कुन पदार्थको इच्छा गरूँ ? कसको आश्रय लिऊँ ? जे जति चेष्टा अज्ञानीले गरिरहेको छ, त्यो सबै दुःखको कारण हो । बाँचिरहनुमा कुनै अर्थ छैन । आयु अत्यन्त चञ्चल छ, मृत्यु नजिक बसि राखेको छ, त्यसैले यो कालचक्रबाट बच्ने उपाय मलाई बताउनु होस् ।

हे मुनीश्वर ! जे जति भोग छन् ती सबै रोग हो । जसलाई सम्पद भनिएको छ, त्यो आपद हो । जो बस्तु सत्य भनी मानेको छ, त्यो असत्य रूप हो । जुन स्त्री, पुत्र, वान्धवादि मित्र भनिठानेको थिएँ, त्यो सबै बन्धनको कारण हो । इन्द्रिय महान शत्रु हो, देह विकार रूप हो, मन अत्यन्त चञ्चल छ, सदा अशान्ति रूप छ । अहंकार जो हो त्यो महान नीच छ, त्यसैले हीन तुल्याएको छ । यी कुनै पदार्थबाट सुख मिल्दैन, किन्तु दुःख नै मिल्छ । त्यसकारण हे मुने ! मलाई यिनीहरूको इच्छा छैन । यो सारा दुःख रूप हो, त्यसैले त्यही उपाय मलाई बताउनु होस् जसले गर्दा मेरो हृदयबाट अज्ञानरूपि अन्धकार नाश भै हालोस् ।

हे मुनीश्वर ! जो अज्ञानी छन् ती संसाररूपी खाडलमा खसिहाल्छन् । तिनी संसारलाई सत्य मानेर आशा इच्छा रूपी जालमा फसिहाल्छन् । जस्तो ऐनाको मुख देखेर बालक समात्न खोज्दछ । त्यस्तै अज्ञानी संसारलाई सत्य जानेर पदार्थको इच्छा गरिराख्छ । पदार्थ स्थिर रहँदैन कालले कवलित गरिहाल्छ । त्यसैले जसरी कालबाट निर्भय भइन्छ त्यो उपाय मलाई दिनु होस् ।

हे मुनीश्वर ! कालको यस्तो शक्ति छ कि धनीलाई गरीब र गरीबलाई धनी तुल्याइदिन्छ । परम ऐश्वर्य सम्पन्न महापुरूषलाई नीच गरी दिन्छ र नीच पुरूषलाई महान् बनाइदिन्छ । त्यस्तो शक्तिशाली काल हुन् । परन्तु आफैले गरेको शुभ, अशुभ कर्मनै कालको अस्त्र शस्त्र बन्दछ र त्यै अस्त्रले जीबलाई प्रहार गरी रहन्छ ।

हे मुनीश्वर ! संसार प्रपञ्चमा जे जति सुख र विलास को साधन देखिन्छ, त्यो सारा कालले कवलित गरी भक्षण गरिहाल्छ । त्यो विकरालरूपकालले असंख्य गुणी, विद्वान्, वीर, बलवान्, राजाधिराज र सम्राट्हरूलाई चकनाचूर पारेर धुलोमा मिलाइदिन्छ । त्यो खेलाडी कालले सूर्य र चन्द्रलाई भकुण्डो बनाएर कहिलेमाथि कहिले तल खसालिदिन्छ । त्यसैले विचारवान्महापुरूष कुनै अवस्थामा पनि कुनै पदार्थमा स्नेह इच्छा राख्दैनन् । त्यसकारण काल त्यसको नाश गर्न समर्थ हुँदैन ।

हे मुनीश्वर ! कालको पञ्जामा परेपछि कोही पनि बाँचिराख्न सक्दैन । चाहे तिनी ठूलो बलशाली किन नहोस् । समुद्र अत्यन्त ठूलो छ परन्तु उसलाई पनि बडवानलको रूपमा कालले पिएर सुकाइदिन्छ । कालको वेग र बलको अन्त छैन । सारा दृश्य जगतलाई क्षणभरमा त्यसरी उडाई लान्छ, जसरी पातलाई हावाले उडाई लैजान्छ ।

वैराग्य प्रयोजन–३०

हे मुनीश्वर जगतको पदार्थ देखेर मेरो बुद्धि चञ्चल छ । त्यसकारण त्यो उपाय बताउनु होस्, जसरी मेरो बुद्धि पर्वतझैं निश्चल होस् । त्यो पद कस्तो छ ? परमानन्द परम सुख र निर्भय निराकार अनुभव पद हो । जसलाई पाएपछि

संसार केही पनि रहँदैन । फेरि पाउनु पर्ने कुनै बाँकी रहँदैन । त्यस्तो पद देखि मेरो बुद्धि शून्य छ, त्यसैले हे मुनीश्वर ! म शान्त हुन सकेको छैन । अब त्यो उपाय बताउनु होस् जसबाट मेरो मन शान्त र स्थिर रहोस् ।

हे मुनीश्वर ! सन्तजनहरूले पनि विषय भोग भोगेको देखिन्छ र जगतको चेष्टा सबै गरेको पाइन्छ तर ती निर्लेप कसरी रहन्छन् ? बुद्धि त मोहले मोहित भैहाल्छ सन्तोष कहिले पनि हुँदैन, अनन्त वासनाले वासित बुद्धि स्थिर हुँदैन । त्यसैले त्यही उपाय पाउँ जसरी बुद्धि निर्मल भएर आत्मपद मिलोस् ।

हे मुनीश्वर ! संसाररूपी पिचाशिनीले मलाई ठूलो दुःख दिराखेको छ । आत्मज्ञान कहिले प्रकाशित होला ? जो उदय भएपछि मोहरूपी अन्धकार नाश भएर जाला ।

जस्तो बादलले चन्द्रमालाई ढाकिदिन्छ, त्यस्तै बुद्धिको मलिनताले मलाई ढाकिराखेको छ । त्यसैले त्यही उपाय पाउँ जसरी मेरो आवरण हटेर जाओस् ।

हे मुनीश्वर ! जुन आत्मानन्द हो, त्यो नित्य हो । जसलाई पाएपछि अरू पाउन बाँकी रहँदैन । जुन पाएपछि सारा दुःख नष्ट भएर जान्छ र भित्र शीतल हुन्छ । त्यस्तो पद जुन हो, त्यसको प्राप्ति हुने उपाय मलाई बताउनु होस् ।

हे मुने ! आत्मज्ञानरूपी चन्द्रमाको मलाई इच्छा छ । जसको प्रकाशले बुद्धिरूपी कमल फुलेर आउँछ । जसको अमृतरूपी किरणले मेरो अन्तःकरण तृप्तहोस्, त्यो बताउनु होस् ।

हे मुनीश्वर ! अब मलाई घरमा रहने इच्छा छैन , वनमा जाने पनि इच्छा छैन, । मलाई त्यही पदको इच्छा छ, जुन पद पाएपछि परम शान्ति मिल्छ ।

अनन्यत्याग–३१

हे मुनीश्वर ! जो पुरूष बाँचिरहन इच्छा गर्छ ती महामूर्ख हुन् । आयु क्षणभंगुर छ, प्राण छिनछिनमा चञ्चल भै रहन्छ, क्षणभर पनि स्थिर रहँदैन । यस्तो क्षणभंगुर आयु पाएर पनि जसले चम्केको विजुली झैं पदार्थमा आस्था गर्छ त्यो महामूर्ख हो ।

हे मुनीश्वर ! यो शरीर त कालको गाँस हो । जस्तो मूसालाई विरालोले समातिहाल्छ, त्यस्तै सबै प्राणीलाई काल अकस्मात आएर समातिहाल्छ । कसैले थाहा पाउन सक्दैन ।

हे मुनीश्वर ! यो चित्त अत्यन्त चञ्चल छ । स्थिर कहिले पनि हुँदैन । जस्तो आगोमा खसालेको पारा उडेर जान्छ, त्यस्तै चित्त पनि स्थिर हुँदैन । विषयतिर नै घुमिरहन्छ । त्यसैले यो चित्त स्थिर हुने उपाय पाऊँ ।

हे मुनीश्वर ! संसाररूपी वनमा भोगरूपी सर्प बसेको छ । त्यसैले सबै जीवलाई डसिहाल्छ । त्यहाँबाट बच्ने उपाय बताउनु होस् ।

हे मुनीश्वर ! जे जति क्रिया छ, त्यो राग, द्वेषसित मिलेर रहेको छ । त्यो राग द्वेषबाट निवृत्त हुने उपाय बताउनु होस् ।

हे मुनीश्वर ! मनमा जो मनरूपी सत्ताछ त्यो युक्तिले छुट्न सक्छ, अन्यथा छुट्दैन । त्यसैले मलाई त्यो युक्ति बताउनु होस् ।

हे मुनीश्वर ! जुन प्रकारले तपाईको भित्र शीतलता छाइराखेको छ त्यो परम शान्ति कसरी मिल्यो ? त्यो मलाई बताउनु होस् । किनकि तपाईको उपस्थितिमा यो अति उत्तम मुक्ति पद पाउने युक्ति प्राप्ति नभए फेरि कहिले होला ?

हे मुनीश्वर ! मेरो यै निश्चय छ कि जबसम्म युक्ति प्राप्त हुँदैन तबसम्म म सबै कुरा त्यागी निरहंकार भैरहने छु। तबसम्म भोजन पनि गर्दिन, पानी पनि पिउँदिन र स्नान आदि क्रिया कर्म पनि गर्दिन । सम्पत्ति अथवा विपत्ति आउने कुनै कार्य पनि गर्दिन । निरहंकार भै बस्नेछु। यो देह न मेरो हो, न म देह हुँ, सारा कुरा त्यागी बसिराख्नेछु । भित्तामा अङ्कित मूर्ति जस्तो चेष्टा रहित भएर रहनेछु । श्वास प्राण आउँछ जान्छ र आफै क्षीण भै जानेछ । जस्तो तेल नभएको बत्ती निभ्दछ, विना आधारको शरीर पनि त्यस्तै हुनेछ, तब याहाँ शान्ति पाउनेछु ।

यति भनेर रामजी चूप लागी बस्नु भयो । तब सारा सभासद् मौन भएर निर्वासना रूपी अमृतको समुद्रमा मग्न भै अचल भए । तब त्यो सभामा आकाशबाट देवता, सिद्ध, गन्धर्व, विद्याधर, किन्नर आदिले फूलको वर्षा गरे । त्यसपछि धन्य, धन्य नमोनमः शब्दले आकाश गुन्जायमान भयो । तब मङ्गलमय वचनले देवताहरू श्री रामजीलाई सम्बोधन गर्दै भन्न लागे– हे कमल नयन रामजी ! तिमी धन्य हौ । तिमीले ठूलो उत्तम स्थान देख्यौ । जो वचन तिमीले बतायौ त्यस्तो वचन हामीले कहिले पनि सुनेका छैनौं । यो अमृत वचन सुनेर हामी देवताहरूको जुन अभिमान थियो त्यो सबै निवृत्त भएर गयो । अमृतरूपी वचन सुनेर हाम्रो बुद्धि पूर्ण भयो । हे राम ! जस्तो वचन तिमीले बतायौ, त्यस्तो वचन वृहस्पतिले पनि बताउन सक्दैनन्, तिम्रो वचन परमानन्द दिने वाक्य हो त्यसैले तिमी धन्य हौ ।

यसप्रकार सबै सभासद्हरूले धन्य धन्य उच्चारण गरे । तब फेरि नारद मुनि भन्न लागे–हेराम ! तिम्रो ठूलो विवेक, वैराग्यको वचन सुनेर सबैलाई प्यारो लाग्यो, सबैको कल्याण

भयो । तिमी बुद्धिमान हौ, तिमीमा उदार आत्म-दृष्टि आएको छ, महावाक्यको अर्थ तिमीले प्रकट गर्‍यौ । यस्तो उज्ज्वल पात्र साधुहरूमा र अनन्त तपस्विहरूमा विरलै मिल्न सक्ला । जे जति मनुष्य छन् ती सबै पशु जस्तै देखिन्छन् । किनकि जसको संसार समुद्र पार हुने इच्छा छ जो पुरूषार्थमा यत्न गर्छ, त्यो नै मनुष्य हो ।

हे साधु ! जङ्गलमा वृक्ष त धेरै हुन्छन्, परन्तु चन्दनको वृक्ष कहीं कहीं मात्र मिल्छ । त्यस्तै शरीर धारी पुरूष धेरैछन् परन्तु त्यस्तो साधक विरलै नै हुन्छन् । बाँकी सबै हाड मासुको पुतला बनेर घुमिफिरि रहन्छन् । ती यन्त्र– पुतली जस्तै अज्ञानी जीव हुन् । जस्तो हात्ती त धेरै नै देखिन्छन् परन्तु जस्को मस्तकबाट मोती निस्कन्छ त्यस्तो हात्ती विरलै हुन्छ । त्यस्तै मानिसहरू पनि धेरै छन्, किन्तु पुरुषार्थमा यत्न गर्ने भक्त कोहीकोही मात्र हुन्छन् । त्यस्तो पात्रलाई थोरै कुरा बताए पनि धेरै हुन्छ । । त्यसैले हे राम ! तिम्रो बुद्धि अत्यन्त विलक्षण छ । आत्म साक्षात्कार चाँडै नै तिम्रो हृदयमा प्रवेश हुनेछ ।

.वैराग्य प्रकरण समाप्त ।

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



मुमुक्षु प्रकरण–२



योगवासिष्ठ ज्ञानमाला

मुमुक्षु प्रकरण–२

विश्वामित्रको उपदेश–२

विश्वामित्र भन्नुहुन्छ– हे राजा दशरथ ! रामजीको विश्रामको लागि केही मार्जन गर्नु बाँकी छ । किनकि आवरण गरिदिने भोगेच्छा हो, त्यो इच्छा तिनको निवृत्त भएको छ । अब रामजीलाई भोगको इच्छाले छुन सक्दैन । जस्तो ज्ञानवानलाई आध्यात्मिक आदि दुःखले छुन सक्तैन, त्यस्तै रामलाई भोगेच्छाले स्पर्श गर्न सक्दैन । भोगेच्छाले सबैलाइदीन तुल्याई दिन्छ, यसैको नाम बन्धन हो । भोग वासनाको क्षय हुनु मोक्ष हो । जति जति इच्छा गर्छ त्यति त्यति सानु भएर जान्छ । जब भोगवासना क्षय हुन्छ तब महान भैहाल्छ । जबसम्म आत्मानन्द प्रकाश हुँदैन तबसम्म विषय वासना छुट्दैन । जब आत्मानन्द प्राप्त हुन्छ तब विषय वासना रहँदैन ।

हे साधु ! ज्ञानवान् विषय भोगलाई त्याग गरिदिन्छ । त्यो कुनै फलको इच्छाले हैन, स्वभावले नै विषय वासना हटिहाल्छ । जस्तो सूर्य उदय भए पछि अन्धकारको अभाव हुन्छ, त्यस्तै रामजीको अब भोगको कुनै इच्छा छैन । अब तिनी विदित वेद्य भएका छन् । आत्मस्वरूपमा विश्राम (परमशान्ति) चाहन्छन् ।

हे राजन् ! भगवान वसिष्ठजीको उपदेशद्वारा रामजीको पूर्ण विश्राम मिल्नेछ, यिनी रघुवंशका कुलगुरु

हुनुहुन्छ। उनको उपदेशद्वारा पहिले पनि अनेक रघुवंशी ज्ञानवान् भएका थिए। जो सर्वज्ञ हो, साक्षी रूप हो, त्रिकाल दर्शी हो, ज्ञानको सूर्य हो, यिनको उपदेशबाट रामजी अवश्य आत्मपदमा अचल स्थिति प्राप्त गर्ने छन् भनेर विश्वामित्रजी फेरि वसिष्ठ मुनिलाई सम्बोधनगरी भन्नु हुन्छ।

हे वशिष्ठजी। तपाई ब्रह्मविद्यामा निपुण हुनुहुन्छ, त्यो ब्रह्मकोउपदेश तपाईलाई स्मरण होला, मन्दराचल पर्वतमा आएर ब्रह्माजीले संसार वासनाको नाश गर्न, हामी दुबैको बिरोध मेटाउन र जीवको कल्याणको निम्ति जुन उपदेश गर्नु भएको थियो, त्यही उपदेश अब रामजीलाई दिनु होस्। यिनी निर्मल ज्ञानका पात्र (शुद्ध अन्तःकरण) (अधिकारी) छन्। शुद्ध पात्रमा अर्पण गरेको उपदेश सफल हुन्छ। पात्र विनाको उपदेश शोभा हुँदैन। जसमा शिष्य भाव छैन, विरक्ति छैन, त्यस्ता अपात्र मूर्खलाई उपदेश दिनु व्यर्थ हो। जुन पुरूष विरक्त छन्, तर शिष्य भाव छैन तिनलाई उपदेश नगर्नु। जुन शिष्य वैराग्य सम्पन्न र उदार चित्तका छन् तिनी यो ब्रह्म ज्ञानको उपदेश सुन्न योग्य हुन्।

हे मुनीश्वर! तपाई कस्तो हुनुहुन्छ? वीतराग, भय, क्रोध रहित परम शान्त निर्मल रूप हुनुहुन्छ। त्यसैले तपाईंको उपदेशको पात्र, रामजी नै हुन्। यस प्रकार विश्वामित्रले भन्नुभए पछि ब्रह्माजीका पुत्र वसिष्ठजी भन्नुहुन्छ–

हे मुनीश्वर! तपाईको आज्ञा म शिरोपर गर्छु। तपाई जस्तो सन्त महापुरूषको आज्ञा टार्न कस्को सामर्थ्य छ? हे मुनीश्वर! महाराज दशरथका पुत्र राजकुमार रामचन्द्रका हृदयमा रहेको अज्ञान रूपी अन्धकारलाई ज्ञानरूपी सूर्द उदय गराएर निवारण गरिदिन्छु। जस्तो सूर्यको

प्रकाशले अन्धकार नाश हुन्छ ।

हे मुनीद्र ! जे जति ब्रह्माजीले मलाई उपदेश दिनु भएको थियो, त्यो सबै मलाई पूरा स्मरण छ। त्यही उपदेश म गर्छु । जुन प्रकारले रामजी संशय रहित पद प्राप्त गरी परम निर्वाण (शान्ति) पाउने छन् भनी वसिष्ठजीले सभामा बस्नु भएका सारा ऋषि महर्षिको बीचमा बसेर ब्रह्म विद्याको उपदेश सुनाउन शुरू गर्नु भयो ।

असंख्य सृष्टि–३

वसिष्ठ भन्नुहुन्छ– हे रामजी ! भगवान् ब्रह्माजीले जीवको कल्याण निमित्त मलाई जो उपदेश दिनु भएको थियो, त्यो मलाई पूर्ण स्मरण छ । म तिमीलाई बताउँछु ।

हे रामजी ! जस्तो सूर्य किरणमा असंख्य त्रसरेणु (धूलाको कण) उडेको देखिन्छ, त्यस्तै सूर्यको पनि प्रकाशक परम सूर्यको संवेदन रूपी किरणमा त्रिलोकी रूप असंख्य त्रसरेणु उत्पन्न हुन्छन् र मेटिएर जान्छन्। त्यसको कुनै संख्या छैन। किनकि जीव असंख्य छन् र जीव-जीव प्रति आफ्नू आफ्नू सृष्टि छ। जब जीव मर्छ तब त्यहीं आफ्नू संकलपरूपी शहरमा आफ्नू बन्धु बान्धव देखिन्छ। त्यहीं परलोक देखिन्छ। नाना प्रकारको वासना अनुसार आफ्नू आफ्नू सृष्टि देखिन्छ। जीवन र मृत्युको क्रम चलिरहन्छ। यसरी एक एक जीवको सृष्टि हुँदै जान्छ, मेटिंदै जान्छ । उसको कुनै संख्या छैन । तब ब्रह्माजीको सृष्टिको संख्या कसरी होला ?

हे रामजी ! जस्तो स्वप्नमा जगत देखिन्छ, त्यस्तै जीवको भ्रमले इहलोक, परलोक देखिन्छ । परन्तु जगत कुनै भएको र उब्जेको हैन । एक अद्वैत परमात्म तत्त्व आफू आफैमा स्थित छ, जस्मा द्वैत भ्रम अविद्याले देखिन्छ ।

जस्तो बालक बेताल कल्पना गरी डराइहाल्छ । त्यस्तै अज्ञानी जीव आफ्नू कल्पनालाई नै जगत रूपमा देख्छन् ।

हे रामजी ! जो पुरूष आत्मसत्तामा जागेको छ, तिनको द्वैत भ्रम हुँदैन । उनी आत्मदर्शी र सदा शान्त आत्मा, परमानन्द स्वरूप हुन् । ती सारा कल्पनादेखि रहित हुन् । यस्तो जीवन्मुक्त पुरूषलाई कसैले विचलित गर्न सक्दैन । तिनी सदा अद्वैत रूप हुन् । जीवन्मुक्त पुरूषले सम्पूर्ण दृश्य प्रपञ्च आफूमानै देख्छन् । अर्थात् आफ्नै स्वरूप देख्छन् । स्वरूप शान्ति रूप अमृतले पूर्ण छ र निर्वाणमा स्थित छ ।

हे रामजी ! ज्ञानवानको पनि नाना प्रकारको व्यवहार देखिन्छ । परन्तु सर्वदा शान्त रूप हो, आनन्द रूप हो । सम्यक्‌दर्शी पुरूषको निम्ति सबैचीज आत्म स्वरूप नै प्रतीत हुन्छन् । स्वप्नमा जस्तो अद्वैत हो, त्यस्तै जाग्रतमा पनि सर्वदा अद्वैत नै हो । पदार्थको अनुभव र स्मृति मिथ्या हो । अनुभव स्वरूप नै नाना रूपले भासमान हुन्छ । अनुभव प्रकाश हो, स्वतःसिद्ध त्यसमा जो भासमान हुन्छ त्यो अनुभव रूप हो । त्यो अनुभव देखि भिन्न केही पनि हैन । त्यसैले अनुभव सर्वदा विद्यमान सत्ता हो । अज्ञानी त्यसलाई भ्रमले अविद्यमान भनी मान्दछन् । त्यसैले तिमी बोधको लागि प्रयत्न पूर्वक अभ्यासगर । जसले प्रयत्न गर्छ त्यसलाई सारा सम्पद प्राप्त हुन्छ । जुन बुद्धिमान श्रेष्ठ पुरूष हुन् ती आफ्नू पुरूषार्थद्वारा संसार बन्धनबाट छुटिहाल्छन् र आत्मपदमा प्राप्त हुन्छन् ।

हे रामजी ! यो सारा जगत ब्रह्म रूप हो, दोश्रो केही छैन । अज्ञानीलाई भिन्न भिन्न भासमान हुन्छ र जन्म मृत्यु आदि विकार प्रतीत हुन्छ ।

ज्ञानवानलाई सारा जगत आत्मरूप नै प्रतीत हुन्छ ।

भूतादि सारा पदार्थ आत्माकै आश्रयमा फुरित भएको छ। चित् शक्ति नै त्यस्तो भएर भासित हुन्छ। जस्तो वायु स्पन्द (चलन) भएर प्रतीत हुन्छ त्यस्तै चित् शक्ति स्पन्दनले जगत रूप भएर भासमान हुन्छ। यो आभास अधिष्ठान देखि भिन्न हैन। फुरणबाट यो प्रतीत भै खडा हुन्छ, जब चित् शक्तिको फुरण मेटिन्छ तब शुद्ध चैतन्य स्वरूप आफू अवशिष्ट रहन्छ।

पुरूषार्थ–५

हे रामजी ! जो कुछ सिद्ध हुन्छ त्यो आफ्नू पुरूषार्थ-बाटै सिद्ध हुन्छ। पुरूषार्थविना केही सिद्ध हुँदैन। कसैले भन्छन् जो दैवले गर्छ त्यही हुन्छ, त्यो मूर्खता हो।

हे रामजी ! सन्त जन र सत्शास्त्रले देखाएको उपाय-द्वारा मनलाई यताउता जान नदिई आफ्नू अनुभव स्वरूपमा रहन दिनुलाई परम पुरूषार्थ भनेको छ। त्यसदेखि विपरीत जुन चेष्टा हुन्, ती सबै उन्मत्त चेष्टा हुन्।

हे रामजी ! जो चित्त कुनै इच्छा गर्छ तर शास्त्र अनुसार पुरूषार्थ गर्दैन त्यसले सुख पाउँदैन।

पुरूषार्थ दुई प्रकारका छन्। एक शास्त्र अनुसार, एक शास्त्र विरुद्ध। जो शास्त्रलाई त्यागी आफ्नू इच्छा अनुसार क्रिया गर्छ त्यसले दुःख पाउँछ। जसले शास्त्र अनुसार पुरूषार्थ गर्छ त्यसले सफलता (सिद्धि) पाउँछ। अनुभव द्वारा स्मरण हुन्छ, स्मरणबाट अनुभव हुन्छ, त्यो दुबै यसैबाट हुन्छ।

दैव कुनै वस्तु हैन जीव आफूले गरेको कर्मको फल राम्रो नराम्रो रूपले पाउँछ। पहिलेको संस्कार बलवान् भए उसैको जय हुन्छ। अहिले विद्यमान पुरूषार्थ बलियो गरे यसैको जय हुन्छ।

हे रामजी ! जहाँसम्म मनमा वृत्ति फुरिराख्छ त्यहाँसम्म

जगतको अन्त हुँदैन। जब विचारद्वारा चित्तवृत्तिको अभाव (फुरण रहित) हुन्छ तब जगत्को कल्पना मेटिइहाल्छ। जस्तो स्वप्नमा नानापदार्थ–नदी, पाहाड, राज्य देखिन्छ, परन्तु त्यहाँ केही पनि हुँदैन । आफ्नू अनुभवनै नदी, पाहाड, बनेर प्रतीत भएको हुन्छ । त्यस्तै यो देखिएको जगत् प्रपञ्च पनि आफ्नै अनुभव रूप हो । उत्पन्न भएको कुनै पदार्थ हैन । सारा विश्व संकल्प रूप हो । संकल्प रूपले आफ्नू चित्घन स्वरूप नै सर्वत्र भासमान भएको छ । त्यसैले जगत् आफूदेखि भिन्न हैन । ज्ञानवान्मा सारा ब्रह्म नै भास्दछ ।

हे रामजी ! यदि सत्संग, सत्शास्त्रको विचार गरिरहेको छ, परन्तु मनरूप पक्षी संसार वृक्षतिर नै उडिरहन्छ भने जान्नु कि पहिलेको संस्कार बलियो छ। त्यसैले मन स्थिर हुन सकेन। यस्तो जानेर आफ्नू प्रयत्न कहिले पनि त्याग न गर्नु। पूर्व संस्कार बलवान् भए पनि जब सत्संग र सत्शास्त्रको दृढ अभ्यास हुन्छ, तब पूर्व संस्कारलाई पुरूष प्रयत्नद्वारा जितिहाल्छ ।

हेरामजी ! ज्ञानवान् जुन सन्त हुन्, सत्शास्त्र जुन ब्रह्मविद्या हो, त्यस अनुसार प्रयत्न गर्नु । त्यसैलाई पुरूषार्थ भनिन्छ। पुरूषार्थ गरेर पाउन योग्य आत्मा हो । जसबाट संसार समुद्र देखि पार भएर आफ्नू शुद्ध चैतन्य स्वरूप सुखमा विश्राम प्राप्त गर्दछ ।

हे रामजी ! जो कुछ पुरूषार्थबाट नै सिद्ध हुन्छ, अर्को कुनै दैव छैन । जो पुरूष शास्त्र अनुसार पुरूषार्थ गर्न छाडेर जो कुछ गर्छ त्यो दैवले नै गर्छ भनी भन्छ, तिनी मनुष्यमा गधा हुन् । तिनको संगत नगर्नु, उनको संगति गर्नु दुःखको कारण हो ।

हे राम ! प्रत्येक मनुष्यको कर्तव्य हो कि आफ्नू वर्णा-

श्रम अनुसार शुभ आचार ग्रहण गर्नु । अशुभलाई त्याग गरी सन्तको संगत र सत्शास्त्रको विचार गरी आफ्नू गुणदोषको विचार गर्नु । त्यसको साक्षी रूप भएर सन्तोष, धैर्य, वैराग्य, विचार र अरू अभ्यास गुणलाई बढाउनु । जो यसका विपरीत छन् त्यसलाई त्याग गरिदिनु । जब यसरी पुरूषार्थको ग्रहण गर्छौं तब परमानन्द रूप आत्मतत्त्व प्राप्त हुन्छ । त्यसैले हे रामजी ! मनुष्य भैकन वनको घायल मृग जस्तो नहुनु । स्त्री, पुत्र, बान्धव र धनादिमा मग्न भएर नबस ? त्यसबाट विरक्त हुनु । दाँतले दाँतलाई चपाएर संसार समुद्रबाट पार हुने यत्न गर । बल गरेर पनि दृश्य रूप बन्धनलाई तोडेर निस्किहाल । जस्तो सिंह बलगरी खोरबाट निस्कन्छ त्यस्तै गरी निस्किहाल, त्यही पुरूषार्थ हो ।

हे रामजी ! जसले आफ्नू पुरूषार्थ त्यागेको छ, त्यसलाई लक्ष्मी, कान्ति, वीरता आदि शक्तिले त्यागिदिन्छ । त्यसैले संसाररूपी जालमा नखस ।

हे रामजी ! सन्तको संगत, सत्शास्त्रको अर्थ हृदयरूपी पत्रमा लेख्न बोधरूपी कलम, विचाररूपी, मसी बनाउनु । जब यसरी पुरूषार्थ गरी लेख्दछौ तब संसाररूपी जालमा खस्ने छैनौं ।

हे रामजी! जो सन्तको संगत गर्छ र त्यसबाट शास्त्र पनि हेर्छ परन्तु त्यस्को अर्थमा पुरूषार्थ गर्दैन, त्यसलाई सिद्धि मिल्दैन । जस्तो अमृतको नजीक बसे पनि जबसम्म पिउँदैन तबसम्म अमर हुँदैन । त्यस्तै ब्रह्म विचारको निरन्तर अभ्यास गरे विना अर्थात् चित्तलाई प्रयत्न पूर्वक चेतन स्वरूपमा नराखे सम्म सिद्धि (परमपद) मिल्दैन ।

हे रामजी ! अज्ञानी जीव आफ्नू अपूर्व जन्म व्यर्थ खेर

किनकि संसारमा जो ज्ञानवान्, विभूतिवान् महापुरूषहरू छन् ती सबै आफ्नै पुरूषार्थले सफल भएका हुन् ।

जसले अत्यन्त दुर्लभ मनुष्य शरीर पाएर आत्म कल्याण को निम्ति पुरूषार्थ गर्दैन । ती अधम मनुष्यहरूनै अत्यन्त नीच, सर्प, कीटादि योनिमा प्राप्त हुन्छन् ।

हे रामजी ! आफ्नू पुरूषार्थको आश्रय गर । नभए सर्प कीटादि नीच योनि प्राप्त हुनेछ । जसले पुरूषार्थलाई त्यागेर दैवको आश्रय लिन्छ ती महान् मूर्ख हुन् । उद्यम विना कुनै पदार्थ प्राप्त हुन सक्दैन, त्यसैले दैवलाई त्यागी सन्त जन र सत्‌शास्त्र अनुसार यत्न गर । तब दुःखबाट मुक्त भै परमपद–परमार्थ सत्य आत्म स्वरूपमा स्थित हुनेछौ ।

हे रामजी ! दृश्य पदार्थको आशा र इच्छालाई त्याग गर, तब चित्त शान्त हुन्छ । चित्त शान्त भए सजिलोसित आत्म स्वरूपको अनुभव हुन्छ । त्यसैले जगत्‌को आस्थालाई छाडेर तिमी आफ्नू स्वरूपमा स्थित होऊ ।

हे रामजी ! दैव भन्नु कुनै छैन पहिलेको शुभ, अशुभ पुरूषार्थ नै दैव हो । त्यसको परिणाम सुख दुःख अवश्य हुन्छ, त्यसलाई नै दैव भन्छन् । जो पुरुषको चित्त विषय पदार्थमा गई रहन्छ, शास्त्र विरुद्ध मार्गमा प्रवृत्त हुन्छ तब जान्नु कि पहिलेको कर्म मलिन छ । जो सन्तजन र सत्‌शास्त्र अनुसार चेष्टा (कर्म) गर्छ, संसार देखि विरक्त हुन्छ, तब जान्नु कि पूर्वको संस्कार शुद्ध छ । त्यसैले हे राम ! तिम्रो दुबैतिरबाट कार्य सिद्ध छ । पूर्वको संस्कार शुद्ध भए तिम्रो चित्तले तुरुन्तै सत्‌संग र सत्‌शास्त्रको वचन ग्रहण गर्नेछ र चाँडैनै आत्म पदमा प्राप्त हुनेछ । यदि तिम्रो चित्त यो शुभ मार्गतिर स्थिर हुन नसके अहिले दृढ पुरूषार्थ गर र संसार समुद्र देखि पार होऊ ।

हे रामजी ! तिमी चैतन्य हौ, जड होइनौ । अज्ञानले यो संसार देखिएको छ । यसलाई सत्य माने परमात्मा देखि विमुख होइन्छ। त्यसैले दृढ पुरूषार्थको आश्रय गर। तिमीलाई मेरो आशीर्वाद छ कि तिम्रो चित्त चाँडैनै शुभ मार्गमा स्थित भै ब्रह्मविद्याको सार तत्त्वमा प्रवृत्त होस् ।

जो श्रेष्ठ पुरूष हुन् तिनले पहिले पाँच इन्द्रियलाई बशमा राख्नु। शास्त्र अनुसार तिनको सञ्चालन गर्नू । शुभ वासनालाई बढाउनु र दृढ तुल्याउनु, अशुभलाई त्याग गरिदिनु । यद्यपि दुबै वासनालाई त्याग गर्नु पर्छ, तथापि पहिले शुभलाई बढाई अशुभलाई त्याग गर्नु । जब शुभ शुद्ध वासनाको वृद्धि हुन्छ तब अन्तःकरण शुद्ध हुन्छ । शुद्ध हृदयमा सन्त र शास्त्र-सिद्धान्तको विचार उदय हुन्छ र आत्मज्ञान प्राप्त हुन्छ । तब आत्म ज्ञानद्वारा परात्माको साक्षात्कार हुन्छ र क्रिया, ज्ञानको पनि त्याग हुन्छ र निर्विकल्प स्वरूपमा स्थित हुन्छ ।

हे रामजी ! विचार द्वारा जब आत्माको दृढ अभ्यास हुन्छ तब जगत् निवृत्त हुन्छ । यो जगत् संकल्प मात्र हो, जस्तो स्वप्नमा संकलपले नाना देखिन्छ त्यस्तै यो जगत् पनि संकल्प रूप हो । त्यसैले सारा संकलपलाई त्यागेर वासिष्ठ शास्त्रले बताए अनुसार पुरूषार्थ गर । अभ्यास विना परम पद मिल्दैन त्यसैले बारम्बार विवेक पूर्वक विचार गर । विचार गरेपछि द्वैत भ्रम नाश भएर आत्म पद प्राप्त हुन्छ ।

हे रामजी ! मेरो वचनलाई ग्रहण गर, ती वचन तिम्रो परम मित्र हुन् । दुःखबाट रक्षा गर्नेछन् । अब मोक्षको उपाय बताउँछु । त्यसलाई ग्रहण गरी पुरूषार्थ गरे तिम्रो परम अर्थ सिद्ध हुन्छ ।

यो चित्त जुन संसारतिर दौडिराखेको छ, त्यो भोगरूपी

खाल्टामा खस्न नदेऊ । भोग तिम्रो मित्र हैन, त्यो परम शत्रु हो । जब भोगको लागि तिमी इच्छा गर्छौं तब तिम्रो सर्वनाश भइहाल्छ । त्यसैले भोगलाई निरस जानेर परित्याग गरिदेऊ । त्यो त्याग तिम्रो परम मित्र हुनेछ ।

ब्रह्माजीको उपदेश–१०

हे रामजी! यो मोक्ष उपायको संहिता हो, चित्तलाई एकाग्र गरेर यसको श्रवण गर । त्यसबाट परमानन्द प्राप्ति हुन्छ । पहिले □ शम, ❦ दमलाई धारणा गर, तब परम तत्त्वको विचार उत्पन्न हुन्छ । त्यो विचारबाट विवेकद्वारा परम पद प्राप्ति हुन्छ । जो पद मिलेपछि जन्ममरण कुनै दुःखले छुंदैन र अविनाशी सुख प्राप्त हुन्छ ।

हे रामजी ! मनलाई यता उता जान नदेऊ, वासनाले बन्धन प्राप्त हुन्छ । जगत्को भावनाले वासना बढेर आउँछ, तब दुःख मिल्छ । वासनाको मूल अहंकार हो । अहंकार खडा भए सारा संसार आफ्नू नजिक आइहाल्छ र बन्धनमा पर्छ । त्यसैले अहंभावनालाई त्याग गरिदेऊ । अहंकारको उदय भएपछि स्वरूपलाई ढाकिहाल्छ । जस्तो सूर्यलाई बादलले ढाकिहाल्छ । त्यसैले यो मोक्ष संहिता अनुसार पुरूषार्थ गर कि चाँडैनै आत्म पद मिलोस् । भगवान् ब्रह्माजीले मलाई जुन उपदेश दिनु भएको थियो, त्यो तिमीलाई बताउँछु ।

हे रामजी ! शुद्ध चिदाकाश एक छ, अनन्त छ, अविनाशी छ । त्यो परमानन्द रूप हो, चिदानन्द स्वरूप हो, ब्रह्म हो । त्यसमा संवेदन स्पन्द रूप ब्रह्मा विष्णु भएर स्थित भएको छ । विष्णुको स्पन्द र निस्पन्द भावमा एक

□ संसारको वासनालाई त्यागिदिनु र उदार बुद्धि गरी संतोषी भै रहनुलाई **शम भनेको छ ।**

❦ वाह्य इन्द्रियलाई वश गर्नुलाई **दम भनेको छ ।**

रस छ, कहिले पनि अन्यथा भाव हुँदैन । जस्तो समुद्रमा तरंग उठ्छ त्यस्तै शुद्ध चिदाकाशमा स्पन्दद्वारा विष्णु उत्पन्न हुनु भएको छ, वहाँको नाभि कमलबाट ब्रह्मा प्रकट हुनु भयो। ब्रह्माजीबाट ऋषि, मुनीश्वर सहित स्थावर जङ्गम उत्पन्न भए। अर्थात् मनोराज्यबाट जगत्को उत्पन्न भयो। त्यहि जगत्को कुनामा जम्बुद्वीप, भरतखण्ड छ, त्यहाँ मनुष्य-हरूको दु:ख देखेर ब्रह्माजीलाई दया उत्पन्न भयो । तब तिनीहरूको सुखको लागि ब्रह्माजीले तप उन्पन्न गरी तप गर्न लगाए, जब जीवहरूले तप गरी स्वर्गादिको सुख भोग भोगे, पुण्य सकिए पछि फेरि तल झरी तृष्णा गरेर अत्यन्त दीन दु:खी भए । तब ब्रह्माजीले विचार गरी आत्मज्ञान विना जीवको दु:ख निवृत्त हुँदैन, त्यसैले आत्मज्ञान दु:ख निवृत्तिको लागि चाहिन्छ, जसबाट यो लोकमा पनि परम सुख होस् । यस्तो विचार गरी ब्रह्मा आत्म तत्त्वको ध्यानमा लीन भए । तब भगवान् ब्रह्माको संकल्पद्वारा मेरो उत्पत्ति भयो । अर्थात् मेरो रूपमा शुद्ध तत्त्वज्ञान मूर्तिमान भएर प्रकट भएँ । म ब्रह्माजी समान छु, शुद्ध ज्ञान मेरो स्वरूप हो, ममा जगत् केही छैन। मलाई सुषुप्ति झैं जगत् भासमान हुन्छ । तब ब्रह्माजीले विचार गर्नु भयो कि यिनलाई जगत् कल्याणको लागि उत्पन्न गरेको हुँ, यिनी शुद्ध ज्ञान स्वरूप हुन् । अज्ञानी संसारको उपदेश तब हुन्छ जब कुनै प्रश्न-उत्तर चलोस र त्यसपछि सत्य–मिथ्याको विचार हुन्छ ।

हे रामजी ! जीवको कल्याणको निम्ति मलाई ब्रह्माजीले आफ्नू काखमा राखी शिरमा हात राख्नु भयो । तब म शीतल भै हालें । जस्तो चन्द्रमाको किरण शीतल हुन्छ त्यस्तै म शीतल भएँ । तब ब्रह्माजीले हाँसेर भन्नु भयो– हे पुत्र ! जीवहरूको कल्याणको लागि एक मुहूर्तसम्म

तिमी अज्ञानलाई ग्रहण गर । श्रेष्ठ पुरूष अरूको निम्ति यस्तै उपकार गरिरहन्छन् । जस्तो चन्द्रमा अन्त्यन्त निर्मल छन् परन्तु श्याम भावलाई अंगिकार गरेका छन् । त्यस्तै तिमी एक मुहूर्त अज्ञानलाई अंगिकार गर भनेर मलाई ब्रह्माजीले शाप दिनु भो कि तिमी अज्ञानी हुनेछौ । तब मैले ब्रह्माजीको आज्ञा मानी शापलाई स्वीकार गरें । तब मेरो शुद्ध आत्मा भए पनि अरू जस्तो भै हालें । मेरो स्वभाव सत्ता मैले बिर्सि हालें, मेरो मन जागेर आयो, भाव अभाव रूप जगत् देखिन लाग्यो । आफूलाई म वशिष्ठ र ब्रह्माजीको छोरा हुँ भनी भान भयो । नाना पदार्थले भरिएको जगत् देखेर मन चञ्चल हुन लाग्यो । त्यसैले संसारलाई दु:ख रूप जानेर मैले भगवान् ब्रह्माजीसित सोध्न लागे–

हे भगवन् ! यो संसार कसरी उत्पत्ति भयो ? र कसरी लीन हुन्छ ? तब ब्रह्माजीले मलाई राम्रोसित संझाएर उपदेश दिनु भयो । जसबाट मेरो सारा अज्ञान नाश भएर गयो । जस्तो सूर्य उदय भए अन्धकार नाश भइहाल्छ, त्यस्तै मेरो सारा अज्ञान नाश भैहाल्यो । म आफूलाई निराकार चिदानन्द रूपले अनुभव भयो । जस्तो शुद्ध गरेको पदार्थ निर्मल हुन्छ, त्यस्तै मेरो चित्त शुद्ध भैहाल्यो ।

हे रामजी ! परमपिता ब्रह्माजीले मलाई भन्नु भयो– हे पुत्र ! जम्बुद्वीप भरतखण्डमा गै जीवलाई उपदेश गर । जसलाई संसार सुखको इच्छा छ, उसलाई कर्म मार्गको उपदेश दिनू । जो संसारबाट विरक्त छन् र आत्मपद पाउन इच्छा गर्छन् तिनलाई ज्ञानको उपदेश दिनू । त्यसैले तिमी अब भूलोकमा जाऊ भनेर आज्ञा दिनु भएकोले म ब्रह्मज्ञानको उपदेश दिन आँएको हुँ ।

हे रामजी ! यस प्रकारले म पृथ्वीमा आएको हुँ ।

जो महापुरूषलाई आत्मज्ञानको इच्छा छ, उसलाई पूर्ण-गर्नको लागि ब्रह्माजीले मलाई उत्पन्न गरेका हुन् ।

हे रामजी ! जो पुरूष फलको इच्छा नराखी केवल चित्तशुद्धिको लागि कर्म गर्छन्, तिनी ब्रह्मविद्याको अधि-कारी हुन् । तिनलाई सजिलैसित गुरुको कृपायुक्त उपदेश-बाट आत्मसाक्षात्कार हुन्छ ।

हे रामजी ! यो संसार अत्यन्त अनर्थकारी हो । जसले आफ्नू पुरूषार्थद्वारा यो बन्धनलाई तोड्दैन तिनी राग, द्वेषको आगोमा सदा जलिरहन्छन् । त्यसैले हे राम ! जे जति शास्त्रको सिद्धान्त आत्मतत्त्व हो त्यो तिमीलाई बताउँछु, त्यसको यथावत् ग्रहण गर ।

म तिम्रो अगाडि प्रार्थना गर्छु कि म जे जति उपदेशगर्छु मैले बताएको ती वचनमा आस्तिक भावना गर्नु । जसरी तिमी आत्मपद पाउनेछौ त्यो म बताउँछु । जो पुरूष आस्तिक छैन, शास्त्र र सन्तजनमा असत्य बुद्धिछ, त्यस्तो अज्ञानी जीवको संगत नगर्नू । मोक्षपदको जुन द्वारपाल हो, त्यसमा मित्र भावना राखे त्यसले तिमीलाई मोक्षको ढोकामा पुऱ्याई दिनेछ । त्यहाँ पुगे पछि तिमीलाई आत्माको दर्शन मिल्नेछ ।

हे रामजी ! अब ती द्वारपालको नाम सुन– शम, सन्तोष, विचार र सत्संग हो । जो पुरूषले यिनीहरूलाई बश गरेको छ तिनलाई चाँडैनै मोक्ष रूपी ढोका भित्र पुऱ्याइ दिन्छन् । जसले यस्मा स्नेह राख्छ तिनी सुखी भै हाल्छन् ।

हे रामजी ! यदि चार साधनलाई बश गर्न नसके एक साधन भने पनि वश गरे चारै साधन वशमा आइहाल्छ । त्यसैले प्राणलाई त्याग्न परे पनि एक साधनलाई बल गरेर पनि अवश्य बशगर्नू । तिम्रो बुद्धिमा शुभ गुण आई बसेको छ, अब तिमी मेरो वचनको अधिकारी भयौ । किनकि तिम्रो

बुद्धि शुभ गुणले सम्पन्न भएको छ ।

हे रामजी ! सत्संग र सत्शास्त्र (ब्रह्म विद्या) बाट बुद्धि विकास भए पछि आत्म तत्त्वमा प्रवेश हुन्छ । उत्तम पुरूष तिनै हुन्, जसले विवेक पूर्वक संसारलाई विरस जानेर चित्तबाट त्याग गरी आत्म पद पाउन यत्न गर्छ, त्यसलाई अविनाशी पद प्राप्त हुन्छ । जो पुरूष संसारलाई त्यागेर फेरि संसारमै लागि रहन्छ तिनी मूर्ख हुन् । जस्तो पानी चिसो भएपछि वर्फ बन्दछ त्यस्तै अज्ञानी पनि अज्ञानको दृढताले आत्मा देखि टाढा भै हाल्छ ।

हे रामजी ! अज्ञानीको हृदय रूपी प्वालमा दुराशा रूपी सर्प बसिरहन्छ । त्यसले शान्ति कहिले पनि पाउँदैन । आशा र इच्छाले सदा चित्त संकुचित भइरहन्छ । आनन्दित भएर रहन सक्दैन । आत्मपदको साक्षात्कारमा विशेष आवरण आशा नै हो । जस्तो सूर्यको अगाडि मेघ आवरण हो । त्यस्तै आत्म तत्त्वको अगाडि दुराशा नै आवरण हो । जब आशा हटेर जान्छ तब आत्मपदको साक्षात्कार हुन्छ । आशा तब निवृत्त हुन्छ, जब सन्त-संगत र सत्शास्त्रको विचार उदय हुन्छ ।

हे रामजी ! संसार रूप एउटा वृक्ष हो, त्यसलाई ज्ञानरूपी खड्गले काट्न सकिन्छ । जब सत्संग र सत्शास्त्र-बाट बुद्धि सूक्ष्म हुन्छ, तब संसार रूप भ्रमको वृक्ष नाश भै हाल्छ । जब सत् गुण बढेर आउँछ तब ज्ञान रूप सूर्य उदय हुन्छ । जस्तो चन्द्रमाको उदय भए पछि आकाश सुशोभित हुन्छ । त्यस्तै आत्म साक्षात्कार भए तिम्रो बुद्धि परम शोभित हुनेछ ।

--o--

तत्त्वज्ञ–माहात्म्य–१२

हे रामजी ! अब तिमी मेरो उपदेशको पूर्ण अधिकारी हौ । किनकि तप, वैराग्य, विचार, सन्तोष आदि जो शुभ गुण हो, त्यो सारा तिमीमा मौजुद छ । त्यसैले मेरो वचन सुन–यदि शिष्य शुद्ध पात्र भए पनि उपदेश दिने गुरु ब्रह्मज्ञानी नभए शिष्यले आत्म साक्षात्कार गर्न सक्दैन । यहाँ त्यस्तो छैन । तिमी मोक्षको पात्र हौ, म पनि परम गुरु हुँ । त्यसैले मेरो उपदेशले तिम्रो अज्ञान निर्मूल भएर जानेछ ।

हे रामजी ! वैराग्य र अभ्यासको बलले मनलाई आफ्नू स्वरूपमा लीन गरिदेऊ । तब मन उपशम भएर आत्मपद प्राप्त हुनेछ । इच्छाले बन्धन हुन्छ, इच्छा नगरे मुक्ति मिल्छ । त्यसैले तिमी मनलाई उठ्न नदेऊ । तिमी जस्तो हो त्यस्तै भएर रहू ।

हे रामजी ! सत्संग र सत्शास्त्रबाट जसले आत्मपद प्राप्त गरेको छ ती सुखी हुन् । तिनलाई दुःखले स्पर्श गर्न सक्दैन । किनकि दुःख त देहभिमानले हुन्छ । जसले देहाभिमानलाई त्यागी दिएको छ । ती परम सुखी हुन् । उनमा साराजगत् आत्मरूप भास्दछ ।

हे रामजी ! जुन पुरूष सत्संग र सत्शास्त्रदेखि विमुख छन्, संसारमा आसक्त छन् । तिनी असह्य कष्ट पाउँछन् । सर्पले डसेको र शस्त्रले प्रहार गरेको भन्दा धेरै दुःखी हुन्छन् । किनकि यिनीहरूको प्रहारले एक पटक मरेर जान्छ परन्तु संसारमा आशक्तिको दुःखले अनेक बार जन्म र मरण भै रहन्छ ।

त्यस्तो दुःख अरू कुनै छैन, जुन दुःख मूर्खताले पाउँछ । त्यसैले हे राम ! हातमा खप्पर लिएर चण्डालको घरमा भिक्षा मागी खानु उत्तम हो । परन्तु अज्ञानी भएर मूर्खताले

बाँचिरहनु व्यर्थ हो। त्यसैले त्यो मूर्खतालाई हटाउन मोक्षको उपाय म बताउँछु सुन–

हे रामजी ! मोक्षको उपाय परम बोधको कारण हो। सन्त समागम र सत्‌शास्त्रको विचार गरेपछि तिनको मूर्खता नष्ट हुन्छ र आत्मपदको प्राप्ति हुन्छ। जस्तो आत्म बोधको कारण यो वासिष्ठ माहारामायण हो, यस्तो अरू शास्त्र तीनलोकमा पनि छैन। त्यसैले यो महारामायणको विचार गरेपछि अज्ञानरूपी अन्धकार नाश भएर ज्ञानरूपी उज्यालो हृदयमा प्रकाश भइहाल्छ। जस्तो अन्धकारलाई सूर्य नाश गरि दिन्छ, त्यस्तै अज्ञानलाई यो शास्त्रको विचारले नाश गरि-दिन्छ।

हे रामजी ! कल्याणको मार्ग के हो ? त्यो सुन–जो ज्ञानवान् गुरु हो, उहाँले सत्‌शास्त्रको उपदेश गरेपछि संस्कार-वान् शिष्य आफ्नू अनुभवले आफ्नू स्वरूपलाई पाइहाल्छ। जब गुरु, शास्त्र र आफ्नू अनुभव सम्मिलित हुन्छ तब आत्म साक्षात्कार हुन्छ। जबसम्म अविनाशी आत्मानन्द प्राप्त हुँदैन तबसम्म दृढ अभ्यास गर।

हे रामजी ! त्यो अविनाशी आनन्दलाई देखाई दिने म गुरु हुँ, जीवहरूको म परम मित्र हुँ। हाम्रो संगतले जीव परमा-नन्दमा प्राप्त हुन्छ। त्यसैले जे जति म भन्छु त्यो तिमीले ग्रहण गर।

यो संसारको जुन भोग हो, त्यो क्षणभरको लागि मात्र हो, त्यसलाई त्याग गरिदेउ। जस्तो आकाशमा विजुली चम्केर क्षण भरमै नाश हुन्छ त्यस्तै यी भोगादि पदार्थ पनि देखिन्छ। फेरि क्षण भरमा नाश भै हाल्छ। त्यसैले यो मिथ्या भोगलाई त्यागि देऊ। किनकि विषयको पछाडि दु:ख अनन्त छ, त्यसलाई दु:खरूप जानेर त्यागी देऊ। हामी जस्तो ज्ञान-

वान्‌को संगत गर। हाम्रो वचनको अर्थलाई विचार गरी ग्रहण गरेपछि तिम्रो दुःख नाश भएर जानेछ।

हे रामजी ! जो पुरुष परमार्थ तत्वलाई छाडेर संसारको खान, पान, आदि भोगमा भुलि मग्न भएको छ त्यसलाई भ्याकुता भनी जान्नु। जस्तो हिलामा भ्याकुता कराई रहन्छ त्यस्तै त्यो पुरुष संसाररुपी हिलामा रही नानाचिताइरहन्छ तब दुःख पाउँछ।

यो संसार ठूलो आपतको समुद्र हो। त्यस्मा जो श्रेष्ट पुरुष हुन् तिनी सत्‌संग र सत् शास्त्रको विचार गरी संसार समुद्रलाई नाघिहाल्छन् र परमानन्द प्राप्त गरी आदि अन्त, मध्य रहित निर्भय पदको प्राप्त हुन्छन्। जो पुरुषसंसार समुद्र तिर उन्मुख भएको छ तिनलाई दुःख देखि दुःख, कष्ट देखि कष्ट र नरक देखि नरकको भोग प्राप्त हुन्छ।

हे रामजी ! विषलाई विष भनी जानेर पनि जसले पिउँछ तिनको अवश्य नाश भै हाल्छ। त्यस्तै जुन पुरुष संसार असत्य नाशवान् भनी जानेर फेरि संसार तिर नै यत्न गरी रहन्छन् तिनी दुःखरुप मृत्युमा परिहाल्छन्।

जो पुरुष कल्याणरुप आत्म पदको अभ्यासलाई त्यागेर अनात्म क्षण भंगुर संसारमा भुलिरहन्छ त्यो जस्तो– आगो लागेको खरको घर भित्र खरकै विछौनामा सुतिराखेको पुरुष नाश भैहाल्छ त्यस्तै जन्म मृत्यु आगोमा परी नाश हुन्छ।

हे रामजी ! यो संसार अविचारले देखिन्छ, विचार गरेपछि लीन भै हाल्छ। त्यसैले पुरुषार्थ चाहिन्छ। जस्तो हातमा उज्यालो बत्ती बालेर पनि कुवामा खस्दछ भने त्यो मूर्ख हो। त्यस्तै संसारभ्रम निवारण गर्न गुरु शास्त्र विद्यमान् भएर पनि त्यसको शरण लिंदैनन् भने तिनीहरू मूर्ख हुन्। त्यसैले

विचार द्वारा अभ्यास पूर्वक संसारको वासनालाई त्यागी देऊ। आत्म भावनालाई जगाउ र बढाऊ। तब तिम्रो अहंकार शिथिल भएर नाश हुनेछ र परमपद मिल्नेछ ।

हे रामजी ! अहंकार नै दुःखको कारण हो। अहंताको उदय भएपछि नाना प्रकारको वासना उत्पन्न हुन्छ। तब संसाररुपी बन्धन (जन्म, मृत्यु) मा परिहाल्छ। त्यसैले मिथ्या अहंलाई त्यागी देऊ। अहंवासनाको परित्याग भए शुद्ध निर्मल आकाश प्रकाशित हुनेछ ।

यो संसार मनको फुरणले भासमान भएको छ। त्यसको कल्याण बान्धवबाट हुँदैन, धनले पनि हुँदैन र तीर्थ, ब्रत, यज्ञबाट पनि हुँदैन। किन्तु मनलाई जितेपछि कल्याण हुन्छ। अर्थात् परमानन्द आत्म स्वरुप प्राप्त हुन्छ ।

हे रामजी ! यो दृश्य संसार भ्रम मात्र हो। त्यसमा सत्यता बुद्धि गर्नुलाई अज्ञान भनेको छ। जब दृश्य भ्रमलाई त्यागी दिन्छौ तब तिमी आफ्नु स्वरुपमा स्थित भएर परमानन्द प्राप्त गर्नेछौ ।

जुन पुरुष यो मोक्षोपाय शास्त्रको श्रद्धापूर्वक पढ्छ अथवा सुनेर ग्रहण गर्छन् तिनी त्यसै दिनदेखि मोक्षको भागी हुन्छन्। अब यो मोक्षको जुन चार द्वारपाल हो–त्यो तिमीलाई बताउँछु सुन–

शम–वर्णन–१३

हे रामजी ! शम परम विश्रामको कारण हो। यो दृश्य प्रपञ्च मरुस्थलको नदीझैं देखिएको छ। यसलाई देखेर अज्ञानी मूर्ख मनुष्य सुख रुपी पानी देखेर दौडिरहन्छन् परन्तु शान्ति पाउन सक्दैन। जब शमरुपी मेघको वर्षा हुन्छ तब खुशी भै हाल्छ ।

शम परम आनन्द हो, त्यो परम पद हो र शिव पद हो। जो पुरुषले शम पाएको छ त्यो संसार समुद्रबाट पार भएको छ। त्यसको शत्रु पनि मित्र भैहाल्छ। जस्तो चन्द्रमाको उदय भए अमृतको कण फुट्दछ र शीतल हुन्छ। त्यस्तै जुन हृदयमा शम रुपी चन्द्रमा उदय हुन्छ तिनको सारा ताप हटेर जान्छ र परम शान्ति पाउँछ ।

हे रामजी ! यो शम अमृत समान छ त्यो नै परम अमृत हो। जो आनन्द अमृत पिएर हुँदैन र लक्ष्मी को प्राप्ति भए पनि हुँदैन त्यो आनन्द शमवान् पुरुषलाई प्राप्त हुन्छ ।

हे रामजी ! प्राण भन्दा प्यारो कुनै वस्तु पाए पनि जुन आनन्द मिल्दै न त्यो आनन्द शमवान् पुरुषलाई हुन्छ। तिनको दर्शन गरे पनि आनन्द वाणि सुनेपनि आनन्द मिल्छ। त्यसैले त्यो महापुरुषलाई पूजा गर्नु, वन्दना गर्नु योग्य हो ।

शमवान् पुरुषको क्रिया, कर्म अमृत जस्तो हुन्छ। उनको वचन अमृत झैं मिठो हुन्छ। जब तिनको संगत मिल्छ तब परम आनन्द प्राप्त हुन्छ। जो आनन्द चक्रवर्तीराज्य पाए पनि हुँदैन र तिनलोकको राज्य मिले पनि हुँदैन। जसलाई शम मिलेको छ उसको मनको वृत्तिले आत्म तत्वलाई ग्रहण गर्छ। शब्द, स्पर्श, रूप, रस, गन्ध यी इन्द्रियका विषयमा राग, द्वेष इष्ट अनिष्ट हुँदैन ।

हे रामजी ! जसलाई संसारको रमाइलो पदार्थमा मोह हुँदैन, जो आत्मानन्दमै पूर्णछन् तिनलाई संसारको शुभ, अशुभ मलिनताले छुदैन। तिनीहरू सदा निर्लेप रहन्छन् । बाहिर चेष्टा गरेको देखिए पनि भित्र सदा निर्गुण रूप हुन् । कुनै क्रिया उनलाई स्पर्श गर्दैन। जस्तो पानीमा कमल निर्लेप रहन्छ त्यस्तै शमवान् सर्वदा शितल भएर रहन्छन् ।

जो पुरुष शान्ति देखि रहित छ त्यसको चित्त क्षणक्षणमा

राग र द्वेषले जलाउँछ। जो शान्ति मान हो तिनको मुखको कान्ति पनि अत्यन्त सुन्दर भइहाल्छ र तिनलाई परम लाभ प्राप्त हुन्छ । ज्ञानी जन यसैलाई परम पद भन्दछन् ।

हे रामजी ! यो ब्रह्मज्ञानको उपदेश जसरी मैले बताएँ त्यस्तै क्रमले शान्ति ग्रहण गर । तब संसार समुद्रको पारलाग्ने छौ । जो वस्तुको निरन्तर अभ्यास गरिरहन्छ त्यही मिल्छ । अभ्यास विना आत्म पद पाउन सकिदैन । बारम्बार अभ्यास गरे (चैतन्य स्वरुपको विचार गरे) आत्मपद मिलिहाल्छ र जगत् भ्रम नाश भएर जान्छ ।

विचारवर्णन–१४

हे रामजी ! जब हृदय शुद्ध हुन्छ तब विचारको उत्पत्ति हुन्छ। शास्त्रको विचार गरेपछि बुद्धि तीक्ष्ण हुन्छ। जसले विचारको आश्रय लिएको छ त्यसको विचारको दृढता ले जो इच्छा गर्छ त्यो पाउँछ। त्यसैले विचार तिनको परम मित्र हो। जो विचारवान् पुरुष हो त्यो आपदमा पर्दैन । जस्तो तुम्बा पानीमा डुब्दैन त्यस्तै त्यो आपतमा पर्दैन ।

जसलाई जो कुछ सिद्धता मिलेको छ त्यो पुरुषार्थ द्वारा प्राप्त भएको छ । धर्म, अर्थ, काम मोक्ष, विचारको दृढताले सिद्ध हुन्छ। विचार एउटा कल्प वृक्ष हो त्यसमा जो अभ्यास हुन्छ त्यही सिद्धि मिल्छ । त्यसैले शुद्ध ब्रह्मको विचार ग्रहण गरी आत्मज्ञान प्राप्त गरिहाल्छ । जस्तो बत्ती भए पदार्थको ज्ञान हुन्छ त्यस्तै विवेक उदय भए सत्य असत्यलाई जानिन्छ। असत्यलाई त्यागी सत्यलाई ग्रहण गर्नु विचार हो। विचारवान् पुरुष संसारको भाव, अभावमा सुखी दुःखी हुँदैन ।

हे रामजी ! हाम्रो यही आशिर्वाद छ कि तिम्रो हृदयबाट अविचाररुपी अन्धकार नाश होस् । विचार रुपी सूर्य उदय

भएपछि संसार जन्य दुःख नाश हुन्छ ।

जहाँ विचार छ त्यहाँ दुःख छैन । जहाँ प्रकाश छ त्यहाँ अन्धकार हुँदैन । त्यस्तै जहाँ विचार छ त्यहाँ संसारको भय हुँदैन । जहाँ विचार छैन त्यहाँ भय हुन्छ । जुन पुरुष विचारले सम्पन्न छन् त्यहाँ शुभ गुण स्थित हुन्छ ।

हे रामजी ! जगत मनको मोहले उब्जेको छ । अविचारले गर्दा यो सुखदायी प्रतीत हुन्छ । जब विचारको प्राप्ति हुन्छ तब जगत् भ्रम नष्ट भै हाल्छ । त्यसैले विचारलाई ग्रहण गर । विचारले शमता आउँछ, विचारवान् पुरुष जतातिर देख्छ उता आनन्द नै प्रतीत हुन्छ । त्यसैले विचार सबैको परम मित्र हो । विचारवान् पुरुष भित्र बाहिर शितल रहन्छ । जस्तो हिमाल शितल रहन्छ ।

हे रामजी ! संसार एउटा दीर्घ रोग हो । त्यसलाई नाश गर्ने विचार ठूलो औषधि हो । जसलाई विचार मिलेको छ तिनको मुख पनि उज्यालो भइहाल्छ । जस्तो पूर्णिमाको चन्द्रमा उज्ज्वल हुन्छ त्यस्तै विचारवानको मुखको कान्ति पनि उज्ज्वल हुन्छ ।

हे रामजी ! विचार गरेर उनको परम पद प्राप्त हुन्छ जसबाट अर्थ सिद्धि हुन्छ त्यसको नाम विचार हो । जसबाट अनर्थ सिद्ध हुन्छ त्यसको नाम अविचार हो । अविचाररूपी मदिरालाई जसले पिउँछ त्यो उन्मत्त भइहाल्छ । तिनको कुनै शुभ विचार आउँदैन । त्यसैले अविचारले अर्थ सिद्धि हुँदैन ।

हे रामजी ! इच्छारूपी रोग विचार रूपी औषधिले निवृत्त हुन्छ जसले विचारद्वारा परमार्थ सत्ताको आश्रय लिएको छ तिनी परम शान्त भइहाल्छ । हेय, उपादेय बुद्धि तिनको रहँदैन । सारा दृश्यलाई साक्षी भएर देख्दछ ।

संसारको भाव अभावमा आफू जस्तातस्तै रहन्छ ।

जस्तो समुद्र जलले पूर्ण छ त्यस्तै विचारवान् पुरूष आत्मतत्वले पूर्ण हुन्छ । जस्तो अँधेरो कुवामा परेको पुरूष हातको बलले निक्लन्छ । त्यस्तै संसाररूपी अँधेरो कुवामा परेको पुरूष विचारको आश्रयले निक्लन समर्थ हुन्छ ।

हे रामजी ! विचारको आश्रय लिएर सिद्धिलाई प्राप्त गर । त्यो विचार वेद–वेदान्तको सिद्धान्तलाई श्रवण एवं मनन गरेर प्राप्त गर्न सकिन्छ । जसले राम्रो सित विचार गर्छ तब विचारको दृढताले आत्म तत्व प्राप्त हुन्छ । जस्तो प्रकाश भए पछि पदार्थको ज्ञान हुन्छ त्यस्तै गुरू र शास्त्रको वचनले तत्व ज्ञान हुन्छ । जस्तो प्रकाश भए पनि अन्धाले पदार्थलाई देख्न सक्दैन त्यस्तै गुरू र शास्त्र देखि जसको विचार शून्य छ तिनलाई आत्मपद प्राप्त हुँदैन । जो विचार रूपी आँखाले सम्पन्न छ त्यसैले देख्छ, जो विचाररूपी आँखा देखि रहित छ त्यो अन्धो हो ।

हे रामजी ! विचारको आश्रय लिएर संसार समुद्र पार तर जो पुरूष विचारदेखि शून्य छन् तिनलाई सबै आपद आइ घेरि हाल्छ । जस्तो सारा नदी समुद्रमा गई मिल्दछ त्यस्तै अविचारवान् पुरूषलाई सारा आपद आई मिल्दछ ।

हे रामजी ! फोहोरको कीट हुनु वेस हो, गर्तको कंकट हुनु पनि वेस हो र अँधेरो प्वालमा सर्प भएर रहनु पनि वेस हो । परन्तु विचारदेखि रहित भएर बस्नु अत्यन्त नराम्रो हो । जो पुरूष विचार रहित छ अर्थात् भोगमा नै लिप्त छ त्यो मनुष्य हैन पशु हो ।

विचार रहित पुरूष ठूलो कष्ट पाउँछ । त्यसैले एकक्षण पनि विचार रहित भएर नबस्नू । विचारद्वारा दृढ भएर निर्भय रहनू । म को हुँ ? दृश्य केहो ? त्यसको विचार गरी

सत्य स्वरूप आत्माको ज्ञान गरी सारा दृश्यलाई त्याग गरि दिनू। जो पुरूष विचारवान् छ त्यो संसारको भोगमा खस्दैन। जो सत् चित् आनन्दको सत्ता (आफ्नु शुद्ध चैतन्य स्वरूप) मा स्थित भै राखेको छ, उसले परम शान्ति पाउँछ।

हे रामजी ! जब विचार स्थिति हुन्छ तब तत्व ज्ञान हुन्छ। तत्व ज्ञान भए विश्राम हुन्छ। चित्तको उपशम हुन्छ र सारा दुःख नाश भइहाल्छ।

सन्तोष वर्णन–१५

हे रामजी ! जुन पुरूषलाई सन्तोष मिलेको छ तिनी परम आनन्दित हुन्छन्। तिनलोकको ऐश्वर्य पाए पनि तिनले त्यसलाई तृण जस्तो तुच्छ देख्दछन्।

जो आनन्द अमृत पिएर मिल्दैन त्यस्तो आनन्द संतोषवान्लाई हुन्छ। इच्छाले हृदय रूपी कमललाई खुम्च्याई दिन्छ। जब सन्तोषरूपी सूर्यको उदय हुन्छ तब इच्छारूपी रात अभाव भएर जान्छ।

हे रामजी ! तीन लोकको राजा भैकन पनि जब इच्छा निवृत्त हुँदैन तब तिनी दरिद्र हुन्। जसको धन छैन ती निर्धनि हुन्। परन्तु संतोषवान् छन् भने तिनी सबैको ईश्वर हुन्।

जो आनन्द सन्तोषवान्लाई हुन्छ त्यस्तो आनन्द अष्टसिद्धिको ऐश्वर्य मिले पनि हुँदैन। अमृत पान गरेर पनि हुँदैन। सन्तोषवान् सदा शान्ति रूप हो। तिनी सदा निर्मल रहन्छन् त्यसैले सन्तोषवान् पुरूषको हृदय पूर्ण हुन्छ।

हे रामजी ! सन्तोष भनेको के हो सुन– जुन अप्राप्त वस्तु हो त्यसको इच्छा नगर्नु, प्राप्त भएको इष्ट र अनिष्टमा राग द्वेष नगर्नु, यसैलाई सन्तोष भनेको छ। सन्तोषवान्

पुरूष सदा आनन्द रूप हो । जो आत्म स्थितिमा तृप्त रहन्छ त्यसको अरू कुनै इच्छा फुर्दैन । सन्तुष्ट भएर उनको हृदय प्रफुल्लित भएको छ ।

हे रामजी ! जसको चित्त सन्तोष रहित छ त्यसको नाना प्रकारको इच्छा उब्जिन्छ । तब दुःख चिन्ता आएर घेरि लिन्छ । त्यसैले असन्तोषी भएर बाँचि रहनु धिक्कार हो । त्यसलाई कसैले मन पराउँदैन ।

सन्तोषवान् पुरूष सबैको प्यारो लाग्छ । ती सन्तोषी महापुरूषको स्तुति गर्नु योग्य हो । जहाँ सन्तोष छ त्यहाँ इच्छा रहँदैन । सन्तोषवान् पुरूष सुख दुःखमा समान हुन्छन् । तिनी उदारात्मा हुन्, सर्वदा आनन्दित भएर तृप्त रहन्छन् । जस्तो मेघ बतास आए पछि हटेर जान्छ त्यस्तै सन्तोष आए पछि इच्छा नाश भएर जान्छ । सन्तोषवान् पुरूषलाई देवता, ऋषि, ईश्वर सबैले नमस्कार गर्दछन् । धन्य धन्य भनी स्तुति गर्दछन् । त्यसैले हे राम ! तिमी पनि यो सन्तोषलाई धारणा गरी लेऊ । तब परमशान्ति पाउनेछौ ।

साधुसंगत वर्णन–१८

हे रामजी ! जे जति दान, तिर्थादिका साधन छन् त्यसबाट आत्मपदको प्राप्त हुँदैन । साधु सन्त र ज्ञानवान्को संगतबाट आत्मपदको प्राप्ति हुन्छ । साधु सङ्गत रूपी वृक्षमा आत्म ज्ञान रूपी फूल फुलेको छ । जुन पुरूषले फूलको इच्छा गर्छन् तिनले अनुभव रूपी फल पाउँछन् ।

जो पुरूष आत्मानन्ददेखि रहित छ त्यो पनि सत्संगद्वारा आत्मलाभ गरी पूर्ण हुन्छ । अज्ञानी भैकन जो मृत्युको मुखमा पर्छ त्यो सन्तको सङ्गतबाट ज्ञान पाएर अमर हुन्छ । जो आपत् पाएर दुःखित छ त्यो सन्तको सङ्गत गरी सुख

पाउँछ । सत्संगतबाट आत्म बुद्धि मिल्छ । त्यसबाट आफू मृत्यु रहित पुरूष हुँ भन्ने ज्ञान हुन्छ र सारा दुःख निवृत्त भएर परमानन्द (आफ्नु चैतन्य स्वरूप) प्राप्ति हुन्छ ।

हे रामजी ! सन्तको संगतबाट हृदयमा ज्ञान रूपी बत्ति बल्दछ र अज्ञान रूपी अन्धकार नष्ट भै परम तत्व (ठूलो ऐश्वर्य) प्राप्त हुन्छ । तब मनमा भोग्य पदार्थको इच्छा हुँदैन, बोधवान् हुन्छ र सबैभन्दा उत्तम पद पाउँछ । जस्तो कल्पवृक्षको नजिक पुगेपछि इच्छित वस्तु मिल्छ त्यस्तै संसार समुद्रबाट पार गरिदिने सन्त पुरूष हुन् । जसरी माझीले डुंगामा राखी पारी तारिदिन्छ त्यसैगरी सन्त पुरूष युक्ति पूर्वक संसार समुद्रबाट पार गरिदिन्छ ।

हे रामजी ! जसको देहादि अनात्म दृश्यबाट स्नेह (प्रेम) नाश भएको छ र शुद्ध आत्मतत्व आफ्नु अविनाशी चैतन्य स्वरूपमा स्थित भएको छ भने ऊ त्यसैमा तृप्त भएको छ । फेरि संसारको इष्ट अनिष्टबाट बुद्धि चञ्चल हुँदैन । सदा समभावमा स्थित रहेको हुन्छ, त्यस्तो महान् सत्य अविनाशी आत्म पद ज्ञानवान् साधु संगतबाट नै पाइन्छ ।

हे रामजी ! सत्संगत पवित्र गंगा हो । जो पुरूषले सत्संग रूपी गंगामा गै स्नान गर्छ तिनलाई फेरि तप, दान, आदि साधनको प्रयोजन हुँदैन । उसलाई सत्संगतबाट परम शुद्धता प्राप्त गरेर आत्म लाभ गरी परम गति प्राप्त हुन्छ । त्यसैले अरू सबै उपायलाई त्यागेर सत्संगतलाई खोज्नू । जस्तो निर्धनी धनको खोजी गरिरहन्छ त्यस्तै मुमुक्षु पुरूष सतसंगतलाई खोजिरहन्छ ।

हे रामजी ! जस्तो तातिएको पृथ्वी वर्षा भएपछि शीतल हुन्छ त्यस्तै सत्संगत गरेपछि हृदय शीतल भैहाल्छ ।

त्यसैले आफ्नु कल्याणको निमित्त सतसंगत गर्नु तिम्रो योग्य छ ।

मोक्षको मार्गमा जुन चार द्वार पाल हुन् । त्यो तिमीलाई बताएँ । जुन पुरूषले यिनी सित सम्बन्ध जोडी प्रेम गर्छ तिनलाई चाँडैनै आत्मपद प्राप्त हुन्छ । जसले यिनको सेवा गर्दैन र सम्बन्ध जोडदैन तिनले मोक्ष प्राप्ति गर्न सक्दैनन् ।

संतोषं परमोलाभः सत्संग परमं धनम् ।

विचारं परमं ज्ञानं शमं च परमं सुखम् ।।

हे रामजी ! जो परम कल्याण कर्ता हुन्, जो पुरूष परम साधन सम्पन्न छन्, तिनलाई ब्रह्मादि देवताले स्तुति गर्नु हुन्छ । त्यसैले दाँतले दाँत अचेटी यसको आश्रय लिएर मनलाई बश गरिहाल ।

मनरूपी हात्तिलाई विचाररूपी अंकुशले बशमा ल्याउन सकिन्छ । मनरूपी वनमा वासनारूपी नदी बगिराखेको छ, त्यसको शुभ र अशुभ दुई किनार छन् । पुरूषार्थ गर्नु यो हो कि मनलाई अशुभ मार्गतिर रोकेर शुभ मार्ग तिर बगाउनु । जब अन्तर्मुख (आत्माको संमुख) वृत्ति प्रवाहित हुन्छ तब परम पद प्राप्त हुन्छ ।

हे रामजी ! पहिले पुरूषार्थ गर्नु यही हो कि अविचार रूपी उचाईलाई हटाई दिनु । जब त्यो हटेर जान्छ तब आफै प्रवाह चलिहाल्छ । दृश्यतिर जुन प्रवाह चल्छ त्यो बन्धनको कारण हो । जब आत्मातिर अन्तर्मुख हुन्छ तब मोक्षको कारण हुन्छ ।

हे रामजी ! यो जुन वचन हो त्यो परम पावन छ । जुन विचारवान् शुद्ध अधिकारी छन् तिनलाई यो वचन परम बोधको कारण हुन्छ । शुद्ध पात्रमा यो वचन शोभा युक्त हुन्छ, जिज्ञासुहरू त्यो निर्मल वचनको महिमा सुनेर

प्रसन्न हुन्छन् ।

हे रामजी ! तिमी परम पात्र हौ र मेरो वचन पनि परम पावन छ । यो माहारामायण मोक्षोपाय शास्त्र आत्म बोधको परम कारण हो । यसमा पवित्र वाक्यले भरिएको सिद्धान्त छ । फेरि युक्ति युक्त वाक्य हो । नाना प्रकारको दृष्टान्त दिएको छ । जसको अनन्त जन्मको पुण्य एकत्र हुन्छ त्यसलाई कल्पवृक्ष मिल्छ । तब त्यो फलेर झुक्छ र तिनले यो शास्त्र श्रवण गर्दछन् । अरू नीच पुरूषलाई यसको श्रवण गर्न अवसर मिल्न सक्दैन । बुझ्न पनि सक्दैन ।

षट् प्रकरण–वर्णन–१७

हे रामजी ! यो महारामायण मोक्षदायक शास्त्र हो । सिद्ध वाक्य जो युक्ति युक्त वाक्य हो । अनेक जन्मको पुण्य संचय भएपछि यो कल्पवृक्ष प्राप्त हुन्छ । यसको अमोघ वचन जुन जिज्ञासुको कान भित्र पुग्छ उनी आफूलाई भाग्यवान् समझन्छन् । किनकि यस्तो दिव्य वचनको प्राप्ति ठूलो पुण्य विना मिल्दैन । नीच-मलीन अन्तकरण वाला र तामस प्रकृतिका मनुष्यले यत्न गरे पनि यो माहावाणी ग्रहण गर्न सक्दैन ।

हे रामजी ! यो मनुष्य शरीर एकमात्र मुक्तिको ढोका हो । चौरासी लाख योनिका अरू शरीर त केवल कर्मफल भोगन नै मिलेको हो । त्यसैले मनुष्यको परम कर्तव्य यो हो कि पुरुषार्थ गरेर आफ्नु जन्ममरणरुप महारोगलाई निवृत्त गर्नु । त्यसैले परमार्थ कल्याणमार्ग देखाउन यो आध्यातम शास्त्रको निर्माण भएको हो । श्रद्धा, विश्वासले यो महारामायणको श्रवण, मनन र निदिध्यासन गरेपछि चाँडैनै दुःखबाट मुक्त भै कैवल्य पदको भागी बन्नेछ ।

हे रामजी ! यो मोक्ष शास्त्रको बत्तीस हजार श्लोक छ। छ प्रकरणमा विभक्त भएको छ । प्रथम वैराग्य प्रकरण बताएको छ त्यो वैराग्यको परम कारण हो। जस्तो मरुस्थलमा वृक्ष हुँदैन परन्तु ठूलो वर्षाद भए त्यहाँ पनि वृक्ष हुन्छ। त्यस्तै अज्ञानीको हृदय मरुस्थल जस्तो हो, जहाँ वैराग्यरूपी वृक्ष हुँदैन । किन्तु यो महारामायण शास्त्रको ठूलो वर्षा भए त्यस्मा पनि वैराग्यरुपी वृक्ष उत्पन्न हुन्छ ।

त्यसपछि मुमुक्षु व्यवहार प्रकरण आउँछ । त्यस्मा परम निर्मल वचन भरिएको छ । त्यहाँबाट मुमुक्षुको हृदयमा कुनै मलीनता भए त्यो सबै नाश भैजान्छ । तब मुमुक्षुको हृदय निर्मल भै विचारको बलले आत्मपद पाउन समर्थ हुन्छ ।

त्यसपछिको उत्पत्ति प्रकरण हो । त्यसमा अत्यन्त सुन्दर कथा दृष्टान्त दिएको छ । जस्को विचार गरेपछि जगत्को सत्यता भाव मनबाट हटिहाल्छ । अर्थात् जगत्को अत्यन्त अभाव सिद्ध हुन्छ ।

हे रामजी ! यो जगत्मा मनुष्य, देवता, दैत्य, पृथ्वी, जल, तेज, वायु, आकाश आदि जे जति भासमान छन् त्यो अज्ञानले प्रतीत भएको छ । त्यसको उत्पत्ति कसरी भयो ? जस्तो डोरीमा सर्प देखिन्छ, मनोराज्यको सृष्टि भासित हुन्छ, सुवर्णमा आभूषण देखिन्छ, समुद्रमा तरंग हुन्छ, आकाशको नीलता आदि असत्य पदार्थमा सत्य भासदछ त्यस्तै सारा जगत आकाश रूप हो, अज्ञानले अर्थाकार भासित हुन्छ र उत्पत्ति देखिन्छ । जस्तो निद्रामा स्वप्न सृष्टिको उत्पत्ति हुन्छ जागेपछि निवृत्त हुन्छ त्यस्तै अविद्याले जगतको उत्पत्ति हुन्छ सम्यक ज्ञान भए निवृत्तभै हाल्छ । अविद्या कुनै वस्तु हैन, सारा ब्रह्म चिदाकाशरुप हो । त्यो शुद्ध छ, अनन्त छ, परमानन्द स्वरुप हो। त्यस्मा न जगत् उब्जिन्छ न लीन हुन्छ

आत्म सत्ता जस्ताको तस्तै आफू आफैमा स्थित छ ।

जब चित्त संवेदन स्पद रुप हुन्छ तब नाना प्रकारको जगत् भएर भासमान हुन्छ । जब निस्पन्द हुन्छ तब जगत् मेटिएर जान्छ । यसप्रकार जगत्को उत्पत्ति भएको हो ।

त्यसपछि स्थिति प्रकरण शुरू हुन्छ। त्यस्मा जगत्को स्थिति बताएको छ । जस्तो इन्द्र धनु आकाशरुप हो अविचारले रंग विरंग सहित देखिन्छ, राम्ररी हेरेपछि निवृत्ति हुन्छ त्यस्तै अज्ञानले जगत् प्रतीत हुन्छ, त्यो कुनै भएको हैन सारा संकल्प मात्र हो । जब संकल्पको लय हुन्छ तब जगत्को अभाव भइहाल्छ ।

त्यसपछिउपशम प्रकरण आउँछ त्यसको विचार गरेपछि अहं वासना लीन हुन्छ । जस्तो स्वप्नबाट जागेपछि त्यो वासना गइहाल्छ त्यस्तै विचार गरेपछि अहं आदि वासना लीन भैहाल्छ । जब वासना नष्ट हुन्छ तब मन उपशम हुन्छ । जस्तो तेल सकिएपछि बत्ती निभिहाल्छ त्यस्तै इच्छादेखि रहित मन निर्वाण हुन्छ ।

त्यसपछि निर्वाण प्रकरण जो शेष हो त्यो निर्वाण बताउँछु । अज्ञानले चित् र चित्तको सम्बन्ध हुन्छ। त्यो विचार गरेपछि निर्वाण भैहाल्छ

हे राम ! अहंकाररुपी पिचाश छ त्यो विचार गरेपछि नाश हुन्छ । जे जति इच्छा फुर्थ्यो त्यो निवारण भै जान्छ । जस्तो पत्थरको शिला फुरण रहित हुन्छ त्यस्तै ज्ञानवान् पुरुष इच्छा रहित हुन्छ । जे जति जगत्को यात्रा हो, त्यो उसको भै सक्यो । जे जति गर्नु थियो त्यो उसले गरिसक्यो । शरीर हुँदै त्यो पुरुष अशरीरी भइजान्छ । त्यो अचिन्त्य चिन्मात्र हो । त्यो पदको योग्य उपमा बताउन ब्रह्मा, विष्णु, रूद्र, पनि समर्थ छैनन् त्यस्तो अनुपम मानिएको छ ।

हे रामजी ! पहिले वैराग्य प्रकरणको विचार गर्नु तब वैराग्य उदय हुन्छ । जे जति जगत्को रमाइलो भोग्य पदार्थ छन् त्यस्मा विराग हुन्छ । कुनै पदार्थको इच्छा मनमा हुँदैन । जब भोगमा वैराग्य हुन्छ तब शान्तिरुप आत्मतत्व प्रतीत हुन्छ ।

हे राम ! जति जति विचार दृढ हुन्छ त्यति त्यति शान्तात्मा प्राप्ति हुन्छ । त्यसैले जे जति संसारको यत्न हो त्यसलाई त्यागी यो शास्त्रको बारम्बार विचार गर । तब चैतन्य सत्ता उदय हुन्छ र लोभ मोह आदि विकारनाश भै हाल्नेछ। संसारको क्षोभ पनि मेटिएर जानेछ ।

हे रामजी ! यो शास्त्रको विचार गर्न अरू कुनै तीर्थ, तप, दान, ध्यान आदिको अपेक्षा गर्नु पर्दैन । जहाँ मिल्छ त्यहाँ बस्नु, जस्तो घरमा छ त्यही भोजन गर्नु र बारम्बार यसको विचार गर्नु तब अज्ञान नाश भैजान्छ र आत्म पद प्राप्त हुन्छ । विचार विना वर र श्राप दिएर आत्म ज्ञान मिल्दैन । जब विचार पूर्वक दृढ अभ्यास गर्छ तब मिल्छ । त्यसैले यो मोक्षोपाय शास्त्र जुन परम पावन छ त्यसको विचार गरेपछि जगत् नाश भै हाल्नेछ र हेर्दा हेर्दै जगत् भाव मेटिएर जानेछ । जन्म मरणको भय रहने छैन । निर्भय पद प्राप्त हुनेछ ।

हे रामजी ! जन्मनु र मर्नुको डर ठूलो दुःख हो । परन्तु यो शास्त्रको विचारले नाश भैहाल्छ । जसले यसको विचार गर्दैन त्यसले आमाको गर्भमा किरा भएर बस्नु पर्छ र कष्टबाट छुट्दैन ।

जो विचारवान् पुरुष हो तिनलाई आत्मपद आफ्नै स्वरुप भास्दछ । कुनै पदार्थ आत्मा देखि भिन्न भास्दैन । जसलाई पानीको ज्ञान हुन्छ त्यसलाई तरंग र भेल सबै

पानी रुपनै प्रतीत हुन्छ । त्यस्तै ज्ञानवान्‌लाई सबै आत्मरुप नै भासित हुन्छ । इष्ट, अनिष्टको प्राप्तिमा इच्छा, द्वेष, गर्दैन । सदा एक रस मनको संकल्प रहित शान्तरुप हुन्छ।

हे रामजी ! संसारभ्रम आत्माको प्रमादले उत्पन्न हुन्छ। आत्मज्ञानप्राप्त भएयत्न विना शान्त भै जान्छ । फूल, पात टिपन पनि केही यत्न गर्नु पर्छ परन्तु आत्मालाई पाउन केही यत्न गर्नु पर्दैन । किनकि बोध रूप आत्माको बोध (ज्ञान) भए स्वतः बोधरूप भै जान्छ ।

जो जान्नु मात्र ज्ञान स्वरुप हो त्यसमा स्थित हुन के यत्न छ ? आत्मा शुद्ध अद्वैत रुप हो, जगत् भ्रम मात्र हो । पहिले र पछि विचार गर्दा जसको सत्यता रहंदैन त्यो भ्रम मात्र हो भनी जान्नु । जो पहिले पनि पछि पनि सत्य रहन्छ त्यी स्वरुप भनी जान्नु ।

यो जगत्‌को सत्यता आदि, अन्त कतै पनि छैन । त्यसैले स्वप्न जस्तो हो । जस्तो स्वप्न आदि, अन्तमा केही छैन– त्यस्तै जगत् पनि आदि, अन्तमा छैन । जाग्रत र स्वप्न दुबै बराबर मिथ्या हो । त्यसैले यिनीहरूलाई त्याग गरी देऊ । यो जगत् देखिन्छ तापनि सत्य हैन, भ्रम मात्र हो ।

हे रामजी ! उपदेश वचन त्यही हो–जो अनुभवलाई प्रकट गर्छ। जुन वचनले अनुभवलाई प्रकट गर्दैन–त्यसलाई त्याग गरिदिनू । जुन स्त्री, अथवा बालकको वचन होस् किन्तु आत्मा अनुभव प्रत्यक्ष भए त्यो ग्रहण गर्नू । पण्डित परम गुरुले वेद वचन कहे पनि यदि अनुभव प्रकट नभए त्यसलाई त्यागी दिनू । जबसम्म विश्राम मिल्दैन तबसम्म विचार गर्नु कर्तव्य हो । विश्रामको नाम तुर्यपद हो–विश्राम मिलेपछि अक्षय शान्ति मिल्छ ।

हे रामजी ! जो तुर्यगापद संयुक्त पुरुष हो । त्यसलाई

श्रुति स्मृति ले बताएको कर्म गर्नाले कुनै प्रयोजन सिद्ध हुँदैन। अथवा नगरे पनि कुनै पापले छुँदैन । सदेह भए पनि विदेह भए पनि गृहस्थ, अथवा सन्यासी, विरक्ति जे भए पनि तिनको कुनै कर्तव्य रहँदैन। त्यो पुरुष संसार समुद्रदेखि पार भएको छ।

हे रामजी ! त्यसैलाई आत्म तत्व प्राप्त हुन्छ। जो विचारवान् पुरुष गुरु शास्त्रले बताएको वाक्य श्रवण गरी दृष्टान्तको एक अंश ग्रहण गर्छ । उनी सार ग्राहक हुन्छ । जो आफ्नु बोधको निम्ति दृष्टान्तको एक अंश ग्रहण गर्दैन तर वादविवादगरी राख्छ त्यसलाई आत्मतत्व प्राप्त हुँदैन ।

हे रामजी ! उपमेयलाई उपमा दिएर जो जानिन्छ त्यो एक अंश ग्रहण गरी जान्दछ। तब बोध दृढ हुन्छ। जो बोध रहित हुन् त्यो मुक्त हुँदैन। त्यो व्यर्थ वाद गरिरहन्छ। परम तत्व शुद्ध स्वरुप आत्म सत्ता जसको हृदयमा विराजमान छ त्यसलाई त्यागेर अरू नाना विकल्प उठाउँछन्। ती मूर्खहुन् ।

हे रामजी ! पुण्यवान् पुरुषको इच्छा यसमा हुन्छ– जसले यो मोक्ष दायक रामायणको अध्ययन गर्छ । अथवा निष्काम भावले श्रद्धा युक्त भएर आदि अन्त पर्यन्त एकाग्र चित्तले विचार गर्छ त्यसको संसार भ्रम निवृत्त भएर परमानन्द आत्मपद प्राप्त हुन्छ । त्यसैले आत्मको निम्ति अवश्य अभ्यास गर्नू । जुन पदार्थको लागि निरन्तर अभ्यास गरिरहन्छ यत्न पनि हुन्छ त्यो प्राप्त हुन्छ । आत्मतिर अभ्यास गरे–आत्मा नै प्राप्त हुन्छ ।

हे रामजी ! मन जता लगायो उतै जान्छ । त्यसको निम्ति अभ्यासचाहिन्छ। आत्मा तिर लगाए आत्म बनिहाल्छ, जगत् तिर लगाए जगत्नै प्रतीत हुन्छ। त्यसैले अन्तर्मुख गरी निरन्तर चित्तलाई आत्मपदमा जोडी राख । तब तिमी

अविनाशी आत्मदेव हुनेछौ ।

हें रामजी ! आत्म तत्व (आफ्नू स्वरुप) को विचार गर तब आत्मपद प्रत्यक्षहुन्छ र आफ्नु स्वभाव सत्तामा स्थित हुन्छ। परिच्छिन्न भान रहँदैन शुद्ध शान्ति प्राप्त हुन्छ। जस्तो स्वप्नबाट जागेपछि स्वप्न शरीर नाश भै हाल्छ त्यस्तै शुद्ध चैतन्य (आत्मस्वरुप) को प्रत्यक्ष अनुभव भए दृश्य, भ्रम हटेर जान्छ र शुद्ध आत्म सत्ता भासमान हुन्छ ।

हे रामजी ! यो जुन दृश्य र द्रष्टा हुन् त्यो मिथ्या भ्रम आकाश रुप हो। जस्तो बतासमा स्पन्द शक्ति रहन्छ त्यस्तै आत्मामा संवेदन रहन्छ । जब संवेदन स्पन्दरुप (चलन) हुन्छ तब दृश्यरुप भएर देखिन्छ । जस्तो स्वप्नमा अनुभव सत्ता दृश्य भएर देखिन्छ। त्यस्तै यो जगत् पनि दृश्य हो। सारा प्रपञ्च आत्म सत्ता हो। आत्मा देखि भिन्न कुनै पदार्थ छैन । त्यसैले विचारलाई अबलम्बन गरी आत्म स्वरुपमा स्थित होऊ ।

हे रामजी ! यसप्रकार आत्म स्वरुपमा स्थित हुन नसके जो अहँकार नाना रुपले फुरण हुन्छ त्यसलाई त्याग गरी देऊ। त्यसलाई त्याग गरेपछि जो शेष रहन्छ त्यो शुद्ध, बोध रुप आत्म सत्ता हो । त्यसैले यत्न गरेर परम पद पाउन अभ्यास गर, पुरुषार्थ गर । जो नित्य शुद्ध, शान्त रुप हो। हे राम ? दैव वचनलाई त्यागी पुरुषार्थ गर, जसले प्रयत्न गर्छ त्यसले चाँडैनै आत्म पद पाउँछ ।

आत्मप्राप्ति-२०

हे रामजी ! पहिले सत्संगत गरेर बुद्धिलाई शुद्ध गर्नू । बुद्धि शुद्ध भए आत्म पद मिलिहाल्छ । जसको चेष्टा शास्त्र

अनुसार हुन्छ तिनको संगत गर्नू । सत्‌गुणलाई हृदयमा धारणा गर्नू । महापुरुषको शम, सन्तोष आदि गुणलाई ग्रहण गर्नू । शम सन्तोषादिले ज्ञान उब्जिन्छ, आत्मज्ञान भए शमादि गुण आई स्थित हुन्छ । त्यसैले शम सन्तोषादि गुणको अभ्यास गर । तब चाँडैनै आत्मपद प्राप्त हुनेछ ।

हे रामजी ! ज्ञानवान् पुरुषमा यी शमादि गुण स्वभाविक आउँछ । जिज्ञासुलाई अभ्यासले प्राप्त हुन्छ । त्यसैले शम सन्तोषादि लाई पालन गरेपछि सजिलै सित आत्म स्वरुप प्राप्ति हुन्छ ।

स्वरुपलाई नजान्नु हो अविद्या । विचारले अविद्या नष्ट हुन्छ । दृश्य पदार्थको भावना गरिरहनु मूर्खता हो, त्यही अविद्या हो । जब दृश्य मिथ्या हो भनी जानेर भावनालाई परित्याग गरिदिन्छ तब आत्म स्वरुपको अनुभव हुन्छ ।

हे रामजी ! जीव आफ्नु वास्तविक स्वरुपलाई भुली आफूलाई कर्ता ठानी बहिर्मुख बनेको छ । त्यस्मा अभिमान र राग द्वेषले जलन भइरहेको छ । जब विचार गरी संवेदन अन्तर्मुख हुन्छ तब आत्मपद प्रत्यक्ष अनुभव हुन्छ । परिच्छिन्न भाव रहँदैन, शुद्ध शान्ति स्वरुप आफू आफैमा स्थित हुन्छ ।


हे रामजी ! यो मोक्ष शास्त्रको आदि, अन्त पर्यन्त विचार गरेपछि सारा भ्रान्ति नाश भएर जान्छ । धर्म, अर्थ, काम, मोक्ष सारा पुरुषार्थबाटै सिद्धहुन्छ । परन्तु यो मोक्षोपाय शास्त्र परम कारण हो । जुन शुद्ध बुद्धि भएका पुरुषले यसको विचार गर्छ, मनन गर्छ, तिनलाई चाँडैनै आत्मपद मिल्छ । त्यसैले हे राम ! यो वाशिष्ट महारामायणको श्रद्धा, भक्ति पूर्वक निरन्तर अभ्यास गर । तब चाँडैनै आत्मपद पाउने छौ ।

योगवासिष्ठ–मुमुक्षु प्रकरण समाप्त

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



उत्पत्ति प्रकरण–३



योगवासिष्ठ ज्ञानमाला

उत्पत्ति प्रकरण—३

बन्ध हेतु—१

हे रामजी ! अब म तिम्रो बोधको निम्ति उत्पत्ति प्रकरण बताउँछु सावधान भएर सुन –

यो दृश्य प्रपञ्चको सत्तालाई मानेपछि बन्ध हुन्छ । दृश्यको अभाव भए बन्धको अस्तित्व रहँदैन ।

संसारमा जो उत्पन्न हुन्छ त्यो बढ्दछ र त्यो नै स्वर्ग, नरक जान्छ । मोक्ष (मुक्ति) पनि उसैको हुन्छ । त्यसैले तिम्रो स्वरूप के हो त्यो जान्नको लागि म बताउँछु सुन– उत्पत्ति नै संसारमा आउनुको कारण हो । आत्मा त पहिले जस्तो थियो अहिले पनि उस्तै छ । श्रुति भन्छ–

"न निरोधो नचोत्पतिर्न बद्धो न च साधक,
न मुमुक्षुर्न वै मुक्ति रित्येषा परमार्थता ॥

न बन्ध हो, न उत्पत्ति हो, न कुनै बद्ध हो, न जिज्ञासु हो न मुमुक्षु हो, न मुक्ति हो, यही वास्तवमा परमार्थ हो,

हे रामजी ! स्थावर जङ्गम जे जति जगत् देखिन्छ त्यो सारा आकाशरूप हो । द्रष्टाको जुन दृश्यसाथ संयोग हो– त्यसलाई बन्धन भन्छन् । यो संयोगको निवृत्ति हुनुलाई मोक्ष भनिएको छ । त्यसैले त्यो निवृत्तिको उपाय म तिमीलाई भन्छु–हे राम ! यो देहरूपी जुन जगत् हो, त्यो चिनमात्र रूप हो, अरु केही उत्पन्न भएको छैन । जो उत्पन्न देखिन्छ त्यो भ्रम हो ।

जस्तो सुषुप्तिबाट स्वप्न हुन्छ त्यस्तै जगत्को उत्पत्ति हो। जस्तो स्वप्नबाट सुषुप्ति हुन्छ त्यस्तै जगत्को प्रलय हो। प्रलय कालमा जो शेष रहन्छ त्यसलाई नित्य, सत्य, आत्मा इत्यादि नामले पुकार गर्छ। त्यो सबैको आफ्नू स्वरूप हो। चेत्यताले त्यसको नाम जीव बनेर शब्द, अर्थलाई ग्रहण गर्छ।

हे रामजी ! चैतन्यतामा जो स्पन्दता भयो त्यो संकल्प-विकल्परूप मन बनेर त्यो मनको चलनबाट देश, काल, जगत् भएको छ। जस्तो सुषुप्तिबाट स्वप्न हुन्छ त्यस्तै जगत् भएको हो। वास्तवमा सारा ब्रह्मस्वरूप हो। जस्तो सुनबाट गहना हुन्छ, त्यो गहना सुननै हो। त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन जगत् ब्रह्मरूप हो। ब्रह्म नै जगतरूप हो।
जगत् केही उब्जेको छैन, आफ्नै कल्पनाले देखिन्छ र प्रमादले सत्य मान्दछ। त्यसको निवृत्ति गर्न गाह्रो परिराखेको छ।

हे रामजी ! तीर्थ, दान, स्नान, र ध्यान गरेर जगतभ्रम निवृत्ति गर्न जसले खोजेको छ तिनी मूर्ख हुन्। त्यस प्रकारले झन् दृढ हुन्छ र जगत् निवृत्त हुँदैन। जप. तप, समाधिबाट चित्तवृत्ति एकाग्र हुन्छ किन्तु संसार निवृत्त हुँदैन। जबसम्म चित्त समाधिमा स्थित रहन्छ तबसम्म सुख हुन्छ। जब उठ्दछ तब फेरि नाना शब्द अर्थ जगत् भासित हुन्छ। अर्थात् अज्ञानताले जगत् प्रतीत हुन्छ। विचार गरेपछि निवृत्त भइहाल्छ। त्यसैले हे राम ! जगत् प्रपञ्च बनेको छैन, मनको कल्पना मात्र हो। जो वस्तु सत्य हुन्छ त्यसको अभाव हुँदैन। जुन असत्य हो त्यो स्थिर रहँदैन।

हे रामजी ! यो जगत् आत्माको आभास हो। जहाँ चैतन्य अणु हुन्छ त्यहाँ सृष्टि पनि हुन्छ। किनकि आभास-रूप हो। आत्मा आदर्शरूप हो। त्यस्मा अनन्त सृष्टि प्रतिविम्बित हुन्छ। एकै आत्मसत्ता चैतन्यताले द्वैत जस्तो भएर देखिन्छ।

परन्तु भएको केही छैन । जस्तो आगोमा तातोपन रहन्छ त्यस्तै आत्मपदमा जगत् छ। जस्तो गहना सुवर्ण रूप हो। त्यस्तै जगत् आत्मरूप हो । (यस्मा एक कथासुन)

आकाशज ब्राह्मणको कथा–२

हे रामजी ! एक आकाशज ब्राह्मण धर्मनिष्ठ, आत्म परायण थिए। शुद्ध चिदंश देखि तिनको उत्पत्ति भै आत्मामा स्थित भएकाले चिरंजीवि थिए । एक दिन मृत्युदेवले ती ब्राह्मणलाई खान उनको घरमा प्रवेश गरी समातन खोजे । किन्तु भेट्टाउन सकेनन्, तब काल धर्मराज कहा गई भन्न लागे- हे भगवन् ! जो कुछ उब्जिन्छ त्यसलाई मैले खाई हाल्छु । परन्तु एक ब्राह्मणलाई मैले बश गर्न सकिन, यो के कारण हो भनी सोधेपछि यमराज भन्नुहुन्छ-हे मृत्यु ! तिमीले कसैलाई मार्न सक्दैनौं। जो मर्छ त्यो आफ्नै कर्म अनुसार मर्छ। जो कर्मको कर्ता हो तिनलाई तिमी मार्न सक्छौ। जसको कुनै कर्म छैन तिनलाई तिमीले मार्न सक्दैनौ। त्यसैले हे मृत्यु ! तिमी गएर तिनको कर्मलाई खोज भनेपछि तिनको कर्म (वासना) खोज्न फेरि तिनको घरमा गए । यताउता धेरै ठाउँमा खोजे। परन्तु आकाशज ब्राह्मणको कर्मको प्रतिभा कहीं भेटाउन सकेनन्। हे रामजी ! मृत्यु अत्यन्त बलवान् थिए। किन्तु निराश भै फेरि धर्मराज कहाँ गएर भन्नुभयो– हे संशयको नाश कर्ता ! हे ज्ञानस्वरूप भगवन् ! मैले धेरै ठाउँमा गएर हेरिसकें परन्तु ती ब्राह्मणको कर्मलाई कहीं देख्न सकिन। यस्मा के कारण छ ? भनेर सोधेपछि यमराज भन्नुहुन्छ–हे मृत्यु देव ! ती ब्राह्मणको उत्पत्ति शुद्ध चिदाकाश देखि भएको हो। त्यसैले ती ब्राह्मण पनि शुद्ध चिदाकाशरूप हुन्। तिन्को चेतन नै शरीर हो। तिन्को कुनै कर्म छैन। न कुनै

कर्म गरेको छ, शुद्ध चिदाकाश तिनको स्वरूप हो । आफ्नै स्वरूप देखि आफू भएका हुन् । त्यसैले तिन्को नाम स्वयम्भू हो । त्यो सदा अद्वैतरूप हो । मृत्यु भन्नु हुन्छ–हे भगवन् ! यिनी आकाशरूप भए साकार रूप किन प्रतीत हुन्छ ? यम भन्नु हुन्छ हे मृत्यु ! त्यो सदा निराकार चैतन्य स्वरूप हो । तिनको साथ कुनै आकार छैन, अहंभाव पनि तिनी सित कुनै छैन । यो ब्राह्मण अचेत चिनमात्र हो । जसको मनमा पदार्थको सद्भाव रहन्छ त्यस्को नाश पनि हुन्छ । जसको जगत् नै भास्दैन त्यसको नाश कसरी होला ? हे मृत्यु ! धेरै बलवान् र पराक्रमी भए पनि डोरीले आकाशलाई बाध्न सक्दैन । त्यस्तै ती ब्राह्मण आकाशरूप हो । त्यसको नाश कसरी होला ? त्यसैले तिनलाई नाश गर्ने उद्यम त्यागेर अरू देहधारीलाई मार । यिनी तिमीबाट मर्दैनन् । यस्तो सुनेर मृत्यु आश्चर्य मानेर आफ्नू घरमा फर्किआए ।

हे रामजी ! जो ब्रह्मा हो त्यो आकाश रूप हो । आकाशनै उसको शरीर हो, तब आकाशलाई समात्न कसरी सकिएला ? यो पञ्चभूतको शरीर देखि रहित हो । जस्तो संकल्प-पुरूषको आकाश नै शरीर हुन्छ । त्यस्तै त्यो आकाश रूप हो । त्यो आदि अन्त्य मध्य देखि रहित हो, अहं त्वं देखि रहित हो, अचल चिन्मात्र हो । त्यसैले त्यसलाई मार्न कसले सक्ला ? त्यो त ब्रह्मरूप हो । तिम्रो हाम्रो मनमा उनको प्रतिभा प्रतीत भएको मात्र हो तिनी देहरहित हो ।

हे रामजी ! आत्मसत्ता चैतन्यताले ब्रह्मा भएर प्रतीत हुन्छ । ब्रह्मा दोश्रो वस्तु हैन । सर्वदा चैतन्य आकाश हो । पृथ्वी आदितत्व देखि रहित हो । न कुनै त्यसको कारण छ न कुनै कर्म छ ।

जो सकारणरूपी जीव हुन् तिनको दुई शरीर छ ।

ब्रह्माजी अकारण हुन् त्यसैले उनको एक अन्तवाहक शरीर छ । जीवको कारण ब्रह्मा हुन् । त्यसैले जीव दुबै देह धारण गर्छन् । ब्रह्माजीको कारण कुनै छैन । आफैंमा आफू उब्जेका हुन् । त्यसैले उनलाई स्वयम्भू भन्छन् । उनी आफ्नू स्वरूप-लाई भुलदैनन् । सदा आफ्नू स्वरूपमा स्थित छन् । दृश्यलाई आफ्नू संकल्प मात्र भनेर जानेका छन् । जस्को जगत्मा दृढ प्रतीति हुन्छ तिनलाई अधिभूत भन्छन् । जस्तो जड्ताले पानी जमेर वरफ हुन्छ त्यस्तै दृश्यको दृढताले आधि भौतिक हुन्छ ।

हे रामजी ! यो जगत् आकाशरूप हो । वास्तवमा केही बनेको छैन, सबै संकल्परूप हो । सारा जगत् मनबाट उब्जेको छ । त्यसैले बल गरेर मनलाई नाश गर । मन नाश भए आकाशरूप आफ्नू स्वरूपमा स्थित भैहाल्नेछौ ।

हे रामजी ! अज्ञानीलाई आधि भौतिक प्रतीत हुन्छ । त्यो भ्रान्ति मात्र हो । जो ज्ञानवान् पुरूष छन् तिनी अन्त-वाहकरूप हुन् । जसको प्रमाद छैन उनी सदा आत्मामा स्थित हुन्छन् । जबसम्म मनको सद्भाव छ । तबसम्म दृश्य-भ्रम मेटिंदैन । जब मन उपशम हुन्छ तब सारा भ्रम मेटिएर जान्छ ।

जबसम्म दृश्य निवृत्त हुँदैन तबसम्म शुद्ध बोध हुँदैन । जब शुद्ध बोध हुँदैन तब आत्मानन्द मिल्दैन ।

हे रामजी ! यो मनकोरूप देखिंदैन । यो मन नाम मात्र हो, आकाश झैं शून्य छ । जस्तो सुनमा भूषण रहन्छ त्यस्तै आत्मपदमा मन रहेको छ । आत्मा शुद्ध अद्वैत हो, त्यसमा द्वैतरूप जगत् जो देखिन्छ त्यसको नाम मन हो । जहाँ संकल्प, विकल्पस्फुर्दछ त्यो मनको रूप हो । अविद्या, स्मृति, मलीनता आदि सबै मनको नाम हुन् । जे जति जगत्

जाल देखिन्छ त्यो सबै मनबाट उत्पन्न भएको छ । सारा दृश्य मनरूप हो । मन नष्ट भए सारा दुःख निवृत्त हुन्छ ।

हे रामजी ! मनरूपी जुन देह हो त्यो अन्तवाहक शरीर हो । त्यो संकल्परूप हो । सबै जीवको आदि पुरूष हो । त्यो संकल्पमा दृढ आभास भए आधि भौतिक भासमान हुन्छ ।

शुद्धबोध स्वरूपमा जुन दृश्य देखिन्छ त्यो मन हो । जबसम्म दृश्य प्रतीत हुन्छ तबसम्म मुक्त हुँदैन । जब दृश्य-भ्रम नष्ट हुन्छ तब शुद्ध बोध स्वरूप अनुभव हुन्छ ।

हे रामजी ! संसाररूपी भूत जसलाई लागेकोछ त्यसले विचार गरेर आफ्नू र जगत्को स्वरूप जानिलिनू । जब आत्म पदमा विश्राम हुन्छ तब दृश्यभ्रम निवृत्त हुन्छ । त्यसैले मनलाई स्थिर गरी हेर अहं, त्वं आदि जगत् तिमीलाई केही देखिने छैन । राग द्वेषादि जो विकार हुन् ती सब मनको स्फुरण हो। आत्मामा कुनै विकार छैन । मन जब उपशम हुन्छ तब सबै कल्पना निवृत्त भएर जान्छ, त्यसैले संसारको कारण मन हो ।

देवस्वरूप वर्णन--५

हे रामजी ! सबैको अधिष्ठान आत्मसत्ता हो । त्यो हो सत्य वस्तु आफ्नू चैतन्य स्वरूप । ती परमात्मदेवको साक्षात्कार भए सबै क्रिया नष्ट हुन्छ । चित्तको जड्ग्रंथि छुटिहाल्छ तब बोधरूप हुन्छ, स्वभाव सत्तामा स्थित हुन्छ र मृत्युको अगाडि परे पनि भय रहँदैन ।

हे रामजी ! जुन देवलाई पाए पछि जन्म-मरण प्राप्त हुँदैन त्यो देव कुनै स्थान, मन्दिरमा रहँदैनन् । त्यो टाढा पनि छैन, आफू आफैमा स्थित छ । अर्थात् सबैको घटमा ती देव हुनुहुन्छ । परन्तु अज्ञानिले टाढा भनी ठान्दछ । ज्ञानीले आफ्नै स्वरूप भनी जान्दछ ।

हे रामजी ! त्यो देवलाई स्नान, दान, तप आदिले पाइंदैन । त्यो केवल ज्ञानद्वारा पाइन्छ । कर्तव्य पालन गरेर मिल्दैन । जस्तो मृगतृष्णाको नदी जुन भ्रमले भासित हुन्छ, त्यसको निवृत्ति कर्तव्य पालनले हुँदैन । परन्तु ज्ञानबाटै हुन्छ । त्यस्तै जगत्को निवृत्ति पनि आत्मज्ञानबाटै हुन्छ । अरू कुनै उपायबाट हुँदैन ।

हे रामजी ! मनुष्यको कर्तव्य हो आत्मज्ञान गरी जन्म–मृत्युको बन्धनलाई छिनालिदिनु । अर्थात् आत्म साक्षात्कार गरी स्वरूपस्थिति प्राप्त गरेर आत्मविश्रान्तिमा स्थित होऊ ।

आत्मपद प्राप्तिको परम साधन हो सत्संग र सत्शास्त्रको विचार । यो विचाररूप परम औषधिविना दृश्य प्रपञ्चरूप भयंकर रोगको निवृत्ति कहिले पनि हुँदैन । त्यसैले यथा लाभ सन्तुष्ट भै सम, दम सम्पन्न– उदार आत्मा चाँडैनै आत्मलाभ गरी हाल्छ ।

हे रामजी ! आत्मलाभको निम्ति सत्संगत र सत्-शास्त्र नै हो मुख्य कारण । सन्त केहो ? जसलाई सारा लोकले सच्चा पुरूष मानेको छ । सत् शास्त्र त्यो हो– जहाँ ब्रह्मतत्वको निरूपण भएको छ । त्यस्तो सन्त र सत्शास्त्रको विचार भए चाँडैनै आत्मपद मिल्छ ।

जो पुरूष श्रुति, विचारद्वारा आफ्नू परम स्वभावमा स्थित हुन्छ, तब ब्रह्मा, विष्णु, रूद्र पनि तिनलाई परब्रह्म जानेर धन्य धन्य भनी दयाको पात्र बन्दछ ।

हे रामजी ! सत्संगत र सत्शास्त्र परम उत्तम साधन-लाई अवश्य यत्नद्वारा प्राप्त गर । यो अत्यन्त लाभदायक दिव्य औषधि हो । यसलाई जसले पाउँछ ऊ स्वयं अमर भएर संसारलाई पनि अमर तुल्याई दिन समर्थ हुन्छ ।

यसप्रकार उपदेश गरेपछि रामजी प्रश्न गर्नु हुन्छ हे भगवन्! त्यो देव कहाँ स्थित छन् र कसरी प्राप्त गर्न सकिन्छ ?

वसिष्ठ भन्नु हुन्छ हे रामजी ! त्यो देव टाढा छैनन् । यही शरीर मै स्थित छन् । नित्य चिन्मात्र परिपूर्ण छ, साराविश्व देखि रहित छ ।

हे रामजी ! सारा जगत् चिन्मात्ररूप हो । त्यस्तो चैतन्य भैकन जो चेत्यतामा झर्छ त्यो अनर्थको कारण हो । चेत्य रहित जो चैतन्य हो, त्यो परमात्मा हो । त्यो परमात्मालाई पाएपछि मुक्ति मिलिहाल्छ । तब चेत्यता हटेर जान्छ ।

हे रामजी ! परमात्मालाई जाने पछि हृदयको चिज्जड ग्रन्थि हटेर जान्छ । अर्थात् अहं मम नाश भएर जान्छ, सारा संशय नाश हुन्छन् र सारा कर्म क्षीण भएर जान्छन् ।

हे रामजी ! जुन दृश्य सित मिलेको चैतन्य हो त्यो जीव हो । त्यो जन्मरूप जंगलमा भ्रमण गर्दै थाकिहाल्छ । त्यस्तो मिलेको चैतन्यमा आफू बुद्धि गर्छन् भने तिनी पण्डित भएपनि मूर्ख हुन् । त्यो चैतन्य संसारी जीव हो । त्यसलाई जानेर कसरी मुक्ति होला ? मुक्ति परमात्मालाई जाने हुन्छ । तब सारा दुःख नाश भइहाल्छ र परमपद प्राप्त हुन्छ ।

रामजी भन्नुहुन्छ हे भगवन् ! परमात्माको कस्तो रूप छ ? जसलाई जानेपछि मोहरूपी समुद्रबाट पार भएर मुक्त होइन्छ ।

परमात्माको स्वरूप–७

वसिष्ठ भन्नु हुन्छ हे रामजी ! जहाँ संसारको अत्यन्त अभाव हुन्छ त्यसको पछि जुन बोध मात्र शेष रहन्छ त्यो परमात्माको रूप हो ।

हे रामजी ! जहाँ द्रष्टा, दर्शन र दृश्यको अभाव हुन्छ त्यस्तो जुन आकाश हो त्यो परमात्माको रूप हो ।

हे रामजी ! सबैको भित्र बाहिर स्थित भै सबैलाई जो प्रकाश गर्छ त्यो परमात्माको रूप हो ।

हे रामजी ! जो महा चेतन रूप ठूलो पर्वत समान स्थित छ र अजड भएर पनि जड जस्तो स्थित छ त्यो परमात्माको रूप हो ।

हे रामजी ! जस्तो सूर्यको प्रकाशरूप हो । आकाश शून्य रूप हो । त्यस्तै यो जगत् आत्मरूप हो ।

हे रामजी ! जब एक निमेष भित्र मनुष्यको संवित (संकल्प) एक देशबाट अर्को देशमा जान्छ त्यसको बीच जो ज्ञान संवित् छ त्यो परमात्माको रूप हो ।

रामजी भन्नु हुन्छ– हे भगवन् ! यदि जो कुछ परमात्मा नै हो तब किन देखिंदैन ? सारा जगत् नै भासित भइराखेको छ ।

वसिष्ठ भन्नु हुन्छ– हे रामजी ! यो जगत् भ्रमले प्रतीत भएको हो वास्तवमा केही छैन । जस्तो आकाशमा निलोपन देखिन्छ त्यस्तै आत्मामा जगत् भासमान हुन्छ । जब जगत्को अत्यन्त अभाव जानिलिन्छ तब परमात्माको साक्षात्कार हुन्छ । अरू कुनै उपायले हुँदैन ।

हे रामजी ! आफ्नू मनमा जब दृश्यको अत्यन्त अभाव हुन्छ तब तिम्रो पदार्थ सत्ता नै भासमान हुन्छ । जबसम्म द्रष्टा छ, तबसम्म दृश्य पनि छ । जब दृश्यको अभाव हुन्छ तब द्रष्टा शान्त भै हाल्छ । जब दुबैको अभाव हुन्छ तब शुद्ध आत्मसत्ता नै प्रकाशित हुन्छ ।

हे रामजी ! यो जगत् कुनै कारणद्वारा उब्जेको हैन । जस्तो मरूस्थलमा पानी छैन, बाँझिको छोरा छैन, आकाशमा

वृक्ष छैन, त्यस्तै यो जगत् पनि छँदैछैन । जो देखिराखेका छौ त्यो निरामय ब्रह्म हो ।

जस्तो सुनबाट गहनाहरू बन्दछन् तर त्यो सुन गहना देखि भिन्न हैन । त्यस्तै जगत् र ब्रह्ममा कुनै भेद छैन ।

हे रामजी ! यस विषयमा जे जति तिमीलाई मैले बताएँ त्यो वचनमात्र होइन, युक्तिपूर्वक बताएको छु । गुरूले बताएको युक्तिलाई जसले ग्रहण गर्दैन त्यसलाई यो ब्रह्मज्ञानको सिद्धान्त मिल्न सक्दैन ।

जीवन्मुक्ति वर्णन–६

हे रामजी ! जुन पुरूषको चित्त आत्मामा छ, प्राणको चेष्टा पनि आत्मातिरै छ, परस्पर बोध पनि आत्माकै गर्छ, आत्मा मै सन्तोष लिन्छ र आत्मा मै रमिरहन्छ त्यस्ता पुरूषहरू ज्ञाननिष्ट–जीवनमुक्त हुन् ।

जो पुरूष जगत्‌को व्यवहार गर्छ तर हृदयमा द्वैतभ्रम छैन त्यो जीवन्मुक्त हो ।

इष्ट, अनिष्ट, प्राप्तिमा जो हर्षित र विस्मात हुँदैन त्यो जीवन्मुक्त हो । जुन पुरूष बाहिरबाट राग–द्वेष युक्त देखिए पनि भित्र सदा शान्त रूप छन् तिनी जीवन्मुक्त हुन् । जसको अहं मम भाव, अभाव भएको छ, बुद्धि कुनै पदार्थमा लिप्त छैन तिनीहरू कर्म गरे पनि नगरे पनि जीवन्मुक्त हुन् । जो पुरूषमा मान अपमान भए पनि क्रोधादि विकार आउँदैन, आकाश झैं शून्य भएको छ, त्यो जीवन्मुक्त हो ।

हे रामजी ! जुन पुरूषले जगत् चित्तको स्फुरण भनी जानेको छ र त्यो चित्तलाई मिथ्या भनी त्याग गरिदिएको छ, त्यो जीवन्मुक्त हो ।

जो पुरूषले सारा जगत् आकाशरूप ठानेको छ, जस्को बुद्धि पनि निर्वासनिक भएको छ, त्यस्तो पुरूष जीवन्मुक्त हो।

जो पुरूष भोगमैं लागिरहेको देखिन्छ परन्तु मरेको झैं स्थित छ। चेष्टा गरि राखेको देखिन्छ तर पर्वत झैं अचल छ, त्यो जीवन्मुक्त हो। किनकि तिनीहरू सदा आत्म स्वभावमा स्थित छन् र सारा जगत् ब्रह्मस्वरूप भनिठान्दछन्।

जगत् छ भनी अज्ञानीको हृदयमा निश्चय हुन्छ। ज्ञानवानको दृष्टिमा सारा चिदाकाश भनी निश्चय हुन्छ। जुन कल्पना गरिन्छ त्यो सारा अविद्याको कार्य हो, अन्तर्मुख भए कुनै जगत् भासमान हुँदैन।

हे रामजी! यो जगत् चिरकालदेखि दृढ भै राखेको छ। त्यो मिथ्याज्ञान विसूचिका ठूलो रोगी हो। त्यो विचाररूपी मन्त्रले निवारण हुन्छ, त्यो हो ब्रह्म विद्याको विचार।

स्वयंभूतपति वर्णन–१३

हे रामजी! परब्रह्म सम हो, शान्त हो, स्वच्छ हो, अनन्त हो, चिन्मात्र हो, ऊ सदा आफू आफैमा स्थित रहन्छ। उसमा सम–विषमरूप जगत् उत्पन्न हुन्छ सम रूप अर्थात् सजातीय रूप र विषम (भेदरूप) हो।

पहिले त्यसमा चेत्यको स्फुरण भयो, त्यसको नाम हो जीव। जसले दृश्यलाई चेताउँछ। त्यहाँबाट तन्मात्रा– शब्द, स्पर्श, रूप, रस, गन्ध उत्पन्न भयो। उसमा पृथ्वी, जल, तेज, वायु, आकाश पंचमहाभूतरूप वृक्ष खडा भयो। त्यो वृक्षमा ब्रह्माण्डरूपी फल फलेको छ। त्यसैले जगत्को कारण पञ्च तन्मात्रा नै हो। त्यो तन्मात्राको बीज आदि संवित् आकाश हो। त्यसैले सारा जगत् ब्रह्मरूप हो।

हे रामजी ! जस्तो बीज हुन्छ त्यस्तै फल फल्छ । यदि यिनको बीज परब्रह्म भए यो पनि पर ब्रह्म भयो । आदि जो चेतन चिन्मात्र स्वरूप हो त्यो परमाकाश हो । जुन चैतन्य संवित्मा जगत् भासित भयो त्यो जीवाकाश हो । त्यो शुद्ध निर्मल हो । किनकि पृथ्वी आदि भूत देखि रहित हो ।

हे रामजी ! यो जगत् जुन तिमीलाई भासित भएको छ । सबै चिदाकाशारूप हो । द्वैत केही बनेको छैन ।

यो मैले तिमीलाई ब्रह्माकाश र जीवाकाशको वर्णन गरें अब जसरी शरीर ग्रहण गर्नु पर्‍यो त्यो बताउँछु सुन–

हे रामजी ! शुद्ध चिन्मात्रमा जो चेत्योन्मुख भयो– (अहँ अस्मी) त्यो अहँ भावनाले जीव आफूलाई जीवअणु भनी जान्यो । आफ्नू जो वास्तविक स्वरुप हो त्यो भुलेर अन्य भाव जस्तो भयो र त्यो अणुजीवमा अहंभाव दृढ भयो, त्यसको नाम हो अहंकार । त्यो अहंकारको दृढताले निश्चय गर्ने बुद्धि खडा भयो । त्यसपछि संकल्प–, विकल्परुपी मन भयो । जब त्यो मन चल्यो तब पाँच ज्ञानेन्द्रिय र शब्द, स्पर्श, रुप, रस, गन्ध भासित भयो । यस प्रकार देह, इन्द्रिय, चेतनताले देखियो । त्यसैमा अहंभाव गरी आफू परिच्छिन्न जन्म– मरणशील जीव भयो । जस्तो ऐनामा देखिएको पर्वतको प्रतिविम्ब पर्वतदेखि बाहिर हुन्छ । त्यस्तै देह, इन्द्रियमा अहंभाव हुन्छ । जस्तो कुवामा आफूलाई देख्छ त्यस्तै देहमा आफू बुद्धि हुन्छ ।

हे रामजी ! यो सारा जगत् संकलपरूप हो । जब कुनै संकल्प हुँदैन तब दृश्यको अभाव हुन्छ । यस प्रकारले यो जगत् ब्रह्माण्ड निर्माण भएको हो । त्यसैले सारा संकल्प मात्र हो । जबसम्म चित्त चलिरहन्छ तबसम्म जगत् दृश्यको अन्त हुँदैन । जब अन्तर्मुख हुन्छ तब साराजगत् आत्मरूप हुन्छ ।

ब्रह्माभ्यास

हे रामजी ! अभ्यास विना केही सिद्ध हुँदैन । सबैको साधन अभ्यास हो । त्यसैले तिमी ब्रह्माभ्यास गर । चित्तमा आत्माको चिन्तन गर्नु, आत्माकै कुरा गर्नु, परस्पर चर्चा पनि आत्माकै गर्नु, प्राणको चेष्टा पनि आत्माकै होस्, मनन पनि आत्मा कै होस्, यसलाई ब्रह्माभ्यास भनिन्छ । जुन पुरूषले रात दिन अध्यात्मशास्त्र चित्तन्तनमा दिन बिताउँछ तिनको वासना नाश भै ब्रह्ममा तद्रूप हुन्छ ।

जसको भोग वासना क्षीण भएको छ, उसको लागि संसार केही होइन । यो संसार केवल भ्रममात्र हो भनी जसले दिनरात भावना गर्छ त्यस्ता विरक्त चित्त भएका महापुरूषले चाँडैनै आत्मपदलाभ गरिहाल्छन् ।

हे रामजी ! जसको बुद्धि वैराग्यरूपी रंगमा रंगिएको छ र आत्मानन्दतिर वृत्ति घुमिरहन्छ । त्यस्तो उदार आत्मा भएका पुरूष ब्रह्माभ्यासी हुन् ।

हे रामजी ! जो पुरूषले जगत् भएकै हैन भनी जानेको छ अर्थात यो जगत् आदि देखि उत्पन्न भएको हैन भन्ने जानेर दृश्य असत् हो भनी त्यागी दिन्छ र परम तत्वलाई सत्य जानेर अभ्यास गरिरहन्छ त्यो ब्रह्माभ्यासी हो ।

हे रामजी ! जसको हृदयमा दृश्य मिथ्या हो भनी बोध भएको छ । राग-द्वेष देखि रहित छन्, जगत्मा जुन म बुद्धि हो त्यसको अभाव गरी परमात्मपदमा रहन्छन् तिनीब्रह्मा-भ्यासी हुन् ।

हे राम ! दृश्य जगत् भएकै हैन भनी नजानेसम्म राग-द्वेष निवृत्त हुँदैन । राग-द्वेष बुद्धि भए संसारमा दुःखनै मिल्छ, शान्ति हुँदैन ।

हे राम ! बोधको साधन अभ्यास हो, अभ्यास शास्त्रबाट हुन्छ । प्रयत्न गरे संस्कार दृढ हुन्छ । संस्कार दृढ भए आत्मतत्त्व

प्राप्त हुन्छ । यसलाई ब्रह्माभ्यासी भन्छन् ।

हे रामजी ! अज्ञानरुपी निन्द्रामा परी जीव सुतिरहेको छ त्यसकारण जगत् नाना प्रकारले देखिराखेको छ । जब अविद्यारुपी निन्द्राबाट जाग्छ तब अविनाशी आत्मपद मिल्छ। जगत्भ्रम निवृत्त हुन्छ र परमानन्द स्वरूप प्राप्त हुन्छ ।

हे रामजी ! आत्मा अनादि दीव्य स्वरूप हो, शुद्ध चैतन्य स्वरूप हो । जब चेतन संवित चेत्योन्मुख हुन्छ तब चित्त हुन्छ अर्थात् चेतनता युक्त जीवको कल्पना हुन्छ । त्यस जीवमा अहंभाव हुन्छ । अहंभाव भएपछि चित्त स्फुर्दछ चित्तबाट इन्द्रिय खडा भै देहभाव हुन्छ, तब भ्रमले स्वर्ग, नरक, बन्ध, मोक्ष कल्पना हुन्छ । जस्तो बीजबाट अंकुर, पात, फूल, फल आदि खडा हुन्छ त्यस्तै अहंभावबाट जगत् दृश्य सारा प्रतीत हुन्छ ।

हे राम ! जस्तो देह, र कर्ममा भेद छैन । जस्तो ब्रह्म र चित्तमा भेद छैन । जस्तो चित्त र जीवमा भेद छैन । जस्तो चित्त र देहमा भेद छैन । जस्तो जीव र ईश्वरमा भेद छैन त्यस्तै ईश्वर र आत्मामा भेद छैन । सारा ब्रह्मस्वरूप हो । द्वैत केही छैन ।

हे रामजी ! जसको चित्तमा दृश्य मिथ्या हो भन्ने बुद्धि उदय भएको छ । तिनलाई ज्ञेय परमात्म तत्त्वको ज्ञान हुन्छ । जब त्यसमा दृढ अभ्यास हुन्छ तब परमानन्द निर्वाण पदको प्राप्त हुन्छ ।

हे रामजी ! स्वप्न जस्तो हो त्यस्तै यो जाग्रत हो । स्वप्न र जाग्रतमा केही फरक छैन । स्वप्न असत् मिथ्या हो भन्ने जागेपछि थाहा हुन्छ, नजागेसम्म असत् भनी जान्दैन सत्य भनी मानिराख्छ । त्यस्तै यो जगत् पनि असत्य हो ।

हे रामजी ! यो जगत् असत्‌रूप हो । भ्रमले साँचो मानी

राख्छ । जस्तो स्वप्नको स्त्री असत्‌रूप हो । भ्रमले सत्य मानी राख्छ । त्यस्तै यो जगत् पनि असत्य भैकन सत्य भनी देखि-रहन्छ । जगत् आभासरूप हो र आत्मसत्ता सदा अद्वैत-रूप हो ।

हे रामजी ! चेतन सत्ता जुन हो त्यो न जन्मन्छ न मर्छ । सारा कल्पना रहित केवल चिन्मात्र हो । जन्म मरणको कल्पना संवेदनमा हुन्छ अचेत्य चिनमात्रमा केही पनि भएको छैन ।

हे रामजी ! वासना नै बन्धनको कारण हो । जब वासना देखि मुक्त हुन्छ तब बन्धन कुनै रहँदैन । आत्मविचार गरेपछि ज्ञान हुन्छ । ज्ञान भए दृश्यको अत्यन्त अभाव हुन्छ । तब वासना नष्ट भैहाल्छ र स्वरूपप्राप्त हुन्छ ।

हे रामजी ! यो जगत् उदय भएको छैन । परन्तु उदय भए जस्तो वासनाले देखिराखेको छ । त्यसैले वासनाको त्याग गरिदेऊ । जब वासनाको नाश हुन्छ तब कुनै बन्धन रहँदैन । जो पुरूषको मनमा संसारको अभावछ अर्थात् वासना रहित हुन्छ त्यसको मन अमन हुन्छ । अर्थात् शान्त पदलाई प्राप्त गर्छ । जसको मनमा वासना उदित भइरहन्छ त्यो नै बन्धन हो । त्यसैले वासनालाई प्रयत्नपूर्वक क्षय गर्नु कर्तव्य हो ।

हे रामजी ! आत्माको अगाडि अभिलाषानै आवरण हो । अभिलाषा भए आत्माको प्रतीत हुँदैन । जस्तो बादलले ढाकिएको सूर्य देखिदैन । बादल हटेपछि सूर्य प्रतीत हुन्छ । त्यस्तै अभिलाषाको निवृत्ति भए आत्मा प्रतीत भइहाल्छ । त्यसैले जो कुछ अभिलाषा हुन्छ त्यसलाई त्याग गरी निर-भिलाषी भएर आत्म पदमा स्थित होऊ ।

हे रामजी ! जब तिमी सम्पूर्ण दृश्यको इच्छा त्यागी दिन्छौ तब तिम्रो प्रत्यक्ष आत्मपद भासमान हुन्छ । जस्तो हातमा लिएको वेलको फल प्रत्यक्ष हुन्छ त्यस्तै अभिलाषाको

त्याग भए आत्मपद प्रत्यक्ष भासमान हुन्छ ।

हे रामजी ! असत्‌रूपी चित्तको स्फुरण वशात् जगत्-रुप भएर भासमान हुन्छ । जो आत्मा शान्तरुप हो, नित्य तृप्त हो, त्यो आफू आफैमा स्थित छ । त्यो शान्त स्वरूपमा चित्त संवेदनले जगत् रचना गर्छ । त्यो जगत्‌लाई भ्रमले सत्य भनी देख्छ । जस्तो स्वप्न सृष्टिलाई भ्रमले सत्य भनि-देख्छ । त्यस्तै स्फुरणरूप यो जगत् पनि सत्य भनी देख्दछ । परन्तु क्यै पनि बनेको छैन भएको पनि केही होइन । जो कुछ हो भ्रम मात्र हो ।

हे रामजी ! यो दृश्य जगत् हो आफ्नू स्वरूप । अविचारले जगत देखिराखेको छ । जब विचार हुन्छ तब स्वरूपको दृढता हुन्छ र परम सुखको अनुभव हुन्छ ।

हे रामजी ! यो स्थूल रूप देह नाश भएर जान्छ । मूर्ख मनुष्य त्यसलाई राखी छोड्‌न इच्छा गर्छ । परन्तु देह रहँदैन । फेरि जो मनरुपी शरीर (सूक्ष्म शरीर) नाश भएदेखि जीवको परम कल्याण हुन्छ । त्यसलाई दृढ तुल्याइ पुष्ट गरी राख्छ । यो मोहको प्रारम्भ मिथ्याभ्रमले दृढभएको हो । जब देह रहित चैतन्य स्वरुपको साक्षात्कार हुन्छ तब सारा भ्रम मोह हटेर जान्छ । त्यसैले नाना कल्पना बुद्धिलाई त्याग गरी आत्म स्वरुपमा स्थित होऊ ।

हे रामजी ! सबैको शरीर मननै हो । त्यो मन आत्माको शक्ति हो । त्यो मनमा यो शरीर आदि जगत् रचिएको छ । त्यो मन ज्ञानविना नाश हुँदैन । त्यसैले शरीर नाश भए आत्माको नाश कसरी होला ?

हे रामजी ! तिमी त नित्य शुद्ध ज्ञानरूप आत्मा हौ । त्यसैले वहिर्मुखतालाई निवृत्त गरेर स्फुरण रहित भएर आफ्नू यथार्थ स्वरूप तिर हेर । जब स्वरूप अभिमुख हुन्छौ तब पर-

मानन्द अनुभूत हुन्छ र परम पदको प्राप्ति हुन्छ ।

तिमी त नित्य शुद्ध अविनाशी पुरूष हौ । संकल्पवासनाले तिमीमा जन्म-मरण आदि देखिन्छ त्यो भ्रम मात्र हो । त्यसैले वासनालाई त्यागी शुद्ध चिदाकाशमा स्थितरहू ।

हे रामजी ! मनको नाश भए अत्यन्त आनन्द मिल्छ । मनको उदय भए ठूलो अनर्थ हुन्छ । त्यसैले मनको नाश गर्ने यत्न गर । मनलाई उठाउने यत्न नगर ।

मनरुपी किसानले जगत्‌रूपी वन रचेको छ। त्यो वन सुख-दुःखरूपी वृक्षले भरिएको छ। मनरूपी सर्प त्यो वनमा रहन्छ । विवेक रहित जुन पुरूष छन् तिनलाई डसेर भोजन गरिहाल्छ । त्यसैले तिमी यो मनरूपी शत्रुलाई वैराग्य र अभ्यासरूपी खड्गले मार । तब आत्मपद मिल्नेछ ।

हे रामजी ! विवेक भए सत्य, असत्यको विचार उदय हुन्छ । जस्तो बत्ती बालेपछि अँध्यारो रहँदैन त्यस्तै विचार उदय भए अविद्यारुपी अन्धकार अभाव भैहाल्छ । तब स्वरूपको प्राप्ति हुन्छ शान्ति मिल्छ ।

हे रामजी ! यो मनले एक निमेषमा संसारको उत्पत्ति गर्छ र निमेषमा लीन गरिहाल्छ । जे जति स्थावर जङ्गमरूप जगत् देखिन्छ त्यो सबै मनमा नै उब्जेको छ । बाहिर कुनै पनि भएको हैन । जस्तो स्वप्न ।

हे रामजी ! जो मनद्वारा चेष्टा हुन्छ त्यो नै सफल हुन्छ । त्यसैले मनलाई बश गरिहाल्छ । यता उता नलाग आफूलाई हेर ।

जता जता मन जान्छ उताबाट मनलाई फर्काएर आत्म स्वरूपमा स्थित गर । त्यसो भए निर्विकार आफ्नू स्वरुपको अनुभव हुन्छ ।

हे रामजी ! यो चित्तरूपी महाव्याधि हो । त्यसको

निवृत्तिको औषधि म बताउँछु सुन–जो कुनै पदार्थ तिमीलाई राम्रो रसयुक्त देखिन्छ त्यसलाई त्यागी देऊ। जब इच्छित वस्तुलाई त्याग गर्न सक्छौ तब मनलाई जित्न सकिन्छ।

जस्तो फलामले फलामलाई काट्दछ। त्यस्तै मनले मनलाई काट। यत्न गरेर शुभ गुणलाई बढाई चित्तरूपी बेताललाई धपाई देऊ। अवस्तु देहादि जगत्मा जो वस्तु रूप (आत्मा)को भावना छ, त्यसलाई त्याग। जो वस्तु (आत्मरूप) मा जुन देहादिको भावना छ, त्यसलाई त्याग गरी आत्म तत्वको भावना गर। जस्तो चित्तमा पदार्थको भावना हुन्छ त्यस्तै आत्मपद पाउन चिन्तना गर।

हे रामजी ! सत्य निष्काम कर्मबाट शुद्धता गरी चित्तलाई यत्न गरेर चेतन संवित तिर लगाऊ। सबै वासनालाई त्यागेर एकाग्र भएर बस। तब परम पद प्राप्त हुनेछ।

जो पुरूष आफ्नू इच्छालाई त्याग्न गाऱ्हो ठान्दछ त्यो विषयको कीरा हो। किनकि जुन अशुभ पदार्थलाई मूढताले सत्य, रमाइलो भनी देखिरहन्छ, त्यो अशुभलाई अशुभ र शुभलाई शुभ भनी जान्नु हो पुरूषार्थ।

हे रामजी ! शुभ र अशुभ दुवैभाई पहलवान् हुन्। तिनी दुबैमा जुन बलियो हुन्छ त्यसको जीत हुन्छ। त्यसैले चाँडैनै पुरूष प्रयत्न गरी आफ्नू चित्तलाई जीत। तब तिमी अचित्तवान् हुनेछौ र यत्न विना आत्म ज्ञान पाउनेछौ। जस्तो बादलको अभाव भए यत्नविना सूर्य उदय हुन्छ त्यस्तै स्फूरणरूपी बादल अभाव भए अयत्न सिद्ध आत्मरूप सूर्य उदय हुन्छ।

हे राम ! चित्तलाई स्थित राख्ने मन्त्र पनि आफैबाट सिद्धहुन्छ। जसको चित्त वशगर्न शक्ति छैन त्यसलाई धिक्कार छ। तिनी मनुष्यहरूमा गधा हुन्। त्यसैले पुरूषार्थ गरेर मनलाई बश गर आफू आफ्नै मित्र बन्नेछ। यदि आफ्नू

मनलाई आफैले बश नगरे आफू आफ्नै शत्रु हुनेछ।

हे रामजी ! यो मनलाई उपशम नगरेसम्म अधोगति संसारमा घुमि रहन्छ। जुन मनुष्यले मनलाई उपशम गरेको छ त्यसलाई परम लाभ मिलेको छ।

हे रामजी ! मनलाई मार्ने मन्त्र यहि हो कि दृश्य प्रपञ्च-बाट चित्तलाई निवृत्त गर्नु र आत्म चेतन संवित्‌मा लगाउनु। तब मनलाई जित्न सकिन्छ र आफ्नू जय हुन्छ।

इच्छा भईराखेसम्म मन मोटाई रहन्छ। जब भित्रबाट इच्छा निवृत्त हुन्छ तब मन उपशम हुन्छ। जब मन उपशम हुन्छ तब गुरु–शास्त्रको उपदेश, मन्त्र, अर्थ आदिको अपेक्षा रहँदैन। त्यसैले शुद्ध चित्‌रूप आकाशमा यत्न गरेर चित्तलाई जोड। जब चिरकालसम्म मनको तीब्र संवेग आत्मातिर हुन्छ तब चेतन चित्तलाई भक्षण गरिहाल्छ।

जुन पुरूषले मनलाई जितेको छ तिन्‌ले तीन लोकलाई जित्नु तृण समान हो। मनलाई जितेपछि परमपद मिलिहाल्छ।

हे रामजी ! जुन बहादुर पुरूष हुन् तिनले शस्त्रको तीखो प्रहारलाई सहन गर्छ, आगोमा जल्नु पनि सहन्छ र शत्रुलाई मार्छ। तब स्वभाविक स्फुरणलाई परित्याग गरी सहनुमा तिम्रो के कृपणता हो, जुन समर्थ हुँदैन। जसले आफ्नू चित्तलाई फर्काउन सामर्थ छैन तिनी मनुष्यमा अधम हुन। तिनी जन्म--मृत्यु चक्रमा बारंबार घुमि असंख्य दुःख भोगेर कष्ट पाउँछन्।

हे रामजी ! जबसम्म चित्त दृश्य पदार्थको चिन्तन गरिरहन्छ तबसम्म शान्ति मिल्दैन। जब चित्त उपशम हुन्छ तब नित्य शुद्ध सबैको हृदयमा स्थित परम शान्तरूप चेतन आकाशमा स्थित हुन्छ।

हे रामजी ! हृदयाकाश भित्र जुन चैतन्य ब्रह्माकार

वृत्ति उदाएको छ त्यतातिर जब मनको तीब्रगति हुन्छ. तब सारा दुःखको अभाव हुन्छ। अर्थात् मनको मनभावलाई ब्रह्माकार वृत्तिरूपी चक्रले नष्ट गरिदिन्छ।

हे रामजी ! जुन संसारको भोग मनमा रमाइलो देखिन्छ त्यो भोग जब रमाइलो देखिंदैन तब जान्नु कि मेरो मनको अंग टुट्दै छ।

हे रामजी ! दुःखको कारण हो संकल्प। त्यसैले तिम्रो मनमा जे जति संकल्प, कल्पना उठ्दछ त्यसलाई त्याग। तब तिम्रो मन स्वतः नाश भई हाल्छ। जहाँ शस्त्र प्रहार-गरेर, अग्नि जलाएर निर्भय भै शत्रु सित लड्दछन्, मर्न डराउँ दैनन। तब आफ्नू मनको संकल्प त्यागन के गाहो भएको छ।

हे रामजी ! चित्तलाई फिंजारी राख्नुबाट अनर्थ हुन्छ, दुःख मिल्छ। चित्त अस्फुरण भए कल्याण हुन्छ,सुख मिल्छ। त्यसैले निरन्तर स्वरूपको याद राख। स्वरूपमा स्थित भए सारा कल्पना (दुःख) मिटेर जान्छ।

जुन मनले संकल्प कल्पना गरेर जे जति आपत मनमा उब्जाउँछ र भय दिइराखेको छ। त्यो मन जब आफ्नू आत्म स्वरूपमा स्थित रहन्छ तब तिनको डर, भय, आपत कुनै रहँदैन।

हे रामजी ! सारा कुरा मनले नै रचना गरेको छ र मनमानै स्थित भई राखेको छ। त्यसैले मनलाई हटाइदेऊ। मन हटेपछि तिमी स्वच्छ, शान्त आफ्नू प्रकाश स्वरूपमा स्थित हुने छौ।

हे रामजी ! सत्य र असत्यको बीच, जड र चेतनको बीच जुन चलायमान छ त्यो मन हो। जब त्यो वेगले जडतिर लाग्छ तब आत्मालाई ढाकी जड रूपभई हाल्छ। जुन

पदार्थको निम्ति मनले प्रयत्न गर्छ त्यही प्राप्त हुन्छ । त्यसैले चित्तलाई चित्तलेनै स्थित गर । मन उपशमविना दुःख छुटने अरू उपाय केही छैन । मनलाई मनले नै निग्रह गर्छ अरू कसैको सामर्थ छैन ।

जस्तो राजा सित राजा नै युद्ध गर्छ त्यस्तै मनसित मनले नै युद्ध गर्छ । त्यसैले हे राम ! तिमी मनले नै मनलाई मार । तब परम शान्ति प्राप्त गर्ने छौ ।

हे रामजी ! अविद्यारूप संसार देखन मात्र अति राम्रो हो, परन्तु भित्र सार रहित छ । जस्तो बाँस धेरै अग्लो देखिन्छ परन्तु भित्र शून्य छ । त्यस्तै संसार भएजस्तो देखिन्छ तर नाश भएर जान्छ, सार वस्तु कुनै छैन ।

हे रामजी ! यो भोग पहिले अमृत जस्तो सुख रूप देखिन्छ किन्तु परिणाममा विष जस्तो हुन्छ । मूर्ख अज्ञानीले यो भोगलाई राम्रो देखी राख्छ । जस्तो मूर्ख पुतलि बत्तीलाई सुखरूप जानी इच्छा गरी स्पर्श गर्छ तब नाश भइहाल्छ । त्यस्तै भोग्य पदार्थको इच्छा गर्ने मूर्ख जीव नाश भइहाल्छ ।

हे रामजी ! दृश्य जगत् भएको हैन । भावना मात्र हो । त्यसैलाई अविद्या भन्छ । त्यो मोहको कारण हो । जब त्यो भावना फर्काएर आत्मा तिर लगाउँछ तब अविद्या नाश भै हाल्छ ।

वारंवार चिन्तना गरि रहनुलाई भावना भनेको छ । त्यसैले वाह्य विषय पदार्थको भावना छोडेर तिमी अन्तर आत्माको भावना गर । तब आत्मपद मिल्नेछ । जो पुरूषले अन्तर आत्माको निरन्तर भावना यत्न गर्छ उसले शान्ति पाउँछ ।

हे रामजी ! तिम्रो स्वरूप निर्विकार, आदि अन्त रहित ब्रह्मतत्व हो । तिमी किन शोक गर्छौ ? पुरूषार्थ गरी संसारको

भोगवासना चित्तबाट उखेली आत्मपदको अभ्यास गर ।

हे रामजी ! आफ्नू ब्रह्मतत्त्व सत्यस्वरूप हो । त्यो मनुष्यले भुलि हाल्यो । जुन असत्य दुःख दायक अविद्या हो त्यसलाई निरन्तर संझिरहन्छ र कष्ट पाउँछ । त्यो अविद्याको आश्रय तिमीले नगर ।

यो संसार बन्धनको कारण हो । त्यसैले संसारको वासना चित्तले त्यागि देऊ । सर्व भावले हिंड, बस, लेऊ, देऊ, परन्तु राग कुनै कुरामा नराख । जस्तो स्फटिक मणि सबै प्रतिविम्व-लाई ग्रहण गर्छ परन्तु त्यसको रंगलाई ग्रहण गर्दैन । त्यस्तै तिमी पनि सबै कार्य गर परन्तु कसैसित नमिल । त्यस्तो पुरूष निर्बन्धन हुन् ।

हे रामजी ! तिम्रो स्वाभाविक प्राकृत आचार गर परन्तु भित्रबाट कुनै अभिमान नगर । निरभिमान भएर काम काज गर । त्यो ज्ञान सबै भन्दा उत्तम हो ।

यो देह काठ, माटो समान मूढ हो । जस्तो स्वप्नमा चित्त चलेकोले शरीर आदि देखिन्छ । त्यस्तै यो देह चित्तको कल्पना मात्र हो । अरू केही हैन ।

मनले नै जगत् उत्पन्न गर्छ, मनको विलय भए ब्रह्मानन्द अनुभूत हुन्छ । शान्त मन आत्मा नै भैहाल्छ । त्यसैले मनलाई अचल राखी पूर्णात्माको स्वयं अनुभव गर ।

हे रामजी ! अचलरूप शरीरलाई मनले चञ्चल गरि दिन्छ । जस्तो हावाले रूखलाई हल्लाई हाल्छ त्यस्तै जड शरीरलाई मनले चलाई दिन्छ । जे जति सुख दुःखको कल्पना हुन् त्यो मनले नै गर्दछ, मनले नै भोग्छ र मन नै मनुष्य हो ।

हे रामजी ! जसले आफूलाई म देह हुँ भनी ठानेको छ तिनी नीच छोटो बुद्धिवाला पुरूष हुन् । तिनले अनेक दुःख

पाउँछन् । जो विवेकरूपी सूर्यको प्रकाशले प्रफूल्लित भएको छन् तिनी संसार दुःखबाट तरिहाल्छन् ।

हे रामजी ! शरीर सत्य होस् अथवा असत्य होस् पुरूष त शरीर होइन । देह रहे पनि न रहे पनि आत्मा जस्तातस्तै छ । आत्मालाई दुःखले छुंदैन, सारा विकार रहित छ । त्यसैले जगत्लाई असत्य जानेर भावनालाई परित्याग गर ।

हे रामजी ! यो जगत् चित्तमा स्थित छ । त्यो चित्त संकल्परूप हो । जब संकल्पको क्षय हुन्छ तब चित्तनाश भै हाल्छ । चित्तको नाश भए संसाररूपी कुहिरो छुटिहाल्छ । तब शरतकालको आकाश झैं निर्मल आत्मसत्ता प्रकाश भइ हाल्छ । त्यो चेतन मात्र सत्ता एक आदि अन्त रहित हो ।

हे रामजी ! तिमी सावधान होऊ । यो जुन स्फुरण हुन्छ त्यसैलाई चित्त भन्छन् त्यो चित्तलाई त्यागि देऊ । असत्य रूप चित्त नै संसार हो । त्यसलाई सत्य मानेर जो प्रवृत्त भइ-राख्छ त्यसलाई धिक्कार छ । जसको मनन भावनाश भएकोछ ती माहापुरूष संसारबाट पार पुगिहाल्छन ।

उत्पत्ति प्रकरण समाप्त

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



स्थिति प्रकरण–४



योगवासिष्ठ ज्ञानमाला

स्थिति प्रकरण–४

जगत-निराकरण वर्णन–१

हे रामजी ! अब स्थिति प्रकरण सुन– जो सुनेपछि जगत्निर्माण प्राप्त हुन्छ। जगत् कस्तो छ ? जसको आदिमा अहंता छ। त्यो दृश्यरूप जगत् भ्रान्ति मात्र हो। जस्तो आकाशमा नानाप्रकारको रङ्ग सहित इन्द्र धनु देखिन्छ त्यो असत् रूप हो। त्यस्तै यो जगत् हो। जस्तो वानर रक्तिका (रातो गेडा) बटुली आगोको कल्पना गर्छ। त्यसबाट जाडो निवृत्त हुँदैन, त्यो भावना मात्र हो त्यस्तै यो जगत् भावना मात्र हो।

हे रामजी ! जस्तो कथाको अर्थ चित्तमा भास्दछ त्यस्तै निस्साररूप जगत् चित्तमा साररूप भै भास्दछ। जस्तो स्वप्नमा पाहाड नदी देखिन्छ त्यस्तै यो जगत् ठूलो विशाल रूप प्रतित भए पनि आकाश झैं शून्य रूप हो। जस्तो चित्रमा लेखिएको कमलको फुल सुगन्ध देखि रहित हुन्छ त्यस्तै यो जगत् शून्य रूप हो यस्मा सार केही छैन। प्रत्यक्ष देखन अनुभव हुन्छ परन्तु मृग तृष्णाको नदी झैं असत्रूप हो। जस्तो निद्रादोषले स्वप्न दृष्टि भास्दछ त्यस्तै यो जगत् भ्रान्तिले देखिन्छ। जब स्वरूपमा जाग्दछ तब जगत्भ्रम मिटेर जान्छ।

हे रामजी ! सारा कर्मको बीज मन हो। मनलाई छेदन गरेपछि सारा जगत् छेदन हुन्छ। जब मनरूपी बीज

नाश हुन्छ तब जगत्‌रूपी अंकुर पनि नष्ट भै हाल्छ। सारा जगत् मनको रूप हो त्यसको अभाव हुने उपाय गर। मलीन मनबाट अनेक जन्मको संस्कार उत्पन्न हुन्छ, त्यसलाई मार्जन गरेपछि सबैलोकको जय हुन्छ।

हे रामजी ! मनरूपी पिचाश हुन्। त्यसको नाश अरू कुनै उपायले हुँदैन। अनेक कल्प बितेर गयो र बिति राखेको छ तैपनि नाश हुँदैन। त्यसैले जबसम्म दृश्य रहन्छ तबसम्म उसको उपाय गर। त्यसको उपाय हो – जगत्‌को अत्यन्त अभावको चिन्तना गर्नु र स्वरूप आत्माको अभ्यास गर्नु। यो परम औषधि हो। यसको सेवन गरेपछि मनरूपी द्रष्टा नष्ट हुन्छ।

जबसम्म मन नष्ट हुँदैन तबसम्म मनको मोहले जन्म मरण भैरहन्छ। जब ईश्वर परमात्मा प्रसन्न हुन्छन् तब मन बन्धनबाट मुक्त हुन्छ र आत्मपद प्राप्त हुन्छ।

हे रामजी ! सम्पूर्ण जगत् मनको स्फुरणले भासित भएको छ। जस्तो आकाशमा शून्यता भास्दछ, जस्तो फूलमा सुगन्ध रहन्छ त्यस्तै चित्तमा जगत् स्फुरण हुन्छ।

जस्तो निश्चय चित्तमा हुन्छ त्यस्तै भएर भास्दछ। जस्तो आगोमा फलाम राखिदिए आगोरूप हुन्छ त्यस्तै जुन पदार्थसित मन लाग्छ त्यहि रूप भइहाल्छ। भाव, अभाव, ग्रहण, त्याग सबै मनले नै हुन्छ। मन नष्ट भए जगत् नष्ट भएर जान्छ। जुन मलीन मन हो त्यसको स्फुरणले जगत् रचना हुन्छ। यो मननै पुरूष हो त्यसलाई तिमीले अशुभ मार्ग तिर नलगाऊ। जब मनलाई जीत्छौ तब सारा जगत्‌मा तिम्रो जय हुनेछ। ठूलो विभूति मिल्नेछ। जतातिर चित्त गएर लाग्छ त्यही पदार्थ प्राप्त हुन्छ। त्यसैले चित्तमा सदा आत्मसत्ताको अभ्यास गर। भ्रमज्ञानलाई त्यागिदेऊ।

हे रामजी ! सारा अनर्थको कारण चित्त हो। जबसम्म चित्तमा शान्ति आउँदैन तबसम्म जीवलाई आनन्द मिल्दैन। जब अमन शक्तिलाई पाउँछ तब आधि व्याधि जगत् दुःख निवृत्त हुन्छ र परमानन्द पद प्राप्त हुन्छ।

हे रामजी ! दृश्य हो मनको स्फुरण। त्यसलाई मृग तृष्णा झैं असत्य जानेपछि विकारको अभाव हुन्छ। तब सत्शास्त्र र सन्तसंगतबाट तात्पर्य अर्थको दृढ अभ्यास गरेपछि आफ्नू अनुभव स्वरूपमा स्थित भैहाल्छ। आत्माको अनुभव भए जगत् पदार्थको इच्छा रहँदैन। जगत हो आत्मा स्वरूप त्यसमा स्थित भए म तिमी आदि सारा शब्द अभाव हुन्छ।

हे रामजी ! सबै कार्य गर। भित्र शून्य भएर बस। यो संसाररूपी समुद्रमा आधि व्याधिरूपी गढेला बसेको छ। अहं ममरूपी खाडल छ। जो पुरूष त्यो खाडलमा पर्छ त्यो माथिदेखि तल खस्दै जान्छ। त्यसैले संसारको भावमा स्थित भै नबस। शुद्ध बुद्ध आत्म स्वरूपमा स्थित होऊ। जो ब्रह्म हो, शुद्ध हो, सर्वात्मा हो।

हे रामजी ! विवेकी पुरूष संतोषी भएर शीतल हुन्छ। जो मुखका विवेकि हुन् निश्चयमा विवेक छैन तिनको विवेकले कुनै कार्य सिद्ध गर्दैन। जस्तो भित्ताको मुर्तिआगोले कार्य सिद्ध हुँदैन त्यस्तै निश्चय रहित वचनले दुःख निवृत्त हुँदैन। जब यथार्थ तत्व विवेक हृदय भित्र आउँछ तब भोगको तृष्णा घटेर जान्छ। मुखले भनेर तृष्णा घट्दैन। जस्तो भित्तामा लेखिएकि स्त्रीलाई स्पर्श गर्न र सन्तान जन्माउन सक्दैन त्यस्तै मुखको विवेकवाणि विलाश मात्र हो त्यसले भोग तृष्णालाई निवृत्ति गरी शान्ति पाउन सक्दैन।

हे रामजी ! विवेकको उदय भए राग-द्वेषलाई नाश गर्छ । ब्रह्मलोकसम्मको जुन विषय भोग छन् त्यसको तृष्णा र वैरभावलाई नष्ट गरिदिन्छ । जस्तो सूर्य उदय भए अन्धकार नाश हुन्छ त्यस्तै विवेकको उदय भए अज्ञान नाश हुन्छ र पावन पद प्राप्त हुन्छ ।

हे रामजी ! सारा जीवहरूको बीज परमात्मा हुन्, त्यो सबै ठाउँमा आकाश जस्तो स्थित छ । त्यस्मा स्फुरणको नाम जीव हो "त्यो जीवजीवको अनन्तर जगत् छ र त्यस्मा नानाप्रकारको रचना हुन्छ । वास्तवमा चित्घन जीवरूप भएर भित्र स्थित भएको छ । त्यसैले सारा जीव चिद् घन रूप हो । जस्तो फूलको भित्र कीरा रहन्छ" त्यस्तै आत्माको भित्र जीवराशि छन् । जीव जस्तोजस्तो सिद्धताको निमित्त यत्न, उपासना गर्छ त्यस्तैत्यस्तै गति प्राप्त हुन्छ । जो देवताको उपासना गर्छ त्यसले देवतालाई प्राप्त गर्छ । ब्रह्मको उपासक ब्रह्मलाई नै पाउँछ । त्यसैले जो परम महान् आत्म पद हो त्यसको आश्रय गर । जस्तो शुक्र दृश्यतिर लागेकाले धेरै प्रकारको दृश्य भ्रम मिल्यो । जब बुद्धि शुद्ध, बुद्ध तिर आयो तब निर्मल बोध मिल्यो । (स्थिति प्र. सर्ग ५ हेर्नुस)

हे रामजी ! जब तिमी सर्वभावले असंग हुन्छौ तब सबै पदार्थ-विषय-द्रष्टा-पुरूष प्रसन्न हुन्छन् । यसरी निर्विकल्प चिदात्माको प्राप्ति हुन्छ । त्यहाँ न जगत्को सत्ताछ न सुख छ, न दु:ख छ केवल केवलिभाव छ । त्यो आफूले आफैलाई प्रकाश गर्छ । जब संसारको भावना हृदयबाट उठेर जान्छ तब निर्मल स्वरूप स्थित हुन्छ ।

हे रामजी ! सेतो मणिमा जुन प्रतिबिम्व पर्छ त्यसलाई हटाउन मणि समर्थ हुँदैन । तिमी त मणि जस्तो जड होइनौ तिमी चैतन्यरूप आत्मा हौ । तिमीमा जो दृश्यको प्रतिबिम्व

पर्छ त्यसलाई त्याग गर । कसरी त्याग्ने ? जुन दृश्यको संकल्प उठ्छ त्यसलाई असत्‌रूप जानेर त्यागी देऊ । जो व्यवहार परिआउँछ त्यो कार्य गर । मणि जस्तो भिन्न रंगले रहित होऊ । जस्तो प्रतिबिम्व बाहिर देखिन्छ भिन्न रंग चढ्दैन त्यस्तै बाहिर तिम्रो व्यवहार देखियोस् । परन्तु भिन्न राग द्वेष पस्न नपावस् ।

हे रामजी ! सन्तको संगत र सत्शास्त्रको अवलोकन गरे विचार उब्जिन्छ । तब सारा वृत्ति उपरत हुन्छ । विवेक, बुद्धि उदय हुन्छ । दृश्य संसारमा त्याग बुद्धि हुन्छ । द्रष्टा आत्माको ग्रहण बुद्धि हुन्छ र द्रष्टा पुरूष प्रकट हुन्छ । जब त्यो पुरूष ज्ञान र ज्ञेय हुन्छ तब परम तत्त्वमा जाग्छ र संसार-बाट घन सुषुप्त हुन्छ ।

हे रामजी ! जब संसारबाट वैराग्य–भोगमा अभोग, रसमा निरस बुद्धि उब्जिन्छ तब मन आफ्नू सत्तालाई त्यागी आत्मरूप हुन्छ ।

हे रामजी ! संसाररूपी वासनाको जालमा जीवरूप पक्षी फँसेको छ । जब वैराग्यरूपी मूसाले जाल काटिदिन्छ तब जीव मुक्त भैहाल्छ ।

यो भोग देख्न मात्र रमाईलो छ परन्तु अत्यन्त विरस छ । जो पुरूष यस्मा भुलिराख्छ तिनलाई नरक भोग मिलि रहन्छ । जो पुरूष ज्ञानरूपी धनले सम्पन्न छन् र देहरूपी देशमा रहन्छन् तिनले परम शोभा पाउँछन् र आनन्दित हुन्छन् ।

हे रामजी ! सुनको मन्दिरमा बसेर त्यो सुख मिल्दैन जो निर्वासनिक–ज्ञानवान् पुरूषलाई मिल्छ । जो आफ्नू शरीररूपी नगरमा बसिराख्नु हुन्छ । जो पुरूषको चित्तको गर्व नाश भएको छ र इन्द्रियशत्रुलाई जितेको छ तिनको

भोग वासना नष्ट हुन्छ ।

हे रामजी ! वासनारूपी डंकिनी तबसम्म घुमि रहन्छिन् जबसम्म एक तत्त्वको दृढ अभ्यास गरेर मनलाई जितेको छैन । जब विवेकरूपी सूर्यको उदय हुन्छ तब अन्धकार नाश भै हाल्छ । अर्थात् जब विवेक गरेर मनलाई बश गर्छ तब इन्द्रियहरू नोकर जस्तो हुन्छ । मन बुद्धि सबै मित्र भैहाल्छ । तब आफू राजा भएर राज्य स्वरूपको भोग भोगन मिल्छ । विवेकीको इन्द्रिय प्रतिव्रता स्त्री जस्ती हुन्छ र मन सीता जस्ती आज्ञा पालन गर्ने हुन्छ ।

हे रामजी ! यो संसार संकल्प–विकल्पबाट उत्पन्न भएको छ । विचार गरेपछि सजिलैसित निवृत्त भैहाल्छ । त्यसैले तिमी विचार गर यहाँ के कुरा सदा रहिरहन्छ ? सारा पदार्थ असत्य हुन् । हेर्दाहेर्दै नाश भएर जान्छ । जस्तो बत्तीको प्रकाशले अन्धकार नाश हुन्छ । त्यस्तै विचार गरे पछि जगत्भ्रम नष्ट भएर जान्छ ।

न यो जगत् तिम्रो हो, न तिमी त्यस्को हो । यो सारा भ्रमले देखिरहन्छ । भ्रमलाई त्यागी हेर । तब आफ्नू ऐश्वर्य प्रकाशको विलास मात्र हो । त्यसैले भ्रमज्ञानलाई तिम्रो हृदयमा नराख । त्यो मिथ्या भ्रमरूप हो ।

हे रामजी ! अहं त्वं आदि दृश्य सबै असत्य हो भनी जानेर जब आत्मतत्वको निरन्तर भावना गर्छौ तब तिमी संसारमा निश्चिन्त भएर रहन सक्छौ । दृश्यको भावना हृदयबाट निस्के पछि संसारको अभाव भै हाल्छ । तब अरू प्रयत्न केही चाहिंदैन । फल टिपेर गिलो पार्न बरू केही यत्न गर्नु पर्ला परन्तु आफूबाट सिद्ध जो भाव मात्र संकल्प हो त्यसलाई त्याग्नु के यत्न गर्नु पर्ला । फूललाई टिप्नु बरू यत्न होला किनकि हात उठाउनु पर्छ । त्यसैले जुन अभावरूप

हो, जो छँदैछैन तब त्यसलाई त्याग्न के यत्न गर्नु पर्ला ।

जस्तो डोरीलाई जाने पछि सर्पभाव हटेर जान्छ । त्यस्तै आत्मस्वरूपको ज्ञान भए संकल्परूप जगत् भ्रम (सत्यबुद्धि) नाश भएर जान्छ ।

सन्त संगत र सत्शास्त्रको अर्थ अभ्यास गरे पछि परम पद मिल्छ । आत्मज्ञान गर्नुमा यत्न चाहिंदैन, ज्ञान हो संझनु मात्र । त्यसैले शुद्ध अचल बुद्धिमा त्यसै परमात्म स्वरूप मिलिहाल्छ र सबै दुःख नाश भएर जान्छ ।

हे रामजी ! जो विचारदेखि रहित छन् तिनी दुर्भाग्य, दीनता, अशुभलाई प्राप्त गर्छन् । त्यसलाई त्यागेर तिमी जाग । पुरूषार्थलाई अङ्गीकार गर । त्यो जन्ममृत्युदेखि पर शान्तिको कारण हो ।

जे जति अर्थ हो त्यो सारा अनर्थरूप हो । भोग, रोग समान हो । यो सारा त्याग्न योग्य हो । त्यसैले सन्मार्गलाई अंगीकार गरी शास्त्र अनुसार व्यवहार गर । तब सारा दुःख नाश भएर जानेछ ।

हे रामजी ।! पुरूषार्थ विना परम सिद्धि प्राप्त हुँदैन । शास्त्र अनुसार पुरूषार्थ गरेपछि अवश्यमेव सिद्धि प्राप्त हुन्छ । जहाँ शोक, भय, यत्न सारा नाश भइजान्छ र शान्ति र सुख दायक हुन्छ । जस्तो उपमन्यु

उपमन्युको कथा

हे रामजी ! एक दुर्भाग्य ब्राह्मणको छोरा उपमन्यु थिए । गरीब भएकाले घरमा कुनै पदार्थ थिएन । एक दिन आफ्नू मित्रको घरमा पिता सहित भोजनको निम्ति गै दुध, चामलको तस्मै (खिर) भोजन गरेर आफ्नू घरमा आए । तब फेरि आफ्नू पितासँग भन्न लागे– हे पिता ! मलाई

फेरि त्यहि भोजन देऊ जुन मैले हिजो खाएको थिएँ । तब पिताले आँटाको दुध बनाई मकैको कनिकामा घोली दिए । तिनले भोजन गरे तब त्यस्तो स्वाद मिलेन । तब पितासँग भने मलाई त्यहि भोजन देऊ जुन त्यहाँ खाएको थिएँ । पिताले भने हे छोरा ! त्यस्तो भोजन हामीसित छैन, सदा-शिवको पासमा त्यस्तो भोजन छ । जुन तिनले दिए उही हामीले पाउँछौं ।

तब ती ब्राह्मणको छोरा शदाशिवको उपासना गर्न लागे । यस्तो तप गरे कि शरीरको रगत, मासु सुकेर हड्डि मात्र बाकी रह्यो । तब शिवजी प्रशन्न भएर दर्शन दी भन्नु भयो– हे ब्राह्मण ! जो तिम्रो इच्छा छ त्यो वर माग । ब्राह्मणले भने हे शिव ! मलाई दुध र चामलको खिर देऊ । तव सदाशिवले भने– तिमीलाई त्यही मिल्नेछ, सदा त्यहि भोजन गर । तब ती ब्राह्मणलाई सदा त्यही भोजन प्राप्त भयो । (स्थिति प्र. सर्ग ३३ पुरूषार्थ वर्णन हेर्नुस्) ।

हे रामजी ! यो पनि पुरूषार्थ हो । सावित्रीको पतिको मृत्यु भयो तब ती पतिब्रता सावित्रीले स्तुति (नमस्कार) गरी यमराजलाई खुशी तुल्याई आफ्नू पतिलाई परलोकदेखि फर्काएर ल्याए । यो पनि आफ्नै पुरूषार्थ हो ।

त्यसैले यस्तो कुनै पदार्थ छैन जो यथाशास्त्र उद्यम (पुरूषार्थ) गरे पछि प्राप्त नहोला । जसले आफ्नु प्रयत्नलाई त्याग गर्दैन उसलाई सारा सुख फल प्राप्त हुन्छ। अविनाशी सुखको इच्छा भए आत्मबोधको अभ्यास गर । संसार सुख-दुःखसित मिलेको छ, तर आत्म सुख सारा दुःखलाई नाश गर्छ, त्यसैले हे राम ! तिमी विवेकको आश्रय गर तब तिम्रो हृदय सीतल रहनेछ।

विवेकि पुरुष

हे रामजी ! विवेकी पुरुष कस्तो हुन्छ ? सुन-जन्म-रूपी रूखलाई बञ्चराले काटिदिन्छ । मनरूपी शत्रुसँग मित्रतागर्छ र सँधै शुभ कर्म गरिरहन्छ । विषयको परिणाम दुःखलाई नजिक आउन दिंदैन । त्यसैले हे रामजी ! मनलाई बशगर्नु अत्यत्त आनन्दको कारण हो ।

मनरुपी मणि भोगको तृष्णाले कलंकित भएको छ । जब विवेकरुपी पानीले त्यसलाई शुद्ध गर्छ तब त्यो शोभायमान हुन्छ ।

यो संसार अत्यन्त भय दिने पिचाशिनी हो । अल्प–विवेकवान् पुरूष पनि मायारूप संसारमा खसिहाल्छ। त्यसैले तिमी अरूजीव झैं यो डरलाग्दो मायारूपी खाडलमा नखस ।

यो संसार मायारूप हो, अनेक प्रकारका दुःख संयुक्त छ । महामोहरूपी कुहिरोले जीव अन्धा भएकाछन् । त्यसैले तिमी विवेक पदलाई आश्रय गरी बोधवान् भएर सत्को अवलोकन गरी वैराग्यरूपी डुंगामा बसेर संसार समुद्र तरिहाल ।

हे रामजी ! अहं मम निश्चय ब्यर्थ हो । त्यसलाई त्याग गरी तत्पदको आश्रयलेऊ । हिड्दा, बस्दा, खादाँ, पिउँदा मनमा मनन्को अभाव नगर । तब तिमी चाँडैनै परमपद पाउने छौ ।

यो संसार भ्रम मायामय हो । त्यो अत्यन्त चमकिलो प्रकाश-रूप देखिन्छ परन्तु महाशून्य अविचारले सिद्ध छ । विचार गरी ज्ञान भए शान्त भैहाल्छ । जस्तो मृगतृष्णाको पानी राम्रोसँग हेरेपछि शान्त भएर जान्छ । त्यस्तै जगत् भएको होइन आभाष सत्तामा प्रतीत भएको मात्र हो । विचार पूर्वक विवेचना गरेपछि अभाव भैहाल्छ ।

हे रामजी ! जो ज्ञानवान् पुरूष हुन् तिनलाई जगत् तृण जस्तो तुच्छ देखिन्छ । जुन पुरूषको हृदयमा परमात्माको चमत्कार प्रकट भएको छ तिनी यो ब्रह्माण्ड-लोकपाल आदि तृण समान देख्दछन् किनकि ज्ञानवान्को निश्चयमा सारा पदार्थ हो-चिदाकाश, द्वैत कुनै देख्दैनन्। जगत् भ्रम मात्र हो आफ्नू कल्पना नै जगत् रूपले देखिएको छ । विचार गरे आफ्नु स्वरूप मात्र बाँकी रहन्छ ।

तीन प्रकारको अहंकार

हे रामजी ! दृश्यमान जगत् कुनै वस्तु हैन । अथवा यो सारा दृश्य म नै हुँ , त्यो परमात्मा अद्वैत रूप हुँ, म देखि अरू केही छैन । यो निश्चय मोक्ष दिने उत्तम अहंकार हो ।

दोश्रो अहंकार हो– म सारा प्रपञ्च देखि अतीत हुँ, अत्यन्त सूक्ष्म हुँ, ममा जगत् केही छैन यो हो स्वप्नको कल्पना जस्तो । यस्तो निश्चय धारणा गरी जीवन्मुक्त पुरुषहरू विचरण गर्छन्, यो मोक्षदायक हो, बन्धनको कारण हैन ।

तेश्रो अहंकार हो–हात, खुट्टा मुख भएको जुन दृश्य स्थूल शरीर हो त्यो नै म हुँ यो निश्चय हो तुच्छ बन्धनको कारण । त्यसैले यसलाई त्याग गर, यो निश्चय दुष्ट, परम शत्रु हो । यो अहंकाररूपी शत्रु अत्यन्त चतुर र बलवान् छ । नाना प्रकारको जन्म, मृत्यु, मानसिक दुःख, काम, क्रोध, रागः, द्वेष आदि दिनेवाला हुन् । त्यसैले यो दुष्ट अहंकारलाई त्यागी दिएपछि जो बाँकी रहन्छ त्यो आत्म भगवान् मुक्तिरूप सत्ता हो । त्यो आफ्नू स्वरूप हो, त्यसैमा स्थित रहू । तब परम शान्ति प्राप्त हुन्छ

हे रामजी! यो स्थूल अहंकारको त्याग भए सारा व्यवहार चेष्टा आनन्द दायक हुन्छ । तिनको भोग, तथा योग दुबै

फिका हुन्छ, स्वाद दिंदैन । जो अमृत पिएर तृप्त भएको छ त्यो अरू इच्छा गर्दैन । अहं रहित पुरूष पनि भोगमा राग गर्दैन । तिनको तृष्णा, राग, द्वेष, नष्ट हुन्छ । जस्तो सूर्यउदय भए अन्धकार नाश हुन्छ, त्यस्तै आफ्नू दृढ पुरूषार्थ द्वारा हृदयबाट अहंकारको अनुसन्धान नष्ट भए पछि संसार समुद्र तरी जान्छ । त्यसैले यो निश्चय गर कि न म हुँ, न कुनै मेरो छ । अथवा सारा म नै हुँ, म देखि भिन्न कुनै वस्तु छैन । यो निश्चय जब दृढ हुन्छ, तब संसारको द्वैतवासना हटेर जान्छ । केवल आत्मतत्त्वको सदा अनुभव हुन्छ ।

हे रामजी ! दृश्यमान संसार अज्ञानीको लागि रमाइलो हो । विचार गरी हेरे निस्सार छ । अविचार सिद्ध–पदार्थमा इच्छा गर्नु मूर्खता हो, त्यसबाट दुःख पाइन्छ ।

संसार अनित्य हो स्त्री, पुत्र धन कुनै पदार्थ रहँदैन त्यसको इच्छा नराख । परम पदको लागि प्रयत्न पूर्वक शास्त्रको अभ्यास गर, हृदयमा धारणा गर, तब तिम्रो भ्रम नाश भएर जानेछ ।

आफ्नू स्वरुप चैतन्य हो सर्वदार स्वतः प्राप्त । त्यो अनुभव मात्र आकाशरुप शुद्ध, संवित् हो । यो महारामायण ब्रह्म विद्याको उपदेशलाई हृदयमा धारणा गर । तब तिम्रो सारा जगत्भ्रम निवारण भै जानेछ र परमपद प्राप्त हुनेछ ।

हे रामजी ! अविनाशी सुखको लागि यो महारामायण ब्रह्म विद्याको अर्थमा दृढ अभ्यास गर । अरू जुन संसारका सुख हुन् त्यो दुःखको साथ मिलेको छ । आत्म सुख सबै दुःखको नाशगरी दिन्छ । त्यसैले अभिमानलाई त्यागी निरन्तर बुद्धि पूर्वक विचार गरी हृदयमा धारणा गर । तब सारा भ्रान्ति नाश भएर जान्छ र अविनाशी पद प्राप्त हुन्छ ।

अभ्यासविना आत्मपद मिल्दैन । त्यसकारण निरन्तर

आफ्नू शुद्ध चैतन्य स्वरूपको विचार गरे आत्मपद मिलिहाल्छ।

हे रामजी ! सन्त र शास्त्रको संगतबाट बुद्धि पवित्र हुन्छ। क्रोध, लोभ, मोह, आदि दुर्गुण–विकार क्षीण भएर जान्छ। तब सत्‌गुण दया, क्षमा, निरभिमान आदि तिनको हृदयमा निवास गर्छ र यथा शास्त्र कर्म गर्छ। तिनी सन्त हुन्, आचार्य हुन्, तिनका संगत गर।

हे रामजी ! जुन पुरूष वासना संयुक्त छन् तिनी बन्धनमा पर्छन्। जुन वासना रहित छन्। ती मुक्तरूप हुन्। तिमी पनि विवेक गरी निर्वासनिक होऊ।

यो सारा हो कल्पना मात्र। जस्तो स्वप्नको जगत्। मन चञ्चल भए आत्मस्वरुपमा जगत् देखिन्छ। मन शान्ति भए जगत्‌भ्रम निवृत्ति हुन्छ। तब आत्मपद प्रकाशित भै हाल्छ।

हे रामजी ! जस्तोजस्तो वासना लिई चित्त स्थित हुन्छ त्यस्तै आकार निश्चय भएर देखिन्छ। सारा जगत् भावना मात्र हो वास्तवमा केही पनि छैन। आत्मसत्तामा जस्तो भावना दृढ हुन्छ त्यस्तैभान हुन्छ। जब आफ्नू चैतन्य स्वरूपको दृढ निश्चय हुन्छ तब सारा भ्रम नाश हुन्छ। त्यसैले संसारको भावनालाई त्याग। त्यसको त्याग भएपछि देहादिको बन्धन छुट्नेछ र व्यवहारमा आशक्त हुनेछैनौ।

हे रामजी ! अज्ञानले संसारतिर जो मन संमुख भै राखेको छ। त्यसलाई जसले जितेको छ तिनी सुखी हुन्छन् र बुद्धिमान पनि तिनै हुन्। यो संसार सबै उपद्रव दिनेवाला हो। यसबाट बच्ने उपाय हो आफ्नू मनलाई वश गर्नु। यो महारामायण सबै ज्ञानसम्पन्न छ। यसको श्रवण गरेर विचार गर्नु कि यो जगत् के हो ? भोगबाट उपरत हुनु र सत् स्वरूप आत्माको अभ्यास गर्नु तब सारा जगत् ब्रह्मरूप प्रतीत हुनेछ।

जे जति भोगको इच्छा छन् ती बन्धनका कारण हुन्।

त्यसलाई त्याग गर्नु मोक्ष हो । जुन विषय भोग हो त्यो विष जस्तो र आगो जस्तो हो भनी जान्नु । जस्तो विष र आगो नाशको कारण हो । त्यस्तै विषय भोग नाशको कारण हो । यस्तो जानेर त्यसलाई त्याग गर ।

हे राम ! बारम्बार विचार गर कि विषय भोग विष जस्तो हो। यस्तो विचार गरी चित्तबाट त्यसलाई त्यागी दिए त्यसको उपभोग भए पनि दुःख दायक हुँदैन । जस्तो मन्त्र-शक्ति पुरूषलाई सर्प दुःख दायक हुँदैन । त्यस्तै तिनलाई भोग दुःख दायक हुँदैन ।

हे रामजी ! सत्संगरुपी वृक्षमा विवेकरुपी फल लागेको छ । त्यो विवेकबाट समतारूपी अमृत चुहिरहन्छ । तब मन निर्द्वन्द सारा कामना रहित निरूप्रद्रव भै स्थित हुन्छ ।

मनको चपलता, शोक अनर्थको कारण हो । त्यो मन अचल भए शान्त भएर जान्छ। शास्त्रको अर्थलाई धारण गरेपछि सन्देह नाश हुन्छ र नाना प्रकारको कलपना जाल शान्त भै जान्छ ।

हे रामजी ! जीवन मुक्त पुरुष अलेप हुन्छन् । कुनै कुरामा लिप्त हुँदैनन् । संसारको कुनै क्षोभ (चिन्ता–टन्टा) ले त्यसलाई छुँदैन । निरिच्छित, निरूपस्थित, निर्लेप र निर्दु ख हुन्छन् । शोकरूप कुहिरो नलागेको चित्त जड्ग्रन्थिदेखि मुक्त–परमा-नन्दरूप हुन्छ ।

तृष्णारूपी जालबाट जो पुरूष निक्लेको छ त्यो बहादुर हो। जसले तृष्णालाई नाश गरेको छैन त्यसले अनेक जन्म दुःख-कष्ट भोगी घुमिरहन्छ। जब तृष्णा घटेर जान्छ तब मन पनि सूक्ष्म भएर आउँछ । जब भोगको तृष्णा नष्ट हुन्छ तब मन पनि नाश भएर जान्छ। मनको उदय हुनु जीवको दुःखको कारण हो । मनको नाश हुनु परम सुखदायक हो।

हे रामजी ! ज्ञानवान्को मन नाश भैजान्छ । अज्ञानीको मन मोटाएर आउँछ । सम्पूर्ण जगत्चक्र मन मात्रै हो । मनलाई स्थित राखे जगत्को अभाव भै हाल्छ । संसारतर्फ बुद्धि भए मन मोटाई हाल्छ । संसारको वासना नाश भए शुद्ध आत्मपद मिलिहाल्छ । त्यसैले जब मन दृश्यतिर जान खोज्छ तब वैराग्यद्वारा मनलाई आफ्नू स्वरूपतिर फर्काइहाल । अर्थात् चित्तलाई शान्त राखेर प्रकाश स्वरूप-आत्मको अनुभव गर ।

मन केलाई भन्छन्–

हे रामजी ! चिन्मात्रमा जो चित् कलाको स्फुरण हुन्छ र त्यही संवेदन संकल्प–विकल्पको साथ मिलेर मलीन भएको छ, स्वरूप भुलेको छ त्यसैलाई मन भन्छन् । त्यो मन वासनाले संसारी हुन्छ । जब चित् संवेदन दृश्य सित मिल्छ र तन्मय भएपछि चित् संवित्को नाम जीव हुन्छ । त्यो जीव दृश्यसित मिलेर संसार दशामा आइपुग्छ । तब विस्तार-भाव प्राप्त गर्छ ।

हे रामजी ! आत्मपुरूष परब्रह्म हो, संसारी हैन । त्यो न रगत हो, न मासु हो, न शरीर हो । शरीर आदि सारा जडरूप हुन्, आत्मा चैतन्य आकाश, निर्लेप निर्विकार तिम्रो स्वरूप हो । शरीर तिमी हैन, शरीरलाई सबै भिन्न गरी हेरेपछि रगत, मासु, हाड, सिवाय अरू केही मिल्दैन । जस्तो केराको स्तम्भ उघारी हेरे पत्र देखि अरू केही छैन त्यस्तै मन नै जीव हो, जीव नै मन हो । मन देखि अरू आकार केही छैन, सबै विकारी हुन् ।

हे रामजी ! पुरूषको बन्धनको कारण आफ्नै कल्पना हो । जस्तो घुरान आफ्नू यत्नले आफै बन्धनमा पर्छ । त्यसैले

भोगको वासनालाई मनबाट टाढा राख। वासनाको बीज जुन अहंकार हो त्यसलाई ग्रहण नगर, त्यो अनर्थको कारण हो। जो अहंकार स्वीकार गरेपछि सारा अनर्थ आइहाल्छ। र बन्धनमा पर्छ। त्यसैले दृढ विचार गरी अहंभावलाई त्यागिदेऊ। अहंकारनाश भए दृश्यमान जगत्को अभाव हुन्छ।

हे रामजी ! वैराग्य र अभ्यासरूपी पानीले मन निर्मल हुन्छ। तब ब्रह्मज्ञानरूपी रंग चढिहाल्छ। सबै आत्मा नै देख्छ। जब सर्वात्मभावना हुन्छ तब ग्रहण-त्यागवृत्ति नाश हुन्छ। बन्धमोक्ष पनि रहँदैन।

आत्मभावनाविना दुःखको निवारण हुँदैन। जब दृश्यमा आत्मभाव हुन्छ तब दृश्य पनि मोक्षदायक हुन्छ।

जस्तो पानी र तरंग छट्टै भनी जान्नु अज्ञानीको निश्चय हो। पानी र तरंग एकै रुप हो भनी जान्नु ज्ञानवान्को निश्चय हो। त्यस्तै नाना रुप जगत् अज्ञानीले देख्छन् र दुःख पाउँछन्। ज्ञानवान्ले सारा शिवतत्व आत्मालाई देख्छन् र भेदभावना रहित अन्तर्मुखि भै सुखी हुन्छन्।

त्यो शिव कस्तो छ ? द्रष्टा र दृश्यको बीचमा जो व्यापक छ, त्यस्मा स्थित भए मन शान्त हुन्छ। जस्तो बतास नआए धुलो उड्न सक्दैन त्यस्तै मन शान्त भए देहरूपी धूलो शान्त हुन्छ।

हे रामजी ! जो पुरूष निरपेक्ष, निर्वासनिक, शान्त मन हो त्यो आफ्नू देहरूपी शहरमा विराजमान् भएर ईश्वर हुन्छ। जसको हृदयमा आत्मप्रकाश उदय भएको छ त्यो बोधवान्को मन अत्यन्त गलेर जान्छ र भय आदि विकार नाश भै हाल्छ।

हे रामजी ! आकाश सबै ठाउँमा पूर्ण छ। परन्तु सूक्ष्म भावले देखिदैन। त्यस्तै आत्मा निरंश, निराकार, सर्वगत,

सर्वव्यापक छ, परन्तु देखिदैन । त्यसैले हे राम ! त्यो आफ्नू स्वरूप चैतन्यलाई सन्त र सत्शास्त्रद्वारा हेर, आत्माको अभ्यास गर । जब अभ्यास दृढ हुन्छ तब दृश्य भ्रम निवारण हुन्छ र आत्मपद मिल्छ ।

आत्मा अस्पर्श (कसैबाट नछोइएको) सर्वत्र पूर्ण छ। परन्तु हृदयमा देखिन्छ । जस्तो सूर्यको प्रकाश सबै ठाउँमा व्यापक छ, परन्तु पानीमा प्रतिविम्ब देखिन्छ त्यस्तै आत्मा सर्वत्र पूर्ण भैकन पनि देह, इन्द्रियमा प्रतिविम्बित हुँदैन । पुर्यष्टक हृदयमा भासमान हुन्छ । त्यो आत्मा सारा संकल्प रहित, सर्वसङ्ग रहित स्वरूप हो। त्यसलाई चैतन्य, अविनाशी, आत्मब्रह्म भनेर भन्छन् । त्यो आकाश भन्दा सूक्ष्म, निर्मल, शान्त, अखण्ड, परिपूर्ण छ ।

हे रामजी ! आत्मा आभास भै जगत्रूप देखिन्छ। परन्तु जगत् कुनै वस्तु हैन। जस्तो पानी तरंगरूपले देखिन्छ तर तरंग कुनै भिन्न वस्तु होइन । त्यस्तै आत्मा देखि भिन्न जगत् छैन, सबै आत्मरूप हो ।

हे रामजी ! शुद्ध आफ्नू स्वरूपमा संवेदन जब स्फुरित हुन्छ तब नाना प्रकारको संकलपले विपर्यरूप स्वप्नजगत् देखिन्छ। यो पदार्थ हो, यो म हुँ, यो अरु हो आदि भावना हुन्छ । जब आफूलाई आफैले जान्दछ तब अज्ञान भ्रम नाश भै जान्छ ।

जसलाई आत्मज्ञान मिल्छ तिनी शान्तिरूप आत्मापाई आनन्दित हुन्छन् । जसलाई प्रमाद हुन्छ त्यो दुःखरूप जालमा परी भट्किरहन्छ, जन्म र मरण प्राप्त हुन्छ । जस्तोजस्तो कर्म गर्छ त्यस्तोत्यस्तो गति पाउँछ । जस्तो समुद्रमा तरंग उठेर लीन हुन्छ । त्यस्तै बारम्बार जन्मदै मरेर जान्छ ।

हे राम ! जस्तो सुनको गहना हुन्छ त्यस्तै मूढ जीव आफू-

लाई आकारवान् देख्छन् त्यसैले दृश्यलाई त्यागेर द्रष्टा स्वरूपमा स्थित होऊ। जसले शब्द स्पर्श रूप, रस, गन्ध आदि सबै जान्दछ त्यसलाई "आत्माब्रह्म" भनी जान। जो सबैमा पूर्ण रूपले स्थित छ त्यो स्वच्छ, निर्मल, आत्मसत्तामा द्वैत कल्पना कुनै छैन। त्यो सारा जगत् हो आफ्नू स्वरूप। त्यसैले तिमी आफ्नू हृदय भित्र अकर्ता भावना गर। बाहिर इन्द्रियहरूले जगत्को काम गर। जब स्थिरतारूप समुद्रमा तिम्रो वृत्ति धैर्य पूर्वक स्थित हुन्छ तब शान्तआत्मा हुनेछौ।

हे रामजी ! हातपाउ आदि इन्द्रियले गरेको कर्ताको नाम कर्म हो, मनले गरेको काम कर्म हो। मन नै कर्मको कर्ता हो। जब मननाश हुन्छ तब सारा कर्म नाश भै जान्छ, तब दुःख पनि छुटेर जान्छ।

जसको मन आशक्त छ तिनलाई नाना दृश्य देखिन्छ। ज्ञानबान्लाई केवल आत्मसत्ता प्रतीत हुन्छ। अज्ञान दृष्टिमा दुःख छ, बोध भए लिन भैहाल्छ। बन्ध र मोक्ष संकल्पले कल्पित मिथ्यारूप हो। यो मिथ्या कल्पना अनात्म अहंकारलाई त्यागिदेऊ र आफ्नू स्वरूपमा स्थित होऊ।

हे रामजी ! शुद्ध जो आत्म सत्ता हो, त्यस्को आश्रयमा संवेदन भासेर स्फुर्छ। त्यसलाई अविद्या भन्छ। त्यसको दुईरूप छन्, एक हो उत्तम र अर्को हो मलीन। जो स्पन्दकला आफ्नू अविद्यानाश निमित्त प्रवर्तित हुन्छ त्यो उत्तम हो। विद्या पनि त्यसैको नाम हो। त्यो सारा दुःखलाई नाश गरी दिन्छ।

अर्को जुन संसार तिर स्फुरी राख्छ, त्यो अविद्या हो। यी दुबै स्पन्दरूप हो। त्यसैले अविद्याले अविद्यालाई नाश गर।

जस्तो बत्तीले अन्धकारलाई हेर्न खोजे अँधेरो कहाँ गयो पाइँदैन ,त्यस्तै विचार गरे अविद्याको नाश हुन्छ। तब जान्न-

सकिँदैन कि कहाँ गयो ।

हे रामजी ! ठूलो आश्चर्य हो–जुन जीवको ज्ञान अविद्याले ढाकी दिएको छ । सर्वदा अनुभव आत्मसत्ता उदयरूप हो । त्यो जीवलाई थाहा हुँदैन । जबसम्म अविद्या को जानकारी हुँदेन तबसम्म स्फुरी राख्छ । जब जानी लिन्छ तब जानिदैन कि अज्ञान कहाँ गयो ।

आश्चर्य हो–जुन मायाले संसारलाई बाँधेको छ, सबैले साँचो नै हो भनी मानेको छ, परन्तु असत्य हो । किन्तु बुद्धिमान पुरूषलाई पनि त्यसले नाश गरी दिन्छ । त्यसैले संसार-रूपी मायालाई जस्ताकोतस्तै जान । तब तिमी पुरूषोत्तम हुनेछौ ।

हे रामजी ! यो जगत् सत्य हैन, स्वप्नझैं भ्रान्तिरुप हो । यस्मा जसको असत् बुद्धि छ किम्बा सत्ब्रह्म बुद्धि छ तिनी आशक्त भएर दुःखरूप संसारमा डुब्दैनन् । जसको अनात्म देहादिमा सत्य भावना छ, स्वरूपको बोध छैन, तिनी हर्ष-शोकको आपतमा परी डुब्दछन् र अत्यन्त दुःख पाउँछन् ।

हे रामजी ! जस्तो पानीमा धूलो उड्दैन त्यस्तै ज्ञानवान्-को हृदयमा दुःख उदय हुँदैन । जस्तो धागोविना कपडा हुँदैन त्यस्तै आत्मा विना जगत् हुँदैन । जगत् आत्मरूप हो । यस्तो जानेर जो व्यवहारमा प्रवृत्त हुन्छ त्यो पुरूषले मानसिक दुःख पाउँदैन ।

आत्म ज्ञान भए अविद्या क्षीण भै जान्छ । जसको संसारको पदार्थमा इच्छा भै रहन्छ तिनी अविद्यारूपी नदीमा बगेर जान्छन् ।

हे रामजी ! अविद्या अविचारले सिद्ध छ । विचार गरेपछि नाश भैहाल्छ । जब स्वरूपलाई भुल्दछ तब मिथ्या अहं उब्जी दृढ प्रतीत हुन्छ र दुःख दिन्छ । त्यसैले बल गरेर

त्यसलाई नाश गर। अविद्या सारा रोगको मूल हो, यत्न गरेर त्यसको औषधी गर। जसरी जन्म दुःख कुहिरो नलागोस्। अविद्याको कार्य जगत् पदार्थमा कुनै सुख छैन। ज्ञानवान्को त्यस्मा तुच्छ बुद्धि हुन्छ। कुनै आस्था उसले त्यसप्रति राख्दैन। जुन मूढ अज्ञानी हुन् तिनको भोगमा रस बुद्धि हुन्छ। भोग कस्तो छ? देख्नमा रमणीयता, आदि अन्त र मध्यमा दुःखरुप छ। जो पुरूष त्यस्मा आशा गर्छ त्यो मनुष्य हैन, नीच पशु-गधा हो।

हे रामजी! इन्द्रियका जुन पाँच विषय हुन्–त्यो मोह-रूप हो। विवेक मार्गको बाधक हो। जे जति जगत् जालको सम्पूर्ण विभूति ऐश्वर्य हो त्यो सारा दुःखरुप हो। पहिले त्यो राम्रो, रमाइलो देखिन्छ। पछि कलंक प्राप्त गर्छ। जस्तो बत्ती पहिले प्रकाशित हुन्छ पछि काजल लागि हाल्छ। त्यस्तै इन्द्रियका विषय दुःखरुप हो। त्यसबाट शान्ति मिल्दैन।

अज्ञानीले स्त्री आदि पदार्थ रमाइलो देख्छ। त्यो स्त्री कस्ती छिन्? रगत, मासु र हाड आदिले भरिएको उनको शरीर छ। जो त्यसलाई पाएर सन्तुष्ट हुन्छ त्यो गिद्ध हो। जो ज्ञानवान् हुन् तिनी जगत्को पदार्थमा प्रीति गर्दैन। अज्ञानीले पदार्थ स्थिररूप देख्छ। स्वादिलो मान्छ। सन्तोष गर्छ। तर ज्ञानवान्ले त्यसलाई असत्य नाशरुप देख्छ। त्यस्मा सन्तुष्ट हुँदैन। विषयभोग कस्तो छ? विष जस्तो छ। त्यसको सम्झना मात्र गरे पनि विषले झैं मूर्छा पारिदिन्छ। सत्य, विचार, आदर्शलाई भुलिहाल्छ र अन्धो जस्तो भएर दुःख-रूप खाडलमा झरिहाल्छ। त्यसैले त्यसलाई त्याग गरेर आफ्नू स्वभाव सत्तामा स्थित होऊ। ज्ञानवान् जस्तो बनेर आफ्नो विचार गर। तब परम शान्ति मिल्नेछ।

हे रामजी! तिमी पनि महापुरुष गएको बाटो लाग।

जो मार्ग परम पावन सात्विक हो, त्यस अनुसार चले आपतको समुद्रमा डुबिंदैन । पहिले यथा शास्त्र व्यवहार गर । त्यहाँबाट अन्तस्करण शुद्ध हुन्छ । तब साधु संगत गरी सत्शास्त्रको बारम्बार विचार गर्नू । जो संसारका अनित्य पदार्थ हुन्, त्यस्मा प्रेम नगर्नु । विरक्त हुनू । निरिच्छित हुनू । जुन पदार्थ त्रिलोकमा सत्यरुप हो बारम्बार त्यसको भावना गर्नू । अरू भावना मिथ्या जानेर तुरून्त त्यागी दिनू ।

हे रामजी ! सन्तजन र सत्शास्त्र जो ज्ञानको सहायक हो, त्यो सित मिलेर विचार गर्नु कि म को हुँ? जगत् के हो? राम्रोसँग प्रयत्न गरी विवेक पूर्वक सदा अध्यात्म शास्त्रको विचार गर्नू । सत्यव्यवहार, सात्विक कर्म गर्ने निश्चय गरेर मृत्युको विस्मरण गर्नू अर्थात् एक दिन यो संसारबाट मर्नू छ अथवा जानु छ भन्ने कुरा नभुल्नू । जसले मृत्युलाई विर्सेर संसारको काम, धाम, कार्यमा लाग्छ त्यो डुविहाल्छ । त्यसैले त्यो मृत्युलाई सदा संझना गरेर सन्मार्गमा लाग । जुन पदमा ज्ञानी पुरूषको महान उदारशील चित्त स्थित छ त्यो पद मार्गदर्शनको लागि सदा इच्छा राख ।

हे रामजी ! जो पुरूष सत्शास्त्र सद् विचार सन्त जनको संगत र वैराग्याभ्यास गर्छ त्यो तिमी जस्तै विज्ञानको पात्र हुन् । फेरि त्यस्तो डरलाग्दो दग्धरूप संसारमा नखस । यो तिम्रो अन्तिम जन्म हो ।

हे रामजी ! जे जति देखिन्छ त्यो सारा मिथ्या हो । मनको स्फुरण भए जगत् देखिन्छ । मनलाई स्थित गरे स्वरूप बाँकी रहन्छ । अज्ञानिको मनसँग सम्बन्ध रहन्छ । ज्ञानीको मन नाश भएर जान्छ । अज्ञानी सदा दुःखी भै बाँचिरहन्छ । ज्ञानवान् पुरूष स्वरूपमा लीन हुन्छन् र परमानन्द पद पाउँछन् ।

हे रामजी ! यी पुरूषको भित्र अनुभवरूपी चिन्तामणि छ। त्यो सित जो कुछ निवेदन प्रार्थना गर्छ त्यही रूप उसलाई मिल्छ। त्यसकारण परम पुरूसार्थ गरेर आफ्नू उद्धार गर। पुरूषार्थ प्रयत्न गरे सारा गुणले सम्पन्न हुन्छ र मोक्ष पद प्राप्त हुन्छ। तब जन्म मरण हुँदैन। यस्तो अपूर्व मार्ग र मोक्ष दायक पद पृथ्वी, आकाश, पाताल र देवलोक कहीं छैन। त्यसैले हे राम ! तिमी सबै गुण सम्पन्न छौ, धैर्य र उत्तम वैराग्य दृढ बुद्धि संयुक्त छौ र त्यसलाई पाउन धर्म बुद्धि युक्त वीतशोकरूप हौ। तिम्रो विचारक्रमलाई जसले ग्रहण गर्छ त्यो जीव मूढता रहित भएर अशोक पदलाई प्राप्त गरी चिर सुखी हुन्छ।

हे राम ! यो तिम्रो अन्तिम जन्म हो। ठूलो विवेक संयुक्त छौ। बुद्धिमा शान्तिगुण आई बसेको छ। सात्विक गुण सम्पन्न भै सबैमाथि खुशी भै रहने छौ। संसारको बुद्धि, मोह, चिन्ता, तिम्रो मिथ्या भएको छ। त्यसैले तिमी आफ्नू स्वस्थ स्वरूपमा स्थित होऊ।

स्थिति प्रकरण समाप्त

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



उपशम प्रकरण–५



योगवासिष्ठ ज्ञानमाला

उपशम प्रकरण–५

प्रथम उपदेश–५

हे रामजी ! यो उत्तम सिद्धान्त जुन उपशम प्रकरण हो, त्यो तिम्रो कल्याणको निमित्त बताउँछु सुन– यो संसार माहादीर्घरूप हो । विवेक, वैराग्य आदि गुणसम्पन्न पुरूष यत्नविना संसारमायालाई त्यागि दिन्छ । त्यो पुरूष जगत्‌को पूर्व, अपूर्वको विचार गर्छ । सन्तजन र शास्त्रको संगत गर्छ । त्यसले भने अनुसार आचार पूर्वक विचरण गर्छ । तब ईश्वर जो परमात्मा हो, त्यस्लाई देख्ने बुद्धि उब्जिन्छ । जबसम्म आफ्नू विचारले आफ्नू स्वरूपलाई चिन्दैन, तबसम्म ज्ञान मिल्दैन । जो उत्तम कुल, निष्पाप, सात्विक, राजसी जीव छन् तिनको विचार उब्जिन्छ, त्यो विचारले आफूलाई आफैले पाउँछ । तब परमानन्द सुखस्वरूप आफू (आत्मा) लाई प्राप्त गर्छ ।

हे रामजी ! तिमी यो संसारको विचार गर कि सत्य के हो, असत्य के हो, यस्तो विचार गरी असत्यलाई त्यागिदेऊ, सत्यको आश्रय गर । जुन पदार्थ पहिले थिएन र पछि पनि रहँदैन, त्यो बीचकालमा पनि असत्य हुन्छ । जुन आदि अन्त एक रस छ, त्यसलाई सत्य भनिजान्नु । जो आदि अन्तमा नाश भएर जान्छ, त्यस्मा जसको प्रेम छ र त्यसैमा राग गरी भुलेको छ, त्यो मूढ पशु हो । तिनको मनमा विवेक विचार अड्दैन ।

आफ्नू चैतन्य स्वरूपलाई भुले पछि मन उब्जिन्छ, मन बढेर आउँछ र मनले वासना अनुसार नाना रचना गर्छ। तब त्यसैलाई साँचोमानी भुलिहाल्छ र दुःख पाउँछ। मनमा जस्तोजस्तो दृढभाव हुन्छ त्यो नै सिद्ध हुन्छ। जब सम्यक ज्ञानको उदय हुन्छ तब मन निर्वाण भैहाल्छ र परम पद पाउँछ। हे रामजी ! यो संसारको मार्ग अत्यन्त गहन छ। त्यहाँ नै जीव भट्कि रहन्छ। यो चेतनवृत्ति जो चलायमान हुन्छ, त्यही संसार हो। जब यो संसरण मिट्दछ तब स्वच्छ आफ्नू स्वरूप नै भास्दछ।

हे रामजी ! जीवको कर्तव्य यो हो कि पहिले विचार पूर्वक सन्तजनको संगत र सत्शास्त्रबाट मनलाई निर्मल गर्नु। मन निर्मल भए सुजनता, आर्जव सम्पन्न हुन्छ र वैराग्य उब्जिन्छ। वैराग्य उठेपछि ज्ञानबाट गुरूसँग उपदेशपाई ध्यान अर्चनादि निर्मल विचारको उदय हुन्छ। तब आफूलाई आफैले देखिहाल्छ अर्थात् परम पद मिल्छ।

हे रामजी ! अज्ञानले जीवलाई मोह पारेको छ। देह इन्द्रियको साथ मिलेर संशयमा डुबिराखेको छ। जब विचार गरी भिन्नभिन्न जानिलिन्छ तब मोह नष्ट भएर जान्छ र संशय रहित शुद्ध अविनाशीरूप आत्मालाई देखिहाल्छ।

हे रामजी ! जस्तो अज्ञानी पुरूष चिन्तामणिको मूल्य जान्न सक्दैन। जब त्यसको ज्ञान प्राप्त गर्छ तब यथार्थ जान्न सक्छ र मोह संशय निवृत्ति हुन्छ। त्यस्तै जीव जबसम्म आत्मतत्वलाई जान्दैन तबसम्म दुःखको भोगी हुन्छ। जब यथार्थ जान्दछ तब शुद्ध शान्ति स्वरूप आफू (आत्मा) लाई पाउँछ।

हे रामजी ! देहको सँग गरेर आफू देहसित मिसिएको देखिन्छ, वास्तवमा विलकुल मिसिएको छैन, त्यसैले

आफ्नू शुद्ध निर्विकार स्वरूपमा चाँडैनै स्थित भैहाल ।

निर्मल स्वरूप जुन आत्मा हो, त्यसको अलिकति पनि देहसँग सम्बन्ध छैन । जस्तो हीलोमा परेको सुन हीलो मिलेको देखिन्छ तर सुन निर्लेप नै छ । त्यस्तै जीवको देहसँग सम्बन्ध केही छैन, निर्लेप नै छ । आत्मा भिन्न हो, देह भिन्न हो । जस्तो पानी र कमल भिन्न रहन्छ त्यस्तै हे रघुनन्दन ! म हात उठाएर भन्छु मैले भनेको कोही मान्दैन । संकल्पदेखि रहित हुनु परम कल्याण हो । यस्तो भावना किन गर्दैनौ ? जबसम्म जड धर्म अनात्म विषयभोगमा आशा गरि राख्छ र आत्मतत्त्व देखि रहित छ तबसम्म मूढ ठुटो जस्तै हुन्छ । जबसम्म स्वरूपको ज्ञान गर्दैन तबसम्म तिनको हृदयबाट संसारको तम (अन्धकार) कुनै प्रकारले नाश हुँदैन ।

हे रामजी ! आगोको ज्वाला बलोस्, वा न्ह सूर्यउदय होस् तैपनि हृदयको तम अलिकति पनि हट्दैन । जब आफ्नू स्वरूपलाई जानेर आत्मामा स्थित हुन्छ तब हृदयको अन्धकार नाश भै जान्छ । जस्तो सूर्यउदय भए जगत्को अन्धकार नाश हुन्छ त्यस्तै आत्मपदको बोध भए, स्वरूपमा स्थित भए, अन्धकाररूप संसारभ्रम अभाव हुन्छ र परमानन्द प्राप्त हुन्छ ।

हे रामजी ! देह जड हो आत्मा त्यसदेखि भिन्न हो । जो सुख दुःखको अभिमान आत्मामा देखिन्छ त्यो भ्रम असत्यरूप हो । जस्तो आकाशमा निलोपन देखिन्छ त्यो असत्य हो त्यस्तै आत्मामा सुख दुःखादि असत्यरूप हो ।

देह र इन्द्रिय भन्दा पर जुन आत्मा छ त्यसमा सुख दुःखको अभाव छ । आत्मा अविनाशी शान्तरूप हो ।

हे रामजी ! जस्तो मणिको प्रकाश मणि देखि भिन्न होइन, त्यो आफ्नै प्रकाश हो त्यस्तै आत्माको प्रकाशरूप

जो जगत देखिन्छ त्यो सबै ब्रह्मरूप हो । त्यसैले म अलग हुँ, यो जगत् अलग हो, यस्तो भ्रमज्ञानलाई त्याग। विशाल-रूप जुन ब्रह्म घनसत्ता हो त्यसमा कुनै कल्पना छैन । जस्तो पानीमा तरंग पानी देखि भिन्न हैन, पानीरूप नै हो त्यस्तै सारा प्रपञ्च आत्मरूप हो । दोश्रो कल्पना कुनै छैन ।

हे रामजी ! आफूलाई आफैले भावना गर। म चित् मात्ररूप हुँ । जगत्जाल सारा मेरो नै स्वरूप हो । म नै विशाल रूप हुँ, जो कुछ छ त्यो देव नै छ, न शोक छ, न मोह छ, न जन्म छ, न देह छ, यस्तो जानेर दुःख रहित भै हाल र आफ्नू स्वरूपमा स्थित होऊ । तिम्रो स्थिर बुद्धि छ, तिमी शान्तरूप हौ, उत्तम मणि झैं निर्मल होऊ ।

हे राघव ! तिमी निर्योगक्षमआत्मवान् भएर स्थित होऊ । यथा प्राप्त स्थित, धैर्यवान्, वीतराग, निर्यत्न, निर्मल र वितकल्मष होऊ । न दिन्छौ, न लिन्छौ, यस्तो ग्रहण र त्याग रहित शान्तरूप होऊ । विश्वदेखि अतीत जो पद छ, त्यसलाई प्राप्त गर । जो पाउन योग्य पद छ त्यसलाई पाएर समुद्र जस्तो परिपूर्ण शान्त संताप रहित भएर विचरण गर ।

संकल्पजाल देखि मुक्त, मायामलदेखि रहित, आफू आफैमा तृप्त, दुःख रहित होऊ ।

तिमी आफैले आफ्नू उद्धार गर र आफ्नो आफैले आनन्द ली आनन्दवान् होऊ । जस्तो पूर्णिमाको चन्द्रमा आफ्नै आनन्दले आनन्दवान् छ, त्यस्तै तिमी आनन्दवान् होऊ ।

यो जुन प्रपञ्चरचना देखिन्छ, त्यो असत्य हो । जो पुरूष ज्ञानवान् हुन् तिनी असत्य जानेर त्यसको पछि लाग्दैन । त्यसैले असत्य कल्पनालाई त्याग गरेर दुःखदेखि रहित होऊ ।

यो नित्य उदय शान्तरूप शुभ गुणले भरिएको उपदेश-

द्वारा चक्रवर्ती भएर तिमी पृथ्वीको राज्य गर र प्रजाको पालन गर। बाहिरको शुभ चेष्टा यथा शास्त्र गर र राज्यको मर्यादा राख, भित्र निर्लेप भएर बस।

तिम्रो न त्यागको कुनै प्रयोजन छ, न ग्रहणको प्रयोजन छ। ग्रहण र त्यागमा समबुद्धि गरी आफ्नू परमानन्द स्वरूपमा स्थित भएर राज्य गर।

हे रामजी ! मन नै हो सारा जगत-जन्म मृत्युको कारण, त्यसैले मनलाई आफूमा स्थित राख। मनलाई स्थित राख्ने उपाय हो–सन्त सज्जनको संगत र सत्शास्त्रको निरन्तर विचार।

जब मन विषयतिर दौडन्छ तब त्यहाँबाट फर्काएर सम संतोषादिद्वारा त्यसलाई वश गर। यसरी सदासर्वदा याद गरेपछि मन यताउता जान छोडिहाल्छ र आत्मपदमा स्थित हुन्छ। मनलाई जितेपछि चित्त विषयाकार हुन पाउँदैन र नचलेको शुद्ध मनमा सजिलोसित आफ्नू चैतन्यस्वरूपको अनुभव भै हाल्छ।

हे रामजी ! विषय पदार्थमा आशक्त भै राख्नु अत्यन्त मूढता हो। विषय अनात्मा हो भनिजानेर त्यस्मा अनाशक्त हुनु ठूलो उदारता हो। मन चित्तको स्फुरण मात्र हो, वस्तु-रूप हैन। त्यसैले मनको स्फुरणलाई परित्याग गरिदेऊ र जो बाँकी रहन्छ त्यो तिम्रो प्रकाशरूप आत्मा हो। यसरी निरन्तर दृश्य जगत्‌बाट मनलाई नियमन गरे पछि मनको वृत्ति संवित् तत्वमा आइहाल्छ र शुद्ध आत्मतत्त्वअनुभव स्वरूपमा स्थित भैहाल्छ।

हे रामजी ! जो पुरूष चित्तलाई सदा आत्मास्वरूप-तिर लगाई राख्छ अर्थात् आत्मा कै चर्चा, आत्मा कै कथन, आत्माकै चिन्तन र आत्मामा नै स्थित हुन्छ त्यसको चाँडैनै

आत्म संस्कार बनेर अनात्म चिन्तनलाई त्याग गरिहाल्छ र निर्मल चित्त परम पद पाउँछ ।

हे रामजी ! मन जता लगायो उतै गई रहन्छ । संसारतिर लगाए उतैको चिन्तन गरी राख्छ, आत्मापट्टि लगाए स्वरूप मै स्थित भै रहन्छ। त्यसकारण अनात्म पदार्थको चिन्तन नगर। त्यसबाट दुःखटन्टा सिवाय अरू केही पाइँदैन। त्यसैले हर समय हिड्दा, बस्दा, सुत्दा, उठ्दा मनलाई आफ्नू साथराख र आफूमै विलीन गरिदेऊ ।

जो पुरूष द्रष्टा स्वरूपमा स्थित हुन्छ त्यो संसारसमुद्र-बाट पार लागिहाल्छ। त्यसैले दृश्यलाई त्यागेर द्रष्टा, दृश्य-लाई जान्ने जो पद हो त्यसमा स्थित होऊ ।

हे रामजी ! संसार-बन्धनको कारण वासना हो । जसको वासना क्षय भएको छ त्यो मुक्त स्वरूप हो। जसको वासना पदार्थमा सत्य बुद्धि छ, त्यो बन्धनमा छ। जो पुण्यवान धर्मात्मा पुरूष हुन् तिनी मनको दशा स्थितिको विचार गर्छ र तृष्णारूपी बन्धनलाई काटी निर्मल आत्मपद पाउँछ।

हे रामजी ! जो पुरूषको यो जन्म आखीरको हुन्छ तिनीमा निर्मल गुण जुन वेदले भनेको छ, त्यो आई प्रवेश गर्छ। जस्तो उत्तम बाँसमा मोती उब्जिन्छ त्यस्तै राजसी, सात्विक गुणी पुरूषमा शुभ गुण उब्जिन्छ । जस्तो मैत्री, सौम्यता, मुक्तता, ज्ञातव्यता, आर्यता अर्थात्

मैत्री-सबैजीवमा दया गर्नु

मुक्तता– हृदयमा सदा समता भाव राख्नु ।

सौम्यता– सदा प्रसन्न भै रहनु ।

आर्यता– यथा शास्त्र आचरण गर्नु ।

ज्ञातव्यता– ज्ञान गर्नु आदि गुणहरू हुन्छन् ।

हे रामजी ! त्यस्तो राजस, सात्विक पुरूष सारा कार्य

गर्छ । परन्तु त्यसको हृदयमा लाभ, अलाभको कुनै राग-द्वेष रहँदैन । सँधै सम भावले रहन्छ, सन्तोषी हुन्छ । जस्तो सूर्य उदाए पछि अन्धकार नष्ट हुन्छ त्यस्तै आत्मभावले रागद्वेष नाश भएर जान्छ र सारा गुणको सिद्धता प्राप्ति हुन्छ ।

त्यो महापुरूषको स्वभाव सुन्दर हुन्छ, व्यवहार पनि राम्रो हुन्छ र त्यसको आचार पनि मधुर हुन्छ । सारा जीव-हरू त्यसको आचारदेखि चकित भएर तारिफ गर्दछन् र त्यसदेखि मोहित हुन्छन् ।

जस्तो सुन्दर बाँसुरीको ध्वनि सुनेर मृग मोहित हुन्छ त्यस्तै तिनलाई देखेर सबै चकित हुन्छन् । त्यो पुण्यात्मा पुरूषमा सबै गुण प्रवेश गर्छ । गुणले पूर्ण भएर गुरूको शरणमा जान्छ तब तिनीलाई गुरूले विवेकको उपदेश गर्दछन् र ऊ त्यो विवेक पूर्वक परम पदमा स्थित हुन्छ ।

हे रामजी ! जसको वैराग्य र विचारले सम्पन्न चित्त छ त्यसले आत्मदेवलाई देखी हाल्छ । त्यसलाई दुःखले छुँदैन, सदा निर्भय भएर शान्ति पूर्वक बिताउँछ । त्यसैले तिमी विचारको आश्रय लिएर मनलाई जगाऊ ।

त्यो कस्तो मन हो ? जसमा मनन नै मथन हो । जो सर्वदा प्रपञ्च दृश्यको मनन भाव गरिराख्छ । जुन अन्तिम जन्मवान् पुरूष हुन्– तिनी मनरूपी मृगलाई जगाउँछन् । पहिले गुणको ज्ञान दिएर जगाउँछन्, फेरि ठूलो गुण दिएर जगाउँछन् । फेरि त्यसलाई जानेर सेवन गर्न यत्न गरिरहन्छ । यसरी मनलाई जगाउँछ । निर्मल बुद्धिले चित्‌रूपी रत्नको विचार गर्छ । त्यो विचार गरी जगत्‌लाई आत्मरूप देख्दछ र आत्माको प्रकाश, विचारबाट अविद्यारूपी मल नष्ट भएर जान्छ ।

सिद्धगीता वर्णन ८

हे रामजी ! उदार बुद्धि भएका विदेह नगरको राजा जनक एक दिन आफ्नू अति सुन्दर वगैचामा प्रवेश गरी एक्लै घुम्न लाग्नु भयो । तब एक सालको रूखतिर शब्द सुनिन लाग्यो जो देखिंदैन । केवल शब्दमात्र सुनियो । जसबाट आत्मबोध हुन्छ । अर्थात् आत्मबोध हुने उक्त ज्ञानलाई राजाले सुन्नु भयो ।

प्रथम सिद्ध भन्नु हुन्छ– यो द्रष्टा जो पुरूष हो, दृश्य जो जगत् हो, त्यो द्रष्टा र दृश्यको बीचमा जो बुद्धि निश्चिन्त आनन्द हुन्छ । त्यो इष्टको संयोग र अनिष्टको वियोगको जो आनन्द हो त्यो चित्तमा दृढ हुन्छ । त्यो आनन्द आत्म तत्त्वबाट उदय हुन्छ त्यो निस्पंद तत्त्व हो, त्यसको म उपासना गर्छु ।

द्वितीय सिद्ध भन्नु हुन्छ– द्रष्टा, दर्शन र दृश्यलाई वासना सहित त्यागि जो दर्शनदेखि पहिले प्रकाशरूप हो, जसको प्रकाशले यो तीनै प्रकाश हुन्छ, त्यो आत्माको म उपासना गर्छु ।

तृतीय सिद्ध भन्नु हुन्छ– जो निराभास, निर्मलरूप हो र आभाष र मनन भावको अभाव हो । जसमा दोश्रो कल्पनाको अभाव छ र जो अद्वैत रूप हो, त्यसको म उपासना गर्छु ।

चतुर्थ सिद्ध भन्नु हुन्छ– जो दुईटाको बीचमा छ, जो अस्ति, नास्ति, दुवै पक्षले रहित-प्रकाशरूप सत्ता हो, जस्ले सूर्य आदिलाई पनि प्रकाश गर्छ, त्यो आत्माको म उपासना गर्छु ।

पंचम सिद्ध भन्नु हुन्छ– जो ईश्वर सकार हकार हो अर्थात् सकार जसको आदिमा र हकार जस्को

अन्तमा छ त्यो सोऽहं अन्तदेखि रहित आनन्द, अनन्त जुन शिव परमात्मा हो त्यो अनन्त आत्मा सबै जीवको हृदयमा निरन्तर जो अहं रूप भएर उच्चारण हुन्छ, त्यो आत्माको म उपासना गर्छु ।

षष्ट सिद्ध भन्नु हुन्छ– सबैको हृदयमा स्थित जुन ईश्वर हो त्यसलाई त्यागेर जो अरू ठाउँमा देवताको खोजी गरिरहन्छ त्यो पुरूष आफ्ना हातमा परेको चिन्तामणि लाई त्यागगरी अरू रत्नको इच्छागरी रहन्छ ।

सप्तम सिद्ध भन्नु हुन्छ– जब सबै आशालाई त्याग गरिदिन्छ तब त्यसको फल प्राप्त हुन्छ । जुन आशारूपी विषको (वृक्ष) छ त्यो जरै सहित नाश हुन्छ, अर्थात् जन्म, मरण, आदि दुःख नाश भएर जान्छ र फेरि जन्म मरण हुँदैन ।

हे रामजी ! जुन पदार्थ अत्यन्त विरसरूप हो भनी जाने र फेरि उसैमा आशा इच्छा गरी रहन्छ भने त्यो दुर्बुद्धि पुरूष पशु झैं गधा हो । मनुष्य हैन । त्यसले धेरै दुःख पाउँछ, शान्ति मिल्दैन । त्यसैले जुनजुन विषयमा तिम्रो दृष्टि पर्छ अर्थात् चित्त वृत्ति उडेर जान्छ त्यसलाई विवेकद्वारा नाश गर । जब यसप्रकार शुद्ध आचरण ग्रहण गरी लिन्छौ तब समभाव प्राप्त हुनेछ । त्यहाँबाट तिम्रो मन आत्मपदरूप उपशममा स्थित हुनेछ । अर्थात् अक्षय अविनाशी पद प्राप्त हुनेछ ।

हे रामजी ! विषयको दृढ चिन्तनबाट भासमान भएको यो संसारलाई ब्रह्मको दृढ चिन्तन गरे पछि नाश भइहाल्छ । त्यसैले मनलाई आफूतिर फर्काएर सारा कल्पनाको प्रकाशक दृश्य रहित आफ्नै साक्षी स्वरूपमा लक्ष्य स्थिर गरेपछि दृश्यको स्फुरण मेटिएर जान्छ अर्थात् कल्पित दृश्य अभाव भैहाल्छ ।

जनक–विचार–९

हे रामजी ! अब जनकको विचार सुन– महीपति राजा जनक सिद्धको गीता सुनेर अत्यन्त विस्मात गरी आफ्नू दर्वारको कौसीमा पुगी यताउता हेरेर संसारको चञ्चल गतिलाई देखेर विलाप गर्न लागे। बडो दुःख हो कि म पनि संसारमा लोकको जुन चञ्चल गति छ, त्यसैमा आस्था गरिराखेको छु। यो देखिएको पदार्थ सारा जड् रूप हो, चेतन कुनै छैन। जस्तो सारा जीव पाषाणरूप हुन्। त्यस्तै म पनि तेस्मा ढुंगा जस्तो भैराखेको छु। काल जो हो त्यसको अन्त छैन, अनन्त छ। केही क्षण बाँचनु छ। त्यो बाँची रहन मैले आस्था गरेको छु, यस्तो मूर्ख मलाई धिक्कार छ।

म अधम चेतन हुँ यिनीहरू कतिका मन्त्री आदि परिवार मेरा छन्, राज्य छन्, यी सारा क्षणभंगुर हो। पलपलमा विनाश हुँदै गएको छ। यो जुन सुख हो त्यो दुःखरूप हो। यसबाट रहित भएर म कसरी स्थित हुने ? जस्तो महापुरूष बुद्धिमानहरू स्थित छन्।

आदि अन्त तुच्छ रूप हो र मध्य बीचमा बाँचिरहनुको जीवन व्यर्थ हो। त्यस्तो विनाशकारी वस्तुमा मैले के आस्था गरी रहेको हुँ। यो प्रपञ्च रचना इन्द्रजालीको जस्तो झूटा हो त्यस्मा म किन मोहित भएको हुँ ? जो वस्तु उचित, उदार र अकृत्रिम हो त्यो यो संसारमा अलिकति पनि छैन, मेरो बुद्धि किन नाश भएको हो।

यो जुन लोक छन् त्यो सारा नाशवान् हुन्। उदय हुन्छ र मेटिएर जान्छ। पानीको तरंग जस्तो सारा पदार्थ क्षणभंगुर हुन्। जो कुछ सुख देखिन्छ त्यो दुःखसाथ मिलेको छ। त्यस्मा मैले के आस्था बाँधेको हुँ। जो ठूला ठूला बलवान,

धनवान् थिए ती सबै नष्ट भै गए स्थिर कुनै रहँदैन। त्यसैले मैले जानिसकें कि यो जगतमा सत्य पदार्थ केही छैन। सारा नाशरूप हो। त्यस्तो कुन पदार्थ होला जसमा आस्था राखुँ। जो ठूला ऐश्वर्यवान् थिए तिनी केही दिन पछि गरीब भै दीन भएका छन्।

हे चित्त! अत्यन्त खेद छ कि तिमीले केका निम्ति आस्था राखेका हौ। म ठूलो पदमा स्थित भैकन पनि नीच भई अध पतन भएको छु। बडो कष्ट छ कि म आत्मा हुँ तर नाश भैराखेको छु। कुन कारणले हो अकस्मात म मोहमा परेको छु। मेरो बुद्धिलाई त्यसले अपहरण गरिदिएको छ। जस्तो सूर्यलाई मेघले ढाकिल्याउँछ तब सूर्य देखिंदैन त्यस्तै आत्मा देखिंदैन। भोगसित मेरो के सम्बन्ध छ र? बान्धव सित मेरो के छ? यिनीसित किन मोहित भएको हुँ? जस्तो बालक छाँया देखेर डराउँछ त्यस्तै जीव देहको अभिमान गरी आफै बन्धनमा परि कष्ट पाइराखेको छ। यी सारा पदार्थ क्षोभका कारण हुन्, यो जस्ताको तस्तै रहन्छ। यस्मा न मेरो ममता छ न सँग छ यी सब असत्य-रूप हुन्।

संसारको सुख विषरूप हो, यस्मा आस्था गर्नु मूर्खता हो। जो बडेबडे ऐश्वर्यवान् थिए बडा पराक्रमि गुणवान् थिए ती परिवार सहित सबै कालको मुखमा परिसके। तब म किन यो राज्यसंसारमा आस्था बाँधी बाँचिराखुं। त्यसैले मलाई धिक्कार छ।

अहंकाररूपी पिचाशले क्षणक्षणमा आयुर्बल व्यतीत (नाश) भएको छ। देख्दै पनि देखिंदैन, कालको सूक्ष्म गति छ। कस्तो काल हो? जो सबैको पाउ मुनि बसी सदा कुरि रहेको छ। सदाशिव र विष्णुलाई जसले खेल्ने भकुण्डो

बनाउँछ । त्यस्तो काल जसले सबैलाई भोजन गरिहाल्छ तब मैले बाँचिरहन के आस्था गरिराख्नु । जे जति पदार्थ छन् ती सबै निरन्तर नाश भै रहन्छन् । जो अविनाशी वस्तु हो त्यो अहिलेसम्म देखिएन । जसको चित्तमा भोगको अभिलाषा छ त्यसको अविनाशी पदमा दृष्टि हुँदैन । तब कष्ट देखि कष्ट मिल्छ, दुःख देखि दुःखान्तर पाउँछ । अहिलेसम्म मलाई विरक्तता आएन, त्यसैले मलाई धिक्कार छ ।

जुन मैले आस्था गरी बसी राखेको थिएँ त्यो मेरो शरीर कस्तो छ ? हाडमासुले बनेको, छालाले वेरिएको, मलमूत्रले भरिएको दुर्गन्धयुक्त, अपवित्र पदार्थले रचेको र विनाशरुप, पर्श गर्न पनि योग्य छैन । त्यसको साथ मेरो के प्रयोजन छ ? जुनजुन पदार्थ-विषयमा लोकआस्था बाँधिएको छ ती ती विषयमा दुःखनै देख्दछु । तर जीव यस्तो जड, मूढ छ कि सर्वदा यसैमा लागिरहन्छ । दिनदिन पाप कर्म गर्छ । दिनदिन खेद गर्छ । पछुताई रहन्छ तापनि त्याग गर्दैन । यस्तो जड मूर्ख मनुष्यले परमार्थ कार्यलाई कहिले साधिलिन्छ ।

यो जगत् अत्यन्त विरस छ । एक भावमा रहँदैन । सारा जगत् असार, अनित्य, असत्यरूप हो । यस्मा सार कुनै छैन । सारालोक आपदयुक्त छन् । सारा दुःखको मूल चित्त हो । त्यो शरीररूपी रूखमा सर्पझैं रहन्छ। आधि-व्याधि-दुःखरूपी विष वकलछ । त्यो कसरी निवृत्त होला ? र सुख मिल्ला ? यसरी जीव नीच अधोगति भैराखेको छ । कुनै विरलै साधु होला जस्को हृदयमा चित्तरुपी सर्प भोगको तृष्ण ारुप विषले संयुक्त नभएको होस् । त्यो दुर्लभ हो ।

यो जीव जन्मन्छ र मर्छ त्यसमा विरलै दुःख देखि रहित हुन्छन् जुन राम्री स्त्रीहरू छन् नीलकमल जस्ता जसका आँखा छन् । अत्यन्त हँसिलो अनुहार भएकी र विलास

आदि गहनाले सिगारिएकी छिन् । तिनीलाई देखेर मलाई हाँसो लागेको छ कि यिनी हाड, मासुको पुतली हो, क्षणभर मात्र यिनको स्थिति छ । जुन पदार्थ अत्यन्त राम्रो देखिन्छ त्यो अस्थिररूप नराम्रो भएर जान्छ र नाश भैहाल्छ। केका लागि त्यसको चिन्ता एव इच्छा गर्नु ? यहाँ नाना प्रकारको संपद प्राप्त हुन्छन्, किन्तु जब कुनै ठूलो विपत आइहाल्छ तब सारा सम्पद–विपतरूप भएर जान्छन् । यी सारा जगत्-जाल मनको स्फुरण मात्र हो । मनको वृत्ति चञ्चल, क्षण-भंगुर हुन् । अज्ञानताले अहं इदं आदि कल्पना गरी त्याग र ग्रहणको भावना गर्दछन् जो मिथ्या हो । मूर्ख मनुष्य क्षीण-रूप जुन संसार सुख हो त्यस्मा सुख ठानेर त्यसको पछि लाग्छन् तर त्यो सुख नाश भएर जान्छ । जस्तो पुतली बत्तीलाई सुखरूप ठानेर त्यस्मा होमिन्छ र डढेर मर्दछ त्यस्तै संसारको सुख लिन खोजे तृष्णाले डढदछ । जस्तो नरकको अग्निले डढाउँछ त्यो बरु श्रेष्ट हो । परन्तु क्षणभंगुर जुन संसारको सुख हो–त्यो अत्यन्त नीच हो । नाश भएर पनि दुःख दिएर जान्छ ।

दुःखको पनि सीमा छ, भोगको इच्छा देखि ठूलो दुःख अरू कुनै छैन । जहाँबाट यो संसार समुद्रमा गिरिहाल्छ, त्यसले सुख पाउँदैन । म पनि अज्ञानी जस्तो काठ, ढुङ्गा झैं गरिबसिरहेछु । ठूलो दुःख हो कि अज्ञानिजस्तो शम आदि सुखलाई त्यागेर क्षणभंगुर संसारको सुखको निम्ति यत्न गरिरहेछु । जस्तो बरफबाट आगो उम्रँदैन त्यस्तै संसारबाट सुख उब्जँदैन ।

संसारको भोग देख्न मात्र राम्रो हो, भित्र दुःखले भरिएको छ । जुन मन हो त्यो वानर झैं चञ्चलरूप छ । त्यसैले यो रचना रचेको छ । जबसम्म वस्तु तत्त्व जानेको छैन

तबसम्म चञ्चल हुन्छ । जब विचार गरी जानिलिन्छ तब भोग पदार्थको राम्रोपन रहित मनको अभाव भैहाल्छ । त्यसैले अब नाशरूप पदार्थमा रमाइलो मान्दिन ।

संसारको वृत्ति कस्तो छ ? अनेक फाँसी मिसिएको छ । त्यस्मा खस्छ र फेरि उफ्रन्छ, शान्ति कहिले पनि हुँदैन । त्यस्तो संसारी वृत्तिलाई मैले धेरै कालसम्म भोगी सकें । अब म भोगदेखि रहित भएर ब्रह्म नै भैहाल्छु ।

यो संसारमा बारम्बार जन्म-मरण भैरहन्छ । शोक नै मिलिरहन्छ । अब संसारको वृत्ति देखि रहित भै शोकदेखि रहित हुन्छु । अब म प्रबुद्ध भएँ । हर्षले गदगद छु । मैले आफ्नू चोरलाई आफैले देखें ! जसको नाम हो मन । अब यसलाई मारिदिन्छु यो मनले मलाई धेरै काल पर्यन्त मारि-राखेको थियो र धेरै कालसम्म मेरो मनरूपी जुन मोती हो त्यो हराएको थियो अब मैले त्यो पाएँ । अर्थात् पहिले आत्म विचार रहित थिएँ । अब त्यो मनलाई मैले आत्म विचारमा जोडिदिएँ । त्यो आत्मज्ञानको योग्य छ । त्यसैले आत्मज्ञान गरी मोक्ष पाउँछ । मेरो मनरूपी बरफको ढीका जमिराखेको थियो अब विवेकरूपी सूर्य उदाएर जलाई दिएका छन् । अब मलाई अक्षय शान्ति मिलेको छ ।

यस्तो अनेक प्रकारको वचन भनेर साधुरूप जुन सिद्ध थिए तिनले मलाई जगाइदिए । मैले अब आत्मपदलाई पाइहालें । यो आत्मरूपी चिन्तामणि पाएर एकान्तमा स्थित भै सुखी भैहाल्छु । मनरूपी जो शत्रु छन् तिनले मलाई भ्रम पारेका थिए अब विवेकद्वारा नष्ट भएका छन् । अब मैले उपशमलाई पाएको छु, त्यसैले हे विवेक तिमीलाई नमस्कार छ ।

—०—

जनकनिश्चय–वर्णन–१०

हे रामजी ! राजा जनकले निश्चय गर्नु भयो कि संसारको विचित्र जुन स्थिति हो त्यो कति दिन रहने ? यो क्षणभंगुर हो । यसलाई छोडी अब म एकान्तमा गएर बस्छु । नाना प्रकारको राजभोगबाट अब म तृप्त भएको छु । सबै कर्म त्याग गरी केवल सुख स्वरूपमा स्थित हुन्छु । मेरो चित्त भोगमा चञ्चल थियो त्यो भोग भ्रमरूप हो । त्यस्मा शान्ति हुँदैन तृष्णा बढ्दै जान्छ । अब म त्यसलाई त्याग गरी दिन्छु । हे चित्त ? तिमी जहाँ जहाँ गै जुन जुन भोग भोग्यौ त्यो सबै मिथ्या हो किनकि तृप्ति त कुनैबाट पनि मिलेन त्यसैले भ्रमरूप भोगबाट उपरत भएर बस्छु तब परम सुखी हुन्छु ।

मैले उचित अनुचित भोग बारम्बार भोगें । परन्तु तृप्ति कुनैबाट भएन । त्यसैले हे चित्त ! त्यसलाई त्यागी परम पदको आश्रय लेऊ । जब यो तुच्छ भोगलाई त्यागी परम पद आफ्नू चैतन्यस्वरुपको आश्रय लिन्छौ तब आनन्द पद पाउने छौ ।

हे रामजी ! यसप्रकार चिन्तना गर्दै मनको चपलतालाई त्यागी राजा जनक शान्त भएर स्थित भए । त्यसपछि मनको समता निम्ति फेरि राजाले चिन्तन गर्न लाग्नु भो कि मैले यत्न गरी ग्रहण र त्याग गर्न योग्य कुनै पदार्थ छैन । शारा नाशरुप हुन् । जोकुछ कर्तव्य हो त्यो शरीरले गर्छ, निर्मल अचलरूप चेतन जो हो त्यो न गर्छ, न भोग्छ । त्यसैले मेरो कर्तव्य केही छैन । अब स्वरूपमा स्थित् भै स्वस्थ भएर स्वरूप मै रहन्छु ।

कर्म गर्नु शरीरप्रकृतिबाट हुन्छ, आत्माको कर्तव्य कुनै छैन । त्यसैले म यसबारे निसंग भएर बस्छु । जो देहसित

मिलेर मन कर्म गर्छ तब कर्ता भोक्ता हुन्छ। इष्ट अनिष्टको प्राप्तिमा राग-द्वेषवान् हुन्छ। जब मनको मनन उपशम हुन्छ तब कर्तव्य पनि अकर्तव्य हुन्छ। जस्तो निश्चय भित्र दृढ हुन्छ त्यहीरूप पुरूषको हुन्छ। जस्को हृदयमा अहंभाव छैन किन्तु बाहिर कर्मचेष्टा गर्छ तापनि उसले केही गरेको छैन।

जसको हृदयमा म भन्ने अभिमान छ तिनी बाहिर अकर्ता देखिन्छ तापनि अनेक कर्म गरिराखछन्। त्यसैले जस्तो निश्च भित्रदृढ हुन्छ त्यस्तै फल मिन्छ। जो बाहिर कर्ता पनि हुन् परन्तु भित्र कर्तव्यको अभिमान छैन तब त्यो धैर्यवान् पुरुष अनामय पदमा प्राप्त हुन्छ।

चित्तको शासन–११

हे रामजी ! यसप्रकार चिन्तना गरी चित्तको बोध गर्न राजा जनक फेरि विचार गर्न लागे। हे चञ्चलरूप चित्त! परमानन्द स्वरूप जो आत्मा छ त्यो तिमीलाई सुखदायक भएन। जुन मिथ्या संसार हो त्यहाँबाट सुखको इच्छा गरी रहन्छौ। हे मूर्ख चित्त जतिजति संकल्प-इच्छा गरिरहन्छौ त्यतित्यति संसारको दु:ख बढेर जान्छ। जस्तो पानी राखे-पछि वृक्षको हाँगा बढेर जान्छ त्यस्तै संसारको भोगमा सुख-देखि बढ्ता दु:ख प्राप्ति हुन्छ। त्यस्तो दु:खरूप भोगको इच्छा किन गरिरहन्छौ। यो संसार चित्तजालबाट उब्जेको छ, जब तिमी त्यसलाई त्यागिदिन्छौ, तब दु:ख हटेर जानेछ। स्फुरणको नाम दु:ख हो। स्फुरण नभए कुनै दु:ख रहँदैन। यो संसार महाचञ्चल छ, देख्न मात्र राम्रो छ। वास्तवमा केही छैन। यसबाट सार मिले तिमी यसको आश्रय गर। त्यो त क्षणभगुर हो र दु:खको खानी हो। त्यसैले त्यस्को आस्था-त्याग र आत्मतत्त्वको आश्रय गर। शुद्ध निर्मल भएर जगत्मा

विचरण गर । तब तिमीलाई दु:खले छुन सक्ने छैन । जुन अविद्यमान असत्यरूप हो त्यस्को आस्था किन गर्नु ? त्यो त असत्यरूप हो । तिमी त सत्यरूप हौ । असत्य र सत्यको सम्बन्ध कसरी होला ? मरेको र जिउँदोको सम्बन्ध कहिले भएको छ ? जो तिमी भनौला चेतनतत्त्व, दृष्यरूप हो । तब दुबै सत्यस्वरूप हुन् । तब सदा विस्तृतरूप आत्मा नै भयो । हर्ष र विस्मात् कसको गर्ने? तिमी मूढ नहोऊ । समुद्र जस्तो अक्षोभ भएर आफ्नू स्वरूपमा आफै स्थित होऊ । संसारको भावना त्यागेर मान, मोह, मलको त्याग गर । संसारको इच्छा दु:खको कारण हो यसलाई त्यागेर आत्मतत्त्वमा स्थित भए परिपूर्णपदको प्राप्ति हुन्छ । त्यसैले बल गरेर त्यसको आश्रय लिएर चञ्चलतालाई त्यागिदेऊ ।

हे रामजी ! यसप्रकार विचार गरी राजा प्रबोधवान् भए । सारा मोह नाश भयो । आफ्नू स्वरूपमा स्थित भएर सबै कार्य गर्न लागे । इष्ट प्राप्तिमा खुशी हुनु र अनिष्ट प्राप्तिमा शोक गर्नुलाई छोडेर सम स्वच्छ भएर स्थित भए । महाप्रकाशरूप चेतन आत्मा अनायास हृदय भित्र प्रकाशमान भयो । जस्तो आकाशमा सूर्यको प्रकाश हुन्छ त्यस्तै अनन्त आत्मा प्रकट भयो । सारा पदार्थ त्यसमा प्रतिविम्बित देखे । जस्तो शुद्ध मणिमा प्रतिविम्ब देखिन्छ त्यस्तै सारा पदार्थ आफ्नू स्वरूपमा आत्मरूपले देख्नु भयो । इन्द्रियको इष्ट, अनिष्ट, विषयको हर्ष, शोक हटेर गयो । सदा समान भएर प्रकृत व्यवहार गरी राजा जनक रहनु भयो ।

हे रामजी ! जनकलाई ज्ञानको दृढता भयो । सन्तापले रहित भए । राज्यमा कुनै अर्थ लाभ भए पनि अथवा अस्त (नाश) भए पनि हर्ष-शोक केही भएन । राज्यको काम, धाम, सबै गरिराखे । परन्तु हर्षशोक कहिले पनि लिनु भएन ।

हृदय भित्र केही राख्नु भएन । यसरी विदेह नगरको राज्य गर्नुभयो ।

हे रामजी ! तिमी पनि त्यस्तै सबै कार्य गर । परन्तु निरन्तर आत्मस्वरूपमा स्थित रहुँ । तिमी पनि मुक्त शरीर हौ, राजा जनक को झैं सबै पदार्थको भावना अस्त गरी सुषुप्ति जस्तो वृत्ति भै बस ।

हे रामजी ! जबसम्म आत्मपद प्राप्त हुँदैन तबसम्म उनको हृदयमा आफ्नू पुरूषार्थरूपी विचार उदय हुँदैन । जब आफैंले विचाररूप पुरूषार्थ जगाउँछ तब सारा दुःख हटेर जान्छ र परमपद प्राप्त हुन्छ ।

हे रामजी ! त्यस्तो पद शास्त्र, अर्थ र पुण्यकर्म गरी मिल्दैन । जस्तो पद आफ्नू हृदयमा विचार गरेपछि प्राप्त हुन्छ त्यो पद स्वच्छ र निर्मल छ । हृदयको चञ्चलतालाई निवृत्त गरिदिन्छ । बुद्धिलाई विचाररूपी प्रकाश गरी हृदयको अज्ञान नाश भएर जान्छ ।

हे रामजी ! जुन ठूलो आपदरूप दुःख तर्न कठिन छ, त्यो आफ्नू बुद्धिले तर्न सजिलो हुन्छ । जस्तो जहाजमा चढेपछि ठूलो समुद्र पनि पारहुन्छ । जो बुद्धिदेखि रहित मूर्ख हो उसलाई थोरै आपत्ति आए पनि ठूलो दुःख हुन्छ । बुद्धिमानलाई ठूलो आपत्ति परे पनि दुःख हुँदैन । त्यसैले सत् पुरूषको संग र सत्शास्त्रको विचार गर । बुद्धिलाई बढाऊ । जब बुद्धि सत्यमार्गतिर लाग्छ तब तिनलाई परम बोध प्राप्त हुन्छ ।

हे रामजी ! जे जति समय संसारको निमित्त यत्न गर्छ त्यही यत्न सत्य मार्गतिर गरे दुःखबाट मुक्त भैहाल्छ र परम संपदको भण्डार मिलिहाल्छ । संसाररूपी वृक्षको बीज बुद्धिको मूढता हो । त्यसैले मूढता देखि रहित हुनु ठूलो लाभ हो ।

हे रामजी ! बोधरूपी चिन्तामणि आफ्नू हृदयभित्र छ । त्यसबाट विवेकरूपी फल मिल्छ । जस्तो कल्पलताबाट चिताएको फल पाइन्छ त्यस्तै सारा फल बोध मिले पाइन्छ। जस्तो जान्ने पुरूषले महान् समुद्रपार तारिदिन्छ अनजानले उतार्न सक्दैन । त्यस्तै सम्यक् बोध भए संसार समुद्रबाट पार हुन्छ । असम्यक् बोधले जडतामा डुवाई दिन्छ ।

हे राम ! जसले थोरै भए पनि बुद्धि सत्मार्गतिर लगाउँछ उसले महान् संकटलाई हटाइदिन्छ । जस्तो सानु डुङ्गाले पनि नदीको पार तारिदिन्छ । त्यसैले जुन बोधवान् हुन् त्यस्को हृदयमा संसारको दुःख पस्न सक्दैन । जस्तै कवच पहिरेको पुरूषको छातीमा वाँण भेधन गर्न सक्दैन । बुद्धिले नै पुरूष सर्वात्म पदलाई प्राप्त गर्न सक्छ । त्यसैले हे राम ! बुद्धिलाई आत्मा–तिर जोड । न जोडे अविद्या उत्पन्न भएर तिमीलाई धेरै दुःख दिन्छ । आफ्नू चिदानन्द स्वरूपको ज्ञान भए अविद्यानष्ट हुन्छ । पदार्थको इच्छा हृदयमा उदित भए अविद्यारूप नदीले बगाई लान्छ ।

हे रामजी ! अविद्यारूपी अन्धकार आए आफ्नू स्वरूप–लाई ढाकिदिन्छ तब जन्म-मृत्यु खाडलमा परी ठूलो दुःख पाउँछ । त्यसैले बल गरेर पनि त्यसलाई नाश गर र प्रयत्न-पूर्वक त्यसबाट मुक्त भैहाल ।

अभ्यास र वैराग्यलाई नछोड, बल गरेर मनलाई वृत्ति रहित तुल्याऊ र आफ्नू उद्धार आफैले गर ।

हे रामजी ! संसारको बीज अहंकार हो । अहंकारलाई हटाइदिए तिमी अविनाशी, अभयपद, आत्मस्वरूपमा पुगि-हाल्छौ । आफूलाई भिन्न रुपमा जान्नु हो अहंकार, त्यसैले विचारको सहारा लिएर सत्वस्तुको खोजी गरे सजिलैसित

आत्म देवको दर्शन हुन्छ, तब परमानन्द मिल्छ।

जे जति देखिन्छ, त्यो सारा स्वप्नमा देखिएको झैं हो भनिजान। त्यसलाई साँचो ठानेर त्यसको इच्छा गरे अनर्थमा डुबिन्छ। त्यसकारण पदार्थको भावनालाई त्याग गरेर आत्म स्वरूपमा स्थित होऊ।

हे रामजी ! जब बुद्धि निर्मल हुन्छ, तब यो महारामायण शास्त्रको उपदेशरूप बीज पाइन्छ। वैराग्यलाई ग्रहण गरेपछि परम पदको प्राप्ति हुन्छ। यो अतुलनीय पद हो, यसको समान अरू कुनै छैन। त्यसैले बुद्धिलाई निर्मल पार।

मनो निर्वाण–१३

हे रामजी ! जबसम्म आत्मदेव प्रसन्न हुँदैनन् तबसम्म इन्द्रियरूप शत्रुलाई जित्ने प्रयत्न गर। जब आत्म देव प्रसन्न हुन्छन् अर्थात् सर्व व्यापक जो परमात्मा इश्वरको इश्वर हो त्यो आफै स्वयं प्रकाश हुन्छन् र दृश्य क्षीण भएर जान्छ। जब परमात्माको साक्षात्कार हुन्छ, तब सारा भ्रान्ति-दृष्टि नाश भएर जान्छ। त्यसैले हे राम ! तिमी सदा बोधवान् भएर आत्म पदमा स्थित होऊ। "ब्रह्ममा लक्ष्य राखेर जगत्मा विचरण गर। तब तिमीलाई खेद-चिन्ता कुनै हुने छैन।

जब नित्य आत्म विचार हुन्छ, तब परमदेव आफै खुशी हुन्छन्। त्यसको दर्शन भए चञ्चलरूप संसारमा जनक झैं हाँस्ने छौ।

हे रामजी ! संसारको भयबाट जो जीव भयभीत भएको छ त्यसको रक्षा गर्ने आफ्नै पुरूष प्रयत्न हो। अरू देवताले अथवा कर्म गरेर, धन, बान्धवबाट, रक्षा हुँदैन। त्यसैले बल गरेर सतसंग र सस्त्रको मार्गमा लाग। तब दृश्य रहित द्रष्टा भई आफ्नू स्वरूपलाई देख्नेछौ।

हे रामजी ! जो पुरूष ईश्वरलाई मान्छ र विश्वास गर्छ तर शास्त्र विरुद्ध कर्म गर्छ, संकल्प-विकल्प, गरि रहन्छ । त्यो मध्यम बुद्धिवाला हो । त्यसको मार्गमा तिमी नलाग्नु । उसको बुद्धि नाश भैराखेको छ । ,

तिमी परम विवेक विचारको आश्रय गर र आफैलाई आफूले देख । वैराग्यवान् शुद्ध बुद्धि गरेर संसार समुद्रबाट तरिहाल ।

जब अहं, त्वम् आदि अन्धकारलाई विचाररूपी सूयले क्षीण (नाश) गरिदिन्छ तब परमात्माको प्रकाश साक्षात् भइहाल्छ। स्वरूपको साक्षात्कार भए जगत्अन्त भैहाल्छ। चित्त नै हो संसार चित्तको नाश भए जगत् पनि नाश भैहाल्छ तब परम पद मिल्छ। त्यसैले तिमी विचार गरेर अहं वासनालाई त्याग गरिदेऊ। अहंकाररुपी मेघ जब नाश हुन्छ तब चित्ताकाश निर्मल हुन्छ तब आत्मारूपी सूर्य प्रकाश हुन्छ। आत्मालाई जानेपछि दृश्य जगत् आत्मस्वरूपमै विलीन हुन्छ, जगत्को सत्ता रहँदैन ।

हे रामजी! तिमीले यस्तो धारणा गर कि न म हुँ, न अरु कुनै छ, जब यो भावना दृढ हुन्छ, तब मन शान्त हुनेछ । तिमी इन्द्रियको इष्ट, अनिष्टमा हेयोपादेय बुद्धि नगर । दुबैको त्यागपछि जो शेष रहन्छ त्यसैमा स्थित होऊ। जबसम्म हेयोपादेय बुद्धि क्षीण हुँदैन तबसम्म समता भाव आउँदैन । जबसम्म समता आउँदैन तबसम्म युक्त, अयुक्त, लाभ, अलाभको इच्छा मेटिंदैन । त्यसैले परम पुरूषार्थ गरेर चित्तलाई आफ्नू आत्मस्वरूपमा निरन्तर राख। तब तिमीलाई समता आदि दैबी संपद सारा मिल्नेछ ।

हे रामजी ! जबसम्म इच्छा अनिच्छा स्फुरी राख्छ तबसम्म अचल भाव हुँदैन। त्यसकारण तिमी इन्द्रियको

इष्ट-अनिष्टमा हेयोपदेय बुद्धि नगर, दुबैलाई त्यागेपछि जो जो शेष रहन्छ त्यसमा स्थित होऊ। जबसम्म युक्त, अयुक्त, लाभ, अलाभको भावना मेटिंदैन तबसम्म शुद्ध समता र निरसता उब्जँदैन। जो हेयोपादेय बुद्धि देखि रहित छन् त्यो पुरूषलाई यस्तो शक्ति प्राप्त हुन्छ। अर्थात् भोगमा निरसता, देह-अभिमान रहित, निर्भयता, नित्यता, समता, सबैमा पूर्ण आत्म-दृष्टि ज्ञान निष्टा सबै इच्छा रहित निरहंकारिता आफूलाई सदा अकर्ता जान्नु, इष्ट अनिष्ट प्राप्तिमा सम चित्त, निर्विकल्पता, संधै आनन्दित रहनु, धैर्य भै सदा एकरस रहनु, स्वरूप-देखि अरु वृत्ति नस्फुराउनु, सबैसित मैत्रीभाव, सत्यबुद्धि, तुष्टता, मुदिता, आदि शक्ति हेयोपादेय रहित पुरूषलाई प्राप्त हुन्छ।

हे रामजी ! संसारको पदार्थतिर जुन चित्त गैरहन्छ, त्यसलाई वैराग्य गरी फर्काउनु। जस्तो उडेको चंगालाई पुरूषले खिचेर ल्याउँछ त्यस्तै जगत्बाट वृत्तिलाई तानेर मनलाई आत्मपदमा लगाउनु, तब आत्मभाव प्रकाशित हुन्छ। त्यसैले भित्रबाट सबै वासनाको त्याग गर र बाहिर क्रिया गर। वेगले हिंड, श्वास लेउ, सबै प्रकारको चेष्टा गर परन्तु भित्रबाट अनाशक्त होऊ।

संसाररूपी समुद्रमा वासनारूपी पानी भरिएको छ। चिन्तारूपी बुद्धि (धागो) छन। त्यस्मा तृष्णारूपी माछा फसिहाल्छ।

हे रामजी ! यो जुन विचार तिमीलाई बताएँ त्यो विचाररूपी शिला (ढुंगा) लाई घोटेर तिखो बनाऊ र यो माहाजाललाई छेदन गर। तब भव संसार देखि मुक्त हुनेछौ।

हे रामजी ! जुन वचन बताएँ त्यो हृदयमा धारण

गरी धैर्यवान होऊ । मनले मनलाई मार । जो वितेर गयो त्यसको स्मरण नगर । भविष्यको पनि चिन्ता नगर, किनकि त्यो असत्यरूप हो । वर्तमानलाई पनि असत्य जानेर त्यस्मा विचरण गर । जब मनमा संसारको विस्मरण हुन्छ तब मनमा जगत् फेरि स्फुरिराख्दैन । मनमा असत्यभाव जानेर हिंड, बस खाऊ, पिऊ सुत । परन्तु भिन्न सत्य भनी नठान । यो सबै स्वप्न झैं अज्ञानले प्रतीत भै रहेको छ । ज्ञान प्राप्त भए पछि सारा दृश्य स्वप्न झैं असत् भैहाल्छ ।

हे रामजी ! जस्तो आकाश सबै पदार्थमा अन्वय छ परन्तु कुनै सित स्पर्श गर्दैन । त्यस्तै बाह्य सारा कार्य गर परन्तु मनमा कसैसित राग-द्वेष नराख ।

तिमी चेतनरूप, अजन्मा, महेश्वर, पुरूष हौ । तिमी-देखि भिन्न केही पनि छैन । सबैमा व्यापी रहेका छौ । जो पुरूषलाई सँधै यही निश्चय रहन्छ त्यो माहापुरूषलाई संसारको पदार्थले विचलित गर्न सक्दैन ।

जसको संसारमा आशक्त भावना छ र स्वरूप भुलेको छ, त्यसलाई संसारको पदार्थबाट विकार उब्जिन्छ । तब हर्ष, शोक, र भयले तानिहाल्छ र बन्धनमा पर्छ ।

हे रामजी ! जुन पुरूष स्वरूपमा स्थित भएको छ र सुख दुःखमा समता छ, तिनी जो कुछ गर्छ दिन्छ, लिन्छ, भोग्छ, आदि कर्म गरे तापनि केही गरेको छैन । यथा प्राप्तमा रहन्छ । कुनै कार्यमा राग-द्वेष लिदैन, यस्तो निश्चय-वान् पुरूष निर्मल चिन्दाकाशरूप हुन् ।

मनको स्वरूप

हे रामजी ! आत्म सत्तामा संवित् स्फुरेर आउँछ त्यो हो आभास । त्यसमा दृढ भए इच्छासंकल्प स्फुरेर विस्तार

भाव हुन्छ । तब चित् कलाको आत्मस्वरूप विस्मरण भएर जान्छ, जन्मको चेष्टा ली जगतको संज्ञना हुन्छ । परम पुरूषको संकल्प साथ मिलाप भएकाले चित्त नाम भयो । जब चित्त सकल्प रहित हुन्छ तब मोक्षरूप हुन्छ ।

संपूर्ण संसारको बीज मन हो । संकल्पको सन्मुख भएर चेतन संवित्‌को नाम मन हुन्छ ।

निर्विकल्प जो चित्त सत्ता हो त्यो संकल्प गरेर मलीन हुन्छ त्यसलाई कलना भन्छ । त्यही मन घटादिजस्तो परिच्छिन्न भेद प्राप्त हुन्छ । तब क्रियाशक्ति– जुन प्राण त्यस्को साथ र ज्ञानशक्ति साथ मिलेर संकल्प-विकल्पको कर्ता मन हुन्छ । त्यो नै जगत्‌को बीज हो । त्यसलाई लीन गर्ने दुई उपाय छन् ।

एक तत्वको ज्ञान । दोश्रो प्राणलाई रोक्नु । जब प्राण शक्तिको निरोध हुन्छ तब मन पनि लीन हुन्छ । तब सत् शास्त्रद्वारा ब्रह्मतत्त्वको ज्ञान हुन्छ ।

प्राण के हो, मन के हो, त्यसको नाम सुन–जो हृदयकोश-बाट निस्केर बाहिर जान्छ र फेरि बाहिरबाट भित्र आउँछ, त्यो प्राण हो । शरीर बसिराखे पनि वासनाले देश देशान्तर पुगी जो घुमि रहन्छ त्यसको नाम मन हो । त्यसलाई वैराग्य र योगाभ्यास गरी वासना देखि रहित गर्नु र प्राणवायुलाई स्थित गर्नु यी दुबै उपाय हुन् ।

हे रामजी ! जब तत्त्वज्ञान हुन्छ, तब मन स्थिर हुन्छ । किनकि प्राण र चित्‌कला आपसमा वियोग हुन्छ । जब प्राण स्थित हुन्छ तब मन स्थित भै हाल्छ । किनकि प्राण स्थित भए चेतन कलाको साथ मिल्दैन । तब मन पनि स्थित भैहाल्छ ।

मनको रूप चेतन कला प्राणको स्फुरण विना रहँदैन ।

चेतन शक्ति र स्पन्द शक्तिमा मिलनबाट मन उब्जिन्छ। त्यो मनको उपज पनि मिथ्या हो। जब तिमी संकल्प उठाउँदैनौ तब मन रहँदैन, क्षीण हुन्छ। त्यसैले संसार भ्रमदेखि नडराऊ। मन वस्तुरूप होइन। मिथ्या अनर्थको कारण जुन चित्त हो त्यसलाई ग्रहण नगर, अर्थात् संकल्पलाई त्यागिदेऊ।

हे रामजी! मन उठ्नु मिथ्या हो। परमार्थ हैन। संकल्पको नाम मन हो, त्यसैले केही पनि हैन। मन जड, निःस्वरूप हो सदा मरेको झैं छ। त्यो मरेको मृतकले सारा लोकलाई मारिदिए झैं मृतक तुल्याइदिएको छ। यो बडो आश्चर्य हो। जस्को अग केही छैन, शरीर पनि छैन, न आधार छ, न आधेय (आश्रित) छ, त्यसले सारा जगत्लाई भक्षण गरिदिएको छ। नभएको जालमा सारा लोकलाई फँसाइ दिएको छ। जसले सामग्री खजाना देखि रहित, बल, तेज, विभूति, शक्ति, हस्ती, पदाती रहित भएर पनि सारा लोकलाई मार्दछ। जो जड बुद्धिवाला हुन् तिनी यस्तो मान्दछन् कि म बाँधिएको छु।

जो अविद्यमान् मन हो त्यसले मिथ्या जगतलाई हनन गरी मारिराखेको छ। त्यो संकल्प गरेर उदित हुन्छ, त्यो यस्तो दुष्ट छ कि कसैले उसलाई देखेको छैन। परन्तु दुष्ट हो, जुन मन छैन, त्यसले एतिका दुःख दिराखेको छ, अत्यन्त कष्ट हो। सारा सृष्टि मूर्खताले दुःख पाएको छ। सबैलाई मनले दुखित पारी तताएको छ। त्यसैले यी सारा जगत जीव मूढरूप हुन्। मूर्खलाई हाम्रो उपदेश योग्य छैन। उपदेशको अधिकारी जिज्ञासु हुन्। जसको स्वरूपको साक्षात् भएको छैन र संसारदेखि उपरम भएको छ, अनि अरू मोक्षको इच्छा श्रद्धापूर्वक राख्छ र पद पादार्थ बुझेको छ, तिनलाई उपदेश दिन योग्य छ। ज्ञानवान् त पूर्ण भैसकेको छ, त्यसलाई

उपदेश आवश्यक छैन । अज्ञानी मूर्खलाई पनि उपदेश सफल हुँदैन । मूर्ख कस्ता हुन्छन् ? जो वीणाको शब्द सुनेर भयभीत भै डराउँछन् । बन्धुबान्धवहरू सुतिराखेको देखेर, तिनीहरूलाई मरेका मुर्दा जानेर डराउँछन् । फेरि स्वप्नमा हात्तीलाई देखेर डरले भागेर जान्छन्, यस्ता अज्ञानी मुर्ख हुन् । तिनी भोगको जुन तुच्छ सुख हो त्यसको निम्ति अनेक यत्न-कष्ट गरिरहन्छन् र दुःख पाउँछन्। हृदयभित्र स्थित जुन आफ्नू स्वरूप हो त्यसलाई देख्न सक्दैनन्। प्रमादले अनेक कष्ट पाउँछन् र व्यर्थ मोहित हुन्छन् ।

चित्त-चैतन्य-रूप–१४

हे रामजी ! आफैंले संकल्प गरी चित्त बढ्दछ, त्यसैले त्यो संकल्पलाई चाँडैनै त्यागिदेऊ, तब चित्त शान्त हुन्छ । तिमी दृश्यको आश्रय लिए बन्धनमा परिहाल्छौ । आफूतिर फर्के स्वरूपको अनुभव हुन्छ ।

हे रामजी ! तिमी यसप्रकार ध्यान गर कि न म हुँ, न यो जगत् हो । केवल म अचल रूप हुँ । यसरी निसंकल्प भए आनन्द चिदाकाश हृदयमा आई प्रकाश हुन्छ ।

आत्मा र जगत्मा जुन विभाग कलना (आत्मा छुट्टै जगत छुट्टै भन्ने) उदय भएको छ त्यो मल (पाप) हो । यो द्वैतभावलाई त्यागिदिएपछि जो शेष रहन्छ त्यस्मा स्थित होऊ ।

हे रामजी ! द्रष्टा र दृश्यको अन्तर जो दर्शन हो, अनुभव सत्ता हो, सर्वदा त्यसैको भावना गर । स्वाद लिने र स्वाद नलिने वालालाई त्याग गर । त्यसको माझमा जो परम स्वादरूप हो त्यसमा स्थित होऊ । त्यो आत्म तत्त्व हो, त्यसैमा तन्मयहोऊ ।

अनुभवरूप जुन द्रष्टा हो, र दृश्य हो, त्यसको बीचमा जो निरालम्ब साक्षीरूप आत्मा छ, त्यसमा स्थित होऊ।

हे रामजी! भव हो संसारको त्यो भाव, अभाव रूप हो। त्यसको भावनालाई त्यागी भावरूप आत्माको भावना गर। त्यो आफ्नू स्वरूप हो; प्रपञ्च दृश्यलाई त्यागेपछि जो आफ्नू वास्तविक स्वरूप हो त्यही हुन्छ

म आत्मा हैन। म जीव हुँ। यसको नाम चित्त हो। त्यस्तो भावनाले अनेक दुःख मिल्छ। म आत्मा हुँ, जीव हैन यसको नाम चित्तउपशम हो। त्यसैले तिमी यो निश्चय गर कि सारा आत्मतत्व हो। आत्मादेखि भिन्न अरू केही छैन, तब तिम्रो चित्त शान्त हुनेछ। मन पनि नष्ट हुन्छ र निर्दुख परम पद मिल्छ। त्यसैले सबै भावनालाई त्यागेर शान्तरूप आफूमा स्थित होऊ।

हे रामजी! जुन परमार्थ योग मैले तिमीलाई बताएँ त्यसले मनलाई काटी देऊ। जब मनलाई त्याग गर्छौ तब कुनै भय रहँदैन। यो चित्त भ्रमरूप हो जब तिम्रो हृदयरूप गृह-बाट चित्तरूपी वेताल निस्केर जान्छ तब तिमी दुःखदेखि रहित भएर स्थित हुनेछौ र शान्ति पाउने छौ।

हे रामजी! जीवको चार प्रकारको निश्चय हुन्छ। खुट्टादेखि शीरसम्मको शरीरमा म हुँ भन्ने जसको आत्मबुद्धि छ र माता, पिताबाट जन्मेको हुँ भन्ने जो भावना छ त्यो निश्चय बन्धन रूप हो। दोश्रो निश्चय यो हो म सारा भाव पदार्थ देखि अतीत हुँ, अत्यन्त सूक्ष्म हुँ, यो निश्चय मोक्ष दायक हो। तेश्रो निश्चय हो– जो कुछ जगत् जाल छन् सबै पदार्थ म नै हुँ, आत्मरूप, अविनाशी हुँ, यो पनि मोक्ष दायक हो। चौथो निश्चय हो म पनि हैन, जगत् पनि हैन, दुबै असत्य हुन्। यो देखि रहित आकाश जस्तो सन्मात्र आत्मा म हुँ

यो निश्चय पनि मोक्ष दायक हो। यी चार प्रकारका निश्चयमा प्रथम निश्चय बन्धनको कारण हो र अरू तीन मोक्ष दायक हुन् ।

सारा जगत् आत्मस्वरूप हो। सत्यस्वरूप आत्मा देखि अरू कुनै वस्तु छैन । न म हुँ न यो जगत् हो । सबै अविद्या रूप हुन् । यस्तो भावना गर किंवा ज्ञान स्वरूप सत्य-असत्य सब म नै हुँ, आनन्दरूप, प्रकाश, अजर, अमर, निर्विकार, निराकार, निष्कलंक अमृतस्वरूप हुँ यसप्रकार अहं इदं कलनालाई त्यागेर भित्र हृदयमा यो निश्चय गर। तिमी अहंकार रहित शान्तरूप हौ ।

बलिविश्रान्ति–२७

हे रामजी ! दैत्यको गुरू शुक्रजीको उपदेश पाएर राजा वलिले मनमा सोच्नु भयो कि भगवान् शुक्रजीले मलाई के भन्नु भयो ? तीन लोक चिन्मात्ररूप हो, म पनि चेतनरूप हुँ । यो सूर्य उदय भएको छ, यस्मा चेतन नभए सूर्यको सूर्यत्व भाव रहन सक्दैन । त्यस्तै पर्वत, दिशा, जगत्, आकाश आदि कुनै पनि चेतनविना प्रकाशित हुन सक्दैन । इन्द्रिय, मन पनि चेतन हुन्, भित्र बाहिर सबै चेतन हुन् । चिदात्मा अहं त्वंको भात्र भएर स्थित छन्। म चेतन हुँ। सबै इन्द्रियद्वारा विषयको ग्रहण मै गर्छु । काठ, ढुंगा जस्तो शरीरको साथ मेरो के प्रयोजन छ ? संपूर्ण जगत्मा चेतन आत्मा म हुँ । आकाशमा मै एक आत्मा हुँ, सूर्यमा मै हुँ । आत्मा एक अद्वैत चेतन हो, द्वैत कलना छैन । यदि द्वैत असंभव भए शत्रु को हुन् ? मित्र को हुन् ? जुन शरीरको नाम वलि हो, उसको शीर काटिए पनि आत्मालाई के हानी भयो । सारा लोकमा आत्मा पूर्ण छ। जब चित्तले दुःख को चिन्तना गर्छ तब जीव

दुःखी हुन्छ। चेतन देखि रहित दुःखबाट दुःखी हुँदैन। त्यस्कारण जो दुःखदायक भाव, अभाव पदार्थ देखिन्छ, त्यो सारा चेतन आत्मरूप हो। चेतन तत्त्व देखि भिन्न कुनै पदार्थ छैन। सबैतिर आत्मा पूर्ण छ। न कुनै दुःख छ, न कुनै रोग छ, न मन छ, न मनको वृत्ति छ। एक शुद्ध चेतन मात्र आत्म तत्त्व हो। नित्य हो, आनन्द हो, अद्वैत रूप हो। त्यस्मा कुनै विकल्प छैन सबैदेखि अतीत हुँ।

मेरो चेतनादि नाम पनि व्यवहारको निम्ति कल्पना मात्र हो, जो चेतन आत्माको स्फुरण शक्ति हो त्यो विस्तारले जगत्‌रूप भएर देखिएको छ। द्रष्टा, दर्शनदेखि मुक्त केवल अद्वैतरूप हो। प्रकाश-प्रकाशकभावदेखि रहित निराभास हुँ। द्रष्टा परमेश्वर रूप हुँ। न म कर्ता हुँ, न म भोक्ता हुँ, म केवल द्रष्टा निरामयरूप हुँ। कलना, कलंकदेखि रहित हुँ, आभासदेखि रहित म एक प्रकाशरूप हुँ। जुन प्रत्यक्ष चेतन मेरो स्वरूप हो– त्यसलाई म नमस्कार गर्छु। युक्ति, अयुक्ति सबैको प्रकाशरूप मै हुँ, त्यो मलाई नमस्कार छ। चित्तदेखि रहित म चेतन हुँ, सबै तर्फबाट शान्तरूप हुँ, आकाश झैं अनन्त सूक्ष्मदेखि अति सूक्ष्म हुँ। दुःख-सुखदेखि मुक्त हुँ, संवेदन रहित असंवेदनरूप हुँ। चेत्य रहित चेतन हुँ, म सर्वदा, सबैप्रकार, सर्वशक्ति हुँ। संकल्प-विकल्प देखि अब के? म एकै चेतन अजडरूप भै प्रकाशित हुन्छु। जे जति जगतजाल छ त्यो सबै म नै हुँ, म देखि भिन्न केही छैन।

हे रामजी! राजा वलि यसप्रकार चिन्तन गरी तत्त्व वेत्ता भए। ॐकार, अर्धमात्रा तुरीयपदको भावना गरी ध्यानमा स्थित भए। संकल्प शान्त भयो। सारा कलना चित्त चेत्यदेखि रहित निःसंग भएर स्थित भयो। फेरि ध्याता, ध्यान र ध्येय देखि रहित भए। मनको सबै वासना

नाश भएर गयो र शान्तरूप परम पद प्राप्त भयो ।

हे रामजी ! यही भावना दृष्टिको आश्रय गरी तिमी पनि स्थित भएर रहू ।वलि झैं आफ्नै विवेकले नित्य तृप्त आत्मनिश्चयलाई धारणा गर। सारा म नै हुँ, यो निश्चय बाट निर्द्वन्दपद मिल्छ । आफ्नू पुरूषार्थले निश्चय धारण गर । तब परम पद प्राप्ती हुन्छ ।

प्रल्हाद-विज्ञान वर्णन-- ३१

हे रामजी ! अब भक्त प्रह्लादको चरित्र बताउँछु सुन-पातालमा एक हिरण्यकशिपु दैत्य थियो । तिनको पुत्र भक्त प्रह्लाद थिए । आफ्ना पिता हिरण्यकशिपुको बध भए पछि चिन्तायुक्त दैत्यहरूलाई भन्न लागे- हे दैत्य हो ! अब हाम्रो रक्षाको लागि कुन उपाय गर्ने ? हाम्रो कुलको नाश गर्ने विष्णु महान् बलवान् छन्, महान पराक्रमि छन् । हाम्रा पिताले तीन लोक र सारा देवतालाई बस गरी राखेका थिए। त्यस्तो पुरूषलाई जस्ले मारी दिए त्यसलाई मार्न हामीले अब के यत्न गर्ने ? त्यसलाई जित्न असंभव छ । त्यसैले म एक उपाय बताउँछु त्यसो गरेपछि विष्णु अवश्य हाम्रो वशमा पर्ने छन् । त्यो उपाय यही हो कि- विष्णु सर्वात्मा हुन्, सबैको प्रकाशक र सबैको कारण हुन् । त्यसैले उसको सरण हामीहरूले ग्रहण गर्नु पर्छ। हे दैत्य ? उनको शरण-विना हाम्रो गती, आश्रय कुनै छैन, त्यो भन्दा ठूलो तीन लोकमा अरू कुनै छैन । जगत्को उत्पत्ति, स्थिति र प्रलयको कर्ता तिनै देव हुन्, त्यसैको ध्यान गर । एक निमेष पनि उसको ध्यानबाट विचलित नहोऊ । म पनि उसैको ध्यानमा निरन्तर तत्पर हुन्छु ।

त्यो अविनाशी नारायण आजन्मा पुरूष हुन्, म सदा

उसकै परायण छु। सब प्रकार नारायण मै हुँ, 'ॐ नमो नारायणय' यो मन्त्र सारा अर्थ सिद्धछ। यो मन्त्रको ध्यान, जप गरेपछि हामीहरूको हृदयमा अवश्य नै स्फुरणरूपले नारायण आउने छन् ।

भगवान् हरि कस्ता छन् ? सबैको आत्मा हुन्, पृथ्वी पनि हरि हो, आकाश पनि हरि हो, सबैको आत्मा हरि हो। अविष्णु भएर जस्ले विष्णुको पूजा गर्छ, अर्चना गर्छ। त्यसले पूजाको फल पाउँदैन। जो विष्णु भएर विष्णुको पूजा गर्छ उसले परमोत्तम फल पाउँछ। त्यसैले म विष्णुरूप भएर स्थित हुन्छु ।

म अनन्त आत्मा आकाश हुँ। गरूड माथि बसेको छु। सुनको गहना लगाएको छु। शीत र उष्ण यो दुई मेरा आँखा हुन्। सम्पूर्ण जगत्लाई प्रकाशित गर्छु। चन्द्र र सूर्य यसको नाम हो। मेरो नील कमल झैं देह छ, अत्यन्त सुन्दर श्याम वर्ण प्रकाशरूप छ। मेरो हाथमा पञ्चजन्य पंख छ, जस्को स्फुरणरूप ध्वनि हो। ती क्षीर समुद्रबाट निस्केका हुन्, नाभिकमल छ, जहाँबाट ब्रह्मा उत्पन्न भएका हुन्। मेरो हातमा कौमोदकी गदा छ जसबाट दैत्य-दानवको नाश हुन्छ। ज्वालाको पुन्ज जस्तो जसको तेज छ। त्यो सुदर्शन चक्र साधु माहापुरूषलाई सुख दिने हुन्। पीत वस्त्र, वैजयन्ति माला, कौस्तुभ मणि, आदिले शोभायमान्, शंख, चक्र, गदा, पद्म धारण गरेको विष्णु देव म नै हुँ। दुष्ट चित्त भएका जीव मलाई देखेर भागेर जान्छ। अच्युतरूप विष्णु मै हुँ। म तीनलोकलाई नाश गर्न समर्थ छु। जस्तो अग्निमा पुतली जलेर मर्छ त्यस्तै मेरो शक्ति-तेजमा दुष्ट जलेर मर्छ। सारा दृश्य जगत्को भित्र व्यापक रूपले म प्रकाशमान छु। म अजन्मा हुँ, त्यस्तो मेरो स्वरूप हो, त्यसलाई म नमस्कार गर्छु।

यसरी प्रह्लाद आफूलाई नारायणस्वरूपको भावना गरी चिन्तन गर्न लागे । तब प्रह्लादले गरेको भावनालाई देखेर दैत्यहरू पनि मानसिक पूजा गर्न लागे । त्यस नगरीमा सारा दैत्य कल्याणमूर्ति विष्णुको भक्त बने। जस्तो राजा हुन्छ त्यस्तै प्रजा बनिहाल्छ।

नारायणको दर्शन–३३

हे रामजी ! प्रह्लादको प्रगाढ भक्ति देखि खुशी भएर भगवान् विष्णु पाताल-प्रह्लादको पूजा कोठामा प्रकट हुनु भयो । तब प्रह्लाद अत्यन्त प्रसन्न भएर खुशीले गद्‌गद् भै भन्नलागे हे ईश्वर ! तीन लोकको धारणा गर्ने कलंक रहित, अजन्मा, अच्युत र प्रकाशरूप तपाईको म शरणमा छु । हे नीलोत्पल, कमलको पर्वत, शरत्कालको मेघ जस्ता श्यामरूप, असंग चित्त ! म तपाईको शरणमा छु । हे निर्मल रूप ! कोमल, शंख, चक्र, गदा, पद्म धारण गर्ने नाभीकमल-रूप, हृदयकमलमा बस्नु भएका ईश्वररूप म ! तपाईको शरणमा छु । तारा झैं प्रकाशरूप, चन्द्रमा झैं हँसिलो मुख, हृदयरूप मणि, सबैको प्रकाशक म तपाईको शरणमा छु । हे त्रिभुवनरूप! कमलिनीको प्रकाशक चन्द्रमा ! मोहरूपी अंधकारको नाश गर्ने सूर्य ! चिदात्मा, सारा कष्ट हरण गर्ने ! म तपाईको शरणमा छु । हे नूतनविकसितरूपकमलपुष्प-भूषिताङ्ग ! सुवर्ण जस्तो पीताम्वरधारी महासुन्दर स्वरूप ! म तपाईको शरणमा छु । हे ईश्वर ! सृष्टि, स्थिति र नाश गर्ने परम शक्ति शंकर! योगी झैं दृढदेह! म तपाईको शरणमा छु । हे प्रकाशरूप–संहारकर–बालकरूपधारी वरको मुनि शयन गर्ने ! म तपाईको शरणमा छु। हे ज्योति स्वरूप-देवतारूप-कमललाई प्रकाश गर्ने ! म तपाईको शरणमा

छु। यो आठ श्लोकको स्तुति गरेपछि भगवान विष्णु प्रसन्न हुनु भयो र शिरमा हात राखी भन्नु भो– हे गुणनिधि! तिमीलाई आत्मविवेक मिल्नेछ भनेर आशिर्वाद दी अन्तरध्यान हुनु भयो।

हे रामजी! त्यसपछि प्रह्लाद पुष्पाञ्जली दी पूजा गरी पद्मासन बाँधी शास्त्रपाठ गरी सोच्न लागे– मलाई भगवान् विष्णुले के भन्नु भो? भन्नु भएको थियो कि तिमीलाई विवेक हुनेछ। अब यो संसार समुद्र तर्न चाँडैनै विवेक विचार गरूँ। यो संसारमा म को हुँ जो बोलिराखेको छु, स्थित छु, यो जीव त म होइन, यो असत्य हो। जडरूप वायुले चलिराखेको त्यस्तो म कसरी होला? यो देह पनि म होइन क्षणक्षणमा कालले कवलित गरेको छ, जडरूप हो। यो शब्द सुनिन्छ, शब्द शून्यबाट उत्पत्ति भएको छ त्यो पनि म होइन। त्वचा इन्द्रिय पनि म होइन। यो क्षणक्षणमा विनाशस्वभाव छ। स्पर्श विषय जड हो। उसको ज्ञाता चेतन तत्व छ। यो चञ्चलरूप जिह्वा इन्द्रिय तुच्छ छ, यस्को बीचमा रस लिने शक्ति छ। त्यो आत्मसत्ताबाट सिद्ध हुन्छ, त्यसैले यो जडरूप हो। विनाशरूप आँखा-इन्द्रिय पनि म होइन। म यिनको विषय हुँ। यो जड हो। जुन नासिका पृथ्वीको अंश हो त्यो जड हो त्यसको ज्ञाता चेतन हो। न म नासिका हुँ, न गन्ध हुँ। म अहं मम रहित हुँ। मनको मनन रहित शान्तरूप हुँ। यो पाँच इन्द्रिय ममा छैन। म शुद्ध चेतनरूप हुँ। कलना कलंक रहित हुँ, म चित्तरहित चिन्मात्र हुँ। सबैको प्रकाशक, सबैको भित्र बाहिर व्यापक हुँ। निसंकल्प, निर्मल, शान्तरूप हुँ। आश्चर्य हो अब मलाई आफ्नू स्वरूप-स्मरण हुन्छ। प्रकाशरूप चेतन आफ्नू अनुभव चेतन भएर स्थित छ। सबैको भित्र आत्मभावले स्थित छ, जस्तो बीजमा अंकुर हुन्छ, त्यस्तै

चेतनरूप बत्तीको प्रकाशले विकल्परूप पदार्थ प्रतीत हुन्छ। आदि-अन्त रहित र सबै कारणको पनि कारण, अनुभवरूप चित्त, चेत्य, दृश्य, दर्शन, कलना देखि रहित सत्ता. प्रकाशरूप मेरो आत्मा तिमीलाई नमस्कार छ।

महान् आश्चर्य हो– म अत्यन्त विस्तृतरूप हुँ। कोटी ब्रह्माण्डमा व्यापक हुँ। आदि-अन्त रहित चेतन आकाश हुँ। मेरा पितामह बुद्धिहीन थिए। जुन यस्तो अविनाशी ऐश्वर्यलाई त्यागी तुच्छनाशवान् ऐश्वर्यमा आशक्त भए। कहाँ यो महादृष्टि- सबैको कर्ता ब्रह्म स्वरूप, कहाँ नाशवान् संसारभ्रमका दुःखदायक राज्य अनित्यरूप सुखभोग। यस्तो अनन्त सुख, परम उपशम, शुद्धचेतन दृष्टि मैले पाएँ। चेत्य देखि रहित चेतन आत्मसत्तामा स्थित हुँ। अब मलाई नमस्कार छ। मेरो जय भयो। जीर्णरूप संसारभ्रमबाट बाहिर निस्कन पाउने योग्य आत्मपद पाएँ, जीवन सार्थक भयो।

अज्ञानी मूर्ख मनुष्य व्यर्थै क्रोधरुप परमात्मालाई त्यागी दुःख दायक व्यवहारमा रमिरहन्छ। काठ, पानी, माटो, संयुक्त पृथ्वी लाई पाएर जो पुरूष मखखपरी फुल्छ त्यो दुर्बुद्धि मानिस हुन्, यी देखिएका धन, ऐश्वर्य, अविधारूप हुन्। यसमा कुनै गुण छैन।

हे रामजी ! भक्त प्रल्हाद यसरी विवेकपूर्वक चैतन्य र चेत्यको विवेचना गर्दै विवेकपूर्वक फेरि भन्दछन्–

मेरा पूर्वज मूढ थिए, जो यस्तो परम अमृतलाई त्यागी असार संसारको राज्यमा भुलिराखे। कहाँ पुष्प-फल मनोहर नन्दन वन। कहाँ ताति राखेको मरुस्थलको कठोर पृथ्वी। त्यसैले तीन लोकमा पनि यस्तो कुनै पदार्थ छैन जुन पदार्थको मैले इच्छा गरुँ। भोगको इच्छा जुन दुःखरूप हो, अज्ञानी त्यो इच्छा गरिरहन्छ। त्यसैले भाव, अभावरूप अँधेरो

कुवामा खसेर नष्ट भएर जान्छ । जसमा राग-द्वेषको भावना छ, तिनी बन्धनमा छन् । जस्तो पृथ्वीमा कीरा फटेंग्रा मग्न भै घुमिरहन्छ, त्यो जीव पनि त्यस्तै बुद्धिहीन पशु हो ।

निर्मल, अविच्छिन्न चन्द्रमा जस्तो शीतल चैतन्य कहाँ ? विषयले भरिएको कलंक युक्तचितको अवस्था कहाँ ? अब मेरो आत्मालाई नमस्कार छ । कस्तो आत्मा ? जो अविच्छिन्न प्रकाश हो, प्रकाश र अप्रकाश दुबैको प्रकाशरूप हो।हे चिदात्म देव! मैले धेरै कालपछि तपाईलाई पाएँ र परम आनन्द भएँ । विकल्परूप समुद्र देखि मेरो उद्धार भयो, जुन तिमी हौ त्यो म हुँ, म जो हुँ त्यो तिमी हौ, तिमीलाई नमस्कार छ । अनन्त शिव– आत्मतत्त्वरूपचन्द्रमा संकल्प-विकल्प कलाको नाश भएपछि त्यो सदा निर्मल उदय-प्रकाश-रूप हो ।

हे रामजी ! आत्मलाभ गरी प्रल्हाद विवेचन गर्छन् कि ॐ एकाक्षर ब्रह्म मै हुँ । निर्विकार हुँ, सबै जीवको भित्र अन्तर्यामी हुँ । इन्द्रियभोगको भोक्ताको अनुभवरूप त्यही म हुँ । तीनै अवस्थाको समरूप हुँ । आकाश भन्दा अति निर्लेप हुँ । जस्तो तीलमा तेलछ त्यस्तै परमात्म देव देहरूप शरीरमा स्थित छन् । तैपनि अविचारले जान्न-देख्न सक्दैन । जस्तो धेरै कालपछि भेटिएको साथी चिन्न सकिंदैन त्यस्तै विचार उदय नभएसम्म ईश्वरलाई चिन्न सकिन्न, जब विचार उदय हुन्छ तब आत्मरूप परमेश्वरलाई चिन्न सकिन्छ । त्यो आत्मालाई पाएपछि आत्मा इश्वरमय हुन्छ ।

यो बडो आश्चर्य हो आत्माको अज्ञानले मूढ मनुष्य दु:ख पाउँछ । अब मैले आत्मालाई देखें । त्यसैले मेरो भ्रम शान्त भएर गयो । अब मलाई देहादि सुख भोगको इच्छा पनि छैन । दु.ख निवृत्तिको आकाँक्षा पनि छैन । म एक रस चिदानन्द-

स्वरूप हुँ, अजन्मा हुँ, अविनाशी हुँ ।

देहमा वासना गरेपछि नाना प्रकारको वासना उब्जिन्छ। त्यो देहको भ्रम मेरो नष्ट भएर गयो । यतिका कालसम्म मलाई अज्ञानरूप शत्रुले कष्टमा गाडिराखेका थिए अब मैले आफूलाई पाएँ। अब म यी शत्रुलाई चूर्ण गरी नाश गरिदिन्छु।

मेरो मोहरूप दृष्टि शान्त भयो। दुःख सबै नाश भयो। मलाई विवेकरूपी धन मिल्यो। अब म परम ईश्वररूप भएर स्थित भएको छु। जे जति जान्नु पर्ने थियो त्यो जानिसकें, जो कुछ देख्न योग्य हो त्यो देखिहालें। म अब त्यो पदमा प्राप्त भएको छु जुन पद पाएपछि अरू केही पाउन बाँकी रहँदैन । मलाई आत्मसाक्षात्कार भयो ।

विषयरसरूपी सर्पले मलाई त्यागेर गयो, मोहरूपी कुहिरो हटिहाल्यो, इच्छारूप मृगतृष्णा शान्त भयो । उपशम-रूप वृक्षमुनि शितलता पाएको छु । हे परमात्मरूप ? तिमीले विष्णुरूप धारण गरी मोक्षप्राप्तिका लागि विवेकको उपदेश दी मलाई जगाउनु भयो। हे देव! हे ईश्वर! तिम्रो बोधरूपी मन्त्र-पाई अहंकाररूपी राक्षसको नाश भयो। हे विभो ! अब म परम स्वस्थ भएको छु। परम निर्वाणपद मिलेको छ ।

हे इश्वर ! विवेकरूप वर्षा भएकाले अहंकाररुप गर्मी हटेर गयो। अब दुःख कहाँ ? मोह कहाँ ? स्वर्ग कहाँ ? नरक कहाँ ? बन्ध कहाँ ? मोक्ष कहाँ ? अहंकारको अभाव भए संसाररूप माया-माहाजालबाट पार भै हाल्छ र आकाश जस्तो स्वच्छ निर्मल भएर शोभित भै हाल्छु। हे आत्मन् ? हे देव ! तिमीलाई नमस्कार छ ।

संस्तव-वर्णन—३६

हे माहात्मापुरूष! नमस्कार छ । तिमी आत्मा हौ, सबै

पददेखि अतीत छौ, धेरैकाल पछि तिमीलाई पाएँ, मेरो परम कल्याण भयो। हे गभवन्! तिमीलाई सबैतिर बाट नमस्कार गर्छु। म हृदयदेखि आलिगन गर्छु। तीनलोकमा तिमी भन्दा ठूलो बान्धव मेरो अरू कोही छैन। तिमी नै सबैभन्दा प्यारो छौ। चारै तिरबाट तिमीलाई देखिरहेछु, तिमी अत्यन्त नजिक छौ र परम हितैषी हौ। त्यसैले तिमीलाई नमस्कार गर्छु। हे देव! तिमी कृतकृत्य स्वरूप हौ सबैको हर्ता कर्ता सदा निर्मल-रूप तिमीलाई नमस्कार छ। शंख, चक्र, गदा, पद्म धारणा गर्ने तिमीलाई नमस्कार छ। अर्ध चन्द्रमा धारणा गर्ने सदा शिवरूप तिमीलाई नमस्कार छ। सहस्र आँखा इन्द्र–तिमीलाई नमस्कार छ।

हे देव! तिमी विचित्ररूप हौ। सबैको द्रष्टारूप हौ। हे सर्वज्ञ! तिमीलाई फेरि नमस्कार छ।

हे सर्वज्ञ ! सर्वस्वभावरूप-आत्मदेव! मैले जन्म, जन्मान्तर सम्म धेरै दुःखको बाटो विचरण गरें। तिम्रो मायाले धेरै कालसम्म दग्ध भै ताप युक्त भएँ।

हे देव ! देश र लोक मैले अनेक अनन्त देखें। परन्तु कुनै-बाट पनि तृप्त भइन। जगत्मा जतातिर देखे पनि जहाँ हेरे पनि काठ, ढुङ्गा, पानी, माटो र आकाश देखेको थिएँ। अब तिमी विना अरू कुनै पदार्थ देखिदन। त्यसैले अब के को रच्छा गरूँ ? अब तिमीलाई देखें, मिलिराखेको आफ्नू स्वरूपलाई बल्ल पाएँ, तिमीलाई नमस्कार छ।

आँखाको बीचमा जुन कालो नानी स्थित छ र रूपलाई देख्छ। साक्षीरूपले विराजमान त्यो अन्तर आत्मालाई किन देख्दैन ? जुन छालाले चिसो तातो स्पर्श भए थाहा पाउँछ त्यस्तो सारा अङ्गमा व्यापक अनुभव कर्ता त्यो टाढा कसरी होला ? जो जिव्हाको टुप्पाले रसस्वाददलाई ग्रहण गर्छ,

त्यो रसको अनुभव गर्नेवाला जुन सत्ता हो, त्यो टाढा कसरी होला ? वेद, वेदान्त, सप्तसिद्धान्त, पुराण, गीताबाट जो जान्न योग्य-ज्ञेय-आत्मा हो, त्यसलाई जब जान्दछ तब विश्राम किन न होला ?

हे स्वच्छरूप ! निर्मल प्रकाश । तिमी सूर्य भएर प्रकट भएका छौ। तिम्रो सत्ताले चन्द्रमा शीतल भएका छन् । तिम्रो सत्ता पाएर पृथ्वी स्थित भएकी छन्। तिम्रो सत्ताले आकाशमा आकाशभाव रहेको छ। तिमी र ममा भेद कुनै छैन । त्यसैले तिमीलाई मेरो नमस्कार छ ।

म शम, स्वच्छ, साक्षीरूप, निर्विकार, देश, काल, पदार्थ-देखि रहित हुँ । हे सर्वरूप आत्मा ! तिमीलाई नमस्कार छ ।

हे देव ! सम्पूर्ण जगत्जाल जो विस्तृतरूप हो। त्यसलाई तिमीले कहिले पनि स्पर्श गरेको छैन । जस्तो फूलमा सुगन्ध रहन्छ। तीलमा तेल रहन्छ। त्यस्तै तिमी सबै देहमा रहन्छौ। तिमी सारा जगत्को प्रकाशक जोति स्वरूप हौ। उत्पत्ति र प्रलय कर्ता र सदा अकर्तारूप तिम्रो जय होस् ।

हे देव ! पहिले मेरो जुन दुरात्मा नीच अवस्था थियो त्यसलाई सम्झेर हाँस्न मन लाग्छ कि म को थिएँ। के जानेको थिएँ। हे मेरो आत्मा ! म त्यो पदमा थिएँ जहाँ चिन्तारूपी अग्निको ज्वाला दन्किराखेको थियो । जहाँ डढिराखेको जीर्ण संसारको आरम्भ थियो। अब देहरूपी नगरमा स्थित भइरहेकाले मेरो राग-द्वेष हटेर गयो। अब बन्ध कहाँ ? मोक्ष कहाँ ? सम समाधिमा स्थित छु। अब दुःखले छुन सक्दैन। जहाँ दुष्ट इन्द्रियरूपी घोडा जोतेको थियो। मनरूपी हात्ती हिंडेको थियो । त्यो भोगरूपी शत्रुलाई अब चारैतिरबाट नाश गरी निष्कंटक राजा चक्रवर्ती भएको छु। तिमी परम सूर्य हौ। परम आकाश तिम्रो मार्ग हो। उदय र अस्तरहित तिमी

नित्य प्रकाशरूप हौ । सबैको भित्र बाहिर तिमी प्रकाश गर्छौ तिम्रो अभाव भए सारा नाश भइजान्छ । स्वरूपदेखि तिमी अनामयरूप हौ ।

हे देव! तिमी निरीह निराकार हौ । सत्असत् देखि पर। भैरबरूप परमात्मन् ! तिम्रो सदा जय होस् । तिमी सारा शास्त्रको असिपद (आधार) हौ तिम्रो जात-अजात रूपको सदा जय होस् । तिम्रो नाशरूप तथा अविनाशीरूपको जय होस् । तिम्रो भाव–अभावरूपको जय होस् । तिमीलाई नमस्कार छ ।

हे निर्दोष ! तिमीमा स्थित भएपछि मेरो राग–द्वेष हटेर गयो । अब बन्ध कहाँ ? मोक्ष कहाँ ? आपत्ति कहाँ ? सम्पत्ति कहाँ ? सारा विकार शान्त भएर गयो । अबसम समाधिमा स्थित भै बसेको छु भनी चिन्तना गरी माहान धैर्यवान् प्रल्हाद निर्विकल्प समाधिमा स्थित भए ।

नारायण--उपदेश--३९

हे रामजी ! जगत्को मर्यादा नीति स्थापना गर्नको लागि विष्णु भगवान् प्रल्हादको घर मन्दिरमा आएर पाञ्चजन्य शंख बजाई प्रल्हादलाई जगाएर भन्न लाग्नु भो – हे साधो ! तिमी आफ्नू स्वरूप महालक्ष्मीको स्मरण गर कि तिमी कोहौ ? समयविना देहलाई त्यागन इच्छा किन गरेका हौ । ग्रहण-त्यागको संकल्प देखि रहित जो पुरुष हुन् तिनको भाव-अभाव हुनुमा के लाभहानी छ ? उठ र आफ्नू आचार-विचार गर । तिम्रो शरीर कल्प पर्यन्त रहने छ । नाश हुने छैन । हे आनन्द मूर्ति ! तिमी जीवन्मुक्त भएर स्थित भै राज्य गर । अब तिमी निर्मल स्वरूप हौ, जीवन्मुक्त हौ । हे साधो ? जो जीव अज्ञानले ग्रस्थ भै शिथिल भएको छ । अर्थात् देहनै म हुँ भनी

देहमा आत्माभिमान छ (म मेरो भावना गरी सदा व्याकुल भएर दुःखले जीर्ण भएको छ) त्यसले मर्नु राम्रो हो। म दुःखी हुँ, मूढ हुँ,यस्तो अनात्मामा आत्माभिमानको दृढ निश्चय जसको भित्र छ त्यसको मरण श्रेष्ठ हो।

जसको तृष्णाले हृदय जङ्गल भएको छ। काम-क्रोध-रूपी सर्प जसको भित्र स्फूरिरहन्छ। चित्त चञ्चल छ। त्यसले मर्नु श्रेष्ठ हो। यो देहलाई त्याग्नुलाई लोकमा मर्नु भनेको छ। स्वरूपको नाश कसैको हुँदैन, आफू सदा अजर अमर बोध स्वरूप हो।

हे साधो! जसको बुद्धि आत्मतत्त्वको अवलोकन देखि अन्यत्र कहीं जाँदैन। त्यस्ता यथार्थदर्शी ज्ञानवान् हुन्। जसको भित्र शीतल छ। राग–द्वेष रहित छ। दृश्य पदार्थमा साक्षीरूप भएर देख्छन तिनको बाँचिरहनु श्रेष्ठ हो।

जुन पुरुष सम्यकज्ञान गरी हेयोपादेय रहित हुन्, चेतन तत्त्वमा चित्त तद्रूप भएको छ, संकल्प रहित चित्तलाई आत्मपदमा जोडिराखेका छन्, तिनको बाँचिरहनु सबैको लाभ हो।

जो पुरूष जगत्को पदार्थमा इष्ट-अनिष्ट जस्तो स्थिति आए पनि समान शान्त चित्त हुन्छ। लीला झैं जगत्को कार्य गर्छ। वासना रहित छ। ग्रहण र त्यागबुद्धिको उदय हुँदैन। फेरि जुन पुरूषको कुरा सुनेपछि, दर्शन गरेपछि आनन्द हुन्छ तिनले बाँचिरहनु शोभा युक्त हो। जसको उदय भएपछि जीवात्माहरूको हृदयकमल प्रफुल्लित हुन्छ त्यो महापुरुषले धेरै बाँचिराख्नु पूर्णिमाको चन्द्र जस्तो शोभायुक्त प्रकाश हुन्छ। अरु नीच अहंकारी बाँचिरहनुबाट कसैको लाभ छैन।

प्रल्हादबोध वर्णन--४०

भगवान् भन्नु हुन्छ हे साधो ! तिम्रो मर्नु के ? बाचिरहनु के ? दुबै भ्रम मात्रहो। गुणवान्हरू बाँचिरहनु कल्याण कर हो र अज्ञानी मूढहरू मर्नु कल्याण हो। तिमी त न बाँच्नु छ, न मर्नु छ। देह छँदै तिमी विदेह हौ। आकाश जस्तो असंग हो त्यस्तै तिमी देह देखि निर्लेप हौ। देह, इन्द्रिय, मनको क्रिया सबै भै रहन्छ। सबैलाई सत्ता दिनेवाला कर्ता तिमी नै हौ। किन्तु तिम्रो स्वरूप सदा अकर्ता हो। तिमी सबै प्रकारले सर्वात्मा चेतन प्रकाश हौ। तिम्रो बुद्धि आत्म परायण छ। तिम्रो देहके अदेह के ? ग्रहणत्याग के ? तत्वदर्शी पुरुषलाई प्रलय कालको वायु चले पनि चलाय मान हुँदैन। भाब-अभाव देखि तिनको मन रहित हो।

यो देहमा स्थित जो परमेश्वर आत्मा हो–त्यो म नै हुँ। अनात्म भ्रम नष्ट भएर गयो। ग्रहण-त्याग मिथ्या कल्पना उदय हुँदैन। जो विवेकी तत्त्व वेत्ता हुन् त्यस्को संकल्पभ्रम नष्ट भै जान्छ कि यो म हुँ, यो गर्नु छ। यो छोड्नु छ आदि सबै भ्रम नाश भएर जान्छ। जो प्रबुद्ध पुरुष हुन्, तिनी सारा क्रिया गरे पनि अकर्ता हुन्। कुनै जगत्को पदार्थमा इच्छा गर्दैनन्। जब कर्तृत्व र भोक्तृत्व शान्त हुन्छ तब आत्मपद शेष रहन्छ। यो निश्चयको दृढतालाई बुद्धिमानहरू मुक्ति भन्छन्।

जो प्रबुद्ध पुरुष हो ऊ चिन् मात्रस्वरूप हो। अर्धसुषुप्ति जस्तो चेष्टा हुन्छ। सारा जगत् आत्मरूप देख्छ। आत्म स्वरूपतिर जाग्रत छ र संसार तिर सुतेका छन्। त्यो पुरुष सुषुप्ति रूप हो। हे पुत्र ! तिमी अजात–परमपदको प्राप्त भयौ। अब यो राज्य लक्ष्मी भोगेर फेरि अच्यूत परम पद पाउने छौ भनिकन विष्णु भगवान्ले शीतल वचन भन्नुभयो। तब प्रल्हाद आँखा उघारेर धैर्य भै भगवान्को कोमल वचन

श्रवण गरी भन्छन्–ठूलो कल्याण भयो। मैले मनमा मनन गरेर राम्रोसँग देखें कि मेरा स्वरूप आत्मा नै परमेश्वर हो। सारा सकल्प रहित आकाश झैं निर्मल छ। अब मलाई न शोक छ, न मोह छ, न भय छ, म आफू आफैमा स्थित छु। संसार बन्धनलाई त्यागेर विरक्त पदमा स्थित छु। जो अप्रबुद्ध मूढ हुन् त्यसको बुद्धिमा हर्ष, शोक, चिन्ता र विचार सदा रहिरहन्छ। देह रहिरहे सुखी र देहको नाश भए दुःखी हुन्छ। यस प्रकार मूर्खको चित्तको स्थिति डोलायमान भै रहन्छ। ज्ञानवानको भित्र भ्रम उदय हुँदैन। हे कमल नयन! सारा तिमी नै हौ। विशाल आत्मस्वरूप हौ। यो संपूर्ण जगत् विज्ञानरूप सत्ताको आभास हो। अब भाव– अभाव जगत्-पदार्थ बाट मुक्त भएँ। हेयोपादेय रहित आत्मतत्त्वलाई मैले पाएँ। सम भावमा स्थित छु। अब मलाई कुनै संशय छैन। जो कुछ गर्छु त्यो आत्म भावनाले गर्छु। तीन लोकमा जबसम्म पूजा गर्न योग्य हो, पूजा गर्नेछु। तपाई ग्रहण गर्नु होस्। यस प्रकारले भनेर प्रल्हादले बाहिर विष्णु भगवान्को मूर्ति पूजन र भित्र आत्मस्वरूपको पूजा गरे।

हे रामजी! सारा पाप, अज्ञानको नाश गर्ने यो प्रल्हादको बोधप्राप्ति सिद्धतालाई बताएँ। त्यो चन्द्रमा झैं शीतल छ। जुन मनुष्य लोकमा घोर पापी छन् तिनले यो वचन विचार गरे ती पनि चाँडैनै परम पद पाउने छन्। अरू जो पाप देखि रहित छन् तिनलाई के भन्नु पर्ला। सम्यक विचार गरेपछि पाप-नाश भई जान्छ। जसले यो वाक्यलाई विचार गर्छ, उसलाई परमपद प्राप्त भइहाल्छ।

हे रामजी! अज्ञानरूप जो पाप हो त्यो यसको विचार गरेपछि नष्ट भइजान्छ। पापको कारण जो अज्ञान हो त्यसको नाश गर्ने यो परम विचार हो। त्यसैले विचारको

त्याग कहिले पनि नगर ।

प्रल्हादविश्रान्ति–४३

हे रामजी ! आत्मालाई देखेपछि माधव विष्णुको दर्शन हुन्छ । विष्णुको आराधना गरे चाँडैनै आत्म दर्शन हुन्छ । त्यसैले आत्मालाई देख्न तिमी पनि यही दृष्टिको आश्रय गर। तिमी विराटरूप हौ ।

विष्णुरूप जो आत्मा हो । त्यसको प्रसन्नताले बुद्धिमान पुरुषलाई यो भास्वररूप मायाले भेदन गर्न सक्दैन । जस्तो मायारूपी दैत्यले मायामन्त्र जान्नेलाई भेदन गर्न सक्तैन त्यस्तै अनात्माको इच्छाले यो संसारमाया घनता–दृढता हुँदै जान्छ र आत्माको इच्छाले निवृत्त हुन्छ ।

हे राधव ! जे जति प्रल्हादलाई मिल्यो त्यो आफ्नु पुरूषार्थले नै मिलेको हो । पुरूषार्थविना केही मिल्दैन । किनकि जस्तो तील र तेलमा भेद केही छैन । त्यस्तै आत्मा र विष्णुमा भेद कुनै छैन । जो विष्णु हो त्यो आत्मा हो । जो आत्मा हो त्यो विष्णु हो ।

हे रामजी ! धेरै काल आराधना गरी प्रतापि भए । त्यसैले विचार देखि रहित पुरुषलाई विष्णुले पनि ज्ञान दिन सक्नु भएन । आत्माको साक्षात्कारमा मुख्य कारण आफ्नै पुरूषार्थले उब्जेको विचार हो । त्यसैले हे राम ! तिमी मुख्य कारण के हो त्यसको आश्रय गर ।

पहिले पाँच इन्द्रियलाई वश गर । पुरूषार्थविना केही हुँदैन । आफैले पुरूषार्थ प्रयत्न गरी इन्द्रियरूपी जो पर्वत हो त्यसलाई उल्लंघन गरी फेरि संसार समुद्रलाई तरिहाल। तब परम पदको प्राप्ति हुन्छ। यदि पुरुष प्रयत्नविना भगवान्‌ले दर्शन दिने भए वनको मृग, पंक्षीहरूलाई किन दर्शन दिएर उद्धार

गर्दैनन् । यदि गुरुले आफ्नू पुरुष प्रयत्नविना उद्धार गर्न सक्ने भए अज्ञानि-अविचारी-पशु-ऊँट आदिलाई किन उद्धार गर्दै नन्। त्यसैले बुद्धिमान् पुरूष विष्णुबाट,गुरुबाट र अरू कसैबाट पनि उद्धार पाउने इच्छा राख्दैनन् । आफ्नू मन-लाई स्थित राखे विना परम सिद्धि प्राप्त हुँदैन । वैराग्य र अभ्यासबाट जसले इन्द्रियरूप शत्रुलाई वश गरेको छ तिनले नै आफूलाई आफैले प्राप्त गर्छ ।

हे रामजी ! आफैले आफ्नू आराधना गर । आफूले आफैलाई पूजा अर्चना गर । आफैले आफूलाई हेर । आफू आफैमा स्थित होऊ । जो सत्ता मात्र तत्त्व हो, सबैको सार रूप हो । त्यसको रस ली मनरूप विशाल नदी पार होऊ ।

हे राम! जो पुरूष अल्पज्ञ मूढ हुन् । तिनको लागि वैष्णवादी भक्ति र पूजाको मार्ग बताएका हुन् । त्यो गौण पूजाको क्रम अज्ञ पुरूषको निमित्त हो । जसले इन्द्रिय वश गरेको छ तिनलाई भेद पूजाको के प्रयोजन छ। विचार उपशम विना विष्णुभक्ति सिद्ध हुँदैन । जब विचार उपशम हुन्छ तब कमल र पत्थरको के प्रयोजन छ ? त्यसैले विचार युक्त भएर आत्माको आराधना गर । जसको सिद्धताले तिमी सिद्ध हुनेछौ ।

हे रामजी ! जो पुरूषले आत्मकल्याण गरेन । त्यो पुरूष हैन, पशु हो । जो पुरूष बाहिर विष्णुमूर्ति अगाडि प्रार्थना गर्छ त्यो पुरूष आफ्नू हृदयभित्र विराज-मान चेतनरूप विष्णु भगवान्‌लाई किन प्रार्थना गर्दैन ? सबै जीवको भित्र विष्णुजी स्थित छन्। त्यसलाई त्यागेर जो वाह्य विष्णु परायण हुन्छ त्यो बुद्धिमान हैन ।

हृदयगुफामा जो चेतन तत्त्व स्थित छ त्यो ईश्वरको मुख्य सनातन स्वरूप हो। शंख, चक्र, गदा, पद्म जसको हातमा

छ त्यो आत्माको गौण स्वरूप हो । जो मुख्यलाई त्यागेर गौणको पछि दौडन्छ ती हातमा भएको अमृतलाई त्यागेर जो साधन गरी सिद्ध हुन्छ त्यस्मा प्रयत्न गरिराख्छ ।

हे रामजी ! ब्रह्मा, विष्णु र महेश्वरको धेरै कालसम्म पूजागरी राखेपनि जबसम्म मन उपशम विचार युक्त हुँदैन, तबसम्म संसार समुद्र देखि पार हुन सक्दैन। यो जो विशाल जगत देखिन्छ त्यसलाई इन्द्रियद्वारा त्याग । तब जन्मको अभाव हुन्छ ।

हे राम! विषय चिन्तना रहित भएर तिमी निरामय निर्मल सारा दु:ख रहित जो आत्म सुख हो त्यसमा स्थित होऊ ।

यो जो मायामय संसारचक्र छ त्यसको नाभी स्थान चित्त हो । जब चित्त वश हुन्छ तब संसारचक्रको वेग रोकिन्छ । अरू प्रकारले रोकिंदैन । चित्त रोके विना स्थित हुँदैन। जब चित्त स्थित हुन्छ तब जगतभ्रम निवृत्त भएर जान्छ र परब्रह्म, परमपद प्राप्त हुन्छ ।

हे रामजी ! जे जति तप ध्यान, तीर्थ, दान आदि उपाय छन् तिनलाई त्यागेर चित्तलाई स्थित राख्ने उपाय गर । सन्तको संगत र सत्शास्त्रको विचार, ब्रह्म स्वरूपको भावना भए चित्त आत्मपदमा स्थित हुन्छ। जो कुछ सन्त र शास्त्रले बताएको छ त्यसको बारंबार अभ्यास गर्नू । संसार-लाई मृग तृष्णाको पानी र स्वप्न जस्तो जानेर त्यस्मा वैराग्य गर्नू । यो दुई उपायबाट चित्त स्थित हुन्छ, तब आत्मपद मिल्छ र परम शान्ति प्राप्त हुन्छ ।

हे रामजी ! बोल्न, चल्न, वर्जित छैन । बोल्नु, दान गर्नु, अथवा लिनु दिनु आदि काम गए किन्तु भित्र चित्तलाई नलगाऊ । यिनीहरूको साक्षी जान्ने वाला जो अनुभव आकाश

हो त्यसमा वृत्तिलाई राख ।

लडाई गर्नु छ भने पनि गर । परन्तु वृत्ति साक्षीतिर राख । त्यसलाई आफ्नूरूप जानेर स्थित होऊ ।

शब्द, स्पर्श, रूप, रस, गंध यी पाँच विषय इन्द्रियका हुन् । यसलाई अंगिकार गर । परन्तु यसलाई जान्ने वाला साक्षी तत्त्वमा स्थित होऊ । तिम्रो आफ्नू स्वरूप त्यही चिदाकाश हो, जब त्यसको अभ्यास बारंबार गर्छौ तब चित्त स्थित हुन्छ र आत्मपद मिल्छ ।

हे रामजी ! जबसम्म चित्त आत्मपदमा स्थित हुँदैन तबसम्म जगत्भ्रम निवृत्ति हुँदैन । यो चित्तको संयोगले चेतनको नाम जीव हुन्छ । जस्तो घटको संयोगले आकाश-लाई घटाकाश भन्छ, जब घट फुटिहाल्छ तब माहाकाश नै रहन्छ । त्यस्तै जब चित्तको नाश हुन्छ तब यी जीव चिदा-काश नै हुन्छ र यो जगत् पनि चित्त मै स्थित छ । चित्तको अभाव भए जगत्भ्रम शान्त भै हाल्छ ।

हे रामजी ! जस्तो पिचाशहरूको चेष्टा रातमा हुन्छ दिनमा हुँदैन । त्यस्तै राग, द्वेष, भय, इच्छा आदि विकार चित्तमा हुन्छ । जहाँ चित्त रहँदैन त्यहाँ विकार पनि हुँदैन । जस्तो सूर्य विना प्रकाश हुँदैन त्यस्तै चित्त विना जगत्भ्रम हुँदैन ।

हे रामजी ! शान्ति पनि यसैको नाम हो र शिव तत्त्व पनि त्यही हो, सर्वज्ञता पनि उनै हो, जाहाँ चित्त छैन । जब-सम्म यसको बोध हुँदैन तबसम्म नाना प्रकारको पदार्थ देखिन्छन् । जब वस्तुको बोध हुन्छ, तब एक अद्वैत आत्म सत्ता भासमान हुन्छ ।

हे रामजी ! ज्ञान संवित्तिर वृत्ति लगाऊ । जगत्तिर नलगाऊ । जाग्रततिर नजाऊ, जाग्रतलाई जान्ने वाला-

तिर जाऊ। स्वप्न र सुषप्ति तिर नजाऊ, जुन अन्तर–बीचको जान्नेवाला साक्षी सत्ता हो त्यसमा वृत्ति राख। यो चित्त-लाई स्थित राख्ने परम उपाय हो। यो सन्तको संगत र शास्त्रको निर्णयको अर्थ हो। जब यसको अभ्यास हुन्छ, तब चित्त नष्ट हुन्छ। जो अभ्यास गरी राखेको छ तापनि सन्तको संगत र सत्शास्त्रको श्रवण गरी बल गरेर निरन्तर विचारमा रत भए सहजले चमत्कार भै हाल्छ।

हे रामजी! मनलाई मनसित मथन गर। त्यसबाट ज्ञानरूपी आगो निस्कन्छ तब आशा रूपी बन्धनलाई डढाई दिन्छ।

जबसम्म चित्त आत्मपददेखि विमुख छ। तबसम्म संसारभ्रम देखिरहन्छ। जब आत्मपदमा स्थित हुन्छ तब सारा क्षोभ इच्छा हटेर जान्छ। तब आत्मस्वरूप स्वयं प्रकाशित हुन्छ। सारा दुःखको हेतु चित्त नै हो। आत्मविचार-विना अरू उपायले वासनाको क्षय हुँदैन।

हे रामजी! एक चित्तरूपी काग छ। त्यो काग अपवित्र पदार्थको भोजन गर्छ, सँधै काँ काँ गरी कराउँछ। त्यस्तै चित्त देहरूप अपवित्र ठाउँमा बसेर सर्वदा भोगको पछि दौडेर त्यसको रस ग्रहण गर्छ। चुप लागी बस्न सक्दैन।

जस्तो कागले एउटै आँखा देख्छ र कालो वर्ण छ त्यस्तै चित्त पनि एक विषयको इच्छा गरी धाइराख्छ र दुर्वासनाले काग जस्तै कालो भएको छ। त्यस्तो अमंगल-रूपी कागलाई विचाररूपी धनुषले हानेर मारिहाल। तब सुखी हुनेछौ।

हे रामजी! एक चित्तरूपी चील भोगरूपी मासुको निम्ति चारै तिर घुमिरहन्छ। जाहाँ अमंगलरूपी चील आउँछ त्यहाँ विभूतिको अभाव हुन्छ। अर्थात् स्वरूपलाई

ढाकिदिन्छ र मासुतिर गर्दन उठाएर हेरिरहन्छ । त्यस्तै जब चित्तरूपी चील शरीररूपी स्थानमा बस्दछ तब आत्मज्ञानरूपी विभूतिको अभाव हुन्छ । भोगरूपी मासुलाई देखी तल झर्छ र अभिमानरूपी गर्दन उठाएर हेर्छ । यस्तो जुन चित्तरूप अमंगल चील हो त्यसको जब नाश हुन्छ तब शान्तिमान हुनेछौ ।

हे रामजी ! चित्तरूपी डोरीले सम्पूर्ण जगत बाँधिएको छ । कर्ता, कर्म, क्रियारूपी गाँठो पारेर जस्तो एक सिक्रीले धेरै पशु बाँधि राखिन्छ, एक धागोमा अनेक मणि उनि माला बनाउँछ, त्यस्तै एउटा चित्तले सारा प्राणि-बाँधिएको छ । जब त्यो डोरीलाई असंगशस्त्रले काटिदिन्छ तब परम शान्तिसुख मिल्छ ।

आत्म भगवान हृदयमा नै सर्वदा हुनुहुन्छ । विषय वासनाले ढाकिराखेको छ । प्रयत्न पूर्वक चित्त वृत्तिलाई मिथ्या भनी जानेर परित्याग गरे आत्मदेव भासित हुन्छन् ।

हे रामजी ! चित्तरूपी अजीङ्गर भोगको तृष्णारूपी विषले भरिएको छ । त्यो सर्पको फुत्कार मात्रले ठूला ठूला लोकजलाई दिएको छ । शम, दम, धैर्यरूपी जुन कमल हो त्यो सबै जलेर गयो । यी दुष्टलाई मार्न कोही पनि समर्थ छैन । एक विचाररूपी गरूड छन्, जब विचाररूपी गरूड उब्जिन्छ तब त्यसलाई जितेर नाश गरिदिन्छ । त्यसैले हे राम ! तिमी विचारलाई ग्रहण गर ।

हे रामजी ! जस्तो पिशाच लागे पछि छट्पटाउँछ, कराउँछ र चिल्लाउँछ । त्यस्तै चित्तरूपी पिशाच जीवलाई लागेको छ, तृष्णारूपी पिशाचिनी सित गुन गुनाउँछ, कराउँछ र दुःख पाउँछ । त्यसलाई वैराग्यरूप मन्त्रले धपाऊ तब स्वभावसत्ता प्राप्त हुनेछ र परमानन्द मिल्ने छ ।

हे रामजी ! यो चित्तरूपी वानर अत्यन्त चञ्चल छ । सर्वदा भट्कि रहन्छ, स्थिर कहिले पनि हुँदैन । कहिले कुनै, कहिले कुनै पदार्थको इच्छा गरी धाइरहन्छ । जस्तो वानर जुन वृक्षमा बस्छ त्यो वृक्ष अचल हुन पाउँदैन त्यस्तै प्रकार चित्तले मनुष्यलाई स्थिर रहन दिंदैन ।

हे रामजी ! आत्मा परम आनन्दरूप हो । त्यसलाई पाए पछि अमृत पनि विष समान हुन्छ । जस्तो पर्वतको अगाडि हात्ती सानु देखिन्छ त्यस्तै आत्मपद पाए तीन लोकको पदार्थ सारा तुच्छ हुन्छ । जो ठूलो ऐश्वर्य, लक्ष्मी सम्पन्न छ तर आत्म पदमा विमुख छ, त्यसलाई विष्टाको कीरा भन्दा नीच जान ।

बाँचिराख्नु तिनको श्रेय छ, जसले आत्म पद पाउने अभ्यासमा लागि रहन्छ र बाँचिरहनु तिनको व्यर्थ छ जसले संसारको निम्ति सदा यत्न गरिरहन्छ ।

हे रामजी ! मनुष्य देख्न मात्र चैतन्य हो । परन्तु अज्ञानी मरेका मुर्दा जस्तै हुन् । जो तत्त्ववेत्ता भएकोछ, त्यो आफ्नै प्रकाशले प्रकाशमान हुन्छ । जस्को शरीरमा अभिमान छ, ती मरेका मुर्दा समान हुन् ।

हे रामजी ! यी जीवहरूलाई चित्तले दीन तुल्याएको छ । जतिजति चित्त बढेर आउँछ त्यतित्यति तिनको दुःख बढेर जान्छ । जसको चित्त क्षीण (नाश) भएको छ तिनको कल्याण भएर आउँछ ।

जब अनात्ममा आत्मभाव दृढ हुन्छ तब भोगको इच्छा हुन्छ र चित्त बढ्दै जान्छ, आत्मादेखि टाढा हुन्छ । जस्तो मेघले ढाकिएको सूर्य देखिंदैन त्यस्तै अनात्माभिमानले आत्मा देखिंदैन । जब भोगको इच्छा निवृत्त हुन्छ तब चित्त क्षीण भै जान्छ ।

हे रामजी ! देहमा जो आत्मा अभिमान भएकोछ र भोगको इच्छा स्फुरी रहन्छ, मोहरूपी विष लागेको छ। जब विचाररूपी गरूडमन्त्रको चिन्ता गर्छ । तब विष उत्रेर जान्छ । अरू विष उतार्ने उपाय केही छैन ।

हे रामजी ! यो चित्तलाई शस्त्र, अस्त्रले काट्न सक्दैन । आगोले जलाउन सक्दैन । न अरू कुनै उपायले नाश हुन्छ । एक साधु सँगत र सत्शास्त्रको विचार–अभ्यास गरे नाश हुन्छ । अरू कुनै उपायले नाश हुँदैन ।

हे रामजी ! चित्तको जुन चपलता हो त्यसलाई असंकल्प गरी त्याग । जस्तो ब्रह्मास्त्रले ब्रह्मास्त्रलाई छेदन गर्छ । त्यस्तै मनलाई मनले नै छेदन गर । अर्थात् अन्तर्मुख भएर स्थित होऊ । जबतिम्रो चित्तरूपी वानर स्थित हुन्छ तब शरीररूप वृक्ष चञ्चल रहित हुनेछ । त्यसैले हे राम ! तिमी शुद्ध बोध गरेर मनलाई जित । तब तिम्रो बुद्धि परमार्थ तत्वमा संलग्न हुनेछ र बोधरूप भै हाल्ने छौ ।

हे राम ! चित्तलाई पुरूष प्रयत्नद्वारा वृत्तिरहित तुल्याए अद्वितीय आफ्नू पारमार्थिक स्वरूप प्राप्त हुन्छ । चित्तलाई दृश्यबाट फर्काएर आत्म स्वरूपमा स्थित राख । चित्तलाई विकार हुन नदी एकनाश जस्तातस्तै राख्नू । यसैलाई पुरूषार्थ भन्छ ।

उद्दालकको विचार–५२

वसिष्ठ भन्नु हुन्छ– हे रामजी ! अब उद्दालकको विचार सुन –

गंधमादन पर्वतमा एक उद्दालक नामको ब्राह्मण थिए । तिनी बुद्धिमान योग्य विद्वान् थिए । परन्तु परमपद मिलेको थिएन । यौवन अवस्थामै शुभेच्छा, यम, नियम पूर्वक शास्त्र-

उक्त साधनमा प्रवृत्त भै पद्मासन बाँधी सबै कामना त्यागी विचार गर्न लागे– हे मूर्ख मन ? तिमी कहाँ जान्छौ? यो संसार माया मात्र हो । यतिका समय तिमी जगत् मै भट्कि-रहेछौ किन्तु तिमीलाई कहीं शान्ति मिलेन । किन व्यर्थैं दौडिरहन्छौ ? हे मूर्ख मन ! उपशमलाई त्यागेर भोगतिर धाइरहेछौ । अमृतलाई त्यागेर विषको बीउ रोपिरहेछौ । यो सारा चेष्टा दुःखको निमित्त हो । जस्तो धुराण कीरा आफैं घर बनाई आफैंलाई बन्धन गर्छ । त्यस्तै तिमी आफैंले संकल्प उठाएर आफैलाई बन्धनमा पार्छौं । अब तिमी संकल्पलाई त्याग गरेर आत्मपदमा स्थित होऊ । तब शान्ति-पद मिल्ने छ ।

हे मन ! शब्द, स्पर्श, रूप, रस, गन्ध यो पाँच इन्द्रिय-सित मिलेर तिमी जो तत् तत् विषयको इच्छा गार्छौं तब मृग, हात्ति, पतंग, माछा र भमरा जस्तै फसेर नाश भै हाल्ने छौ । जो एकएक इन्द्रियको स्वाद लिन्छ तिनको पनि नाश भयो । तिमी त पाँच विषयको सेवन गरी राखेका छौ तब नाश किन नहुने ? त्यसैले तिमी यिनीहरूको इच्छालाई त्याग । यदि अनर्थकारी जुन यो भोगको इच्छा तिमीले त्याग्दैनौ भने मैले नै तिमीलाई त्याग गरिदिन्छु । तिमी त मिथ्या–असत्यरूप हौ, तिमीसित मेरो के प्रयोजन छ ? हे मूर्ख मन ! जुन देहादिमा अहंअहं गर्छौं त्यो तिम्रो अहं कुन पदार्थमा हो । पाइतलादेखि शीरसम्म अहं भन्ने वस्तु केही छैन । यो शरीर त हाड, मासु र रगतको थैला हो, यो त अहंरूप हैन । जुन श्वास हो त्यो वायुरूप हो । प्वाल आकाशरूप हो । यो पाँच तत्त्वको जुन शरीर हो त्यस्मा अहंरूप केही छैन । हे मूर्ख मन ! तिमी अहं किन गर्छौं ?

तिमी भनौला म देखछु, सुंघछु, सुन्छु, स्पर्श गर्छु, स्वाद

लिन्छु र इष्टअनिष्टमा राग–द्वेष गर्छु । त्यो तिम्रो धारणा वृथा हो । इन्द्रियहरू आफ्नू आफ्नू विषयको ग्रहण गर्छ, तिमी त्यस्मा किन अभिमान गर्छौ ?

हे मन ! तिमी त्यस्तो मूर्ख छौ कि अरूको धर्म आफूमा मानेर राग–द्वेष गरी जलन हुन्छौ । जब तिमी राग–द्वेष रहित भएर चेष्टा गर्छौ तब तिमीलाई दुःख हुँदैन । जुन वासना सहित कर्म गर्छ त्यही बन्धनको कारण हुन्छ । वासनाविना दुःख केही छैन । तिमी मूर्ख हौ, जो विचार गरिदेख्दैनौ । त्यसैले म तिमीलाई त्याग गरिदिन्छु । तिमीसित मिलेर मैले धेरै दुःख पाएँ । तिमीसित मिलेर म तुच्छ भएको छु । अब तिमीसित मेरो प्रयोजन केही छैन । म त निर्विकल्प, शुद्ध, चिदानन्द हुँ । जस्तो मंाहाकाश घैटोसित मिलेर घटाकाश हुन्छ । त्यस्तै तिमीसित मिलेर म तुच्छ भएको छु । त्यसकारण म तिम्रो संगत त्यागेर परम चिदाकाशमा प्राप्त हुनेछु । म निर्विकार हुँ, अहं त्वं कल्पना देखि रहित हुँ । तिमी किन अहं, त्वं गर्छौ? शरीरमा अहं गर्ने वाला अरू कोही छैन तिमी नै चोर हौ । अब म तिमीलाई पक्रेर सदाको लागि त्याग गरिदिन्छु । तिमी त अज्ञानबाट उब्जेको मिथ्या–असत्य रूप हौ । तिम्रो संगत गरी म आत्मपददेखि खसेर देह अभिमान खाडलमा परि जन्मनु मर्नु र राग-द्वेष रूपी दुःख पाएको छु । अब तिमीलाई त्यागेर म निरहंकार पदमा स्थित हुनेछु । त्यो कस्तो पद हो ? न प्रकाश छ, न अंधकार छ, न एक हो, न दुई हो, न ठूलो हो, न सानु हो । अहं त्वं आदि रहित अचेत्य–चिन्मात्र हो । जन्म, मृत्यु, राग, द्वेष, भय आदि सबैविकार तिम्रो संयोगले भएको हो । अब तिम्रो वियोगबाट म निर्विकार निर्मल शुद्ध पदमा प्राप्त हुन्छु । हे मन ! तिम्रो हुनु दुःखको कारण हो । जब तिमी निर्वाण हुन्छौ तब म

ब्रह्मरूप हुनेछु । तिम्रो संगतले म तुच्छ भएको थिएँ । जब तिमी निवृत्त भयौ तब म शुद्ध पवित्र निर्मल आकाश जस्तै स्वच्छ भएँ ।

हे चित्त ! यी जुन देह इन्द्रियादि पदार्थ छन् ती भिन्न हुन् । तिन्मा अहं वस्तु कुनै छैन । यिनीहरूलाई एकत्र तिमीले नै गरेका हौ । जस्तो एउटा धागोमा अनेक मणि उनिएर एकत्र हुन्छ । त्यस्तै सबैलाई ग्रहण गरी तिमी अहंअहं गरिराख्छौ । हे मूर्ख! तिमी मिथ्या राग–द्वेष गर्छौ त्यसैले तिमी चाँडैनै सबै इन्द्रियलाई लिएर निर्वाण होऊ । तब मेरो हृदयमा परम शान्तिपाई मेरो जय हुनेछ ।

हे रामजी ! परम कर्तव्य यही हो कि पैह्लै गुरू र शास्त्रको उपदेश वाक्यलाई संझ र त्यसको जुन अर्थ हो यस्मा बुद्धि लगाएर निरन्तर अभ्यास गर । अथवा एकाग्र बुद्धिले नै तीब्र अभ्यासको दृढता होस् । कलंक–कलनादेखि रहित बोध होस् र साधनादि सामग्रीले सहित होस् तब अविनाशी पदको प्राप्ति हुन्छ ।

हे राम ! जगत् हो संकल्प मात्र । त्यसैले जगत् भावनालाई त्याग गरी आत्माको भावना गर । जस्तोजस्तो भावना हुन्छ त्यस्तै रूप भएर देखिन्छ । तिमी हौ आत्मा । तब भ्रमजगतको भावना किन गर्ने ?

जुन पदार्थमा दृढ भावना हुन्छ, त्यो नै प्राप्त हुन्छ । त्यसैले आफूतिर हेर, जगत्तिर नहेर । अन्तर्मुख भए आत्मपद मिल्छ, तब परमानन्द ऐश्वर्य पाउँछौ ।

हे राम ! जगत् हो भ्रम मात्र । जस्तो स्वप्नमा नाना पदार्थ देखिन्छ, अनुभव हुन्छ, त्यो सारा मिथ्या हो । त्यस्तै यो जगत् पनि मिथ्या हो । यस्मा कुनै सार छैन । चित् शक्ति स्फुरित भए जगत् देखिन्छ नभए जगत् केही देखिंदैन, यो

सारा आभास मात्र हो । त्यसैले मिथ्या जगत्को भावनालाई छोडी आत्माको भावना गर । जब तिमीलाई आत्माको दृढता हुन्छ, तब आत्मा नै भैहाल्छ । जगत्तिर दृढता भए जगत् नै देखिन्छ । जस्तो भावना गर्छ त्यस्तै फल मिल्छ । स्वर्गको भावना गरे स्वर्ग मिल्छ, असत्को भावना गरे असत् (नरक) मिल्छ । केही पनि भावना नगरी स्वरूपमा स्थित भए परम बोध हुन्छ । बोधको दृढता भए मोक्ष प्राप्ति हुन्छ ।

हे रामजी ! संसारको भोग्य विषयमा आशक्त हुनु हो अत्यन्त तुच्छ र मूर्खता । भोगबाट मनलाई फर्काएर राख्नु हो ठूलो उदारता । त्यसैले भोगको इच्छा नराख । त्यो इच्छा भए धेरै दुःख मिल्छ । निरिच्छित भए परम सुख मिल्छ ।

हे रामजी ! अविचारले जगत् देखी रहन्छ, विचार गरे पछि जगत् भन्ने केही बाँकी रहँदैन । आत्मस्वरूपमा स्फुरण भएपछि जगत् प्रतीत हुन्छ । स्वरूपमा स्थित भए द्वैत जगत् केही पनि छैन । त्यसैले संकल्प, विकल्परूप चित्त-लाई त्यागेर आफ्नू निर्विकल्प स्वरूपमा स्थित भैहाल ।

हे रामजी ! जगत्लाई सत्य मानेर जान्नु हो महान् दुःखको कारण । जस्तो भ्रमले स्वप्नको जगत्मा प्रत्यक्ष अनुभव हुन्छ । त्यस्तै यो जगत् पनि स्वरूपको अज्ञानले सत्य प्रतीत भएको छ । जब अन्तर्मुख हुन्छ, तब अद्वितीय आफ्नू चैतन्य स्वरूपको अनुभव हुन्छ । तब जगत् ब्रह्मरूप भै हाल्छ, जगत्को अत्यन्त अभाव हुन्छ ।

ध्यानविचार वर्णन–५५

हे रामजी ! अब समाधिको लक्षण सुन । अहंकार देखि लिएर सत्वगुणसम्म जो हो त्यसलाई अनात्मरूप

देख्छ । आफू केवल यिनको साक्षी चेतन भनी जान्दछ र स्वाभाविक रूपले जसको चित्त शीतल छ त्यसलाई समाधि भन्छ ।

जो मैत्री, करूणा, आदि गुणले स्थित छ, जसको मन निरन्तर आत्मविषयमा निरत भै शान्ति पाएको छ त्यसलाई समाधि भन्छ ।

हे राम ! जस्को यस्तो निश्चय हुन्छ कि म शुद्ध चिदानन्द स्वरूप हुँ, दृश्य देखि रहित हुँ, यस्तो निश्चय गरी जस्को अन्तःकरण शीतल हुन्छ त्यो वनमा बसेपनि अथवा घरमा बसेपनि दुवै स्थान उसलाई वरावर हुन्छ । जस्को अन्तस्करण शीतल हुन्छ त्यो ठूलो तपस्याको फल हो ।

हे रामजी ! जस्ले इन्द्रियलाई समन गरी बसेको छ र मनले जगत्को पदार्थ चिन्तन गरिरहन्छ । त्यसको समाधि मिथ्या हो । जस्को वासना कुनै छैन, शरीर इन्द्रिय व्यवहार गरिरहन्छ त्यो बुद्धिमान समाधितुल्य जान ।

हे रामजी ! चित्त चञ्चल हुनुको कारण स्मृति हो । जुन जगत्को स्मृति लिएर समाधि लगाई बस्छ तापनि चित्त वासनाले विस्तारभाव प्राप्त गर्छ । जब जगत्को सद्भाव निवृत्त हुन्छ तब चित्त अचल हुन्छ ।

जुन चित्तमा वासना नाश हुन्छ । त्यसलाई अचल स्थिति भनिन्छ । त्यो ध्यान केवली भावमा स्थित हुन्छ । वासनायुक्त चित्त सर्वदा क्षुब्ध भै रहन्छ । त्यसैले निर्वासनिक भैकन परमपद प्राप्त गर ।

हे रामजी ! जुन चित्तमा वासनाको गन्ध छ त्यहाँ कर्तृत्व को अभिमान स्फुर्छ त्यस्ले सदा दुःख मिल्छ । वासना क्षीण भए मुक्त हुन्छ । जस्को चित्तबाट जगत्को आस्था निवृत्त भएको छ र वीत शोक (शोक रहित) भएको छ तिनी स्वस्थ

आत्मा हुन् । त्यसलाई समाधि भन्छ ।

हे रामजी ! जसको भित्रबाट संसारको राग. द्वेष हटेको छ र शान्ति मिलेको छ, त्यसलाई सदिव्य समाधि भन्छ । त्यसैले चित्तमा जो पदार्थ भावना छ त्यस्को त्याग गरी आफ्नू स्वभावमा स्थित होऊ ।

घरमा बस अथवा वनमा गएर बस । दुबै तिम्रो लागि बराबर हुन् ।

जो घरमा बसेको छ, तर चित्त जस्को समाहित छ अहंकार को दोष देखि रहित छ । तिनको बन्धु वर्ग र जनसमूह पनि वन जस्तै हुन् । अर्थात् ज्ञानवान्को घर पनि वन तुल्य हुन्छ ।

जुन देहाभिमानी अज्ञानी हुन् तिनी वनमा गएर समाधि लगाएर बस्छन् , किन्तु चित्तको वृत्ति विषय तिर घुमिरहन्छ तब त्यस्ले जगत्लाई देखिरहन्छ । अर्थात् सुषुप्ति जड–मूढ भैहाल्छ ।

हे रामजी ! जो पुरूषको चित्त अन्तर्मुख भएको छ, तिनी सुते पनि, अथवा उठे पनि, बसे पनि, हिंडे पनि, देखे पनि नगर, गाउँ, सबै उसलाई वन जस्तै प्रतीत हुन्छ । अर्थात् सारा जगत् आकाशरूप भासित हुन्छ । जस्को आत्मामा अत्यन्त प्रेम छ त्यसलाई अन्तर्मुख भन्छ ।

जस्को भित्र आत्मज्ञानले शीतल भएको छ तिनलाई सारा जगत् शीतल देखिन्छ । जसको भित्र इच्छा, तृष्णाले जलाएको छ त्यसको सबै जगत् दावाग्नि झैं तापमान हुन्छ ।

हे रामजी ! जगत् चित्तमा स्थित भएको छ । जस्तो भावना चित्तमा हुन्छ, त्यस्तै जगत् प्रतीत हुन्छ । स्वर्गको भावना गरे स्वर्ग मिल्छ, लोकको भावना गरे लोक देखिन्छ । जो जो भावना दृढ हुन्छ त्यो त्यो उसलाई मिल्छ । जस्तो वरको

बीउमा बरको पात, हाँगा, फूल, फल सारा रहेको छ त्यस्तै चित्तमा पनि जगत्‌भाव विस्तार भएर देखिन्छ ।

हे रामजी ! जस्तो किंचन हुन्छ, त्यस्तै चेत्यता भै स्फुर छ । त्यस्तै त्यही सत्ता जगत्‌रूप भएर देखिन्छ । जगत् सबै आत्मरूप हो विचार गरे जगत् भन्नु केही रहँदैन । न सत्य हो, न असत्य हो, एक आत्मसत्ता जस्तातस्तै स्थित छ ।

हे रामजी ! जो पुरूष सबैलाई आत्मा देख्छ, चित्तमा केही पनि चिन्तना गर्दैन र भविष्यको इच्छा राख्दैन । वर्तमान कालमा राग–द्वेष देखि रहित भएर विचरण गर्छ, त्यसलाई समाहित चित्त भन्छ, तिनी यही जन्ममा मोक्ष प्राप्त गर्छन् ।

हे रामजी ! संवित्‌को अहंता नै कलंक हो । प्रमादले भिन्नभिन्न पदार्थ देखिन्छ । जबसम्म प्रमाद हुन्छ तबसम्म आत्म संवित् भासमान हुँदैन । भ्रमबाट जागेपछि सारा जगत् आत्मरूप हुन्छ ।

हे रामजी ! अहंता गरेर पुरूष दीन हुन्छ । जब अहंता स्फुर्छ तब अनेक प्रकारको दुःख-सुख देख्छ । परम्परा जन्मलाई देख्छ र डराउँछ । जस्तो डोरीमा सर्प देखेर डराउँछ, जब बत्तीले हेरिलिन्छ तब सर्पको भय निवृत्त भै जान्छ त्यस्तै अहंता गरेर दुःख पाउँछ । जब अहंताको नाश हुन्छ तब शान्तिमान भै हाल्छ ।

हे रामजी ! ज्ञानवान् जो कुछ कर्म गर्छ, खान्छ, पिउँछ, लिन्छ, दिन्छ, किन्तु त्यस्मा अहंताको अभिमान गर्दैन । आफ्नू स्वभावमा स्थित रहन्छ । जगत्‌लाई द्वैत भावले देख्दैन । सबै आत्मभावले देख्छ । त्यसैले कर्मले स्पर्श गर्दैन ।

हे रामजी ! जस्तो मणिमा प्रकाश हुन्छ त्यस्तै आत्मामा अहंता हुन्छ । जस्तो पानीदेखि तरंग भिन्न होइन त्यस्तै आत्मा-देखि अहंता भिन्न होइन । जो कुछ जगत् देखिन्छ त्यो आत्म-

तत्वको प्रकाश हो । त्यो आत्मा अनन्त छ । सबैमा पूर्ण छ । एक ईश्वर स्थित छ । महान धन, पत्थर जस्तो स्थित छ । जस्तो आकाश आफ्नै स्थितिमा स्थित छ त्यस्तै सत्य केवल आत्मतत्त्वमा स्थित छ ।

हे रामजी ! जीवहरूको बाँचिरहनु ज्ञान भए हुन्छ र आत्मसत्ताको जीवन चेतन भए हुन्छ । त्यस्तै चिन्मात्र र जीवमा भेद कत्ति पनि छैन । जस्तो ज्ञान, चेतनसत्ता र जीवमा भेद छैन त्यस्तै ज्ञाता र ज्ञय जगत्मा भेद केही छैन। एक अखण्ड सत्ता सदासर्वदा जस्तातस्तै स्थित छ ।

हे रामजी ! सर्वसत्ता एक अज, अनादि, आदि, अन्त, मध्य रहित प्रकाशरूप हो । त्यो चिन्मात्र अद्वैत तत्त्व आफू आफैमा स्थित छ, शब्द रहित छ । त्यस्मा वचन पस्न सक्दैन । शास्त्रमा जे जति शब्द-वाक्य छ त्यो त्यसलाई जनाउन निम्ति बताइएको छ । वास्तवमा द्वैत वस्तु केही छैन । त्यसैले एक आत्मतत्वलाई आफ्नू हृदयमा धारणा गरी स्थित होऊ ।

सुरघ–वृतान्त–५७

हे रामजी ! अब सुरघको वृतान्त सुन– क्राँन्त देशका राजा सुरघु अत्यन्त प्रतापि, लक्ष्मी जस्तो मूर्ति भएका, बुद्धिमान र वैराग्यवान् थिए । एक दिन तिनको दर्बारमा माण्डव्य मुनि आउनु भयो । तब राजा अत्यन्त प्रसन्न भएर पूजा सत्कार गरी प्रफुल्लित भएर विन्ति गरी सोध्नु भो–हे मुने ! मेरो यो संशय छ कि राज्यमा कोही दुष्ट कर्म गर्छ त्यसलाई म दण्डदिन्छु । तब उसको दुःख देख्छु तब मलाई दया उठ्छ । त्यसैले यही उपाय बताउनु होस्, जसबाट मलाई समता मिलोस् । जस्तो सूर्यको किरण सबै ठाउँमा एकनास हुन्छ त्यस्तै इष्ट अनिष्टमा म सम भएर रहन सकुँ । त्यो कृपा गरी

मलाई बताउनु होस् ।

हे रामजी ! राजाको यस्तो विन्ति सुनेर माण्डव्य मुनि भन्नु हुन्छ– हे राजन् ! त्यो त अत्यन्त सुगम छ र आफ्नै अधीनमा छ । आफैबाट सिद्ध हुन्छ र आफ्नै घरमा छ । हे राजन् ! सारा उपाधि मनमा उठ्छ । त्यो मन तुच्छ हो । विचार गरेपछि निवृत्ति भैहाल्छ । जस्तो तातेपछि बरफ पग्लेर पानी हुन्छ त्यस्तै विचार गरेपछि मनभाव लीन भएर जान्छ । तब ताप पनि निवारण हुन्छ ।

जस्तो शरत्काल आए पछि कुहिरो नाश भएर जान्छ त्यस्तै विचार गरेपछि मनभाव नष्ट भैहाल्छ त्यो विचार हो– म को हुँ ? इन्द्रियादि के हुन् ? र जगत् के हो ? जन्म-मरण केलाई भन्छ ? यस्तो विचार गरेर जब तिमी आफ्नू स्वभावमा स्थित हुन्छौ तब तिमीलाई हर्ष, शोक र क्रोध, राग, द्वेषले चलाउनसक्ने छैन । जस्तो बतासले पर्वत हिलाउन सक्दैन त्यस्तै तिमी अचल भएर रहने छौ । हर्ष, शोकले चलाउन सक्ने छैन ।

हे राजन ! जब आत्मबोध हुन्छ तब मन आफ्नू मलीन भावलाई त्यागिदिन्छ । तब तिमी सन्ताप रहित आफ्नू परिपूर्ण अचल स्वरूपमा स्थित हुनेछौ ।

जस्तो तरंग हटेपछि जल निर्मल-शान्त हुन्छ त्यस्तै तिमी शान्त-अचल हुनेछौ । मनको धर्म रहन्छ परन्तु बीचको अज्ञान नाश भएर जान्छ । आत्मसत्ताभाव रहन्छ, जस्तो काल त्यही रहन्छ परन्तु ऋतु अर्कै हुन्छ त्यस्तै मन त्यही रहन्छ, परन्तु स्वभाव अर्कै भइहाल्छ ।

हे राजन् ! जो सत्य वस्तु हो त्यो हृदयमा धारण गर । जुन असत्य हो त्यसलाई त्यागिदेऊ । जबसम्म सुन निक्लदैन तबसम्म सुधुवार बालुवा धोइराख्छ । जब सुन निस्कन्छ तब

धुन छाडिदिन्छ। त्यस्तै तबसम्म आत्मविचार कर्तव्य हो जबसम्म आत्म साक्षात्कार भएको छैन। जब आत्मतत्त्वको साक्षात्कार हुन्छ तब विचारसित प्रयोजन रहँदैन।

हे राजन! सबैमा, सबै प्रकार, सबै काल, सर्वात्म भावले आत्माको भावना गर। अथवा समस्त दृश्यभावलाई त्यागी जो शेष रहन्छ त्यो अविनाशी चेतन तत्व आफ्नू स्वरूप भनी जान।

हे राजन्! जबसम्म सारा दृश्यलाई त्याग गर्दैन तबसम्म आत्मपद मिल्दैन। जब सारा यत्न एकै ठाउँमा लाग्छ तब त्यो सफल हुन्छ। त्यसैले आत्मपदको लागि सारा दृश्यलाई त्याग गर। सबै त्याग भएपछि जो शेष रहन्छ त्यो परम पद हो। त्यो तिम्रो आत्मस्वरूप हो।

राजा सुरघको विचार–५८

हे रामजी! मुनिको उपदेश सुनेर राजा सुरघ एकान्तमा बसेर आत्म विचारमा प्रवृत्त भए। म को हुँ, म सुमेरू पर्वत होइन। न मेरो सुमेरु हो। जगत्-पृथ्वी आदि आफ्नै स्वभावमा स्थित छन् तिनी मेरो होइनन्, न म तिनको हुँ। म नभए पनि तिनी जस्ता तस्तै रहन्छन् तब मेरो कसरी होला? म तिनीहरूको कसरी होला? नगर, हात्ती, घोडा, मन्दिर, धन, स्त्री पुत्रादि जे जति छन् त्यो न त मेरो हो, न म नै तिनको हुँ। यो सारा पदार्थमा आशक्त हुनु वृथा हो। भृत्य, कलत्र सबै म नभए पनि रहिरहन्छ, मेरो यिनीहरूसित सम्बन्ध केही छैन। न त म राजा हुँ, न मेरो राज्य हो। हात खुट्टा सहितको शरीर पनि म होइन, त्यस्मा ममता गर्नु पनि व्यर्थ हो। रगत, मासु, हाड, सबै जड हुन्, म होइन। म त चेतन हुँ। यिनको साथ मेरो सम्बन्ध हुन सक्दैन। कर्म इन्द्रिय पनि म होइन, न मेरा

हुन्। त्यो जड हो। म चेतन हुँ। ज्ञानेन्द्रिय पनि म होइन, न मेरा हुन्। मन, बुद्धि, चित्त, अहंकार पनि म होइन। यी सब अनात्मा हुन्। अविद्याले यिनीहरूसित मेरो सम्बन्ध प्रतीत हुन्छ। भ्रान्तिले यिनीहरू निजरूप भनी जानेको थिएँ। यिनीहरू सबै पञ्चभूतको कार्य हुन्, मेरो होइन। शरीर, इन्द्रिय, मन, बुद्धिदेखि भिन्न चेतन जीव छ, त्यसले विषय चिन्तन गर्छ। त्यो आभास चेतन पनि म होइन। त्यो दृश्य हो, म त्यसको प्रकाशक साक्षी हुँ। त्यसैले त्यो परिच्छिन्न प्रमाता चेतन म होइन। यी सबैलाई परित्याग गरेपछि शुद्ध, अचेत्य, चिन्मात्र जो सत्ता हो त्यो मेरो स्वरूप हो। ठूलो कल्याण भयो मैले आफूले आफैंलाई पाए। ठूलो आश्चर्य हो जो म व्यर्थै देहादिलाई आफू मानेर शोक, मोहमा डुबेको थिएँ। अब मैले आफ्नू सत्य स्वरूपलाई पाएँ। म निर्विकल्प चेतन हुँ। अनन्त आत्मा हुँ। सबैमा व्यापक हुँ, ब्रह्मस्वरूप आत्मा हुँ। यो भगवान् आत्मा सबैको भित्र व्याप्त छन्। ब्रह्मदेखि तृण पर्यन्त सबैको आत्मा यिनै हुन्। सारा प्रकाशलाई प्रकाशगर्ने दीपकजोति पनि यिनै हुन्। सबैको कारण र कार्य पनि यिनै हुन्। शरीर आदि सर्व पदार्थ यसको सत्ता ली उपलब्ध हुन्छन्।

यो जगत् चित्तरूपी नर्तकीको नृत्य– लीलारूप हो। चित्तमा जगत् स्फुरितहुन्छ वास्तवमा वस्तु केही छैन। म व्यर्थ संग्रहको चिन्ता गर्थें, त्यसमा म किन शोकवान् भएर रहन्थें। बडो आश्चर्य हो। जुन असत्य–भ्रम पदार्थ सत्य भएर देखिन्थ्यो। अब म निश्चय गरी सम-प्रबोधवान् भएको छु। म चिदानन्द पूर्ण आत्मा हुँ। नित्य शुद्ध, अनन्त, आत्मा आफू आफैमा स्थित छ। अब ग्रहण के? त्याग के ? न कुनै दुःख छ, न सुख छ, सर्व ब्रह्ममय हो।

म मिथ्या मूढतालाई ग्रहण गरेर दुःखी भएको थिएँ। अब कल्याण भयो। म आफ्नू स्वभावमा स्थित भएँ। म यस्तो आत्माको साक्षात्कारविना दुःखी थिएँ। अब यसलाई देखे पछि के को शोक गर्ने? के मोह गर्ने? म अब सम्यक ज्ञानवान् भएँ। त्यसैले ज्ञानरूप आत्मदेवलाई नमस्कार छ। म चिदानन्द अनुभवरूप हुँ। भ्रमदेखि रहित निष्कलंक सुषुप्ति झैं शान्तरूप हुँ। अचेत्य चिन् मात्र हुँ, यस्तो मेरो स्वरूपलाई फेरि नमस्कार गर्छु।

समाधि–निश्चय – ६१

वसिष्ठ भन्नु हुन्छ– हे रामजी! आत्मतत्त्वको बारेमा राजा सुरध अगाडि भन्नुहुन्छ–

जसको चित्त नित्य प्रबुद्ध छ र आत्मतत्त्वमा स्थित छ भने जगत्को कार्य गरिराख्छन् तापनि तिनी सदा समाधि मै स्थित छन्। पद्माशन बाँधेर हातमा ब्रह्म अञ्जलि राखेर चित्त आत्मपदमा स्थित हुँदैन र विश्रान्ति पनि मिल्दैन।

जुन परमार्थ तत्त्वबोध हो त्यो सबै आशारूपी तृणलाई जलाई दिन्छ। त्यस्तो निराशरूप जो समाधि हो, त्यही समाधि हो। जसको चित्त एक क्षण भने पनि आत्मतत्त्वमा स्थित हुन्छ तिन्को समाधि बढ्दै जान्छ। निवृत्ति हुँदैन। त्यसैले आत्मतत्त्व जान्न योग्य हो।

हे रामजी! जगत्मा ग्रहण गर्न योग्य वस्तु केही छैन। जो कुछ दृश्य पदार्थ हो, त्यो सबै आभाषरूप हो। त्यसैले इच्छा केको गर्ने? भएको केही छैन। जो अज्ञानी हुन् तिनीले संसारको पदार्थ रमाइलो देख्दछन्, परन्तु नाशरूप हुन्।

शब्द, स्पर्श, रूप, रस, गंध, जो इन्द्रियको विषय हुन् ती सबै असाररूप हुन्। स्त्रीलाई अत्यन्त रमाइलो ठान्छन्,

त्यो देख्न मात्र सुन्दर हो। भित्र हेरे रगत, मासु र मलमूत्रको थैलोले बनेको छ, यस्मा सार केही छैन। पर्वत पत्थरले जमेको छ। समुद्र पानीले भरिएको छ, जंगल रूख, काठ, पातले भरिएको छ, त्यसमा सार केही छैन। जो कुछ देखिन्छ त्यो आपात रमणीय हो। त्यो विचारविना राम्रो देखि राखेका हुन्। त्यस्को जसले इच्छा गर्छ त्यो आफै नाश हुन्छ। जस्तो पुतली बत्तिको इच्छा गरी होमिएर मर्छ, त्यस्तै जसले विषयको इच्छा गर्छ त्यसले आफ्नै नाश गर्छ। त्यसैले भोगको इच्छालाई त्याग गरिदेऊ। तब तिमी परम आनन्दित हुनेछौ।

हे रामजी ! जो पुरूष सर्वदा अन्तरमुख भैकन आत्म-परायण छ र नित्य चिदानन्द स्वरूपमा चित्तलाई जोडी राख्छ तिनी सदा सुखी रहन्छन् र परम पद पाउँछन्।

जसको भित्र मन शान्त छ त्यसलाई संसारको इष्ट-अनिष्ट पदार्थले चलाउन सक्दैन। जसलाई आत्मानन्द मिलेको छ त्यसलाई विषयमा तृष्णा हुँदैन।

हे रामजी ! जसले जगत् अविद्यारूप जानेर त्याग गरेको छ त्यसको चित्तमा जगत्पदार्थले दु:ख दिन सक्दैन। ज्ञानवान्को चित्तमा भोग र दीनता उब्जँदैन।

अविद्यालाई नाश गर्न विद्या चाहिन्छ। अरू कुनै उपायले निवृत्त हुँदैन। जस्तो प्रकाशविना अन्धकार नाश हुँदैन, त्यस्तै विचारविना अविद्या नाश हुँदैन।

अविचारको नाम अविद्या हो। विचारको नाम विद्या हो। जब अविद्या नाश हुन्छ तब विषय भोग स्वादिलो हुँदैन। आत्मानन्दमै संतुष्ट रहन्छ।

हे रामजी ! जसको हृदयआकाशमा आत्मज्ञानरूपी सूर्य उदय भएका छन् त्यसको जन्म र कुल सफल हुन्छ। जस्तो पूर्णिमाको चन्द्र जसले आत्म चिन्तनको अभ्यास गरिराख्छ

त्यसले शान्ति पाउँछ ।

हे रामजी ! बुद्धि पनि त्यही उत्तम हो । दिन पनि त्यही र शास्त्र पनि त्यही उत्तम हो, जसबाट संसारदेखि वैराग्य उब्जियोस् । आत्मतत्त्वको चिन्तन होस् । जब आत्मपद मिल्छ तबसारा क्लेश हटेर जान्छ ।

हे राम ! जसको आत्मचिन्तनमा रूचि छैन त्यो महान अभागी हो । त्यसले चिरकाल पर्यन्त दुःख पाउँछ । कष्ट पाउँछ र जन्मरूपी जंगलको वृक्ष हुन्छ ।

हे रामजी ! ससाररूपी समुद्र तर्ने उपाय सुन– महापुरूष सन्तजनहरूको युक्तिरूपी जहाजमा बसेर संसार समुद्र सजिलै तर्दछन् यो परम उपाय हो। जुन देशमा सन्तजन-रूपी वृक्ष छैन त्यो निर्जन देश मरूस्थलमा एक दिन पनि नबस ।

हे रामजी ! सन्तजन कस्तो वृक्ष हो ? जो रसिलो र शीतल वचन बोल्नु, प्रसन्न रहनु, निश्चय उपदेश दिनु उनको विशेषता हो । यस्तो ज्ञानवान्को नजिक गई बसेपछि महा-मोहरूपी ताप हटेर जान्छ र शान्ति मिल्छ।

हे रामजी ! आफ्नो मित्र आफैं हो । आफ्नू शत्रु आफैं हो । आफूले आफैंलाई जन्मरूपी खाडलमा नझार ।

जो देहमा अहंभाव गरी विषयको तृष्णा गर्छ त्यो आफूले आफैलाई नाश गर्छ । त्यो आफ्नो शत्रु हो ।

जसले देहभावलाई त्यागेर आत्माको अभ्यास गर्छ, त्यो आफ्नू उद्धार आफै गर्छ । ती आफ्नै मित्र हुन् ।

हे रामजी ! पहिले यस्तो विचार गर कि जगत के हो ? कसरी उत्पत्ति भयो ? कसरी निवृत्त हुन्छ र म को हुँ ? सत्य वस्तु कुन हो ? असत्य के हो ? यस्तो विचार गरी जुन सत्य हो त्यसको ग्रहण गर । जुन असत्य हो त्यसलाई

त्याग गर ।

हे रामजी ! न धनले कल्याण गर्छ । न मित्र वान्धव-हरूले, न शास्त्रले कल्याण गर्न सक्छ ।-आफ्नू उद्धार आफैले गर्नु पर्छ । त्यसैले आफ्नू मनसित मित्रता गरी दृढ वैराग्यको अभ्यास गर । तब संसारकष्टबाट छुट्न सकिन्छ ।

हे रामजी ! जीवरूपी हात्ती जन्मरूपी खाडलमा खसेको छ, तृष्णा—अहंकाररूपी साङलाले बाँधेको छ र कामनारूपी मदले उन्मत्त भएकोछ, जब त्यसबाट छुट्छ तब मुक्त हुन्छ ।

हे रामजी ! हृदयरूपी आँखामा अनात्मा अभिमान—रूपी मैला रगत भरिएको छ । जब विचाररूपी औषधि गरी त्यसलाई हटाइदिन्छ तब स्वच्छ हृदयमा आत्मरूपी सूर्यको दर्शन मिल्छ ।

हे रामजी ! अरू उपाय नगरे पनि एक उपाय अवश्य गर देहलाई काठ, पत्थर झैं जानेर त्यस्को अभिमानलाई त्यागिदेऊ । जब अहं अभिमानरूप बादल हटेर जान्छ, तब आफै आत्मरूपी सूर्य उदाइहाल्छ ।

त्यो परमानन्दस्वरूप हो अद्वैत तत्त्व, त्यसलाई वचनले देखाउन सकिंदैन । अनुभव गरेर मात्र आफैले जान्न सकिन्छ ।

हे रामजी ! सारा जगत अनन्त आत्मा हो । ऊ सर्व व्यापक हो । जब चित्तको दृढ परिणाम त्यसमा पर्छ तब स्थावर जंगमरूप जगत् सबै ऊ नै दिव्य देव प्रतीत हुन्छन् । अर्थात् सारा जगत् आत्मरूप देखिन्छ । वासना सबै निवृत्ति हुन्छ र परमानन्द आत्मतत्त्वको अनुभव हुन्छ । त्यसैले सारा जगत्को पदार्थलाई त्यागेर तिमी यो परम तत्त्व-लाई पाउन यत्न गर ।

विषयको इच्छाले जीव वन्धनमा पर्छ । इच्छालाई

छोडि दिए जीव मुक्त हुन्छ । त्यसैले कुनै कुराको पनि इच्छा नगर, तब तिमी शिवरूप भएर मुक्त हुनेछौ ।

भास–विलासवृतान्त–६४

वसिष्ठ भन्नुहुन्छ– हे रामजी ! मनले मनलाई मार । अहं मम भावलाई त्याग । जबसम्म मननाश हुँदैन तबसम्म जगत्को दुःख छुट्दैन । जब मनको नाश हुन्छ तब संसारको दुःखले छुंदैन ।

जस्तो प्रलय काल आए अनन्त कष्ट हुन्छ त्यस्तै मनको उदय भए अनेक दुःख मिल्छ । जस्तो मेघ वर्सेपछि नदीनाला बढेर जान्छ, त्यस्तै मन जागेपछि आपत बढेर आउँछ । त्यसैले मनलाई नियन्त्रण गर । शास्त्रको अर्थलाई पालन गरी निरन्तर स्वरूपको याद गर तब तिम्रो मन निवृत्त हुनेछ ।

हे रामजी ! देहको र आत्माको संयोग छैन, जस्तो पानी र हाँसको संयोग केही छैन । त्यस्तै देह र आत्माको सम्बन्ध केही छैन । जो दुःख जीवलाई देखिन्छ त्यो संगबाट मिलेको हो । जहाँ अहं अभिमान हुन्छ त्यहाँ दुःख पनि आउँछ । जहाँ अहं ममको अभिमान छैन त्यहाँ दुःख पनि रहँदैन ।

हे रामजी ! जतिजति मनको संसर्गता निवृत्त हुन्छ, त्यतित्यति भोगको प्रवाह घटेर जान्छ र कष्ट हुँदैन । जस्तो ऐनामा परेको प्रतिबिम्ब त्यो ऐनाको प्रतिबिम्बसित सम्बन्ध हुँदैन र कष्ट पनि मिल्दैन त्यस्तै आत्मा र जगत्को सम्बन्ध हो ।

हे रामजी ! सर्वथा संवित्मात्र आत्मतत्त्व स्थित छ, द्वैत स्फुरण रहित छ । जो पुरूष त्यस्मा स्थित छ अर्थात् चित्तवृत्ति कहिले पनि स्फुर्दैन, त्यसलाई शान्ति प्राप्त हुन्छ ।

जो अज्ञानी वासनायुक्त हुन् त्यसलाई कहिले पनि शान्ति मिल्दैन तब दुःख पनि छुट्दैन ।

हे राम! यो जीवजगत परम सुखरूप हो, परन्तु भ्रमवशात् आफूलाई दुःखी भनी जान्दछ । जस्तो ठूटामा चोर भावना अविचारले हुन्छ त्यस्तै आत्मामा दुःखको भावना अविचारले सिद्ध हुन्छ । विचार गरेपछि संवितरूप आफूमात्र अवशेष रहन्छ । त्यो परमानन्दस्वरूप हो ।

हे रामजी ! देहसित आत्माको सम्बन्ध भ्रम हो । सत्य होइन । जस्तो पानी र ढुंगा । पानी सुकेर गए ढुंगा चिन्ता लिंदैन । ढुंगाको अभाव भए पानीले चिन्ता गर्दैन । त्यसैले यो असत्य सम्बन्ध हो । त्यस्तै आत्मा र देहको सम्बन्ध असत्य हो । यस्तो जानेर भित्र संग रहित होऊ । तब देहको दुःख हुँदैन ।

हे रामजी ! जसको देहमा आत्मभिमान छ तिनको जन्ममरण सुखदुःखरूप संसार छ । जस्तो बीजबाट वृक्ष-रूख उत्पन्न हुन्छ । त्यस्तै देहभिमान भए सुखदुःखरूप संसार उत्पन्न हुन्छ र संसार समुद्रमा डुबिहाल्छ ।जो बुद्धिमान भित्र संग रहित भएर विचरण गर्छ त्यो संसार समुद्रबाट पार हुन्छ ।

हे रामजी ! जो पुरूष व्यवहार गरी राखेको छ भित्र असंग छ अर्थात् संगदेखि रहित छ । त्यो निर्मल चित्त पुरूष संसारदेखि मुक्त हुन्छ । जो सारा व्यवहार छोडी बसेको छ, फेरि ध्यान, तप पनि गर्छ परन्तु भित्र चित्त अशक्त छ त्यो बन्धनमा परिराखेका छ । त्यसैले हे राम ! तिमी हृदय भित्र चित्तमा संग रहित भएर मुक्त होऊ । त्यो नै अकर्ता हो । यदि भित्र चित्तमा पदार्थको राग भए त्यो बन्धन हो र त्यो कर्ता हो । जसको चित्तमा कुनै आशक्ति छैन,

अनाशक्त छन् तिनी मुक्त स्वरूप हुन् । जसको चित्त आशक्त छ त्यो बाँधिएको पशु झैं दुःखी हो । त्यसैले हे राम ! तिमी अनाशक्त भएर आकाश जस्तो निर्मल, शमभाव, आत्मतत्त्वमा स्थित होऊ ।

हे रामजी ! जसको शरीर नै म हुँ भनि देहाभिमान छ र बाहिरबाट उदारता देखिन्छ । परन्तु जब विषय भोगको पदार्थलाई देख्छ, तब मरेको सिनुलाई देखेर जस्तो गिद्ध आकाशबाट तल झर्छ त्यस्तै तिनी भोगमा गिरिहाल्छन् । व्यर्थयत्न गरिराख्छन् ।

हे रामजी ! आत्मतत्त्वलाई त्यागी जुन पुरूष देहादिमा अभिमान गर्छन् तिनी मूढ हुन् र संसारचक्रमा जन्म, मरण भएर घुमिरहन्छन् ।

जस्को आत्मतत्त्वको ज्ञान भएको छ र त्यसैमा निष्ठा छ तिनी मुक्तभइहाल्छन् र वन्दना गर्न योग्य हुन । फेरि जन्म-मरणरूपी संसारचक्रमा घुम्नु पर्दैन ।

हे रामजी ! सबै आत्मा नै हो कुन पदार्थको इच्छा गर्ने ? र कुन पदार्थको त्याग गर्ने? यस्तो निश्चयवान् आत्मनिष्ट असंगपुरूष जीवनमुक्त हुन् । अथवा न म हुँ, न जगत हो, सारा भाव, अभावलाई त्यागी अद्वैत सत्तामा जो स्थित हुन्छन् तिनी जीवनमुक्त हुन् ।

सारा कर्मको फल जसले त्याग गरेको छ कि मैले केही गरेको छैन त्यसलाई असंसर्ग भन्छ । तिनलाई कुनै कर्मले बन्धन गर्न सक्दैन । जो संशक्त पुरूष कर्तृत्व, भोक्तृत्वको अभिमान सहित छन् त्यसलाई अनन्त दुःख प्राप्त हुन्छ । त्यो संशक्त पुरूषले असंख्य जन्म ग्रहण गर्छ र जति आपत् छन् त्यो तिनलाई मिल्छ । जस्तो समुद्रमा सारा नदी आएर मिल्छ । त्यस्तै सारा आपत् तिनलाई प्राप्त हुन्छ ।

जो देहाभिमानी हुन्, सदा विषय भोगमा आशक्त भइराख्छन् ती रौरव, कालसूत्रआदि नरूकरूपी अग्निमा जलेर कष्ट पाउँछन् । जे जति दुःखको स्थान छ त्यो सबै संशक्त जीवलाई मिल्छ ।

जो पुरूषको देहाभिमान बढेर जान्छ त्यो विष जस्तो हो । जसको देहाभिमान घटेर आउँछ त्यसलाई अमृतरूप जान । विष जति बढेर जान्छ उति मर्दै जान्छ अमृत जति बढेर आउँछ त्यति अमर हुँदै जान्छ ।

हे रामजी ! इष्ट, अनिष्ट, भाव, अभावरूपी जगत् चित्तमा हुन्छ । जब चित्त आत्मपदमा स्थित हुन्छ, तब सारा वन्धन छुटी हाल्छ र आत्मतत्त्व (स्वरूप) को ज्ञान पाएर जीवनमुक्त भै स्थित हुन्छ ।

हे रामजी ! सुषुप्तिबोधको आश्रय लिएर जगत्मा विचरण गर। क्रिया, कर्म, कर्ता, त्रिपुटी भावलाई परित्याग गर । तब तिम्रो दुःख अभाव भै हाल्छ । जसको सुषुप्ति बोधस्थिति छ तिनी सारा कर्म गरे पनि अकर्ता नै हुन् ।

हे रामजी ! ज्ञानवान्को चेष्टा बालकको जस्तो हुन्छ । जस्तो बालक अभिमान रहित भै खेलिरहन्छ, त्यस्तै ज्ञान-वान् अभिमान रहित भएर काम गरिरहन्छ ।

जो पुरूष सुषुप्तिस्थितिमा रहेको छ त्यो संसारको क्षोभबाट चलायमान हुँदैन । जस्तो पर्वत कहिले पनि चल्दैन त्यस्तै ज्ञानवान् संसारको क्षोभबाट चलायमान हुँदैन । समता भावमा स्थित हुन्छ ।

हे रामजी ! त्यस्तो सुषुप्ति स्थिति अभ्यास–योगबाट प्राप्त हुन्छ । जब यो स्थिति मिल्छ त्यसलाई तुरीय पद भनेको छ । त्यो परमानन्दरूप हो, सारा दुःखको अभाव हुन्छ र असंशक्त हुन्छ । जब मनको मननभाव निवृत्त हुन्छ

तब ज्ञानवान्लाई परम सुखको उदय हुन्छ । यो संसार रचनालाई लीलारूप देख्छ, सारा शोक रहित निर्भयपद प्राप्त हुन्छ । संसारको भ्रम नष्ट भै जान्छ ।

जुन यत्नवान् पुरूष परम पावन पदमा स्थित भएका छन् तिनी संसारको गतिलाई देखेर हाँसिरहन्छन् ।

हे रामजी ! तुरीयावस्था परम पद हो, अविनाशी पद हो। जो पदमा स्थित भए पछि जन्म-मरणबाट मुक्त हुन्छ। अभिमान रहित परम ज्योति स्वरूपमा लीन हुन्छ र आत्मरूप हुन्छ ।

हे रामजी ! तिम्रो स्वरूप। अविनाशी, आदिअन्तरहित, अहं त्वंम् भ्रम रहित, चिदानन्दरूप हो त्यसैमा स्थित होऊ।

जस्को आत्मा चिन्तनादेखि रहित हो त्यसको शरीरसित सम्बन्ध कसरी होला ? त्यो नाम, रूप, भेदभाव रहित अशब्द पद हो। त्यो नै जगत्रूपले प्रकाशित भएको छ। जगत् कुनै भिन्न वस्तु हैन। जस्तो पानी तरङ्गरूपले देखिन्छ तर त्यो पानीदेखि भिन्न हैन, त्यस्तै आत्मादेखि भिन्न जगत् केही छैन सारा जगत् आत्मरूप हो ।

हे रामजी ! यो शरीरसित तिम्रो कुनै सम्बन्ध छैन, जस्तो प्रकाश र अन्धकारको सम्बन्ध हुँदैन, त्यस्तै आत्मा र देहको सम्बन्ध छैन । देह जड्, मलीन, दृश्य र असत्य– मिथ्या हो। आत्मा निर्मल शुद्ध चेतन हो र सत्य हो। त्यसको देहका साथ सम्बन्ध कसरी होला ? आत्माको र देहको सम्बन्ध कहिले पनि हुँदैन ।

जस्तो जङ्गलमा आगो लागे पछि जीवजन्तु जलेर मर्छन् त्यस्तै दृश्यरुप देहमा अहंभाव गरेपछि जीव जलेर मरिहाल्छ ।

हे रामजी ! कुबुद्धिमनुष्य दावाग्निलाई पानी भनी

ठान्छ त्यस्तै अज्ञानी देहलाई आत्मा भनी मान्छ र आत्मालाई देह भनी ठान्छ ।

चिदात्मा नित्य, निर्मल र स्वयं प्रकाश छ । देह हाड, मासु, रगतले भरिएको छ । त्यसको साथ आत्माको सम्बन्ध कसरी होला ? आत्मामा देहको अभावछ । केवल एक अद्वैत तत्त्व आफू आफैमा स्थित छ । त्यस्मा द्वैतभ्रम कसरी होला ? म सुखी छु, म दुःखी छु भन्ने मिथ्या दृष्टिलाई त्यागी आफूलाई केवल आत्मरूप जानेर स्थित होऊ, तब परम पद प्राप्त हुनेछ ।

हे रामजी ! जसको चित्त वासना रहित छ, तिनको देह छुटेपछि चित्त चिदाकाशमा लीन हुन्छ । जस्को चित्त वासनायुक्त छ त्यस्लाई एक शरीर त्यागे पछि अर्को शरीर मिल्छ । त्यसैले शरीरको नाश भए पनि आत्माको नाश हुँदैन । जो देहको नाशमा आफू नाश भनिठान्छ त्यो मूर्ख हो ।

हे रामजी ! जीवको हृदयमा जस्तो वासना छ त्यस्तै जरा, मृत्यु, जन्म आदि दुःख मिलिरहन्छ र कर्मरूप भारी बोकी फिरिरहन्छ । कहिले स्वर्ग, कहिले नर्क, कहिले पृथ्वीमा घुमिरहन्छ। शान्ति प्राप्त कहिले पनि हुँदैन। त्यसैले हेराम! यो अविद्यारूप संसारलाई भ्रम भनी जानेर त्यसको वासना त्यागेर आफ्नू स्वरूपमा स्थित होऊ ।

हे रामजी ! दृश्य र दर्शनको बीच जुन सम्वित् तत्त्व छ त्यो तिम्रो अनुभवस्वरूप हो । त्यसैको आश्रय लिएर दृश्य र दर्शनलाई परित्याग गर तब तिमी मुक्त हुने छौ । यो सुषुप्तिरूप अवस्था हो, यसैलाई मुक्ति भन्छन् । दृश्य र दर्शनको साथ मिले पछि बन्धन हुन्छ ।

हे रामजी ! बन्ध–मोक्षको दुबै कल्पनालाई त्याग गरी

यन्त्रको पुतली झैं अभिमान् रहित भएर बस । चित्त निर्मल हुनु नै मोक्ष हो, अनात्मासित आत्माको मिलन अर्थात् जीवभावमा अभिमान गर्नु बन्ध हो । यसलाई त्याग गर । शुद्ध आत्मतत्त्व आफ्नू स्वरूपमा चित्त लगाऊ । यसलाई मोक्ष भनिन्छ । जब चित्तबाट सारा गुणलाई परित्याग गरिदिन्छ, तब निर्गुण आत्मतत्त्वस्वरूपको साक्षात्कार हुन्छ, त्यसैलाई मोक्ष भनिन्छ ।

हे राम ! जबसम्म आत्मज्ञान हुँदैन, तबसम्म दीन, दु:खी बनिरहन्छ । जब स्वरूपको बोध हुन्छ तब सारा भ्रम नष्ट भएर जान्छ । त्यसैले अरू सारा उपायलाई त्यागी भक्ति पूर्वक मोक्षको इच्छागर, आत्मस्वरूपको निरन्तर अभ्यास गरेपछि स्फुरणरूप अहंकारको परित्याग पूर्वक आफ्नू यथार्थ स्वरूपमा स्थित हुन्छ ।

हे रामजी ! जब चित्त अचित्त हुन्छ तब जगत्भ्रम सबै निवृत्त हुन्छ । जगत् कुनै दोस्रो वस्तु हैन, अद्वैत आत्म-तत्त्व कै झलक हो । त्यसकारण बन्ध र मोक्षको कल्पनालाई त्यागेर आफ्नू निर्मल स्वरूपमा स्थित होऊ ।

हे रामजी ! ईश्वरको सङ्कल्पबाट यो जगत् उब्जेकोछ र अज्ञानताले जीव आफ्नै स्फुरणमा देखिएको देहमा आफू बुद्धि गर्छ । म देह हूँ भनी अभिमान गर्छ । जतिजतिआत्म स्वरूप आफूलाई भुल्छ त्यतित्यति मिथ्या देहमा अभिमान दृढ हुँदै जान्छ । जस्तो मदिरा पिएको पुरुष उन्मत्त हुन्छ त्यस्तै देहाभिमानी पुरुष अहं अभिमानले उन्मत्त हुन्छ र ठूलो कष्ट पाउँछ ।

हे रामजी ! सत्संग र सत्शास्त्रको निरन्तर अभ्यास गर तब मन निर्मल हुन्छ । जब मन निर्मल हुन्छ तब मनको मनन भाव (चिन्तना) नाश भैहाल्छ ।

देह अभिमान भए अहं खडा हुन्छ अहंकारबाट दृश्य-जगत् उत्पन्न हुन्छ। दृश्यमा सत्य बुद्धि भए अहं खडा हुन्छ। त्यसैले अहंकारलाई त्याग गरिदेऊ। तब शुद्ध चिन्मात्र स्वरूप प्राप्ती हुन्छ। अहंकार उठेपछि स्वरूपलाई ढाकिदिन्छ। अहंताको नाश भए स्वरूपको साक्षात्कार हुन्छ। सारा दृश्य भ्रम मात्र हो, भ्रमको निवारण भए अद्वैत स्वरूप आत्मा आफू बाँकी रहन्छ र परमानन्द मिल्छ।

हे रामजी ! आत्मा निरहंकार र निराकार हो। त्यस्मा कर्ता, भोक्ता भाव कसरी होला ? कर्ता, भोक्ता आत्मामा अज्ञानताले देखिन्छ। जस्तो मरुभूमिमा पानी देखिन्छ।

हे रामजी ! अज्ञानरूपी मदिरा पिएर मनरूपी मृग मत्त भएको छ। त्यसैले सत्, असत्को विचार गर्न सक्दैन।

जस्तो मृगतृष्णाको पानी असत् भैकन भ्रमले सत्य देखिन्छ। मृग त्यसलाई सत्य जानेर पिउन दौडिरहन्छ त्यस्तै मनुष्य नभएको संसारनाई भएको ठानेर भोगको निम्ति दौडिरहन्छ। जब आत्मसत्ताको सम्यक बोध हुन्छ, तब अविद्यानाश भएर जान्छ।

हे रामजी ! जब अविद्यालाई जान्दछ अर्थात् अविद्या भएको वस्तु, होइन भनी राम्ररी जानिहाल्छ, तब अविद्यारूपी जगत्ले मनलाई तान्नसक्दैन। जस्तो मृग तृष्णाको पानीलाई पानी हैन भनी जानेपछि तिर्खा लागे पनि त्यो पानीले मनलाई तान्न सक्दैन।

हे रामजी ! जब परमार्थ सत्ताको बोध हुन्छ। तब वासना समूल नष्ट भैहाल्छ। जस्तो बत्तीको उदय भए अंधकार हराइहाल्छ त्यस्तै आफ्नू चैतन्य स्वरूपको उदय भए अज्ञान-रूपी अंधकार वासना सहित नाश भैहाल्छ।

हे रामजी ! अविद्या अविचारले सिद्ध हुन्छ, जब

सत्शास्त्रको भक्तिबाट विचार गर्छ तब अविद्या नाश भैहाल्छ। जस्तो वरफको टुक्रा घाममा पग्लिहाल्छ, त्यस्तै विचार गरे पछि अज्ञान नाश भैहाल्छ।

हे रामजी ! देह जड् हो, आत्मा सदा चेतनरूप हो। फेरि जड् देहको निम्ति भोगको ईच्छा गर्नु अत्यन्त मूर्खता हो। जो ज्ञानबान् पुरुष हो त्यसले यो बन्धनलाई तोडिहाल्छ। हे रामजी ! आशारूपी फाँसीलाई हृदयमै काट। जब आशा इच्छा हटेर जान्छ तब पूर्णिमाको चन्द्रमा झैं भित्र शीतल हुन्छ। जस्तो डढेलो लागेको जङ्गलमा घन-घोर वर्षा भए आगोको तातो मेटिएर शान्ति भैहाल्छ त्यस्तै विचारद्वारा आशा, इच्छा निवृत्ती भए हृदयमा शान्ति मिलिहाल्छ।

हे रामजी ! जस्तो सिंह बन्धनलाई तोडेर बाहिर निस्कन्छ त्यस्तै ज्ञानबान पुरूष भोगवासनाको बन्धनलाई तोडी निर्मल भइहाल्छ। जबसम्म हृदयमा आत्मा स्वयंप्रकाशमान् हुँदेन तबसम्म निरन्तर दृश्य विषयको त्याग गर्नुपर्छ र आफ्नू द्रष्टा स्वरूप साक्षी चैतन्यमा चित्तलाई स्थित राख्नुपर्छ।

हे रामजी ! विचारको अवलम्बन गर म मेरो भावना-लाई त्यागिदेऊ निरहङ्कार भै आफ्नू अवशेष प्रकाश स्वरूपमा स्थित होऊ। विचार पूर्वक निरन्तर स्वरूपको अनुसन्धान गरेपछि अद्वैत वासना प्रबल भएर भेदवासना क्षय हुनेछ। तब आफ्नू निर्मल आनन्द स्वरूपको प्राप्ति हुनेछ।

हे रामजी ! मनमा कुनै सङ्कल्प विकल्प नगर। इच्छा पनि नगर। मनमा उठेको सङ्कल्पलाई मिथ्या जानेर परित्याग गरिदेऊ। तब शुद्ध आफ्नू स्वरुपमा तिमी स्थित हुने छौ।

मनमा चिन्तनको अभाव भए अर्थात कुनै इच्छा, आशा नराखे सजीलै सित आफ्नू स्वरूपको अनुभव हुन्छ।

दृश्य संसार सत्य होइन यो अविद्याको कार्य मिथ्या हो। नाश भएर जान्छ, त्यस्मा सुख–शान्ति छैन। त्यसैले शास्त्रा नुशार विवेक विचारलाई अबलम्बन गरी निरन्तर शुद्ध स्वरूपको अनुभव गर। तब कल्पित बन्धनबाट मुक्त हुनेछौ।

हे रामजी ! सारा विषय हुन-आपात रमणिय। विचार गरेर त्यस्मा सत्य बुद्धि नराख। दृश्य प्रपञ्चमा सत्य बुद्धि गर्नु नै हो अहङ्कारलाई जगाउनु। त्यसैले विवेक पूर्वक तिमी दृश्य त्रिपुटीको आश्रय नगर। त्यसलाई परित्याग गरेपछि परिपूर्ण निर्विकार आफ्नो स्वरूपमा सजिलैसित अवस्थान हुनेछ।

हे रामजी ! यो शरीर तिमी होइनौ। देह, हाड, मासू, रगतको ढीका हो, त्यो जडभएकाले ढुङ्गा–मूढा जस्तो हो। तिमी त्यस्तो होइनौ तिमी सारा पदार्थलाई प्रकाश गर्ने, सबैको अधिष्ठाता अनुभवरूप, वोधस्वरूप आत्मनारायण हौ। त्यसैले आफूलाई नभुल, दृश्य त्रिपुटीमा सत्यता बुद्धि नगर। जब तिमी देह प्रपञ्चमा अनाशक्त हुन्छौ, अहंभावनालाई परित्याग गर्छौ, तब तिम्रो जय हुनेछ। जीव दशाबाट मुक्त हुनेछौ र परम विश्राम मिल्नेछ।

हे रामजी ! मिथ्या अहङ्कारलाई सत्य मानेर जीवले दुःख, कष्ट र जन्म पाईराखेको छ। त्यो क्षणक्षणमा परिणामि र दुःखरूप हो। जसको संयोग र वियोग भैरहन्छ, त्यसबाट सुख मिल्न सक्दैन। सुख हो आफ्नू पारमार्थिक ,सत्य चैतन्य स्वरूप। त्यसैले विचार पूर्वक सारा अनात्मवस्तुलाई त्यागगरी आफ्नू अविनाशी शुद्ध अनुभवरूपमा स्थित होऊ।

हे रामजी ! जुन पुरूषको हृदयमा संसारको इच्छा, आशा छैन, देहमा अहं भाव गलित भएकोछ त्यहाँ परमात्माले

निवास गर्नु हुन्छ। जब एक परमात्मामा एक निष्ठा (निरन्तर आत्म चिन्तन(हुन्छ तब त्यसको हृदयमा खुशी भएर आत्मदेव प्रत्यक्ष हुन्छन्।

हे रामजी ! चित्तलाई निरतर आत्मस्वरूपमा जोड। आत्माकै चिन्तन गर, आत्माकै मनन गर र आत्म तत्त्वकै ध्यान गरेर आत्मस्वरूप मै लीन होऊ। जस्तो पानीमा खसेको नून पानीमै विलाउँछ, त्यस्तै तिमी पनि जीवभावलाई त्यागी शिव स्वरूप मै विलीन होऊ।

तत् चिन्तनं, तत् कथनं अनन्य तत् प्रबोधनम्।
एक देव परत्वंच "ब्रह्माभ्यासं विदुर्बुधा"।

हेरामजी ? आफ्नू थार्थस्वरूप विशुद्ध हो। साक्षी हो र चैतन्य हो। सर्वदा स्वरूपको अनुसन्धान (चिन्तन) भए ब्रह्मभावना बढदै जान्छ। सत्यभावना प्रबलतर भए असत्य अहं बासना क्षीण भएर जान्छ, तब स्वयं प्रकाश ज्योति स्वरूप "ब्रह्म" प्रकट भइहाल्छन्।

हे रामजी ! यो सारा जगत्–प्रपञ्च मायाको विलाश मात्र हो। अज्ञानी पुरूष देहात्म बुद्धि गरेर व्यर्थ दुःख पाइरहन्छ। विचार प्राप्त भए अहं अभिमान नाश भएर जान्छ र प्रत्येक आत्मस्वरूपमा स्थित भइहाल्छ।

हे रामजी ! अनात्म-प्रपञ्चमा सत्यता बुद्धि गर्नु नै अविद्या हो र दृश्य त्रिपुटीलाई त्याग गरिदिनु विद्या हो। त्यसकारण मायारूप-प्रपञ्चमा सत्य बुद्धि नगर। त्यो चित्तको स्फुरण वृत्तिदेखि अरु केही होइन। त्यसलाई मिथ्या जानेर ग्रहण नगर। तब निर्मल हृदयमा अधिष्ठान ब्रह्म स्वरूपको अनुभव हुनेछ।

हे रामजी ! जसबाट सारा दृश्य जगत् प्रकाशित भएको छ र स्थित भैराखेको छ त्यो परम देवलाई हेर। त्यसकै

पूजागर, त्यसकै अर्चना गर, तब अन्तर्मुख शुद्ध चित्तमा आत्म देवको दर्शन पाउँनेछौ ।

हे रामजी ! वैराग्य र अभ्यास गरेर मनलाई निर्मल गर । जब मन निर्मल हुन्छ तब अनात्म चिन्तन छुटेर जान्छ र आत्माको अनुभव हुन्छ । यसप्रकार निरन्तर अभ्यास गरे-पछि अद्वैत वासना प्रबल भएर आउँछ । तब सारा वासनाको नाश भए पछि स्वयं प्रकाश आत्मा प्रकाशित हुन्छ ।

हेरामजी मनलाई स्फुरण हुन नदेऊ । क्षण मात्र पनि वृत्तिलाई चल्न दिए अथवा स्फुरित हुनपाए शरीरादि नाना पदार्थ भासित हुन्छ र अनेक दुःख कष्ट मिल्छ । त्यसैले दृश्यको प्रकाशक चेतन आफूलाई हेर ।

आत्मतत्त्व सबै भन्दा अतीत (टाढा) हो तर सबै पदार्थको स्वरूप पनि ऊ नै हो, सुख स्वरूप पनि त्यही हो । हे रामजी! चित्तलाई किन चलाउनु पर्‍यो ? जस्तो नचलेको तलाउमा चन्द्रको प्रतिबिम्ब राम्रो देखिन्छ त्यस्तै नचलेको, अखण्ड स्थिर चित्तमा आत्मनारायण स्पष्ट भासमान हुन्छ।

हे रामजी ! जो चित् शक्ति हो त्यो सर्वब्यापी सूक्ष्म छ, र अचल छ । न आफू चल्दछ न अरूलाई चलाउँछ ,सदा स्थिर स्वरूप हो । जस्तो पर्वत न आफू चल्छ न हावाले चलाएर चल्छ त्यस्तै चित् शक्ति अचल हो, त्यो तिम्रो स्वरूप हो त्यसैमा स्थित होऊ ।

हे रामजी ! जस्तो कामी पुरूष स्त्रीको चुम्बन गरी आनन्दित हुन्छ । त्यसलाई त्यस्तो आनन्द हुँदैन, जस्तो आनन्द निर्वासनिक पुरूषलाई हुन्छ । जस्तो हिमालय चढेपनि त्यति शीतल हुँदैन जस्तो निर्वासनिक पुरूषको मन शीतल हुन्छ जस्तो चन्द्रमालाई स्पर्श गरी त्यस्तो शीतल हुँदैन जस्तो निर्वासनिक पुरूषको हृदय शीतल हुन्छ ।

चन्द्रमाले बाहिरको ताप मेटाउँछ तर हृदय भित्रको ताप लाई निवारण गर्न सक्दैन । परन्तु ज्ञानवान्‌ले भित्र बाहिरको दुवै ताप नष्ट गरिदिन्छ ।

हे रामजी ! जो पुरूष निर्वासनिक हो र आत्मविचार गरी आत्मपद पाएको छ, त्यसलाई देखेर मोहरूपी माया भागेर जान्छ, नजिक आउँदैन । जस्तो सिंहको नजिक मृग आउँदैन त्यस्तै ज्ञानवान्‌को नजिक माया आउँदैन । राम्री स्त्री, मणि, कञ्चन, धन र ढुंगा मूढा तिनलाई तुल्य प्रतीत हुन्छन् । भोगबाट उसलाई सुख हुँदैन र आपत् र विपत परे पनि दुःख र खेद गर्दैन। सदा एकनास रहन्छ। आफूलाई निराकार अद्वैत निर्गुण स्वरूप भनी जान्दछ । इन्द्रियादिले कर्म गरी राख्छन्, परन्तु त्यस्मा आशक्त हुँदैन । बाहिर हेर्दा आशक्त जस्तो देखिए पनि तिन्‌को भित्र आशक्ति रहँदैन ।

हे रामजी ! आत्मसत्ता सदा प्रकाशरूप हो र नित्य शुद्ध, परिपूर्ण परम आनन्द स्वरूप हो । जो पुरूषलाई आफ्नू शुद्ध स्वरूपको ज्ञान छ तिन्‌लाई यस्को विस्मरण हुँदैन ।

जस्तो डोरीमा भ्रमले सर्प प्रतीत हुन्छ जब भ्रम-निवारण हुन्छ तब जस्ताको तस्तै डोरी देखिन्छ त्यस्तै आत्म स्वरूपको ज्ञान भए पछि देहभाव रहँदैन । चिद्‌ग्रन्थी छुटिहाल्छ ।

हे रामजी ! जबसम्म थाह हुँदैन तबसम्म विष मिलेको वरफ खाइरहन्छ । जब विष भनी थाहा हुन्छ तब त्यसलाई परित्याग गरिदिन्छ । त्यस्तै जबसम्म संसारको स्वरूप के हो त्यो जानेको छैन तबसम्म पदार्थको इच्छा गरिरहन्छ । जब माया मात्र हो भनी गुरू र शास्त्रबाट जानिहाल्छ तब त्यस्को इच्छा छुटिहाल्छ ।

हे रामजी ! जस्तो परव्यसनी नारी कुनै पुरूषमा

चित्त लगाउँछे, घरको काम काज पनि गरिराख्छे, परन्तु त्यसको चित्त सदा उसैमा रहिरहन्छ। त्यस्तै ज्ञानवान् पनि सबै काम काज गरिरहन्छ, परन्तु त्यस्को चित्त सर्वदा आत्म पदमा स्थित रहिरहन्छ।

हे रामजी ! जुन असत्य देहादि प्रपञ्च हो त्यो सत्य जस्तो देखिएको छ। जो सत्‌रूप अविनाशी आत्मा आफ्नू स्वरूप हो त्यो असत्य झैं प्रतीत भएको छ। त्यसैले यथार्थ विचार गरेर सत्‌रूप आत्मपद आफ्नू स्वरूपमा स्थित होऊ। असत्यरूप जगत्‌को इच्छालाई त्यागी समता भावलाई ग्रहण गर।

जो अविचार मार्गमा प्रवृत्त भएकोछ त्यो कोटी जन्मसम्म संसार समुद्रमा डुबिरहन्छ मुक्त हुँदैन।

जो विवेक गरेर सत्‌स्वरूप आत्मालाई ग्रहणागर्छ, त्यो चाँडैनै मुक्त भै हाल्छ।

हे रामजी ! दुःखको मूल चित्त हो। जबसम्म चित्त छ तबसम्म दुःख छ। जब चित्त नष्ट हुन्छ तब दुःख सबै हटेर जान्छ। त्यसैले चित्तलाई परित्याग गर। आत्मज्ञान भए चित्तको अभाव हुन्छ र दुःख, राग, इच्छा, भय सारा हटि-हाल्छ। केवल शान्तरूप आफू-आत्मा अद्वैत बनिहाल्छ।

जसलाई जो कुछ मिलेको छ त्यो आफ्नै प्रयत्नको बलले मिलेको छ। त्यस्तै आत्म पदको प्राप्ति पनि पुरुष प्रयत्न कै फल हो। त्यसैले अरू उपायलाई त्यागेर आत्मपद पाउन यत्न गर।

हे रामजी ! जस्तो भावना गर्छ त्यस्तो फल मिल्छ। आत्माको भावना गरे हृदय मै सत्‌रूप आत्मा प्रकट हुन्छ, तब शान्ति मिल्छ। अनात्माको भावना गरे काम, क्रोध, मोह आदि दुःखले छोपिहाल्छ। त्यसैले हे राम ! अनात्म चिन्तन-

बाट मनलाई फर्काएर निरन्तर आत्मचिन्तन गर। आत्माको भावना दृढ भए अनात्म पदार्थ असत्य प्रतीत हुन्छ र विरस भैं हाल्छ। तब हृदयमा शान्तिस्वरूप आत्मा अनुभूत हुन्छ।

हे रामजी ! संसार सागर पार गर्ने जहाँ जहाज छ, जहाँ मल्लाह छ, परन्तु तर्ने तत्परता छैन भने त्यसलाई धिक्कार छ। जहाज र मल्लाह के के हुन् सुन—मनुष्य शरीर पाएर केही गर्ने विचार छ, बुद्धि छ भने त्यो जहाज हो। सन्त सज्जन मल्लाह हुन्। त्यसलाई पाएर जो मनुष्य दुःखरूपी संसार समुद्र तर्दैन त्यसलाई धिक्कार छ।

त्यस्तो दुस्तर समुद्र जसले तरी पार गएको छ त्यो धन्य हो। त्यही पुरूष हो। त्यो जिउँदै मुक्त हो।

हे राम! जुन पुरूषले आत्म विचारमा बुद्धिलाई डुवाई राखेको छ त्यो तरिहाल्छ नभए तर्न सक्दैन। जसको आत्माभ्यास दृढ भएको छ, त्यो तर्न समर्थ हुन्छ।

हे रामजी ! तिमी त भागवन हौ, परन्तु बोधविचार गरेर संसारसागरलाई तरी हाल। जो यो शुभ मार्गलाई त्यागेर विषय मार्ग तिर धाई रहन्छ, त्यो संसार समुद्रमा डुबिहाल्छ र दुःख पाउँछ।

हे रामजी ! जो विषयभोग हो त्यो विषरूप हो। जसले त्यसको सेवन गर्छ त्यो नष्ट भएरजान्छ। परन्तु जसले आफ्नू स्वरूपपाएको छ तिनलाई जस्तो गरूड मन्त्र पढेपछि सर्पले दुःख दिन सक्दैन त्यस्तै विषय-भोगले दुःख दिन सक्दैन।

हे रामजी ! जसलाई ज्ञानको धर्म लक्ष्मी मिलेको छ त्यो पूर्ण अमृत तुल्य हो। शीतल शम प्रकाशरूप हो। लक्ष्मीलाई पाएर विदितवेद्य (ज्ञान ब्रह्मा) स्थित भैरहन्छ।

वीतहव्यमुनी–चित्तशासन–८१

हे रामजी ! एक वीतहव्य मुनीश्वर अत्यन्त तेजस्वी थिए । तिनी संसारबाट वैराग्य भएर एकान्तजङ्गल-पर्वतको कन्दरामा गै चञ्चल मनको गतिलाई देखेर विचार गर्न लागे । हे मूर्ख मन ! तिमी केका लागि विषयतिर गइ-रहन्छौ । त्यो त जड, असत्, दुःखरूप भ्रान्ति मात्र हो । तिमी त्यसबाट शान्ति कसरी पाउँछौ ? त्यस्मा चञ्चलता भएर इच्छा गर्नु अनर्थको कारण हो । जतिजति अर्थ, ऐश्वर्य-लाई ग्रहण गर्छौ त्यति त्यति धेरै दुःख पाउने छौ ।

त्यो विषय सुखरूप होइन । मिथ्या- असत्‌रूप हो । जस्तो मृग तृष्णाको पानी भए को होइन। त्यस्तै जगत् असत्-रूप हो । तिमी व्यर्थ कर्तृत्वको अभिमान किन गर्छौ ?

सबैको कर्ता चिदानन्द- आत्म भगवान् हो र सदा साक्षी स्वरूप हो । तिमी व्यर्थ किन तापयुक्त हुन्छौ ।

जस्तो अज्ञानले डोरीमा सर्प देखिन्छ त्यस्तै आत्मामा जगत् प्रतीत हुन्छ । जस्तो आकाश र पातालको सम्बन्ध कुनै छैन त्यस्तै आत्माको र चित्त–इन्द्रियको सम्बन्ध कुनै छैन । भएको आत्मसत्ता मात्र हो, अरू सारा जड असत्-रूप हो । त्यसैले त्यसको सम्बन्ध कसरी होला ? जस्तो सूर्य जगत्‌देखि अलग छन् त्यस्तै आत्मा देह, इन्द्रियदेखि भिन्न साक्षीरूपले स्थित छ ।

हे चित्त ! तिमी त मूर्ख हौ, निरन्तर विषय भोग मै रमिरहेका छौ । भोगबाट तृप्त कहिले पनि हुँदैनौ । कुकुर जस्तो चेष्टा गरी घुमिरहेछौ। त्यसैले तिमीसित मेरो कुनै प्रयोजन छैन ।

ए मूर्ख ! तिमी व्यर्थ मिथ्या अहं, अहं किन गर्छौ र वासनालाई बढाउँछौ ? त्यो असत्‌रूप हो। त्यसैले तिम्रो र

आत्माको सम्बन्ध कसरी होला ? आत्मा चेतनरूप हो, तिमी मिथ्या जडरूप हौ । व्यर्थ अहंकार गरी जीवत्व भाव पाएका हौ । आफूलाई देह भनेर मानेका थियौ । म त संबित्-चेतना परब्रह्म हुँ । आदिअन्त रहित परमानन्द चिदाकाश आत्मा हुँ । जब म आफ्नू स्वरूपमा जागें मदेखि भिन्न दोस्रो केही छैन ।

हे मूर्ख मन ! जुन भोग सुखरूप ठानेर तिमी होमिन्छौ त्यो अविचारले पहिले अमृत जस्तो देखिन्छ । पछि विष तुल्य भएर जलाऊँछ। अर्थात् वियोग हुन्छ र दुःख पाउँछ । त्यसैले व्यर्थ कल्पनालाई त्यागेर आत्मपदमा स्थित होऊ । जहाँ पुगे पछि सारा क्लेश शान्त भएर जान्छ र परम शान्ति मिल्छ ।

हे चित्त ! तिमी सित मेरो कुनै सम्बन्ध छैन । म चेतन हुँ, तिमी जड हौ त्यसैले आत्मासित देह, मन, इन्द्रियको सम्बन्ध छैन । परमात्माको अज्ञानताले देहादिको उदय भएको हो । आत्मज्ञान भए अज्ञानको अभाव भइहाल्छ ।

जो न कर्ता हो, न भोक्ता हो, न ममा बन्धन छ, न मोक्ष छ । त्यस्तो निष्कलंक आत्मतत्त्व म हुँ । म सर्वात्मा, निर्विकार, अलेपरूप हुँ । यस्तो आत्मालाई मैले पाएँ। जगत्को सुखदुःख अब नष्ट भयो र सम शान्तरूप भएँ ।

हे मन ! जो कुछ जगत् भासमान हुन्छ त्यो सारा ब्रह्मस्वरूप हो । अहं त्वं कल्पना केही छैन । ब्रह्मसत्ता आफू आफैमा स्थित छ ।

सारा कलना तिमीमा थियो जब स्वरूपको ज्ञान भयो तब अज्ञान नाश भै हाल्यो । अब तिमी कहाँ छौ । जस्तो रात सकिए पछि भूत, प्रेतको अभाव हुन्छ त्यस्तै अज्ञाननाश भएपछि तिम्रो अभाव भइहाल्छ ।

चित्तोपदेश–८३

हे रामजी ! यस प्रकार वीतव मुनिले विचार गर्दै फेरि निर्मल बुद्धिले विचार गर्न लागे ।

हे मन ! तिमी किन आफ्नू अनर्थतिर यसरी धाइ-रहेछौ ? विषयबाट तिमीलाई शान्ति मिल्दैन । जस्तो मरूभूमिको पानी देखेर मृग दौडिरहन्छ तर शान्ति पाउँदैन । त्यस्तै तिमी विषयको इच्छा गरेर शान्ति पाउँदैनौ । त्यसैले दुष्ट इच्छालाई त्याग गरी जो सत्य हो, परमात्म तत्त्व सदा एक रस- अविनाशी हो त्यसलाई ग्रहण गर । तब सारा दुःख हटेर जानेछ ।

हे मन! म तिमीसित मिलेको हुनाले मैले पनि धेरै दुःख पाएँ जस्तो तताएको फलाम छोए पछि पोल्छ त्यस्तै तिम्रो सँगत गरे पछि दुःख मिलिहाल्छ ।

हे मन ! यी जीवहरू जो मर्छन् त्यो कालको मुखमा गएर परिहाल्छन् । त्यो तिमीसित संग गरेको अविचारको फल हो । जस्तो नदी पानीले भरिएको हुन्छ तब समुद्रतिर बगेरजान्छ । यदि पानी नभए के बग्ला ? त्यस्तै तिम्रो सङ्गले कालको मुखमा जानपरिहाल्छ, तिमीसित संग नभए किन जानु पर्ला ?

जस्तो मेघ–कुहिरो आई सूर्यलाई ढाकेर अन्धकार तुल्याउँछ । त्यस्तै मनरूपी मेघ र इच्छारूपी कुहिरो फिंजिएर आत्मारूपी सूर्यलाई ढाकिहाल्छ र सदा सर्वदा दुःखको वर्षा गरिराख्छ ।

हे मन ! तिमीले सर्वदा चिन्ता गरिराख्छौ, त्यो तिमी बाँदर जस्ता हौ । जस्तो बाँदरले रूखलाई हल्लाइरहन्छ त्यस्तै चित्तले पनि यो देहलाई स्थिर गरी बस्न दिंदैन ।

फेरि त्यो चित्तरूपी कुकुर अत्यन्त नीच हो । किनकि

भोग–भावनारूपी जो अपवित्र पदार्थ हो, त्यसलाई हृदय-रूपी कोठामा जम्मा गरी थुपारिराख्छ । जब मोहरूपी कुहिरो र इच्छारूपी धूलो हृदयरूपी आकाश देखि निवृत्त हुन्छ तब निर्मल आकाश प्रकट भइहाल्छ र परम शीतल हुन्छ ।

हे चित्त ! जबसम्म तिमी नाश हुँदैनौ तबसम्म शान्ति मिल्दैन । जब तिमी नाश भै जान्छौ तब परम आनन्द प्राप्त हुन्छ । जस्तो मेघ हटेपछि सूर्यको प्रकाश भइहाल्छ त्यस्तै अज्ञानको नाश भए आत्माप्रकाश हुन्छ ।

हे चित्त ? यो स्थावर जंगम जगत् संवितरूप आकाशमा देखिन्छ । त्यो महत् ब्रह्मलाई तिमीले प्राप्त गर । जो पुरूष आशारूपी फांसीलाई तोडेर आत्मपदमा प्राप्त हुन्छ र संसारको सत्यभाव निवृत्त भएको छ तिनी जन्म-मरणको बन्धनमा पर्दैनन् । जस्तो डढेको पात फेरि हरियो हुँदैन त्यस्तै नाश भएको चित्तले जन्म-मरण पाउँदैन ।

हे चित्त ! सबैलाई खाएर नाश गरिदिने जुन संसार हो त्यसलाई सत्य मानेर तिमी त्यसको नजिक गइरहन्छौ त्यहाँ तिम्रो कल्याण हुँदैन । जब तिमी आत्मातिर आउँछौ तब तिम्रो परम कल्याण हुन्छ ।

हेचित्त ! जब तिमी आफूलाई अभाव गरी आत्मपदमा स्थित हुन्छौ तब परम कल्याण हुन्छ । यदि त्यसो गरेनौ भने परम दुःख पाउनेछौ । जसले आत्मपदलाई त्यागिदिन्छ त्यो अज्ञानी मूढ हो ।

हे चित्त ! अविवेकले तिमी मेरो मित्र थियौ । अब बोध भएकाले तिम्रो चित्तभाव नाश भै हाल्यो । अब तिमी परमेश्वररूप हौ । अब वासना नाश भइहाल्यो । अब मैले आफूलाई जानेर आफू आफैमा स्थित भएको छु । परम

निर्वाण शान्तरूप हुँ। मेरो सबै ताप नाश भइ गयो। म नित्य शुद्ध, चिदानन्द, परब्रह्मस्वरूप हुँ।

जस्तो तरङ्ग रहित समुद्र अचल हुन्छ। त्यस्तै म सारा कलना देखि रहित वीतराग हुँ। संवेदन रहित समसत्ता मात्र आफू आफैमा स्थित छु।

हे इन्द्रियहरू! हे मन! तिमी अब समवान् भयौ। आत्मालाई पाएर अब के मिल्यो हेर तिमी कति सुखि छौ। कति आनन्दित छौ। यस्तो परम शान्तरूप अचल-अविनाशी जो सुख हो त्यसको आश्रय ली चञ्चलतालाई त्याग।

हे इन्द्रियहरू! तिमीहरूको वास्तवमा स्वरूप कुनै छैन। आत्मपदमा तिमीहरू देखिंदैन। आफ्नू स्वरूपलाई नजानिकन तिमीहरू मलाई दुःख दिन्थ्यौ। अब मैले आफ्नू स्वरूपलाई पाएको छु। मलाई बश गर्ने सामर्थ्य अब तिमी-हरूमा छैन। किनकि तिमी अवस्तुरूप हौ। आत्मालाई भुलेर तिम्रो भान भैराखेको छ। जस्तो डोरीमा सर्प देखिन्छ त्यस्तै अनात्मामा आत्मभावना र आत्मामा अनात्मभावना हुन्छ। त्यो अविचारले हुन्छ। विचार गरे पछि हुँदैन। त्यसैले अविचाररूपी स्वरूपको विस्मृतिलाई टाढैदेखि त्यागी दिएको छु। स्वरूपको स्मृति स्पष्ट भएको छ।

हे रामजी! यस प्रकार वीतहव्य मुनि विचार गरेर जीवन्मुक्त भए। आफ्नू स्वरूपमा स्थित भएर आत्म ध्यानमा रही निर्वासनिक भइ हिमालयको कन्दरा भित्र प्रवेश गरी पद्मासन बाँधेर हात जोरी भन्न लागे हे राग! तिमी निरागलाई प्राप्त गर, तिमीसित धेरैकालसम्म खेलें परन्तु विवेकले रहित थिएँ। अब तिमी जाऊ मेरो नमस्कार छ। हे भोग! तिम्रो लालचा गरेर मैले परमपदलाई भुलि राखेको थिएँ। जस्तो आमा सुखको निम्ति छोराको लालचा

गर्छिन् त्यस्तै मैले पनि सुख ठानेर तिमीलाई लालचा गरेको थिएँ । अब जाऊ तिमीलाई मेरो नमस्कार छ । अब निर्वाण पदमा प्राप्त हुन्छु ।

हे दुःख ! तिमीलाई पनि नमस्कार छ । तिम्रो उपदेश पाएर मैले आत्मपदलाई पाएँ किनकि म सदा भोगको सुख-लाई चाहन्थें । जब सुख प्राप्त हुन्थ्यो तब तिमीलाई पनि साथ ली आउँथें । सुखको इच्छाले मैले अनेक जन्म पाएँ । तिमीलाई देखेर मलाई आत्मपद पाउन इच्छा लाग्यो । तिम्रै प्रसादले परम शीतल पदलाई पाएको छु ।

हे दुःख ! तिमी त दुःखी नै थियौ, परन्तु मलाई सुख दिएर कृतार्थ गऱ्यौ त्यसैले तिम्रो कल्याण होस् । तिमी अब जाऊ ।

हे मित्र ! संसारमा बाँचिरहनु असार हो । जो वस्तु संयोग हुन्छ, त्यो फेरि वियोग भइहाल्छ । तिमीले मलाई ठूलो उपकार गरेर छोड्यौ । जस्मा आफू नाश भएर मलाई सुखशान्ति दिएर गयौ । यदि तिमी नभएदेखि म आत्मपदको लागि कहिले यत्न गर्ने थिएँ ? तिमी आफूलाई नाश गरेर मलाई सुख दिएर गयौ ।

हे मित्र ! तिमी दाजुभाइ जस्तो गरी धेरैकाल सम्म मसित बसिराख्यौ । तिमी कहिले पनि म देखि टाढा गएनौ । मैले तिमीलाई नाश गरिन । तिमीले नै आफ्नू नाश आफैले गऱ्यौ । जब तिमी मसँग मिलेको थियो तब मलाई विवेक उत्पत्ति भयो । त्यहि विवेकले तिम्रो नाश गरि दियो । त्यसैले तिमीलाई मेरो नमस्कार छ ।

हे आमा तृष्णा ! तिमीलाई नमस्कार छ । तिमी सँधै मसित रहन्छौ मलाई कहिले पनि त्याग गरेनौ । जस्तो आफ्नू बच्चाको त्याग आमाले गर्दैन, त्यस्तै तिमीले पनि

मेरो त्याग गरेनौ । अब तिमी जाऊ ।

हे काम देव ! तिमी आफै विपरित भएर आफ्नू नाश गऱ्यौ । जब तिमी वहिर्मुख थियौ तब बाँचिरहेका थियौं । जब अन्तर्मुख भयौ तब तिमी मेटिएर गयौ । तिमीलाई नमस्कार छ । तिमीले पनि मलाई ठूलो उपकार गरेका थियौ । जुन नरकदेखि निकालेर स्वर्ग प्राप्ति गरिदिएका थियौ । परन्तु आखिर सबैको वियोग हुनु छ । त्यसैले तिमी जाऊ । तिमीलाई नमस्कार छ ।

हे दुष्कृत ! तिमी पनि जाऊ, विकर्म तिम्रो क्षेत्र हो र यौवन अवस्था बीज हो । त्यसले नरक दु:खको फल मिल्छ । त्यो तिम्रो साथ पनि संयोग भएको थियो । त्यसैले तिमीलाई पनि नमस्कार छ । तिमी जाऊ ।

हे मोह ! तिमीलाई पनि नमस्कार छ । तिमीबाट म धेरैकालसम्म बाँधिएको थिएँ । अनेक प्रकारको स्थानमा पुगेको थिएँ । तिमीले मलाई भय देखाउँथ्यौ तब म धेरै भयभीत थिएँ । त्यसैले तिमीलाई नमस्कार छ, अब तिमी जाऊ ।

हे बुद्धि ! हे विवेक ! तिमीलाई पनि नमस्कार छ । तिमीले म माथि ठूलो उपकार गऱ्यौ । जुन संसाररूपी बन्धनदेखि मुक्त गरि दियौ । अब तिमीपनि जाऊ । अब म स्वरूपमा स्थित छु ।

हे देह ! रगत, मासुको पिंजडा बनेर तिमी मसित धेरै कालसम्म बस्यौ, तिमीले ठूलो उपकार गऱ्यौ कि विवेक उब्जाउने स्थान तिमी नै हो । तिम्रो संयोगले मैले परम पद पाएँ । अब तिमी पनि जाऊ । तिमीलाई नमस्कार छ ।

हे इन्द्रिय ! हे प्राण,! हेमन आदि ! तिमीलाई नमस्कार छ । हामीहरूको धेरै काल संयोग थियो । अब वियोग भयो ।

किनकि जसको संयोग हुन्छ त्यसको वियोग हुन्छ । त्यसैले तिम्रो हाम्रो पनि वियोग हुन्छ ।

हे रामजी ! यस्तो विचार गर्दा गर्दै मन सारा कार्यदेखि रहित प्रणवको ध्यानमा लाग्यो र सारा दृश्यदेखि शान्त भएर गयो ।

जस्तो चिन्तामणि आफ्नू प्रकाशमा स्थित रहन्छ, जस्तो पूर्णिमाको चन्द्रमा आफू आफैमा स्थित भएको छ त्यस्तै स्फुरण देखि रहित भएर मन शान्तिपदमा प्राप्त भयो ।

जस्तो भर्खर जन्मेको बालक पदार्थज्ञान रहित हुन्छ । त्यस्तै अवस्था प्राप्त भयो । जो सत्ता-मात्र आत्मतत्व-सुषुप्त पद हो त्यसको आश्रय ली महा अचल सुमेरू झैं स्थित भए । जो परम शुद्ध-पावन पद हो र सबैको भित्र स्थित हो अथवा सर्व भाव-शब्दरहित हो त्यो एक परब्रह्म जो सर्वदा सबै प्रकार सबैमा सर्वरूपले स्थित छन् त्यस्तो सर्वात्मालाई वीतव मुनीश्वरले प्राप्त गर्नु भयो ।

हे रामजी ! वीतव मुनी दुःखरूप संसारसमुद्रको पार परमपदमा प्राप्त भए । जो पद पाए पछि जन्म-मरण फेरि हुँदैन । जुन पदमा स्थित भए परम शान्त-उपशम-आनन्द पाउँछ । जस्तो समुद्रमा पानीको थोपा परे पछि समुद्र नै हुन्छ । त्यस्तै ब्रह्मसमुद्रमा ब्रह्मलीन भै स्थित हुनु भयो ।

हे राम ! तिमी पनि यस प्रकार विचार गरेर सिद्धता प्राप्त गर । दृश्यको चिन्तनलाई त्यागी सावधान होऊ ।

मुक्ति ज्ञान गरेरै हुन्छ । ज्ञान गरेर नै सारा दुःखनाश हुन्छ । ज्ञान गरे अज्ञान निवृत्त हुन्छ र ज्ञान गरैरै परम सिद्धि प्राप्त हुन्छ । पाउनु योग्य त्यही वस्तु हो । दुःखलाई नाश गर्न अरू कुनै समर्थ छैन । यो निश्चय हो कि ज्ञान गरी सबै फांसि

काटी हाल्छ । ज्ञान गरेर नै वीतवले मनलाई चूर्ण पारे ।

हे रामजी ! वीतव मुनि संवित् जगत्देखि अतीत भए । जो जति दु:ख हो त्यो मनले नै हुन्छ । मनको उपशम भए सारा जगत अनुभवरूप हुन्छ । वीतव पनि मन मात्र थिए । म पनि मन मात्र हुँ, तिमी पनि मन मात्र हौ । पृथ्वी आदि जगत् सबै मन मात्र हो । मन देखि अरू केही छैन । जहाँ मन हुन्छ त्यहाँ जगत् हुन्छ । मन नै जगत्रूप हो । जगत् नै मनरूप हो । जो ज्ञानवान् पुरूष हो । त्यो मनको गतिलाई त्यागेर केवल चिदानन्द आत्म तत्त्वमा स्थित हुन्छ र राग, द्वेष, विष, विकार आदि तिनको हटेर जान्छ ।

हे रामजी ! जब सन्त जनको संगत हुन्छ, सत्शास्त्रको श्रवण, मनन गर्छ र स्वरूपको अभ्यास हुन्छ । तब चित्त अचित्त भइहाल्छर परमानन्दको प्राप्त हुन्छ, तब जीवन्मुक्त भएर विचरण गर्छ ।

हे रामजी ! जीवन्मुक्त पुरूषमा जो मैत्री आदि गुण हुन्छ । त्यो सुन–चित्तमाजो संसार सत्य हो भन्ने निश्चयरूपी मैला हो, त्यही चित्तभाव हो । त्यो आत्मज्ञानले नाश भइ-जान्छ ।

जस्तो सूर्यको उदय भए अन्धकार नष्ट भइहाल्छ र प्रकाश हुन्छ । जस्तो भुटेको अन्नको अंकुर जलेर जान्छ त्यस्तै ज्ञान गरे चित्तको चित्त स्वभाव नष्ट भइहाल्छ र मैत्री आदि गुणउदय हुन्छ ।

हे रामजी ! अज्ञानीको चित्त जन्मको कारण हो । ज्ञानीको चित्त जन्मको कारण हैन । जस्तो काँचो अन्न उम्रिहाल्छ, भुटेको उम्रँदैन । त्यस्तै अज्ञानीको जन्म हुन्छ । ज्ञानीको जन्म हुँदैन ।

जीवन्मुक्तको चित्त स्वरूपमा अचित्त भइरहन्छ । विदेह

मुक्तको चित्त नष्ट भइहाल्छ। त्यसैले जीवन्मुक्त पुरुषमा मैत्री आदि गुण मिल्छ। विदेह मुक्तको आत्मा निर्मल, निष्कलंक हो। गुणको कलपना त्यसमा कुनै स्फुर्दन। परम पावन निर्मल पदमा स्थित हुन्छ।

जो सारा कलना रहित पद हो। शरद कालको आकाश झैं निर्मल बुद्धिदेखि पर हो, त्यसलाई अरूले बताउन सक्दैन। जस्तो आकाशको स्थानलाई बतासले जान्दछ त्यस्तै उसको अवस्थालाई उसैले जान्दछ। त्यहाँ स्थित भए सारा दुःख शान्त भइहाल्छ। ब्रह्मानन्दमा लीन भइहाल्छ। ज्ञानवान् आकाश झैं निर्मल पदलाई प्राप्त गर्छ। जसलाई पाएपछि अरू पाउनु केही रहँदैन।

हे रामजी! जे जति जगतजाल देखिन्छ त्यो सबै असत्-रूप हो। चित्त स्फुरेपछि नाना प्रकारको आडम्बर भास्दछ। जस्तो गन्धर्वनगर नाना प्रकारको भ्रमले भास्दछ त्यस्तै यो जगत् असत् हो। जस्तो माटोमा घटको भाव हुन्छ, त्यस्तै चित्तमा जगत्को सद्भाव हुन्छ। त्यसैले चित्तलाई आत्म स्वरूपमा जोड। विषयतिर जान नदेऊ। यसरी अभ्याद्वारा चित्तलाई स्थित गरेपछि परम निर्वाण पद प्राप्त हुन्छ।

हे रामजी! आफ्नू पारमार्थिक स्वरूपलाई भुलेपछि अहंता उदित हुन्छ र नाना प्रकारको विकार प्रतीत हुन्छ। जब स्वरुपलाई ग्रहण गर्छ तब अहंभाव गलित भइहाल्छ र परमार्थिक र सत्य, नित्य, आनन्द चित्तस्वरूप आत्मपद मिलिहाल्छ।

हे रामजी! चित्त उठेपछि आत्म स्वरूपमा जगत् प्रतीत हुन्छ। त्यो जगत् आत्मा देखि भिन्न होइन। आत्मरूप हो। मिथ्या ज्ञानले जगत् भासित हुन्छ र सत्य भनी मान्दछ। विचार गरे दृश्य जगत् हो मनको संकलप मात्र। अविचारले

असत्य भैकन पनि सत्य झैं भासित भएको छ। मनको दृढ भावनाले विशालरूपमा प्रतीत भइराखेको छ, किन्तु विचार गरेपछि सार वस्तु कुनै हात लाग्दैन। अन्तमा दुःख नै मिल्छ।

जस्तो स्वप्नमा भासमान जगत् असत्य हो। त्यस्तै यो देखिएको जगत् प्रपञ्च सारा असत्य हो। मनको स्फुरणले भासिराखेको छ। जो पुरूष जगत्लाई असत्य भनी जान्दछ तिनी जगत्को भावना गर्दैनन् ।

हे रामजी ! जब मनले दृश्य जगत्को कल्पना गर्छ तब विचारगरी वैराग्य द्वारा आफ्नूस्वरूप चैतन्य तिर फर्किहाल। अर्थात् चित्तलाई शान्त राखेर आत्मस्वरूपलाई अनुभव गर। तब मनको मनन भाव नष्ट हुनेछ ।

हे रामजी ! चित्त वासनाले उत्पन्न हुन्छ। त्यो वासना विचार रहित भए स्फुर्दछ। जस्तो बालक जन्मेपछि दूधको लागि स्तन चुस्ने वृत्ति स्फूरित हुन्छ त्यस्तै अकस्मात् भावनाको दृढता वशात् वासना स्फुरेर आउँछ ।

हे रामजी ! जो बस्तुमा तीव्र भावना हुन्छ त्यही रूप भासित हुन्छ। स्वरूपलाई भुलेपछि जगत् भास्दछ र त्यसमा दृढ प्रतीत हुन्छ। त्यसैको भावना गर्छ र मोहमा भुलिहाल्छ। जो स्वतः सिद्ध अनुभवरूप आत्मा हो त्यसलाई जान्न सक्दैन। प्रवल वासना वशात् स्वरूपलाई भुलिहाल्छ । भ्रान्तिरूप जगत्लाई साँचो भनी मान्दछ। जस्तो मद्यपान गरी मत्त भएको पुरूषलाई पदार्थको स्पष्ट ज्ञान हुँदैन, एकलाई अर्को ठान्दछ। त्यस्तै मूर्ख पुरुष वासनाको बलले जगत्को पदार्थलाई सत्य भनी ठान्दछ। त्यसैले जीवदुःखी बनिहाल्छ।

हे रामजी ! असम्यक ज्ञानबाट शान्ति पाउन सक्दैन, मनको चिन्तनाले जलिरहन्छ । मन कसको नाम हो त्यो सुन– जो असम्यक ज्ञानले अनात्मामा आत्मभावना हुनु ।

वस्तु तत्त्व आत्मामा अवस्तु–अनात्मभावना हुनु आदिको नाम मन हो। त्यो मन कसरी उत्पत्ति हुन्छ ? चेतन संवित्मा जो पदार्थको चिन्तन हुन्छ र फेरि तीव्र पदार्थको दृढ भावना हुन्छ, तब त्यही चेतन संवित चित्तरुप हुन्छ। त्यही चित्तमा फेरि जन्म-मरण आदि विकार उत्पन्न हुन्छ र फेरि पदार्थमा ग्रहणत्याग बुद्धि गर्दछ। जब ग्रहण र त्यागको संकल्प भित्र निवारण हुन्छ तब चित्त मरिहाल्छ जब वासना नाश हुन्छ तब मन अमन पदमा प्राप्त हुन्छ। मन अमन हुनु परम उपशमको कारण हो। त्यसैले जे जति जगत्को पदार्थ छ, त्यसको भावना नगर सारा जगत् भुत कार्य जानी त्याग गर, तब हृदय आकाशमा चित्त शान्त भइहाल्छ।

हे रामजी ! तिमी आत्म परायण होऊ। आत्मलाभ भए सारा इच्छा निवृत्त भएर जान्छ। त्यसैले चित्तलाई सदा चैतन्य स्वरूपमा स्थित राख। वहीर्मुख वृत्तिलाई त्यागेर निरन्तर अन्तर मुख होऊ। स्वरूपको दृढ भावनाले आत्मपद प्राप्त हुन्छ।

आत्मा हो आफ्नू स्वरूप। जब स्वरूपको विस्मरण हुन्छ, तब अहंकार खडा भै वासना अनुसार जगत् भासमान हुन्छ र त्यसमा सत्यता बुद्धि गरी जीवले दुःख पाउँछ।

जब मनलाई विषयबाट फर्काएर आत्मस्वरूपमा स्थित गर्छ तब स्वरूप नै प्राप्त हुन्छ। चित्तमा सत्य बुद्धि गर्नु दुःखको कारण हो। चित्त मिथ्या हो असत् भनी जान्नु सुखको कारण हो। त्यसैले चित्तलाई मिथ्या भ्रम भनी जान, त्यसलाई सत्य भनी ग्रहण नगर।

हे रामजी ! मनलाई अमन गर्नु परम उपशमको कारण हो। जब ग्रहण त्याग बुद्धि हुँदैन तब चित्त मरेर जान्छ।

हे रामजी ! प्राणलाई रोके पछि शान्ति मिल्छ। वासना

नउठे चित्त स्थिर हुन्छ । प्राणस्पन्द र वासनाको बीज संवेदन हो । जब शुद्ध संवित् मात्रमा संवेदनको त्याग भए वासना र प्राण दुवै अभाव हुन्छ । तब अद्वैत पद आफ्नू स्वरूप अनुभव हुन्छ ।

हे रामजी ! संवित् चिन् मात्र तत्त्वमा संवेदनको उत्थान हुन्छ । तब संवेदन ले जगत्जाल देखिन्छ । आफ्नै संवेद्य उठेर आफैलाई भ्रम प्रतीत हुन्छ । जस्तो बालक आफैले भूत कल्पना गरी आफै डराउँछ त्यस्तै संवित् सत्तामा संवेदन भासमान् हुन्छ, जब सम्यक् ज्ञान हुन्छ तब संवेदन लीन भैहाल्छ ।

संसय–निराकरण–९२

हे रामजी ! सत्ता सामान्यमा स्थित हुन यत्न गर । जुन संसारको वासना छ त्यसलाई बल गरेर पनि त्याग गर । शुद्ध आत्माको निरन्तर अभ्यास गर । तब चाँडैनै स्वरूपप्राप्त हुनेछ । जो बुद्धिमान त्यो पदमा क्षण मात्र पनि स्थित भए चाँडैनै स्वरूपको स्थिति प्राप्त हुन्छ ।

जब सत्ता सामान्य संवित् मात्र तत्त्वमा स्थित हुन्छ तब शरीरबाट कर्म भैराखेपनि त्यही भासमान् हुन्छ । त्यस्तो जुन अनुभव तत्त्व हो त्यो तिम्रो स्वरूप हो, त्यसको ध्यानमा स्थित होऊ तब तिम्रो सारा दुःख छुट्नेछ ।

हे रामजी ! आत्मतत्त्व प्रत्यक्ष मौजूद छ; किन्तु त्यसको भान हुँदैन । अरु कुनै देखिहाल्छ । त्यसैलाई अविद्या को आवरण भन्छ, त्यसबाट दुःख हुन्छ । प्रमादले दृश्यको कल्पना गर्छ र वासनालाई बढाउँछ । तब त्यसको दृढताले अन्तस्करण दुःख पाउँछ । जब यत्न गरेर वासनाको त्याग गर्छ, तब मनको, शरीरको दुःख सबै नाश भैहाल्छ ।

हे रामजी ! जबसम्म मनको नाश हुँदैन, तबसम्म वासना पनि क्षय हुँदैन । तत्वज्ञानविना मननाश हुँदैन । वासना र मनको आवरण हटेपछि तत्त्वज्ञान हुन्छ । त्यसैले तिमी पुरुष प्रयत्न गरेर मनको संकल्प–विकल्पलाई निवृत्त गर ।

अभ्यास र विचार गरेर विवेक पूर्वक भोगको वासनालाई टाढैबाट त्यागिदेऊ । यसरी यो तीन तत्त्वज्ञान, मनोनाश र वासना क्षयको साथ साथै बारम्बार अभ्यास गर । जबसम्म यो उपायलाई अभ्यासपूर्वक साधना गर्दैन तबसम्म अरु अनेक उपाय गरे पनि शान्ति मिल्दैन । जब यो वासना क्षय, मनोनाश र तत्त्वज्ञान तीनैको साथसाथै अभ्यास हुन्छ तब हृदयको अहं मम ग्रन्थि टुटेर जान्छ । जस्तो अनेक जन्मको संसार सत्यता हृदयमा बसेको छ । त्यो अभ्यास योगले नाश भएर जान्छ । त्यसैले हिंड्दा, बस्दा, खाँदा, पिउँदा, सर्वदा यी तीन साधनाको अभ्यास गर ।

हे रामजी ! वासनाको त्याग भए प्राणस्पन्द रोकिन्छ । जब प्राणस्पन्द रोकिन्छ, तब चित्त अचित्त हुन्छ । प्राणलाई रोकेपछि वासना पनि क्षय हुन्छ र चित्त अचित्त हुन्छ ।

आत्मयोगबाट अथवा वासनालाई त्याग गरिदिए पछि आत्मतत्त्व प्रकाशित हुन्छ । त्यसैले जगत्को आदि र अन्तमा जो स्थित रहन्छ त्यो अविनाशी तत्त्वमा मनलाई स्थित राख । तब वासना पनि नाश भएर जान्छ ।

हे रामजी ! जो व्यवहार कालमा निसंग हुन्छ र संसारको भावना गर्दैन शरीर आदिमा अनात्म बुद्धि उदय भएकोछ, त्यसलाई वासनाले प्रवृत्त गर्न सक्दैन । जब विचार गरेर वासना-क्षय हुन्छ तब चित्त पनि नष्ट हुन्छ ।

हे रामजी ! यत्न गरेर प्राणस्पन्द अथवा वासनालाई

जित्न अभ्यास गर तब शान्ति पाउँछौ । मनलाई जित्न यो युक्तिविना अरु उपाय केही छैन । जस्तो मत्त भएको हात्तीलाई अंकुशविना वश गर्ने उपाय अरु छैन त्यस्तै मन पनि युक्तिविना वश हुँदैन । त्यो युक्ति हो सन्तको संगत् र सत्शास्त्रको विचार गर्नु र तत्वज्ञान, वासना क्षय र प्राणस्पन्द रोक्नु । यो चित्त बश गर्ने परम युक्ति हो । यसको बारम्बार अभ्यास गरेपछि चित्तलाई चाँडैनै जित्न सकिन्छ ।

हे रामजी ! जो पुरूष आत्म विचार गरी एकक्षण– भने पनि आफ्नू चित्तलाई वशमा राख्छ त्यसलाई सारा फल मिल्छ र त्यस्को जन्म सफल हुन्छ ।

जस्को चित्तमा विचाररूपी कण उदय भएको छ त्यो अभ्यास गरी बढेर जान्छ र अविद्यारूपी गुणको फललाई नाश गरिदिन्छ । शुभ गुण आएर आश्रय लिन्छ ।

हे रामजी ! अनर्थको कारण हो संग । संसारको संगत् भए जन्म-मरण आदि बन्धन मिल्छ । इच्छाको कारण संग हो । आपत्को कारण संग हो । संग त्याग गरेपछि मोक्ष-रूप जन्म-मरण छुटिहाल्छ । त्यसैले संगत्को त्याग गरी असंग भै जीवनमुक्त भएर बस ।

भाव-अभाव जो पदार्थ हो त्यसबाट हर्ष र शोक मिलि-रहन्छ । मलीन वासना भएमा त्यस्तो हुन्छ, त्यो वासनानै संग हो ।

जुन देहादिमा अहंबुद्धि हुन्छ, संसारलाई साँचो भनि-ठान्छ र इष्ट अनिष्ट पदार्थलाई राग–द्वेषले लिने दिने गर्छ त्यस्तो मलीन वासनालाई संग भन्छ । जीवनमुक्तको वासना हर्ष, शोक रहित शुद्ध, निर्मल हुन्छ, त्यसलाई निःसंग भन्छन् र त्यो वासना जन्म मरणको कारण हुँदैन ।

हे रामजी ! जो पुरूषको देहमा अभिमान छैन, स्वरूपमा

स्थित छ, इष्ट–अनिष्टमा राग–द्वेष गर्दैन, त्यो शुद्ध वासना हो। जस्तो भुटेको बीउ उम्रँदैन त्यस्तै ज्ञानवान्को वासना जन्म-मरणको कारण हुँदैन ।

जसको वृत्ति पदार्थमा छ। राग–द्वेषले लिन्छदिन्छ, त्यस्तो मलीन वासना जन्मको कारण हो। त्यस्तो वासनालाई त्यागेर जब तिमी रहन्छौ तब तिमी कर्ता भए पनि अकर्ता निर्लेप हुनेछौ ।

हे रामजी ! जसको मन असंग छ त्यो जीवनमुक्त हो। जीवनमुक्त पुरूष इन्द्रियको विषयलाई ग्रहण गर्दैन। निग्रह गरी स्थित हुन्छ। मान, मद, वैरभावलाई त्यागेर सन्ताप रहित भएर स्थित हुन्छ। जो कर्म गर्छ त्यो सबै आत्मभावले गर्छ। परन्तु व्यवहार रहित असंग भै कर्म गरिरहन्छ। प्राप्त-अप्राप्तमा सम्पत्–विपत जस्तो परे पनि आफ्नू स्वभावमा स्थित रहन्छ। स्वभावलाई त्याग्दैन ।

हे रामजी! ज्ञानवान् जस्तो सुकै आपत परे पनि, अथवा चक्रवर्ती राज्य मिले पनि, सर्प भएर बस्न परे पनि, किम्बा इन्द्रको शरीर लिएर बसे पनि त्यो सबैमा सम आत्मभावले स्थित हुन्छ। जस्तो सूर्य उदाउँदा र अस्ताउँदा एकै भाव रहन्छन् त्यस्तै हर्ष-विस्माद हुँदैन। सर्वदा एकरूप आत्मतत्त्व आफ्नू स्वरूपमा स्थित हुन्छ ।

तिमी पनि यो दृष्टिलाई देखेर अर्थात् यो दृष्टि लिएर आत्मतत्त्वलाई हेर। तब आत्मपद पाएर जन्म-मरणको बन्धनमा आउनु पर्दैन ।


उपशम प्रकरण समाप्त

–०–

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



निर्वाण प्रकरण—६
पूर्वाद्ध



योगवासिष्ठ–ज्ञानमाला

निर्वाण–पूर्वाद्ध–६

प्रथम सर्ग–१

बाल्मीकि भन्नु हुन्छ–हे भरद्वाज ! तिमी यो निर्वाण प्रकरण सुन–जुन कुरा जानेपछि निर्वाण (मोक्षपद) प्राप्त गर्ने छौ । यो अत्यन्त उत्तम वचन रामजीलाई वसिष्ठ मुनि सुनाउनु हुन्छ ।

मुनीश्वर वसिष्ठले बताउनु भएको वचन सुन्न राम तथा सभामा रहनु भएका राजा, प्रजा, ऋषि, महर्षि, भारदार सबैले मनलाई विषयबाट फर्काई चित्तलाई एकाग्र पारी वसिष्ठजीको वचन सुनेर अत्यन्त प्रसन्न भए । तब विचार गर्न लागे कि जुन देह प्रपञ्चमा सत्यताबोध गरेर भुलि-रहेका थियौं, त्यो जगत् सत्य होइन रहेछ भनी ठूलो आश्चर्य मानेर तस्बीरमा लेखिएको मूर्ति झैं निश्चल भएर फेरि वसिष्ठ जीको वचन सुन्न लागे ।

मुनि वसिष्ठजी भन्नु हुन्छ ! हे निष्पापरघुनाथ ! तिम्रो चित्तरूपी पक्षी लाई फसाउन मैले वचनरूपी जाल पसार्न लागेको छु । त्यसैले आफ्नू चित्तलाई यताउता जान नदिई वशमा राखी आत्मपदमा स्थित होऊ, जो उपदेश तिमीलाई सुनाउँछु त्यसको सार ग्रहण गरिलेऊ । जस्तो हाँस पानीलाई छोडी दूधलाई ग्रहण गरिलिन्छ त्यस्तै यो उत्तम मोक्षदायक उपदेशलाई बारम्बार विचार गरी सारतत्वलाई ग्रहण गरि-

लेऊ । तब संसारसमुद्र पार भएर परम पद प्राप्त हुनेछ । यदि यो वचनलाई ग्रहण नगरे अधोगति पाउनेछौ ।

हे रघुनन्दन ! वैराग्यको दृढ अभ्यास र तत्त्वको विचार गर । तत्त्वबोध भए दुर्बोध मेटिएर जानेछ तब वासना नाश भएर निर्दुःखपद प्राप्त हुनेछ । त्यो पद देश, काल, वस्तुको परिच्छेद रहित हो । त्यो ब्रह्म नै जगत्‌रूपले स्थित रहेको छ । त्यसैले हे राम ! आफ्नू स्वरूपको स्मरण गर । तब शान्ति मिल्नेछ । जो सबै पदार्थमा स्थित छ र सारा पदार्थलाई प्रकाश गरिराखेको छ । त्यो तिमी नै हौ । तिमी शान्तरूप हौ, तिमी चैतन्य ब्रह्मरूप हौ । त्यस्तो सत्यस्वरूप, चिदघन स्वरूप आत्मा हो त्यो जो विशाल स्वरूपलाई नमस्कार छ ।

हे रामजी ! केवल ब्रह्मतत्त्व आफू आफैमा स्थित छ । न कुनै चित्त छ, न अविद्या छ । न मन छ । यो सारा कल्पना ब्रह्ममा भ्रमले स्फुरिराखेको छ। जुन स्पन्द स्फुरण दृश्य हो त्यो चित्त हो । त्यो कलनारूप संभ्रम हो । ब्रह्मदेखि अरू कुनै छैन । स्वर्ग, पाताल, देखि लिएर तृण पर्यन्त जो जो दृश्य छ त्यो सारा परब्रह्म हो । चिद्रूपदेखि अरू केही छैन । जबसम्म अज्ञानताले जगत्‌लाई सत्य मान्दछ तबसम्म चित्तादि कलना रहन्छ । जबसम्म देहमा अहंभाव र अनात्म दृश्यमा ममत्व रहेको हुन्छ तबसम्म चित्तभ्रम रहिरहन्छ । जबसम्म सत्‌शास्त्रबाट ठूलो पद प्राप्त भएको छैन र मूर्खता हटेको छैन तबसम्म चित्तभ्रम हुन्छ । जबसम्म आशारूपी विषको गन्ध हृदयरूपी वनबाट जाँदैन तबसम्म विचाररूपी चकोर त्यहाँ पुग्न सक्दैन र भोग वासना मेटिंदैन । जब भोगको आशा हटेर जान्छ र हृदयमा शीतलता-सन्तुष्टि आएर मिल्छ, तब चित्तरूपभ्रम निवृत्त भैहाल्छ ।

हे राम! जब मोह र तृष्णा निवृत्त भै नित्य संवित् प्रकाश

हुन्छ तब चित्त शान्त भूमिकामा प्राप्त हुन्छ। जो पुरुषको स्थिति स्वरूपमा स्थित छ त्यो आफूलाई देह देखि टाढा देख्छ। जब अनन्त चैतन्य तत्वको भावना हुन्छ र दृश्यलाई त्यागी आत्मरूपमा प्राप्त हुन्छ तब त्यो सारा जगत् आफ्नै अङ्ग देख्दछ। अर्थात् सबै आफ्नै स्वरूप देख्छ। यसरी जब अज्ञानभ्रम निवृत्त हुन्छ तब परम अद्वैतपद उदय हुन्छ। जस्तो रात बितेपछि सूर्य उदय हुन्छ त्यस्तै मोह निवृत्त भएपछि आत्म तत्त्वको साक्षात्कार हुन्छ। जब स्वरूपको साक्षात्कार हुन्छ तब चित्त नष्ट भएर जान्छ। जस्तो सुकेको पात आगोमा दग्ध हुन्छ त्यस्तै ज्ञानवान्को चित्त नष्ट भैजान्छ।

हे रामजी ! जीवनमुक्त माहत्मा पुरूष समदर्शी हुन्छन् उसको चित्त सत्यपदमा प्राप्त हुन्छ। यो जगत् ज्ञानवान्लाई लीला मात्र भनी प्रतीत हुन्छ। भित्र शान्तरूप हो। विवेक-द्वारा उनको चित्तदेखि जगत्सत्ता निवृत्त भएको छ। स्वरूपमा स्थिति प्राप्त भएको छ।

हे रामजी ! जो पुरूषले पाउने योग्य पद पाएको छ। ज्ञानाग्निले चित्तलाई भस्म गरेको छ, त्यस पुरूषले पुनर्जन्म लिंदैन। जस्तो पानीमा तरंग पानीरूप नै हो। त्यस्तै ब्रह्ममा जगत् ब्रह्मरूप हो। त्यस्तो ब्रह्म तिमी नै हौ। आफ्नू स्वरूपको स्मरण गरे शान्ति मिल्नेछ। जुन सबै भावमा स्थित छ र सबैलाई प्रकाश दिने वाला हो, त्यो तिमी नै हो अतः तिमी शान्तरूप हौ, चैतन्य ब्रह्मरूप हौ।

हे रामजी ! त्यस्तो जो चेतनरूप शिला हो उसको भित्र वासनारूप स्फुरण कहाँ होला ? त्याग अत्यन्त महान् घनरुप हो। हे राम ! जुन तिमी हौ त्यो उही हो। त्यसमा र तिमीमा कुनै भेद छैन। त्यो नै सत्–असत्रूप भै भास्दछ। सारा पदार्थ जसको भित्र छ र नानात्व जसमा छैन त्यस्तो जुन सत्यरूप

चिद्घन आत्मा हो उसलाई नमस्कार छ ।

हे रामजी ! महान्, सरल, गंभीर र प्रकाशरूप जुन चैतन्य समुद्र हो त्यो तिम्रो स्वरूप हो । रामरूप एक तरंग स्फुरेको छ। त्यो समुद्र तिमी हौ । त्यस्तो जो आत्मतत्त्व हो त्यो जगत्रूप भएर भासेको छ । जस्तो आगोमा तातो पन भिन्न होइन, जस्तो फूलमा सुगन्ध भिन्न होइन, जस्तो चिनीमा गुलियो भिन्न होइन, त्यस्तै ब्रह्मदेखि अनुभव भिन्न होइन। त्यो नित्यरूप हो।

हे राम ! त्यो अनुभवदेखि अहं भिन्न होइन । अहंदेखि जीव भिन्न होइन । जीवदेखि मन भिन्न होइन । मनदेखि इन्द्रिय भिन्न होइन । इन्द्रियदेखि देह भिन्न होइन, देह देखि जगत् भिन्न होइन। यस प्रकार महाचक्र प्रवृत्त भैराखेको छ । जस्तो आकाशमा आकाश स्थित छ त्यस्तै ब्रह्मसत्ता आफू आफैमा स्थित छ । त्यस्तो आफ्नू स्वरूपमा जो पुरूष स्थित छ त्यो जीवन्मुक्त हो । त्यस्तो ज्ञानवान्को मन, इन्द्रिय र शरीरले चेष्टा गरिराखे पनि तिनलाई कर्तृत्वको लेश मात्र पनि स्पर्श हुँदैन ।

हे रामजी ! जो अज्ञानी हो त्यसको शरीररूपी नगरमा अत्यन्त दुःखको भण्डार हुन्छ। अज्ञानताले शरीरको वियोग हुँदा आफ्नू वियोग भयो भनी मान्दछ । ज्ञानवान् शरीर नाश हुँदा आफ्नू नाश भयो भनी ठान्दैनन् । उनीहरू जबसम्म शरीर रहन्छ तबसम्म शब्द, स्पर्श, रूप, रस, गन्धलाई ग्रहण गरेर विचरण गर्छन् शरीररूपी नगरमा बसेर भ्रमले रहित निष्कण्टक राज्य पनि गरिराख्छन् । लोभदेखि रहित हुन्छन् । त्यसकारण शत्रु पनि मित्र बनिरहन्छ। किन्तु आफ्नू स्थानमा उनलाई आउन दिंदैन। ती शत्रु हुन्– काम, क्रोध, मद मोहादि । यिनीहरू अज्ञान देशका हुन् । त्यहाँ

आफू पनि जाँदैनन् सावधान भएर रहन्छन् । उदारता, धैर्य, संतोष, वैराग्य, समता, मित्रता, प्रसन्नता र उपेक्षा यी ज्ञानका देश हुन् । त्यहाँ अज्ञानलाई प्रवेश गर्न दिदैंनन् । आफू ध्यान-रूपी कोठामा रहन्छन् । सत्यता र एकता दुबै स्त्रीलाई साथमा राख्छन् र अत्यन्त शोभायमान हुन्छन् ।

फेरि मनरूपी घोडामा चढेर तीर्थ स्थानमा गमन गर्छन् । विचाररूपी लगाम लगाएर जीवब्रह्मको एकता-रूपी तिर्थसंगममा डुबेर स्नान गर्दछन् र आनन्दित रहन्छन् । भोग र मोक्ष दुबैबाट संपन्न हुन्छन् ।

हे रामजी ! कुनै परदेश जाँदा बाटोमा स्त्री–पुरूषहरू मिलन हुन्छन् । परन्तु आशक्त हुँदैनन्, आफ्नू बाटो लागी हाल्छन् त्यस्तै ज्ञानवान् पुरूष भोग आदि क्रियामा राग-द्वेष गरी आशक्त हुँदैनन् । तिनको सम्यक ज्ञान भएको हुनाले सदासर्वदा एकनाश शान्त भएर रहन्छन् ।

हे रामजी ! आत्मा चेतन हो । देह जड हो । आत्मा सत्‌रूप हो । देह असत्‌रूप हो । आत्मा प्रकाशरूप हो । देह तम–अन्धकाररूप हो। आत्मा निराकाररूप हो। देह साकार हो । आत्मा सूक्ष्म हो । देह स्थूल हो । तब आत्मा र देहको सम्बन्ध कसरी होला ? जब संयोग नै छैन तब दु:ख कसरी होला । जस्तो दिन र रातको संयोग हुँदैन त्यस्तै आत्मा र देहको संयोग हुँदैन । अज्ञानले अनात्ममा आत्म बुद्धि गर्छ । परन्तु सम्बन्ध केही पनि छैन । त्यसैले तिमी आफू असंग-परिपूर्ण-चिदात्मा हुँ भनी दृढ निश्चय गर ।

हे रामजी ! अज्ञानी जीव संसारमा आउने, जाने, जन्मने, मर्ने गरिराख्छन् । फेरि शरीरमा आफू बुद्धि गर्छन् । स्त्री, पुत्र, बान्धव र धन द्रव्यहरूमा मेरो बुद्धि गरिराख्छन् । त्यस्तो मिथ्या धारणा लिएर धेरै दु:ख पाउँछन् । मुक्ति कहिले

पनि मिल्दैंन ।

हे रामजी । जो अज्ञानी छन् तिनी असत् पदार्थलाई देखि राख्छन् । वस्तुरूपलाई देख्न सक्दैनन् । अन्धो जस्तो हुन्छन्। त्यसैले परमार्थधनबाट वञ्चित हुन्छन्। नरकको सार जुन स्त्री आदि हुन् त्यस्मा प्रेम गरिरहन्छन् । फेरि त्यसलाई देखिकन अत्यन्त खुशी हुन्छन्। जस्तो मेघलाई देखेर मयूर प्रसन्न हुन्छ त्यस्तै स्त्री आदिलाई देखि मूर्ख मनुष्य खुशी भै रहन्छ ।

हे रामजी ! जुन जगतलाई रमाइलो मानेर पदार्थको इच्छा गर्छ ती सारा पाञ्चभौतिक, असत्य, जड र नाशवान् हो । त्यस्मा प्रेम गरी अज्ञानी जनहरू तुच्छ संसारमा मोह गरी अनन्त जन्मसम्म जन्म-मरण दुःख भोगी रहन्छन् । त्यसैले अनात्माको इच्छा परित्याग गरी आफूलाई हेर । तब परम शान्ति मिल्नेछ ।

हे रामजी ! धनलाई प्राप्त गरी जसले सुखको इच्छा गर्छ त्यसले सुख पाउँदैन । जब धन प्राप्त गर्छ तब अनर्थ हुन्छ । अर्थात् पाप गर्न लाग्छ । दुःखको पात्र बन्छ । जब धनको नाश हुन्छ तब फेरि दुःखनै दिएर जान्छ । त्यसैले यो जगत्बाट सुखको इच्छा गर्नु व्यर्थ हो । जब जन्म लिन्छ तब दुःखै हुन्छ । फेरि जन्मेर मूर्ख नीच वाल्यवस्था प्राप्त हुन्छ । कुनै विचार हुँदैन । कुनै शक्ति हुँदैन । त्यसबाट दुःख नै मिल्छ । जब यौवनावस्थारूपी रात आइपुग्छ तब त्यहाँ काम, क्रोध लोभ, मोहरूपी निशाचर (भूत) घुमिफिरि राख्छ । तृष्णारूपी पिशाचिनी हिडिरहन्छे । किनकि त्यस अवस्थामा विवेकरूपी चन्द्रमा उदय हुँदैन त्यसैले अन्धकारमा ती सबै क्रीडा गरी हिंडी डुली खेलिरहन्छन् ।

हे रामजी ! फेरि यौवनावस्थारूपी मूसालाई जरा

(वृद्धावस्था) रूपी बिरालो आई भोजन गरिहाल्छ । शरीर शक्तिहीन भएर जान्छ । इन्द्रियादि सबै शिथिल हुन्छ । शरीर कुरूप., जर्जरीभाव र अशक्त हुन्छ । तृष्णा बढेर आउँछ । हृदय जलिरहन्छ । निदानमा फेरि मृत्युरूप सिंह आई जरारूपी हरिणलाई कालले कवलित गरिहाल्छ । यसरी जीव उब्जन्छ र नाश भै जान्छ । आशारूपी डोरीले बाँधिएकोले कहिले तल कहिले माथि घुमिरहन्छ । शान्ति कहिले पनि पाउँदैन ।

हे रामजी ! त्यो कालरूपी भक्षक यस्तो छ कि जसले ब्रह्मालाई पनि भोजन गरिलिन्छ । परन्तु तृप्त कहिले पनि हुँदैन । जस्तो घिउको आहुतिले अग्नि तृप्त हुँदैन त्यस्तै काल जीवलाई भोजन गरेर तृप्त हुँदैन ।

हे रामजी ! एक निमेषमा अनेक जगत् उब्जन्छ । त्यही निमेषमा लीन भै जान्छ । साराको अभावमा जो शेष रहन्छ त्यो रूद्र हो । फेरि त्यो पनि निवृत्त हुन्छ र सबैको पछि एक परमतत्त्व ब्रह्मसत्ता बाँकी रहन्छ ।

जे जति जगत् हो त्यो अज्ञानले भासित हुन्छ । जन्म, मरण, बाल, यौवन र वृद्धादि विकार अज्ञानले प्रतीत हुन्छ । त्यसको नाश भए सारा नष्ट भै हाल्छ । जबसम्म आत्मविचार उब्जँदैन तबसम्म अज्ञान रहन्छ जब आत्मविचार उब्जन्छ तब अज्ञानरूपी रात निवृत्त भै हाल्छ । केवल ब्रह्मपद भासित हुन्छ ।

हे रामजी ! जे जति प्रपञ्च देख्छौ त्यो सबै अविद्या रूप हो । कहीं जल, कहीं पहाड, कहीं पृथ्वी, कहीं तेज, कहीं पाप, कहीं पुण्य भएर प्रतीत हुन्छ । जे जति देखिन्छ त्यो सबै महिमा उसैको हो । ईश्वरदेखि तृण पर्यन्त सारा अविद्या रूप हो । जो यो दृश्य जालदेखि अतीतनित्यरूप हो त्यस-

लाई आत्म देव भनी जान ।

हे रामजी ! जो वस्तु कहिले पनि छैन । परन्तु भएको देखिन्छ त्यही अविद्या हो । जो सर्वदा विद्यमान छ किन्तु अविद्य मान भासदछ । त्यो अविद्या हो । जो सर्वदा विद्यमान छ त्यसलाई तत्त्व भन्दछन् ।

हे राम ! शुद्ध संवित् कलना रहित जो चिन्मात्र आत्मसत्ता हो त्यो नै तत्त्व हो । त्यसमा जो अहं उत्थानले संवेदनकलना पूर्ण रूपले स्फुर्छ त्यो नै चिन्मात्र संवित्को आभास हो । त्यस्मा दृढ स्पन्दन भएपछि मनभाव प्राप्त हुन्छ र जगत्को विस्तार हुन्छ, यो सब अविद्या हो ।

अविद्याको दुई रूप छन्–एक अविद्या एक विद्या । जस्तो पानीबाट फोका उठ्छ त्यस्तै अविद्याबाट विद्या उब्जन्छ र विद्याले अविद्या लीन हुन्छ । जस्तो काठबाट अग्नि निस्केर काठलाई डढाई दिन्छ त्यस्तै विद्या अविद्याबाट उब्जेर अविद्यालाई नाश गरिदिन्छ । वास्तवमा सबै चिदाकाश हो । जस्तो जलमा तरङ्ग कलना मात्र हो त्यस्तै विद्या अविद्या भावना मात्र हो । त्यसलाई त्यागेपछि शेष आत्मसत्ता नै रहन्छ ।

हे रामजी ! जस्तो दहिलाई मथन गरे विना घ्यू निस्कँदैन । त्यस्तै विचारविना आत्मा भासमान हुँदैन । यो जगत् आत्माको किंचन रूप हो । जस्तो घटनाश भए पनि घटाकाशको नाश हुँदैन, अविनाशी हो त्यस्तै जगतको अभाव भए पनि आत्मा अविनाशी हो ।

हे राम ! जस्तो चुम्बक पत्थरको सत्ताले जडफलाम हल्लन्छ, किन्तु चुम्बक सदा अकर्त्ता नै हो । त्यस्तै आत्माको सत्ताले जगतमा दहादिको चेष्टा भैरहन्छ र चैतन्य बन्दछ । परन्तु आत्मा सर्वदा अकर्ता हो ।

यो जगत्‌को बीज चेतन आत्मसत्ता हो । उसमा संवित् संवेदन आदि शब्द पनि कल्पना मात्रै हो । संवेदन आदि सबै चेतनरूप हो । जहाँ न किंचन छ, न अकिंचन छ, त्यो तिम्रो स्वरूप हो ।

हे रामजी ! आत्माको अज्ञानले भेद कल्पना प्रतीत हुन्छ । आत्मालाई जाने पछि भेद कल्पना मेटिएर जान्छ । त्यही सारा संपदको अन्त हो ।

जो पुरुष चित्त उपाधिदेखि रहित चिन्मात्र हो त्यो शरीरको नाश भए पनि नाश हुँदैन । जस्तो घटको उब्जनु र विनाश हुनुबाट घटाकाश जस्ताको तस्तै रहन्छ त्यस्तै शरीरको भाव-अभावमा आत्मा जस्ताको तस्तै रहन्छ ।

जस्तो बालक दगुर्दा सूर्य पनि दौडेको देखिन्छ त्यस्तै चित्तको चञ्चलताले मूर्ख मनुष्य आत्मा (आफू) को व्याकुलता देखिरहन्छ । परन्तु आत्मा सर्वदा एक रस जस्ता-तस्तै छ ।

हे रामजी ! मुक्ति तब हुन्छ जब बुद्धि पूर्वक वस्तु तत्त्वको विचार गरिन्छ । जब सत्ता समान्यको बोध हुन्छ तब केवल आत्मपदको प्राप्ति हुन्छ ।

हे राम ! जब पदार्थलाई जस्ताको तस्तै जानेर वासना-को त्याग गरिन्छ तब सत्तासमान्य पद प्राप्त हुन्छ । त्यसैले पहिले अध्यात्म शास्त्रको विचार गरी उसमा जो सार तत्व छ त्यसको बारंबार भावना गर । तब त्यहाँबाट जो मिल्छ त्यसलाई सत्तासमान्य पर ब्रह्म भन्छन् । त्यो शुद्ध ब्रह्म स्वरूपको अभ्यासले संपूर्ण भ्रम निवृत्त भएर जान्छ । जब वस्तुलाई वस्तु भनी जानिन्छ तब अविद्या नाश भै हाल्छ । अविद्या कुनै वस्तु होइन, अविचारले सिद्ध भएको छ । विचार गरे पछि लीन भै हाल्छ ।

हे रामजी ! ज्ञानवान्को न कुनै ग्रहण गर्न योग्य पदार्थ रहन्छ, न त्याग्न योग्य रहन्छ । तिनी प्रत्येक पदार्थ देखि निर्लिप्त रहन्छन् । कुनै पदार्थको इच्छा रहँदैन आफू आफैमा स्थित रहन्छन् ।

अज्ञानी पुरूष अहंभाव गरी दृश्यलाई सत्य मानेर मोहले मोहित भएर आफ्नू नाशको इच्छा गरिरहन्छ । जस्तो महावली हात्ती कामनाले स्पर्शको इच्छा गरी अधोगति पाउँछ, संकटरूपी खाडलमा परी कष्ट पाउँछ। त्यस्तै मूर्ख मनुष्य पनि कामनाले नाना इच्छा गरी अनेक दुःख-कष्ट पाउँछ । जस्तो बत्तीलाई राम्रो देखि त्यस्मा पुतली होमिएर मरिहाल्छ त्यस्तै भोग्य पदार्थको इच्छा गरी जीव नाश भएर जान्छ । त्यसैले हे राम ! कल्पनाको पदार्थमा सत्य भावनालाई त्यागेर अकल्पित नित्य सत्य आफ्नू स्वरूपमा स्थित होऊ ।

हे रघुनन्दन ! पहिले यस्तो विचार गर्नु कि– यो हाड, मासुको समूहमा म को हुँ ? सत्य के हो ? असत्य के हो ? त्यसमा जो वस्तुको अभाव हुन्छ त्यो असत्य हो । जो वस्तुको अभाव कहिले पनि हुँदैन त्यो सत्य हो । देहादि प्रपञ्चको अभाव हुन्छ । आत्मा देहादि नभए पनि रहिरहन्छ । यस्तो अन्वय व्यतिरेक विचार गरी सत्यरूप आत्मतत्त्वको अभ्यास गर्नू र असत्य देहादिमा वैराग्य गर्नू । तब अविद्या नाश भएर जान्छ ।

जो वस्तु वास्तवमा छैन असत्यरूप हो त्यसको नाश भएपछि जो शेष रहन्छ त्यो निष्कन्चन, निर्विकार, सत्य स्वरूप हो । त्यो ब्रह्म सदा रहिरहन्छ । त्यसैले त्यो तत्त्ववस्तु पाउन योग्य हो ।

हे रघुनन्दन ! जस्को ब्रह्म भावनामा अभ्यास जागेको

छ तिनलाई अभ्यासको बलले चाँडैनै ब्रह्म प्राप्त भैहाल्छ । मन भावना मात्र हो दुर्वासनाले स्वरूपको आवरण भएको छ । जब भावना नष्ट हुन्छ तब निष्कलंक आत्मतत्त्व भासमान हुन्छ । जस्तो सेतो कपडामा रंग चढिहाल्छ त्यस्तै वासना रहित चित्तमा ब्रह्मस्वरूप प्रकट भै हाल्छ ।

हे रामजी ! बोधको लागि तिमीलाई वारंवार सार कुरा बताउँछु कि आत्माको साक्षात्कार भावनाको अभ्यासविना हुँदैन । यो जुन अज्ञान (अविद्या) हो त्यो अनन्त जन्मको दृढताले भित्रबाहिर देखिन्छ । आत्मा सारा इन्द्रियको अगोचर हो । जब मन सहित षट् इन्द्रियको अभाव हुन्छ तब केवल शान्तिपद प्राप्त हुन्छ ।

हे राम ! जे जति वृत्ति वहिर्मुख स्फुर्छ त्यो अविद्या हो । किनकि त्यो वृत्ति आत्मतत्त्व देखि आफू भित्र जानेर स्फुरित हुन्छ । जुन अन्तर्मुख आत्मातिर स्फुर्दछ त्यो विद्याले अविद्याको नाश गरिदिन्छ ।अविद्याको दुई रूप छन् । एक प्रधानरूप अर्को निकृष्टरूप । त्यो अविद्याबाट विद्या उब्जेर अविद्यालाई नाश गरिदिन्छ र फेरि आफू पनि नाश भै हाल्छ । जस्तो बाँसदेखि अग्नि उब्जिन्छ र बाँसलाई जलाई आफू पनि शान्त हुन्छ त्यस्तै जो अन्तर्मुख हो त्यो प्रधानरूप विद्या हो । जो वहिर्मुख हो त्यो निकृष्टरूप अविद्या हो । त्यसैले अविद्या भावलाई नाश गर । जे जति हो त्यो अभ्यासविना केही सिद्ध हुँदैन । जो कुछ कसैलाई मिल्छ त्यो अभ्यासरूपी वृक्षको फल हो । धेरै काल जुन अविद्याको दृढ अभ्यास भएको छ तब अविद्या दृढ भएको छ । जब आत्मज्ञानको निम्ति यत्न गर्छ, दृढ अभ्यास गर्छ, तब अविद्या नाश भै हाल्छ ।

हे राम ! हृदयरूपी वृक्षदेखि जुन अविद्यारूपी

खराव लता फैलिराखेको छ त्यसलाई ज्ञानरूपी खड्गले काट। जे जति आफ्नू प्रकृत आचार हो त्यो गर, तब तिमीलाई कुनै दुःख हुने छैन।

जस्तो राजा जनकले ज्ञात ज्ञेय भएर व्यवहार गरेका थिए। त्यस्तै आत्मज्ञानको दृढ अभ्यास गरी तिमी पनि विचरण गर।

आत्माको स्वरुप

हे रामजी! आत्मा सारा कलना रहित हो। तीनै कालमा नित्य शुद्ध, सम र शान्तरूप हो। जसलाई ज्ञान हुन्छ उसले यस्तो जान्दछ कि म ब्रह्म हुँ। सदाकाल सबैमा सबै प्रकारले घट पटादि जुन जगत् जाल हो उस्मा म ब्रह्म नै आकाश झैं व्याप्त छु। मलाई न कुनै दुःख छ। न कर्म छ, न कुनै त्याग गर्नु छ, न इच्छा गर्नु छ। म सारा कलना देखि रहित निरामय हुँ।

शब्द, स्पर्श, रूप, रस, गन्ध आदि जुन सारा जगत्को कारण हो त्यो सबैको चेतन आत्मरूप ब्रह्म निरामय अविनाशी, प्रकाशरूप मनको उत्थान देखि रहित, मौनरूप म नै हुँ। परम अमृत सबै भूतको सत्ता रूपले म नै स्थित छु। जहाँबाट सबै प्रकारका स्वादको अनुभव हुन्छ त्यो चेतन ब्रह्म आत्मा म नै हुँ। सुख दुःख कलना देखि रहित अमन सत्ता र अनुभवरूप जुन आत्मा हो त्यो चेतनरूप ब्रह्म म नै हुँ।

जाग्रत, स्वप्न, सुषुप्ति र साक्षी, तुरीयरूप आदि अन्त देखि रहित निरामय चेतन ब्रह्म मै हुँ। जो प्रकाशक सूर्य जस्तो हो त्यो प्रकाशरूप सारा शरीरमा व्यापि राखेको ब्रह्म म नै हुँ। जस्तो मोतीको माला भित्र धागो गुप्त रूपले

रहेको छ त्यस्तै मोतीरुप शरीरमा धागो रूपले गुप्त रहेको तत्त्व म नै हुँ। जगत्‌रूपी दूधमा ब्रह्मरूपी धृत म नै व्याप्त छु।

आत्माको उपासना

हे राम ! जस्तो सुवर्णबाट नाना प्रकारको गहना बन्दछ त्यो सुनदेखि भिन्न हुँदैन। त्यस्तै सबै पदार्थ आत्मामा स्थित छ। आत्मादेखि भिन्न कुनै पदार्थ होइन। सारा संकल्पको फलदाता र सबै पदार्थको प्रकाशक आत्मा म नै हुँ। त्यसैले त्यो आत्मालाई म उपासना गर्छु।

जाग्रतमा जो सुषुप्तिरूपले स्थित छ। जसमा कुनै स्फुरण छैन त्यस्तो चेतनरूप आत्माको म उपासना गर्छु।

जाग्रत, स्वप्न, सुषुप्ति, तुरीय र तुरीयातीतमा जो समतत्त्वको हो उसको म उपासना गर्दछु।

तीन लोकको देहरूपी मोतीमा जुन धागो झैं अनुस्यूत-रूप रहेको छ त्यो चेतनरूप आत्माको म उपासना गर्दछु।

जो अखण्ड प्रकाश हो र सबै भूतलाई सुन्दर तुल्याउँछ त्यो चिदात्मालाई म उपासना गर्दछु।

जसले शब्द, स्पर्श, रूप, रस, गन्धलाई प्रकाश गर्छ र आफू त्यसदेखि रहित हो। त्यो चेतन आत्माको म उपासना गर्दछु।

चेतनरूपी अमृत जो क्षीर समुद्रदेखि निक्लेको छ र चन्द्र मण्डलमा रहन्छ त्यस्तो जुन स्वतः सिद्ध अमृत हो जसलाई पाएर कहिले पनि मृत्यु हुँदैन त्यो चेतन अमृतको म उपासना गर्दछु।

सारा दृष्ट, अदृष्ट म नै हुँ। अथवा केही पनि म होइन। अरू पनि केही छैन। यस प्रकार जानेर आफ्नू अद्वैतरूपमा निश्चिन्त भएर जो स्थित हुन्छ त्यो निश्चय ज्ञानवान् हो।

हे रामजी ! जो निष्पाप पुरूष हो उनको यही निश्चय हुन्छ कि सत्यरूप आत्मतत्त्व हो । उनको न कुनैमा राग हुन्छ, न कसैमा द्वेष हुन्छ । उनलाई बाँचिरहनुबाट सुख र मर्नुबाट दुःख हुँदैन । उनी सदा एकनास रहन्छन् । त्यस्तो ज्ञानवान् पुरूष श्रुति, स्मृति अनुसार कर्म गर्छन् । कोही शान्ति भोग भोगिरहन्छन्, कुनै विरक्त भएर स्थित रहन्छन् । कोही स्त्रीको साथ लीला गरिराख्छन् । परन्तु आसक्त हुँदैन । जस्तो सुमेरू पर्वत तालमा डुब्दैन त्यस्तै ज्ञानवान् कुनै पदार्थमा निर्लिप्त हुँदैनन् । कुनै इष्ट-अनिष्ट पाएर दुःखी हुँदैन । ऊ आपत, विपत र संपदमा समान रहन्छ ।

हे राघव ! यही दृष्टिलाई अपनाई तिमी पनि विचरण गर ।

हे रामजी ! यो सारा जगत चिन्मात्र हो । न कुनै सत्य हो, न असत्य हो । उनै परम तत्व यसप्रकारले प्रतीत हुन्छन् । यो दृष्टिलाई आश्रय गरी तिमी तुच्छ दृष्टिलाई त्यागी देऊ ।

मृत्युले कसलाई मार्दैन ?

हे रामजी ! पंक्षिमा श्रेष्ठ भुशुण्डीले मलाई बताउनु भएको जो ज्ञान हो त्यो केही वचन सुन । भुशुण्डी भन्नुहुन्छ– मृत्युले कसलाई मार्छ, कसलाई मार्दैन । त्यो बताउँछु सुन्नु होस् । दुःखरूपी जुन मोती हो त्यो वासनारूपी धागोमा उनिएको छ । त्यो माला जसको हृदयरूपी गलामा पहिरिएको छ त्यसलाई मृत्युले मारिहाल्छ । जसको गलामा त्यो माला पहिरेको छैन त्यसलाई मृत्युले मार्न सक्दैन ।

हे मुनीश्वर ! शरीररूपी वृक्षमा चित्तरूपी सर्प बसेको छ आशारूपी अग्निले जुन वृक्षलाई जलाउँदैन त्यो मृत्युको वशमा पर्दैन । जुन राग, द्वेषरूपी विषले भरिएको

चित्तरूपी सर्प हो त्यो तृष्णाले चूर्ण हुन्छ र लोभरूपी व्याधिद्वारा नष्ट हुन्छ । उसलाई मृत्युले मार्छ र खान्छ । जसलाई त्यसको दुःखले स्पर्श गर्दैन त्यसलाई मृत्युले नाश गर्दैन ।

हे मुनीश्वर ! शरीररूपी समुद्रलाई क्रोधरूपी वडवाग्निले जलाउँछ । जसलाई क्रोधरूपी अग्निले जलाउँदैन त्यसलाई मृत्युले पनि मार्दैन । जसको मन परम पावन निर्मल पदमा दृढ विश्रान्तमा स्थित भएको छ त्यसलाई मृत्युले नाश गर्दैन । जो पुरुषमा काम,क्रोध, लोभ, मोह, भय, तृष्णा, चिन्ता, चञ्चलता, अभिमान प्रमाद इत्यादि दुःख हुन्छ त्यसलाई कालले कवलित गरिहाल्छ । जसलाई काम, क्रोध, लोभादि रोगले बाँध्न सक्दैन अर्थात् त्यस्मा लिप्त हुँदैन । उसलाई आधि, व्याधिरूपी रोगले स्पर्श गर्दैन । जो मनुष्य लिन्छ, दिन्छ साराकार्य गर्छ, परन्तु चित्तलाई अनात्मअभिमानले छुन सक्दैन तिनी समाहित चित्त हुन् । जो पुरुष इष्ट पदार्थमा आशा गर्दैन र अनिष्टमा द्वेष गर्दैन दुबैमा समचित्त रहन्छ त्यसलाई समाहित चित्त भनेको छ ।

हे मुनीश्वर ! जे जति ऐश्वर्य पदार्थहरू छन् ती सबै असत्रूप हुन् । पृथ्वीमा चक्रबर्ती राजा, स्वर्गमा गन्धर्व, विद्याधर, किन्नर, देवता र उनीहरूका स्त्री आदि सारा नाशरूप हुन् । स्वर्ग, मर्त्य पातालमा जे जति जगत्का भोग्यपदार्थ छन् ती सबै असत्रूप हुन् । यी तीन लोकमा भएका कुनै पदार्थ श्रेष्ठ छैन । जहाँ सन्तको मन स्थित छ त्यही परमश्रेष्ठ हो ।

हे मुनीश्वर ! केवल एक आत्मदृष्टि सबै भन्दा श्रेष्ट हो । जसलाई पाएपछि सारा दुःख नाश हुन्छ । परम पद मिल्छ । त्यो आत्मचिन्तन सारा दुःखलाई नाश गरिदिन्छ । अर्थात् धेरैकाल देखि तीन तापले ग्रस्त भएका जन्म-मृत्यु दुःखको

मार्गदेखि थाकेका जीवलाई दुःखबाट निवारण गरी जीवको हृदयमा शीतल उब्जिन्छ ।

यस्तो जुन आत्मचिन्तन सारा संकल्प रहित हो त्यो तपाइँ जस्तालाई सजिलो हुन्छ । अज्ञानी जीव महाप्रलय पर्यन्त संसारमा डुबिरहन्छ । कथं निक्लिहाले पनि फेरि डुबिहाल्छ । यसरी बारम्बार जो पुरुषले पुरुषार्थ गर्छ, आत्म पद पाएको छ त्यो सुखपूर्वक विचरण गरिरहन्छ ।

हे रामजी ! जस्तो प्राण, अपानको अभ्यासले भुशुण्डिले परमतत्त्व प्राप्त गरे त्यस्तै तिमी पनि अभ्यास गरी प्राप्त गर । विज्ञान दृष्टि जुन तिमीले सुन्यौ त्यस्मा चित्त लगाएर आत्मपद प्राप्त गर । यो इतिहास जुन तिमीलाई सुनाएँ त्यो परम पवित्र र उत्तम छ । जब यसको विचारमा लाग्छौ तब संसारभ्रम निवृत्त भै भवरूप संसारभयदेखि तर्ने छौ ।

हे रामजी ! यो हड्डी शरीररूपी घरको खम्बा हो । यसमा नौ वटा द्वार (ढोका) छन् । रगत र मासुले यसलाई लिपि-राखेको छ । यो कसैले बनाएको होइन, आभास मात्र हो । मिथ्याभ्रमले भासमान हुन्छ । जस्तो आकाशमा दुई चन्द्रमा भ्रमले देखिन्छ त्यस्तै असत्यरूप शरीर पनि भ्रमले देखिन्छ । जबसम्म अज्ञान रहन्छ तबसम्म देह सत्य प्रतीत हुन्छ । जब ज्ञान हुन्छ तब देह असत्य भएर जान्छ ।

जस्तो सूर्यको किरणले मरुस्थलमा नदी देखिन्छ त्यस्तै आत्मामा देह भासित हुन्छ । जे जति देखिन्छ त्यो सबै आभास मात्र हो । अज्ञानले भासित हुन्छ । अहं त्वं आदि सबै कल्पना मनमा स्फुरित हुन्छ ।

हे रामजी ! तिमी भन्छौ देह हाड-मासुले बनेको छ । त्यो हाड-मासुले बनेको होइन संकल्प मात्र हो । संकल्पले प्रतीत हुन्छ र संकल्प अभाव भए देहको पनि अभाव हुन्छ ।

त्यसैले मिथ्या देहमा सत्य भावलाई त्याग गरी जो सर्वदा प्रकाशमान हो, नित्य हो, अनन्त हो त्यो आत्मालाई आफू भनी ग्रहण गर ।

हे रामजी ! स्वप्नमा जुन देहधारण गरी पूर्व-पश्चिम दिशा घुम्छौ र पर्वत आदि देख्छौ, जाग्रतमा तिम्रो त्यो देह कहाँ जान्छ ? जुन देह सत्य भए जाग्रतमा पनि रहने थियो । त्यसैले जो दृश्य प्रतीत हुन्छ त्यो सबै मिथ्या हो ।

हे राम! जुन भावना हृदयमा दृढ हुन्छ त्यसलाई मेट्न सजिलो हुँदैन । परन्तु जब उसको विपरीत भावनाको अभ्यास गर्छौं तब त्यसको अभाव हुन्छ । त्यसैले निरन्तर आत्मभावना गर ।

हे रामजी ! जसको तीव्र भावना हुन्छ त्यहीरूप फल उसलाई मिल्छ । जस्तो कामी पुरूष राम्री स्त्रीमा कामना गर्छ त्यस्तै जीव जब आत्म पदको चिन्ता गर्छ तब त्यहीरूप हुन्छ जसरी कीट कुलकोटी बन्छ, जसरी दिनमा व्यापारको अभ्यास गरिन्छ तब राती स्वप्नमा पनि त्यही देखिन्छ त्यस्तै जसलाई जीवभावको दृढ अभ्यास हुन्छ त्यही अनुभव हुन्छ ।

हे रामजी ! यो जगत् सारा आभासरूप हो । स्वरूपको प्रमादले भय र दु:ख पाएको छ । जब स्वरूपलाई जान्दछ तब भ्रम, भय र दु:ख सारा निवृत्त भएर जान्छ । जस्तो स्वप्न जगत्मा चित्तको भ्रमले सिंह देखेर भयभीत हुन्छ र डराउँछ जब जाग्रत स्वरूपमा चित्त आइपुग्छ तब सिंहको भय निवृत्त भै हाल्छ त्यस्तै आत्मज्ञानले आफ्नू यथार्थ स्वरूपलाई पाएर सारा भ्रम निवृत्त भै निर्भयपद प्राप्त हुन्छ ।

हे रामजी ! जसले जस्तो भावना गर्छ त्यस्तोरूप भैहाल्छ। जगत् संकल्प मात्र हो, जस्तोजस्तो निश्चय हुन्छ त्यस्तोत्यस्तो

प्रतीत हुन्छ । त्यसैले जगत्को भावनालाई परित्याग गरेर आत्मस्वरूपको भासवना गर। तब तिम्रो भ्रम र सारा दुःख निवारण भै आत्मपद प्राप्त हुनेछ ।

हे रामजी ! जसको वृत्ति अन्तरमुख भएको छ अर्थात् आफ्नो स्वरूपतिर लागेको छ तिनलाई सारा पदार्थ आत्मरूप प्रतीत हुन्छ । जब सङ्कल्प स्फुर्छ तब चित्तमा अहंभाव उठेर अभिमान् हुन्छ । त्यसैले चित्तलाई मिथ्या जानेर स्वरूपमा लीन गरिदेऊ । साभास चित्तवृत्तिरूप दृश्य, दर्शनको त्याग भए निज निर्विकार, निराभास दृक् स्वरूप स्वयं प्रकाशित हुनेछ ।

हे रामजी ! वैराग्यको अभ्यासपूर्वक जीव जब निर्मल आत्मपदलाई प्राप्त गर्छ तब फेरि कुनै क्षोभ दुःख हुँदैन । जस्तो ताँमा पारसको स्पर्शले सुवर्ण हुन्छ फेरि ताँमाभावलाई ग्रहण गर्दैन त्यस्तै जीव फेरि मलीन हुँदैन । अहं त्वं आदि जो जगत् भास्दछ त्यो सबै आभास मात्र हो ।

हे रामजी ! यो देहरूपी शून्य गृहमा अहंकाररूपी पिचाश कल्पित भएको छ । जस्तो बालक आफ्नै छाँयामा भूत कल्पना गरी डराउँछ त्यस्तै अहंकाररूपी पिचाश कल्पना गरी जीव आफैं भयभीत हुन्छ । त्यो अहंकाररूपी पिशाच अत्यन्त नीच हो । सबै सन्तजनद्वारा निन्दनीय हो । जब अहंकाररूपी पिशाचलाई त्याग गरिदिन्छ तब परम आनन्द प्राप्त हुन्छ ।

हे रामजी ! जो पुरुष ती पिचाशका अधीनमा रही नोकर बनेको छ त्यसलाई तिनले नरकरूपी अग्निमा लगिहाल्छन्। त्यसैले तिमी नोकर नबन । ब़रू तिनलाई नाश गर्ने उपाय गर तब आनन्द पाउने छौ ।

हे रामजी ! यो चित्तरूपी भूतले जसलाई स्पर्श गर्छ

तिनलाई अशुद्ध तुल्याइदिन्छ । अर्थात् धैर्य, निश्चय, विपर्यय उल्टा गरी उसलाई दुःख दिन्छ । निजस्वरूपदेखि गिराइ-हाल्छ । जो ठूला ठूला साधु, महन्त छन् तिनीहरू पनि यिनबाट डराएर समाधिमा स्थित हुन्छन् । किनकि कुनै प्रकारले अहंकारको अभाव होस् ।

अहंकार–वर्णन

हे रामजी ! अहंकाररूपी पिचाशले जसलाई स्पर्श गर्छ तिनलाई आफन्त गरिहाल्छ । आफू जस्तो तुच्छ हो त्यस्तै अरूलाई पनि तुच्छ बनाइहाल्छ ।

जहाँ सत्संग, सत्शास्त्रको विचार, आत्मज्ञानको निवास हुँदैन त्यस्तो शून्यरूपी देह मन्दिरमा ऊ रहन्छ ।

हे रामजी ! जसलाई अहंकाररूपी पिचाश लागेको छ तिनलाई धनले कल्याण गर्दैन । न मित्र बान्धवहरूबाट कल्याण हुन्छ । ती सित मिलेर जे जति क्रिया, कर्म, गर्छ त्यो आफ्नै नाशको निमित्त गरिरहन्छ । अर्थात् विषको रूखलाई उब्जाउँछ र बढाई रहन्छ ।

हे रामजी ! जो पुरुष विवेक, धैर्यदेखि रहित छन् उनलाई अहंकाररूपी पिचाशले चाँडैनै खाइहाल्छ । त्यो सर्परूप हो जसले स्पर्श गर्छ उसलाई मारेरैछाड्छ ।

हे रामजी ! अहंकाररूपी सर्प देहरूपी वृक्षको प्वालमा विषलाई धारण गरी बसिरहेको छ । तिनको नजिक जो जान्छ उसलाई मारिहाल्छ । जो अहं मम भावमा स्थित छन् तिनी मरेकै समान् हुन्छन्, अर्थात् जन्म-मरण छुट्दैन ।

हे रामजी ! अहंकाररूपी पिचाश लागेपछि बुद्धि मलीन हुन्छ । स्वरूपदेखि खसाली संसाररूपी खाडलमा

खसाई ठूलो आपत पारिदिन्छ । जे जति आपत हो त्यो अहंकारले नै ल्याएको हो । धेरै वर्षसम्म पनि त्यो आपतको वर्णन गर्न सकिंदैन ।

हे रामजी ! जुन मलीन कल्पना उठ्छ कि म हुँ, म मर्छु, म मनुष्य हुँ, म दुखी हुँ आदि अहंकाररूपी पिचाशको शक्ति हो । आत्मस्वरूप नित्य शुद्ध, चिदाकाश, सर्वगत, सच्चिदानन्द सबैको आफ्नै स्वरूप हो । परन्तु अहंकारको वशले जीव आफूलाई परिच्छिन्न दुःखी मान्दछ । जस्तो आकाश सर्वगत र अलेप हो त्यस्तै आत्मा सबैमा अलेप हो र असम्बन्ध हो ।

हे रामजी! लिनुदिनु, हिंड्नु आदि जे जति क्रिया हो त्यो देहरूपी यन्त्रलाई वायुरूपी डोरीद्वारा अहंकाररूपी यात्रीले चलाउँछ । आत्मा सदा निर्लेप सबैको अधिष्ठानरूप हो । कारण र कार्यभाव देखि रहित हो । जस्तो आकाश र पृथ्वीको सम्बन्ध छैन त्यस्तै आत्मा र अहंकारको सम्बन्ध छैन । चित्तलाई जसले आफू भनी ठान्छ त्यो महान मूर्ख हो ।

आत्मा प्रकाशरूप नित्य सर्वव्यापक विभू हो । चित्त मूर्ख-जड हो र आवरण गर्दछ । आत्मा सर्वज्ञ चेतनरूप हो । चित्त मूढ र पत्थर जस्तो जड हो । त्यसलाई परित्याग गर । त्यसको र तिम्रो कुनै सम्बन्ध छैन । तिमी यसको मोहदेखि पार होऊ ।

हे राम देहरूपी शून्यगृहमा चित्तरूपी वेताल बसिरहेछ । त्यसले जसलाई आफ्नो वश गर्दछ उसलाई वान्धवले पनि छुटाउन सक्दैन । शास्त्रले पनि छुटाउन सक्दैन ।

जसको देहाभिमान क्षीण भएर गएको छ त्यसलाई गुरूशास्त्रले छुटाउन सक्छन् ।

हे रामजी ! जति देहरूपी शून्य मन्दिर छ त्यसमा

अहंकाररूपी पिचाश रहन्छ। कुनै पनि देहरूपी गृह अहंकार-रूपी पिचाशले खाली छैन । जस्तो पिचाश अपवित्र स्थानमा रहन्छ। पवित्र स्थानमा रहँदैन । त्यस्तै जहाँ सन्तोष विचार अभ्यास सत्सङ्ग हुन्छ त्यहाँबाट अहंकार निस्किहाल्छ । जति शरीररूपी मसान छ त्यहाँ चित्तरूपी बेताल भरिएको छ । जगत्‌रूपी महान वनमा मोहरूपी वेतालको वशले मोहमा प्राप्त हुन्छ ।

देहको वर्णन

हे रामजी ! जुन देह थोरै दिनको लागि यहाँ आएको छ त्यसको दुःख पनि थोरै नै छ । जो धेरैकालको सङ्कल्प-रूपी देह हो त्यसले धेरै काल दुःख भोगिरहन्छ । त्यसैले यो दीर्घजीवी वासनारूपी देहलाई आत्मज्ञानरूपी वाणले मारिदेऊ । तब तिमी स्वतन्त्र भएर रहन पाउने छौ ।

हे रामजी ! आत्मा सर्वज्ञ र चेतनरूप हो । चित्त मूढ पत्थर जस्तो जड हो । त्यसलाई ग्रहण नगर छोडिदेऊ । तिमी मोहरूपी नदिबाट तरिहाल । आफ्नो उद्धार आफैंले गर । छायाँलाई त्याग गरी बिम्वस्वरूपको विचार गर । धैर्यलाई ग्रहण गरी नित्य निरन्तर आफ्नो स्वरूपमा स्थित भै जीवनमुक्त भएर राज्य गर ।

हे रामजी ! जगत्‌रूपी जङ्गलमा जीवरूपी मृग घुमी भोगरूपी घाँस चपाइरहन्छ । त्यो भोगरूपी तृण हेर्न मात्र राम्रो हो परन्तु त्यसको मुनि ठूलो खाडल रहेको छ । कलिला-राम्रा भोगरूपी घाँस देखेर जीवरूपी मृग जब भोग गर्छन् तब जन्ममृत्युको खाडलमा परी नाश गर्छन् । त्यसैले हे राम ! तिमी मृग मतिलाई त्यागेर सिंह वृत्तिलाई धारण गर । भोगको इच्छादेखि रहित होऊ । इच्छा गरे

जम्बुदीपरूपी जङ्गलमा मृग झैं भट्किरहन्छौ ।

हे रामजी ! स्त्रीहरू अत्यन्त राम्रा देखिन्छन् तिनीसँगको स्पर्श थोरैकालको लागि सुखदायक हो । परन्तु विचार गरी हेरे अत्यन्त तुच्छ दुःखरूप हो । भोगरूपी हिलामा गडेपछि निस्कन मुस्किल पर्छ त्यसैले तिमी असत् वृत्तिलाई त्यागी सत्‌रूप आत्मतत्त्वको आश्रय लेऊ ।

यो देह अत्यन्त अपवित्र छ, हाड, मासु, रगतले भरिएको तुच्छ हो । देहको लागि भोगको इच्छा गर्नुबाट परमार्थ सिद्ध हुँदैन । इच्छाले दुःख कष्ट दिएरै छोड्छ । त्यसैले तिमी इच्छालाई छाडिहाल ।

हे रामजी ! यो देह संकल्पले रचिएको हो । त्यसको लिनु, दिनु आदि प्राणबाट भैराखेको छ । अहंकार पिचाशले प्रवेश गरेर गर्जना गरिरहन्छ । मनको वृत्तिले सुख, दुःख प्राप्त गर्दछ र जीव दुखी हुन्छ, यो बडो आश्चर्य हो ।

जस्तो बालक आफ्नो छायाँमा वेताल देख्छ त्यस्तै सारा कल्पना मनको हो । जस्तो एक उखुको रसमा शक्खर हुन्छ । त्यस्तै एक परमोत्तम सत्ता समान नै सबै हो । सत्ता सामान देखि भिन्न दोस्रो सत्ता कुनै पदार्थ छैन । परमात्मा धनरूप हो । जड, चेतन भिन्न कुनै छैन । त्यो मिथ्या सङ्कल्पको रचना हो ।

जबसम्म सम्यक् दृष्टि प्राप्त हुँदैन तबसम्म जड, चेतनमा दृष्टि परिरहन्छ । जब यथार्थ तत्त्वमा दृष्टि पर्छ तब भेदकल्पना सबै मेरिएर जान्छ ।

हे रामजी ! जो सत्य हो त्यो असत्य हुँदैन । जो असत्य हो त्यो सत्य हुँदैन । आत्मा सदा सत्यरूप आफू आफैंमा स्थित छ । उसमा द्वैत र अद्वैतको अभाव छ । जस्तो पत्थरमा अरू सत्ताको अभाव छ । त्यस्तै आत्मामा द्वैत सत्ताको

अभाव छ। नानारूप देखिन्छ तापनि द्वैत कुनै छैन। सदा अनुभवरूप हो। सदा अद्वैतरूप हो। भेद कल्पना चित्तमा देखिएको हो। जब चित्तको अभाव हुन्छ तब जड चेतनको कल्पना मेटिएर जान्छ र स्वरूपमा दृढ स्थिति हुनेछ अर्थात् केवल चैतन्य चिन्‌. मात्र सत्ता प्रतीत हुन्छ।

हे रामजी ! अर्को आश्चर्य सुन कि चित्त अर्कै हो। इन्द्रिय अर्कै हो। देह अर्कै हो। देहको कर्ता कुनै देखिंदैन। अहंकारले वेष्टित छ। त्यो मूढ जीव यस्ता मूर्खछन् कि देहलाई आफूभनी जान्दछन् र दुःख पाउँछन्। जुन विचारवान् पुरूष हुन् ती आत्मपदमा स्थित छन्। ती महानुभावलाई कुनै क्रिया दुःख-बन्धन दिन सक्दैन। जस्तो मन्त्र जान्नेलाई सर्पले दुःख दिन सक्दैन त्यस्तै ज्ञानवानलाई कर्म बन्धन हुँदैन।

हे रामजी ! तिमी देह, इन्द्रिय, मन होइनौ तिमी चित्तदेखि रहित चेतन चिनमात्र साक्षीरूप हौ। त्यसैले शरीरको ममतालाई त्यागि नित्य शुद्ध, परिपूर्ण, आत्मस्वरूपमा स्थित होऊ।

हे रामजी ! जो माहामोहलाई नाशगरिदिन्छ। जो आत्मपद पाउन कठिनछ त्यो सुखपूर्वक मिल्छ। दुःखदेखि रहित आनन्दरूप हो मैले शिवजीबाट सुनेको हुँ।

जगत परमात्म–रूप वर्णन–२९

हे रामजी ! एकदिन अर्धरात्रीको समयमा जब म समाधिबाट जागेको थिएँ तब तेजको प्रकाशआई सारा उज्यालो देखिन लाग्यो। तब गौरी भगवतीको हात समाति भगवान् शङ्कर आउनु भएको देखेर मनले प्रणाम गरी भक्तिपूर्वक पार्वती परमेश्वरको पूजन गरिसके पछि शशि-

कलाधारी शिवजीले शीतल वचनले सोधनु भयो ।

हे ब्राह्मण ! नाना प्रकारले चिन्ता गर्ने जो चित्त वृत्ति हो त्यो तिम्रो स्वरूपमा विश्रान्ति भएको छ कि ? देहको इष्ट-अनिष्टमा तिमी खेदवान् हुदैनौ ? यसप्रकार सोधनु भएपछि मैले विन्तिगरें हे कल्याणरूप महेश्वर ! जो तिमीलाई सदा स्मरण गरिरहन्छ तीनको यसलोकमा त्यस्तो कुनै पदार्थ छैन, जुन पाउन कठिन् होस् । तिनलाई खेद, भय आदि कसैको हुँदैन । जसको चित्त तिम्रो आनन्दमा परिपूर्ण भएको छ । तिनको जगतमा दीनता हुँदैन । जहाँ एकान्तमा बसेर बुद्धिद्वारा तिम्रो स्मरण हुन्छ ।

हे प्रभो ! तिम्रो स्मरण पहिलेका पुण्यरूपी वृक्षको फल हो । वर्तमान कर्मले सिञ्चित भएर फलिरहन्छ । तिमी मनका परम मित्र हौं । तिम्रो स्मरणले सारा आपत्लाई हरण गरिदिन्छ । तिमी सारा संपद्रूपीलतालाई बढाइ-दिने वसन्त ऋतु हौ ।

हे प्रभो ! ठूलो महिमा र ठूलो भन्दा ठूलो कर्मको कारण तिम्रो स्मरण हो । हे प्रभो ! तिम्रो स्मरण विवेक-रूपी समुद्रमा परमार्थरूपी रत्न हो । अज्ञानरूपी अन्धकारको नाश कर्ता सूर्यको समूह हो । ज्ञानामृतको कलश, धैर्यरूपी चाँदनीको चन्द्रमा र मोक्षको द्वार हो ।

हे प्रभो ! तिम्रो स्मरण अपूर्व दीपक हो । चित्तको मण्डप जुन संसार हो त्यो सबैलाई प्रकाश गर्छ ।

हे प्रभो ! तिम्रो स्मरण चिन्तामणि जस्तो उदार, सारा आपतलाई निवारण गर्ने, ठूलो उत्तम पदलाई दिने चिन्तामणि हो ।

हे प्रभो ! तिम्रो स्मरण एकक्षण पनि चित्तमा स्थित भए सारा दुःख, भय, चिन्तालाई नाश गरिदिन्छ त्यसैले

वरदायक हो । त्यसैको बलले म पनि तिमी जस्तै सुख शान्तिले बसेको छु । यसरी मैले प्रार्थना गरिसकेपछि सदाशिवले सारा पापलाई नाश गरिदिने र सबै कल्याणलाई बढाईदिने देवाचनको विधान मलाई बताउनु भयो ।

देवार्चन

ईश्वर भन्नुहुन्छ–हे ब्राह्मण ! जुन उत्तम देवार्चन हो, जो गरेपछि संसार समुद्रबाट तरेर जान सकिन्छ त्यो परम पवित्र वचन सुन –

हे ब्राह्मणमा श्रेष्ठ ! पुण्डरीकाक्ष जो विष्णु हुन् ती देव होइनन् । त्रिलोचन जो शिव हुन् ती पनि देव होइनन् । कमलबाट उत्पन्न हुनुभएका ब्रह्मा पनि देव होइनन् । सहस्र नेत्र इन्द्र पनि देव होइनन् । न देव पवन हो, न सूर्य हो, न अग्नि, न ब्राह्मण हुन, न तिमी हौ, न महुँ, न देह हो, न चित्त हो, न कलनारूप हो । अकृत्रिम, अनादि, अनन्त संवित्‌रूप जो हो ती नै देव नामले कहिन्छन् ।

एक अकृत्रिम, अनादि, अनन्त, चेतनरूप देव छन् तिनलाई नै देव शद्बले कहिन्छ । त्यसको पूजन नै पूजन हो। जो सत्ताशान्त आत्मरूप हो त्यसलाई सबै ठाउँमा देखनु नै उसको पूजा हो । जसले त्यो संवित् तत्त्वलाई जानेको छैन त्यसलाई सगुण आकारको अर्चना बताएको हो । जस्तो जुन पुरुष योजन पर्यन्त हिंडन सक्तैन त्यसताले एक दुई कोश हिंडनु पनि लाभदायक हो । त्यस्तै जो पुरुष अकृत्रिम देवको पूजागर्न सक्तैन त्यसले आकारको पूजन गर्नु पनि वेश हो ।

हे ब्राह्मण ! जसले जस्तो भावना गर्छ त्यस्तै फल पाउँछ । जसले परिच्छिन्न वस्तुको उपासना गर्छ उसलाई फलपनि परिच्छिन्न नै प्राप्त हुन्छ । जसले अकृतिम, आनन्द,

अनन्त, देवको उपासना गर्छ उसलाई त्यही परमात्मरूप फल मिल्छ ।

हे साधो ! अकृत्रिम फललाई त्यागी जुन कृत्रिमलाई चाहन्छन् तिनी यस्ता हुन् जस्तो मन्दा र कल्प वृक्षको वनलाई त्यागी कञ्ज केतकीको वनलाई इच्छा गर्नु ।

हे ब्राह्मण! त्यो देव कस्तो छ ? उसको पूजा के हो कसरी गर्ने ? त्यो सुन– बोध, साम्य, र शम यी तीनओटा फूल हुन । बोध सम्यक् ज्ञानको नाम हो। अर्थात् आत्म तत्त्वलाई जस्ता-को तस्तो जान्नु ।।साम्य सबैमा परिपूर्ण देख्नुलाई भनेको छ । शमको आशय हो चित्तलाई निवृत्त गर्नु र आत्मतत्त्वदेखि भिन्न केही न स्फुर्नु। यही तीनओटा फूलले शिव (चिन् मात्र शुद्धदेव) को पूजा हुन्छ । आकार अर्चनले अर्चना हुँदैन आत्मसंवित् जो चिन् मात्र हो त्यसलाई त्यागेर अर्को जडलाई जो अर्चना गर्छ त्यो चिरकाल पर्यन्त क्लेशको भागी हुन्छ ।

हे ब्राह्मण ! जो ज्ञात, ज्ञेय पुरुष हुन् तिनी आत्म-ध्यानदेखि भिन्न पूजन, अर्चन गर्नुलाई बालकहरू खेलेको झैं मान्दछन् । आत्मभगवान् एक देव हो त्यो नै शिव हो र परम कारणरूप हो । त्यसको सदा ज्ञान, अर्चनाले नै पूजाहुन्छ, अर्को कुनै पूजा छैन ।

हे मुनीश्वर ! जस्तो स्वप्नमा चिदाकाश नै घट, पट आदि भएर देखिन्छ । त्यस्तै स्थित प्रलयादि जगत् चिदात्मा-देखि भिन्न केही होइन । आत्मा नै त्यसरी भासमान हुन्छ । जस्तो शुद्ध संवित्‌देखि भिन्न स्वप्नमा पदार्थ कुनै पाइँदैन । त्यस्तै जगत्‌मा अनुभवदेखि भिन्न अरू केही पाइँदैन ।

यो देव तिमीलाई परमार्थले बताएको हुँ । तिमीमा र सर्व भूतमा भएको जुन देव हो त्यो चिदाकाश परमात्मा

हो त्यो देखि भिन्न केही छैन । जस्तो सङ्कल्पपुरिमा चिदाकाश नै शरीर आदिरूप भासदछ । भिन्न केही बनेको छैन त्यस्तै यो जगत् पनि सारा चिदाकाशरूप हो !

चैतन्यको विचार

हे ब्राह्मण ! यो सारा विश्व केवल परमात्माको रूप हो। परमाकाश ब्रह्म नै एक देव हो । उसैको पूजा सार हो । उसैबाट सारा फल प्राप्त हुन्छ । त्यो देव सर्वज्ञ हो । सबै उसैमा स्थित छ। त्यो अकृत्रिम देव अज, परमानन्द र अखण्डरूप हो । उसलाई साधन गरेर प्राप्त गर्नु पर्छ । जसबाट परम सुख मिल्छ ।

हे मुनीश्वर ! तिमी जागिराखेकाछौ । त्यसैले मैले तिमीलाई यसप्रकारको देव अर्चना वताएँ। जो असम्यक्दर्शी बालक हुन् जसको निश्चयात्मक बुद्धि मिलेको छैन उनलाई धूप, दीप, फूल आदि अर्चना नै बताइएकोछ। तिनको लागि आकार कल्पित गरी देवताको मिथ्या कल्पना भएको हो ।

हे मुनीश्वर ! आफ्नै सङ्कल्पले जो देव बनाऊँछ र उसको फूल, धूप, दीप, आदिले पूजा गर्छ त्यो भावना मात्र हो । त्यसबाट उसलाई सङ्कल्परचित फलको प्राप्ति हुन्छ । त्यो बालक बुद्धिको अर्चना हो ।

तिमी जस्ता पुरुषको लागि यही पूजा हो । जो सबैलाई आत्मभावनाले देख्नु ।

हे मुनीश्वर ! मेरो मतमा त अरूदेब कुनै छैन। एक परपरमात्मा देवले तीनै भुवनमा व्याप्त भइराखेकोछ । ऊ देव नै शिव हो, सर्वपददेखि अतीत हो। देश, काल र वस्तुको परिच्छेददेखि उनी रहित हुन् । सबैप्रकार शान्त-

रूप एक चिन्मात्र निर्मल स्वरूप हुन् उनैलाई देव भनेर कहिन्छ ।

हे ब्राह्मण! जो ब्रह्म सत्य-असत्यको बिचार र सत्य-असत्यदेखि पर कहिन्छन् ऊ देवनै परमात्मा हुन् । स्वतः सत्तास्वभावले जो सबैलाई प्राप्त भएकोछ र महाचित् कहिन्छ त्यो परमात्मा देवसत्ता हो ।

हे मुनीश्वर ! हात, पाउ युक्त जुन देव कल्पना गरिन्छ त्यो सार हैन । चिन्मात्र नै सारा जगत्को सारभूत हो । उनैको अर्चना गर्नु योग्य हो । त्यसबाट सरा फल प्राप्त हुन्छ । त्यो देव कुनै टाढा छैन, फेरि कुनै प्रकारले कसैलाई प्राप्त हुन पनि गाऱ्हो छैन । जुन सबैको देहमा स्थित छ सबैको आत्मा (स्वरूप) हो त्यो टाढा कसरी होला ? फेरि प्राप्त गर्न गाऱ्हो के होला ?

हे मुने ! सारा क्रिया ऊ नै गर्छ, भरणपोषण पनि ऊ नै गर्दछ। ऊ नै श्वास लिन्छ, सबैको ज्ञाता पनि ऊ नै हो । जो पुर्यष्टकमा प्रतिबिम्बित भएर प्रकाश हुन्छ । जस्तो पर्वतमा जो चर, अचरको चेष्टा हुन्छ अर्थात हिंड्छ, बस्छ र स्थित हुन्छ त्यो सबैको आधार पर्वत हो । त्यस्तै मन सहित षट-इन्द्रियको चेष्टा आत्माको आश्रयमा हुन्छ । उसको संज्ञा व्यवहारका निम्ति तत्त्ववेत्ताहरूले देव कल्पेका हुन् । उसैलाई चिन्मात्र, सूक्ष्म, सर्वव्यापी, आत्मा, ईश्वर, ब्रह्म इत्यादि नाम ज्ञानवान्हरूले व्यवहारको निम्ति राखेका हुन् ।

हे मुनीश्वर ! जे जति जगत् छ त्यो सबै आत्माको चमत्कार हो । त्यो आत्म तत्त्व मै स्थित छ । जस्तो समुद्रमा तरङ्ग देखिन्छ त्यस्तै एक परमात्मदेवमा त्रिलोक प्रतीत हुन्छ ।

हे मुने ! चेतनबाटै जडको सिद्धि हुन्छ र चेतनबाटै

जडको अभाव सिद्ध हुन्छ । जस्तो प्रकाशले नै अन्धकार सिद्ध हुन्छ र प्रकाशलेनै अन्धकारको अभाव हुन्छ । त्यस्तै सबैदेह चेतनले सिद्ध हुन्छ र चेतनले नै देहको अभाव हुन्छ ।

हे मुने ! त्यस्तो पदार्थ कुनै छैन जो चेतनविना सिद्ध होस् । जे जति पदार्थ छ त्यो आत्माबाटै सिद्ध हुन्छ ।

हे मुने ! शरीररूपी सुन्दर वृक्ष चेतनरूपी मञ्जरी-विना शोभा छैन । जस्तो रसविना, वृक्ष सोभित हुँदैन त्यस्तै चेतनविना शरीर शोभित हुँदैन ।

हे ब्रह्मवेत्तामा श्रेष्ठ ! यो शरीरमा दुई चेतन स्थित छन् । एक चैतन्योमुखत्वरूप हो । दोस्रो निर्विकल्प आत्मा । जो चेतन चैतन्यो–मुखत्वदृश्यसित मिलेको हो त्यो जीव सङ्कल्पको स्फुरनले अर्को जस्तो भएको छ । परन्तु वास्तमा केही भएको छैन । केवल दृश्य सङ्कल्पको अनुभवलाई ग्रहण गरेकोले जीवरूप भएको हो । जस्तो स्त्री आफ्नू शील, धर्मलाई त्यागेर दुराचारिणी हुन्छे तब त्यसको शील, धर्म नाशहुन्छ, परन्तु स्त्रीको स्वरूप जस्ताको तस्तै रहन्छ । त्यस्तै चैतन्योन्मुखत्वदेखि अनुभवरूपी जीव हुन्छ परन्तु चेतन स्वरूपको त्याग हुँदैन जस्ताको तस्तै रहन्छ ।

हे मुनीश्वर ! पहिले चित्तसपन्द चित्कलामा भयो तब शब्दको चेतनले आकाश भयो । फेरि स्पर्श तन्मात्राको चेतन भयो, तब वायु प्रकट भयो । यसैप्रकार पाँचै तन्मात्राको स्फुरणले पञ्चतत्त्व बन्यो । फेरि देशकाल आदिको विभाग भयो । त्यसमा जीव प्रतिबिम्बित भै फेरि निश्चय वृत्ति खडा भयो । त्यसको नाम बुद्धि भयो । फेरि अहंवृत्ति स्फुरित भयो र त्यसको नाम अहंकार बन्यो । फेरि सङ्कल्पविकल्प वृत्ति स्फुऱ्यो त्यसको नाम मनभयो । चिन्तनले चित्त भयो । फेरि संसारको भावना गरेर संसारको अनुभव भयो र अभ्यासको

वशले संसार प्रतीत भयो। जस्तो विपर्य भावना गरेर ब्राह्मण आफूलाई चाण्डाल भनी जानेको थियो त्यस्तै भावनाको विपर्य भएकाले त्यही चेतनले आफूलाई जीव भनी ठान्यो।

जस्तो जल अत्यन्त जडताले वरफरूप हुन्छ त्यस्तै चेतन जब अनन्त सङ्कल्पले जडदेह भावलाई प्राप्त गर्छ तब चेत्य मन मोहित भएर जड देहको आश्रय गरेर संसारमा जन्म लिन्छ। फेरि मोहवशले तृष्णाले आतुर भै कामक्रोध, संयुक्तभाव, अभावमा प्राप्त हुन्छ। यसरी आफ्नू अनन्तता-लाई त्यागेर परिच्छिन्न व्यवहारमा वर्तिरहन्छ। दुःखदायक अग्निले तातेको शून्य भाव प्राप्त गरी भेद भाव गरेर माहा दीन हुन्छ।

हे मुनीश्वर ! मोहरूपी खाडलमा जीवरूपी हात्ती फसिराखेको छ। भावअभावले सदा डोलायमान भैरहन्छ। जस्तो जलमा तृण भासित हुन्छ त्यस्तै असाररूप संसारमा विकारयुक्त राग–द्वेषले जीव तातिरहन्छ। कहिले पनि शान्ति पाउँदैन्। जस्तो बथानबाट छुटेको मृग धेरै दुःख पाउँछ त्यस्तै आवरण भाव जन्म मरणले जीव धेरै दुःख पाउँछ।

हे मुनीश्वर जीव आफैले सङ्कल्प गर्छ र आफैं भयभीत भइ डराउँछ जस्तो गधा आफ्नै शब्द सुनेर आफैं दौडी रहन्छ र भयभीत हुन्छ। त्यस्तै जीव आफ्नै सङ्कल्पले आफैं भएभीत हुन्छ।

हे मुनीश्वर। यो जीव शक्तिको आचार ग्रहण गरेर बुद्धि नीच पशुधर्मी भएकोछ। स्वरूपको प्रमादले जस्तो-जस्तो सङ्कल्प गर्छ त्यस्तैत्यस्तै कर्मगति पाएर शोकवान् हुन्छ र अनन्त दुःख पाउँछ।

हे मुने ! जुन दृश्य अनात्मरूपमा प्रेम गरेर निजस्वरुप-

लाई भुले पछि आशारूपी बन्धनले बाँधिएको चित्त जीवलाई नीच योनिमा झारिहाल्छ । जस्तो यन्त्रको पुतली कहिले तल कहिले माथि गरिरहन्छ । त्यस्तै जीव आर्काको वशमा परी कहिले पाताल कहिले आकाशमा पुग्छ ।

हे मुनीश्वर आफ्नू परमार्थ स्वरूपलाई भुलेपछि यस प्रकार हुन्छ कि म हन्ता हुँ, म दुःखि हुँ त्यो अनात्मामा आत्म अभिमान गरेर नाना दुःखको अनुभव गरिरहन्छ । जस्तो स्वप्नमा आफू पर्वतबाट खसेको देखे र दुःखि हुन्छ, आफू मरेको देख्छ। त्यस्तै स्वरूपको प्रमादले अनात्मामा आत्म अभिमान गरी व्यर्थ आफूलाई दुःखी देखिराख्छ। वास्तवमा स्वरूपदेखि भिन्न केही पनि छैन। जस्तोजस्तो चितकला चिताइ रहन्छ त्यस्तैत्यस्तै जगत् हुँदै जान्छ। त्यो चित्तको कारणरूप पनि भएन। जब कारण नै छैन भने तब कार्य कसको भन्ने ?

हे मुनीश्वर ! न त्यो चित्त हो, न चेतन हो, नचिताउने वाला हो अर्थात न द्रष्टा हो, न दृश्य हो, न दर्शन हो। त्यो त केवल केवलीभाव अद्वैत चिन् मात्रतत्त्व हो। स्वरूप-देखि कसैलाई केही दुःख हुँदैन ।

हे मुनीश्वर ! जगत्लाई असत् जानेर त्यसको भावना नगर्नू। आत्मालाई सत्य जानेर त्यसको भावना गर्नू। यस भावनाबाट सारा अनर्थ निवृत्त भएर जान्छ। परन्तु यो अरु कसैबाट प्राप्त हुँदैन आफू आफैद्वारा प्राप्त हुन्छ । जब त्यसमा भावना हुन्छ तब सारा भ्रम मेटिएर जान्छ, । जब अनात्म भावना हुन्छ तब त्यसलाई पाउन गाऱ्हो पर्छ । यत्न विना त्यसलाई कसरी पाइएला ?

हे साधो ! जो यत्नको साथमा छ त्यो यत्नविना पाउन सकिंदैन। आत्मा निर्विकल्प, अद्वैत र सबैभन्दा अतीत छ।

त्यसलाई अभ्यासविना कसरी पाइएला ?

आत्मतत्त्व परम स्वच्छ, तेजको पनि प्रकाशक, सर्वगत्, नित्य, सदा उदित, निर्मल, शक्तिरूप, निर्विकार र निरञ्जन हो । घट, पट, दैत्य, देवता आदि जो स्थावर जङ्गमरूप जगत् हो त्यो सबैको साक्षीरूप भएर आत्मतत्त्व स्थित छ । फेरि दीपकझैं सबैलाई प्रकाश गर्छ । आफू सारा क्रियादेखि अतीत हो परन्तु उसैबाट साराकार्य सिद्ध हुन्छ । फेरि सारा क्रिया संयुक्त देखिन्छ र सारा विकल्प देखि रहित जडजस्तो पनि देखिन्छ । परन्तु परम चेतन हो

हे मुनीश्वर ! आत्मतत्त्व सारा चेतनको सार चेतन, निर्विकल्प र परम सूक्ष्म तत्त्व हो । आफैं आफूमा किञ्चन भै भासित हुन्छ । आफ्नै प्रमादरूपले अवलोकन र मनस्कार त्रिपुटी प्रतीत हुन्छ । जब बोध हुन्छ तब जस्ताको तस्तै आत्मा भासमान् हुन्छ ।

नित्य शुद्ध निर्मल र परमानन्द रूपको प्रमादले चेतन चित्त भावलाई प्राप्त गर्छ । जस्तो सज्जन पनि दुर्जनको सङ्गतले दुर्जन बनिहाल्छ त्यस्तै अनात्माको सङ्गतले अविनाशी आत्मा पनि नाशवान् जस्तो भासेकोछ ।

जस्तो सुवर्ण दोस्रो धातुको मिलनबाट खोटो-कमसल बन्दछ । जब सोधन हुन्छ तब शुद्ध नम्बरी भैहाल्छ । त्यस्तै अनात्माको सङ्गतले जीव जन्म, मृत्यु दुःख भोगिरहन्छ । जब पुरूषार्थ अभ्यास र यत्न गरेर आफ्नू परमानन्द शुद्ध स्वरूपलाई पाउँछ तब त्यहीरूप भइहाल्छ ।

जस्तो मुखको वाफले सफा ऐनापनि धमिलो हुन्छ र त्यहाँ मुख देखिंदैन । जब मयल निवृत्ति हुन्छ तब शुद्ध सफा हुन्छ र त्यस्मा मुख प्रष्ट देखिन्छ । त्यस्तै चित्त संवेदनको प्रमादले स्फुरण हुन्छ तब जगतभ्रम प्रतीत हुन्छ । आत्म

स्वरूप भासमान हुँदैन । जब त्यो जगत् सत्तास्फुरण सहित हटेर जान्छ तब आत्मतत्त्व भासमान हुन्छ ।

हे मुनीश्वर जब शुद्ध संवित्मा चेतनको स्फुरण हुन्छ तब अहंभाव प्राप्त हुन्छ । अहंकार प्राप्त भए पछि अविनाशीरूपलाई विनाशी भनी जान्दछ ।

स्वरूपदेखि केही उत्थान भएपनि स्वरूपदेखि झरेर कष्ट पाउँछ । जस्तो पाहाडबाट खसे पछि तलतिर झर्दै जान्छ र नाश हुन्छ त्यस्तै स्वरूपदेखि उत्थान हुन्छ र अनात्मामा अभिमान अर्थात अहं प्रतीत हुन्छ तब अनेक दुःख प्राप्त हुन्छ ।

हे मुनीश्वर ! सारा पदार्थको सत्तारूप आत्माहो । त्यसलाई न जान्नुबाट देवत्वभाव प्राप्त हुन्छ । जब स्वरूपको बोधहुन्छ तब देवत्व भाव निवृत्त भइजान्छ । आत्मा शुद्ध चिन्मात्ररूप हो त्यसको सत्ता पाएर देह, इन्द्रियादि पनि चेतन बनिहाल्छ । तब आफ्नूआफ्नू विषयलाई ग्रहण गरिहाल्छ । जस्तो सूर्यको प्रकाश पाएर सारा जगत्को व्यवहार हुन्छ त्यस्तै आत्माको सत्ताले नै देह इन्द्रियादिको व्यवहार हुन्छन् र आ–आफ्नू विषयलाई ग्रहण गर्छ ।

हे मुनीश्वर ! यो जगत् सबै आत्मस्वरूप हो । शिला झैं अद्वैत सारा विकारदेखि रहित हो । न उदय हुन्छ, न अस्त हुन्छ, सङ्कल्पको वशले जीवभावलाई ग्रहण गर्छ । जब सङ्कल्पको निवृत्ति हुन्छ तब परमात्मरूप भइहाल्छ ।

हे मुनीश्वर ! आदि चित् कला जीवरूपी रथमा आरुढ भएको छ, जीव अहङ्काररूपी रथमा आरुढ भएको छ, अहंकार बुद्धिरूपी रथमा बसेकोछ, बुद्धि मनरूपी रथमा बसेकोछ, मन प्राणरूपी रथमा चढेकोछ र प्राण इन्द्रिय रूपी रथमा चढेकोछ । इन्द्रियको रथ देह हो र देहको रथ

पदार्थ हो । जो कर्म इन्द्रियले गर्छ त्यसैको वशमा परेर जरा-मरणरूपी संसार पिजडामा भ्रमण गरिरहन्छ । यस प्रकारले यो संसारचक्र चलिरहन्छ र त्यसमा प्रमाद गरेर जीव भट्किरहन्छ ।

हे मुनीश्वर ! यो चक्र आत्माको आभासरूपी हो । जस्तो स्वप्ननगरमा नाना पदार्थ भासमान हुन्छ त्यो वास्तवमा कुनै पनि होइन त्यस्तै यो जगत् पनि वास्तवमा केही पनि छैन । जस्तो मृग तृष्णाकोनदी भ्रमले भास्दछ त्यस्तै यो जगत् भ्रमले भासेको छ। जब भ्रम मेटिएर जान्छ तब जगत्ज्योती आफ्नू स्वरूप प्रकाशित हुन्छ ।

हे मुनीश्वर ! मनको रथ प्राण हो। जब प्राणकला स्फुरण रहित हुन्छ तब मन पनि स्थित भइहाल्छ । मन स्थित भए मनको मनन पनि शान्त भइहाल्छ । जस्तो प्रकाशविना पदार्थ भास्दैन, जस्तो वायु नचले धूलो उड्दैन त्यस्तै प्राण स्फुरण रहित भए मन शान्त हुन्छ । हृदय देशमा जो नाडी छ उसमा प्राण स्वतः स्फुरित हुन्छ। उसैबाट मनन हुन्छ ।

संवित् जो स्वच्छरूप हो त्यो जड, अजड सर्वत्र भासमान हुन्छ र संवेदन प्राण कलामा स्फुरित हुन्छ ।

हे मुनीश्वर ! आत्मसत्ता सर्वत्र अनुस्यूतरूपले पूर्ण छ। परन्तु जहाँ प्राणकला हुन्छ त्यहाँ प्रतीत हुन्छ । जस्तो सूर्यको प्रकाश सबै ठाउँमा हुन्छ परन्तु जहाँ उज्वल स्थान जल किम्बा ऐना हुन्छ त्यहाँ प्रतिविम्ब पर्छ, अन्यत्र पर्दैन । त्यस्तै आत्मसत्ता सर्वत्र छ, परन्तु जहाँ प्राणकला पुर्यष्टक हुन्छ त्यहाँ भासमान हुन्छ । अन्यत्र भासिदैन । पुर्यष्टक जो मनरूप हो त्यो सबैको कारण हो । अहंकार, बुद्धि इन्द्रिय उसैको भेद हुन्, जो आफैले कल्पेको हो । सारा

दृश्यजाल उसैमा उदय हुन्छ, अर्को कुनै वस्तु छैन ।

हे ब्राह्मण ! जस्तो वसन्त ऋतुको वृक्षमा कलिलो पालुवा लाग्छ र समयमा नाश भएर फेरि नयाँ लाग्छ त्यस्तै यो जीव शरीरलाई धारण गर्छ र नष्ट भएर जान्छ। फेरि अर्को शरीर धारण गर्छ त्यो पनि नाश भएर जान्छ । जुन वृक्षको पात झैं पलाउँछ र फेरि नाश भएर जान्छ, त्यसैले त्यसको शोक गर्नु व्यर्थ हो ।

हे मुनीश्वर ! चेतनरूपी समुद्रमा शरीररूपी अनेक तरंग उब्जन्छ र नाश भै जान्छ । त्यसको शोक गर्नु व्यर्थ हो । चेतन आत्मा निर्मल आकाश झैं विशालरूप हो, उसमा जो पदार्थ स्फुरित हुन्छ त्यो अनन्यरूप हो ।

देवनिर्णय–वर्णन

हे मुनीश्वर ! आत्मा उदासिन भएर स्थित भएको छ । न केही गर्छ, न भोग्छ । जब जीवले आफ्नू स्वरूप-लाई भुल्छ तब देहमा अभिमान हुन्छ । तब क्रिया, कर्ता, भोक्ता आफूलाई मान्दछ । यसले दुःख मिल्छ र लोक-परलोकमा भट्किरहन्छ ।

जब आत्मविचार उब्जन्छ तब आत्माको अभ्यास हुन्छ र देह अभिमान मेटिएर जान्छ र दुःखदेखि मुक्त हुन्छ । शरीर नाश भए आत्माको नाश हुँदैन । शरीर चेतन भएर प्राणद्वारा स्फुरित हुन्छ । जब बीचमा प्राण निस्केर जान्छ तब शरीर जडरूप भएर जान्छ ।

चलाउने र पवित्र तुल्याउने जुन संवित् शक्ति हो त्यो आकाश भन्दा सूक्ष्म हो । त्यो शरीरको नाश भए पनि नाश हुँदैन । जो नाश हुँदैन तब नाशको भ्रम कसरी भयो ?

हे मुनीश्वर ! आत्मतत्त्व ब्रह्मसत्ता सर्वत्र छ । परन्तु

आत्मा त्यहीं भासित हुन्छ जहाँ सात्विक गुणको अंश हुन्छ र प्राण हुन्छ । जस्तो निर्मल ऐनामा मुखको प्रतिविम्ब प्रष्ट देखिन्छ, त्यस्तै मन र प्राण जब देहमा रहन्छ तब आत्मा भासमान हुन्छ । जब मन र प्राण निस्केर जान्छ तब मलिन शरीरमा आत्मसत्ता भासित हुँदैन ।

हे मुनीश्वर आत्मसत्ता सबै ठाउँमा पूर्ण छ परन्तु भासित हुँदैन । जब उसको अभ्यास हुन्छ तब सर्वात्मरूप भएर भासित हुन्छ ।

हे मुनीश्वर ! जगत्का देवता ब्रह्मा, विष्णु र रुद्र पनि उही तत्त्वबाट प्रकट भएका छन् । जस्तो समुद्रबाट तरङ्ग प्रकट हुन्छ त्यस्तै हामी सबै उसैबाट प्रकट भएका हौं । यो अविद्या पनि उसैबाट प्रकट भएका हुन् । देश, काल, पृथ्वी सारा उसैबाट उत्पन्न भएका हुन् । सर्व सत्ता ऊ नै आत्म देव हुन् । ब्रह्मा, विष्णु, रुद्र हामी जो हौं त्यो सबैको परम पिता आत्मा नै हो। साराको मूल ऊ नै देव हुन्। सबै ऊ नैबाट उब्जेको हो । जस्तो रूखमा पात पलाइहाल्छ । त्यस्तै सबै ऊ नै महादेव-बाट उब्जेको हो । सबैको अनुभव कर्ता ऊ नै हुन् । सबैलाई सत्ता दिनेवाला ऊ नै हुन् । सबै प्रकाशको प्रकाश पनि ऊ नै हुन् । त्यो परम देव तत्त्ववेत्ताहरूले पूज्न योग्य हुन् ।

हे मुनीश्वर ! त्यो देवको आवाहन गर्ने मन्त्र, आसन, पूजा आदि सामग्रीको प्रयोजन छैन । किनकि त्यो सर्वदा अनुभव-रूपले प्रत्यक्ष प्रकाश हो । जहाँजहाँ उसलाई पाउन यत्न गर्छ, त्यहाँत्यहाँ त्यो अगाडी नै विद्यमान हुन्छ । त्यो शिवतत्त्व सदा सिद्ध हो ।

त्यस्तो जुन आत्मातत्त्व हो त्यो जरा, मृत्यु, शोक र भयलाई नाश गरिदिने वाला हो ऊ आफूलाई आफैले देखि-हाल्छ । उसको साक्षात्कार भए चित्त भुटेको बीजझैं हुन्छ ।

फेरि उम्रँदैन, अर्थात् जन्म लिंदैन । त्यो शिव तत्त्व वीजको पनि वीज हो । सबै पदको पद पनि ऊ नै हो । अनुभवरूप आत्मा परम पद हो । त्यसैले भिन्न दृष्टिलाई त्याग गरी आफूलाई आफैले हेर ।

महेश्वरको वर्णन-३६

हे मुनीश्वर ! यो चिद्‌रूप तत्त्व सबैको भित्र स्थित छ । अनुभवमय शुद्ध देव ईश्वर हो । सारा बीजको बीज ऊ नै हुन् । सबैको सार सबैको कारण ऊ नै हो । भावअभावको प्रकाशक सर्व चेतनको चेतन पनि ऊ नै हो । परम प्रकाशरूप हो, भौतिक प्रकाशदेखि रहित अलौकिक प्रकाश हो । सत्‌असत्‌देखि रहित महासत्‌रूप हो । सबैको सत्ता उही चिन् मात्र तत्त्व हो ।

हे मुनीश्वर ! उनै चिन् मात्र तत्त्व नानारूप भएर भासेका छन । जस्तो एक आत्मसत्ता स्वप्नमा आकाश, पाहाड, समुद्र आदि भएर भासित हुन्छ त्यस्तै नाना रंग-विरंग भएर ऊ नै तत्त्व प्रतीत भएको छ ।

हे मुनीश्वर ! ऊ नैं आत्मतत्वको यो आभास प्रकाश हो । उनीदेखि भिन्न केही छैन । जस्तो अग्निदेखि उष्णता भिन्न हुँदैन, त्यस्तै आत्मा देखि जगत् कुनै भिन्न होइन ।

हे मुनीश्वर ! त्यो देव यस्तो छ कि उ संसारलाई रचना गर्दैन परन्तु कर्तृत्व भाव प्राप्त गर्छ । ठूलो कर्म गरेको देखिन्छ परन्तु केही गरेको छैन । देहवान् प्रतीत हुन्छ किन्तु देहरहित विदेह हो । सबैको सत्तारूप ऊ नै देव हो । त्यसैले ती सर्वात्मा रूप देवलाई मेरो मनस्कार छ ।

हे मुनीश्वर ! आत्मतत्त्व स्वभावले अचल र शान्तरूप हो । शिव परमात्मा निर्मल चिन् मात्ररूप र निराकार हो । त्यसको इच्छाशक्ति, कालशक्ति, नीतिशक्ति र ज्ञानशक्ति

छ । परन्तु स्वरूपमा सदा अकर्ता हो । जस्तो आदि नीति भएको छ त्यस्तै स्थित छ, अन्यथा हुँदैन । त्यसैले ज्ञानवान् पुरुषको दृष्टिमा सर्वत्र ब्रह्मतत्त्व नै विद्यमान रहेको छ यस्तो निश्चय भै हाल्छ ।

हे मुनीश्वर ! परमेश्वर परमात्मा जो हो त्यो साक्षीरूप हो । सदा उदित प्रकाशरूप हो एक रस देव स्थित हुनुहुन्छ । नीति आदि शक्ति पनि त्यो देखि भिन्न होइन । त्यसैले निरन्तर अन्तरमुख भएर आत्मदेवको अनुभव गर । जति बाह्य वासना बढ्दै जान्छ उति परिच्छिन्न अहंभाव सिथिल हुन्छ र स्वयं प्रकाश आत्मस्वरूप प्रकाशित हुन्छ ।

परमात्माको वाह्य पूजा–३७

हे मुनीश्वर ! जो एक परमात्म देव हो त्यो सन्तहरूले पुज्न योग्य हो । चिन् मात्र अनुभव आत्मा सबैमा छ । घटपट आदि सब पदार्थमा स्थित छ । ब्रह्मा इन्द्रादि देवता र अरू जीव सबैको भित्र बाहिर ऊ देवनै स्थित छ । त्यो सर्वात्मा शान्तरूप देवताको पूजा दुई प्रकारले हुन्छ त्यो म बताउँछु सुन–

जो इष्ट देवको पूजा हो ध्यान । ध्यान गर्दा तीन लोकको आधार आत्मालाई ध्यान गरी पूजा गर । जहाँ जहाँ मन जान्छ त्यहाँ त्यहाँ चिद्रूप आत्मालाई स्मरण गर । सबैको प्रकाश आत्मा नै हो । त्यो चिद्रूप, अनुभवरूपले भित्र स्थित छ । अहंताले सिद्ध छ । त्यो सबैको साररूप हो, सबैको आश्चर्य-रूप हो । त्यसको जुन विराट्रूप हो त्यो सुन र त्यसलाई जानेर पूजा गर ।

हे मुनीश्वर ! त्यो देव बाहिर कस्तो छ ? अनन्त छ, त्यसको कुनै वार–पार छैन परमाकाश हो । अनन्त पाताल उसको

चरण हो । अनन्त दिशा त्यसको भुजा (हात) हो । सारा ब्रह्माण्डलाई परम्परादेखि प्रकाश गरेर राखेको परमाकाश अपाररूप हो । ब्रह्मा, विष्णु, रुद्रादि देवता उसको रोमावली हुन् । तीनलोकमा जो देहरूपी यन्त्र छ त्यस्मा इच्छादि जो शक्तिरूप सूत्र व्याप्त भइरहेको छ त्यसबाट सारा चेष्टा हुन्छ । त्यो देव एक हो र अनन्त हो । त्यस देवलाई चिन्तन गर । फेरि कस्तो देव हुनुहुन्छ? सहस्र जसको पाउँछ, सहस्र आँखा, सहस्र जसको शिर छ, सहस्र हात छ, सबै ठाउँमा त्यो नै शिवरूप सबैको कर्ता र सर्व संकल्पको अर्थ फलदायक हो । त्यस्तो जो देव हो त्यो सबै ठाउँमा सबै प्रकारले सर्वकाल स्थित छ । त्यो देवलाई चिन्तन गर । त्यो देवताको ध्यानमा सावधान भई त्यसैको आकारमा रहनु नै त्यो देवको पूजा हो ।

मानसिक पूजा

हे ब्रह्म वेत्तामा श्रेष्ट! संवित् मात्र जो देव हो त्यो सदा अनुभवले प्रकाश हुन्छ । उसको पूजा बत्ती बालेर हुँदैन । न धूप, पुष्प, दान र नैवेद्यले हुन्छ । अर्घ पाद्यादि जुन पूजाको सामग्री हो त्यसबाट पनि त्यो देवको पूजा हुँदैन । उसको पूजा क्लेशविना नित्य निरन्तर हुन्छ ।

हे मुनीश्वर ! एक अमृतरूपी जुन बोध हो उसले त्यो देवताको सजातीय प्रतीत ध्यान गर्नु त्यो उसको परम पूजन हो । शुद्ध चिन् मात्र जो देव हो, अनुभवरूप हो, उस-लाई सदा सबै प्रकारले पूजा गर । अर्थात् हेर्दा, सुन्दा, बोल्दा हिंड्दा बस्दा जे जति क्रिया गर्छौं त्यो सारा प्रत्यक्ष चेतन साक्षीमा अर्पण गर । उसैमा परायण होऊ। यसरी आत्म देवको पूजा गर ।

हे मुनीश्वर ! आत्म देवको ध्यान गर्नु नै धूप–दीप हो। ध्यानले नै त्यो देवता प्रसन्न हुन्छन्। तब त्यसबाट परमानन्द प्राप्त हुन्छ। अरू कुनै प्रकारले त्यो देवको प्राप्ति हुँदैन। मूढ मनुष्य पनि यसप्रकार ध्यान गरी त्यो ईश्वरको पूजा गरे-देखि त्रयोदश निमेषमा जगत्‌दानको फल पाउँछ। सात् निमेषको ध्यानले प्रभुको पूजा गरे अश्वमेघ यज्ञको फल पाउँछ फेरि केवल ध्यान गरी आत्माको एक घडी पर्यन्त पूजन गरे देखि राजसूय यज्ञ गरेको फल पाउँछ। जसले दुई प्रहर पर्यन्त ध्यान गरे देखि लक्ष राजसूय यज्ञको फल प्राप्त गर्छ। दिनभरि ध्यान गरे असंख्य फल पाउँछ।

हे मुनीश्वर ! यो परम योग हो। यही परम क्रिया हो र यही परम प्रयोजन हो। हे मुने ! जसलाई यो परम पूजा प्राप्त हुन्छ उ परम पदमा प्राप्त हुन्छ। उसलाई सबै देवताले नमस्कार गरी राख्छ ऊ सुमेरु झैं पुज्न योग्य हुन्छ।

देवार्चन

हे मुनीश्वर ! अब आभ्यन्तर पूजाको विधि सुन-जो सबैको पवित्र गरिदिनेलाईपनि पवित्र गरिदिन्छ। सारा अज्ञान अन्धकारलाई नाश गरिदिन्छ त्यो आत्मपूजा कस्तो हो सुन–

जो सारा प्रकारले सबै कालमा त्यो देवताको पूजा हुन्छ। व्यवधान कहिले पनि हुँदैन। हिंड्दा, बस्दा, जाग्दा, सुन्दा, सारा व्यवहारमा नित्य ध्यानमा रहन्छ।

हे मुनीश्वर ! यो संसारमा नित्य स्थित संवित्‌रूप चिन् मात्र हो त्यसलाई पूजा गर। जो सर्व प्रत्ययको कर्ता हो। सदा अनुभवरूपले प्रकाश हुन्छ त्यो आफूलाई आफैले पूजा गर त्यो तिमी हौ। खाँदा, पिउँदा, लिंदा, दिंदा, भोगभोग्दा सबै

अवस्थामा देवको पूजा गर।

हे मुनीश्वर ! शरीर भित्र जुन शिव लिंग छ, त्यो चिन्ह देखि रहितलिंग जो बोधरूप चिन्ह हो त्यो देव हो। यथा प्राप्त विषयमा सन्तोष रहनु हो ती देवताको पूजन। समभावमा स्नान गरेर शुद्ध भई बोधरूप लिंगको पूजा गर। जो कुछ मिल्छ त्यसमा राग,द्वेष, देखि रहित भै सदा साक्षीरूप अनुभवमा स्थित हुनु नै त्यो देवको पूजा हो।

हे मुनीश्वर! सूर्य भुवनमा र आकाशमा त्यही सूर्य भएर प्रकाश हुन्छ। चन्द्र भुवनमा उनै चन्द्रमा भएर स्थित हुन्छ। जस्तो भावनाले स्फुरण हुन्छ त्यही रूप भएर देव स्थित हुन्छ।

हे मुनीश्वर ! नित्य शुद्ध बोधरूप अद्वैत हो त्यो आत्म देवलाई देखिराख्नु अरू कुनै विषयमा वृत्ति न लगाउनु यो नै त्यो देवको पूजा हो। जस्तो अवस्था आए पनि बोधरूप देवलाई नभुल। प्राण-अपानरूपी रथमा चढेर जो हृदय गुफामा स्थित छ उसको ज्ञान गर्नु नै पूजन हो। ऊ नै सारा कर्मको कर्ता, सबै भोगको भोक्ता र सबै शब्दको स्मरण गर्ने वाला भागवत रूप हो। सबैको भावना गर्ने परम प्रकाशरूप हो। त्यस्तो जुन संवित् तत्व हो उसलाई सर्वज्ञ जानेर चिन्तन गर्नु त्यही उनको पूजन हो।

हे मुनीश्वर ! त्यो देव सकल–निष्कल चराचर देहमा स्थित छ तापनि आकाश झैं निर्मल हो। प्राणरूपी आलयमा प्रकाश हुन्छ। हृदय, कण्ठ, शीर, जिव्हा र पीठमा व्यापक छन्। शब्द आदि विषय गर्छ र मन प्रेरित हुन्छ। जस्तो तीलमा तेल आश्रय गर्छ त्यस्तै आत्मा सबैमा आश्रय भूत हो। ऊ कलनारूपी कलङ्कदेखि रहित हो र कलनाहरूसित संयुक्त पनि हो। ऊ नै सम्पूर्ण देहमा ऊ नै एक देव व्यापक भएर रहेको छ। परन्तु प्रत्यक्ष हृदयमा हुन्छ। त्यो निर्मल

चिन्मात्र सदा प्रत्यक्ष प्रकाशरूप हो। फेरि आफुको आफैले अनुभव हुन्छ। त्यो सर्वदा सबै पदार्थको प्रकाशक प्रत्यक्ष चेतन आत्मतत्त्व जो आफू आफैमा स्थित छ। त्यो आफूमा स्फुरण भए चाँडै नै द्वैत झैं हुन्छ।

हे मुनीश्वर! जे जति साकाररूप जगत् देखिन्छ त्यो सबै विराट् आत्मा हो। त्यसैले तिमी विराट्को भावना गर कि हात,पाउ, नङ,रौं यी सम्पूर्ण ब्रह्माण्ड मेरो देह हो। म नै प्रकाशरूप एक देव हुँ, नीति इच्छा सब मेरै शक्ति हो। सबै मेरो उपासना गर्छ। जस्तो स्त्री श्रेष्ठ पतिलाई सेवा गर्छिन् त्यस्तै शक्तिमेरो उपासना गर्छिन्। मन मेरो द्वार पाल हो। नाना प्रकारको ज्ञान मेरो देंहको भूषण-गहना हो। कर्म इन्द्रिय मेरो द्वार–ढोका हो र ज्ञान इन्द्रिय मेरो गण–परिवार हुन्। त्यस्तो म अनन्त आत्मा अखण्डरूप भेद रहित आफू आफैमा स्थित हुँ, सबैमा परिपूर्ण एक मनै हुँ।

हे मुनीश्वर! यस्तो भावनाले जसले एक देवलाई पूजा गर्छ उसले परमात्मदेवलाई प्राप्त गर्छ। तब दीनता आदि उसको क्लेश सबै नाश भएर जान्छ। अनिष्ट प्राप्तिमा उसलाई शोक हुँदैन र ईष्ट पदार्थ मिले पनि हर्ष हुँदैन।

न हर्षित हुन्छ, न क्रोधित हुन्छ, न विषयको प्राप्तिले तृप्त मान्छ न उसको वियोग भए दुःखी हुन्छ।

हे मुने! न अप्राप्त पदार्थको इच्छा गर्छ, न प्राप्त भएको पदार्थ त्यागन इच्छा गर्छ। सबै पदार्थमा सम भावले रहन्छ। यस्तो जो पुरूष हो त्यो देवको परम उपासक हो। ग्रहण र त्याग देखि रहित सबैमा तुल्य रहनु र भेदभाव नगर्नु त्यो देवको उत्तम अर्चना हो।

हे मुनीश्वर! चेतन तत्त्व देवको पूजन मैले तिमीलाई बताएँ जो यही देहमा स्थित छ। जो वस्तु मिल्छ त्यो उनकै

अर्चन गरेर उसैको अगाडी राख्नु। सबैको साक्षी आत्मा-लाई हेर्नू। कसैसित खेद नगर्नू। उसमा अहं भाव गरेर भिन्न दृश्यको भावना नगर्नू त्यो देवको अर्चना हो।

हे मुनीश्वर जस्तो अवस्था आए पनि देवको पूजागर्नू।यसले अनिष्ट पनि इष्ट भै आउँछ। मृत्यु आए पनि देवको पूजा, बाँचिरहे पनि देवको पूजा, दरिद्र भएपनि देवको पूजा, राज्य मिले पनि देवको पूजा त्यो सबै देबको अगाडी फूलहो।

हे मुनीश्वर राग-द्वेषमा समरहनु, सन्तको हृदयमा रहने जुन मैत्री हो त्यस्तो सबै प्राणिमा मित्रता हुनु त्यो देवको पूजाहो। जो नाशभएर गए पनि अथवा प्राप्तभए पनि दुवै-मा निर्बिकार रहनु त्यसले त्यो देवलाई अर्चन गर।

यो भोग आपातरमणीय हो त्यो आउँछ र नाशभै जान्छ त्यसको इच्छा नगर्नू। सदा सन्तुष्ट रहनु, जस्तो आइ परे पनि उसमा राग-द्वेषदेखि रहित हुनु त्यो आत्म–देवको अर्चनहो, जो कुछ प्रारब्धबाट मिल्छ त्यसमा संन्तोष रही आत्मालाई स्मरण गर। हे मुनीश्वर ज्ञानवान न कुनै इच्छा गर्छन् न त्याग गर्छन्। जुन अनिच्छित प्राप्तहुन्छ त्यसलाई ग्रहणगर्छन्। जस्तो समुद्रमा नदी गएर मिल्छ त्यसबाट समुद्र न कुनै हर्षहुन्छ न शोक गर्छ। त्यस्तै ज्ञानबाट इष्ट अनिष्टको प्राप्तिमा रागद्वेष देख रहित तथा प्राप्तिमा सन्तुष्ट रहन्छ त्यही ती देवको पूजाहो।

देश, काल, क्रिया, शुभ अथवा अशुभ मिलोस् त्यसमा चित्त विचलित (विकारी) नहुनु त्यो देवको अर्चना हो।

जस्तो आकाश निर्लेप हुन्छ त्यस्तै समताभाव गरेर चित्त राग-द्वेष रहित निर्मल भएर जान्छ। द्रष्टालाई दृश्य सित मिलन नदिनु साक्षी भएर रहनु नै देवको अर्चना हो। जस्तो पत्थरको शिला निस्पन्द (अचल) हुन्छ त्यस्तै

विकल्प देखि रहित चित्त अचल भै रहन्छ । त्यो देवको अर्चना हो ।

हे मुनीश्वर ! भित्र आकाश झैं असंग रहनु बाहिर प्रकृत आचार गर्नु कुनै कुराकोसँगले भित्र स्पर्श नगरोस् सदा समभाव विज्ञानले पूर्ण रहनु त्यो देवको उपासना हो ।

हे मुनीश्वर ! जसको हृदयरूपी आकाशबाट अज्ञान–रूपी मेघ नाश भएको छ त्यसलाई स्वप्नमा पनि विकार प्राप्त हुँदैन । शरत्कालको आकाश झैं निर्मल उज्वल हुन्छ ।

हे मुने ! जसलाई समभाव मिलेको छ, त्यो पुरूष त्यस्तो हुन्छ, जस्तो नूतन बालक रागद्वेषदेखि रहित हुन्छ । जीवरूपी चेतनलाई उल्लंघन गरेर परम चेतन तत्त्वलाई प्राप्त गर्छ । सारा इच्छा र सुख दुःख भ्रमदेखि मुक्त हुन्छ । यो नै परम अर्चना हो ।

हे मुनीश्वर ! जो कुछ आरम्भ गर अथवा नगर– त्यो चिन् मात्र संवित् तत्त्वलाई आफू आफैले अर्चना गर । त्यसबाट देव प्रसन्न हुन्छन् । जव देव प्रशन्न हुन्छन् तब प्रत्यक्ष प्रकट हुन्छन् । उसलाई पाएपछि रागद्वेषादि शब्द, अर्थ हटेर जान्छ । जस्तो अग्निमा वरफको धूलो पाइँदैन त्यस्तै उसमा राग द्वेषादि विकार पाइँदैन । त्यसैले त्यो देवताको अर्चना गर्नु योग्य हो ।

राज्य मिले पनि अथवा दरिद्र भै दुःख मिले पनि उसमा सम रहनु नै देवताको अर्चना गर्नु हो ।

हे मुनीश्वर ! शुद्ध चिन्मात्र देखि प्रमादी नहुनु अर्थात् निरन्तर चिन्मात्र अनुभवरूपमा स्थित हुनुको नाम अर्चना हो । जे जति घट–पट आदि जगत भासित हुन्छ त्यो सबै आत्मरूप हो । त्यो आत्मा शिव शान्तिरूप अना-भास हो र एकै प्रकाशरूप हो । संपूर्ण जगत् प्रतीति मात्र

हो । आत्मादेखि भिन्न कुनै द्वैतवस्तु आभास छैन । सर्वात्म-रूप अद्वैत तत्त्व जब भासमान हुन्छ, तब उसमा मिलेको जान्दछ कि घटपटादि सबै त्यही रूप हो, अरू केही छैन ।

हे मुनीश्वर ! यो सर्वात्मा-अनन्त–रूप शिव तत्त्व हो । जसलाई यस्तो निश्चय मिलेको छ त्यसले आत्म देवको पूजा जानेको छ । घट-पट आदि जो पदार्थ छ, पूज्य, पूजा, पूजकभाव त्यो सबै ब्रह्मरूप हो । निर्मल देव आत्मामा केही भेदभाव छैन ।

हे मुनीश्वर ! आन्मदेव सर्वशक्ति अनन्तरूप हो । तीनै लोकमा त्यसदेखि भिन्न केही छैन । निर्मल प्रकाश संवित्‌रूप आत्मा स्थित छ । मैले त एक ईश्वर देवदेखि भिन्न अरू केही पनि देख्दिन । सर्वत्र, सबैप्रकार ती सर्वात्मा नै सबै ठाउँमा दृष्ट हुन्छ । जसलाई देश, काल, परिच्छेद सहित ईश्वर भासित हुन्छ त्यो पुरूष हाम्रो उपदेशको पात्र हैन तिनी ज्ञानबन्ध नीच हुन् । उनको दृष्टिलाई त्यागेर मेरो दृष्टिलाई आश्रय लिएदेखि स्वस्थ, वीतराग र निरामय आत्मपदमा स्थित हुन्छ र परम शान्ति मिल्छ ।

हे मुनीश्वर ! यथा प्रारब्ध जे जति सुख दुःख मिले पनि खेद रहित भएर हृदयस्थित आत्म देवको अर्चना गरे शान्ति प्राप्त हुन्छ ।

जगत् मिथ्या हो–४१

वसिष्ठजी शिव सित सोध्नु हुन्छ हे देव ! शिव केलाई भन्छन् । ब्रह्म, आत्मा, परमात्मा, निष्किचन आदि केलाई भन्छन् । फेरि यो भेद संज्ञा किन भयो ? कृपा गरी बताउनु होस् ।

ईश्वर भन्नु हुन्छ हे मुनीश्वर ! जब सबैको अभाव

हुन्छ तब अनादि, अनन्त, अनाभाष, सत्तामात्र शेष रहन्छ। जो इन्द्रियको विषय होइन, त्यसलाई निष्किञ्चन भन्छन्।

हे मुनीश्वर ! जो मुमुक्षु हो जसलाई वेदले बताएको सात्विक वृत्ति मिलेको छ, उनको सात्विकीरूप जुन गुरू-शास्त्र, ब्रह्मविद्या प्राप्त हुन्छ, त्यसबाट अविद्याको भाग नाश हुन्छ र आत्मतत्त्व प्रकाश हुन्छ। जस्तो धोबीले साबुन-द्वारा कपडाको मयल उतारिदिन्छ त्यस्तै गुरू र शास्त्र अविद्यालाई हटाइदिन्छ। जब केही कालमा अविद्यानष्ट हुन्छ, तब आफूलाई आफैले देख्छ।

हे मुनीश्वर ! जब गुरू र शास्त्र मिलेर विचार प्राप्त हुन्छ, तब स्वरूपको प्राप्ति हुन्छ। द्वैतभ्रम हटेर जान्छ, सर्वात्मा नै प्रकाशित हुन्छ। जब विचारद्वारा आत्मातत्त्व निश्चय हुन्छ कि सारा आत्म नै हो त्यसदेखि भिन्न केही हैन, तब अविद्या नाश हुँदै जान्छ।

हे मुनीश्वर ! आत्मा निर्देश र अदृश्य हो तापनि गुरू र शास्त्रबाट मिल्छ किंवा गुरू र शास्त्रले पनि मिल्दैन। परन्तु आफुको आफैले (आत्म–तत्व) प्राप्ति हुन्छ। जस्तो अन्धकारमा भएको पदार्थ बत्तीको प्रकाशले देखिए पनि बत्तीले पाएको हैन। आफैले पाएको हो। त्यस्तै गुरू र शास्त्र पनि हो। यदि बत्ती भए पनि आँखा नभए तब कसरी पाउला ? आँखा छ तर बत्ती नभए पाउन सक्दैन। जब बत्ती पनि छ आँखा पनि भए तब पदार्थ पाइन्छ। त्यस्तै गुरू र शास्त्र मिलेको छ र आफ्नू पुरूषार्थ र तीक्ष्ण बुद्धि पनि छ तब आत्मतत्त्व मिलिहाल्छ अन्यथा पाउन सकिंदैन।

जब गुरू, शास्त्र र शिष्यको शुद्ध बुद्धि जुट्छ तब संसारको सुख दुःख नाश भएर जान्छ र आत्मपद मिल्छ। जब गुरू र शास्त्रले आवरणलाई हटाइदिन्छ तब आफसे आफ

आत्मपद प्राप्ति हुन्छ । जस्तो वायुले बादललाई हटाई दिन्छ तब आँखाले सूर्यलाई देख्छ ।

हे मुनीश्वर ! संवित्मा जो संवेदन भिन्नरूप भएर स्फुर्छ त्यसलाई निष्पन्द गरी जब स्वरूपलाई जान्दछ तब त्यो नष्ट भइहाल्छ । जस्तो संकल्पले रचेको जगत संकल्पको अभाव भए अभाव भै हाल्छ त्यस्तै आत्माको ज्ञान भए संवेदनको अभाव हुन्छ ।

हे मुनीश्वर ! संवेदन तबसम्म भासित हुन्छ जबसम्म उनलाई जान्दैन । जब जानिलिन्छ तब संवेदनको अभाव भइहाल्छ र संवित मलीन हुन्छ । भिन्न सत्ता उसको केही रहँदैन ।

हे मुनीश्वर ! संसारमा दुःख वासनाको वशले देखिन्छ । सदा विद्यमान "म" स्वरूपलाई प्रमाद गरेर, बुद्धिलाई विद्यमान मानेर र जगत्को पदार्थलाई सत्य जानेर जुन वासना स्फुर्छ त्यसैले दुःख हुन्छ ।

हे मुनीश्वर ! यो जगत अविद्यमान हो । जस्तो मृग तृष्णाको जल असत्य हुन्छ त्यस्तै यो जगत् असत्य हो ।उसमा वासना, वासक र वासना गर्नु यो तीनै व्यर्थ हो । जस्तो मृग तृष्णाको जल पिएर कोही तृप्त हुँदैन किनकि जल नै असत्यहो । त्यस्तै यो जगत् नै असत हो तब त्यसको वासना गर्नु व्यर्थ हो । ब्रह्मादेखि तृण पर्यन्त सारा जगत् मिथ्या रूप हो । वासना, वासक र वासना गर्न योग्य पदार्थको अभाव भए केवल आत्मतत्त्व रहन्छ तब सारा भ्रम शान्त भएर जान्छ ।

हे मुनीश्वर ! यो जगत् भ्रम मात्र हो वास्तवमा केही छैन । जस्तो बालक अज्ञानताले आफ्नू छाँयालाई भूत कल्पना गर्छ, विचार गरी हेरे भूतको अभाव हुन्छ त्यस्तै

अज्ञानले भासित यो जगत आत्म विचार गरे अभाव भैहाल्छ। जसको बुद्धि देहादिमा स्थित छ त्यो हाम्रो उपदेशको योग्य होइन। जो विचारवान् हो उसलाई उपदेश गर्नु योग्य हो।

जो मूर्ख–भ्रमी र असत्वादि अर्थात सत् कर्मदेखि रहित अनार्जव हो उसलाई उपदेश नगर्नू।

जसमा विचार, वैराग्य, कोमलता र शुभ आचार छ उसलाई उपदेश दिन योग्य हो। जो यी गुणदेखि रहित छ उसलाई उपदेश दिनु त कुनै अत्यन्त सुन्दरी चन्द्र वदन जस्ती कन्यालाई स्वप्नकल्पित पुरूषसँग विवाह गरि दिने इच्छा गर्नु जस्तो हो। त्यसैले अपात्रलाई उपदेश दिनु मूर्खता हो।

परमार्थ–विचार–४२

हे मुनीश्वर! न केही उब्जेको छ, न केही नाश हुन्छ स्वतःचेतन तत्त्व आफू आफैमा चमकन्छ। जस्तो स्वप्नको नगर उब्जेर नाश भै हाल्छ। संकल्पको पहाड उब्जेर मेटिइ हाल्छ। त्यस्तै जगत् उब्जेर नाश भइहाल्छ। जस्तो स्वप्न र संकल्पको पाहाडलाई कोही रोक्न सक्दैन। त्यस्तै आफ्नू आफ्नू सृष्टिलाई देश कालले रोक्न सक्दैन। किनकि अरू ठाउँमा यिनको सद्भाव छैन। त्यसैले यो जगत् आफ्नू आफ्नू काल र समयमा सत्रूप हो। आत्मामा सत्, भाव छैन, संकल्परूप हो।

हे मुनीश्वर! यस प्रकार सारा जगत् माया मात्र हो। भावनाले प्रतीत हुन्छ। जब आत्माको अभ्यास हुन्छ, तब भेद कल्पना मेटिएर जान्छ। अरू केवल उपशमरूप शिव तत्त्व भासित हुन्छ।

हे मुनीश्वर! निमेषको जो समभाग हो उसको अर्ध

भाग प्रमाद भए नाना प्रकारको जगत् भएर देखिन्छ । सत् असत् रूप जगत् मनरूप विश्वकर्माले बनाउँछ । आत्मतत्त्व न टाढा छ, न नजिक छ, न तल छ, न माथि छ, न पूर्वतिर छ, न पश्चिमतिर छ । सत् असत्को बीच अनुभवरूप सबैको ज्ञाता हो । प्रत्यक्ष प्रमाण त्यसको विस्तार गर्न सक्तैन ।

हे मुनीश्वर । जति तिमीले सोधेका थियौ त्यो मैले बताएँ । उसमा चित्त लगाए पछि तिम्रो कल्याण हुनेछ भनेर सदाशिव आकाश मार्ग भई आफ्नू स्थानजानु भयो । तब ईश्वरले दिएको उपदेश मैले विचार गर्न लागें ।

वसिष्ठजी भन्नु हुन्छ हे रामजी ! जे जति प्रतीत प्रवाहले मिल्छ उसैबाट म देव अर्चन गर्छु । त्यसैले म निर्वासनिक हुँ । जगत्को क्रियामा पनि निर्दुख भएर चेष्टा गर्छु । व्यवहार गरेको देखिन्छ तर सदा शान्तिरूप हुँ । यथा प्राप्त आचाररूपी फूलले आत्मदेवको अर्चना गर्छु । छेद–भेद मलाई कुनै हुँदैन ।

हे रामजी ! विषय र इन्द्रियको सम्बन्ध सबै जीवको तुल्य हो । परन्तु जुन ज्ञानवान् हुन् उनी सावधान रहन्छन् । जे जति देख्नु, सुन्नु, बोल्नु, खानु, स्पर्श गर्नु हो त्यो सबै आत्मतत्त्वमा अर्पण गर्दछु । आत्मादेखि भिन्न अरू केही जान्दिन ।

अज्ञानीलाई कर्तृत्व र भोक्तृत्वको अभिमान हुन्छ र उसमा ऊ नै दुःखी हुन्छ । त्यसैले सन्तको आश्रय ग्रहण गरेर तिमी पनि यस्तो दृष्टिलाई आश्रय गरेर संसाररूपी वनमा निःसँग भएर विचरण गर तब तिमीलाई कुनै खेद हुने छैन । जसको वृत्ति यस प्रकार समान हुन्छ तिनलाई ठूलो कष्ट आइपरे पनि, धन वा धनको वियोग भए पनि तिनी खेद गरेर दुःखी हुँदैनन् ।

हे रामजी ! सुख, दुःख, धन, बान्धवको वियोग

सबै अनित्य हो। यो आउँछ र जान्छ– त्यसलाई आगमापाई जानेर विचरण गर। यो संसार विषमरूप हो, एक रस कहिले पनि रहँदैन। यस्तो जानेर दुःखी कहिले पनि नहुनू।

हे रामजी! पदार्थ र काल, जसरी आउँछ त्यसरी जान्छ। जसरी सुख-दुःख आउँछ त्यसरी नै जान्छ। यो सबै आगमापाई पदार्थ हो। इष्टको प्राप्ति, अनिष्टको निवृत्तिमा हर्ष नगर्नू। अनिष्टको प्राप्ति, इष्टको वियोगमा खेद नलिनू। जो आउनुछ त्यो आउँछ, जो जानुछ त्यो जान्छ। यी सुख-दुःख प्रवाहरूप हुन्। तिनमा आस्था गरेर चिन्तित नहुनू।

हे रामजी! यो सबै जगत् तिमी नै हौ र तिमी नै जगत्-रूप हौ। चिन्मात्र विस्तृत आकार पनि तिमी नै हौ। यदि सबै तिमी नै हौ भने हर्ष र शोक केका लागि गर्छौ? यो दृष्टिको आश्रय लिएर जगत्मा सुषुप्त भएर बस। तब तुरीयातीत अवस्थालाई प्राप्त गर्नेछौ। जो सम प्रकाशरूप हो।

चित्तसत्ता –४४

हे रामजी! इच्छा गर्नु नै दुःखको कारण हो। जो राम्रो पदार्थको इच्छा गर्छ तब यत्न गरी उसको प्राप्ति हुन्छ र क्षणभर सुख मिल्छ। जब त्यो वियोग हुन्छ तब दुःखैदुःख हुन्छ। त्यसैले त्यसको इच्छालाई त्यागिदिनु नै योग्य हो।

पदार्थको इच्छा तब हुन्छ जब स्वरूपको अज्ञान हुन्छ। जब देहादिमा अहंभाव हुन्छ तब अनेक अनर्थ प्राप्त हुन्छ। त्यसैले हे रामजी! ज्ञानरूपी पाहाडमा चढिराख अहंरूपी खाडलमा न खस।

हे रामजी! आत्मज्ञानरूपी सुमेरूपर्वत चढेर फेरि अहं अभिमान गरी खाडलमा खस्नु अत्यन्त मूर्खता हो। जब दृश्यभावलाई त्यागिदिन्छौ, तब आफ्नू स्वभाव सत्तामा स्थित हुनेछौ। जो सम र शान्तरूप हो, जसबाट विकल्प जाल सबै मेटिएर जान्छ, समुद्रझैं पूर्ण हुन्छ, द्वैतरूप स्फुरण

कुनै हुदैंन, तब परम सुख प्राप्त हुन्छ ।

हे रामजी ! जब हृदयमा विषयलाई विष भनी जानिन्छ तब मन पनि निरस भएर जान्छ । चित्त निःसङ्ग हुन्छ । वास्तवमा हेरे सबैमा सत्ता सामान्यरूप ब्रह्म चिद्धन स्थित छ । परन्तु द्वैत जो भास्दछ त्यो स्वरूपको प्रमादले प्रतीत् हुन्छ ।

हे रामजी ! आत्माको अज्ञान नै बन्धनरूप हो । आत्माको बोध मुक्तिरूप हो । त्यसैले बल गरेर आफूलाई आफैले जगाऊ तब यो बन्धनबाट मुक्त हुनेछौ ।

हे रामजी ! जसमा विषयको स्वाद छैन, जसमा उनको (आत्मा) अनुभव हुन्छ त्यो तत्त्व आकाश झैं निर्मल, सत्ता-वासना देखि रहित हो । वासना रहित भएर जो पुरुष कुनै क्रिया गर्छ त्यो विकारवान् हुँदैन । यद्यपि अनेक क्षोभ आइ-परे पनि त्यसलाई कुनै विकारले छुंदैन । ज्ञाता, ज्ञान, ज्ञय यो तीनै आत्मरूप प्रतीत हुन्छ ।

हे रामजी ! चित्तको स्फुरण भए जगत् उत्पन्न हुन्छ, चित्त अस्फुर भए लीन भै हाल्छ । त्यसैले अभ्यास गरेर वासना र प्राणलाई स्थित गर । जब मूर्खता उदय हुन्छ तब कर्मउदय हुन्छ । मूर्खता लीन भए कर्म पनि लीन हुन्छ । त्यसैले सत्सङ्ग र सत्शास्त्रको विचार गरी मूर्खतालाई त्याग ।

जस्तो वायुको संगतले धूलो उडेर बादल जस्तो देखिन्छ त्यस्तै चित्तको स्फुरण भए जगत् स्थित हुन्छ ।

हे रामजी ! जीव आफै संकल्प गरेर आफै डराउँछ र संकटमा पर्छ । आशारूपी डोरीले बाँधिएको हुनाले कष्टदेखि कष्ट पाउँछ । कर्मले तातिएको हुँदा अनेक जन्म पाउँछ । बालक अवस्था अत्यन्त दीन, हीन, पर वश भएर बितेर जान्छ । यौवन अवस्था कामनाको बशमा परी स्त्री

आदिमा चित्त टाँसी रहन्छ र वृद्ध भएपछि नाना चिन्ताले लछारि हाल्छ र दुःखकष्ट पाउँछ। जब शरीर छुट्छ तब कर्मको वशमा परी फेरि जन्म लिएर गर्भको महान दुःख भोगी बालक, यौवन, वृद्धभै कालको मुखमा परी अनन्त जन्म दुःख पाउँछ। त्यसैले यो महारोगबाट पार हुने उपाय गर।

हे रामजी ! स्वरूपको विस्मरण हुनुबाट अनात्मामा अहं मम गरी दुःखको अनुभव गरिरहन्छ। शुद्ध चेतन तत्वमा जो चित्त भाव भयो त्यो चित्कला स्फुरेकोले जगत्‌को कारण भएको हो। परन्तु स्वरूपदेखि भिन्न केही पनि छैन। नित्य, शुद्ध, निर्मल परमानन्द नै प्रकाशित छ। जस्तो साधु पनि दुर्जनको सङ्गतले असाधु बनिहाल्छ त्यस्तै अनात्माको सङ्गले आफू नीच योनी प्राप्त गरी कष्ट पाइरहन्छ।

हे रामजी ! संकल्प र विकल्पले जीवलाई दीन दुःखी गरिराखेको छ। जब संकल्प, विकल्पलाई त्याग गरिदिन्छौ तब चित्त अचित्त भैहाल्छ र परम पदमा विराजमान हुन्छौ।

जुन पुरुषले विवेकरूपी वायुद्वारा संकल्परूपी मेघलाई उडाइदिन्छ त्यसले परम् निर्मल अविनाशी पद पाउँछ। त्यसैले संकल्पको त्याग गरेपछि जो शेष रहन्छ त्यो सत्ता–परमानन्द तिम्रो यथार्थ स्वरूप हो।

हे रामजी ! आत्मदेवलाई सबै प्रकारले सर्वात्मा भनी भावना गर। वृत्तिलाई सदा अनुभवरूपमा स्थित राख। जस्तो स्फटिकको भित्र प्रतिविम्ब देखिन्छ त्यो केहि होइन, शुद्ध निष्कलंक मात्र हो। त्यस्तै जन्म मरण दुःख रहित निष्कलंक आत्मदेव यथास्थान रहनु हुन्छ। त्यसको प्राप्ति भए तिम्रो कलंक (जन्मादि दुःख) सारा छुटिहाल्छ र परमपदमिल्छ ।

हे रामजी ! तिमी स्वरूपको अभ्यास गर । तिमी आत्मा हौ, अजर र अविनाशी हौ। यो देह संसारमा म र मेरो भनी अभिमान नगर । यो मिथ्या हो, तिमी असंग हौं, अविनाशीरूप हौ । तिम्रो नाश कहिलेपनि हुँदैन । मूर्खताले अज्ञनी पुरुषलाई जुन अनात्म–देहादिमा आत्म भावना हुन्छ त्यहाँ बाट जगतलाई सत्यमानी वासना जमाउँछ र वासना अनुसार जगत्भ्रम देखिराख्छ । जब स्वरूपको अभ्यास गर्दछ तब वासना नष्ट भएर जान्छ त्यसैले तिमी सर्वदा स्वरूपको अभ्यास गर, आत्माभावना गर ।

हे रामजी ! जसको भिन्न जगत्को वासनाछ ती धेरै ऐश्वर्य सम्पन्न देखिन्छन् तापनि दरिद्रहुन्, दुःखको भागीहुन् । जसको वासना नाश भएको छ तिनी ऐश्वर्य रहित देखिन्छन् तापनि ठूलो सम्पन्न, सुखी पुरूष हुन् ।

हे रामजी ! जो पुरूष आत्मज्ञान गरी संतुष्ट भएको छ त्यसलाई विषयको तृष्णा हुँदैन । त्यसलाई सदा पर ब्रह्मको निश्चय भै राख्छ र जगत् आफ्नै संकल्प हो भनी प्रतीत हुन्छ ।

जसलाई स्वरूपको विस्मरण भएको छ त्यसलाई जगत् भासमान हुन्छ र त्यस्मा सत्यता बुद्धि गरी जन्मरूपी कष्ट पाउँछ ।

हे रामजी ! गुरु शास्त्रको युक्तिबाट मन वश हुन्छ। युक्तिविना शुद्धता मिल्न सक्दैन । जबसम्म चित्तसित मिलिराख्छ तबसम्म जगत्भ्रम देखिरहन्छ । जब गुरू र शास्त्रको युक्तिलाई ग्रहण गर्छ तब चित्तको अभाव हुन्छ । जब चित्त नष्ट भएर जान्छ तब अचल पद प्राप्त

हुन्छ ।

हे रामजी ! चित्तको स्फुरणले जीव बाँधिन्छ स्फुरणको अभाव भए मोक्षपद मिल्छ। आत्मामा न मोक्ष छ, न बन्धछ । त्यसैले चित्तलाई आत्मपदमा लीन गर र वोधस्वरूप आत्मदेवमा स्थित होऊ ।

हे रामजी ! वासना शान्त भए अथवा प्राणको निरोध भए चित्त अचित्त हुन्छ । जब चित्त अचित्त हुन्छ तब परम पद प्राप्त हुन्छ । जब चित्त स्फुर्दछ तब नाना प्रकारको जगत् प्रतीत हुन्छ । चित्तअस्फुरण भए जगत् लीन भै हाल्छ ।

हे रामजी दृश्य र दर्शनको बिचमा जो सुख छ त्यो परमात्म सुख हो । त्यो सुख एकान्तको सुख हो । त्यो संवित् ब्रह्मरूप हो । त्यसको साक्षात्कार भए मनक्षय हुन्छ ।

जहाँ चित्त उब्जँदैन त्यहाँ चित्तदेखि रहित अकृत्रिम सुख छ। त्यस्तो सुख स्वर्गमा पनि छैन । जस्तो मरुस्थलमा वृक्ष हुँदैन त्यस्तै चित्तसहितको विषयले सुख मिल्दैन । चित्तको उपशममा जो सुख छ त्यो वचन ले भन्न सकिँदैन । उसको समान सुख अरू कुनै छैन । विषयसुख नाश भएर जान्छ । परन्तु आत्मसुख नाश हुँदैन । अविनाशी हो । उत्पत्ति र नाश रहित हो ।

हे रामजी ! अबोधताले चित्तउदय हुन्छ । आत्मबोध भए शान्त भै हाल्छ । अप्रबुद्धमन विनायुक्ति बोध प्राप्त गर्न सक्दैन । जो कार्य युक्तिले सिद्ध हुन्छ त्यो अरू यत्नले साध्य हुँदैन । जस्तो युक्तिरूप बत्ती बालेपछि अन्धकारनाश हुन्छ अरू यत्नले निवृत्त हुँदैन । त्यस्तै युक्तिविना यत्नले अज्ञान निवृत्त हुँदैन। अप्रबोधलाई सर्व ब्रह्म सिद्धान्तको उपदेश दिए त्यो उपदेश व्यर्थ हुन्छ ।

जस्तो कुनै दुःखी भिखारीले आफ्नू दुःख भित्ताको अगाडि गै सुनाएर भित्ताले सुन्दैन त्यस्तै अप्रबुद्धलाई सर्वब्रह्मको उपदेश व्यर्थ हुन्छ । त्यसैले देहाभिमानी मूढलाई युक्तिले जगाउनु पर्छ । बोधवानलाई प्रत्यक्ष तत्वको उपदेश दिए ग्रहण गरिहाल्छ र संसारभ्रमबाट मुक्त हुन्छ ।

हे रामजी! जो चेतन वपु परमात्माको प्रकाशरूप हो त्यो सदा अहंभावले स्फुर्छ । त्यस्तो जुन अनुभवरूप हो त्यसैमा हिंड्दा, बस्दा, खाँदा, पिउँदा, चेष्टा गर्दा स्थित होऊ । तब तिम्रो अहं ममभाव निवृत्त भएर जानेछ । जो शान्तरूप ब्रह्म सबै भूतमा स्थित छ त्यसलाई तिमी पाउने छौ र आदि र अन्तदेखि रहित शुद्ध चिन् मात्र प्रकाश-रूप आत्मालाई देख्ने छौं ।

जस्तो माटोदेखि घट भिन्न होइन त्यस्तै आत्मादेखि जगत् भिन्न होइन । जस्तो वायुदेखि स्पन्दन र जलदेखि तरङ्ग भिन्न होइन त्यस्तै आत्मादेखि प्रकृति भिन्न होइन ।

जस्तो जल भन्नु र तरङ्ग भन्नु शब्द मात्र भिन्न हो त्यस्तै आत्मा र प्रकृति शब्द मात्र फरक हो । परन्तु भेद-भाव केही छैन । केवल अज्ञानले भेद प्रतित हुन्छ, ज्ञान भए नाश भइहाल्छ ।

हे रामजी ! चित्तरूपी वृक्षमा कल्पनारूपी बीज फलेको छ । जब कल्पनारूपी बीज रोपिन्छ तब चित्तरूपी अंकुर निक्लन्छ र उसबाट भावरूप संसार उत्पन्न हुन्छ ।जब आत्माज्ञान गरेर कल्पनारूपी बीज दग्ध हुन्छ तब चित्तरूपी अंकुर नाश भैहाल्छ ।

हे रामजी ! चित्तरूपी अंकुरबाट सुख-दुःखरूपी वृक्ष उत्पन्न हुन्छ । जब चित्तरूपी अंकुरनाश हुन्छ तब सुख-दुःखरूपी वृक्ष कहाँ उब्जन्छ ? हे राम ! जे जति

द्वैतभ्रम छ त्यो अबोधले उब्जन्छ। बोध भए नष्ट भै हाल्छ। आत्मा जो परमार्थ सार हो उस्को भावना गर तब संसारभ्रमदेखि मुक्त हुन्छौ।

हे रामजी ! आदि र अन्तदेखि रहित जगत्को बीज-रूप जो अनादि ब्रह्म हो त्यो निरामय प्रकाशरूप हो। कल्पना र कलना रहित शुद्ध चिन् मात्र र अचेतन जगतको बीज ऊ नै अनादि ब्रह्म हुन्। त्यो जब कल्पनाको सम्मुख हुन्छ तब उस्लाई जीव भन्छ। त्यो जीवले जब देहलाई चिताउँछ तब अहंभाव स्फुरित भै अहंकार बन्छ। जब मनन गर्न लाग्छ तब मन हुन्छ, निश्चय गर्न लागे बुद्धि हुन्छ। जब परमात्मालाई देखन इन्द्रियको भावना भयो तब इन्द्रिय बन्यो। जब देहको भावना भयो तब देह प्रतीत भयो। फेरि घटपटको भावनाले घटपट प्रतीत भयो। यस प्रकार जस्तो जस्तो भावना हुँदै गयो त्यस्तै पदार्थ हुँदै गयो।

निदान जस्तो भावना भयो त्यस्तै वासना बन्यो। जस्तो पानीले सिंचेको बीच हाँगा, पात, फूल, फलभावले प्राप्त हुन्छ। त्यस्तै वासनाले सिंचेको जीव स्वरूपको प्रमादले महान् भ्रमजालमा खसिहाल्छ। तब आफूलाई यस्तो जान्दछ कि म देह सहित मनुष्य हुँ। अथवा देव, दैत्य हुँ। परन्तु यस्तो जान्दैन कि म चिन्मात्र चिदात्मा हुँ, ऊ देहसित मिलेको परिच्छिन्नता तुच्छरूप आफूलाई देख्छ। त्यस्तो मिथ्या ज्ञानमा डुब्छ र देहमा अभिमान गरी वासनाको वशले चिर पर्यन्त तल, माथि र बीचमा घुमिरहन्छ। जब बिचार र अभ्यास गरेर आत्मबोध प्राप्त हुन्छ तब संसारबन्धनबाट मुक्त हुन्छ र आदि र अन्त-देखि रहितआत्म पद प्राप्त हुन्छ।

हे रामजी ! जब शुद्ध तत्वमा चित्कलना स्फुर्छ

तब त्यो जीवरूप हुन्छ । मन सहित षट् इन्द्रियलाई ली देहरूपी गृहमा रही बाहिरको विषयलाई ग्रहण गर्छ । यद्यपि इन्द्रिय भिन्नभिन्न भएपनि उनको एकता गरी अहं-काररूपी धागोमा सम्मिलित हुन्छ । देह र इन्द्रिय माणिक जस्तो हो, त्यसलाई एकत्र गरी जीव बन्दछ । म देख्छु, सुन्छु, बोल्छु, हिंड्छु यस्तो अभिमानले विषयलाई ग्रहण गर्छ ।

हे रामजी ! देह, इन्द्रिय, मन आदि जड हो । परन्तु आत्माको सत्ता पाएर आफ्नू आफ्नू विषयलाई ग्रहण गर्छ । जबसम्म पुर्यष्टक देहमा रहन्छ तबसम्म इन्द्रियले विषय-लाई ग्रहण गर्छ । जब पुर्यष्टक देहबाट निक्लेर जान्छ तब इन्द्रिय विषयलाई ग्रहण गर्दैन ।

हे रामजी ! यो जुन आँखा, कान जिह्वा, त्वचा र नासिका प्रतीत हुन्छ त्यो इन्द्रिय होइन । इन्द्रिय त सूक्ष्म तन्मात्रा हो । यो उसको रहने स्थान हो । जस्तो घरमा निकाश हुन्छ त्यस्तै यो स्थान हो ।

हे रामजी ! अब जीवको रूप सुन–आत्मा सर्वत्र पूर्ण छ परन्तु उसको प्रतिबिम्ब यहीं भासित हुन्छ जहाँ निर्मल ठाउँछ। जस्तो निर्मल पानीमा प्रतिबिम्ब पर्छ त्यस्तै जहाँ सात्विक अंश अन्तस्करण हुन्छ त्यहाँ आत्माको प्रति-बिम्ब–जीव प्रतीत हुन्छ । जबसम्म शरीरमा जीव हुन्छ तबसम्म शरीर चेतन प्रतीत हुन्छ । जब त्यो जीवकला पुर्यष्टकरूप शरीरबाट निक्लन्छ तब शरीर जड भासित हुन्छ ।

जस्तो तलाउको पानी निकाले पछि सूर्यको प्रतिविम्ब त्यहाँ पर्दैन । त्यस्तै अन्तःकरण तन्मात्र पुर्यष्टकमा आत्माको प्रतिविम्ब हुन्छ । जब पुर्यष्टक शरीरलाई त्यागेर जान्छ

तब शरीर जड प्रतीत हुन्छ ।

हे रामजी ! जो कुछ जगत् प्रतीत भएकोछ त्यो आत्मा को किंचनरूप हो । जस्तो सुवर्ण भूषण रूपले प्रतीत हुन्छ त्यस्तै आत्मा दृश्यरूप लिएर भासित हुन्छ । जस्तो सुवर्णमा कुनै भूषण हुदैन त्यस्तै आत्मामा दृश्य जगत् केही होइन ।

जस्तो स्वप्नको पर्वत, नगर, देश असत्य भैकन सत् प्रतीत हुन्छ । त्यस्तै जीवको देह जगत् भासित भएकोछ ।

हे रामजी ! आत्मसत्ता जस्ताको तस्तै छ परन्तु स्फुरणले अनेकरूप लिन्छ । जस्तो एक नटुवा अनेकरूप धारण गर्छ त्यस्तै आत्मसत्ता देहादि अनेक आकार भएर प्रतीत हुन्छ । जस्तो स्वप्न एक तत्त्व नै अनेक रूप ली चेष्टागर्छ त्यस्तै जगत्मा आत्मसत्ता नानारूप धारण गर्छ ।

हे रामजी ! आत्मा नित्य शुद्ध सबैको आफ्नू, स्वरूपनै हो । आफ्नू स्वरूपको प्रमादले आफूले आफ्नै जन्म-मरण देख्दछ । त्यो जन्म मरण असत्‌रूप हो । जस्तो कुनै पुरुष आफूलाई स्वप्नमा कुकूर रूपले देखदछ त्यस्तै यहाँ आफू जन्मेको र मरेको देखनु हो ।

जस्तो जाग्रतको ज्ञानले स्वप्नभ्रम निवृत्त भएर जान्छ त्यस्तै अधिष्ठान आत्माको ज्ञान भए जगत्‌भ्रम निवृत्त भएर जान्छ । जस्तो पहिले दुष्कृत कर्म गरेको भए पछि सुकृत कर्मगरे त्यो घटेर जान्छ त्यस्तै पूर्व संस्कारले जब मलीन वासना हुन्छ तब आत्मतत्त्वको अभ्यास गरी पुरुष प्रयत्न गरे मलीन वासना नाश भएर जान्छ ।

जबसम्म वासना मलीन हुन्छ तबसम्म उब्जिन्छ र नाश हुन्छ र दुःख पाउँछ : जब सन्तको सङ्गत र सत्‌शास्त्रको विचारबाट आत्मज्ञान उब्जिन्छ तब संसार बन्धनदेखि छुटिहाल्छ । अन्यथा छुट्दैन ।

भगवानबाट अर्जुनलाई उपदेश– ५२

हे रामजी ! पाण्डु पुत्र अर्जुनलाई विष्णुले दिनु भएको उपदेश सुन –

पाण्डु पुत्र अर्जुन कौरवको अठार अक्षौहिणी सेनाको बीचमा पुगेर युद्धगर्न तयार भएपछि आफ्नो बान्धव, गुरुजनलाई देखि मोह–कायरताले आतुर भएर हातबाट गाण्डिव धनुष खसी मोहित भएर गिरेपछि भगवान् हरि बताउनु हुन्छ ।

हे राजसिंह अर्जुन ! तिमी मनुष्य भावलाई स्वीकारगरी किन मोहित भएकाहौ ? यो कायरतालाई त्याग गर तिमी त परम प्रकाशरूप आत्म तत्त्व हौ । सबैको आत्मा आनन्द, अविनाशी आदि अन्त, मध्य रहित सर्वव्यापी, परम अंकुररूप दुःखदेखि रहित नित्यशुद्ध निरामय र निर्मल हौ ।

हे अर्जुन ! आत्मा न जन्मछ न मर्छ । त्यो अजन्मा निरन्तर र पुरातन सबको आदि हो । शरीरको नाश भए त्यसको नाश हुँदैन । तिमी व्यर्थै किन कायर हुन्छौ ?

हे अर्जुन ! जो त्यस्तो आत्मालाई हन्ता भनी मान्छ र आफूलाई हत मान्छ त्यसले आत्मालाई जानेको छैन । त्यो आत्मा न मर्छ, न मार्छ । जो अक्षयरूप निराकार आकाश भन्दा सूक्ष्म हो त्यस्तो आत्मा परमेश्वरलाई कसरी मार्ने ?

हे अर्जुन ! तिमी अहङ्काररूप होइन । यी अनात्म अभिमानरूपी मयललाई त्याग गर । तिमी जन्म-मरण रहित मुक्तरूप हौ । जो पुरुषको अनात्ममा अहं भाव छैन र जसको बुद्धि कर्तृत्त्व, भोक्तृत्त्वदेखि लिप्त हुँदैन त्यो पुरुष सबै विश्वलाई मारेपनि ऊ मर्दैन ।

हे अर्जुन ! जसको जस्तो दृढ निश्चय हुन्छ उसको

तेस्तै अनुभव हुन्छ। त्यसैले त्यो, म, मेरो इत्यादी जुन मलीन संवित्‌निश्चयलाई त्यागेर स्वरूपमा स्थित होऊ। जो यस्तो भावनामा स्थित हुँदैन, आफू नष्ट हुन्छ भनी मान्दछ त्यो सुख, दु:ख, राग, द्वेषमा जल्द छ।

हे अर्जुन ;! सबै कर्म कलनाले रचेको हो। इन्द्रियबाट कर्म हुन्छ, तेसमा अहंभाव गरी जीव व्यर्थै क्लेशको भागी हुन्छ। धेरै मिलेर कर्म गर्छ त्यस्मा एक अभिमानी भएर दु:ख पाउँछ। आश्चर्य होकि देह र इन्द्रियले कर्मगर्छ र जीव अभिमानी भएर सुख, दु:ख, राग, द्वेषले जलन हुन्छ। त्यसैले उसको सङ्गत र अभिमान त्यागेर आफ्नू स्वरूपमा स्थित होऊ।

हे अर्जुन ! यो जीवको अहंकार नै दु:खदायक हो। त्यो अनात्ममा आत्माअभिमान गरिरहन्छ। जो अभिमान-रूपी विषको चूर्णले रहित भएर चेष्टा गर्छ ऊ दु:खी हुँदैन।

हे अर्जुन ! जस्तो शुद्ध पवित्र शरीरमा विष्टा मलले मलीन गरिदिए उसको शोभा रहँदैन त्यस्तै बुद्धिमान शास्त्रको वेत्ता र गुणले सम्पन्न भए पनि यदि अनात्ममा आत्मा-भिमान गर्छ तब उसको शोभा रहँदैन, जो निर्मल निरहंकार सुख-दु:खमा सम, क्षमावान हो ऊ शुभ कर्म गरे पनि अशुभ कर्म गरे पनि उसलाई कुनै कर्मले स्पर्श गर्दैन।

हे अर्जुन ! चाहे जस्तै कर्म गर यदि तिमीमा अहं-भाव नभए तिमीलाई कुनै कुराले स्पर्श गर्दैन। त्यसैले संग अभिमानलाई त्याग र योगमा स्थित भएर कर्मगर। जो निसंग पुरुष हो तिनलाई कुनै कर्मले बन्धन हुँदैन त्यसैले ब्रह्मरूप भएर ब्रह्ममय कर्म गर तब चाडैनै ब्रह्मरूप हुनेछौ। जे जति आचार कर्म हो त्यो ब्रह्ममा अर्पण गर।

यो सबै ब्रह्म हो, म ब्रह्म हुँ, सारा जगत मनै हुँ। त्यसैले

ब्रह्मदेखि भिन्न कुनै भावना नगर्नू। यसैलाई ब्रह्मार्पण भन्छन्।

हे अर्जुन ! सङ्कल्पजाललाई त्याग गर्नुलाई असंग भन्छ सबै कलनाजाललाई ईश्वरदेखि भिन्न न जान्नू। यस्तो भावनाले द्वैतभाव गलित भएर जान्छ यसलाई ईश्वर समर्पण भनेकोछ।

जब यस्तो अभेद भावना हुन्छ तब आत्मबोध प्राप्त हुन्छ। बोध भए सवै शब्द, अर्थ एकरूप प्रतीत हुन्छ।

भगवानको दुईरूप –५३

हे अनघ ! मेरो दुईरूपमा एक समानरूप हो। अर्को परमरूप हो। यो शङ्ख, चक्र, गदादि संयुक्त मेरो समानरूप हो। अर्को परमरूप आदि, अन्त रहित एक अनामय हो। त्यो ब्रह्म स्वरूपलाई आत्मा, परमात्मा आदि नामले कहिन्छ। जबसम्म तिमी अप्रबोध छौ र तिम्रो अनात्म देहादिमा आत्म अभिमान छ तबसम्म मेरो चतुर्भुज आकारको पूजामा प्रवृत्त होऊ जब प्रवोध हुन्छ तब मेरो परमरूप प्राप्त हुन्छ। जो आदि, अन्त, मध्यदेखि रहित हो। यसलाई प्राप्त गरेपछि जन्ममरण हुँदैन।

हे अर्जुन ! जो सबै भूतमा स्थित आत्मालाई देख्छ, एकत्त्व भावनाले भजन गर्छ र जसको आत्मादेखि भिन्न अरू कुनै भावना स्फुर्दैन उनको जन्ममरण हुँदैन।

हे भारत ! जस्तो दूधमा धृत, जलमा रस स्थित छ तेस्तै सबैको हृदयमा म तत्त्वरूपले स्थित छु। जस्तो अनेक घटको भित्र बाहिर एकै आकाश स्थित छ त्यस्तै म अनेक देहको भित्र वाहिर अव्यक्त स्वरूप स्थित हुँ। ब्रह्मदेखि तृणसम्म सारा पदार्थमा सत्ता समान रूपले म स्थित हुँ। ममा जो चित्त संवेदन स्फुर्छ त्यो ब्रह्मसत्ता झैं भएको हो र

स्फुरणले जगतरूप भएर भासित भएको हो। परन्तु आत्म तत्त्व आफू आफैमा स्थित छ।

हे अर्जुन ! आत्मा सबैको साक्षीरूप हो। उसलाई जगत्को सुख-दुःखले स्पर्श गर्दैन। जस्तो दर्पण प्रतिविम्बलाई ग्रहण गर्छ परन्तु सबैमा सम छ कसैसित खेद गर्दैन। त्यस्तै सबै पदार्थअवस्थाको साक्षी आत्मा हो परन्तु कुनैसँग स्पर्श गर्दैन। शरीरको नाश भएपनि उसको नाश हुँदैन।

हे अर्जुन ! पृथ्वीमा गन्ध, जलमा रस, पवनमा स्पर्श र स्पन्दशक्ति म नै हुँ। अग्निमा प्रकाश र आकाशमा शब्द शक्ति म नै हुँ। तिमीसँग के भनु कि यो म हुँ। सर्वात्मा सबैको आत्मा म हुँ मदेखि केही भिन्न छैन।

हे अर्जुन ! जस्तो समुद्रमा नाना प्रकारको तरङ्ग र सुवर्णमा भूषण देखिन्छ त्यस्तै नाना जगत् आकार आत्मामा देखिन्छ। यो नाना प्रकारका पदार्थ ब्रह्मरूप हो ब्रह्मदेखि भिन्न केही छैन।

सबै ब्रह्ममय हो–५४

हे महावाहो ! यो शीतोष्ण विषय आगमापाइ हो। अर्थात आउँछ र फेरि जान्छ त्यसैले अनित्य हो। यसलाई सहन गर तिम्रो आत्मालाई स्पर्श गर्दैन। तिमीत एक आत्मा आदि, अन्त, मध्यदेखिरहित निराकार अखण्ड र पूर्ण हौ। तिमीलाई शीत, ऊष्ण, सुख, दुःखले खण्डित गर्न सक्दैन। यो कलनाले रचिएको हो।

हे अर्जुन ! आत्मा नित्य शुद्ध र सर्वरूप हो। इन्द्रियको स्पर्श असत्‌रूप हो। त्यसैले असत्यरूपले सत्‌रूप आत्मालाई मोह गर्न सक्तैन। यो अल्प मात्र तुच्छ हो र बोधरूप आत्म तत्त्व सर्वगत शुद्ध रूप हो। सतलाई असत् स्पर्शगर्न सक्तैन।

जस्तो मूर्तिको अग्निले कागजलाई जलाउन सक्तैन त्यस्तै इन्द्रियादि र उनको विषयले आत्मालाई स्पर्श गर्न सक्तैन ।

हे अर्जुन ! जो सत् हो त्यो असत् हुँदैन र जो असत् हो त्यो सत् हुँदैन। सुख दुःखादि असत्रूप हो र परमात्मा सत्-रूप हो त्यसैले उसैमा स्थित होऊ ।

हे अर्जुन ! ज्ञानवान पुरूष इष्ट-अनिष्टदेखि बिचलित हुँदैन । ऊ इष्ट सुखदेखि हर्षित हुँदैन र अनिष्ट दुःखदेखि शोक लिदैन । चेतन पाषाण झैं शरीरमा स्थित हुन्छ ।

हे साधो ! यो चित्त पनि जड हो र देह इन्द्रियादि पनि जड हो । आत्मा चेतन हो । यिनीसित मिलेको आफूलाई देह भनी के देख्छौं ।

चित्त र देह आपसमा भिन्न भिन्न हो । देह नष्ट भए चित्त नष्ट हुँदैन र चित्त नष्ट भए देह नष्ट हुँदैन यिनीहरूको नाश हुँदा जो आफ्नो नाश भयो भनी मान्छ र यिनको सुख-दुःखमा सुखी र दुःखी हुन्छन्तिनीहरू महान् मूर्ख हुन् ।

हे अर्जुन ! स्वरूपको प्रमादले जो देहादिमा अहं प्रतीत हुन्छ र आफूलाई भोक्ता भनी मान्छ ऊ निर्वुद्धि हो । जब आत्माको बोध हुन्छ तब आफूलाई अकर्ता, अभोक्ता र अद्वैत देखिहाल्छ ।

जस्तो डोरीको अज्ञानले सर्प भासित हुन्छ डोरी भनी जाने सर्पको अभाव हुन्छ । त्यस्तै आत्माको अज्ञानले देह र इन्द्रियको सुख-दुःख भासित हुन्छ । आत्मज्ञान भए सुख-दुःखको अभाव भइहाल्छ ।

हे अर्जुन ! यो विश्व एक अज 'ब्रह्म' स्वरूप हो । न कोही जन्मलिन्छ न कोही मर्छ । यो सत्य उपदेश हो । हे राघव ! ब्रह्मरूपी समुद्रमा तिमी एक तरङ्ग स्फुरेका हौ ।

केही काल रही फेरि उसैमा लीन हुनेछौ । त्यसैले तिम्रो स्वरूप निरामय ब्रह्म हो। सारा जगत् ब्रह्मको स्पन्द (चलन) हो । समय पाएर देख्ने छौ ।

हे अर्जुन ! जड शरीरबाट कर्म स्वाभाविक हुन्छ । जस्तो वायुको स्फुरण स्वाभाविक चल्छ त्यस्तै शरीरदेखि कर्म स्वाभाविक हुन्छ । भोजन, यजन, दान इत्यादि जे जति कार्य गर त्यो आत्मा मै अर्पण गर । सदा आत्मसत्तामा स्थित रहू र सबमा आत्मरूप देख ।

हे अर्जुन ! जो कसैको हृदयमा दृढ निश्चय हुन्छ त्यही रूप उसलाई भासित हुन्छ । जब तिमी यसप्रकार अभ्यास गर्दछौ तब ब्रह्मरूप भइहाल्नेछौ यसमा संशय छैन ।

हे अर्जुन ! जो कर्ममा आत्माको अकर्ता देख्छ ऊ मनुष्यमा बुद्धिमान हो। सम्पूर्ण कर्म गरे पनि ऊ केही गरेको छैन ।

हे अर्जुन ! कर्म फलको इच्छा पनि नगर, कर्मदेखि विरसता पनि नगर, योगमा स्थित भएर कर्म गर ।

हे धनञ्जय ! कर्तृत्व अभिमान र फलको इच्छालाई त्यागेर कर्मगर । जो कर्मफल र संगलाई त्यागेर नित्य तृप्त भएको छ ऊ सारा गरिराखे तापनि केही गरेको छैन ।

हे अर्जुन ! जसले सारा आरम्भ–कार्यमा कामना र सङ्कल्पलाई त्याग गरेकोछ र ज्ञानाग्निले कर्म जलाएको छ उसलाई बुद्धिमान् पण्डित भन्छन् ।

जो आत्मामा समस्थित छ र सारा अर्थमा निस्पृह र निर्द्वंदसत्तामा स्थित छ त्यो पृथ्वीको भूषण हो । जस्तो समुद्रमा अनिच्छित जल प्रवेश गर्छ त्यस्तै ज्ञानवान्मा सुख प्रवेश हुन्छ, ऊ शान्तरूप सर्वकामना रहित हो ।

जीवतत्त्वको निर्णय- ५५

हे अर्जुन ! तिमी शोक नगर यो जगत् तिम्रो अज्ञानले प्रतीत भएको हो । अज्ञान आफ्नै प्रमादलाई भन्छ र प्रमाद अनात्मामा आत्माभिमान गर्नुको नाम हो ।

जस्तो निद्रादोषले स्वप्नमा जन्मनु, मर्नु देखिन्छ त्यस्तै संसारमा यो जन्म, मरण अज्ञानले भासित हुन्छ । अज्ञान स्फुरणको नाम हो । त्यो स्फुरणले नै नरक र स्वर्ग कल्पेको हो । त्यसैले मिथ्या स्फुरणलाई परित्याग गरेर तिमी सम भैकन स्वभाविक कर्म गर ।

हे राधव ! अज्ञानले अनात्मामा आत्माभिमान गरी जगत्लाई सत्य जानेर वासना बनाउँछ। जस्तो वासना बनाउँछ त्यस्तै जगतभ्रम देखिन्छ । जब आत्मविचारको उदय हुन्छ तब जगत् स्वप्नझैं प्रतीत हुन्छ । त्यसैले तिमी स्वरूपको अभ्यास गर । अहं मम वासनालाई त्यागेर केवल आत्माको भावना गर ।

यो देह वासनारूप हो। जब वासना निवृत्त हुन्छ तब देह पनि लीन हुन्छ । जब देह लीन हुन्छ तब देश, काल, जन्म, मरण पनि रहँदैन। यो आफ्नै सङ्कल्पले उठेको हो र भ्रमरूप हो उनको वासनाले धेरै पछि जीव भट्किरहन्छ । जब आत्मबोध हुन्छ तब वासनादेखि मुक्त हुन्छ र निरालम्ब, असङ्कल्प, अविनाशी आत्मतत्त्व पाउँछ ।

हे अर्जुन ! जब जीवलाई तत्वबोध हुन्छ तब वासना-रूपी जालबाट मुक्त हुन्छ। पुरुष सर्वधर्म परायण भए पनि, सर्वज्ञ-शास्त्र वेत्ता भए पनि यदि वासनादेखि मुक्त छैन भने ऊ सबैबाट बाँधिएको हुन्छ। जसको हृदयमा वासना छ ऊ बन्धनमा छ । जसको हृदयमा वासना छैन ऊ मुक्त हो ।

हे अर्जुन ! यसप्रकार तिमी निर्वासनिक जीवन्मुक्त

भएर विचरण गर । तब तिम्रो अन्तस्करण शीतल भएर जानेछ । जरामरणदेखि मुक्त आकाश झैं निर्मल हुनेछ ।

चित्तको वर्णन–५६

हे अर्जुन ! पतित प्रवाह जुन कार्य आइपर्छ उसलाई गर। युद्धमा कायर नबन। आत्मा अविनाशी हो, देह नाशवान् हो, देहको नाश भए आत्माको नाश हुँदैन। त्यसैले भाव-अभाव वृत्तिलाई त्यागेर स्वरूपमा स्थित होऊ तब आकाश झैं निर्मल हुनेछौ। जस्तो मेघ आए पनि गए पनि आकाश निर्मल नै रहन्छ । त्यस्तै तिमी पदार्थको भाव-अभावमा एकनाश भै निर्मल हौ ।

जो कुछ पदार्थ देखिन्छ त्यो सबै आकाशरूप हो । जस्तो चिताउनेको मनमा पुतली देखिन्छ त्यस्तै यो जगत् आकाशरूप हो । जस्तो एकैक्षणमा मन स्फुरेपछि नानाप्रकारको पदार्थ देखिन्छ स्फुरण नभए लीन भै जान्छ, त्यस्तै प्रमादले जगत् भासित हुन्छ र आत्मतत्त्वलाई जाने पछि सारा लीन भैहाल्छ ।

हे अर्जुन ! यो आश्चर्य छ कि केही पनि छैन। फेरि नाना प्रकारको रङ्ग विरङ्ग भासित हुन्छ । आकाशरूपी नीलो तालमा चन्द्रमा र अनेक तारा आदि फूल फुलेकोछ र उनमा मेघरूपी पात लागेकोछ। त्यस्तै आत्मारूपी विशाल तालमा देह इन्द्रियादि फूल फुलेकोछ । वास्तमा आत्मा यस्तो छ अद्वैतरूप आत्मामा जो उत्थान भयो। त्यसले उसको स्वरूप प्रमाद वशात् दृश्यभ्रम देख्छ र अनेक वासना हुन्छ। वासनारूपी डोरीले बाँधेको जीव तलमाथि घुमिरहन्छ, नाना प्रकार भ्रम देख्छ। परन्तु स्वरूप जस्ताको तस्तै रहन्छ। जस्तो ऐनामा नाना प्रतिबिम्ब परेपनि ऐना जस्ताकोतस्तै

रहन्छ । त्यस्तै आत्मामा जगत्को प्रतिबिम्ब देखिन्छ परन्तु आत्मा छेदभेद रहित जस्ताकोतस्तै रहन्छ ।

हे अर्जुन ! जसको हृदयमा वासनाको बीज छ त्यो समयमा धेरै फैलिएर जान्छ । जस्तो वरको बीज फैलिन्छ त्यस्तै त्यो वासना फैलिएर जान्छ । जसले आत्माको अभ्यास गरेको छ उनले ज्ञानरूपी अग्नि बालेर वासनारूपी बीज-जलाइदिन्छ तब उसको संसारभ्रम रहँदैन। सदा निर्लेपरहन्छ।

अर्जुन ! मनको पाँच वृत्तिछ-प्रमाण, विपर्यय, विकल्प, अभाव र स्मृति। जब यो पाँच हृदयदेखि निवृत्त हुन्छ तब चित्त शात्त हुन्छ । त्यस पछि चैत्यदेखि रहित चेतन जो शेष रहन्छ उसलाई प्रत्येक चेतन भन्छन्। त्यो वस्तुरूप हो जो त्यस पदमा प्राप्त भएकोछ उसलाई आधि व्याधि आदि दुःख हुँदैन । जस्तो जालबाट निक्लेको पक्षी आकाशतिर उड्छ त्यस्तै देहाभिमानदेखि मुक्त भए आत्मपद प्राप्त हुन्छ ।

हे अर्जुन ! प्रत्येक जो चेतन सत्ता हो त्यो परम प्रकाश रूप, शुद्ध र सङ्कल्पविकल्पदेखि रहित हो । इन्द्रियको विषय होइन, इन्द्रियदेखि अतीत हो । जो पुरूषले त्यो अतीतपदलाई पाएकोछ, उसलाई वासनाले स्पर्शगर्न सक्दैन । जस्तो बलेको आगोका नजिक बरफ भए पग्लेर जान्छ र उसको शीतलता रहँदैन । त्यस्तै शुद्ध आत्मपदको साक्षात्कार भए चित्तवृत्ति नाश भएर जान्छ र वासनाको पनि अभाव भैहाल्छ ।

हे अर्जुन ! वासना तबसम्म स्फुर्छ जबसम्म संसारलाई सत्य जानिराख्छ । जब आत्मपदको प्राप्ति हुन्छ तब संसार र वासनाको अभाव भैहाल्छ । त्यसैले विरक्त पुरूषले दृश्य असत्य भनी जानेकोले उसमा कुनै वासना हुँदैन ।

नाना प्रकार आकार, विकारसंयुक्त अविद्या तबसम्म स्फुरि-

रहन्छ जबसम्म शुद्ध आत्मालाई आफू आफैले जानेको छैन। शुद्ध आत्मालाई पाए पछि जगत्भ्रम सबै नाश भएर जान्छ र स्वच्छपद आत्मतत्त्वमा स्थित हुन्छ तब आकाश झैं निर्मल भावको प्राप्ति हुन्छ।

हे अर्जुन ! जो शद्बदेखि अतीत परम वस्तु हो उसको उपमा कसरि दिने। जो वासनारूपी विशुचिकालाई त्यागेर आफ्नू आत्मस्वभावमा स्थित भएर संसारमा बिचरण गर्छ त्यो तीनलोकको नाथ हो।

हे रामजी ! त्रिलोकिनाथले यति बताए पछि अर्जुन एक क्षण मौन भएर त्यसपछि भन्छन् हे त्रिलोकपति भगवन् ! मेरोसारा शोक, मोह नष्ट भएर गयो। जस्तो सूर्य उदय भए कमल फुलेर आउँछ त्यस्तै तपाईको बचनले मेरो बोध खुलेर आयो अब जो आज्ञा हो त्यो म गर्छु।

यति भनेर गाण्डीव धनुष उठाई भगवान्लाई सारथि बनाई निःसन्देह निःशङ्क भै रणभूमिमा प्रवेश गरे। हात्ती घोडा सैन्य र माहारथि आदि मारेर निःसंगरूप आत्म-तत्व आफू आफैमा स्थित भएर स्वरूपबाट चलायमान भएनन्। हे राम ! तिमी पनि त्यही दृष्टिलाई आश्रय गर। जुन दृष्टिलाई ग्रहण गरे पछि सारा दुःखको नाश हुन्छ। तिमी निःसंग, सन्यासी हौ। आफ्नू सारा कर्म र चेष्टा ब्रह्ममा अर्पण गर। जसमा यो सारा छ, त्यस्तो सत्तालाई तिमी परमातमा जान। त्यो अनुभवरूप आत्मा हो, उसको भावनाले उसैलाई पाउँछौ यसमा संशय छैन।

जो सत्ता संवेदन स्फुरण देखि रहित चेतन प्रकाश हो उसैलाई परम पद जान। त्यो सबैको परम द्रष्टारूप हो र सबैको प्रकाशक हो। त्यो महान उत्तम परम गुरुको गुरु हो त्यो आत्मरूप हो।

हे रामजी ! जसलाई शून्यबादी शून्य, विज्ञानबादी विज्ञान, र ब्रह्मवादी ब्रह्म भन्दछन् त्यो परम सार, शान्तरूप शिव आफू आफैमा स्थित छ । त्यही आत्मा यो जगत्‌रूपी मन्दिरलाई प्रकाश गर्ने बत्ती हो । जगत्‌रूपी वृक्षको रस हो, जगत्‌रूपी पशुलाई पालनेवाला गोपाल हो ।

जगत्‌रूपी गृहमा सारा पदार्थलाई प्रकाशन गर्ने–ज्योति ऊ नै हो । उसै बाट सबै सिद्ध हुन्छ । चन्द्रमा, तारा, सूर्य आदि जो प्रकाशरूप देखिन्छ उसको पनि प्रकाशक ऊ नै हो । जो जड प्रकाश हो त्यो चेतन प्रकाश हो । उसमा यो सिद्ध हुन्छ र उसैबाट सबै प्रकाश प्रकट भएको छ । त्यो आत्म संवित् आफ्नै विचारबाट पाइन्छ ।

हे रामजी ! जसको हृदयमा अहंभाव छ उसलाई यो जगत्‌जाल मिथ्या भ्रमले प्रतीत हुन्छ । त्यसलाई के उब्जेको भन्ने ? के को आश गर्ने ? यो जगत् केही वस्तु होइन । आदि, अन्त, मध्य कल्पनादेखि रहित जो देव हो त्यो ब्रह्मसत्ता समानरूपले आफू आफैमा स्थित छ, द्वैत कुनै बनेको छेन । जब यो तिमीलाई दृढ निश्चय हुन्छ तब तिमी व्यवहार गरेपनि हृदयदेखि निःसंग र शान्तरूप हुनेछौं ।

हे रामजी ! जो पुरूष त्यो समान सत्तामा स्थित हुन्छ, त्यो इष्ट र अनिष्ट प्राप्तिमा राग र द्वेष रहित हृदयमा सर्वदा शान्तरूपले रहन्छ । त्यो न उदय हुन्छ, न अस्त हुन्छ । सदा समता भावमा स्थित रहन्छ। त्यो स्वस्थरूप अद्वैत तत्त्वमा स्थित हुन्छ जगततिर सुशुप्त झै हुन्छ व्यवहार पनि गर्छ परन्तु ऐना जस्तो हुन्छ, विकारी हुँदैन ।

हे रामजी ! तिमी निजत्वको भावना आत्मामा

गर आत्माको अभाव न मान । अनात्ममा जुन निजत्वको भावछ उसको अभाव गर । अर्थात् अनात्मालाई अभावरूप मान । जब यसप्रकार दृढ भावना गर्छौ तब संसारभ्रम निवृत्त भैहाल्छ र केवल आत्मभाव शेष रहन्छ ।

हे रामजी ! चित्त स्फुरणको नाम संसार हो । चित्त स्फुरे पछि संसारचक्र घुम्छ । जस्तो सुनबाट गहना प्रकट हुन्छ त्यस्तै चित्तबाट त्रिपुटी हुन्छ । परन्तु चित्तस्पन्द कुनै भिन्न वस्तु हैन आत्माको अभाव हो, अज्ञानले चित्त स्पन्द हुन्छ र ज्ञान भए लीन भैहाल्छ । जस्तो भूषणको अभाव भए सुवर्ण बाँकी रहन्छ यस्तै बोधबाट चित्त लीन भए शुद्ध चेतन सत्ता स्थित रहन्छ । फेरि भोगको इच्छा लीन भैहाल्छ । जब भोग बासना निवृत्ति हुन्छ तब ज्ञानको परम लक्षण सिद्ध हुन्छ ।

हे रामजी! जो ज्ञानवान पुरूष हो, जसले सत्रूपलाई जानेको छ उसलाई भोगको इच्छा हुँदैन । जस्तो जुन पुरूष अमृत पिएर अघाएको छ उसलाई तुच्छ भोजनको इच्छा हुँदैन । त्यस्तै आत्मज्ञानबाट जो संतुष्ट भएकोछ उसलाई विषयको तृष्णा रहँदैन ।

हे रामजी यो निश्चय गरेर जान कि जब चित्त स्फुर्छ तब जगत्भ्रम देखिन्छ र सत्य मानेर भोगको इच्छा हुन्छ । परन्तु जब बोध हुन्छ तब जगत्भ्रम लीन भैहाल्छ । तब फेरि इच्छा केको गर्ने ?

हे रामजी ! गुरू र शास्त्रको युक्तिले मन वश हुन्छ । उनको युक्तिविना शुद्ध हुँदैन । जबसंम चित्तसित मिलेको छ तबसंम जगत्भ्रम देखिन्छ । जब गुरू र शास्त्रको युक्ति ग्रहण गरी चित्तको अभाव हुन्छ तब चित्त नष्ट भए र अचल हुन्छ ।

यो चित्त नै दुःखदायी हो र चिन्तनदेखि रहित हुनु परम सुख हो। यो चित्त स्फुरेपछि संसार प्रकट हुन्छ चित्तको निवृत्त भए स्वरूप नै बाँकी रहन्छ।

जस्तो पत्थरमा कालिगढले पुतली कल्पना गर्छ परन्तु पत्थरदेखि भिन्न पुतली छैन त्यस्तै चित्तले विश्व कल्पेको छ। जब चित्त निवृत्त हुन्छ तब विश्व आफ्नै स्वरूप हुन्छ।

चित्त लिएर जहाँ जान्छ त्यहाँ पञ्चभूत नै दृष्टि आउँछ । आत्मा देखिंदैन । चित्तदेखि रहित ज्ञानी जहाँ जान्छ वहाँ आत्मा नै प्रतीत हुन्छ । जब चित्तको वृत्ति वहिर्मुख हुन्छ तब संसार प्रतीत हुन्छ। जब चित्तवृत्ति अन्तर्मुख हुन्छ तब ज्ञानरूप आफू आफैमा भासित हुन्छ। जे जति पदार्थ छ त्यो ज्ञानरूप आत्माविना सिद्ध हुँदैन ।

हे रामजी ! स्फुरणले नै जीव तल माथि भैरहन्छ। जब अभ्यास र परम योग हुन्छ तब शुद्ध हुन्छ। अभ्यास, मन्त्र, जप र चित्त स्थिर गर्नुलाई योग भनिन्छ । उसले जस्तोजस्तो चिन्तन गर्छ त्यस्तै सिद्धि पाउँछ । अज्ञानीको हुँदैन । संकल्प तब सिद्ध हुन्छ जब हृदय शुद्ध हुन्छ । शुद्ध हृदयवाला पुरूष जसको चिन्तन गर्छ त्यो टाढै किन नहोस् त्यो सिद्ध हुन्छ ।

महामौन वर्णन– ६८

हे रामजी ! विधिले पनि आत्माको सिद्धि हुन्छ र निषेधले पनि आत्माको सिद्धि हुन्छ। त्यो आत्मामा स्थित हुनु ठूलो मौन हो ।

यो जो सुषुप्त मौन बताएँ त्यो द्वैतरूप संसार स्फुर्नुदेखि सुषुप्त हुनु र आत्मामा जागनु । यस्तो देख्नु कि न ममा जाग्रत छ, न स्वप्न छ, न सुषुप्ति छ। यो निश्चयमा

स्थित हुनु तुरीयातीत हो। यो पञ्चम मौन हो। त्यस्तो तुरीयातीत पद अनादि हो, अनन्त हो, जरादेखि रहित शुद्ध निर्दोष हो। यस्तो निश्चयमा स्थित रहनु उत्तम मौन हो।

हे रामजी ! ज्ञानी इन्द्रियलाई रोक्न इच्छा पनि गर्दैन। न घुमिरहन इच्छा गर्छ। जस्तो स्वाभाविक आइपरेको छ उसैमा स्थित हुन्छ। यो परम मौन हो। ज्ञानीलाई सुखको इच्छा पनि छैन र दुःखको डर पनि छैन ऊ हेयोपादेयदेखि रहित हो।

हे रामजी ! तिमी रघुवंश कुलको चन्द्रमा हौ आफ्नू स्वभावमा स्थित हौ। मन स्फुरे पछि संसारभ्रम प्रतीत हुन्छ त्यो मिथ्या हो। न शरीर सत्य हो, न माया सत्य हो। त्यसैले यिनलाई त्यागेर तिम्रो स्वरूप जो ॐकार हो त्यो ॐकारलाई अङ्गिकार गरेर स्थित हुनु परम उत्तम मौन हो।

हे रामजी ! संसार भन्नु स्फुरण मात्र हो वस्तु भएको कुनै होइन। जब तिमी स्फुरण रहित हुन्छौ तब तिम्रो त्रिपुटी भासित हुँदैन। केवल आत्मसत्ता आफू आफैमा भासित हुनेछ। त्यसैले तिमी अज्ञानरूप स्फुरणदेखि रहित हौ।

हे रामजी। जब तिमीलाई आत्मपदको साक्षात्कार हुन्छ तब तिमी जानिलिन्छौ कि ममा स्फुरण दृश्य र अदृश्य कुनै छैन। केवल आत्मपद हो। जसमा एक भन्नु पनि छैन तब द्वैत कहाँबाट होला ?

हे रामजी ! बोधरूप तत्त्वमा पुग्ने वाटो – १. सांख्यमार्ग २. योगमार्ग हो। सांख्य मार्ग हो तत्व र मिथ्याको विचार गर्नु। तत्व हो म आत्मा हुँ, सत् हुँ,

चेतन हुँ, अरू सारा दृश्य मिथ्या, जड र असत् हो। भएको एक मात्र म अद्वैत आत्मा हुँ। ममा अज्ञान र दृश्य दुवै छैन। यस्तो निश्चयमा स्थित हुनुलाई सांख्य विचार भनेको छ। प्राणलाई स्थित गर्नुलाई योग भन्छ। जब प्राण स्थित हुन्छ तब मन पनि स्थित भैहाल्छ। जबमन स्थित हुन्छ तब प्राण पनि स्थित हुन्छ। यिनको परस्पर सम्बन्ध छ।

हे रामजी ! यो जीव पुर्यष्टकमा स्थित भएर जस्तो वासना गर्छ शरीरलाई त्यागेर त्यो त्यही अनुसार आकाशमा स्थित हुन्छ त्यसैको नाम प्राण हो। त्यो वासनारूप प्राणबाट फेरि उनको संसार भान हुन्छ। जब प्राणको वासना क्षय हुन्छ तब मुक्त हुन्छ।

ज्ञानीको वासना क्षय हुन्छ, त्यसैले उनी जन्म मरणदेखि रहित हुन्छन्। जस्तो भुटेको बीच फेरि उम्रँदैन त्यस्तै ज्ञानी वासनाको अभावले जन्म र मरण हुँदैन, त्यो जन्म र मरण दुवै मार्गबाट निवृत्त हुन्छ।

हे रामजी ! ज्ञानले चित् सत्यपदलाई प्राप्त गर्छ। योगले प्राण वायु स्थित हुन्छ तब वासना क्षय हुन्छ। जब स्वरूपको प्राप्ति हुन्छ तब संसारको पदार्थ अभाव हुन्छ। जस्तो रसायनले तामा सुवर्ण भए फेरि तामा भाव रहँदैन त्यस्तै अज्ञानले विश्वरूपी तामाको संज्ञा रहँदैन। अर्थात् सबै ब्रह्मरूप प्रतीत हुन्छ।

आत्मामा न बन्ध छ न मुक्त छ परमात्मा एक अद्वैत हो। तब उसमा बन्ध कहाँ ? मुक्त कहाँ ? बन्ध र मुक्त चित्तले कल्पेको हो। चित्तको उदय हुनुको नाम बन्ध हो। चित्त शान्त हुनु मुक्ति हो।

हे रामजी ! जब मन आफ्नू बशमा हुन्छ तब आत्मपद

प्राप्त हुन्छ। अथवा जब प्राण स्थित हुन्छ तब आत्मपद मिल्छ। यो संसार मृग तृष्णाको जलझैं मिथ्या हो। जब वासना निवृत्त हुन्छ तब आत्मपदमा स्थित हुन्छ। जसरी शरद् कालमा कुहिरो निवृत्त भए शुद्ध निर्मल आकाश देखिन्छ, त्यस्तै वासना निवृत्त भए शुद्ध केवल चेतन आत्मा नै प्रतीत हुन्छ। जब तिमी एक मुहूर्त भने पनि चित्त रहित स्थित भए तिमीलाई आत्म पद मिल्छ।

भगीरथलाई त्रितल ऋषिको उपदेश– ७४

हे रामजी ! राजा भगीरथले स्वस्थ चित्त भएर विचार गरेको आख्यान सुन– राजा भगीरथ एक दिन संसारलाई हेरेर भन्न लागे–एउटै काम बारम्बार गर्नु मूर्खता हो। जुन कर्म गरेपछि सुख मिल्छ त्यो कुन हो ? यस्तो वैराग्य गरी विचार गर्न लागे कि संसार के हो ? पहिले त्यो समय म राजा युवक थिए। जस्तो मरुस्थलमा कमल उब्जनु आश्चर्य हो त्यस्तै यौवन अवस्थामा विचार उब्जनु आश्चर्य हो।

हे रामजी ! जब राजालाई यस्तो विचार उब्ज्यो तब घरबाट निस्केर आफ्नू गुरु त्रितल ऋषिस्वरको नजिक गएर प्रश्न गर्छन्–हे भगवन् ! त्यो कुन सुख हो जसलाई पाएपछि जरा-मृत्युको दुःख निवृत्त हुन्छ।

त्रितल ऋषि भन्नु हुन्छ–हे राजन् ! एक ज्ञेय-जान्न योग्य छ जसलाई जानेपछि शान्तपद मिल्छ त्यो आत्मज्ञान हो। त्यो आत्माको न उदय हुन्छ, न अस्त हुन्छ। जस्ताकोतस्तै आफू आफैमा छ।

हे राजन् ! यो जरा-मृत्यु तबसम्म देखिन्छ जबसम्म अज्ञान छ। जब ज्ञानरूपी सूर्यउदय हुन्छ तब अज्ञानरूपी अन्धकार नाश भएर जान्छ र केवल शान्तपदमा स्थित हुन्छ।

आत्मानन्द सर्वज्ञ हो । जसलाई जानेपछि चित् जड ग्रन्थि टुटेर जान्छ। अर्थात् अनात्म–देह इन्द्रियादिमा आत्माभिमान निवृत्त हुन्छ ।

राजा भन्छन् हे भगवन् ! त्यो मैले जानेको छु कि आत्मा चिन्मात्र सत्ता हो देहादि मिथ्या हो । आत्मा सर्वज्ञ, शान्त र अच्युतरूप हो, यस्तो जानेको पनि छु, परन्तु मलाई शान्ति मिलेन । फेरि आत्मा चिन्मात्र हो, त्यो पनि मलाई प्रतीत भएन र स्थित भएन । त्यसैले कृपा गरेर बताउनु होस् कि म परम पदमा स्थित भएर बस्न सकुँ ।

ऋषि भन्नुहुन्छ–हे राजन् ! म तिमीलाई एक ज्ञानको साधन बताउँछु जो जानेपछि फेरि कुनै दुःख हुँदैन, त्यो ज्ञानबाट ज्ञेय तत्वमा तिम्रो निष्ठा बन्नेछ । तब तिमी सर्वात्म-रूप भएर स्थित हुनेछौ, तिम्रो जीवभाव नाश भएर जानेछ ।

श्लोक– अशक्ति रनभिष्वंगः पुत्रदारगृहादिषु ।।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु" ।।

आसक्त नहुनु, देहेन्द्रियादिमा आत्माभिमान नगर्नु, इनीहरूलाई आफू भनी नठान्नु, पुत्र, स्त्री, कुटुम्बहरूको दुःखमा आफू दुःखी नहुनु, सर्वदा समचित्त राख्नु, इष्ट–अनिष्ट प्राप्तिमा एकरस रहनु र चित्तलाई आत्मपदमा जोडिराख्नु, आत्मादेखि अन्यत्र चित्तको वृत्ति कहीं नजावस् । एकान्तदेशमा स्थित रहनु, अज्ञानीको संगत नगर्नु र ब्रह्म विद्याको सर्वदा विचार गर्नु । तत्व ज्ञान दर्शनको निम्ति यो तिम्रा लागि ज्ञानको लक्षण बताएको हुँ यसलाई ग्रहण गर ।

हे राजन्! यो ज्ञय(जान्नु)योग्य छ, यसलाई जानेपछि केवल शान्तपद प्राप्त हुनेछ र देहमा रहेको अहंकार पनि निवृत्त हुनेछ ।

हे राजन् ! पहिले अहं हुन्छ र पछि मम हुन्छ । त्यसैले

तिमी अहं ममलाई त्याग गरिदेऊ। जब त्यसलाई त्याग गरि दिन्छौ तब आत्मपद अहं प्रत्यय भै भासमान् हुन्छ। त्यो आत्मा सर्वज्ञ हो। स्वतः प्रकाश हो र आनन्दरूप हो। कस्तो आनन्द रूप हो ? जो संसारको आनन्द देखि रहित हो। जो आनन्दलाई वचनले बताउन सकिंदैन त्यसैले अनुभवरूप हो। यसरी बताएपछि राजा भन्छन्–हे भगवन् ! यो अहंकार त चिरकाल देखि देहमा रहेको छ र अभिमान गरिराख्छ। जस्तो पर्वतमा धेरै कालदेखि वृक्ष स्थित हुन्छ त्यस्तै अहंकार धेरै जन्म, जन्मान्तरदेखि देहमा अभिमानी भएर बसेको छ। त्यसलाई कसरी त्याग्ने ? त्यो बताउनु होस्।

ऋषि भन्नु हुन्छ–हे राजन्! अहंकार पुरूष प्रयत्न गरेपछि निवृत्त हुन्छ। पहिले भोगको विषयमा दोषदृष्टि गर्नू, भोग विषयको वासना नगर्नू। बारम्बार आफ्नू स्वरुपको भावना गर्नू, विचार गर्नू, तब तिम्रो अहंकार निवृत्त भएर जानेछ।

हे राजन् ! जब तिम्रो अहंकार निवृत्त हुन्छ तब तिम्रा लागि सर्वात्मा नै प्रतीत हुनेछ र दुःखदेखि रहित शान्तरूप स्वप्रकाश हुनेछ।

हे राजन् ! लज्जारूपी बन्धन जहिलेसम्म निवृत्त हुँदैन तबसम्म आत्मपद मिल्दैन। लज्जा माने म हुँ, मेरो हो, तृष्णा, शोक, दुःख र ठूलो हुने इच्छा आदि जो मोह हो त्यो नै लज्जा हो। त्यसैले तिमी अहं मम देखि रहित होऊ। हे राजन् तिम्रो शत्रु जसले तिम्रो राज्य लिन इच्छा गरिरहेको छ त्यसलाई आफ्नू राज्य देऊ। चिन्ता रतिह भएर पुत्र, स्त्री, वान्धवहरूको मोहदेखि पनि रहित भै राज्यलाई त्याग। तिमी एकान्त देशमा स्थित होऊ र त्यही शत्रुको घरमा गएर भिक्षा माग। म ठूलो पुरुष हुँ भन्ने इच्छा नराख। त्यसैले उठ खडा होऊ।

यसप्रकार त्रितल ऋषिले उपदेश गरेपछि राजा उठेर खडा भै प्रणामगरी गुरुको उपदेश हृदयमा धारणा गरेर आफ्नू राज्यमा गई राज्य गर्न लागे। केही काल बितेपछि गुरुको वचन स्मरण गरी राजाले अग्निष्टोम यज्ञ गर्न आरम्भ गरे। अर्थात् सारा धनको त्याग गर्न लागे। हात्ती, घोडा, रथ, धन, द्रव्य, भूषण, वस्त्र सारा ऐश्वर्य ब्राह्मण गरीब, अर्थी, सारालोक र पुत्र स्त्री लाई दिएर आफ्नू जो शत्रु हो तिनलाई पृथ्बीको राज्य दिए। तीन दिनमा सारा धन, ऐश्वर्य र राज्य त्याग गरे। यसप्रकार राजा भगीरथले धोति गमछामात्र आफ्नू साथराखी अरू सारा सम्पद–राज्य शत्रुहरूले लिएपछि त्यहाँबाट राजा निक्ली बनतिर लागे हे राम ! यसरी राजा नदी, पर्वत, वन घुम्दै फिर्दै विचरण गरी शान्तपद आत्मामा स्थित भए। यसरी केही काल व्यतित भएपछि राजा भगीरथ फेरि आफ्नू देशमा पुगी जो आफ्नू शत्रु हुन् तिनको घरमा गै भिक्षा माग्न लागे। तब शत्रु र अरू सारा लोकहरूले देखेर राजालाई धन्यधन्य पुकार गरी पूजा, वन्दना गर्दै भन्न लागे– हे भगवन् ! तिमी यो राज्यलाई ग्रहण गर, किन्तु राजाले ग्रहण गर्नु भएन। जस्तो पृथ्बीमा पडिराखेको तृणलाई तुच्छ बुद्धि गरी ग्रहण गर्दैन त्यस्तै त्यस राज्यलाई ग्रहण गरेनन्। केही काल त्यहाँ बसेर फेरि आफ्नू गुरु त्रितल रहनु भएको आश्रममा अनिच्छित पुगे। तब गुरुले पनि राजालाई आत्मतत्त्व जानेर ग्रहण गरी गुरुशिष्य भावना देखि रहित भएर केही काल एक स्थानमा रही फेरि दुबै वनतिर विचरण गर्न लागे। रागद्वेष रहित केवल एकरस शान्त आत्मपदमा स्थित भए। तिनको न देह त्याग्ने इच्छा थियो, न देह राख्ने इच्छा थियो। इच्छा–अनिच्छा प्रारब्धमा स्थित राखी कलंकरूपी मलरहित आकाश झैं

निर्मल प्रकाशरूप समचित्त भएर रहे ।

हे रामजी ! फेरि केही काल वितेपछि भगीरथ त्यहाँबाट एक देशमा पुगी भिक्षा माँगिराखेको थिए । तब त्यो देशको मन्त्रीले देखेर जे जति गुण राजामा पाइन्छ त्यो यी महापुरूषमा देखिन्छ । त्यसैले राजा भगीरथ सित भन्न लागे हे भगवन् ! यस राज्यको राजा परलोक भएकाले तपाई यस राज्यलाई अङ्गीकार गर्नुहोस् भनी मन्त्रीले अनुरोध गरेपछि राजाले त्यस राज्यलाई ग्रहण गरे । न कुनै भलो भयो, न कुभलो । त्यत्तिकै स्वीकार गरी हात्तीमा चढेर सैन्य फौज सहित साज, बाज, वेणु, नगरा, ध्वनी साथ सुशोभित भै राजा राजदरवारमा प्रवेश गरी राज्य संचालन गर्न थाले ।

हे रामजी ! केही दिन पछि राजा भगीरथलाई खोज्दै आफ्नू पहिला देशका मन्त्री र प्रजाहरू आएर भने हे भगवन् ! जो शत्रुलाई तिमीले राज्य दिएका थियौ तिनलाई मृत्युले भोगगरी सक्यो । जस्तो माछाले कोमल मासुलाई खाइहाल्छ त्यस्तै उनलाई मृत्युले खाइसकेको छ । त्यसैले हे राजन् ! तिमी आफ्नू राज्य गर । यदि तिम्रो इच्छा नभए पनि राज्य गर । किनकि जो वस्तु अनिच्छित आइमिल्छ त्यसलाई त्याग गर्नु श्रेय हुँदैन । त्यसैले तिमी आफ्नू राज्य गर भनी देशवासी प्रजाहरूले विन्ति गरेपछि त्यस राज्यलाई पनि अङ्गीकार गरी राजा भगीरथले दुई राज्य सञ्चालन गर्न लागे । केही काल पछि पहिलेको वृतान्त सम्झी आफ्नू पूर्वज वंशहरूलाई कपिल देवको श्राप परी भस्म भै राखेका छन् तिनको उद्धार गर्नु परेको छ भनी सम्झेर चिन्तन गरी आफ्नू मन्त्रीलाई राज्य दिएर आफू एक्लै वनमा गै सहस्र वर्षसम्म तप गरी ईश्वरलाई खुशी तुल्याई गंगा आमालाई यस मर्त्य मण्डलमा ल्याएर आफ्नू पितृहरूको उद्धार गर्नु भयो।

त्यसपछि राजा भगीरथ समचित्त र शान्तपदमा स्थित भएर विचरण गर्न लागे। जस्मा न कुनै चिन्ता छ, न भय छ, न कुनै इच्छा छ। केवल शान्त आत्मपदमा स्थित भएर जस्तो हावा देखि रहित समुद्र अचल हुन्छ त्यस्तै संकल्प-विकल्प देखि रहित भएर स्थित भए। त्यसैले हे रामजी ! जस्तो राजा भगीरथ आफू आफैंमा स्थित भए त्यस्तै तिमी पनि स्थित होऊ।

हे रामजी ! सम्यकदर्शीलाई जगत् आत्मरूप प्रतीत हुन्छ। असम्यकदर्शी–अज्ञानीलाई जगत्‌रूपले प्रतीत हुन्छ। त्यसकारण तिमी सम्यकदर्शी भएर बस। सम्यक दर्शन कसरी मिल्छ? सत्‌को सङ्गत गर्नु, सत्शास्त्रको विचार गर्नु, आत्मभावना निरन्तर गरी दृढ तुल्याउनु। जब दृढ विचारको उदय हुन्छ, तब स्वरूपको साक्षात्कार हुन्छ।

हे रामजी ! संसारको बीज अहंकार हो। जब अहंभाव हुन्छ तब संसार देखिन्छ। त्यो अहंकार वस्तुरूप होइन भ्रमले सिद्ध भै राखेको छ। वास्तवमा नभएको वस्तुलाई त्याग्न के गाऱ्हो होला ? त्यसकारण हे राम ! अहंकारलाई ग्रहण नगर। तिमी आफू जस्ता हौ त्यसैमा स्थित होऊ।

सत्शास्त्र–ब्रह्मविद्याको वारंवार अभ्यास गर। सज्जनको संगत र परस्पर चर्चा गरिराखेपछि अहंकार नष्ट भएर जान्छ। आत्मा सदा अनुभवरूप हो। त्यसको विचार गर। म को हुँ, इन्द्रियादी के हो, संसार के हो ? यसको विचार गरी यिन्‌को साक्षी भएर बस। तब अहंकार नाश भएर जान्छ। अहंकार आत्मरूपमा कल्पित भएको हो, वास्तवमा भएको वस्तु होइन। केवल आत्मतत्व मात्र सत्य हो।

हे रामजी ! अहंकार अविचारले सिद्ध भएको छ, विचार गरेपछि क्षीण भएर जान्छ। जस्तो बादलले ढाकिएको

सूर्य प्रकाशित हुँदैन बादल हटेपछि प्रकाशित भै हाल्छ । त्यस्तै आत्मरूपी सूर्यलाई अहंकाररूपी बादलले ढाकिराखेको छ । जब अहंकाररूपी बादललाई हटाइदिन्छ तब आत्मरूपी सूर्य प्रकाश भै हाल्छ । त्यसैले अहंकारलाई नाश गर्ने उपाय गर ।

रानी चूडालाको वैराग्य विचार-७८

हे रामजी ! द्वापर युगको चतुर्थ चौघडीमा राजा शिखीध्वज थिए। उनी सम्पूर्ण पृथ्वीको तिलक, महान शूर-वीर,ऐश्वर्य,सम्पन्न, उदार, धैर्यवान र समचित्त, शान्तपदमा स्थित थिए । उनकी रानी चूडाला अत्यन्त सुन्दरी सम्पूर्ण कला सम्पन्न थिइन् । राजा रानीको परस्पर अत्यन्त स्नेह अत्यन्त प्रीति बढ्दै गयो । यसप्रकार अनन्त भोग विलास गर्दै दीर्घ काल व्यतीत हुँदै गयो । जस्तो चुहिने घैंटामा रहेको पानी विस्तार विस्तार निक्लेर जान्छ त्यस्तै राजा रानीको यौवन पनि विस्तार विस्तार निक्लँदै गयो । वृद्धावस्था आयो तब राजा रानीलाई वैराग्य उत्पन्न भयो । त्यसैले विचार गर्न लागे । यो संसार मिथ्या हो र विनाशी हो । एकनास केही रहँदैन त्यसैले यो भोग पनि मिथ्या हो । किनकि एतिका काल हामी भोगी राख्यौं परन्तु इच्छा पूर्ण भएन झन बढेर नै गयो । हामीहरूको यौवन अवस्था पनि वितेर गयो । जस्तो विजुलीको चमत्कार क्षणभर चमकेर बिति जान्छ त्यस्तै यौवन अवस्था पनि बितेर गयो । काल नजिक आइपुग्यो । जस्तो नदीको वेग तलतिर बगेर जान्छ त्यस्तै आयुर्बल व्यतीत हुँदै गयो । जस्तो हातमा पानी राखे बगेर जान्छ त्यस्तै यौवन अवस्था पनि बितेर गयो । जस्तो जलमा तरंग उब्जेर लीन हुन्छ त्यस्तै शरीर क्षणभंगुर हो । जाहाँ

चित्त जान्छ वहाँ दुःख पनि उसैको साथ गइहाल्छ। निवृत्त हुँदैन। जस्तो मासुको टुक्रा देखेर गिद्ध पछिलाग्छन् त्यस्तै जहाँ अज्ञान छ त्यहाँ दुःख पनि पछि लाग्छ। यो शरीर पनि नाश भएर जान्छ। जस्तो पाकेको आँप बोटमा रहिरहँदैन त्यस्तै शरीर पनि रहिराख्दैन नष्ट भइहाल्छ। जुन शरीर अवश्य नाश हुन्छ त्यसको के आस्था गरिराख्ने ? जस्तो सुकेको पात तल खसेर जान्छ त्यस्तै यो शरीर पनि यहाँबाट खसिहाल्छ। त्यसैले अब हामी केही गरौं। जसबाट संसार-रूपी विसूचिका निवृत्त होस्।

यो संसाररूपी विसूचिका ब्रह्मविद्याको मन्त्रले निवृत्त हुन्छ। ब्रह्मविद्याबाट ज्ञान उब्जन्छ र आत्मज्ञानबाट सारा दुःख निवृत्त भै जान्छ। यो सिवाय अरू कुनै उपाय छैन। त्यसकारण आत्मज्ञानका लागि हामी सन्तको आश्रममा जाऊँ। यस्तो विचार गरी राजा र रानी अत्यन्त उत्साह पूर्वक श्रद्धाभक्तिले आत्मज्ञानको चर्चा–वार्ता गरी आत्म-ज्ञानमै चित्त लगाएर आपसमा उसैको विचार गर्दै अन्तमा उनी ज्ञानवान्को आश्रयमा पुगे। जो संसार समुद्रबाट तारिदिने आत्मबेत्ता थिए। उनको पूजा गरी प्रश्न गरेर राजा रानी ब्रह्मविद्या सुन्न लागे।

आत्मा शुद्ध, आनन्दरूप, चैतन्य र एक हो। जसलाई पाए पछि दुःख निवृत्त भएर जान्छ। यस्तो महावाक्य सुनेर रानी चूडाला विचार गर्न लागिन्। म को हुँ ? यो संसार के हो ? यो संसारको उत्पत्ति कसरी भयो ? यस्तो विचार गरेर तिनले जानिन् कि यो शरीर पञ्च तत्वको हो, त्यो म होइन। किनकि शरीर जड हो। कर्म इन्द्रिय पनि जड हो। जस्तो शरीर हो त्यस्तै शरीरको अङ्ग पनि हो। त्यसको चेष्टा ज्ञानेन्द्रियबाट हुन्छ। त्यो ज्ञानेन्द्रिय पनि म होइन।

किनकि त्यो पनि जड हो । मनले मनको चेष्टा गर्छ त्यो मन पनि जड हो । त्यसमा संकल्प–विकल्प चेतन हो त्यो बुद्धिबाट हुन्छ । बुद्धि पनि जड हो । किनकि उनको निश्चय चेतना हो त्यो अहंकारले हुन्छ । त्यो अहंकार पनि जड हो । किनकि उसमा अहं चेतनाले हुन्छ । त्यो चेतना पनि जीवबाट हुन्छ त्यो जीव पनि म होइन, किनकि यो जीवत्व स्फुरणरूप हो र मेरो स्वरूप स्फुरण रहित अखण्ड अविनाशी सदा उदय-रूप र सन् मात्र हो । अहो ! ! आज मेरो ठूलो कल्याण भयो । धेरै कालपछि मैले आफ्नू स्वरूपलाई पाएकी छु । जो अवि-नाशी, अनन्त र आत्मा हो । जस्तो शरत्कालको आकाश निर्मल हुन्छ त्यस्तै म निर्मल र रागद्वेषरूपी तापरहित चिन् मात्र पद हुँ । अहं-त्वंदेखि रहित हुँ । ममा स्फुरण छैन त्यसैले शान्तरूप हुँ । जस्तो क्षीरसमुद्र मन्दराचलदेखि रहित शान्तरूप हो त्यस्तै म चित्त देखि रहित अचल र अद्वैत हुँ । मेरो कहिले पनि स्वरूपदेखि परिणाम प्राप्त हुँदैन । यस्तो जुन चिन्मात्र पद हो उसलाई ब्रह्मवेत्ताहरूले ब्रह्म र परमात्मा, चेतन संज्ञा बताएका छन् । त्यो आत्मा नै मन बुद्धि आदि दृश्य संसाररूप भएर फैलिएको छ । स्वरूपदेखि अच्युत हो र स्फुरणले आकार भासित हुन्छ परन्तु आत्मादेखि भिन्न केही होइन ।

हे रामजी ! यसप्रकार चूडालाले आफूलाई जानिन् कि म सन्मात्र स्वच्छ अक्षर र निर्मल हुँ । ममा अहं-त्वं, एक र द्वैत कुनै छैन जन्म-मरण पनि छैन । यो संसार चित्तले भासेको छ र आत्मस्वरूप हो । देवता, यक्ष, राक्षस आदि सबै आत्मरूप हो । जस्तो तरंग समुद्रदेखि भिन्न छैन, त्यस्तै आत्मादेखि कुनै वस्तु भिन्न छैन । द्रष्टा, दर्शन, दृश्य यो पनि आत्माको सत्ताले चेतन भएको छ । यिनको स्वयं आफूमा

सत्ता केही छैन । ममा अहं उत्थान कहिले पनि छैन । म आफू आफैमा स्थित छु । अब यही पदलाई आश्रय गरेर म चिरकाल पर्यन्त यस संसारमा विचरण गर्नेछु ।

यस प्रकार रानी चूडाला विचार गर्दै भोग वासनादेखि निवृत्त भएर केवल शान्त पद पाएर आफ्नू आत्मस्वभावमा स्थित भइन् ।

चूडाला–आत्मलाभ वर्णन–७९

हे रामजी ।! यस प्रकार चुडालाले विचारद्वारा आत्म-लाभ गरी केवल शान्त पदमा स्थित भइन् तब राजा शिखीध्वज रानीलाई देखेर आश्चर्यवान भएर रानीलाई भन्छन् हे अङ्गने ! तिमीले फेरि यौवन अवस्थालाई पायौ कि ? अथवा अमृतको सार पीएर अमर भयौ ? वा कुनै योगेश्वरले यो कला सिकाइदिए ? अथवा तीन लोकको ऐश्वर्य तिमीलाई मिल्यो ? हे अङ्गने ! तिमीलाई के वस्तु मिलेको छ ? तिम्रो चित्तवृत्ति देखेर यस्तो जानिन्छ कि त्रिलोकको राज्य भन्दा बढ्ता कुनै पदार्थ पायौ कि ? तिमीले ठूलो आनन्द पायौ कि ? जसको आदि-अन्त कुनै देखिंदैन र तिमीमा भोगवासना पनि देखिंदैन। शान्त रूपभएकि छ्यौ जस्तो शरद कालको आकाश निर्मल हुन्छ त्यस्तै तिमीमा निर्मलता देखिन्छ । तिम्रो सेतो कपाल पनि अत्यन्त राम्रो देखिन्छ । त्यसैले भन हे सुन्दरी ! तिमीलाई कुन वस्तु मिलेको छ ?

चूडाला भन्छिन्– हे राजन् ! यो जे जति देखिन्छ त्यो सबै तुच्छ हो। किञ्चित् मात्र हो । यसदेखि रहित जो निर्ष्किचन पद हो त्यसलाई पाएर म श्रीमान बनेकी छु । जसको आकार निर्ष्किचन छ र जसमा अरू केही छैन, त्यसैलाई पाएर म श्रीमान भएकी हुँ ।

जे जति भोग छ त्योदेखि रहित भएर अभोग (आत्म ज्ञान) पाई भोग भोगेकी छु। त्यो भोगले तृप्त भएकी छु। अर्थात् आत्मज्ञान मैले पाएकी छु र आत्मामा विश्राम गरेकी छु। जहाँबाट सदा शान्तरूप भएर रहेकी छु।

हे राजन्।! जे जति राजभोग सुख हो त्यसलाई त्यागेर परम सुखलाई भोगेकी छु। राग-द्वेषदेखि रहित भएर म कस्ती छु, अथवा छैन, किं वा मनै स्थित छु। जे जति आँखाले देखिन्छ, इन्द्रियले जान्दछ र मनले चिन्तन हुन्छ त्यो सबै मिथ्या स्वप्न जस्तो हो। म त्यहाँ स्थित भएकी छु जहाँ इन्द्रिय र मनको गति पुग्दैन, अहंकारको उत्थान हुदैन्, त्यो पदलाई मैले पाएकी छु।

जो सबैको आधार र सबैको आत्मा हो। जो सबैको अमृत हो। त्यसको सार अमृत मैले पान गरेकी छु। त्यसैले मेरो कहिले पनि नाश हुँदैन र कुनै पनि भय छैन।

हे रामजी! यसप्रकार रानीले बताए पछि रानीको त्यो ज्ञान वचन राजाले बुझ्न सकेनन्। तब हाँसेर भन्छन् हे मूर्ख स्त्री! यो तिमीले के बताएकी हौ। जुन प्रत्यक्ष वस्तु लाई झुठो बताउँछ्यौ र भन्छ्यौ कि म देख्दिन। असत् वस्तु जो देखिंदैन त्यो सत्य भनी वताउछ्यौ र म देख्दछु भन्छ्यौ। यो तिम्रो वचन कसले मान्छ। तिमी फेरि भन्छ्यौ कि यो भोगलाई मैले त्यागिदिएकी छु र भोग रहित जो अभोग हो त्यसको म भोग गर्छु। कहिले भन्छ्यौ कि म केही होइन फेरि भन्छ्यौ म ईश्वर हुँ। यसले माहा मूर्खता देखिन्छ। त्यसैमा तिम्रो चित्त प्रसन्न भए त्यस्तै गर। परन्तु यो कुरा सुनेर कसैले सत्य भन्ने छैन। तिमीले शोभा पनि पाउने छैनौ भनी उठेर स्नान गर्न गए। तब रानीले मेरो वचन राजाले विश्वास गरेनन् भनि खेद गरिन्।

हे रामजी ! संसाररूपी वृक्षको बीज वासना नै हो । दशै दिशामा त्यो वृक्षको पात छ, शुभ-अशुभ कर्म उसको फूल हो र स्थावर जंगम फल हो । जस्तोजस्तो वासना पुर्यष्टकसित मिलेर जीव गर्छ त्यस्तै फल पाउँछ । त्यसैले वासनालाई त्याग गर । वासना नै संसाररूपी वृक्षको बीज हो ।

हे रामजी ! निर्वासनिक हुनु नै पुरूष प्रयत्न हो । जस्तो सूर्यको उदय भए संसाररूपी अन्धकार निवृत्त हुन्छ । त्यस्तै ज्ञानरूपी सूर्य उदय भए संसाररूपी अन्धकार नष्ट भै हाल्छ ।

हे रामजी ! आधिव्याधि ठूलो रोग हो । त्यो मनले हुन्छ । जब चित्त शान्त हुन्छ तब कुनै रोग रहँदैन । जबसम्म चित्तशान्त हुँदैन तबसम्म आधि-व्याधि रहिरहन्छ ।

आधि-व्याधि (रोग), तब हुन्छ जब मनुष्यको चित्त निर्वासनिक हुँदैन । जब चित्त शान्त हुन्छ तब रोग कुनै रहँदैन । त्यसैले निर्वासनिक पदमा स्थित होऊ ।

हे रामजी ! गुरू शास्त्रले जनाइदिन्छ कि तिम्रो स्वरूप आत्मा हो । परन्तु इदं (यो) भनेर देखाउँदैन । विचार गरे पछि आफूलाई आफैले देख्छ । विचार रहित भए उसलाई देख्न सक्तैन । आत्मा कुनै इन्द्रियको विषय होइन । त्यो आफू आफै मूलरूप हो । इन्द्रिय कल्पित हो । सबै इन्द्रियलाई विस्मरण गरे आफ्नू मूल स्वरूप तिमीलाई नै भासित हुनेछ ।

धन, जन, तप र कर्मले आत्मपद मिल्दैन । केवल आफूलाई आफैले पाउँछ ।

हे रामजी ! ब्रह्म सत्, चित्, आनन्द स्वभाव हो । जो त्यो परब्रह्ममा एकत्व भावले लिन हुन्छ त्यो सदा त्यही भावमा रहन्छ । त्यो परम शक्तिको धनि हुन्छ । त्यसको अविद्या नाश भै हाल्छ ।

हे रामजी ! आत्मसत्ता आकाश जस्तो सर्वत्र पूर्ण

छ । जबसम्म उसको भान हुँदैन तबसम्म मनको ताप नाश हुँदैन । जब आत्मसत्ताको भान हुन्छ तब शान्ति प्राप्त हुन्छ । जसले अखण्ड निश्चय धारण गरेको छ त्यसलाई दुःखले स्पर्श गर्दैन । त्यो ब्रह्मदर्शी हो ।

हे रामजी ! यो जुन मोक्षदायक उपदेश तिमीलाई मैले बताएँ यसको विचारले चाँडैनै स्वरूपको प्राप्ति हुन्छ । त्यसैले सर्वदा यसको विचार गर्नु कर्तव्य हो । जब राम्रोसित विचार गर्छौ तब तिम्रो चित्त निर्वासनिक हुनेछ ।

शिखीध्वजको वैराग्य–८४

हे रामजी ! जस्तो प्वाल नभएको मोतीमा धागो पस्दैन त्यस्तै चूडालाको उपदेश राजाको हृदयमा प्रवेश हुन सकेन । जबसम्म श्रद्धा र विचारको उदय हुँदैन, स्वरूपको दृढ अभ्यास गरिदैन, तबसम्म ब्रह्माजीले उपदेश गरे पनि ज्ञान प्राप्त हुँदैन । किनकि आत्मा आफूलाई आफैले जान्न सकिन्छ । आत्मा इन्द्रियको विषय होइन । सबैको आफ्नू स्वरूप हो । जो अधिष्ठानरूप हो र स्वभाव हो त्यसैले आफूलाई आफैले प्राप्त गर्नु पर्छ ।

हे रामजी ! राजा सिखीध्वज जब रानीबाट विमुख भएर स्नान गर्न गएका थिए तब राजाको मनमा वैराग्य उदय भयो कि यो संसार मिथ्य हो, मैले धेरै भोग भोगिसकें तैपनि हृदयमा शान्ति मिलेन । यो भोगको परिणाम दुःखदायक हो । यस्तो विचार गरेर राजाले गाई, पृथ्वी, सुन, धन, द्रव्य ऐश्वर्य आदि सारा पदार्थ ब्राह्मणलाई दान दिएर अरू गरीब अतिथि सबैलाई जे जस्तो दिनु पर्ने अन्न, वस्त्र आदि सम्पदहरू बाँडिदिए ।

हे रामजी ! त्यसपछि राजाको मनमा तीर्थयात्रा गरूँ

त्यहाँबाट शान्ति मिल्नेछ भन्ने विचार आयो र तीर्थ यात्रा गर्न गए । त्यहाँ स्नान-दान, भगवत् पूजन, सन्त महापुरुषको दर्शन गरी केही काल पछि राजा घरमा आए । यसरी स्नान दानबाट र राज्य सुखबाट राजालाई वैराग्य आयो । परन्तु शान्ति मिलेन । जस्तो चन्द्रमाविना कमलिनीले शान्ति पाउँदैन त्यस्तै ज्ञानविना राजालाई शान्ति मिलेन । त्यसैले विचार गर्न लागे– यो भोग मिथ्या हो, एक दिन नाश भएर जान्छ, यस्मा सुख केही छैन । आत्मसुख महानसुख हो, जो पाएपछि जन्म–मरण रूपीमहान दुःखबाट मुक्त हुन्छ । त्यसैले अब म तप गर्नको लागि वनमा जान्छु भनी विचार गरी मध्य रातमा शैयाबाट उठेर रानी चुडाला तथा राज्यलक्ष्मी-लाई त्यागेर राजदर्वारदेखि बाहिर निकली भयानक जंगल-तिर लागे । ठूला–ठूला पाहाड, पर्वत, जंगल नदी, पारगर्दै बाह्र दिन पछि मन्दराचल पर्वतको नजिक एक तलाउको समीपमा पुगेर त्यहाँ बस्नको लागि एक झुपडि बनाई त्यसैमा विश्राम गरी विहान स्नान, जप, पूजा, पाठ गरी ध्यानमा बसेर दिन ब्यतित गर्दै रहेका थिए यता रानी चूडाला आधा रात पछि जागेर हेर्दा राजालाई नदेखी, कता जानु भयो भनी योगमा स्थित भै आकाशमा उडी देहलाई अन्तरध्यान गरी हेर्न लागिन् । राजा तपको लागि जंगलतिर गैराखेको देखी अत्यन्त खुशी भै केही कालपछि भेटेर राजालाई जगाउनु पर्ला भनी रानी दरबारमा आइन् र आफ्नू प्रजाहरूलाई सुख र शान्ति दिएर राज्य चलाइन् । यसरी आठ वर्ष बितेपछि रानी चूडालाले विचार गरिन् कि अब राजालाई उपदेश दिएर स्वरूपमा जगाउनु पर्छ भन्ने विचार गरेर योगमा स्थित भै आकाश मार्गबाट पर्वत, नदी, समुद्र पार गर्दै मन्दराचलको पवित्र एकान्त स्थलमा पुगेर यताउता हेरिन् ।

राजा एक झुपडि कुटिया भित्र एक मृग चर्ममा बसेर ध्यान गरिराखेको देखी रानीले विचार गरीन्– अहो ! जहाँ कुनै जीवको गति छैन यस्तो घनघोर जंगलमा आएर राजाले तप गर्न लागेका छन् स्वरूपको ज्ञान छैन । प्रमादले जड बनेका छन् । अब कुनै प्रकारले आफ्नू स्वरूपलाई प्राप्त गर्नुछ । मेरो यो शरीरबाट राजालाई ज्ञान उत्पन्न हुने छैन । किनकि राजालाई अभिमान हुनेछ कि यी मेरी स्त्री हुन् । मैले सारा राज्य छोडि जंगल आएँ । फेरि मलाई दु:ख दिन यहीं आइन् भनी संझने छन् । त्यसैले अब अर्को शरीर धारण गर्छु भनी विचार गरिन् र रानी चूडालाले तत्कालमै ब्रह्मचारी शरीर धारण गरिन् । जस्तो पानीको तरङ्ग एक स्वरूपलाई छोडी अर्को स्वरूप वनिहाल्छ । त्यस्तै बनी हातमा रूद्राक्षको माला र कमण्डलु लिएर सदाशिव जस्तो निधारमा चन्द्रमा विभूति लगाई मृग चर्म काखिमा च्यापेर अत्यन्त राम्रो शरीर धारण गरी विस्तार विस्तार राजा बसेको कुटियामा पुगिन् । आफ्नू कुटियामा आउनु भएका अत्यन्त सुन्दर योगिलाई देखेर राजाले आशनबाट उठेर अत्यन्त प्रेमले नमस्कार गरी पाउमा फूलमाला चढाएर आफू बसेको आसनमा राखेर भन्न लागे–हे देव पुत्र ! आज मेरो ठूलो भाग्यउदय भएको छ । जो तपाई जस्तो माहापुरूषको दर्शन मिल्यो । हे देव पुत्र ! तपाई यहाँ काहाँबाट कसरी आइपुग्नु भो ?

देव पुत्र भन्नु हुन्छ–हे राजन् ! म ठूला ठूला पर्वत हेर्दै, तीर्थ स्नान गर्दै आएको हुँ जस्तो भावना तिम्रो भित्र देखें त्यस्तो कुनैमा मैले देखिन ।

हे राजन् ! तिमीले ठूलो तप गरेका छौ । तिमीले सबै

इन्द्रियलाई जितेको देखिन्छ। म जान्दछु कि तिम्रो तप खड्गधार झैं तीखो छ त्यसैले तिमी धन्य हौ। तिमीलाई नमस्कार छ। परन्तु हे राजन् ! आत्मयोगका लागि पनि तिमीले केही तप गरेका छौ ? अथवा गरेका छैनौ ? तब राजा फूलको माला लगाइदी पूजा गरी भन्नु हुन्छ हे देव पुत्र ! आज मेरो भाग्योदय भएकाले तपाई जस्तो महापुरुषको दर्शन पाएँ, तपाईको दर्शन दुर्लभ हो।

कुम्भज शिखीध्वज सम्वाद ८७

हे देव पुत्र ! म राजा हुँ। शिखीध्वज मेरो नाम हो। संसार दुःखदायक भासित भयो। बारम्बार जन्म र मरण यहाँ दृष्ट हुन्छ। त्यसैले राज्यलाई त्यागेर यहाँ, म तप गर्न लागेको हुँ। म तीन काल संन्ध्या र जप गर्छु तैपनि मलाई शान्ति मिलेन। त्यसैले जसरी मेरो दुःख निवारण हुन्छ त्यही उपाय बताउनुहोस्।

हे देव पुत्र ! मैले धेरै तीर्थ गरें, धेरै देश र स्थान घुमें परन्तु अहिले यही वनमा आइबसेको छु, तैपनि मलाई शान्ति छैन। देव पुत्र भन्छन्–हे राजन् ! तिमीले राज्यलाई त त्याग्यौ तर तपरूपी खाल्टामा खस्यौ। यो तिमीले के गरेका हौ? जस्तो पृथ्वीको क्रम फेरी पृथ्वीमा नै रहन्छ। त्यस्तै तिमी एक खाडललाई त्यागी अर्को खाडलमा आइपुगेका छौ। जसको निम्ति राज्यलाई त्याग गर्‍यौ, त्यसलाई जानेनौ। यहाँ आएर तिमीले एक लट्ठी, मृगको छाला र फूल राखेका छौ। त्यसले त शान्ति मिल्दैन।

हे राजन् ! यसबाट आफ्नू स्वरूपमा जाग। जब स्वरूपमा जाग्छौ तब सबै दुःख निवृत्त हुनेछ। ज्ञानलाई पाएपछि कुनै दुःख रहँदैन, सबै आनन्दको आनन्द ज्ञान हो।

अज्ञानीको लागि कर्म श्रेष्ट हो। किनकि उनी पाप कर्म

गर्छन् । तब नरकको प्राप्ति हुन्छ । त्यसैले तप र दान गरेर स्वरूपको प्राप्ति हुँदैन तर पनि अज्ञानीको कर्म नै श्रेष्ठ हो किनकि नरक भोगेर स्वर्गमा रहन पाउँछ ।

हे राजन् ! कर्मले शान्ति मिल्दैन । त्यसैले तिमी किन यस्तो खाल्टामा परेका छौ । पहिले तिमी राज्यबासिथियौ अब वनबासिभयौ । यो के गरेका हौ ? अज्ञानले मूर्खताबस अज्ञानमै परिराखेका छौ । जबसम्म तिमीलाई क्रियाको भान हुन्छ कि म यो गरूँ तबसम्म प्रमाद रहन्छ । यसबाट दुःख निवृत्त हुँदैन । त्यसैले निर्वासनिक भएर आफ्नू स्वरूपमा जाग। निर्वासनिक हुनु मुक्ति हो । वासनासहित बन्धन हो । निर्वासनिक हुनु नै पुरूष प्रयत्न हो । जबसम्म वासना सहित हुन्छ तबसम्म अज्ञानी हो । जब निर्वासनिक हुन्छ तब ज्ञेयरूप हो । सदा ज्ञेयको भावनागरी राख्नेलाई निर्वासनिक भन्छन् । ज्ञेय आत्मस्वरूपलाई भन्छन् । केवल चिन्मात्र पदमा स्थित हुनुको नाम ज्ञेय हो ।

हे राजन् ! तिमीले आफ्नू स्वरुपलाई नै जान्नु थियो । तब यो जङ्गलमा के का लागि परेका हौ ? आत्मज्ञानविना अरु अनेक यत्न गरे पनि शान्ति मिल्दैन । जस्तो हावाले रहित वृक्ष शान्तरूप हुन्छ त्यस्तै जब वासना निवृत्त हुन्छ तब शान्त पदप्राप्त हुन्छ ।

हे रामजी ! यसरी देव पुत्रले बताए पछि फेरि राजा भन्नु हुन्छ। हे भगवन् ! तिमी मेरा पिता हौ, तिमी नै गुरु हौ र तिमी नै कृतार्थ गरिदिने देव हौ । वासनाले गर्दा मैले ठूलो दुःख पाएको छु । जस्तो कुनै वृक्षको हाँगा, पात, फूल, फल सुकेर गए एक ठूटो रहन्छ त्यस्तै ज्ञानविना म पनि ठूटो जस्तो भएको छु । त्यसैले कृपा गरेर मलाई शान्ति दिनुहोस् ।

देव पुत्र भन्छन् हे राजन् ! तिमीले त्याग गरेर सन्तको

संगत गर्नु उचित थियो। यस्तो प्रश्न गर्नु पर्थ्यो कि बन्ध के हो ? मोक्ष के हो ? म को हुँ ? यो संसार के हो ? त्यसको उत्पत्ति कहाँबाट भयो ? र लीन कसरी हुन्छ ? तिमीले यो के गरेका हौ। सन्त संगविना वनको ठूटोसेवन गरिरहेछौ। अब सन्त जनको आश्रय गरेर निर्वासनिक होऊ। जब निर्वासनिक भइन्छ तब सुख मिल्छ ।

हे राजन् ! म तिमीलाई उपदेश गर्छु त्यो हृदयमा धारणा गर, तिमीले हृदयमा धारण नगरे मैले भनेर के हुन्छ ?

हे राजन ! आत्मरूपी सूर्य जो आफू आफैमा स्थित छ। त्यो अहंकाररूपी बादलले ढाकिएको छ। जब ज्ञानले आत्मालाई जानिलिन्छौ तब आत्मा प्रकाशित हुन्छ । अन्यथा भासित हुँदैन ।

जस्तो कुनै पुरुष घोडा चढेर दौडन्छ उसको बृत्ति घोडैमा हुन्छ । त्यस्तै जसको आत्ममा दृढ निश्चय हुन्छ उसलाई आत्मादेखि भिन्न कुनै भासित हुँदैन ।

हे राजन् ! आत्मालाई पाउन सुगम छ। जो सुखपूर्वक मिल्छ र अत्यन्त आनन्द प्राप्त हुन्छ । तप आदि क्रिया गरेर कष्टले सिद्ध हुन्छ परन्तु स्वरूपसुख मिल्दैन । तिमीले जुन तप क्रियाको आरम्भ गऱ्यौ र त्यसको फल जानिलियौ त्यो ज्ञान भन्दा यो अत्यन्त उत्तम ज्ञान हो। जो मैले बताएँ फेरि बताउँछु, जसबाट तिम्रो भ्रम निवृत्ति भैहाल्नेछ र आत्मपद पाउनेछौ ।

हे राजन् ! तिमीले सबै त्याग त गऱ्यौ परन्तु यो जानेनौ कि म अक्रिय हुँ । यो क्रयाको आरम्भ किन गरेका हो, त्यसैले तिमी फेरि बन्धनमा बाँधियौ ।

हे राजन् ! जो पुरुष यो बन्धनबाट मुक्ति भएको छ, त्यो मुक्त हो । जसको चित्त अनात्मअभिमानमा बाँधि-

एको छ अर्थात् "मलाई यो मिलोस्" भनी इच्छा गरिरहन्छ त्यसले दुःख पाउँछ ।

जो पुरुषले वैराग्य र विचाररूपी दाँतले आशारूपी जन्जीरलाई काटेको छैन त्यसले कहिले पनि सुख पाउँदैन । विवेकले वैराग्य उब्जन्छ र वैराग्यले विवेक हुन्छ । विवेक हो सत्यलाई सत्य जान्नु र असत्य देहादिलाई असत्य भनी जान्नु । जब यस्तो जान्दछ तब असत्यतिर भावना हुँदैन त्यो वैराग्य हो । वैराग्यले विवेक उत्पन्न हुन्छ विवेकले वैराग्य हुन्छ । यहि विवेक र वैराग्यरूपि दाँतले आशारूपी फाँसीलाई काट । तब सारा दुःख हटेर जानेछ ।

शिखीध्वज सर्वत्याग वर्णन–६२

हे राजन ! ब्रह्मवेत्ता र ज्ञानीमा श्रेष्ठ साक्षात् ब्रह्म स्वरूपी र सत्यवादिनी जो तिम्री स्त्री चूडाला हुन् उनले तिमीलाई उपदेश दिएकी थिइन् । परन्तु तिमीले उनको वचनलाई निरादर गऱ्यौ र मूर्खताले उपदेश अङ्गिकार गरेनौ । फेरि दोश्रो मूर्खता यो हो कि सर्वत्याग नगरे र फेरि वनको आश्रयमा आयौ । जो सर्वत्याग गरे सारा दुःख मेटिएर जाने थियो ।

हे रामजी ! देवपुत्रले यसरी बताए पछि राजा भन्नु हुन्छ – हे देव पुत्र ! मैले त स्त्री, राज्य, पृथ्वी, मन्दिर हाती घोडा सारा ऐश्वर्य र कुटुम्बलाई त्याग गरेको हुँ । तपाइँले के भन्नु भएको त्याग गरेनौ ?! देवपुत्र भन्नुहुन्छ– हे राजन् ! तिमीले के त्याग गऱ्यो ? राज्यमा तिम्रो के थियो ? जस्तो ऐश्वर्य पहिले थियो त्यस्तै अहिले पनि छ । स्त्रीहरू पनि जस्तो अरू मनुश्य छन् त्यस्तै अहिले पनि छन् । पृथ्वी, मन्दिर हात्ती जस्तो पहिले थियो त्यस्तै अहिले छ । त्यसमा

तिम्रो के थियो ? जो त्याग गर्‍यौ ?

हे राजन् ! सर्वत्याग तिमीले अहिले पनि गरेका छैनौ । जो तिम्रो हो त्यसलाई त्याग गर । तब तिमीले निर्दुःखपद पाउने छौ ।

जब यसप्रकार देवपुत्रले बताए तब शूरबीर जो इन्द्रियजित् राजा थिए तिनी मनमा विचार गर्न लागे– कि यो लठ्ठी, फलफूल, मृग छाला, कुटी, कमण्डलु, माला, आसन र वासन इत्यादि सामग्री जो थियो त्यो सबै अग्निमा हवन गरिदिए अर्थात् त्याग गरिदिए ।

जस्तो पाकेको फलले वृक्षलाई त्यागिदिन्छ त्यस्तै राजा सम्पूर्ण सामग्रीलाई त्यागेर निर्विघ्न भए । वसिष्ठ भन्नुहुन्छ हे रामजी ! निदान सम्पूर्ण सामग्री जलेर भष्म भयो । जस्तो दक्ष प्रजापतिको यक्ष स्वाहा भएको थियो त्यस्तै जे जति सामग्री थियो त्यो सबै स्वाहा भएर गयो । तब राजाले मनमा विचार गरे कि जो कुछ वस्तु मनको संकल्पले रचेको थियो कि मेरो हो, त्यो जलाइदिएँ । अब त्यसमा न मलाई हर्ष छ, न शोक छ । यो सबै दुःख ममत्त्वले हुन्छ त्यो मेरो ममत्त्व अब कुनैमा छैन । अब म ज्ञानवान् भएँ । अब मेरो जय भयो । किनकि निश्चित, निर्मल भएर सबै पदार्थ मैले त्यागगरि दिएँ । अब म निर्मल भएँ, सर्व त्याग गरें । यस्तो विचार गरेर राजा उठेर हातजोरी भन्छन्– हे देव पुत्र । अब त मैले सारा त्यागी दिएँ । किनकि आकाश मेरो वस्त्र हो, पृथ्वी मेरो शैया हो भनेपछि कुम्भज मुनि भन्छन् हे राजन्! अब पनि सर्वत्याग भएको छैन । जो तिम्रो हो त्यसलाई त्याग गर तब तिम्रो सारा दुःख-भ्रम निवृत्त भएर जानेछ । फेरि राजा भन्छन् –

हे भगवन् ! अव मेरो साथ केही छैन नङ्गा भएर

तिम्रो अगाडि उभिएको छु। अब एक रगतमासुको इन्द्रिय-लाई धारण गर्ने वाला देह छ यदि त्याग भन्नु हुन्छ भने त्यसलाई पनि त्यागिदिऊँ। पर्वतमा गएर खसिहालुँ? यस्तो भनेर राजा पर्वततिर दौडे। तब कुम्भज मुनिले रोकेर भन्नु भो– हे राजन्! यस्तो पुण्यवान् देहलाई किन त्याग्छौ? यसलाई त्यागेर सर्वत्याग हुँदैन। जसलाई त्यागे पछि सर्वत्याग हुन्छ उसलाई त्याग गर। यो देहमा के दूषण छ। जस्तो वृक्षमा फूल, फल हुन्छ जब हावा आउँछ तब खसेर-जान्छ। त्यो फल, फूल खस्नुको कारण हावा हो। वृक्षमा दूषण छैन, त्यस्तै देहमा कुनै दूषण छैन। यो देहलाई पालि-राख्ने जो अभिमान हो उसलाई त्याग गरे सर्वत्याग सिद्ध-हुन्छ।

हे राजन! देह त सबै गुणी हो। जसले जे जति त्यसलाई दिन्छन् त्यो नै लिन्छन्, आफु बोल्दैन जड् हो। त्यसलाई त्यागेर के सिद्ध हुन्छ, जस्तो हावाले वृक्ष हल्लाउँछ र भूकम्पले पर्वत काम्छ त्यस्तै देह आफैं केही गर्दैन अरूको प्रेरणाले चेष्टागर्छ। जो प्रेरणा गर्नेवाला हो त्यसलाई त्यागिदिए सुखि भइहाल्छ।

हे राजन्! जसमा सबै छ, जसमा सर्व शद्ध छ र जो सबैतिरबाट त्याग्न योग्य हो उसलाई त्यागगर। तब तिम्रो सारा दुःख मिटेर जानेछ।

राजाले सोध्नु भो– हे भगवन्! त्यो कुन हो जो सर्व हो र जसमा सर्वशद्ध छ। जो सबैतिरबाट त्याग्न योग्य हो। हे तत्त्ववेत्ताहरूमा श्रेष्ठ! जसलाई त्याग गरे पछि जरा, मृत्यु नाश भएर जान्छ, त्यो बताउनू होस्।

कुम्भज मुनि भन्छन् – हे राजन्! जसको नाम चित्त हो, प्राण हो र देह हो, त्यस्तो जुन चित्त हो त्यसलाई त्याग

गर । जस्तो सर्प प्वाल भित्र पसे प्वालको दूषण हुँदैन विष सर्पमै छ, त्यसले डसेर मार्छ त्यसैले उसलाई नाशगर्ने उपाय गर । सर्वशद्ध पनि यही चित्त मै छ । आत्मा त मात्र पद हो । उसमा न एक भन्नु छ न द्वैत भन्नु छ । सबैतिरबाट यिनै चित्त-लाई त्यागगर्नु योग्य हो । जब यो चित्तलाई त्याग्छौ तब त्यागरूपी अमृतले अमर भइहाल्नेछौ र जरा मृत्युदेखि रहित हुनेछौ । यदि चित्तलाई त्याग गरेनौ भने फेरि देह-धारणगरी दुःख पाउनेछौ ।

जस्तो खेतमा धेरैदाना अन्न उब्जिन्छ । जब खेत नै जलेर जान्छ तब अन्न उब्जँदैन । त्यस्तै यो देह जरा–मृत्यु दुःखसंसार हो । त्यसको बीज चित्त हो । जस्तो अनेक दाना अन्नको कारण क्षेत्र हो । त्यस्तै संसारको दुःखको कारण चित्त हो । त्यसैले हे राजन् चित्तलाई त्याग गर । जब यसलाई त्याग गर्छौ तब सुखी हुनेछौ । जसले सर्वत्याग गरेको छ, त्यो सुखी भएको छ ।

देह कुटुम्ब र गृहस्थ आदि जो आश्रम हो त्यो सबै चित्तले कल्पेको हो । जबसम्म चित्तको त्याग हुँदैन तबसम्म केही त्याग भएन । जब चित्तको त्याग हुन्छ तब सर्वत्याग भयो ।

हे राजन् ! जो पुरूष कुनै वस्तुको चाहना गर्दैन उसको सबैले पूजा गर्छन् । जसले चाहन्छ कि यो वस्तु मलाइ देऊ तब उसलाई कसैले दिंदैन । त्यसैले सर्वत्याग गरेर सुखी भइहाल्छ ।

सर्वत्याग गरेपछि सर्व तिमीनै हुन्छौ र सर्वात्मा भएर सम्पूर्ण ब्रह्माण्ड आफैंमा देख्ने छौ। जस्तो मालाको दानामा धागो हुन्छ दाना पनि धागाकै आधारमा रहन्छ त्यस्तै देख्ने छौ कि म सबै समयमा एक रस हुँ, ममा नै ब्रह्माण्ड स्थित छ र म नै अविनाशी हुँ, मदेखि भिन्न कुनै होइन ।

हेराजन् ! जसले सर्व त्याग गरेकोछ उनी सुखी हुन् तिनी समुद्र झैं थित हुन्छन् । उनको कुनै दुःख हुँदैन् । त्यसैले तिमी चित्लाई त्याग गर । यो चित्को नाम हो चित्त, मन, अहङ्कार, जीव र माया ।

हे राजन् ! आफ्नू ऐश्वर्यलाई त्यागी अरूसित भिक्षा मागेर त चित्त वश हुँदैन । चित्त तब नै वश हुन्छ जब पुरूष निर्वासनिक हुन्छ । जबसम्म चित्त स्फुर्छ तबसम्म सर्वात्मा हुँदैन । जब यो स्फुरण निवृत्त हुन्छ तब चित्तको त्याग हुन्छ । जब चित्तत्यागको पनि त्यागको अभिमानले रहित हुन्छौ तब सर्वात्मा हुनेछौ। त्यसैले चित्तलाई त्याग गर तब त्यो पद प्राप्त हुनेछ ।

हे राजन् ! जे जति ऐश्वर्य र सुख हो त्यसको त्यो आश्रय हो। फेरि जे जति दुःख हो उनको नाश गरिदिने तत्व हो । जसलाई जानेपछि कुनैपदार्थको इच्छा रहँदैन । किनकि सारा आनन्दलाई धारणा गर्नेवाला तिम्रो स्वरूप हो। फेरि इच्छा के को हुने ?

हे राजन् ! जब तिमी कुनै पदार्थको इच्छा गर्दैंनौ तब निर्वासनिक भएर आफ्नू स्वरूपमा स्थित हुन्छौ । तब जान्ने छौ कि सबैको आत्मा म नै हुँ, सबैलाई मैले धारण गरेको छु र भूत, भविष्यत्, वर्तमान तीनै काल पनि मेरै आश्रय हो । जस्तो तरङ्ग समुद्रको आश्रयमा रहन्छ त्यस्तै सारा दृश्य पदार्थ मेरै आश्रयमा छन् ।

हे राजन् ! चित्त कस्तो छ ? जड पनि हो र चेतन पनि हो। यसैको नाम चिड जड ग्रन्थि हो । जब यो ग्रन्थि खुलेर जान्छ तब आफूलाई आफैले वासुदेवरूप जान्नेछौ । जब निर्वासनिक हुन्छौ तब संसाररूपी वृक्ष नाश भएर जान्छ ।

जस्तो बीजमा वृक्ष हुन्छ त्यस्तै चित्तमा संसार छ ।

जस्तो बीज जलेपछि वृक्षपनि जलेर जान्छ त्यस्तै वासना दग्ध भएपछि संसार पनि दग्ध भै हाल्छ।

हे राजन् ! जस्तो डब्बाको नाश भए रत्नको नाश हुन्छ, किन्तु रत्नको नाश भए डब्बा नाश हुँदैन। डब्बा के हो ? रत्न केहो त्यो सुन ? डब्बा भनेको चित्त हो रत्न देह हो। त्यसैले चित्तको नाश हुने उपाय गर। जब चित्तनाश हुन्छ तब देहरहित हुन्छौ। देह नष्ट भए चित्तनाश हुँदैन। चित्त रहित भए केवल शुद्ध आकाश रहन्छ।

राजविश्रान्ती बर्णन–९४

वसिष्ठ भन्नु हुन्छ–हे रामजी ! जब कुम्भजले बताए कि चित्तलाई त्याग्नु नै सर्वत्याग हो। तब शिखीध्वज भन्छन् – हे भगवन! म चित्तलाई कसरी स्थित गरुँ ! संसाररूपी आकाशमा चित्तरूपी धूलो उडेको छ। फेरि संसाररूपी वृक्षमा चित्तरूपी वानर छ जो कहिले पनि स्थित हुँदैन। त्यसैले चित्तलई मैले कसरी स्थित गरूँ ?

तब कुम्भज भन्छन्– हे राजन् ! चित्तलाई रोक्नु त सजिलै छ। आँखा खोलनु र चिम्लिनुमा बरु केही यत्न छ परन्तु चित्तलाई रोक्नुमा कुनै यत्न छैन। दूरदर्शीलाई सुगम हो र अज्ञानीलाई अत्यन्त गाऱ्हो हो। जस्तो चाण्डाल पृथ्वीको राजा हुनु र तृण सुमेरु हुनु गाऱ्हो हो त्यस्तै अज्ञानी-लाई चित्त रोक्नु गाऱ्हो हो।

राजा भन्छन् हे देव पुत्र ! चित्तलाई तोड्नु गाऱ्हो हो, तर टुटेर जान्छ परन्तु मनलाई रोक्नु अत्यन्त कठिन छ। जस्तो ठूलो माछालाई बालकले रोक्न सक्दैन त्यस्तै म चित्तलाई रोक्न सक्तिन। हे देव पुत्र! तिमी भन्छौ कि मनलाई रोक्नु सुगम हो। मलाई त यस्तो कठिन लाग्दछ जस्तो भित्तामा लेखिएको मयूरको मूर्तिलाई अन्धा पुरूषले देख्दैन

तब उसले हातमा कसरी लेला त्यस्तै मनलाई वशगर्नु त्यतिकै कठिन देखिन्छ। त्यसैले हेदेव ! पहिले चित्तको रूप मलाई बताऊ ?

कुम्भज भन्छन्– हे राजन् ! यो चित्तको रूप वासना हो। जब वासनानाश हुन्छ तब चित्तपनि नष्ट भै हाल्छ। त्यसैले चित्तको बीजलाई नाशगर। तब चित्तरूपी वृक्ष नष्ट हुन्छ।

हे राजन् ! चेतनरूपी क्षेत्र स्वच्छ र निर्मल छ। उसमा अहंभाव बीज हो। उसलाई अहंकार, चित्त, मन, जड र मिथ्या भनिन्छ। त्यो अहंकारमा जो संवेदन छ त्यही देह, इन्द्रिय भएर फैलिएको छ। उसमा जो निश्चय हो त्यो बुद्धि हो। त्यो बुद्धिमा जो निश्चय हो, यो म हुँ त्यो नै संसार हो। त्यो नै जीबको अहंकार हो। अहंकार यो वृक्षको बीज हो।

हे राजन् ! एकान्तमा बसेर चिन्तनदेखि रहित भएर वासनालाई परित्याग गर। अर्थात् अरू कुनै कुरा न स्फुरोस्। जब अहंरूपी बीज नाश हुन्छ तब चित्तरूपी वृक्ष पनि नाश भै हाल्छ। किनकि यसको बीज अहं नै हो।

हे राजन् ! शुद्ध चेतनमा मिथ्या संवेदनलेजुन म हुँ-चैत्योन्मुख अहंकार स्फुरण हुन्छ त्यो नै दृश्यरूप भासमान भएको हो। जस्तो अचलशान्त समुद्रमा हावा चलेपछि लहर उठिहाल्छ त्यस्तै शुद्ध आत्ममा अहं स्फुरेर संसार भासित भएको हो। त्यसैले अहंभावलाई नष्ट गर तब शान्तपदमा स्थित हुनेछौ।

हे त्यागवान्‌मा श्रेष्ट राजन् ! तिम्रो आफ्नू स्वरूप जो हो उसको विचार गर कि म को हुँ, यो संसार के हो, यसको दृढ विचार गर्नु नै अग्नि हो। जो मिथ्या अनात्मा अर्थात् देह इन्द्रिय आदिमा अहंभाव हो उसको वास्तविक विचाररूप

अग्निमा जलाऊ। जब विचाररूप अग्निले अहंकारको बीजलाई डढाई दिन्छ तब केवल चिन्मात्रपद रहन्छ। त्यसैले हे राजन् ! यो अहंलाई चाँडैनै त्याग गर । जब यो स्फुरण पनि मनमा नस्फुरोस् कि मैले त्यागेको छु । जब त्यसलाई पनि त्यागिदिन्छौ तब निर्मल आकाश चेतन हुन्छौ ।

हे राजन् ! तिमी आफ्नू स्वरूपलाई हेरिकन जान कि तिमी को हौ । राजा भन्छन् हे भगवन्! मैले यो जानेको छु कि मेरो स्वरूप उही आत्मा हो । जो सबैको आत्मा हो । म आनन्दरूप हुँ सबै मेरो प्रकाश हो, परन्तु म यो जान्दिन कि अहँभाव कलना कहाँबाट आयो ? यसलाई नाश गर्न मैले सकिन, किन्तु यो मैले जानेको छु कि संसारको बीज चित्त नै हो र चित्तको बीज अहंकार हो। तिम्रो कृपाले मैले जानेको छु कि मेरो स्वरूप आत्मा हो। अहं त्वं ममा केही छैन। तिमीले पनि यो अहंरूप कलनालाई हटाउन यत्न गरिरहेछौ। परन्तु मलाई त्यसो भएन। बारम्बार स्फुरि रहन्छ कि म शिखी ध्वज हुँ। यसैले म संसारि हुँ, यसलाई नाश गर्ने उपाय बताउनु होस् ।

कुम्भज भन्छन् हे राजन् ! ब्रह्मदेखि तृण पर्यन्त सारा सृष्टि संकलपले रचिएको हो। यो देह भ्रमले भासित भएको छ । जस्तो मृग तृष्णाको पानी हो त्यस्तै आत्ममा देहादि सारा भास्दछ, जस्तो आकाशमा दुई चन्द्रमा भ्रमले देखिन्छ त्यस्तै आत्ममा यो संसार भ्रमले भास्दछ। जब भ्रम निवृत्त हुन्छ तब केवल आत्मा नै भासित हुन्छ ।

हे राजन् ! आत्मा अद्वैत हो जस्मा न एक भन्नु छ, न द्वैत भन्नु छ, न त्यो भोक्ता हो, न भोग हो, न कर्म हो। जो स्वरूपदेखि परिणाम प्राप्त हुँदैन र सर्वात्मा हो, जो सर्व देश र काल पनि हो, जो सारा वस्तुमा पूर्ण र अद्वैत हो ।

जो अद्वैत हो तब कारण र कार्य कसको हुने। कार्य—कारणको सम्बन्ध द्वैतमा हुन्छ, त्यो परिणामी हो। जसमा देशकालको अन्त छ त्यो अद्वैत हो, आत्मा हो, चिन्मात्र हो।

हे राजन् ! जो सारा आकार मिथ्या हो। तब तिम्रो संवेदन पनि मिथ्या हो। आत्ममा अहं त्वं कुनै उत्थान छैन। त्यो केवल ज्ञान मात्र हो। केवल सत् र आनन्दरूप हो, अद्वैत हो, तम रहित प्रकाशरूप हो। त्यो प्रमाणले जानिदैन किन कि इन्द्रियको विषय होइन। त्यो मनको चिन्तनदेखि रहित हो। सबैको द्रष्टा हो र सबैको आफ्नू आफै अनुभवरूप हो।

हे राजन् ! तिमी उसैमा स्थित छौ। आत्मा ठूलो भन्दा ठूलो छ। सूक्ष्मदेखि सूक्ष्म छ। जसमा आकाश पनि अणु झैं देखिन्छ। उसमा ब्रह्माण्ड पनि तृण समान हुन्छ। उसमा स्फुरणले जगत भासित हुन्छ र स्फुरणको निवृत्त भए केवल शुद्ध आत्मा आफू आफैमा भासित हुन्छ।

हे राजन् ! जो वस्तु उब्जिन्छ त्यसको नाश पनि हुन्छ र जो नाश हुन्छ त्यो पनि उब्जिन्छ। परन्तु आत्मा सबैको आदि हो र अजन्मा निर्विकार हो। उसमा स्थित हौ। तब तिम्रो संसार निवृत्त भएर जानेछ। यो संसार अज्ञानले भासित भएको छ। जब तिमी स्वरूपमा स्थित भएर देख्छौ तब द्वैत भासित हुँदैन। यो नाना प्रकारको संज्ञा चित्तले कल्पेको हो। जब चित्तदेखि रहित हुन्छौ तब नाना र एक कुनै संज्ञा रहँदैन।

हे राजन् ! सबै ब्रह्म हो। यो वाक्य वेदको सार हो। जब यस वाक्यमा दृढ भावना—बुद्धि हुन्छ तब एकरस आत्मा नै दृष्ट हुन्छ र चित्त नष्ट भएर जान्छ। जब चित्तनाश हुन्छ तब केवल महान शुद्ध आकाश झैं स्थित भएर निर्दुखपद प्राप्त हुन्छ। जुन पद सबैको आदि हो र सर्वदा मुक्तरूप हो।

हे राजन् ! संसार छैन र चित्त पनि छैन, तब अहं त्वं आदि शब्द पनि आत्ममा छैन । यो शब्द तब हुन्छ जब चित्त हुन्छ । चित्त तबसम्म रहन्छ जबसम्म वासना छ । जब निर्वासनिक पदप्राप्त हुन्छ तब कुनै कल्पना रहँदैन ।

हे राजन् ! यो संसार महाप्रलयमा नाश भएर जान्छ । सत्-असत् संसार केही रहँदैन एक आत्मा नै शेष रहन्छ। जो निराकार र शुद्ध हो । महाप्रलय केहो सुन–एक क्षण आत्माको साक्षात्कार भए सृष्टिको लेश पनि रहँदैन, ज्ञान नै महाप्रलय हो ।

हे राजन् ! वेदशास्त्र र लोक पनि भन्छन् संसार मिथ्या हो । फेरि आफूले पनि जानेको छ कि नाश भएर गैराखेको तब फेरि त्यसको आशा गर्नु मूर्खता हो । आत्ममा संसार नाना, अनाना कुनै छैन । आत्मा सदा आफू आफैमा स्थित छ र शुद्ध र अच्युत जस्ताको तस्तै छ ।

हे राजन् ! अहंको उत्थान हुनु नै बन्धन हो । अहंको निर्माण हुनु मु क्त हो । अहं बनेपछि संसारदुःख प्राप्त हुन्छ । जब संसारको सत्ता निवारण हुन्छ तब अहं स्फुरण पनि नाश भएर जान्छ। जब स्फुरण नाश हुन्छ तब अहं पनि नाश भइहाल्छ। जब अहंनाश हुन्छ तब केवल शुद्ध आत्मा नै शेष रहन्छ र उसैको भान हुन्छ । तब अहं ब्रह्मको उत्थान पनि शान्त भएर जान्छ र चेतन मात्र अवशेष रहन्छ ।

हे राजन् ! जसमा सब ब्रह्ममय बुद्धि हुन्छ उनमा संसारको बुद्धि रहँदैन जसको संसारमा बुद्धि छ उसको ब्रह्मबुद्धि हुँदैन । जस्तोजस्तो भावना दृढ हुन्छ त्यस्तै त्यहाँ प्राप्त हुन्छ । जसको ब्रह्मभावना दृढ भएको छ त्यो ब्रह्मरूप भइहाल्छ जसको जगत्को भावना दृढ भएको छ उनको जगत् नै भासित हुन्छ ।

हे राजन् ! आत्मादेखि भिन्न जे जति प्रतीत हुन्छ त्यो अज्ञानले गर्दा प्रतीत हुन्छ । विचार गरे केही रहँदैन । अज्ञान कुनै वस्तु होइन चित्तको उदय हुनु नै अज्ञान हो । अज्ञानको कारण चित्त हो । जो पदार्थ चित्तद्वारा उदय हुन्छ त्यो चित्तद्वारा नै नष्ट हुन्छ । त्यसैले तिमी चित्तले नै चित्तलाई नाश गर । जस्तो आगो हावाले बन्दछ र हावाले नै शान्त हुन्छ । त्यस्तै चित्तले नै चित्तलाई नाश गर ।

हे राजन् ! न तिमी छौ, न मछु, न इन्द्रिय छ, न संसार छ । केवल शुद्ध आत्मा एक अद्वैत हो ।

हे राजन् ! जुन चित्त नै नभए चित्तको कार्य विश्व कहाँ होला ? यो अज्ञानीलाई भासिन्छ कि चित्त छ र विश्व पनि छ । चित्तको उदय हुनु अज्ञान हो । जब अज्ञाननाश हुन्छ तब चित्त र अहं त्वं सबै नाश भएर जान्छ । एक आत्मा केवल आफू आफैमा स्थित छ ।

हे राजन् ! तिमी एकआत्मा–शुद्धप्रकाशरूप–अच्युत र निरन्तर हौ । इन्द्रियादिरूप भएर पनि तिमी नै स्थित भएर रहेका छौ । इच्छा अनिच्छा पनि तिमी नै हौ । जस्तो चन्द्रमाको किरण चन्द्रदेखि भिन्न हुँदैन त्यस्तै तिमी हौ । तिमी निर्विकल्प हौ, तिमीमा कुनै स्फूर्ति छैन, तिमी केवल जस्ताको तस्तै स्थित छौ ।

हे राजन् ! संकल्प-विकल्प जो हुन्छ उसमा स्थित नहोऊ। किन्तु जसमा त्यो उत्पन्न र लीन हुन्छ उसमा स्थित होऊ ।

हे राजन् ! तप आदि क्रियाले के सिद्ध हुन्छ ? जसबाट तप आदि सिद्ध हुन्छ उसमा स्थित होऊ ।

हे राजन् ! एक थोपा बुँदमा किन स्थित हुन्छौ? जुन मेघ देखि बुँद उत्पन्न हुन्छ उसमा स्थित होऊ ।

हे राजन् ! जस्तो स्त्री आफ्नू पतिसित कुनै पदार्थ चाहन्छे

किन्तु बताउँदिन त्यस्तै तपादि क्रियाले के सिद्ध हुन्छ ? जो ॐ सित आत्मपदको इच्छा गरे प्राप्त हुँदैन । आफूलाई आफैले पाउँछ ।

हे राजन् ! आत्मा तिम्रो आफ्नू स्वरूप हो । उसबाट सबै सिद्धि हुन्छ । जो कुछ तपादि हुन् त्यसको चित्तले के रच्ने ? त्यसैले आफूलाई आफै हेर । त्यो अनुभवरूप हो र सर्वदा, निरन्तर आफू आफैमा स्थित छ । जब तिमी आफूले आफूलाई देख्छौ तब तपआदि क्रिया तुच्छ प्रतीत भई शोभा पाउँछौ । जस्तो बादल हटेर गए प्रकाशवान् चन्द्रमाले शोभा पाउँछ । त्यस्तै तिमी पनि भोगको चपलता त्यागेर शोभा पाउनेछौ ।

हे राजन् ! जब इन्द्रियलाई जितेर कुनै पदार्थमा आशक्त हुँदैनौ र सर्ववासनालाई त्यागिदिन्छौ, तब ज्ञानवान् हुनेछौ । जसले सर्व वासनालाई त्यागेको छ उसलाई विष्णु भनेर जान्नु उनी सबै राज्यको स्वामी र सम्यक्दर्शी हुन् ।

हे राजन् ! सम्यक्दर्शन, सन्तको सङ्गत् र सत्शास्त्रको विचारले प्राप्त हुन्छ । त्यसैले उसैको भावना गर तब केही कालमा स्वरूपको साक्षातकार हुन्छ । कालको अपेक्षा पनि दृढ विचारको लागि बताएको हो । जब दृढ विचार हुन्छ– तब साक्षात्कार हुन्छ । जब स्वरूपको साक्षात्कार हुन्छ तब स्पन्द र निस्पन्दमा समान हुन्छन् ।

हे राजन् ! जसको नजिक मौरी बसेको छ त्यसको लागि किन पर्वत जानु ? त्यस्तै तिम्रो घरमा ब्रह्मवेत्ता चूडाला थिइन्, तिनलाई त्यागेर तिमी वनमा आई तप गरिरहेछौ, ठूलो कष्ट पायौ । परन्तु अब तिमी जाग्यौ तिम्रो दुःख नाश भयो शान्तपद पायौ ।

हे राजन् ! जब मनको चपलता मेटिएर जान्छ तव तुरीयातीत पदप्राप्त हुन्छ । जो पदलाई वाणीले बताउन

सक्दैन । हे राजन् अब तिमी पनि त्यही पदमा प्राप्त भयौ– जो मन वाणी देखि पर तुरीयातीत पद हो त्यो केवल शान्ति पद हो ।

हे रामजी ! यस प्रकार धेरै उपदेश दिएर कुम्भरूप चूडालाले अनेक प्रकाररूप धारण गरी नाना प्रकारले परीक्षा ली राजाको सम्पूर्ण संशय नष्ट पारिदिए । तब राजा भन्छन्– हे भगवन् ! तपाईंको कृपाले सबैभन्दा ठूलो सर्वोत्तम पद मैले पाएँ । जाहाँ संसार दुःखको अभाव छ । अब मेरो लागी कुनै कुराको प्रयोजन छैन । मेरो सारा संशय नाश भै गयो । हेयोपादेयदेखि रहित हुँ । जे जति जान्न योग्य थियो त्यो मैले जानिलिएँ । अब ममा कुनै दुःख छैन, सब प्रकारले म तृप्त छु, आत्मरूप हुँ, निर्मल हुँ, आफ्नू स्वभावमा स्थित छु । म सर्वात्मा हुँ, निर्विकल्प हुँ, ममा स्फुरण कुनै छैन म शान्तीरूप हुँ भनी राजा शिखीध्वज आफ्नू स्वरूपमा स्थित भए । तब भेषधारी चूडालाले विचार गरिन् कि राजा अब आत्मपदमा प्राप्त भए परम कल्याण भयो । अब राजालाई सारा वृतान्त अवगत गरिदिउँ भनी विचार गरेर पहिलेको आफ्नो रानी चुडालारूप लिएर प्रकट भइन् तब राजा आफ्ना स्त्री चुडालालाई देखेर ठूलो आश्चर्य मानी सोध्न लागे– हे देवि ! तिमी कहाँबाट आयौ किन आएकि हौ । चूडाला भन्छिन्– हे भगवन् ! म तपाइकै स्त्री चूडाला हुँ । तपाईंलाई जगाउन यो सारा चरित्र मैले गरेकी हुँ, भनेपछि राजा आश्चर्ययुक्त भएर रानीलाई देखेर अत्यन्त खुसी भै अङ्कमालगरी परम सुखसत्तासमान पदमा स्थित भए । जस्तो तेलविना बत्ती निभिहाल्छ त्यस्तै प्रारब्धवेग रहेसम्म राज्य गरी राजारानी निर्वाण पदमा प्राप्त भए ।

हे रामजी ! जस्तो शिखीध्वज र चूडाला जीवन्मुक्त

भएर भोग भोगदै विचरण गरे त्यस्तै तिमी पनि राग, द्वेष-देखि रहित भएर विचरण गर ।

वसिष्ठ भन्नुहुन्छ हे रामजी ! मन नै संसार हो र मन नै ब्रह्मादेखि कीरासम्म हो । मन नै सुमेरू हो र मन नै तृण हो । मन नै विश्वरूप भएर स्थित भएको छ । त्यो आत्मा-देखि भिन्न होइन । जस्तो फलको बीजमा नै सम्पूर्ण वृक्ष छन् त्यस्तै मन आत्मस्वरूप हो, आत्मादेखि भिन्न मन कुनै वस्तु होइन । यस्तो जानेर तिमी आत्मस्वरूप होऊ । यो जुन बन्ध र मोक्ष संज्ञा हो त्यसलाई त्याग । बन्धनको निवृत्ति र मोक्षको इच्छा नगर । यो कल्पना देखि रहित भएर केवल सत्ता-समान्य आत्मपदमा स्थित हौ ।

महाकर्ता वर्णन–११५

हे रामजी ! महाकर्ता, महाभोक्ता र माहात्यागी भै सबै शङ्कालाई त्यागेर निरन्तर धैर्य धारण गरी स्थित होऊ । सर्वात्मा जो अनुभवरूप हो उसको आश्रय गर । यो तीन वृत्तिबाट तिम्रो दुःखनाश भएर जानेछ ।

हे रामजी ! धर्म, अधर्म, क्रिया जो अनिच्छित मिल्छ, त्यसलाई राग–द्वेष रहित भएर जसले गर्छ त्यो पुरूष महा-कर्ता हो। जो पुरूष मौनी, निरहंकार र निर्मल हो त्यो महा-कर्ता हो । जो अनिच्छित मिलेको वस्तु त्याग्दैन र जो मिलेको छैन त्यसको इच्छा गर्दैन त्यो पुरूष महाकर्ता हो । जो सबैमा विगत स्नेह (प्रेम शून्य) हो सत्यमा स्थित छ र निरिच्छित भएर रहन्छ त्यो महाकर्ता हो । जो दुःख पाउँदा शोक गर्दैन र सुख पाउँदा हर्षित हुँदैन, स्वभाविक समतालाई देख्छ त्यो महाकर्ता हो ।

हे रामजी ! जो पुरूष मिलेको वस्तुलाई राग–द्वेष

रहित भएर भोग्छ त्यो महाभोक्ता हो । जो मान, अहंकार र चिन्तन देखि रहित केवल समतामा स्थित छ त्यो महाभोक्ता हो । जुन शुभ क्रियामा भोक्ता हुँदा आफूलाई कर्तृत्व-भोक्तृत्व मान्दैन त्यो माहाभोक्ता हो ।

जो मीठो पदार्थ मिले पनि हर्षित हुँदैन, नमीठो मिले पनि द्वेषवान हुँदैन, जस्ताको तस्तै रहन्छ र राम्रो र नराम्रो जस्तो मिले पनि दुःख रहित भै भोगछ त्यो महाभोक्ता हो ।

जसलाई मर्नको डर छैन र बाँचिरहनको आशा पनि छैन, उदय र अस्तमा समान छ त्यो महाभोक्ता हो । जो पुरूष शत्रु र मित्रमा समबुद्धि राख्छ त्यो महाभोक्ता हो ।

हे रामजी ! जो संसार, देह इन्द्रिय र अहंकारको सत्तालाई त्यागेर स्थित भएको छ । जसले यो जान्दछ कि न म देह हुँ, न मेरो देह हो, म यिनको साक्षी हुँ । यस्तो वृत्ति जसको छ त्यो महात्यागी हो । जो सबै चेष्टा गरिरहन्छ परन्तु राग र द्वेषले रहित छ त्यो महात्यागी हो। जो शुभ र अशुभ प्राप्त हुँदा अहंकारदेखि रहित भएर गर्छ त्यो महात्यागी हो ।

जो पुरूषले समचित्त भई इन्द्रियलाई जितेको छ, जो क्षमावान् हो त्यो महात्यागी हो । जुन पुरूषले धर्म-अधर्मको देह र संसारको मद, मान, मनन इत्यादि कलनालाई त्याग गरेको छ त्यो महात्यागी हो ।

हे रामजी ! कैलाशबासी शिवले यस प्रकारले भृङ्गी गणलाई उपदेश दिएका थिए । यो उपदेशलाई ग्रहण गरी तिमी पनि विचरण गर, तब तिम्रो सारा दुःख नाश भएर जानेछ ।

हे रामजी ! जो पुरूष क्षमावान्, शान्तिमान् र जितेन्द्रिय हो, फेरि मनको संकल्प विकल्पलाई जितेको छ

त्यो सिद्धान्तको पात्र हो। जो पुरूष राग– द्वेष सहित क्रियामा स्थित छ, अर्थात् इन्द्रियको सुखमा नै सुखी छ, जो सिद्धान्त वचन (अहं ब्रह्मास्मि) सर्व ब्रह्मलाई सुनेर पनि भोग मै स्थित छ उसले अधोगति प्राप्त गर्छ ।

हे रामजी ! जो पुरूष क्षमा आदि साधनले पवित्र भएको छ,तिनी अहं ब्रह्मास्मि र सर्व ब्रह्मलाई सुनेपछि त्यो भावनाले चाँडैनै आत्मपदप्राप्त हुन्छ ।

हे रामजी ! जसमा अहंको उत्थान छैन, केवल आत्म मात्र र चिन्मात्र हो, निर्वाण पद हो, जहाँ एक र द्वैत भन्नु पनि छैन केवल आफू आफैमा स्थित छ उसमा कलनारूपी धूलो कहाँ होला ? त्यसैले चिन्मात्र पदमा स्थित होऊ, त्यो तिम्रो स्वरूप हो ।

हे रामजी ! त्यस्तो जुन आफू आफ्नै आत्मा हो उसैमा स्थित होऊ । यो जगत् जो देखिन्छ त्यो सबै चिदाकाश हो । भिन्न होइन । जस्तो स्वप्नमा विश्व देखिन्छ त्यो अनुभव मात्र हो त्यस्तै जाग्रत विश्व पनि आत्मरूप हो । त्यस्तो जो तिम्रो शुद्ध, नित्य उदाइराखेको अविनाशी आत्मा हो उसमा जब स्थित हुन्छौ तब जुन कलना तिमीमा भासित भएको छ त्यो नाश भएर जान्छ ।

हे रामजी ! जतिजति आत्मस्वरूपको विचार दृढ हुन्छ त्यतित्यति आत्म वासनाबढेर जान्छ । आत्मवासना प्रबल भए विषयवासना शिथिल हुन्छ र परिणाम आत्म-स्वरूप प्राप्त हुन्छ । तब सारा इच्छा निवृत्त हुन्छ ।

इक्ष्वाकु र मनु–संवाद–११७

हे रामजी ! जुन प्रकारले तिम्रो पूर्वज राजा इक्ष्वाकु जीवन्मुक्त भएर विचारण गरे त्यसरी नै तिमी पनि विचरण

गर । तिमी पनि त्यही कुल मैं उत्पन्न भएका छौ ।

हे रामजी ! सूर्यवंशी कुलका राजा इक्ष्वाकु सबैभन्दा श्रेष्ठ, अत्यन्त शीतल स्वभाव, शान्तिवान, धर्मात्मा, प्रजा पालन गरी राज्य गरेका थिए। एकदिन उन्को मनमा विचार-उदय भयो कि यो जरा–मरण दुःखले भरिएको संसार अत्यन्त क्षोभ दुःखदायी हो । यस संसारदुःखदेखि तर्ने उपाय के छ ? यस्तो विचार गरिरहेका थिए त्यही समयमा ब्रह्मलोकदेखि घुम्दै वैबश्वत मनु त्यहाँ आइपुग्नु भयो । तब राजाले उनको ठूलो सत्कार र भक्ति पूर्वक पूजा गरी भन्नु हुन्छ–हे भगवन्! मेरो हृदय भित्र संसार स्फुरि रहेको छ । जस्तो समुद्रलाई वडवाग्निले जलाउँछ त्यस्तै मलाई संसारले जलाई राखेको छ । त्यसैले कुनै उपाय बताउनु होस् जसरी मलाई शान्ति मिलोस् ।

हे भगवन् ! यो संसार कहाँबाट उब्जियो ? यो दृश्यको स्वरूप के हो ? यो कसरी निवृत्त हुन्छ ? जस्तो जालबाट चरा निक्लेर जान्छ त्यस्तै यो जन्ममरण संसारमहाजाल-बाट निस्कने उपाय के छ ? त्यो मलाई बताउनु होस् ।

मनु भन्नु हुन्छ– हे साधुपुरूष ! म धेरै कालदेखि यो जगतमा घुमिरहेको छु परन्तु यस्तो प्रश्न कसैले गरेन । तिमीले परम साररूप प्रश्न गऱ्यौ । सारा अनर्थलाई नाश गरिदिने यो प्रश्न हो । तिम्रो बुद्धिविवेकले भरिएको देखिन्छ ।

हे राजन् ! जे जति जगत् तिमीलाई प्रतीत हुन्छ त्यो सारा असत् हो । जस्तो डोरीमा सर्प देखिन्छ, जस्तो मरू-भूमिमा पानी प्रतीत हुन्छ, जस्तो आकाशमा निलोपन भ्रमले देखिन्छ त्यस्तै यो जगत् असत्‌रूप हो । जस्तो पानीमा तरंग असत्‌रूप हो त्यस्तै जगत् असत्‌रूप हो । जो मन सहित

षट्इन्द्रियदेखि अतीत हो र शून्य होइन त्यो सत्य अविनाशी आत्मा हो। त्यो निर्मल परब्रह्म पूर्ण र अनन्त हो।

हे राजन् ! जस्तो सबै वृक्षमा एकै रस व्यापक छ त्यस्तै सबै पदार्थमा एक चिन्मात्र सत्ता व्यापक छ। जस्तो अचल समुद्रमा हावा चलेपछि तरंग स्फुर्छ त्यस्तै परमात्मा–स्वरूपमा जगत् प्रतीत हुन्छ।

हे राजन् ! जीव कलालाई स्वरूपको अज्ञान भएको छ। जस्तो बालक आफ्नू छायाँदेखि भयभीत हुन्छ। त्यस्तै यो नाना प्रकारको आरम्भ प्राप्त भएको छ। अकारण नै ब्रह्मशक्ति स्फुरणले कारण भाव प्राप्त भएको छ। त्यसैले बन्ध र मोक्ष भास्दछ। वास्तवमा न बन्ध छ न मोक्ष छ। निरामय ब्रह्म नै आफू आफैमा स्थित छ। त्यसैले बन्ध-मोक्षको कल्पनालाई त्यागेर आफ्नू स्वभावमा स्थित होऊ।

हे राजन् ! आत्मा सदा स्थिररूप हो। परन्तु भ्रमले चञ्चल भास्दछ। जस्तो पानी चलेपछि पर्वतको प्रतिबिम्ब पनि चल्छ त्यस्तै देहादिको चलनले आत्मा चलेको प्रतीत हुन्छ। परन्तु त्यो आत्मा नित्य शुद्ध आफू आफैमा स्थित छ। जस्तो घटको नाश हुँदा घटभित्रको आकाशनाश हुँदैन त्यस्तै देहको नाश भए आत्माको नाश हुँदैन। जस्तो शुद्ध मणिमा नाना प्रकारको प्रतिबिम्ब देखिन्छ तर त्यसले रंजित हुँदैन त्यस्तै आत्ममा मन, इन्द्रिय, देह प्रतीत हुन्छ किन्तु आत्मालाई स्पर्श गर्दैन।

हे राजन् ! आत्मा सदा अचलरूप हो। परन्तु अज्ञानताले चञ्चलरूप भास्दछ। जस्तो दौडेको बालकले सूर्य पनि दौडेको देख्छ त्यस्तै आत्मा अज्ञान वशात् देहको संगले विकारी प्रतीत हुन्छ। जस्तो प्रतिबिम्बको विकार आदर्शलाई स्पर्श गर्दैन त्यस्तै देहको विकारले आत्मालाई स्पर्श

गर्दैन । आत्मा नित्यशुद्ध अवाक् अचिन्त्यरूप हो ।

हे राजन् चिन्तन गरेर देखिदैन परन्तु चेतन वृत्ति र अखण्ड चित्तमा प्रतीत हुन्छ । जस्तो शुद्ध ऐनामा प्रतिबिम्ब देखिन्छ त्यस्तै निर्मल बुद्धिमा आत्मा भासित हुन्छ ।

हे राजन् ! आत्मा तिम्रै स्वरूप हो, सदा अनुभवरूप हो । तिमी देखि भिन्न अरू कुनै वस्तु छैन । तिमी आफूलाई जस्ताको तस्तो जानिलेऊ । आत्मालाई नजानेको हुनाले आफूलाई दुःखी भनी मानिराखेका छौ । म दरिद्र हुँ, दुःखी हुँ, दाश हुँ र म मरिहाल्छु आदि दुःख तबसम्म हुन्छ जबसम्म आत्माको ज्ञान भएको छैन । जब आत्मालाई जानिलिन्छौं तब परमानन्दरूप आफ्नू स्वरूपमा स्थित भइहाल्छौं ।

हे राजन् ! जस्तो निदाएकि आमा आफ्नै काखमा सुतिरहेको छोरालाई भूलेर स्वप्नमा मेरो छोरा छैन कहाँ गयो भनी छटपटाइ दुःखी भएर रून्छिन् । जब स्वप्नबाट जागछिन् तब आफ्नै काखीमा छोरालाई पाएर परम सुखी हुन्छिन् र तिनको दुःख र शोक सारातत्क्षणमै नाश भएर जान्छ त्यस्तै परमानन्द स्वरूप आत्मा आफू हो, सदा अनुभवरूप त्यो आफू नै हो । त्यसलाई भुलेर तिमी आफूलाई भ्रमले दुःखी मानिराखेका छौ । जब अज्ञानरूपी निद्राबाट जाग्छौ तब तिमी आफूलाई आफैले पाएर दुःख, शोक, भय सारा नाश भएर जानेछ र परम सुख पाउने छौ ।

हे राजन् ! त्यो अज्ञानरूपी निद्रा के हो सुन– देह इन्द्रियादि जो दृश्य हो त्यसको साथ मिली आफूलाई देहादि भनी ठान्नु अज्ञाननिद्रा हो । त्यसबाट रहित भएर अर्थात् चित्तलाई परित्याग गरिदिए (मिथ्या भनी जाने) पछि सदा प्राप्त स्वयं सिद्ध परमानन्दस्वरूप प्राप्त भइहाल्छ । जे जति पदार्थ देख्नमा आउँछ त्यो सारा मिथ्या हो । जस्तो

बालक माटाको राजा, हात्ती, घोडा बनाएर कल्पना गर्छ त्यस्तै चित्तरूपी बालक पनि आत्मरूपी माटाको राजा, प्रजा, देश, जगत् आदि विश्व कल्पना गरी भुलिराखेको छ। यी सारा हुन स्वप्न झैं मिथ्या। यो कुनै रहिरहँदैन, नाश भएर जान्छ, तब व्यर्थ दुःख मिल्छ। त्यसैले निरन्तर आफ्नू अनुभव परमानन्द सुखस्वरूप आत्मालाई हेरेर त्यसैमा स्थित होऊ त्यो तिमी नै हौ।

हे राजन् ! यो संसार आत्मामा छैन, केवल आत्मा नै हो। दोस्रो वस्तु संसार कहाँ हुने? जस्तो सुनमा गहना चित्तले कल्पना गरेको हो त्यो वास्तवमा केही होइन। त्यस्तै आत्मामा संसार अज्ञानले कल्पित हो। वास्तवमा केही होइन केवल चिदाकाश हो।

जस्तो समुद्र र नदी भन्नु नाम मात्र भिन्न हो। त्यो पानी नै हो त्यस्तै केवल चिदाकाशमा विश्वजगत् नाम मात्र हो। जे जति आकार भास्दछ त्यसलाई कालले निलिहाल्छ। जस्तो नदीलाई समुद्रले निले र अघाउँदैन त्यस्तै पदार्थहरूलाई कालले निलेर अघाउँदैन।

हे राजन् ! त्यस्तो पदार्थमा के अभिलाशा गरिराख्नु? कति कोटी सृष्टि उत्पन्न हुन्छ त्यसलाई कालले निलिहाल्छ। कुनै पदार्थ कालबाट मुक्त हुँदैन। जस्तो समुद्रमा तरंङ्ग फोका उब्जिन्छ र नाश भइहाल्छ। त्यसैले तिमी कालदेखि अतीतपदलाई भावना गर कि काललाई पनि निलिहालुँ

हे राजन् ! कस्तो भावना गर्ने ? कसरी त्यसलाई निल्ने ? त्यो सुन–जस्तो मन्दराचलले अगस्त्य मुनिलाई भावनाले डाकेका थिए त्यस्तै तिमी पनि आफ्नू स्वरूपको भावना गर तब काललाई निल्नेछौ। जस्तो अगस्त्य मुनिले

समुद्रलाई निलेका थिए त्यस्तै आत्मारूपी अगस्त्यले कालरूपी समुद्रलाई निल्नेछ ।

हे राजन् ! जन्म र मरणादि जो विकार हो त्यो भ्रमले सिद्ध हो । आत्मालाई भुलेर भास्दछ । जब आत्मालाई निश्चय गरि जान्द छ तब कुनै विकार भासित हुँदैन किनकि यो अज्ञानले रचेको हो, वस्तुरूप केहीं होइन ।

हे राजन् ! एक उपाय तिमीलाई बताउँछु त्यो उपाय गर । जुन उपायले तिम्रो दुःख नाश भएर जानेछ ।

हे राजन्! अहं अभिलाषा सहित जो स्फुरण हो त्यसलाई त्यागेर तिमी जहाँ इच्छा छ त्यहाँ विचरण गर । तब तिमी-लाई कुनै दुःखले छुन सक्ने छैन ।

संकल्प नै उपाधि हो अरू उपाधि केहीपनि छैन । जस्तो मणिलाई झार-पातले छोपिए देखिंदैन, जब झार-पात हटाइ-दिन्छ तब मणि प्रकट भइहाल्छ। त्यसैले आत्मरूपी मणिलाई वासनारूपी तृणले ढाकिएकोछ जब वासनारूप तृणलाई परित्याग हुन्छ तब आत्मरूपी मणि स्वतः प्रकट भइहाल्छ ।

हे राजन् ! जाग्रत, स्वप्न र सुषुप्ति रहित जो आत्म-पदहो त्यो नै विश्वरूप हो । जब त्यसको प्राप्ती हुन्छ तब जानिलिनु कि म मुक्त हुँ । त्यो नै तिम्रो स्वरूप हो। जो केवल आत्मरूप हो, अजन्मा हो, नित्य हो र चैतन्य मात्र हो ।

हे राजन् ! जो कुछ प्राकृत अचार आउँछ त्यो लिनु-दिनु, यज्ञदि क्रिया मर्यादा पूर्वक, शास्त्र विधि युक्त गर्नु परन्तु हृदयलाई निश्चयपूर्वक आत्मस्वरूपतिर राख । जस्तो नटुवा सारा चेष्टा-स्वाँग गरेपनि आफूलाई भुल्दैन त्यस्तै तिमी पनी सबै चेष्टा गर परन्तु त्यसको अभिमान र सङ्कल्पदेखि रहित भएर बस। जब यसरी स्थित हुन्छौ तब आत्मालाई पाउने छौ र सारा संसार आत्ममय प्रतीत हुनेछ ।

जसले आत्मालाई जान्दैन त्यस्को जगत्मा सत्य दृष्टि भैरहन्छ र दुःख पाउँछ। त्यसैले हे राम ! तिमी अन्तरमुख भैहाल । सङ्कल्पलाई त्यागगरी परम निर्वाण अच्युत-पदमा स्थित होऊ ।

सर्व ब्रह्म प्रतिपादन-११९

हे राजन् ! जो पुरूष सङ्कल्प गरी, दृश्यको भावना गरि-रहन्छ त्यो सदा जन्म र मृत्युको चक्रमा घुमिरहन्छ। आफैंले सङ्कल्प गर्छ र आफै बन्धनमा पर्छ। जब सङ्कल्प अन्तर्मुख गर्छ तब मुक्ति भैहाल्छ। त्यसकारण सङ्कल्पलाई परि त्यागगरी आत्मा जो सबैको आफ्नू स्वरूप हो त्यसको भावना गर तब तिमी सुखी भएर रहनेछौ ।

हे राजन् ! आत्माको प्रमादले देहमा आस्था गरी संसारको भावना गरिरहन्छ र दुःख पाउँछ । त्यसकारण यो अपूर्व मनुष्य जीवन पाएको वेला आफ्नू स्वरूप आत्माको निरन्तर भावनागरी आत्मा बनिहाल। तिमी चिद्रूप आत्मा नै हो । यस्तो स्वयं प्रकाशरूप आत्मज्योतिलाई कसरी भुल्यौं ? महान आश्चर्य हो । मायाको संसारले मोह पारिदियो ।

हे राजन् ! आत्मा सदा अनुभवरूप हो । सबैको अङ्ग-अङ्गमा व्यापिरहेको छ । त्यसलाई जान्न, बुझ्न र देख्न सक्दैन यो आश्चर्य हो । आत्मा सदा प्रकाशमान भैरहेको छ, त्यही प्रकाशले सारा लोक प्रकाशित हुन्छ । त्यस्तो आत्मालाई भुलिराखेकोछ यो ठूलो आश्चर्य हो ।

हे राजन् ! त्यो आत्मा न शास्त्रबाट मिल्छ, न गुरु वचनले पाउँछ , न तपस्या गरी मिल्छ त्यो आत्मा केवल आफैले आफूलाई प्राप्त गर्छ । शास्त्रले स्वरूपलाई लखाई

(संकेत) दिन्छ परन्तु इदं (यो) भनी भौतिकरूपमा देखाउन सक्दैन। जो द्रष्टा पुरूष हो तिनले नै आफू (आत्मा) लाई आफैले अनुभव गरिहाल्छ।

जस्तो सूर्यको जोति आँखा भित्र छ त्यसैले सूर्यलाई देख्छ त्यस्तै आत्मा नै आत्मालाई देख्नसक्छ। परन्तु आँखा, मन, बुद्धिले आत्मालाई फेला पार्न सक्दैन। त्यसैले तिमी आत्माभिमुख भएर सङ्कल्प रहित भैकन आफैले आफूलाई प्राप्त गरिलेऊँ। जब संकल्प बहिर्मुख हुन्छ तब त्यही दृढ भएर स्थित हुन्छ, त्यसैले भावना बनिरहन्छ र दुःखपरम्परा चलिरहन्छ। त्यसैले तिमी निरन्तर आत्माको भावना गर। तब तिम्रो सारा दुःख निवृत्त भै जानेछ।

तिमी आनन्दरूप हौ, तिमीमा कुनै कल्पना छैन। आत्मा षडविकार रहित छ। विकार मिथ्या देहको हो। आत्मा नित्य शुद्ध छ। आत्माको विस्मरणले विकार प्रतीत् भएको हो। जब आत्मालाई जानिलिन्छौ तब साराविकार नाश भै हाल्छ।

हे राजन् ! जस्तो भ्रमले डोरीमा सर्प भास्दछ। त्यो तबसम्मरहन्छ जबसम्म डोरीलाई देखेको छैन। जब डोरीलाई देख्दछ तब सर्पभ्रम निवृत्त भइहाल्छ। त्यस्तै जन्म–मरणादि विकार आत्मामा तबसम्म भास्दछ जबसम्म आत्मालाई जानिएको हुँदैन। जब आत्मालाई जानिन्छ तब सारा विकार-नाश भएर जान्छ।

हे राजन् ! त्यस्तो विकारदेखि रहित तिम्रो स्वरूप हो। उसैको भावना गर, तब सारा दुःख नष्ट भएर जान्छ। आत्मपदलाई खोज्न कहीं जानु पर्दैन, आत्मा तिम्रो आफ्नै स्वरूप हो र सदा अनुभबरूप हो। जोपुरूषले आफ्नू अनुभव

स्वरूपलाई अनुभव गरी स्थित हुन्छ र संसारको पदार्थ रहित भएर स्वरूपतिर वगिराख्छ त्यसले चाँडैनै आत्मपद पाउँछ।

हे राजन ! आत्ममा अनन्त शक्तिछ। त्यो शक्ति आत्मादेखि भिन्न हैन त्यहीरूप हो। जस्तो सूर्यको किरण सूर्यदेखि भिन्न होइन त्यस्तै आत्माको शक्ति आत्मादेखि भिन्न होइन।

जस्तो पवनमा दुई शक्ति छ स्पन्द र निस्पन्द त्यो त्यहीरूप हो। स्पन्द शक्तिले प्रकट भए भास्दछ र निस्पन्द भए भासमान हुँदैन। त्यस्तै आत्माको पनि स्पन्द र निस्पन्द दुई शक्ति छ। जब स्पन्द शक्ति र स्फुरण हुन्छ तब अहंभाव प्रकट हुन्छ। जब अहंभाव हुन्छ तब चित्तउदय हुन्छ। अहं नै चित्त हो। जब चित्त भयो तब आकाशको भावनाले आकाश बनिहाल्छ। जब स्पर्शको भावना हुन्छ तब पवन उत्पन्न हुन्छ। जब रूपको भावना भयो तब अग्नि वनिहाल्यो। रसको भावनाले जल उत्पन्न भयो। यसप्रकार चित्तको कम्पनाले सारा जगत् प्रपञ्च-दृश्य तीनैलोक तीनै गुण उब्जेकोहो।

हे राजन् ! केवल सङ्कल्प मात्रले सारा चमत्कार भएको हो। जब स्पन्द शक्ति स्फुर्दछ तब आत्ममा नाना प्रतीत हुन्छ परन्तु बनेको कुनै होइन एक आकाशरूप हो।

हे राजन् ! योजगत् मनको स्फुरण हो। जो सत्य जस्तो भएर स्थित भएकोछ। जता हेरे पनि दृश्य नै गुणमय संसारको भान हुन्छ। यो महान आश्चर्यरूप माया हो। जसले सत्यलाई असत्य जस्तो तुल्याएकोछ र असत्यलाई सत्य झैं स्थित गरेकोछ, त्यो चित्तको सम्बन्धले संसार भासेको छ। आत्मामा संसार कुनै छैन। जब चित्तलाई स्थित गरी हेर्छौ तब तिमीलाई संसार भासित हुँदैन।

हे राजन् ! जस्तो विशाल जलले भरिएको ताल चलेको देखिंदैन त्यस्तै विशाल जो आत्मा हो त्यसमा जान्न सकिंदैन कि संसार कहाँ स्फुरछ । संसार पनि आत्मादेखि भिन्न केही वस्तु होइन । आत्मास्वरूप नै हो । त्यस्तो आत्मालाई जानेर शान्तिवान् होऊ । तब तिम्रो दुःखनाश भइहाल्ने छ । केवल शान्तपद जो आत्मा हो त्यो तिम्रो आफ्नू स्वरूप हो। आफ्नू स्वरूपलाई भुलेर दुःखी भएका छौ। जब आत्मालाई जान्नेछौ तब संसार पनि आत्मस्वरूप भास्दछ ।

हे राजन् ! यो सारा जगत् चिदाकाशरूप हो । यही भावना दृढ गर। जसको यस्तो भावना दृढ भएको छ र सारा इच्छा निवृत्त भएकोछ त्यसलाई कुनै दुःख हुँदैन । उसले निरिच्छारूपी कवच लगाएको छ ।

हे राजन् ! जो अहं अर्थदेखि रहितहो, जसको सर्व शून्य भएको छ र जसले निरालम्बको आश्रय लिएकोछ, त्यो पुरूष मुक्तस्वरूप हो ।

हे राजन् ! विषयको सत्यतालाई त्यागेर केवल आत्माको भावना गर तब तिम्रो संसय मेटिएर जानेछ । तिमी आत्मस्वरूप निर्गुण हौ । तिमीलाई गुणले स्पर्श गर्दैन तिमी सबैदेखि पर हौ ।

जस्तो आकाशमा धूलो, धूवाँ, मेघ र बादल विकार देखिन्छ तर आकाशलाई कुनै लेप गर्दैन, आकाश अद्वैतरुप हो त्यस्तै ज्ञानवान् पुरूष जसलाई आत्मज्ञान भएकोछ उनलाई सुख, दुःख, राजस, तामस, सात्विक गुणले छुन सक्दैन ।

हे राजन ! वासनालाई त्यागिदेऊ, चित्तलाई स्थिर-राख । यो वासनानै मल हो । जब वासनात्याग हुन्छ तब केवल अनुभवरूप परमानन्दस्वरूप आत्मालाई आकाश

झैं स्वच्छ जानिलिनेछौ ।

आत्मा वचनको विषय होइन केवल आत्मातत्त्व मात्र हो र आफू आफैमा स्थित छ । सदा उदयरूप हो । यो विश्व पनि आत्मा कै चमत्कार हो । जसरी पानीदेखि तरङ्ग भिन्न हुदैन त्यस्तै आत्मादेखि जगत् भिन्न हुदैन आत्मै रूप हो ।

द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटी अज्ञानले देखिएकोछ । स्फुरणताले आत्मा नै त्रिपुटीरूप भएर स्थित भएकोछ । त्यसकारण चित्तलाई स्थिर गरेर हेर तब आत्मादेखि भिन्न कुनै वस्तु छैन । स्फुरणमा नै संसार छ । जब स्फुरण मेटिएर जान्छ तब संसार पनि मेटिएर जान्छ र मोक्षपद प्राप्त हुन्छ ।

हे राजन् ! मोक्ष कुनै देशमा छैन, जाहाँगए र पाईन्छ । मोक्ष कुनै पदार्थ होइन जो त्यसलाई ग्रहण गर्नु पर्छ । प्रकृति भनेको अहङ्कार हो त्यसबाट मोक्ष हुनुपर्छ । जब तिमी अहङ्कारलाई त्याग गर्छौ तब त्यो नै मोक्ष हो ।

जस्तो धूवाँदेखि रहित अग्नि प्रकाशमान हुन्छ त्यस्तै अहंकारदेखि रहित तिमी प्रकाशित हुन्छौ । जस्तो अग्लो पर्वत माथि निर्मल तलाउ शोभा पाउँछ त्यस्तै हेराजन्! तिमी शोभा पाउँनेछौ । त्यसैले आफ्नू स्वरूपमा स्थित होऊ ।

हे राजन् ! अहंकारलाई त्यागेर सत्तासमान आफ्नू स्वरूपमा स्थित भए तिम्रा सारा दुःख निवारण हुनेछ । हे राजन्! एक कवच तिम्रो लागि बताउँछु त्यसलाई धारण गरिराख । यद्यपि अनेक शस्त्रको वर्षा भए पनि छेदन गर्न सक्नेछैन त्यो सुन – जे जती देखनु, सुन्नु हो त्यो सबै ब्रह्म जान । वारम्वार त्यही भावना गर जो ब्रह्मदेखि भिन्न अरू कुनै भासित नहोस् । जब यस्तो भावनादृढ गर्छौ तब कुनै शस्त्रले छुन सक्ने छैन । यो ब्रह्मभावना नै कवच हो ।

त्यसैले यसलाई धारण गर तब सुखी हुनेछौ ।

हे राजन् ! न कोही जन्मन्छ न मर्छ, न सुख छ, न दुःख छ, आत्मा जस्ताको त्यस्तै स्थित छ । त्यसमा संवेदनले विश्वकल्पना भएको छ । त्यसैले संवेदननाई त्याग कि न महुँ, न यो जगत् हो । जब तिम्रो यस्तो निश्चय हुन्छ तब आत्मा नै शेष रहन्छ ।

हे राजन् ! जो वस्तु भ्रमले सिद्ध हुन्छ र सत्य भनी देख्छ त्यसलाई विचार गरेपछि जो सदा रहन्छ त्यो सत्य भनी जान्नु अर्थात् आत्मा भनेर जान्नु । जो विचार गरेपछि रहँदैन, नाश भएर जान्छ त्यसलाई मिथ्या भनी जान्नु ।

जस्तो हिरा पनि सेतो हुन्छ र वरफको ढीका पनि सेतो हुन्छ किन्तु सूर्यतापको अगाडीराखे जो गलेर जान्छ त्यो मिथ्या हो । जो जस्ताको तस्तै रहन्छ त्यो सत्य हो । त्यस्तै विचाररूपी सूर्यको अगाडी अहंकार वरफ झैं नाश भएर जान्छ त्यो तुच्छ हो, मिथ्या हो, अविचारसिद्ध हो । आत्मा सबैको साक्षी, अहङ्कार तथा इन्द्रियको पनि साक्षी सर्वव्यापी हो ।

हे राजन् ! जो सत्वस्तु हो त्यसको भावना गरी सम्यकदर्शी होऊ । सम्यकदर्शीलाई कुनै दुःख हुँदैन । जस्तो डोरी बाटोमा भए पनि त्यसलाई डोरी भनेर जाने कुनै दुःख हुँदैन किन्तु त्यो डोरीलाई सर्प भनी जाने भयभीत भइहाल्छ । त्यसैले सम्यक्दर्शी होऊ ।

हे राजन् ! जे जति दृश्य पदार्थ छ, त्यो सुखदायी होइन, दुःखदायी हो । जबसम्म त्यसको संयोग हुन्छ तबसम्म सुख भास्दछ जब वियोग भएर जान्छ तब दुःख नै प्राप्त हुन्छ । त्यसैले तिमी उदासीन होऊ । कुनै दृश्य पदार्थलाई सुखदायी भनी नठान र दुःखदायी पनि नठान । सुख र दुःख

दुवै मिथ्या हो ।

हे राजन् ! अहंकारदेखि रहित जो तिम्रो स्वरूप हो त्यसमा स्थित होऊ। जब अहंकारनाश भएर जान्छ तब आफूलाई जन्म–मरण विकारदेखि रहित आत्मा भनी जान्ने छौ। अर्थात् म चैतन्य हुँ, निराकार हुँ, केवल चिन्मात्र हुँ।

हे राजन् ! यी दृश्यलाई त्यागेर आफ्नो स्वरूपमा स्थित होऊ। यो विचार गर कि जो संसार सत्य भए संसारकै भावना गर । आत्मा सत्य भए आत्माको भावना गर । सत्यलाई सत्य जान र असत्लाई असत्य भनी जान । जो असम्यकदर्शी हुन् तिनी सत्यलाई असत्य मान्दछन् र असत्य-लाई सत्य भनी ठान्दछन्। असत्य वस्तु त स्थिर भइरहँदैन, यस्तो नजानेर अज्ञानी दुःख पाउँछन् ।

जस्तो कुनै पुरूष कुटीलाई रचेर सोच्न लाग्यो कि आकाशलाई मैले रक्षा गरेको छु । जब कुटीनाश हुन्छ तब शोक गर्न लाग्यो कि आकाश नाश भएर गयो । त्यस्तै अज्ञानी पुरूष आत्मालाई देहको आश्रय जानेर देहको नाश हुँदा आत्मानाश भयो भन्नी मान्छ र दुःखी हुन्छ ।

हे राजन् ! जो पुरूषको चेष्टा वासना रहित हुन्छ त्यसलाई कुनै बन्धन हुँदैन। जस्तो बालकको शरीर स्वाभा-विक चलिराख्छ परन्तु उसको अभिमान हुँदैन । त्यसैले उसलाई बन्धन हुँदैन । यस्तै तिमी पनि इच्छादेखि रहित भएर कर्म गर तब तिम्रो बन्धन हुँदैन ।

जस्तो भुटेको बीउ हेर्न उस्तै देखिन्छ परन्तु उम्रँदैन । त्यस्तै तिम्रो सबै क्रिया देखिन्छ परन्तु जन्मको कारण बन्दैन। त्यसैले अभिलाषादेखि रहित भएर जे जति आफ्नू स्वाभाविक आचार हो त्यो गर ।

हे राजन् ! जस्तो आकाशमा जलले पूर्ण मेघ देखिन्छ

परन्तु आकाशलाई लेप गर्दैन त्यस्तै तिम्रो कुनै क्रियाले बन्धन गर्दैन ।

हे राजन् ! अज्ञानरूप, वासनादेखि रहित भएर बस। तिम्रो नित्य सिद्धप्रकाश स्वरूप आत्मा जस्ताको त्यस्तै भासित हुनेछ । तब सदा उदयरूप, सबैको प्रकाशक आफूलाई जान्नेछौ । जन्म र मरण, बन्ध र मुक्त विकारदेखि रहित आत्मालाई पाएर चिर सुखी हुनेछौ ।

हे राजन् ! पुरूष प्रयत्न यही हो कि आफ्नो स्वरूपमा स्थित हुनु र अरू उपायलाई त्यागिदिनु। जो पुरूषलाई आत्माको भावना भएको छ त्यो पुरूष संसारसमुद्र तरिहाल्छ । जसको चित्त संसारको भावनामा रमिराख्छ त्यसले जन्म र मृत्युदुःख पाइराख्छ ।

हे राजन् ! दृश्यको कारण अज्ञान हो । जो आत्माको अज्ञानले दृश्य भासित हुन्छ त्यसको ज्ञान गरे लीनभइहाल्छ । त्यसैले संवेदनलाई त्याग गरी आत्माको भावना गर । यो म हुँ, यो मेरो हो, त्यो मिथ्या नै स्फुरितहुन्छ । तब देहलाई सुखरूप जानेर आसक्त भै दुःखरूप संसरण कहिले पनि निवृत्त हुँदैन । त्यसैले अनात्माचिन्तनलाई क्षणक्षणमा परित्याग गर । तब आत्मभावना स्वतः प्राप्त हुन्छ ।

हे रामजी ! तिमी कस्ता हौ? आदि र अन्त रहित विशाल चिद्घनस्वरूप हौ, आकाश जस्तो निर्मल छौ । जस्तो समुद्रमा तरङ्ग रहन्छ त्यस्तै तिमीमा जगत् बसिराखेको छ । यो सारा लीला मात्र हो, तिमी आफ्नो घनस्वरूपमा स्थित होऊ ।

हे रामजी ! जो वस्तु छँदैछैन तर देखिन्छ । त्यो मायाजाल मात्र हो । स्वरूपको दृढबोध भए भ्रमनाश

भएर जान्छ । जस्तो तेल सकिएपछि बत्ती निभिहाल्छ त्यस्तै वासनाक्षय भए स्वरूपज्ञान प्राप्त हुन्छ, चित्त अचित्त भएर जान्छ र सुख र दुःखको ग्रहण र त्याग हुँदैन । यो जीवन्मुक्त आत्मस्थिति हो ।

हे रामजी ! अध्यात्मविद्याको अभ्यास भए अज्ञान नष्ट भएर जान्छ । जबसम्म अज्ञानको कारण तृष्णा नाश भएको छैन तबसम्म अज्ञान रहन्छ । जब तृष्णानाश हुन्छ तब जान्नु कि अज्ञानको अभाव हुन्छ । हे राम ! तृष्णा नै विसूचिका रोग हो । त्यसलाई नाश गर्ने मन्त्र हो अध्यात्म शास्त्रको विचार । त्यसको अभ्यास गरेपछि तृष्णा क्षीण भएर जान्छ । जो पुरूष अध्यात्मशास्त्रको अर्थलाई धारण गर्दैन, प्रिति गर्दैन, त्यो पापी कीटादि नीच योनीमा प्राप्त हुन्छ ।

हे महावाहो! फेरि मेरो परम वचन सुन– तिम्रो हितको लागि भन्दैछु– तिमीले आत्मपद प्राप्त गरिसक्यौ । परन्तु बोध बढाउनको निम्ति फेरि सुन । जुन कुरा सुनेपछि छोटो बुद्धि भएका पुरूषलेपनि आनन्दपद पाउनेछ ।

हे रामजी ! जसको अनात्मामा आत्माभिमान छ र आत्मज्ञान छैन । त्यसलाई इन्द्रियरूपी शत्रुले दुःख दिन्छ । जो आत्मपदमा स्थित छ त्यसलाई इन्द्रियले दुःख दिंदैन । किनकि ज्ञानवान्को इन्द्रियहरू पनि मित्र हुन्छन् ।

हे राजन् ! आत्मा सदा अच्युतरूप हो । कहिले पनि परिणाम हुँदैन केवल एक रस हो । त्यसमा चित्तको स्फुरणले विश्व कल्पिएको छ र विकारयुक्त भास्द् छ । परन्तु आत्मादेखि भिन्न केही छैन । केवल आफू आफैंमा स्थित छ ।

हे राजन् ! त्यस्तो आत्मा तिम्रो स्वरूप हो । त्यसमा स्थित भै आपनो स्वाभाविक आचारमा निरहंकार भएर

विचार गर । अहंकार त्यागको अभिमानलाई पनि त्यागेर केवल आत्मस्वरूप आफूमा स्थित होऊ ।

हे राजन् ! यो जगत् सारा आत्मरूप हो । आत्मा आफू आफैंमा स्थित छ । जो सर्वात्मा नै हो तब शोक र मोह केको गर्ने ?

आत्मा सर्वदा एक रस हो र विश्व आत्माको चमत्कार हो । नाना विकार जन्म र मरण आदि जो भास्दछ त्यो आत्माको अज्ञानले भास्द छ । जब आत्माको ज्ञान हुन्छ तब आत्मरूप एक रस प्रतीत हुन्छ ।

जीवन्मुक्ति वर्णन

हे राजन् ! अन्तःकरणसित मिलेर भोगको वासना गर्ने र सदा विषयको इच्छा गरी राख्ने त्यो जीवात्मा हो । जहाँ वासनाको क्षय हुन्छ र शुद्ध आत्मामा आत्मप्रत्यय हुन्छ । त्यहाँ ज़ीव भन्नु कुनै रहँदैन । केवल शुद्ध आत्मा प्रकाश हुन्छ ।

हे राजन् ! जब चेतन अन्तःकरणसित मिलेर वहिर्मुख स्फुर्दछ तब संसारी जीव बनी जन्म मरण पाएर दुःखी हुन्छ । जहाँ चेतन शक्ति अन्तरमुख हुन्छ तब जन्म र मरणको भावनालाई त्यागेर स्वरूपको भावना गर्छ तव सारा दुःख बाट निवृत्त हुन्छ । जब स्वरूपको प्रमाद हुन्छ तब दुःख पाउँछ । जब स्वरूपको ज्ञान हुन्छ तब आनन्दरूप मुक्ति मिल्छ ।

हे राजन् ! संसाररूपी कुवाको धैटा नबन्नू । जब घैंटा-लाई डोरीले बाँधिन्छ तब कहिले माथि कहिले तल गर्दछ जब डोरी छिनिहाल्छ तब न माथि, न तल हुन्छ ।

हे राजन् ! त्यो कुवा के हो ? तल, माथि, भनेको के हो

सुन – संसार एउटा कुवा हो, स्वर्गलोक माथि र पाताल, नरक तल हो। पुण्यकर्मले स्वर्ग जान्छ र पाप कर्मले नरक पुग्छ। आशारूपी डोरीले बाँधिएको जीव जन्म-मरणरूपी चक्रमा घुमिराख्छ। स्वर्ग र नरकमा घुम्नुको कारण आशा हो। जब आशा निवृत्त हुन्छतब न कुनै नरक छ, न स्वर्ग छ। जबसम्म देहमा अभिमान रहन्छ तबसम्म नीच देखि नीच गति पाउँछ। जस्तो पत्थर शिलालाई समुद्रमा फाँकिदिए तलदेखि तल पुग्छ। त्यस्तै नीच अनात्मलाई देखेर देहाभिमानि पुरूष नीच गति पाउँछ। त्यसैले आत्मभावना गर। तिमी आत्मा हौ, तब आत्मा नै हुनेछौ। आत्मा चिन्तामणि स्वरूप हो। जस्तो भावनाले त्यसको आराधना गर्छ त्यस्तै फल प्राप्त हुन्छ। त्यसैले तिमी आत्माको भावना गर।

हे राजन्! स्फुरणमा दृष्टि भए सबै सत्य प्रतीत हुन्छ। जब स्फुरण नष्ट भएर जान्छ तब न कुनै शास्त्र छ, न कुनै दृष्टि छ। केवल अद्वैत आत्मा आफू आफैं हो।

जो पुरुष अहंकारदेखि रहित भएको छ त्यो निर्मल आकाशरूप चैतन्य हो। त्यो सबैको आश्रय आत्मा हो। जो पुरूष देहाभिमानी हो त्यो मूर्ख हो। स्वरूपको अज्ञानले तल, माथि जानु र आउनु गरिरहन्छ र पशु-पंक्षी स्थावर-जंगम योनि पाउँछ। त्यो आशारूपी फाँसीमा बाँधिएकाले दुःख पाउँछ। जो पुरुष सम्यक्‌दर्शी हो,शुद्ध चेष्टा जसको छ, त्यसको कुनै विकारदृष्ट हुँदैन। आकाश झैं सदा निर्मल भास्दछ। त्यसको सारा दुःखको अन्त हुन्छ र परमानन्द पद प्राप्त हुन्छ।

हे राजन्! जब तिमी त्यो सुखलाई प्राप्त गर्छौं तब कुनै तृष्णा रहने छैन। जस्तो नदी तबसम्म बगिरहन्छ जबसम्म समुद्रलाई भेटेको हुँदैन। जब समुद्रलाई भेटाउँछ

तब बग्न छोडेर समुद्र बनिहाल्छ । त्यस्तै जब तिमी आत्म पदलाई पाउँछौ तब तिम्रो कुनै इच्छा रहने छैन ।

हे राजन् ! तिमी अहंकारलाई त्याग गर । जरा, मरण आदि दुःख तबसम्म रहन्छ जबसम्म आत्मबोध प्राप्त हुँदैन । जब आत्मबोध हुन्छ तब कुनै दुःख रहँदैन ।

हे राजन् ! जबसम्म मन चलिरहन्छ तबसम्म दुःख मिल्छ । जब मन अमन हुन्छ तब सारा क्षोभ निवृत्त भै हाल्छ र शान्त पद पाउँछ । शान्ति तब मिल्छ जब प्रकृतिको वियोग हुन्छ । प्रकृतिको सङ्गले संसारी हुन्छ र दुःख पाउँछ । त्यसैले प्रकृति (अहंकार) लाई त्याग्न चेष्टा गर । जब तिमी अहं रहित हुन्छौ तब त्यो पदलाई पाउँछौ । जो न जड हो, न चेतन हो । आत्मा अद्वैत हो । जसमा वचनको गति पुग्दैन ।

हे राजन् ! आत्मा अनिर्वाच्य पद हो त्यसैले सङ्कल्पको त्याग गरेर आत्माकै भावना गर । जब आत्मभावना हुन्छ तब केवल आत्मा नै प्रकाशित हुनेछ ।

हे राजन् ! आत्मा चिन्तामणिरूप कल्प वृक्ष हो । जस्तो भावना गर्छ त्यस्तै सिद्धि मिल्छ । जब तिमी आत्मभावना गर्छौ तव सम्पूर्ण विश्व नै आफैंमा देखिहाल्छौ । जे जति देखिन्छ सारा आत्मा कै आश्रयमा रहेको छ । आत्मादेखि भिन्न कुनै पदार्थ रहन सक्दैन । त्यसकारण तिम्रो मनमा उठेको सङ्कल्पलाई ग्रहण नगर । त्यसलाई त्याग गरिदेऊ र आत्मभावना गर । जब आत्मभावना दृढ हुन्छ तब आत्मा नै प्रकाशित हुन्छ ।

मनु--इक्ष्वाकु संवाद १२२

मनु भन्नु हुन्छ– हे राम ! तिमी आत्माराम भएर बस र सिद्ध होऊ । राग–द्वेष रहित नित्य अन्तर्मुख भएर

आफूले आफूलाई हेर । जब आत्मारामी बन्छौ तब तिम्रो व्याकुलता सारा चिन्ता नष्ट भएर जानेछ र तिम्रो हृदय पूर्णचन्द्रवत् शीतल भएर आउनेछ ।

यसरी तिमी आफ्नो प्रकृत आचारमा विचरण गर, कुनै फलको आशा इच्छा नगर । जो पुरुष इच्छा आशालाई छोडी कर्म गर्दछ त्यो सदा अकर्ता नै हुन्छ । जब तिमी त्यस्तो हुन्छौ तब परम रसलाई पाएर तृप्त हुनेछौ । तब संसारको इच्छा कुनै रहँदैन ।

हे राजन् ! ज्ञानवानले देह काशीमा त्यागे पनि चाण्डालले घरमा त्यागे पनि मुक्त हो । किनकि ऊ आत्मा-स्वरूपमा स्थित, निरभिमानि ज्ञानवान् सदा मुक्तरूप हो । न कसैलाई स्तुति गर्छ, न निन्दा गर्छ । किनकि त्यसको चित्तको कलना सारा मेटिएर गएको छ । आत्म साक्षात्कार भएको छ । यद्यपि ज्ञानवान्मा राग–द्वेष देखिन्छ । हाँस्छ, रून्छ, परन्तु आफूलाई जानेकाले अन्तःकरणमा न राग छ, न द्वेष छ, न हाँस्छ, न रून्छ जस्ताको तस्तै स्थित छ । जस्तो आकाश शून्यरूप हो त्यसमा मेघ बादल पनि देखिन्छ परन्तु आकाशलाई छुन सक्तैन त्यस्तै ज्ञानवान्लाई कुनै क्रियाले बन्धन गर्न सक्तैन ।

हे राजन् ! ज्ञानवान् सदा नमस्कार गर्न योग्य हुन् र पूजा गर्न योग्य हुन् । जुन स्थानमा ज्ञानवान् बस्नु हुन्छ त्यो स्थानलाई पनि नमस्कार छ । जोसित बोल्छन् तिनलाई पनि नमस्कार छ । जसमाथि ज्ञानवानले दृष्टि राख्छन् त्यसलाई पनि नमस्कार छ । त्यो सबैको आश्रयभूत हो ।

हे राजन् ! जस्तो ज्ञानवान्को दृष्टिले आनन्द मिल्छ त्यस्तो तप गरेर मिल्दैन, दान गरेर मिल्दैन र यज्ञ कर्म गरेर पनि मिल्दैन, जस्तो संतको दृष्टिले मिल्छ । जस्तो

आनन्द ज्ञानवानको सङ्गले पाइन्छन् त्यो पदलाई वचनले भेट्टाउन सक्तैन ।

हे राजन् ! आत्मज्ञानविना शान्ति हुँदैन । जब आत्मज्ञान मिल्छ तब जरा–मृत्यु आदि दुःखबाट मुक्त हुन्छ । जस्तो सिह खोरबाट निस्कन्छ तब फेरि खोरको बन्धनमा पर्दैन । त्यस्तै विचारवान् पुरूष अज्ञानरूपी बन्धनमा पर्दैन । त्यसैले हे राजन् ! तिमी आत्माको भावना गर । तब तिम्रो दुःख नाश भएर जानेछ । आत्मा अनुभवरूप हो त्यो अनुभवरूप प्रत्येक आत्ममा स्थित होऊ । जब तिमी आत्मामा स्थित हुन्छौ तब तिम्रो चेष्टादेखिए पनि त्यसले स्पर्श गर्ने छैन । जस्तो शुद्ध मणिको नजिक जस्तो रङ्ग हुन्छ त्यसको प्रतिविम्वलाई मणि ग्रहण गर्छ, परन्तु रङ्गलाई स्पर्श गर्दैन । त्यस्तै तिमी स्वाभाविक प्रकृत आचार गरी रहे पनि तिमीलाई पाप र पुण्यले स्पर्श गर्दैन ।

वसिष्ठ भन्नु हुन्छ– हे रामजी ! यसप्रकार मनु उपदेश दिएर आकाश मार्ग भएर ब्रह्मलोक जानु भयो तब राजा इक्ष्वाकु राज्य गर्न लागे ।

हे रामजी ! जस्तो राजा इक्ष्वाकु जीवन्मुक्त भएर राज्य गरिराखेको छ त्यस्तै तिमी पनि यो विचारलाई आश्रय गरेर विचरण गर ।

कर्मबिचार–वर्णन– १२४

हे रामजी ! माया जाललाई तोड्नु अत्यन्त गाह्रो छ । यो आदि कलना जीवलाई भएको छ, जसले यसमा सत्य वुद्धि गर्छ, त्यो जालभित्र फँसेको पंक्षी जस्तो बाहिर निस्कन सक्दैन । त्यस्तै अनात्म अभिमानमा परेका जीव निस्कन सक्दैन ।

हे रामजी ! मेरो वचन सुन– तिम्रो हितको लागि बताउँछु । शुद्ध आत्मस्वरूपमा जुन अहंभाव भएको छ र अहंकारबाटै प्रतीत हुन्छ, यो सारा मिथ्या हो । त्यसमा सत्य केही छैन जो यसको प्रकाशक साक्षी आत्माज्ञान–रूप हो त्यो साँचो हो । त्यसको नाश कहिले पनि हुँदैन । जो जो पदार्थ स्फुरणबाट प्रतीत हुन्छ त्यो सारा नाशवान् हो ।

हे रामजी ! आत्मा निर्विकल्प, अद्वैत र सबैदेखि अलग छ । त्यसलाई अभ्यासविना कसरी पाइएला? आत्मतत्त्व तेजको पनि प्रकाशक, परिपूर्ण, निर्मल, नित्यशक्तिरूप हो । घट, पट, दैत्य, देवता आदि सारा जगत्को साक्षीरूपले आमातत्त्व स्थित छ र बत्तीले जस्तो सबैलाई प्रकाश गरिराखेको छ । उसबाट सारा कार्य सिद्ध हुन्छ, परन्तु स्वरूपको प्रमादले संवित तत्त्व मै चित्तको भावना अनात्माको संगतले; जीव दुःखी हुन्छ । जब अभ्यास र यत्न गरेर आफ्नो शुद्ध रूपलाई प्राप्त गर्छ तब आफू त्यही रूप भैहाल्छ ।

हे रामजी ! आदि चित्कला जीवरूपी रथमा बसेको छ । जीव अहंकाररूपी रथमा चढेको छ । अहंकार बुद्धिरूपी रथमा बसेको छ । बुद्धि मनरूपी रथमा चढेको छ । मन प्राण रूपी रथमा बसेको छ । प्राण इन्द्रियरूपी रथमा चढेको छ । इन्द्रियको रथ देह हो । देहको रथ पदार्थ हुन् जो कर्म–इन्द्रियादिले गर्छ, उसैको वशमा परेर जीव जन्म, मृत्युरूपी संसार पिंजडामा घुमिरहन्छ । यस प्रकार संसारचक्र घुमिराखेको छ । त्यसमा जीव प्रमादले तल माथि घुमिघुमि दुःख भोगिरहन्छ ।

हे रामजी ! जो सत् वस्तु हो त्यसको नाश कहिले पनि हुँदैन । असत्यको सद्भाव पनि कहिल्यै हुँदैन । त्यसैले

सत्य जो ब्रह्म हो त्यसको भावना गर । जसले ब्रह्मको भावना गर्छ त्यो ब्रह्म नै हुन्छ । जस्तो दूधमा दूध मिल्छ । पानीमा पानी मिल्छ । त्यस्तै यो जीव भावना गरेर चिद्धन ब्रह्मसित एक भइहाल्छ । तब जीव भन्नु कुनै रहँदैन । जस्तो अमृतलाई पिएपछि अमर हुन्छ । त्यस्तै "ब्रह्म" को भावना गरेपछि "ब्रह्म" हुन्छ ।

जो पुरुष अनात्माको भावना गर्छ त्यो पराधिन भएर दुःख पाउँछ । जस्तो विषलाई पिएपछि अवश्य मर्छ त्यस्तै अनात्माको भावनाले अवश्य दुःख पाउँछ त्यसको नाश हुन्छ । त्यसैले आत्माको भावना गर ।

हे रामजी ! खानु र पिउनु चेष्टा गर । परन्तु त्यसमा अहंभाव नराख अहंकार अज्ञानले सिद्ध हुन्छ । त्यो दृश्य मिथ्या हो । अहंभाव भएपछि दुःखी हुन्छ । त्यसैले अहंकार-देखि रहित भएर बस ।

हे रामजी ! राग–द्वेष गर्नेवाला मन हो । त्यो मनलाई त्याग गर । मन नै दुःखदायी हो । जस्तो कुमालेको चक्र घुमिरहन्छ र त्यसबाट नाना घैंटा उब्जिन्छ त्यस्तै मनरूप चक्र चलेपछि नाना पदार्थ उत्पन्न हुन्छ । मन स्फुरेपछि संसार सत्य हुन्छ । जब स्फुरण निवृत्त हुन्छ तब कुनै दुःख रहँदैन ।

हे रामजी ! आत्मा एक रस हो, सम्यक्दर्शन भए जस्ताको तस्तै भास्दछ । असम्यक्दर्शन भए एकको अर्को भासित हुन्छ । जस्तो डोरी एक हुन्छ त्यसलाई यथार्थ नदेखे सर्पको भान हुन्छ र डराउँछ । जब डोरीलाई जस्तातस्तै जान्दछ तब सर्पभ्रम निवृत्त हुन्छ त्यस्तै आत्मालाई नजाने-पछि संसारी हुन्छ र भयभीत हुन्छ । आफूलाई जन्मने–मर्ने ठान्दछ तब देहको सारा विकार आत्ममा देखछ । जब

आत्मालाई जान्दछ तब सारा भ्रम निवृत्त भइहाल्छ ।

हे रामजी ! आफ्नो वास्तविक स्वरूप ब्रह्म हो । अज्ञानताले जीव मोहमा परिहाल्छ । जस्तो कामीको खलाती श्वाश लिन्छ र त्याग गर्छ त्यस्तै अज्ञानीको चेष्टा अनर्थ र दुःखदायक हो । उसको संगत पनि कल्याणदायक हुँदैन । जस्तो ठुटो रूखमा छायाँ र फलको इच्छा गर्नु व्यर्थ हो त्यस्तै अज्ञानी जीवको संगतबाट सुख मिल्दैन ।

हे रामजी ! यो जगत् अज्ञानले प्रतीत भएको छ । अज्ञानको नाश भए सारा नष्ट भैहाल्छ । जबसम्म आत्म-विचारउदय हुँदैन तबसम्म अज्ञान रहन्छ जब आत्म बिचार उब्जिन्छ तब अज्ञानरूप अन्धकार नाश भएर जान्छ र ब्रह्मपदअनुभव हुन्छ ।

हे रामजी ! जो कुछ क्रिया गर परन्तु राग-द्वेषले रहित होऊ । जब राग-द्वेष रहित हुन्छौ तब उत्तम पद-ब्रह्मानन्द प्राप्त हुनेछ । जसको हृदय राग-द्वेषरूपी अग्निले जलेको छ उसलाई सन्तोष र वैराग्य आदि गुण मिल्दैन ।

जो बुद्धिमान हुन् र शास्त्रका ज्ञाता पनि हुन् परन्तु राग-द्वेष संयुक्त छन् भने तिनी स्याल जस्तै नीच हुन् । त्यसलाई धिक्कार छ ।

हे रामजी ! भावअभावरूप परमेश्वरको माया हो संसार प्रपञ्च स्वप्न जस्तै हो । त्यस्मा जो आशक्त हुन्छ त्यसलाई उसले सर्पझै डसिहाल्छ । धन, बान्धव र जगत् वास्तवमा मिथ्या हो, अज्ञानले सत्य देखिन्छ । जो पहिले पनि थिएन, पछिपनि रहँदैन, परन्तु बीचमा जो देखिन्छ त्यो पनि असत्य हो भनी जान्नु । जस्तो आकाशको फूल असत्य हो त्यस्तै संसार रचना असत्यै हो । असत्य पदार्थमा जो राग-द्वेष गर्छ त्यो मूर्ख हो, त्यो भन्दा चित्रमा लेखेको

पुरूष श्रेष्ठ हो । मूर्ख पुरूष इष्ट प्राप्तिमा हर्ष र अनिष्ठमा द्वेष गर्दछ परन्तु चित्र लिखित पुरूष कुनैमा राग-द्वेष गर्दैन । त्यसैले म भन्ददछु कि चित्रको पुरूष त्यस भन्दा श्रेष्ठ हुन् । हे राम ! चित्र लिखित पुरूष तब नाश हुन्छ जब उसको आधार पदार्थको नाश गरिन्छ। अधिष्ठानको नाशविना उसको नाश हुँदैन । परन्तु मनुष्यको त अविनाशी तत्त्व आधारहो, उसको नाश हुँदैन । परन्तु मूर्खताले आफ्नू नाश मानिलिन्छ र रागद्वेषले युक्त हुन्छ। त्यसैले त्यो चित्रको पुरूषभन्दा तुच्छ हो ।

हे रामजी ! जो पुरूष विवेक र धैर्यदेखि रहित छ उसलाई अहङ्काररूपी निशाचरले चाँडैनै खाइहाल्छ । जसलाई अहङ्काररूपी पिचाश लागेको छतिनी त्यो नरकरूपी अग्निमा काठ बाले झैं बलिहाल्छ तब धेरै ठूलो कष्ट पाउँछ ।

हे रामजी ! आत्मसत्ता सबै ठाउँमा पूर्ण अनुस्यूत छ। परन्तु जाहाँ प्राणकला हुन्छ त्यहाँ प्रतीत हुन्छ । जस्तो सूर्यको प्रकाश सबै ठाउँमा हुन्छ परन्तु जाहाँ पानी छ त्यहाँ प्रतिबिम्ब पर्छ र देखिन्छ । त्यस्तै आत्मसत्ता सर्वत्र छ, किन्तु जहाँ प्राणकला पुर्यष्टक (लिङ्गशरीर) हुन्छ त्यहाँ भासमान हुन्छ ।

हे रामजी ! आत्मसत्ताविना जीब अन्धवत हुन्छ । आत्मसत्ताले चेतन भएर चेष्टा गर्दछ । जस्तो चुम्बकको सत्ता पाएर फलाम चल्दछ त्यस्तै सर्वगत आत्मसत्ताले जीव स्फुरित हुन्छ र आत्मसत्ता पनि जीवमा प्रतीत हुन्छ, अन्यत्र भासमान् हुँदैन ।

हे रामजी ! यो जीवको आदि शरीर अन्तवाहक हो, सङ्कल्प नै उसको रूप हो । जब उसमा अहंभावना दृढ हुन्छ तब त्यही आधिभौतिक भएर देखिन्छ । जब त्यस्मा

सत्यता बुद्धि दृढ हुन्छ तब त्यो भावनाले राग-द्वेष पूर्वक जलन हुन्छ । जब हृदयमा बिचार उब्जिन्छ तब सङ्कल्परूपी आवर्ण हटेर जान्छ र आफ्नू वास्तविक स्वरूपप्राप्त हुन्छ ।

हे रामजी ! म तिमिलाई एउटा गढ बताउँछु । जहाँ कुनै शत्रुको बल पुग्न सक्दैन । त्यहाँ स्थित भएर सुखसँग बस । म पनि त्यही गढमा स्थित छु । जति ज्ञानबान् छन् ती पनि त्यही स्थानमा रहन्छन् ।

हे रामजी! काम, क्रोध, लोभ, अभिमान र विकार आत्म स्वरूपमा हुँदैन । जस्तो रातमा दिन हुँदैन त्यस्तै विकाररूपी दिन गढरूपी रात्रीमा हुँदैन । फेरि अचिन्त्यरूप गढ हो जहाँ कुनै स्फुरण छैन । केवल शान्तिरूप हो । त्यहाँ अहंभावलाई त्यागिकन आफ्नू स्वत शिद्ध स्वरूपमा स्थित भएदेखि अहं, त्वं भाव निवृत्त भइहाल्छ र स्वरूपको साक्षात्कार हुन्छ ।

हे रामजी ! जब स्वरूपको साक्षात्कार हुन्छ तब ज्ञानी स्फुरण, किम्वा अफुरण स्वरूपमा तुल्य देख्दछ । सारा जगत् उसको आत्मरूप भास्दछ। त्यसैले चिदावलिदेखि आदि देहसम्म जो अनात्म हो त्यसको क्रम–क्रमले त्याग । पहिले देहलाई त्याग, फेरि इन्द्रियको अभिमानलाई त्याग, यसै क्रमले सबै त्याग गरेर आफ्नू वास्तविशस्वरूपमास्थित होऊ ।

हे रामजी ! मेरो वचनलाई धारणा गर हृदय भित्र आस्तिक भावना गरी सर्वत्याग गर । जब सर्वत्याग गर्छौ तब तिम्रो चित्त क्षीण भएर जानेछ । जब चित्तक्षीण हुन्छ तब शान्ति मिल्नेछ ।

हे रामजी ! भित्र सर्वत्याग गरी बाहीर अभिमान रहित भैकन कर्मगर । सदा अन्तर्मूख होऊ। अर्थात् आत्मस्वरूपमा स्थित होऊ । जब आत्मस्वरूपमा स्थित हुन्छौ

तब भित्र, बाहिर सारा आत्मानै प्रतीत हुनेछ ।

हे रामजी ! चिन्मात्र आत्मादेखि बढी अरू सार कुनै छैन । उसैमा स्थित होऊ । जसमा सबैताप निवृत्त भै मेटिएर जान्छ ।

हे राम जी! सारा आत्मा नै स्थित छ । जस्तो बीउमा फल, फूल भैकन स्थित हुन्छ त्यस्तै सारा आत्मा नै स्थित छ । त्यसैले आत्मापदमा नै स्थित होऊ ।

हे रामजी ! जो पुरुष दृश्य पदार्थलाई त्याग गरेर जुन द्रष्टा स्वरूपमा स्थित हुन्छ त्यो चाँडैनै संसाररूपी नदी पार गर्छ । त्यसैले चित्तलाई अन्तरमुख गरी आत्ममा स्थित राख । बाहिर विषयमा जान नदेऊ, चित्तलाई स्थित गरे परम अमृत मिल्छ ।

हे रामजी ! चिदावली जीव अहंकार, बुद्धि, प्राण, इन्द्रिय, देह, विश्व आदि सारा आत्मा नै हो । आत्मादेखि भिन्न कुनै छैन । त्यसैले विश्वलाई आफ्नू स्वरूप जान ।

जस्तो सूर्यको प्रकाश सूर्य नै हो त्यस्तै तिमीले जान यो सारा म नै हुँ । अथवा देह जड हो, त्यसलाई इन्द्रियले चलाइ राखेको छ,त्यो म होइन । इन्द्रिय पनि म होइन किनकि इन्द्रियको सार प्राण हो । जुन प्राण नभए इन्द्रिय कुनै कामको हुँदैन । प्राण पनि म होइन किनकि प्राणको सार मन हो । जुन मन मूर्छित भए प्राण चलिराखे पनि कुनै कामको हुँदैन । मन पनि म होइन किनकि मनलाई प्रेरणा गर्ने बुद्धि हो । जो निश्चय बुद्धि गर्छ मन पनि त्यहीं पुग्छ । बुद्धि पनि म होइन किनकि बुद्धिको प्रेरक अहंकार हो र अहंकार पनि म होइन किनकि अहंकारको सार जीव हो । जीवविना अहंकारको कुनै काम छैन । जीव पनि म होइन किनकि जीवको सार चिदावली हो । चिदावली शुद्ध चिद्रूपमा

चैतन्योन्मुखत्व हुनुलाई भनिन्छ । त्यो चिदावली पनि म होइन किनकि चिदावलिको सार चिन्मात्र हो । त्यो अद्वितीय निर्विकल्प स्वरूप हो । म केवल शान्तरूप आत्मा हुँ

हे रामजी ! जुन तिम्रो वास्तविक स्वरूप हो त्यही भएर बस । त्यसदेखि भिन्न अनात्मामा अहं प्रतीतिलाई त्याग । तिमी देह रहित निर्विकार हौ । तिमीमा जन्म र मरणादि विकार छैन । तिमी शान्तस्वरूप जस्ताको तस्तै स्थित छौ । तिमी कहिले पनि स्वरूपदेखि भिन्न होइन । त्यसैले त्यही स्वरूपमा स्थित होऊ ।

हे रामजी ! जसको संकल्प आधिभौतिकरूपमा दृढ भएको छैन त्यो जीवले चाँडैनै आत्मपदलाई पाउँछ । जसको संस्कार आधिभौतिकमा दृढ भएको छ त्यसलाई धेरै कालपछि आत्मपद मिल्छ । आत्मपद नमिले उसले दुःख पाउँछ । जसलाई आत्मपद मिल्छ तिनी सुखी हुन्छन् ।

हे रामजी ! ज्ञानी र अज्ञानीको स्वरूपमा अरू केही भेद छैन । केवल सम्यक् र असम्यक् दर्शनको भेद हो ।

हे रामजी ! विद्या पनि दुई प्रकारको छ । एक ईश्वरवाद अर्को अनिश्वरवाद हो । जो ईश्वरवादी हो ऊ तुरीपदलाई पाउँछ । जो अनिश्वरवादी हो उसलाई जब ईश्वरको भावना हुन्छ तब त्यसले शास्त्र र गुरुद्वारा ईश्वरलाई पाउँछ ।

ईश्वरवादी पनि दुई प्रकारका छन् एक जो वासनालाई त्यागेर ईश्वर परायण हुन्छ त्यसले चाँडैनै ईश्वरलाई पाउँछ । आत्मा नै ईश्वर हो जो सबैको आफ्नू स्वरूप हो ।

अर्को ईश्वरलाई मान्दछ तर त्यसको वासना संसारतिर हुन्छ त्यसले धेरै कालपछि आत्मालाई पाउँछ ।

अनिश्वरवादी पनि दुई प्रकारका छन् । एक भन्दछ कि केही न केही छ । उसको छ भन्ने भावनाले शास्त्र र गुरुद्वारा

आत्मपद पाउँछ। अर्को भन्दछ कि केही छैन, उसलाई धेरै काल पछि जब आस्तिक भावना हुन्छ तब आत्मपद मिल्छ ।

हे रामजी ! उसको लागि विधि र निषेध बताएको छ कि शुभ कर्मलाई ग्रहण गर्नु र अशुभ कर्मलाई त्यागिदिनु । जब उसको अन्तःकरण शुद्ध हुन्छ तब आत्मपद पाउँछ ।

हे रामजी ! जसको चित्त वासनाले घेरिराखेको छ उसलाई संसारदेखि निक्लनु गाऱ्हो छ । जस्तो कुवामा खसेपछि निस्कन गाऱ्हो पर्छ त्यस्तै चित्तसित मिलेर संसार-बाट निक्लनु अत्यन्त गाऱ्हो छ । त्यसैले हे रामजी ! यो चित्त-लाई स्थिर गर तब तिम्रो दुःख मेटिएर जान्छ र सत्ता समानपद पाउनेछौ ।

हे रामजी ! जन्म र मरण दुःखबाट छुट्न निवृत्तिमार्गमा लाग्नुपर्छ । त्यो अहिले तिमीलाई बताउँछु सुन – निष्काम भएर शुभ कर्म गर्नु । तब चित्त शुद्ध हुन्छ, तिनीलाई वैराग्य-उदय हुन्छ । कर्मफलमा आशा इच्छा कम भएर आउँछ । संसार मिथ्याभनी भोगदेखि उपरत हुन्छ । शम, दम आदि ज्ञानका साधनलाई अवलम्बन गर्छ र मर्यादा पूर्वक बोल्छ । सन्त जनको सङ्गतमा लाग्छ । सत्शास्त्र एवं ब्रह्मविद्याको बारम्बार विचार गरिरहन्छ र उसको बुद्धि आत्मातिर बढेर जान्छ ।

फेरि विषय देखि उपरत हुन्छ। ईश्वर पूजन, तीर्थस्थलको दर्शन गरिराख्छ । देह र इन्द्रियबाट सन्तको सेवा गर्छ । सबैसँग मित्रभाव, दया, सत्य र कोमल भएर विचरण गर्छ । जुन वचनले सबै खुशी रहन्छन् त्यस्तो वचन बोल्छ। अज्ञानीको सङ्गतलाई त्यागी दिन्छ । स्वर्ग आदि सुखको भावना गर्दैन, केवल आत्मपरायण हुन्छ । सन्त र सत्शास्त्रको दृढभावना गरी त्यस्को अर्थमा बुद्धिलाई स्थित राख्नू, अरू कुनै कुरामा

चित्त नलगाउनू ।जस्तो दरिद्र सदा धनको चिन्तना गरिरहन्छ त्यस्तै त्यो सदा आत्माको चिन्तन गरिराख्छ । जो पुरूष यो गुणले सम्पन्न छ त्यसलाई प्रथम भूमिका मिलेको छ।

हे रामजी ! आत्मा न कहीं जान्छन, आउँछ, न जन्मिन्छ, न मर्छ । जब चैत्य र चित्तको सम्बन्ध मेटिएर जान्छ तब आनन्दरूप नै अवशेष रहन्छ । चेत्य भन्नु दृश्य भन्नु चित्त भन्नु अहंकार संवित्, हो जब यी दुईटाको सम्बन्ध मेटिएर जान्छ तब शेष आत्मानै बाँकी रहन्छ। त्यही ब्रह्म हो, आत्मा हो, र शिव पद हो, त्यो अनुभव-अनिर्वाच्य पद हो। त्यसैमा स्थित होऊ।

हे रामजी ! तृष्णा दुःखदायक हो । जबसम्म तृष्णा रहन्छ तबसम्म सन्तको वचन हृदयमा स्थित हुन सक्दैन । तृष्णारूपी विषको टुसालाई नाश गरिहाल। त्यसलाई घटाउनु र बढाउनु तिम्रै अधीनमा छ। जुन अंकूरलाई मल-जल दिए बढेर आउँछ, नदिए मरेर जान्छ त्यस्तै स्फुरणरूपी जल, मल दिएपछि तृष्णारूपी अंकूर बढेर आउँछ, नदिए मरिहाल्छ त्यसैले स्वरूपको अभ्यास गरी इच्छालाई नाश गरिदेऊ कुनै कुराको इच्छा मनमा नराख। तब तिम्रो जय हुन्छ। हे राम इच्छानै बन्धन हो, निरिच्छा नै मुक्ति हो ।

अत्यन्त उपयोगी

हे रामजी ! एउटा सजिलो उपाय भन्छु—जसबाट तृष्णानाश भएर जानेछ। त्यो हो आफ्नू परमार्थिक चिदानन्द स्वरूपको भावना। निरन्तर स्वरूपको चिन्तना गरे चाडैनै आत्मपद पाउने छौ र तिम्रो जय हुनेछ, सारा वासना क्षय भएर जानेछ तब संकल्प पनि नष्ट हुनेछ । त्यसैले हे राम! आफूलाई कहिले पनि नभूल ।

हे रामजी ! चित्तलाई आत्मपदमा लगाऊ । आत्मा

प्रकाशरूप हो । कुनै प्रकारले पनि त्यहाँ पुग्नुपर्छ । यस्तो अपूर्वचोला पाएर पनि आत्मपद पाएनौ भने कहिले पाइएला ? जो पुरूष आत्मपददेखि विमुख छन् तिनी रूख, वृक्षादि जन्म पाउँछन् । त्यसकारण चित्तलाई आत्मपदमा राख ।

हे रामजी ! अहंकार हुनु दुःखदायक हो । जब त्यसको नाश हुन्छ तब आनन्दै आनन्द हुन्छ । आत्मादेखि भिन्न जो मायाको रचना हो त्यो सित मिलेर आफूलाई म हुँ भनी ठान्नु नै अनर्थ हो । त्यसैले अहंकारलाई त्यागिदेऊ । त्यो मिथ्या कल्पना मात्र हो भएको कुनै होइन। नित्य सत्य-चिदानन्द-स्वरूप तिमी नै हौ ।

हे रामजी ! परमार्थ वास्तविकतामा द्वैत कुनै छँदैछैन । सारा संकल्पको रचना हो । संकल्पले रचेको जो दृश्य हो, त्यो संकल्पको अभाव गरे अभाव भै हाल्छ । जस्तो मनोराज्य मनले रचेको हुन्छ । जब संकल्पको अभाव हुन्छ तब मनको राज्यअभाव भै हाल्छ र सारा क्लेशको अभाव हुन्छ ।

हे रामजी ! संकल्पको दृढताले जीव दुःख भोगिराखेको छ, जस्तो स्वप्नमा संकल्प गरी जीव दुःखी हुन्छ । यो संकल्प मात्रको इच्छालाई त्याग्न के गारो छ ? त्यसैले आत्मविचार गर । आत्मविचारले आत्माको अभ्यास हुन्छ, देह अभिमान छुट्छ र दुःखदेखि मुक्त भै हाल्छ ।

हे रामजी ! जसको अनात्मामा आत्मअभिमान छ र अशुभ कर्म गर्छ त्यसलाई नरक प्राप्त हुन्छ । त्यसैले बुद्धि र इन्द्रियलाई मनले निग्रह गर र कर्मइन्द्रिय-हात, गोडाले स्वाभविक कार्य गर । हेर्न, सुन्न, सुघ्नलाई त्याग्नु पर्दैन किन्तु आत्मामा जुन अभिमान हो त्यसलाई त्याग, तब शान्तपदप्राप्त हुन्छ। चित्त अहंभावको नाम हो, तिमी आत्म-पदमा स्थित होऊ।

हे रामजी! मेरो वचनलाई धारण गर र हृदयमा आस्तिक भावराख जब सर्वत्याग गर्छौ, तब चित्तक्षीण भएर जान्छ। जब चित्तक्षीण हुन्छ तब शान्ति मिल्छ।

हे रामजी ! काठ झैं मौन भएर हृदयमा सर्वत्याग गर। बाहिरबाट कर्म गर। अभिमानदेखि रहित भएर अन्तर्मुखी भै राख। आत्मामा स्थित हुनुलाई अन्तर्मुखी भन्छन्। जब आत्मामा स्थित हुन्छौ तब विद्यमान दृश्य पनि तिमीले देख्ने छैनौ किनकि सारा आत्मा नै भासित हुन्छ।

हे रामजी ! दृश्य पदार्थलाई त्यागेर जुन द्रष्टा (जान्ने वाला) हो। उसमा स्थित होऊ। इन्द्रियहरू त आफ्नू विषयलाई ग्रहण गर्छ तिमी उनको भावना नगर। अर्थात् यो कति राम्रो पदार्थ हो, मलाई मिले हुँदो हो, यस्तो भावना नगर। जान्ने वाला आत्मा हो उसंमा स्थित होऊ। जो पुरुष द्रष्टास्वरूपमा स्थित हुन्छ त्यो सजिलोसित संसार समुद्र तरिहाल्छ।

हे रामजी ! इच्छा चित्तको धर्म हो। जब चित्तनै नाश हुन्छ तब इच्छा केको रहने ? जब स्वरूपको प्रमाद हुन्छ तब चित्तरूपी दैत्य प्रसन्न भएर यो मेरो आहारा हो, यसलाई म भोजन गरिहाल्छु भनी खुसी हुन्छ त्यसैले तिमी चित्तलाई परित्याग गर तब परम शान्ति पद पाउनेछौ।

हे रामजी ! जो पुरुष चित्तसित मिलेको छ, जसलाई स्वरूपको भावना छैन, त्यसलाई चित्तरूपी दैत्यले जन्मरूपी वनमा लगी घुमिरहन्छ र खाइहाल्छ। त्यसैले चित्तलाई आत्ममा लगाऊ, विषयमा जान नदेऊ। यो चित्त दुष्ट हो जब यसलाई स्थित गर्छौ तब परम पद मिल्नेछ।

हे रामजी ! सन्तको संगत र सत्शास्त्रको विचारबाट सारतत्व फेला पर्छ। अमृतस्वरूप मोक्ष मिल्छ। यो अत्यन्त दुःखको कुरा हो कि यस्तो स्वरूपलाई भुलेर जीव जन्म-

मरण आदि भयानक दु:ख पुनः पुनः भोगिरहेको छ। जहाँ कुनै दु:ख छैन, मृत्यु छैन, भय छैन, यस्तो आनन्दरूप यो महारामायणलाई श्रद्धा पूर्वक अध्ययन गरेपछि उसको बुद्धि निवृत्तितिर फर्कन्छ र विवेक पूर्वक आफ्नू स्वरूपआत्मपद मिलिहाल्छ ।

हे रामजी ! मोहको ठूलो माहात्म्य छ । हृदयमा जो आत्मरूपी चिन्तामणि स्थित छ त्यसलाई विर्सेर मूर्ख अहंकाररूपी काँचलाई ग्रहण गर्छ ।

हे रामजी । तिमी निरभिमान भएर चेष्टा गर । जस्तो यन्त्रले चलेको पुतली आभिमान गर्दैन आफ्नू चेष्टा गरिराख्छ त्यस्तै प्रारब्धवेगले तिम्रो चेष्टा भइरहन्छ त्यस्मा अभिमान नगर। जब त्यस्तो हुन्छौ तब शान्तपद प्राप्त हुनेछ जो बचनले बताउन सकिंदैन ।

हे रामजी! जबसम्म दृश्य पदार्थको इच्छा गरिराख्छ तबसम्म जन्म-मृत्यु बन्धनमा परिरहन्छ । त्यसैले पुरूष प्रयत्न यही हो कि इच्छालाई नाश गर। अर्थात् कर्मफलको इच्छा नराख र कर्म गर्ने इच्छा पनि नराख । यी दुबैलाई त्यागेर स्वरूपमा स्थित होऊ।

जबसम्म अहं ममको संवेदन रहन्छ तबसम्म दु:ख मेटिंदैन जब यो संवेदन मेटिएर जान्छ तब आनन्दै आनन्द मिल्छ ।

हे रामजी ! जो पुरूष गृहस्थिमा रहेको छ परन्तु अहंकारदेखि रहित छ त्यो पुरूष वनबासी हो । जो अहंकारलाई साथ लिएर वन कन्दरामा गई बस्छ त्यो सदा जन समूही हो ।

पहिले त्यो एक खाडलमा थियो, फेरि त्यसलाई त्यागेर दोस्रो खाडलमा परेको छ कि भेषधारी बनेको छ, वनवासी

भएको छ । त्यसलाई ईश्वरले चाहेदेखि निस्किएला नभए खाडल मै पडिरहन्छ । हे राम ! ज्ञान भनेको त्यो हो जो अहं-मम नहुनु । त्यसलाई मुनिहरूले परब्रह्म भन्छन् ।

हे रामजी ! त्यो निष्कर्म तब हुन्छ जब त्यसको अहं वेदन नाश हुन्छ । त्यसैले कर्मलाई जरैदेखि उखाल । जस्तो– रूख ढाल्ने बञ्चरोले वृक्षलाई मूलैदेखि काट्छ त्यस्तै गरी काट । अहं वेदन नै मूल हो ।

हे रामजी ! पुरुष प्रयत्न यसैको नाम हो कि आफूले आफूलाई नाश गरेर आफैं नै रहनु । अर्थात् देहसित मिलेर बसेको जो असत्य आफू हो त्यसलाई नाश गर्नु र शिवपद-लाई प्राप्त गर्नु । जो सर्वदा सत्स्वरूप अद्वैत हो । यो विश्व पनि उसैको चमत्कार हो ।

हे रामजी ! संसारको बीज अहंको उत्थान हो, सद्भाव हो । उसलाई नाश गर्नु संसारलाई मूल सहित नाश गर्नु हो । त्यसैले यसैलाई नाश गर्ने उपाय गर । जसको अहंभाव नाश भएको छ उसको निम्ति सारा आकाशरूप हो । उनको हृदयमा संसारको सत्ता कुनै स्फुर्दैन । यद्यपि तिनी गृहस्थमा रहे पनि त्यसको यो प्रप्रञ्च वनझैं शून्य भास्दछ। जो अहंकार सहित छ त्यो एकान्त वनमा गएर बसेपनि जन समूहमा बसेको हो । किनकि उसको अज्ञान नाश भएको छैन ।

हे रामजी ! जुन शब्ददेखि पर परम वस्तु छ त्यसको के को उपमा दिने ? जुन वासनारूपी विसूचीकालाई त्यागेर आफ्नू आत्मस्वभावमा स्थित हुन्छ र संसारमा विचरण गर्छ त्यो तीनै लोकको नाथ हो ।

हे रामजी ! तिमीले म भनी जो भन्छौ त्यो आत्माको भावना गर अनात्मको भावना नगर । अनातममा जुन म भावना छ त्यसको अभाव गर । जब यसरी दृढ भावना गर्छौ तब

संसारभ्रम निवृत्त भएर जान्छ ।

हे रामजी ! चित्त स्फुरणको नाम संसार हो । चित्त स्फुरे पछि संसार चक्र चल्दछ । जस्तो सुनबाट गहना बन्दछ त्यस्तै चित्तदेखि त्रिपुटी बन्दछ । त्यो आत्माको आभास हो । अज्ञानले चित्त चल्दछ र ज्ञान भए लीन भैहाल्छ । जस्तो सुनको गहना पगालेपछि गहना बुद्धि हराउँछ । त्यस्तै चित्त अचल भए चित्तसत्ता रहँदैन । चित्तलीन भए शुद्ध चेतनसत्ता शेष रहन्छ ।

हे रामजी ! यो संसारको सार जो आत्मा हो त्यसमा सुशुप्तिझैं मौन भएर स्थित हौ । एक बचनको मौन, (नबोल्नु) दोस्रो समाधि आँखा चिम्लेर केही नहेर्नु, तेस्रो हठ पूर्वक स्थित हुनु । मन र इन्द्रियलाई स्थित राख्नु यो तिनै कष्टदायक मौन तपस्वीहरूको हो । अर्को ज्ञानीको सुशुप्त मौन सुन–वचन, इन्द्रियहरूको चेष्टा होस् तर आत्मादेखि भिन्न अरू केही नदेख्नु । अथवा न म हूँ न जगत् हो किम्बा सारा म नै हुँ । यस्तो निश्चय गरी स्थित हुनु उत्तम मौन हो ।

हे रामजी ! यो संसार मिथ्या हो । यहाँ सत्य कुनै पदार्थ छैन । सारा मनले रचेको हो, त्यसैले मनलाई स्थित गर । जस्तो धोबीले साबुन लगाई कपडाको मयल हटाउँछ त्यस्तै मनले नै मनलाई स्थिर राख जब मन स्वरूपमा स्थित हुन्छ तब मनको गति नाश भएर जान्छ ।

हे राम ! यो मन त्यस्तो दुष्ट छ कि जहाँबाट उब्जिन्छ त्यसैलाई नाश गरिदिन्छ । जस्तो बाँसदेखि आगो निस्केर फेरि त्यसैलाई जलाई दिन्छ त्यस्तै आत्माबाट उब्जेर यो मन आत्मालाई नै ढाकिदिन्छ । जस्तो राजाको मानिस उसैका सत्ता पाएर राजालाई नै मारी आफू राजा हुन्छ त्यस्तै मन आत्माको सत्ता पाएर आत्मालाई ढाकी आफैं

कर्ता, भोक्ता भएर बसेको छ । त्यसैले मनले मनलाई नाश गर । जस्तो फलाम तताएर फलामैले काट्छ त्यस्तै मनसित मनले नै युद्ध गर ।

हे रामजी ! शरीर कर्मबाट मिल्छ । कर्मको बीज अहंकार हो । त्यसैले अहंकारबाट शरीर प्रकट हुन्छ । जब अहं नष्ट हुन्छ तब शरीर केही रहँदैन । केवल आत्मपद शेष रहन्छ । त्यसैले केवल चिन्मात्र आत्मतत्वमा स्थित होऊ; यो सबै चिन्मात्ररूप नै हो । जब यस्तो भावना हुन्छ तब चित्त अचित्त भएर जान्छ,तब जगत् कलाना मेटिएर जान्छ र केवल आत्म तत्वनै भासमान हुन्छ ।

तुरीयपद–विचार–१२५

हे रामजी ! जीवको तीन स्वरूप छन् । एउटा स्वरूप शुद्धात्मा हो । चिदानन्द ब्रह्म जसबाट सारा प्रकाशित हुन्छ । दोस्रा अन्तबाहक हो त्यो आत्माको प्रमादले भएको हो । जहाँ आत्माको स्मरण रहेको छ । जब आत्मालाई भुलिहाल्छ तब तेस्रो अधिभूतक हुन्छ ।

हे राम ! यो तीन स्वरूप जीवका हुन् । आत्मालाई भुली जीव बनेर दुःखी भइरहन्छ त्यसैले पञ्चभूत र अन्त बाहक-लाई त्यागेर वास्तविक स्वरूपमा स्थित होऊ । त्यो तिम्रो सत्यस्वरूप हो ।

हे रामजी ! जो कुछ संसार छ त्यसको सार देह हो । जुन देहको सबै सम्बन्धित छन् । जब देहनाश हुन्छ तब सम्बन्धित पनि रहँदैन देहको सार इन्द्रिय हो । इन्द्रियको सार प्राण हो, प्राणको सार मन हो र मनको सार बुद्धि हो । बुद्धिको सार अहंकार हो र अहंकारको सार जीव हो, जीवको सार चिदावली हो अर्थात् वासना संयुक्त चैतन्य हो र

चिदावलीको सार चित्तदेखि रहित शुद्ध चेतन हो। जसमा सारा विकल्पलय हुन्छ । शुद्ध निर्मल चिन्मात्र ब्रह्म हो। त्यसैले हे राम ! चिदावलीसम्म सारा त्याग गरी चेतन मात्र आत्मामा स्थित होऊ ।

हे रामजी ! जो वस्तु सङ्कल्पबाट उदय हुन्छ । त्यसको रहनु पनि थोरै काल हुन्छ । जुन चल वस्तुहो त्यो अवश्य नाश भएर जान्छ। यो दृश्य आत्माको भ्रमले सिद्ध भएको छ। जस्तो मृग तृष्णाको पानी। त्यस्तै अहङ्कार देह, इन्द्रियबाट जो सुख मिल्यो भनिठान्दछ त्यो मिथ्याभ्रम हो । त्यसैले दृश्यको भावनालाई परित्याग गरी आफ्नू अनुभवरूपमा स्थित भैरहू । जब आत्मस्वरूपमा स्थित हुन्छौ तब मोह जालबाट छुटिहाल्छौ ।

हे राम ! जस्तो कर्मगर्छ त्यस्तै शरीर मिल्छ, सङ्कल्प नै कर्म हो । यो विश्व-संसार सङ्कल्प मात्र हो, भएको कुनै हैन । तिमी सङ्कल्प नगर र सङ्कल्पलाई त्यागिदेऊ । यो दृश्य पदार्थको आशा, इच्छा मनमा नराख । त्यसलाई परित्याग गरिदेऊ । तब आत्मपद मिल्ने छ।

हे रामजी ! मन नै संसार हो, मन नै ब्रह्मा हो, मन नै कीरा हो, मन नै सुमेरू हो, मन नै सारा विश्वरूप भएर रहेकोछ । त्यो मन कस्तो छ ? आत्मादेखि भिन्न मन केही होइन । जस्तो फलको भित्र रूख छ त्यस्तै मन आत्मास्वरूप हो । यस्तो जानेर आत्मस्वरूपमा स्थित होऊ ।

हे रामजी ! जुन पुरुष शान्तिमान्, क्षमावान् र जितेन्द्रिय छन् र मनको चलन-सङ्कल्प विकल्प लाई जितेकाछन् ती सिद्धान्तका पात्र हुन् ।

जो पुरूष राग-द्वेष सहित इन्द्रियको सुखमा मग्न छ त्यो सिद्धान्तको बाक्य 'अहं ब्रह्मा' सर्वं ब्रह्म यस्तो

सुनेर पनि भोगमा नै स्थित रहन्छ र अधोगति मिल्छ। जसको अन्तस्करण मलिन छ त्यसलाई मिल्न कठिन छ। जस्तो भुटेको बीउ मलिलो माटोमा रोपे पनि टुसा आउँदैन त्यस्तै इन्द्रियारामी भोगलम्पट पुरूषलाई आत्माको प्राप्ति हुँदैन। जसको हृदय शुद्ध छ तिनलाई ज्ञानप्राप्त हुन्छ।

हे रामजी ! जसले अभ्यास गरिकन एकक्षण भने पनि साक्षात्कार गरेकोछ त्यसले फेरि आमाको गर्भमा आउनु पर्दैन।

हे रामजी ! अविद्याको दुई शक्ति छन्, एक आवरण दोस्रो विक्षेप। आत्मालाई नजान्नु हो आवारण र आत्मामा अनात्मलाई देखनु हो विक्षेप। आत्मा सदाज्ञानरूप हो, त्यसको आवरण कहिले पनि हुँदैन। आत्मा शुद्ध ज्ञानमात्र हो त्यसैले सारा कल्पनालाई छाडी बाँकी जो रहन्छ त्यो प्रकाश स्वरूपमा स्थित भैरहू।

हे रामजी ! जो पुरूष चित्तको पछि लागेर घुमिराख्छ, स्वरूप को भावना गर्दैन, तब चित्तरूपी दैत्य जन्मरूपी वनमा घुमिरहन्छ र त्यसलाई खाइरहन्छ। आत्मभावनाको बुद्धि उत्पन्न हुन दिंदैन। त्यसैले ! बलगरेर पनि चित्तलाई आत्ममा जोड, विषयतिर जान नदेऊ। योचित्त दुष्ट छ। जब यसलाई स्थिर गर्छौं तब परम अमृत झैं शोभायमान हुनेछौ र परम निर्वाणपद पाउनेछौ।

हे रामजी ! चित्तरूपी जमीनमा निश्चय रुप जस्तो बीज रोपिन्छ त्यस्तै बेलामा उम्रिन्छ। त्यसैले तिमी आत्म भावनारूप बीज रोप। सारा आत्मरूप हो, यस्तो भावना गर। तब आत्मा नै भासमान हुन्छ। तिमीदेखि भिन्न भन्नु कुनै पदार्थ छैन्।

हे रामजी ! जे जति जगत् तिमीलाई भासमान भएको

छ त्यो सबै चिन्मात्रस्वरूप हो। सदा आफू आफैमा स्थित छ। जस्तो पानीमा फोका स्थित रहेकोछ परन्तु पानीदेखि भिन्न केही छैन त्यस्तै ब्रह्ममा सारा जगत् भएको झैं प्रतीत हुन्छ परन्तु ब्रह्मदेखि भिन्न अरु कुनै केही छैन। सारा जगत् ब्रह्मस्वरूप हो। तिमी विचार गरी हेर तब सारा दुःखमिटेर जानेछ। जबसम्म विचार गरी स्वरूपलाई प्राप्त गर्दैंन तब सम्म दुःख मेटिंदैन। जतिजति विचार हुँदै जान्छ त्यति-त्यति सुख प्राप्त हुन्छ। जहाँ विचारको उदय हुन्छ त्यहाँ अविद्या नष्ट भैहाल्छ। जस्तो जहाँ प्रकाश हुन्छ त्यहाँ अन्धकार रहँदैन। त्यसैले प्रकाशरूप आत्मा (आफू) मा स्थित होऊ।

हे रामजी! म हात उठाएर पुकारगरी बोल्छु मेरो वचन कसैले सुन्दैन। किनकि इच्छा नै संसारको कारण हो। इच्छादेखि रहित हुनु परम कल्याण हो। जब इच्छा रहित हुन्छ तब शान्त पद मिल्छ। निरिच्छित भए आत्मा प्रतीत हुन्छ। जुन निरतिशय आनन्दरूप हो।

हे रामजी! जबसम्म ज्ञानउदय हुँदैन तबसम्म आत्म परायण भै रहनु र अभ्यास–यत्न गरिराख्नु, कहिले पनि नछोडनू। शत्शास्त्रबाट आत्माको विशेष अर्थ सुन्नू र सम्झिकन वारम्बार अभ्यास गर्नू। अनात्मदृश्यलाई उपेक्षा गरी उपरत हुनू। त्यसलाई मिथ्या जानेर वैराग्य गर्नु तब सजिलैसित आत्मपद पाउनेछौ।

हे रामजी! जोपुरूष ज्ञानदेखि शून्य छ त्यसको इन्द्रिय स्थिर हुँदैन। शास्त्रको अर्थ बताउँछ तापनि परमात्मज्ञान रहित भएकाले त्यसलाई इन्द्रिय बलगरी गिराईदिन्छ। जस्तो गिद्ध पक्षी आकाश मार्गमा उडिरहन्छ, जब सिनुलाई देख्दछ तब पृथ्वीमा झरिहाल्छ। त्यस्तै अज्ञानी विषयलाई देखीकन

माथिबाट तल गिरिहाल्छ । त्यसकारण इन्द्रियहरू र मनलाई वशगर । युक्ति पूर्वक तत्परायण रहू, अन्तर्मुख होऊ । यो जुन संवेदन स्फुरण हुन्छ त्यसलाई त्यागिदेऊ । जब स्फुरण निवृत्त हुन्छ तब परमात्माको साक्षात्कार प्राप्त हुन्छ, संसारको अत्यन्त अभाव भएर जान्छ ।

हे रामजी ! यो जीव सम्पूर्ण देहमा व्यापक छ, तर देखिन्छ हृदयकोष भित्र । जस्तो गुलाबको बोट भित्र सुगन्ध रहेपनि सुगन्ध फूलमा नै पाइन्छ त्यस्तै चेतन–सत्ता सारा शरीर भित्र व्यापक भएपनि अनुभव हुन्छ हृदयमा । त्यसकारण परम देवलाई आफ्नू हृदयभित्र हेरिरहनु । जब बोध हुन्छ तब संसारभ्रम मिटेर जान्छ र परमानन्द प्राप्त हुन्छ ।

हे रामजी ! जो कुछ पदार्थ छन् ती साराबाट निराश भै बस । हृदय भित्र कुनै कुराको अभिलाषा नराख । तिम्रो हृदय ढुङ्गा जस्तो बनाऊँ । जस्को हृदय कोमल छ, स्नेह युक्त छ, तिनी अज्ञानी हुन् । त्यसकारण भोगको इच्छालाई परित्यागगर तब सुख–शान्ति प्राप्त हुन्छ ।

हे रामजी ! यो संसारको मार्ग अत्यन्त गहन छ । त्यसैमा जीव भट्कि राखेको छ । आश्चर्य हो जो मिथ्या वासनाले जीव जन्म र मरण चक्रमा घुमी दुःख भोगी राखेका छन् । अविद्यमान जगत्लाई भ्रमले सत्य भनी ठानेका छन । जो पुरूष यो वासनारूपी असार संसार तरी पारलाग्छ त्यो धन्य हो । त्यो ज्ञानवान् पुरूष हो ।

हे रामजी ! यो मनुष्य शरीर मिलेको यहि विशेषता हो कि कुनै प्रकारले आत्मस्वरूपलाई प्राप्तगरिहाल्नू । यस्तो नरदेह पाइकन पनि आत्मपद पाउनको इच्छा नगरे त्यो पशुसमान हो । ।

हे रामजी ! मूढ मनुष्य यस्तो चेष्टागर्छ कि जुन प्राणको

अन्तकालसम्म तृष्णागरी रहन्छ । ब्रह्मलोकदेखि तृण पर्यन्त जे जती इन्द्रियका विषयहरू छन् ती सबै भोग गरेपनि शान्ति मिल्न सक्तैन । त्यसैले तिमो निरीक्षित भएर बस । कुनै कुराको इच्छा नगर । यी भोग देखन मात्र राम्रो हो विचारगरे पछि तुच्छ भएर जान्छ ।

हे राम ! हाम्रो कुनै इच्छा छैन किनकि जगत् मृग-तृष्णाको जल झैं प्रतित भएको छ । त्यसैले इच्छा के को गर्ने ? इच्छानै बन्धन हो । इच्छा रहित हुनु मुक्ति हो ।

हे रामजी ! जुन पुरूषको भित्रदेखि संसारको रस सुकेर गएकोछ त्यो संसार समुद्रबाट पार हुन सक्छ । जसको संसार प्रति रस बुद्धिछ त्यसको इष्टअनिष्ट पदार्थमा राग-द्वेष भैरहन्छ । त्यो बन्धनमा पर्छ ।

हे राम ! म तिसीलाई यस्तो समाधि बताउँछु जुन सुखपूर्वक पाउने छौ । जसबाट मुक्ति मिल्छ त्यो सुन-सारा इच्छाबाट रहित हुनु यही परम समाधि हो । जसको इच्छा स्फुरिराखछ त्यसको हृदयमा उपदेशरहन सक्तैन । उसलाई इच्छाले नै दीनदु:खि तुल्याउँछ, विषयको इच्छा भोगेर तृप्त हुँदैन, त्यो इच्छा नै बन्धन हो ।

हे राम ! संसाररूपी विषको वृक्ष छ । त्यसको बीज इच्छा हो । जसको इच्छा बढ्दै जान्छ त्यसको संसार बढ्दै आऊँछ ; त्यसैले बारम्बार जन्म-मृत्यु भैरहन्छ ।

हेरामजी ! त्यस्तो सुख ब्रह्मलोकमा पनि छैन । जस्तो सुख इच्छाको निवृत्तिमाछ । त्यस्तो दु:ख नरकमा पनि हुँदैन जस्तो दु:ख इच्छाको उदय भए हुन्छ । इच्छाको नाश हुनु मोक्ष हो र इच्छा उत्पन्न हुनुको नाम बन्धन हो । जुन पुरूषको इच्छा उत्पन्न हुन्छ त्यसले दु:ख पाउँछ । अर्थात् संसाररूपि खाडलमा पर्छ । जसले इच्छालाई हटाउने उपाय

गरेको छैन त्यो अध्याँरो कुवामा खसिहाल्छ ।

हे राम ! शास्त्रको श्रवण र मनन गर्नु पनि यसैको लागि हो । जसरीहुन्छ इच्छालाई निवृत्तगर्नु । तपस्या, दान, यज्ञ पनि यसैका लागि हो । जुन प्रकारले इच्छा निवृत्त होस् । यदि एकैचोटी निवृत्त गर्न नसकेमा क्षण-क्षण निवृत्त गर्नु ।

हेरामजी ! जो पुरुष शास्त्रको अध्ययन पनि गरिरहन्छ, फेरि इच्छालाई पनि बढाइ राख्छ त्यो बत्ती हातमा लिएर पनि कुवामा खसिहाल्छ । त्यो महान मूर्ख हो ।

हेराम ! इच्छाको निवृत्ति हुनु सुख हो। इच्छा उत्पन्न हुनु अत्यन्त दुःखदायी हो । जुन पुरुष इच्छालाई हटाउने उपाय गर्दैन त्यो मनुष्यमा पशु हो, त्यसको सङ्गत कदाचित नगर्नू। मूर्खको सङ्गले बुद्धिलाई विपरित तुल्याइदिन्छ । त्यसैले विपरीत बुद्धिलाई त्यागी आत्मपदमा स्थित होऊ।

हेराम ! आफ्नू स्वभावको सुधार गर्ने साधनको नाम हो मोक्ष । सुधार न गर्नुको नाम बन्ध हो । अरू कुनै पदार्थले उपकार गर्न सक्तैन । न धनले, न कुनै मित्रले, न कुनै क्रियाले, एक आफ्नू पुरुषार्थले नै उपकार गर्न सक्तछ ।

त्यो पुरूषार्थ यही हो कि जो आफ्नू चेतन स्वभाव हो त्यसैमा स्थित हुनु। जब आफ्नू स्वभावमा स्थित हुन्छ तब सारा आफ्नू स्वरुपनै प्रतीत हुन्छ ।

हे रामजी! जो पुरूषलाई यस्तो निश्चय भएको छ कि म, तिमी जगत् सारा ब्रह्म हो। अथवा म र तिमी, जगत् सारा मिथ्या हो। त्यसको कुनै इच्छा रहँदैन, जब भोगको वासना रहँदैन तब संसार विरस हुन्छ तब जान्नुकि त्यो; यो संसारबाट पार हुन्छ ।

हे रामजी ! अब कस्तो पुरूष बन्धनमा पर्छ त्यो सुन– जुन बन्धनले आत्मपद पाउन सक्तैन ।

पहिलो– धन–मणीको बन्धन
दोस्रो– भोगको तृष्णा
तेस्रो– बान्धवको बन्धन

जसमा यी तीन वस्तुको वासना बसिरहन्छ तिनलाई धिक्कार छ। जुन भोग हो त्यो महारोग हो। बान्धवहरू दृढ बन्धनरूप हो र अर्थ-धनको संग्रह अनर्थको कारण हो। त्यसकारण यो वासनालाई त्यागी आत्मपदमा स्थित होऊ।

धन कमाउन र रक्षा गर्न अनेक कष्ट र चिन्ता पाउँछ, अनर्थ हुन्छ, परन्तु जुन धन ज्ञानसधनको लागि लगाउँछ, तब त्यो धन अमृत स्वरूप भएर जान्छ।

हे रामजी ! ज्ञानविना तप यज्ञ, दान आदि कर्मसारा व्यर्थ हुन्छ। सारा क्रियाको सिद्धी ज्ञानबाटै हुन्छ। ज्ञानको उदय नभए साराक्रिया व्यर्थ हुन्।

आत्मा सर्वदा विद्यमान छ।जसले जुन विद्यमान देव विष्णु हुन् तिनलाई त्यागगरी अरू देवताको पूजागर्छ त्यसको पूजा सफल हुँदैन। भगवान् विष्णुदेव कसरी रहनु हुन्छ ? आत्मा सदा अनुभवरूप हो। त्यो सर्वदा विद्यमान रहन्छ। त्यसलाई त्यागी जो अरूको पूजन गर्छन् तिनी जन्म-मरणको बन्धनबाट मुक्त हुँदैनन्।

आत्मदेवको पूजा कसरी गर्नु पर्छ ? अनिच्छाबाट जोमिल्छ त्यो तिनलाई अर्पणगर्न। यस्तो पूजामा पनि भुलिनराख अर्थात् स्थित नहुनु। जो यसलाई जान्दछ, प्रकाशगरी राखेको छ, त्यसमा अहंप्रत्यय गर्नु यो अत्यन्त ठूलो पूजाहो।

हे रामजी ! यो आत्मदेवदेखि अरू जुन सूर्य, चन्द्र आदिको पूजा हो त्यो तुच्छ हो। जब तिमो आत्मदेवको

पूजामा स्थित हुन्छौ तब अरू पूजा तिमीलाई सुकेको तृण झैं लाग्नेछ ।

हे रामजी ! फेरि दान पनि बोध पूर्वक आत्मदेव लाइनै गर्नू। बोध; वैराग्य र धैर्य बोधको कारण हो । जो मिलेकोमा सन्तुष्ट हुनु र ब्रह्मविद्याको विचार गर्नु । सन्तको सङ्गत गर्नु यी साधनद्वारा जब बोधरूपि सूर्यउदय हुन्छ तब द्वैत-रूपी अन्धकार नष्ट भएर जान्छ र ज्ञानरूपी सूर्यउदय हुन्छ ।

हे राम ! तिमी उनैदेवको पूजा गर। जसबाट आत्मपद पाउनेछौ। फेरि आत्मदेवको पूजागर्न फूल पनि चाहिन्छ त्योहो आत्मविचार गर्नु र शम जोहो चित्तको वृत्ति अन्तर मुख राख्नु । यथालाभमा सन्तुष्ट रहनु, सन्तको सङ्ग गर्नु, यही फूल लिएर निवेदन गर्नु तब ज्ञान प्राप्ति हुन्छ । जब ज्ञानउदय हुन्छ तब आत्मदेवको साक्षातकार हुन्छ र परमपद मिल्छ ।

हे रामजी ! जो पुरुष सबै ब्रह्ममय हो भनी वचनले भन्छ । तर निश्चयदेखि रहित छ त्यो महामूर्ख हो । जस्तो जन्मअन्धोले सूर्यलाई देख्दैन त्यस्तै तिमी आत्म अनुभव-देखि रहित हुन्।

जब आत्मपदको साक्षात्कार हुन्छ तब यस्तो आनन्दप्राप्ति हुन्छ, जुन आनन्द पाएपछि अरू पदार्थरसदेखि रहित जानिन्छ । ब्रह्मदेखि तृण पर्यन्त सारा विरस भएर जान्छ । त्यसैले हेराम ! तिमी आत्मपरायण होऊ । सदा आत्मपदको भावना गर ।

हेरामजी ! यो जगत् गन्धर्व नगर जस्तै मिथ्या हो । तिमी जागेर हेर। यसलाई साचो ठानी किन तृष्णा गरिराख्छौ । यसलाई सत्य मानेर तृष्णा गरिराख्नु बन्धन हो ।

तिमी आत्मा हौ, सबैको अधिष्ठान हौ, सबैभन्दा ठूला हौ। तुच्छ इच्छा गरिकन बन्धनमा किन अल्झिन्छौ ? त्यसैले वासनारूपि साङलालाई तोडेर आत्मपदमा स्थित होऊ।

हे रामजी ! तिमी कुनै प्रकारको इच्छालाई मनमा उठ्न नदेऊ। सङ्कल्पलाई मनबाट परित्याग भए शुद्ध आफ्नू स्वभावमा स्थित हुनेछौ। क्षणक्षणमा इच्छाको परित्याग भए सहजै आत्माको अनुभव हुनेछ। शरीर, इन्द्रिय, मन बुद्धि सारा अनात्मा हो। तिमी सर्वदा प्रकाशरूप आत्मा हौ। त्यसैले तिमी आफ्नू शुद्ध चित्स्वरूपलाई ग्रहणगर। तब तिमी कल्पित मिथ्या बन्धनदेखि मुक्त हुनेछौ।

अहंकार–नाश–विचार वर्णन

हे रामजी! जो पुरुषले आफ्नू स्वरुप जानेको छैन त्यसले ब्रह्म ज्ञान पाउनु गाऱ्हो छ। जस्तो बालुवाबाट तेल निस्कन सक्दैन त्यस्तै उसलाई ब्रह्मज्ञान हुन सम्भव छैन। आफ्नू स्वभाव जान्नु अत्यन्त सजिलो छ। जब अहंभावलाई त्याग गरिन्छ न म हो, न, जगत् हो, तब सारा संसारक्रियाको बीउ अहंकार-नाश हुन्छ। तब अक्रिय आत्मस्वरूपलाई पाइहालिन्छ।

हे रामजी ! एक अर्को युक्ति सुनऱ्यो जुन अहं अहं क्षण-क्षणमा स्फुरिराखछ त्यो जब स्फुर्छ तब तुरुन्तै त्यही क्षणमा जान्नु कि म होइन त्यो स्फुरण मात्र हो। जब यस्तो विवेक दृढ हुन्छ तब अहंकाररूपी पिचाश नाश भएर जान्छ र आत्म-तत्त्वको साक्षात्कार हुन्छ। त्यसैले अहंकारनाशको उपाय गर कि न म हुँ, न जगत् हो।

हे रामजी ! ज्ञान यसैको नाम हो जुन अहं- मम रहन नपावस। पहिले आफू बन्दछ तब जगत् खडा गर्छ र विस्तार–भाव प्राप्त हुन्छ। जब आफू बन्दैन तब जगत् कहाँ होला ?

जसले अहंकारको त्याग गर्‍यो त्यो महापुरूष सर्वत्यागी हो ।

हे रामजी ! यो जुन अहंकारदृश्य तिमीलाई भासमान भैराखेको छ त्यो भएकै होइन मिथ्या (कल्पित) हो । जस्तो डोरीमा सर्प देखिन्छ त्यस्तै आत्मामा अहंकार शब्द र अर्थ स्फुर्दछ त्यो मिथ्या हो । अर्थात् यो जुन म हो त्यो कल्पित हो आत्मा केवल शुद्ध स्वरूप हो । त्यस्मा अहं र त्वं को शब्द र अर्थ कुनै छैन । यो अबोध भए देखिन्छ बोध भएपछि लीन भएर जान्छ ।

यो जोकुछ नामरूप हो त्यो अहंताले भासित हुन्छ जब अहंतालाई त्यागिदिन्छ तब आत्मा नै शेष रहन्छ ।

हे रामजी ! जसले मनसहित षट् इन्द्रियलाई बस गरेको छैन त्यसलाई मेरो कथा सुन्ने अधिकार छैन, यी पशु हुन् । जसले मनलाई जितेको छ अथवा दिन प्रतिदिन जित्न इच्छा गरेको छ, त्यो पुरुष हो । जो इन्द्रियको सुखमा लम्पट्, कामी, क्रोध, र लोभ, मोह सम्पन्न हो त्यो पशु हो। त्यो महान् अन्ध-कारमा प्राप्त हुन्छ ।

हे रामजी ! जबसम्म अहंताको नाश हुँदैन तबसम्म मेरो उपदेश हृदयमा स्थित हुँदैन । जस्तो बालुवाबाट तेल निक्लन सक्दैन त्यस्तै जुन पुरूषले आफ्नू स्वभावजानेको छैन त्यसले ब्रह्मज्ञान गर्नु मुस्किल हो ।

हे रामजी ! आफ्नू स्वभावलाई जान्नु अत्यन्त सुगम हो । जब अहंतालाई त्यागिदिन्छ अर्थात् न म हुँ, न यो जगत् हो भन्ने भाव जागृत गर्छ तब कल्याण हुन्छ अर्थात् अहंताको नाश हुन्छ । जसको हृदय शुद्ध भएको छ त्यसलाई मेरो उपदेश लाग्छ । जस्तो तेलको थोपा पानीमा परे फैलिहाल्छ त्यस्तै उनलाई दिएको थोरै उपदेश पनि धेरै बन्नजान्छ ।

हे रामजी ! केही काल पहिले काकभुशुण्डिले विद्याधर-

लाई दिएको उपदेश तिमीलाई म बताउँछु सुन–

काक भुंशुण्डी भन्छन्–हे विद्याधर ! सारा दुःखको मूल अहंभाव हो। जब अहंभाव नाश हुन्छ तब शान्ति मिल्छ। संसार मृगतृष्णाको पानी जस्तो हो नभए पनि देखिन्छ। जब अहंतारूपी बीज नाश भएर जान्छ तब संसार पनि निवृत्त भइहाल्छ।

हे विद्याधर ! अहंरूपी बीजलाई निरहंकाररूपी अग्निले जलाइ देऊ तब अत्यन्त अभाव हुन्छ। जस्तो डोरीमा सर्पको भ्रमले भय मिल्छ त्यस्तै अहंताले भ्रम गरी भय दिराखेको छ। त्यसैले निरहंकाररूपी अग्निले त्यसलाई नाश गर।

हे विद्याधर ! जो ब्रह्मविद्या (शास्त्र) हो त्यसको श्रवण गर्नू र आत्मविचार गर्नू त्यसबाट ज्ञान उत्पन्न हुन्छ। त्यो आत्मज्ञानरूपी अग्निले 'संसाररूपी, वृक्षलाई जलाइदेऊ।

जो पहिले पनि थिएन, फेरि नभएर पनि भइराखेको छ मनको संकल्पले भएको झैं भासेको छ। जस्तो पत्थरमा शिल्पकार कल्पना गर्छ कि यति पुतली निक्लन्छ तर त्यो भएको कुनै होइन त्यस्तै मनरूपी शिल्पिले यो विश्वरूपी पुतली कल्पेको छ। जब मनलाई नाश गरिदिन्छौ तब संसारभ्रम मेटिएर जान्छ। आत्म विचार गरे परमपद मिल्छ आफ्नू स्वरूप परमात्मरूप प्रत्यक्ष भास्दछ। त्यसैले अहन्तालाई त्यागेर आफ्नू स्वरूपमा स्थित होऊ।

हे विद्याधर ! विचार गरी हेरे अहं त्वं कुनै छैन। यो अहं त्वं मिथ्या हो। यसको अभावलाई भावना गर। यो नै उत्तम ज्ञान हो।

हे साधो ! जब गुरुको वचनलाई सुनेर त्यस अनुसार पुरूसार्थ गर्छ तब परमपद पाउँछ, त्यसको जय हुन्छ।

यो त्रिगुणमय प्रपञ्च गुणले रचेको हो। आफ्नू स्वरूपको प्रमादले स्थित भएको छ। आत्मज्ञान भए शून्य भइहाल्छ।

जब प्रपञ्चनै शून्य भयो तब आत्मा र अनात्मा भन्नु पनि रहँदैन । पछि जो शेष रहन्छ त्यो केवल शुद्ध परमात्म तत्त्व हो । त्यही तिम्रो आफ्नू स्वरुप हो । त्यसमा स्थित होऊ र दृश्यलाई त्यागिदेऊ जो छँदै छैन, न म हुँ न जगत् हो, जब तिमी यस्तो हुन्छौ तब तिम्रो जय हुन्छ। आत्म पद सबै भन्दा उत्तम हो त्यसैले आत्मस्वरूपमा स्थित होऊ ।

हे साधो ! आफ्नू बोध स्वरूपमा स्थित भए पूर्णानन्द–प्राप्त हुन्छ । दृश्य रहित–निर्दृश्य जो द्रष्टा हो त्यो तिम्रो आनन्दस्वरुप हो । **(स– १५३)**

हे विद्याधर ! यो प्रपञ्च आत्माको चमत्कार हो। आत्मा शुद्धचेतन हो। जसमा जड र चेतन स्थित छ सबैको अधिष्ठान हो । त्यो सत्ता मात्र तिम्रो आफ्नू स्वरूप हो । अहं-त्वं शब्द अर्थरहित हो र आत्मतत्त्व मात्र हो ।

हे साधो ! संकल्पको साथ मिलेर चित्तशक्ति जस्तो भावना गर्छ त्यस्तैरूप आफूलाई देख्छ। स्वरूपदेखि भिन्न केही होइन, परन्तु भावनाले एउटालाई अर्को देख्दछ । जस्तो शुद्ध मणिको नजिक कुनै रंग राखे त्यस्तै रूप भास्दछ, मणिमा कुनै रंग भएको होइन। त्यस्तै चित्शक्तिमा केही भएको छैन। किन्तु भए जस्तो देखिन्छ । त्यसैले आफ्नू स्वरूपको भावना गर। जड चेतनलाई छाडेर शुद्ध चेतनमा स्थित होऊ।

हे विद्याधर ! जस्तो आकाश नीलो देखिन्छ परन्तु नीलो होइन त्यस्तै यो संसार हो। आत्मतत्त्वमा विश्वको अत्यन्त अभाव छ। यो विश्व अहंभावले उब्जिन्छ जब अहंको अभाव हुन्छ तब विश्व भन्नु कुनै रहँदैन। त्यसैले न म हुँ, न मेरो जगत् हो, यस्तो भावना गरेपछि तिम्रो अनुभवरूप आत्मा नै शेष रहन्छ। जो प्रत्यक्ष ज्ञानरूप आफ्नू स्वरूप हो।

हे रामजी ! यसप्रकार काकभुशुण्डीले विद्याधरलाई

उपदेश दिएर परम निर्वाणपद प्राप्त गराएका थिए त्यसैले तिमी पनि यो उपदेशलाई सुनेर हृदयमा धारणा गरी आफ्नू स्वरूपमा स्थित होऊ ।

हे रामजी ! ज्ञान प्राप्त गर्न काल् (समय) को कुनै नियम छैन, थोरै दिनमा नै ज्ञान मिल्छ। अथवा धेरै दिनपछि उब्जिन्छ, यो चित्तशुद्धिको कुरा हो। जसको चित्त शुद्ध हुन्छ तिनलाई गुरु–शास्त्रको वचन चाँडैनै लाग्छ ।

हे रामजी ! आफ्नू स्वरूपको बोधविना अहंताको नाश हुँदैन । चाहे जङ्गलमा जाऊ चाहे पाहाडमा, चाहे आकाशमा उड, चाहे पानी भित्र रहूँ । जहाँ रहन्छौ त्यहीं नै अहंता साथमा मौजुद छ ।

हे रामजी ! संसाररूपी वरको बीज अहंता हो । सारा अनर्थको कारण अहंता हो । जबसम्म अहं रहन्छ तबसम्मदुःख मेटिंदैन। जब अहंको नाश हुन्छ तब परमसिद्धि प्राप्त हुन्छ ।

हे रामजी ! आत्मा अखण्डरूप हो । परन्तु प्राण, चित्तले चलेको देखिन्छ। जब अहंकाररूप चित्त नष्ट हुन्छ तब अखण्ड-रूप हुन्छ । जबसम्म अहंकाररूपी खप्पर फुट्दैन तबसम्म जगत्भ्रम देखिन्छ र वासनाले घुमिरहन्छ ।

ज्ञानबन्ध वर्णन १६२

हे रामजी ! आफ्नू वास्तविक स्वरूप जो निर्गुण हो त्यस्मा जो गुणको संयोग उपाधिले भासेको छ, त्यो अनर्थरूप हो । जब निर्गुण र सगुणको गाँठो छुट्छ तब केवल अद्वैत तत्त्व आफ्नू स्वरूप भास्दछ । त्यो कस्तो स्वरूप हो ? जो अनामय हो, दुःखदेखि रहित हो र सत्असत्देखि पर हो। ज्ञानरूप, आदि, अन्त रहित हो। जसलाई पाएपछि अरू पाउनु कुनै रहँदैन, जसलाई जानेपछि अरू जान्नु कुनै रहँदैन त्यस्तो जुन उत्तम पद हो त्यस्तो आत्मतत्त्व प्राप्त हुन्छ ।

हे रामजी ! यो जुन ज्ञान बताएँ त्यसलाई ग्रहण गरी तिमी ज्ञानवान् होऊ। ज्ञानबन्ध नहुनु, ज्ञानबन्धभन्दा अज्ञानी उत्तम हो। किनकि अज्ञानी पनि साधु संग र सत्‌शास्त्र श्रवण गरी ज्ञानवान् हुन्छ परन्तु ज्ञानबन्ध मुक्त हुँदैन।

जस्तो रोगी भएर पनि मलाई रोग छैन भनेर वैद्यको औषधि सेवन गर्दैन त्यस्तै जो ज्ञानबन्ध हो त्यसले सन्तको सङ्ग पनि गर्दैन सत्‌शास्त्रको श्रवण पनि गर्दैन त्यसैले त्यो आत्महन्ता पुरूष अन्धकारमा प्राप्त हुन्छ।

हे रामजी ! जिज्ञासु भएर ज्ञाननिष्ठ हुनु जे जति गुरुशास्त्रले बताएको शास्त्रको विशेषण सुनेको छ त्यसमा अहं प्रत्यय गरेर स्थित हुनू।

यसैलाई ज्ञाननिष्ठा भन्छन्। ज्ञान निष्ठाले परम उच्चपद पाउँछ जो सबैको अधिष्ठान परम पद हो। त्यही पद पाउँछौ।

उपयोगी १५७

हे रामजी ! जगत्‌को कर्ता संकल्प नै हो। किनकि संकल्प गरेर नै उत्पन्न हुन्छ र संकल्पद्वारा नै नाश हुन्छ। जस्तो बतास आएपछि आगो सल्कन्छ र बतासै आएर बत्ती मरेर जान्छ। त्यस्तै जब संकल्प बहिर्मुख हुन्छ तब संसारको उदय देखिन्छ। जब संकल्प अन्तर्मुख हुन्छ तब आत्मपद प्राप्त हुन्छ र प्रपञ्च लय भैहाल्छ।

संसारको नाना प्रकार चमत्कार-स्फुरण भए देखिन्छ स्वरूपमा केही छैन। न सत्य हो, न असत्य हो,। यो सबै कल्पना मात्र हो। त्यसैले हे राम ! तिमी आत्मरूप अमृतको भावना गर तब तिमी जन्म र मृत्युको बन्धनबाट मुक्त हुनेछौ।

हे रामजी ! आत्मस्वरुपमा जो देश, काल, पदार्थ देखिन्छ त्यो नै अविद्या हो, पुरूषार्थगरी यसलाई अभाव गर। दिनको दुई भाग साधुसंग र शास्त्रश्रवण गर। तेश्रो भाग शास्त्रको

विचार गर र चतुर्थ भाग आत्मज्ञानको आफैले अभ्यास गर। यो उपायबाट अविद्यानाश भएर जानेछ र अशब्द र अरूप-पद पाउनेछौ ।

हे रामजी ! संसार समुद्रपार हुन सर्वप्रथम ज्ञानवान्को सङ्गत गर्नुपर्छ । जसमा कुनै विकृति छैन, कसैसित वैरभाव छैन, त्यसको सेवा गर्नू, संग गर्नू, त्यसबाट आधिभाग अविद्या नाश हुन्छ । तेश्रो भाग मनन गरेपछि र चतुर्थ भाग अभ्यास गरेपछि नाश हुन्छ । यदि यो उपाय गर्न सकेनौ भने जुन विषय मा तिम्रो चित्त अभिलाषागरी आशक्त हुन्छ त्यसलाई त्याग गरिदेऊ । तब अविद्याको एक भाग नाश हुन्छ । बाँकी तीन भाग अभ्यास गर्दै विस्तारविस्तार नाश हुँदै जान्छ । साधु सङ्ग र सत्शास्त्रको विचारगरी ज्ञानदीपको लागि आफ्नू पुरूष प्रयत्न गरेपछि एकै चोटी अविद्यानाश भएर जान्छ ।

हे रामजी ! जसको अन्तस्करण शुद्ध भएको छ, त्यसलाई थोरै उपदेश दिए पनि हृदयमा जमिहाल्छ । जस्तो तेलको एक थोपा पानीमा खसे विस्तार भै फैलिन्छ । त्यस्तै जस्को चित्त शुद्ध भएको छ तिनी त्यो थोरै उपदेशबाट पनि धेरै बोधवान् हुन्छन् । जस्को अन्तस्करण मलिन छ त्यसको गुरु-शास्त्रवचन हृदय भित्र घुस्न सक्दैन । जस्तो ऐना माथि मोती अड्दैन त्यस्तै गुरूशास्त्र वचन उसलाई लाग्दैन ।

हे रामजी ! जब विषयबाट वैराग्य उब्जिन्छ तब जान्नु कि मेरो हृदय शुद्ध भयो । शुद्ध हृदयमा उपदेश चाँडैनै पसिहाल्छ ।

जसले आत्माको विशेषण शास्त्रबाट सुनेको छ अर्थात् आत्मा सत्य हो, नित्य हो र शुद्ध हो, ज्ञानस्वरूप हो र तीन शरीरदेखि भिन्न हो भनी आफलाई मान्दछ परन्तु विषय भोगमा सदा तृष्णा गरिरहन्छ अर्थात् इन्द्रियको विषय मलाई

मिलोस् भनी भित्र इच्छा बसिराखेको छ त्यस्तो पुरूष ज्ञान बन्धु हो । त्यो बोधशिल्पी (कुरामा सिपालु) हो । फेरि त्यो कर्मफलको विचाररहित हुन् । मुखले शुभ-अशुभ निरूपण गरी खुब बताउँछ परन्तु भोगको निम्ति कर्म गरिरहन्छ त्यो ज्ञानबन्धु हो ।

हे रामजी ! एक अर्को शास्त्र वचनलाई उत्तम मान्दछ, शास्त्रको अर्थ पनि धेरै प्रकारले बताउँछ, पढ्दछ, पढाउँछ किन्तु विषयमा बाँधिएको छ अर्थात् विषयकै चिन्तन गरिरहन्छ, आफूले धारण गर्न सक्दैन त्यस्तो पुरूषलाई ज्ञान बन्धु भन्दछन्, तिनको सङ्गत नगर्नु । त्यसको कल्याण हुन मुस्किल छ ।

हे रामजी ! एक प्रवृत्ति मार्ग छ, एक निवृत्ति मार्ग छ । प्रवृत्ति संसारको मार्ग हो, निवृत्ति आत्मज्ञानको मार्ग हो । जो पुरूष निवृत्ति मार्गमा लागेको छ परन्तु प्रवृत्ति मार्गमा हिंडछ अर्थात् बहिर्मुख भै विषयको इच्छा गरिराख्छ, त्यसैमा संतुष्टी छ र स्वरूपको अभ्यास गर्दैन त्यस्ता पुरूष ज्ञानबन्धु हो ।

हे रामजी ! जसको आत्माप्रति श्रद्धा, प्रेम पनि छ किन्तु विषयलाई चिताइरहन्छ र आफूलाई उत्तम पुरूष भनी ठान्छ त्यो ज्ञानबन्धु हो । जो आत्मतत्त्वको निरूपण यथार्थ गरी बताउन सक्छ र बताउँछ परन्तु त्यस्मा स्थित छैन, त्यो ज्ञानाभास हो ।

हे रामजी ! निदिध्यासन गरेर जुन ज्ञान मिल्छ त्यसबाट शान्तिलाई देखन सकिन्छ । जबसम्म शान्ति मिल्दैन तबसम्म आफूलाई ठूलो भनी नठान्नु । ठूलो भन्नु जो हो त्यो ज्ञान भए हुन्छ । जबसम्म ज्ञान उब्जेको छैन तबसम्म आत्म परायण हुनु । अर्थात् निरन्तर ब्रह्माभ्यासपूर्वक यत्न गर्नु । कहिले पनि प्रमाद गरी नछोडनू, सदा शुभचेष्टा

गर्नु, शुभ व्यवहारगरी प्राणरक्षाको लागि उप जीबिका बनाऊ। प्राणलाई ब्रह्मजिज्ञासामा रत गर्नू।

ब्रह्मजिज्ञासा किन ? संसारसमुद्र, दुःखरूपदेखि मुक्त हुन। फेरि संसारजन्म भोग्न नपरोस्, त्यसैले हे राम ! आत्म परायण होऊ तब सारा दुःख मेटिएर जानेछ।

जस्तो सूर्यउदय भए अन्धकार नाश हुन्छ त्यस्तै आत्म-पद प्राप्त भए सारा दुःख नाश भएर जान्छ।

हे रामजी ! सबैको अधिष्ठान–परमार्थसत्ता एक ब्रह्म-पद हो। त्यो अजन्मा हो, अच्युत हो, आनन्द हो, शान्तरूप हो। तिमी यसैमा स्थित होऊ, जो शिला झैं आत्मसत्तादेखि अरू केही न स्फुरोस्। त्यसैले निर्बोधबोध भइहाल।

हे रामजी ! संवेदन, भावना, वासना, कलना यी चार अनर्थका कारण हुन्। जब यसको अभाव हुन्छ तब कल्याण हुन्छ। शुद्ध चिन्मात्रपद, प्रत्यक्षचेतन, आफू आफैमा जो अहंकार उत्थान भयो त्यो संवेदन हो। संवेदनबाट भावना उठ्छ अर्थात् समष्टि प्रमातृभाव। त्यसबाट वासना जाग्छ र कल्पनाको उदय हुन्छ। अर्थात् संसारको संकल्प–विकल्प उठेर आउँछ। यी चारै अनर्थका कारण हुन्। जब यसको अभाव हुन्छ अर्थात् समष्टि प्रमातृभाव निरूद्ध भए शान्त–आत्म–स्वभाव स्वयं अनुभव हुन्छ।

हे रामजी ! संसार यसैको नाम हो, जो चलिरहन्छ। जब चलन मेटिएर जान्छ तब आत्मपद नै बाँकी रहन्छ। त्यो तिम्रो आफ्नू स्वरूप हो। त्यसैले स्फुरणलाई त्याग गरी आफू आफैमा स्थित होऊ।

हे रामजी ! पुरूष प्रयत्न गरेर जब निरहंकार हुन्छौ तब वासना आफै क्षय भएर जान्छ। त्यसैले पुरूष प्रयत्न गरेर त्यही एक देवपरायण होऊ।

संसारको पदार्थमा सत्यता बुद्धि नगर । किनकि दृश्य सत्य वस्तु होइन । संसारतिर सत्य बुद्धि भए चित्त मोटाएर जान्छ । संसारको वासना नष्ट भए शुद्ध परम पद मिल्छ ।

हे रामजी ! यो संसार मिथ्या हो । त्यसको तृष्णा तिमी किन गरिरहन्छौ ? आफ्नू स्वभावमा स्थित होऊ । यो जगत् परस्वभाव हो । यस्तो जानेर तिमी जस्तो चेष्टा गरे पनि बन्धनमा पर्ने छैनौ ।

यो जगत् भित्र बाहिर जो देखिन्छ त्यो मन हो । त्यसैले मनलाई स्थित राखे जगत्को सत्यता भासित हुँदैन । अज्ञानीको हृदय भित्र जगत् दृढ भएर बसेको छ, त्यसैले दुःख पाउँछ ।

हे रामजी ! जे जति पदार्थ छन् त्यसमा निराश भएर बस । हृदय भित्र कुनै पदार्थको अभिलाषा न स्फुरोस, न कुनैमा सद्भाव होस् । पत्थर जस्तो हृदय भइराखोस् ।

हे रामजी ! जसको हृदय कोमल छ, स्नेह युक्त छ, त्यो अज्ञान हो । जसको हृदय पत्थर समान छ, स्नेह रहित छ त्यो ज्ञान हो । त्यसैले निर्मन, निरहंकार भएर स्थित होऊ । यो भोग मिथ्या हो, त्यसको इच्छाले सुख मिल्दैन । त्यसैले इच्छालाई चाँडै त्यागिदेऊ ।

हे रामजी ! जब संसारबाट उपरम हुन्छौ र अन्तर्मुख आत्मपरायण हुन्छौ तब अहंकार निवृत्त भएर जान्छ र आत्मा भासित हुन्छ । जस्तो वसन्त ऋतुमा रूखपात प्रफुल्लित हुन्छन् र पुरानु पात खसिहाल्छन् त्यस्तै तिमी जब अन्तर्मुख हुन्छौ तब अहंकार निवृत्त भै हाल्छ र विभुतालाई प्राप्त गर्नेछौ ।

हे रामजी ! जब अहंकार स्फुर्छ तब नाना प्रकारको वासना हुन्छ। त्यस वासना अनुसार अनेक जन्म मिल्छ जुन वर्णन गर्न सकिदैन । जस्तो वायु चलेपछि तृणको पत्ता

उडाइलान्छ त्यस्तै वासनाले जीवलाई नाना योनीमा घुमाइराख्छ ।

हे रामजी ! यो संसारको बीज वासना हो, जब वासना निवृत्त हुन्छ तब सबै एकता हुन्छ । जबसम्म संसारको वासना दृढ रहन्छ तबसम्म एकता हुँदैन। आत्मा केवल अद्वैत हो, सबैको आफ्नू स्वरूप हो । जस्तो माटो नै घैंटा आदि रूपप्रतीत हुन्छ आत्मसत्ता त्यस्तै जगत्‌रूप भएर भास्दछ। त्यसैले आत्मादेखि अरू कुनै वस्तु छैन ।

हे रामजी ! अज्ञानले गर्दा नाना प्रकारको जगत् भासेको छ । जस्तो वर्षा भएपछि नाना प्रकारको बीज अंकुरित हुन्छ। त्यस्तै अहंरूपी बीजले संसाररूपी वृक्ष प्रफुल्लित हुन्छ । जब अहंकाररूपी बीज नष्ट हुन्छ तब संसाररूपी वृक्ष नाश भइहाल्छ ।

हे रामजी! जस्तो वानर चलिरहन्छ त्यस्तै आत्मतत्त्व देखिरहित अहंकाररूपी वानर वासनाले चलिरहन्छ । स्थिर कहिले पनि हुँदैन त्यसैले वासनालाई त्याग गर र आत्म पदमा स्थित होऊ ।

हे रामजी! अज्ञानी पुरूषले अहंता गरेर आफ्नू बुद्धिलाई विगारी राखेको छ अर्थात् मोटो पारेको छ । जब सन्तको र शास्त्रको वचन श्रवण गरी विचारमा संलग्न हुन्छ तब बुद्धि तीक्ष्ण हुन्छ र अहंतारूपी विषको रूख नाश हुनेछ ।

हे रामजी ! शास्त्रबाट परमेश्वरलाई पाउन सकिंदैन। गुरुबाट पनि पाउन सकिंदैन । जबसम्म आफ्नू बुद्धिलाई निर्मल तुल्याइँदैन । जब आफ्नू बुद्धि निर्मल हुन्छ तब आफूले आफैलाई पाउँछ ।

बुद्धि कसरी निर्मल हुन्छ ? जब संसारको सत्यता बुद्धि हृदयबाट निकलन्छ आत्माको अभ्यास गर्छ तब बुद्धि

पवित्र–निर्मल भएर आउँछ ।

हे रामजी ! विषयको इच्छा निवृत्त भए चित्त चित् स्वरूप नै हो । त्यसैले विचारद्वारा तृष्णाको परित्याग गर । तब विशुद्ध चित्तमा आत्मा आफैं प्रकाशित हुन्छ ।

हे रामजी! संसारदुःखको कारण मन नै हो । मन वासना शून्य भए संसारको अभाव (क्षय) भइहाल्छ । त्यसैले प्रयत्न पूर्वक मनलाई समाहित गर ।

वासनाको उदय भए बन्धन हुन्छ, वासनाको क्षय भए मोक्ष मिल्छ । त्यसैले विवेकद्वारा तिम्रो मनमा उठेको विषयलाई हटाइदेऊ। आशारहित पुरूषको संसार निवृत्त हुन्छ । त्यसैले हृदयमा कुनै पदार्थको इच्छा नराख । मनबाट इच्छा निवृत्त भए निर्मल–प्रशान्त–अन्तकरणमा आनन्दस्वरूप आत्मा स्वयं भासित हुनेछ ।

हे रामजी ! चित्तलाई नचलाऊ । चित्तलाई चलाए तिमी (आत्मा) लाई ढाकिहाल्छ । चित्त शान्त भए अहंभाव पनि शान्त हुन्छ । जब अहंभाव गलित भएर जान्छ तब निराभास आत्मस्वरूप स्वयं प्रकाशित भएर आउँछ ।

हे रामजी ! यी जीवको दुईटा रोग छन्, यो लोक र परलोक । अज्ञानीहरू यो लोकको लागि उद्यम गर्छन् परलोकको गर्दैनन् त्यसैले दुःख पाउँछन् । अर्को जुन विचारवान् पुरूष हुन् तिनी परलोकको उपाय गर्दछन् त्यसैले यहाँ पनि शान्ति शोभा पाउँछन् र परलोकमा पनि सुख शान्ति पाउँछन्। दुवै लोकको कष्ट तिनको मेटिएर जान्छ । जो यही लोकको मात्र उद्यम गर्छ त्यसको दुवै लोक दुःखदायी हुन्छ । यहाँ तृष्णा मेटिएर जाँदैन । पर पुगेपछि नरक भोग्नु पर्छ। त्यसैले अहं-कारदेखि रहित भएर निर्मल आत्मपदमा रहुँ ।

हे रामजी ! मनुष्य जीवन पाएर पुरुष प्रयत्न गर । साथै

सतसंग गर, तब संसार समुद्रबाट उत्रन सकिन्छ । युक्ति गरेपछि विष पनि अमृत हुन्छ त्यस्तै पुरूषार्थ गरेपछि सबै सिद्धि प्राप्त हुन्छ ।

जुन पुरूषले सन्तजनसित सम्पर्कगरी यसको औषधि गरेको छ त्यो मुक्त हुन्छ । जसले औषधि गरेन त्यो पण्डित भए पनि दुःख पाउँछ ।

त्यो औषधि के हो ? शम, दम, पूर्वक सतसङ्गगरी सदा निरन्तर आफ्नू स्वरूपको भावना गर्नु । आफूमा अहं मम कुनै विकार छैन भनी जानेर जसले आत्मपद पाएको छ त्यो कल्याणमूर्ति हो ।

हे रामजी ! चिकित्सा-औषधि यिनै हुन् । जसले गऱ्यो त्यसले आफ्नू उपकार आफैले गऱ्यो । जसले गरेन, भोगमा नै लम्पट भएर जीवन वितायो त्यो महान् मूर्ख हो । त्यसले आफूलाई आफैंले हानी राख्यो, त्यसले कहीं गएर पनि औषधि पाउँदैन । त्यसैले हे राम ! यो भोगको इच्छा नगर त्यसलाई अनर्थकारी विष जानेर टाढैदेखि त्यागिदेऊ । निरन्तर आत्मविचारमा सावधान होऊ, यही औषधि हो ।

हे रामजी ! जसले मनलाई जितेको छैन त्यो मूढ हो । जो भोगरूपी हीलो फोहरमै मग्न छ त्यसले धेरै आपत पाउँछ, जस्तो समुद्रमा नदीहरू गै मिल्दछन् त्यस्तै सारा आपद आएर त्यसमा प्रवेश गर्छ । जो पुरूष तृष्णा-भोगदेखि निवृत्त भएको छ र वैराग्य उब्जेको छ त्यो भक्त सुखी भै हाल्दछन् ।

हे रामजी ! संसारको वीज अहंकार हो । जब अहंताको उदय हुन्छ तब रूप अवलोक भाषित हुन्छ । त्यसैले यो चिन्तना गर कि म होइन, म होइन । जब यस्तो भावना गर्छौ तब शेष जो रहन्छ त्यो तिम्रो परम शान्तरूप हो । जसमा

आकाश पनि छैन, केवल आत्मतत्त्व मात्र हो।

हे रामजी! शान्तपदमा स्थित होऊ। शान्तपद कस्तो छ? जस्मा अहं, त्वं र जगत्, ब्रह्म यी शब्द कुनै छैनन्। केवल चिन्मात्र आकाशरूप हो। त्यस्मा अहं, त्वं, जगत् र ब्रह्म शब्द कसरी होला ?

हे रामजी! यो आश्चर्य हो कि जुन आत्ममा अहंकार को उत्थान हुन्छ कि म हुँ यस्तो जान्दछ र आफूलाई वर्ण आश्रमको अभिमानी मान्दछन्। विचार गरी हेरे पछि अहं कुनै वस्तु होइन। एक रस, अद्वितीय, शुद्ध, निर्मल आफूमा अहं अहं स्फुरित हुनु आश्चर्य हो। यो भूत कहाँबाट आएको हो ? शुद्ध आत्मब्रह्ममा यो कसरी भयो ? नभएको अहंकारले तिमीलाई मोहित गरको छ। यसलाई त्याग्न त केही यत्न छैन त्यसैले यसलाई त्याग गरिदेऊ। यो सङ्कल्प मिथ्या उठिराखेको छ। भएको केही हैन भ्रम हो। जस्तो संकल्पको नगर भ्रम मात्र हो, स्वप्नमा देखिएको सृष्टि भ्रम मात्र हो। त्यस्तै यो विश्व पनि भ्रम मात्र हो। केही बनेको छैन, सब आत्मस्वरूप हो।

हे रामजी! संकलपलाई स्थित गरेर हेर यो सारा तिम्रो नै स्वरूप हो। जस्तो सुतेपछि स्वप्नसृष्टि देखिन्छ, जब जाग्दछ तब देख्छ कि सारा मेरो नै स्वरूप हो। त्यस्तै जाग्रत विश्व पनि तिम्रै स्वरूप हो। अरू केही हैन।

हे रामजी! अहंताको स्फूरण हुनु नै बन्धन हो। निरहंकार हुनु मोक्ष हो। एक चित्त वोध हो र एक ब्रह्म बोध हो। चित्तबोध जगत् हो ब्रह्मबोध मोक्ष हो। चित्तबोध अहंताको नाम हो। जबसम्म चित्त स्फुरित रहन्छ तबसम्म संसारको अभाव हुँदैन। जब चित्तको अभाव हुन्छ तब मुक्तिमिल्छ।

हे रामजी ! जस्तो हवा चल्दछ त्यस्तै चित्त चल्नु ब्रह्ममा चित्तबोध हो । जस्तो हावा चल्दैन निश्चल हुन्छ त्यस्तै चित्त नचल्नु ब्रह्मबोध हो। चल्नु र नचल्नु दुवै हावा नै हो । त्यस्तै चित्तबोध हो, ब्रह्मबोध हो ।

यो विश्व तिम्रै स्वरूप हो तिमी जागेर हेर । तिमी नै खडा छौ, स्वच्छ आकाश सूक्ष्मज्योति आफू आफैमा स्थित छ ।

हे रामजी ! जो पुरूषलाई भोगले रस दिदैन अर्थात् आनन्दित हुँदैन त्यो सुखी हो । जो भोग मिलेपछि रस पाउँछ त्यो मूर्खपशु हो । रागले तृष्णा बढेर जान्छ, जस्तो–कसैको शिरमा आगो लागे त्यो शिरमा सुकेको पात राखेर आगो निभ्दैन झन् बढेर जान्छ त्यस्तै विषयको इच्छा भोग गरेर तृप्त हुँदैन झन् इच्छा बढेर जान्छ । इच्छा हुनु नै बन्धन हो। इच्छा निवृत्त हुनु मोक्ष हो ।

हे रामजी ! जतिजति स्वरूपानन्द पाउँदैजान्छ त्यतित्यति संसार विरस भएर जान्छ । जब संसारको पदार्थ विरस हुन्छ तब वासना पनि घटेर जान्छ ।

हे रामजी ! अमृतलाई विष भनी भावनागरेपछि अमृत पनि विष प्रतीत हुन्छ । जब विषको भावनालाई त्यागिदिन्छ तब अमृत त पहिले नै थियो त्यही भइहाल्छ। त्यस्तै जे जति दृष्य भासमान थियो त्यो सबै ब्रह्मरूप अमृत नै हो । जब त्यस्मा अज्ञानताले जगत्रूपी विषको भावना गरी दु:ख मिलेको थियो । जब संसारको भावनालाई त्यागि दिन्छ तब आफू त परमानन्द स्वरूप नै हो ।

हे रामजी ! धेरै प्रकारको ठाउँ मैले देखें, त्यहाँ धेरै रोगको नाना प्रकारको औषधि पनि देखें परन्तु इच्छारूपी छुरिले काटेको घाउको औषधि मैले देखिन । न जप गरेर,

न तप गरेर, न पाठ गरेर, न यज्ञ, दान, तीर्थ गरी निवृत्त हुन्छ। जे जति संसारको पदार्थ छ त्यसलेइच्छारूपी रोगको नाश हुँदैन। जब आत्मारूपी औषधितिर आउँछ तब नै आत्मालाई पाएर सारा रोग निवृत्त भएर मुक्त हुन्छ।

हे रामजी ! जतिजति वासना घटेर जान्छ त्यतित्यति सुखको प्राप्ति हुन्छ। जतिजति वासना बढ्दै आउँछ त्यतित्यति दुःख पनि बढ्दै आउँछ। जुन मिथ्या संसार साँचो भएर देखिएको छ। जस्तो बालक ठूठालाई भूत देखेर त्यसदेखि डराउँछन् त्यस्तै मूर्खताले आत्मामा संसार कल्पना गरी त्यसबाट दुःखी हुन्छ।

हे रामजी ! चेतन आकाश परम शान्तरूप हो। त्यस्मा देह, इन्द्रिय भ्रमले देखिन्छ र क्रिया, काल, पदार्थ सबै भ्रम मात्र हुन्। जब आत्मा स्वरूपमा जागेर देख्छौ तब द्वैत भ्रम निवृत्त भएर जान्छ र कैवल्य-अद्वैत–आत्मा नै भासमान हुन्छ।

हे रामजी ! सिद्धहरूसँग एउटा चूर्ण हुन्छ, त्यसबाट जो चाहना हुन्छ त्यो गर्न सकिन्छ। पर्वतलाई आकाश गर्छ, आकाशलाई पर्वत गरिहाल्छ। त्यस्तो चूर्ण तिमिलाई भन्छु सुन– जब चित्तरूपी सिद्ध संकल्परूपी चूर्ण भै स्फुर्दछ तब आत्मारूपी आकाशमा पर्वत भएर देखिन्छ। जब चित्तरूपी सिद्धको संकल्प उल्टाउँछ तब पर्वत पनि आकाशरूप भएर देखिन्छ। जस्तो स्वप्नमा संकल्प स्फुर्छ तब अनुभवरूप आकाशमा पर्वतादि अनेक देखिन्छ। जब स्वप्न संकल्पबाट जान्दछ तब स्वप्नको पर्वत आकाशरूप भइहाल्छ।

हे रामजी ! यो सृष्टि संकल्प मात्रै हो कुनै कुरा बनेको छैन। जस्तो संकल्प हुन्छ त्यस्तै भास्दछ। त्यसैले जगत् प्रपञ्च हो अकाशरूप। भएको कुनै होइन।

हे रामजी ! तिमी हौ आकाश झैं अनुभवरूप । त्यो आफ्नू अनुभव स्वरूपमा स्थित हुन केको कष्ट छ? जसले कठिन भनी ठान्छ तिनी मूर्ख हुन् । त्यसलाई धिक्कार छ किनकि जुन गाईको पाइतालालाई समुद्र झैं जान्दछ त्यो भन्दा अरू मूर्ख को होला ? अनुभव स्वरूपमा स्थित रहनु गाईको पाइला जत्रो खाल्टा नाघ्नु हो । किनकि आत्मा सदा सिद्ध स्वप्रकाश तिमी नै हौ ।

हे रामजी ! जो पदार्थ भासमान हुन्छ त्यो अनुभव-स्वरूपबाट नै हुन्छ । पदार्थको सत्ता अनुभवदेखि अरू कुनै छैन । जब तिमी अनुभवमा स्थित भएर देख्छौ तब अनुभव रूप आफू आफैमा भासमान हुन्छ । आफ्नू स्वभाव ज्ञान मात्र हो । त्यसलाई जान्नुको नाम ज्ञान हो । ज्ञानविना जुन धर्म, कर्म, आदि क्रिया हो ती सबै व्यर्थ हुन् । सबै क्रियाको सिद्धि ज्ञानबाट हुन्छ । जुनजुन क्रिया ज्ञानको निम्ति हुन्छ त्यो पुरुषार्थ–पुरूषप्रयत्न श्रेष्ठ हो ।

हे रामजी ! धन कमाउन पनि कष्ठ हुन्छ । त्यो धनको रक्षण गर्न पनि कष्ट नै हुन्छ । परन्तु जुन ज्ञान साधनको लागि राख्नु र दिनु हो त्यो धन अमृत समान हुन्छ ।

हे रामजी ! शास्त्रको अर्थको वादविवाद गरिराखे बुद्धि नाश भएर जान्छ । त्यसैले तिमीलाई सजिलो उपाय बताउँछु कि निरहंकार भएर रहनु यो अत्यन्त सुगम उपाय हो । न म हुँ, न यो जगत् हो, जब तिमी यो निश्चयलाई धारण गर्छौ तब सारा जगत् तिम्रो ब्रह्ममय हुनेछ ।

हे रामजी ! यो अहंतारूपी यक्ष जो देखिन्छ त्यो मिथ्या हो । त्यो मिथ्या पुरूषले नाना प्रकारको जगत् कल्पना गरको छ, त्यो अहंकार पनि मिथ्या हो । जब तिमी आफ्नू स्वरूपमा स्थित हुन्छौ तब जगत्भ्रम मेटिएरं जानेछ ।

जस्तो दुःखको बीज पाप हो त्यस्तै जगत्को बीज अहंता हो। त्यसैले तिमी निरहंकार भएर रहू। यो सारा तिम्रो नै स्वरूप हो। भ्रमले जगत् देखिरहन्छौ। विचार गर जगत् भन्नु केही पनि छैन।

हे रामजी ! ज्ञानवानको तृष्णा स्वभावले मेटिएर जान्छ। जस्तो सूर्यउदय भए अन्धकारनष्ट हुन्छ। त्यस्तै वस्तुसत्ता (आफ्नू स्वरूप) को उदय भए तृष्णानाश भएर जान्छ तब परमपद प्राप्त हुन्छ।

हे रामजी ! जसको दृष्टिमा निरसता उब्जेको छ ती उत्तम पुरूष हुन्। तिनी मनुष्य शरीर पाएर ब्रह्म हुन्छन् तिनलाई मेरो नमस्कार छ। ती मरा गुरू हुन् तिनलाई ब्रह्मा, विष्णु, महेशले पनि स्मरण गर्दछन्।

हे रामजी ! जस्को बुद्धि विषयभोगदेखि विरस भएको छ त्यसको चाँडै कल्याण हुन्छ। अर्थात् वैराग्यबाट बोध हुन्छ। बोध भए वैराग्य मिल्छ। यो दुईको परस्पर सम्बन्ध छ।

हे रामजी ! चित्तको दुई प्रवाह छ, एक जगत्तिर जान्छ अर्को स्वरूपतिर जान्छ। जो जगत्तिर स्फुर्छ त्यो उपाधि हो। जुन स्वरूपतिर आउँछ त्यो उपाधिलाई नाश गर्ने अमृत हो। त्यसैले तिमी जगत् भावनालाई छोडेर निरन्तर आत्मभावना गर। जब आत्माको दृढ अभ्यास हुन्छ तब त्यही पद पाएर परम शान्ति मिल्छ।

हे रामजी ! पहिले पनि आत्मा नै विद्यमान छ– पछि पनि आत्मा नै छ। बीचमा जुन जगत् पदार्थ भासमान हुन्छ त्यसको पछि नजाऊ। जो त्यसलाई जान्नेवाला हो, जसले सारा प्रकाश गरिराख्छ त्यसमा स्थित होऊ।

हे रामजी ! जतातिर हेर्छौं उतातिर अज्ञानी पुरूष

धेरै देखिन्छन् । परन्तु ज्ञानवान पुरूष विरल नै मिल्छ। जस्तै साधारण वृक्ष सर्वत्र देखिन्छ परन्तु कल्पवृक्ष विरलै पाइन्छ। त्यस्तै संसारमा अज्ञानी मानिस धेरै देखिन्छ। किन्तु ज्ञानी महापुरूष पाउनु दुर्लभ हो ।

हे रामजी ! यो शरीर मनको स्फुरण मात्र हो । त्यसैले यसलाई असत्य जान । यो मेरो धन हो, यो मेरो देह हो, मेरो घर हो आदि कल्पना मनले रचेको हो । सबैको बीज चित्त नै हो । त्यसकारण यो जगत्लाई दीर्घ कालको स्वप्न भनी जान । अथवा दीर्घ चित्तको भ्रम भनेर जान । वास्तवमा जगत् भन्नु केही पनि छैन । जब आफ्नू यथार्थ परमात्मस्वरूपको अभ्यास गरी जानिलिन्छौ तब जगत् असत्य भनी प्रतीत हुन्छ ।

हे राम ! जे जति जगत् पदार्थ देखिन्छ त्यो आभास मात्र हो भनी भित्रबाट जानिलेऊ। बाहिर जस्तो आचार हुन्छ त्यस्तै गर। तिमी निराभास भएर स्थित रहू ।

म चिदाकाश हुं, नित्य हुँ, सर्वज्ञ हुँ, फेरि सबैदेखि रहित हुँ। यस्तो अभ्यास भए आफूलाई एकान्त, निर्मल, शुद्ध, परिपूर्ण देखिहाल्छौ ।

हे रामजी ! न म हुँ, न यो भोग हो, अथवा सारा म नै हुं, नित्य शुद्ध चिदात्मा हुं, आकाश रूप हुँ, मदेखि भिन्न केही पनि छैन र म नै आफू आफैमा स्थित छु भनी जानिलेऊ। परि आएको क्रिया गर, परन्तु राग–द्वेष रहित भएर बस । जब राग–द्वेषबाट रहित हुन्छौ तब उत्तम पदार्थ ब्रह्मानन्द-पद प्राप्त हुनेछ ।

हे रामजी ! जसको हृदय राग–द्वेषरूपी अग्निले जलेको छ, त्यसलाई संतोष, वैराग्य आदि गुण मिल्न सक्दैन । जस्तो डढेको वन भित्र हरिण प्रवेश गर्दैन त्यस्तै राग–द्वेषले

भरिएको हृदयमा संतोष, शम आदि गुण प्रवेश गर्दैन ।

हे रामजी ! संसाररूपी चक्रको नाभि स्थान चित्त हो । त्यो चित्त स्थिर भए संसार चक्र पनि स्थिर भै हाल्छ । यो संसाररूपी चक्र अत्यन्त वेगले चलिरहेको छ । त्यसलाई रोक्न खोजे पनि स्फुरिहाल्छ । त्यसकारण दृढ प्रयत्न गरेर त्यसलाई रोक । सन्तको संगत र सत्शास्त्रको वचनलाई बुद्धि पूर्वक विचार गरे रोकिन्छ ।

हे रामजी ! तिमी आत्मा हौ । विषयको इच्छागरी बन्धनमा किन पर्छौ ? जस्तो सिंह खोरमा परेपछि दीनदुःखी हुन्छ जब बल गरेर खोरलाई भत्काई बाहिर निकलि जान्छ तब निर्भय भएर आनन्दित हुन्छ । त्यस्तै तिमी पनि वासना-रूपी पिंजडालाई तोडेर आत्मपदमा स्थित होऊ। जुन आत्मा सबैको अधिष्ठान हो सबैभन्दा ठूलो हो । त्यो पद तिमीलाई मिल्नेछ ।

हे रामजी ! ज्ञानी परमार्थतत्वमा जागेको छ । संसारतिर सुतिराखेको छ। अज्ञानी परमार्थतत्वतिर सुति-राखेको छ, संसारतिर जागिराखेको छ । त्यसैले धेरै दुःख पाउँछ ।

दोहा– सव भूतन की रात्री सो, संतनका दिन होय ।।
जो लोकन दिन मानीया संतरहे तब सोय ।।१।।

निर्वाण प्रकरण–पूर्वार्द्ध

समाप्त

ॐ

सच्चिदानन्दायनमः

योगवासिष्ठ ज्ञानमाला



निर्वाण प्रकरण-६

उत्तरार्द्ध



योगवासिष्ठ, ज्ञानमाला

निर्वाण उत्तरार्द्ध–६

हे रामजी ! यो संसार अत्यन्त गहन छ । जुन तर्न कठिन छ, जसलाई तर्ने इच्छा हुन्छ तिनको कर्तव्य हो वेद-शास्त्रको अध्ययन, प्रणवको जप र चित्तलाई स्थित राख्नु । जब उक्त उपाय गर्दछ तब ईश्वर प्रसन्न हुन्छन् । हृदयमा विवेक उब्जिन्छ, संसार असत्य प्रतीत हुन्छ, सन्त समागम मिल्छ र जगत्‌को राग-द्वेषरूपी तम मेटिएर जान्छ ।

जस्तो सुगन्धफूलको शैया आदि भोगबाट त्यस्तो निर्भय सुख मिल्दैन, त्यो निर्भय सुख सन्तको सङ्गतबाट प्राप्त हुन्छ । तिनको सदा आत्म विषयक निश्चय भैरहन्छ र आत्मा मै स्थित हुन्छ ।

हे रामजी ! ज्ञानवानको संगत गरेपछि आत्मतत्व प्राप्त हुन्छ । जसको हृदय शुद्ध छ, हृदय मलिन भए स्वरूपको ज्ञान हुँदैन । जस्तो सफा ऐनामा प्रतिविम्व राम्रो देखिन्छ, मैला भए केही देखिंदैन । त्यस्तै जसको हृदय पवित्र, सफा छ त्यहाँ सन्तको वचन पसिहाल्छ ।

हे रामजी ! पुरूष प्रयत्न गरेपछि बुद्धि बढेर आउँछ तब आत्मपरायण हुन्छ । अन्तमा त्यो विशुद्ध बुद्धि पनि स्वरूप मै लीन हुन्छ । बुद्धिको भिन्न संज्ञा (अहंभाव) को अभाव हुन्छ । जस्तो फलामलाई पारसले छोए पछि सुवर्ण बनिहाल्छ । त्यस्तै आत्मपद मिले पछि बुद्धि भिन्नरूपले बाँकी रहंदैन । आत्मा नै बनिहाल्छ ।

हे रामजी ! जबसम्म साधक पुरूष मूर्तिमा लेखेको पुतली जस्तो अचल पदमा प्राप्त हुँदैन तबसम्म विषयलाई त्याग गरोस् । जब त्यो स्थितिमा पुग्छ तब कुनै कर्तव्य बाँकी रहँदैन । त्यो सदा समाधिमै स्थित हुन्छ ।

हे रामजी ! जो पुरूष तप, यज्ञ, व्रत आदि कर्म सकामरूपले गरिराख्छ त्यसको सङ्ग नगर्नु । जस्तो यज्ञमा गाडेको स्तम्भ पवित्र भए पनि त्यसको छायाँ केही छैन, त्यसैले शीतल मिल्दैन। त्यस्तै जो सकाम कर्म हो त्यो जन्म र मरणको हेतु हो । त्यसबाट अविनाशी परम शान्ति पाइदैन ।

यद्यपि यज्ञ, व्रत जिज्ञासु पनि गरिरहन्छ किन्तु सकाम होइन निष्काम पूर्वक हुन्छ । त्यसैले तिनलाई बन्धन हुँदैन, अभिमान हुँदैन स्वाभाविक शरीर इन्द्रियादिबाट चलिरहन्छ । विषय पदार्थमा तिनको विरस भावना हुन्छ । शुभ आचारमा प्रवृत्त हुन्छन् र सत् समागम मिलिहाल्छ । त्यस्तो जिज्ञासु भक्तको संगत गरे विशेष लाभ हुन्छ । जसको चेष्टा देखेर सबै स्तुति गर्छन्, सबै सुखी हुन्छन् ।

भोग नै हो दुःखरूप

हे रामजी ! मनुष्य देह पाएर भोगको इच्छा गरिरहनु अत्यन्त मूर्खता हो । जब भोगको इच्छालाई त्यागिदिन्छ तब हृदय पवित्र (निर्मल) भएर अत्यन्त शोभा पाउँछ । त्यसैले भोगरूपी विषलाई दिन दिनै त्याग गरिदिनू । जब तृष्णालाई त्याग गरिदिन्छ तब परम सुख प्राप्त हुन्छ । जस्तो राहु ग्रहबाट छुटेको चन्द्रमा शोभायुक्त हुन्छ त्यस्तै तृष्णा रहित पुरूष पनि जगत्मा शोभायुक्त हुन्छ ।

हे रामजी ! अज्ञानी जीव भोगको इच्छा गरी दीन भइ राखेको छ । जब इच्छा निवृत्त हुन्छ तब गोष्पद झैं संसार

समुद्रलाई नाघेर जान्छ। तिनलाई तीनै लोक सुकेको पात जस्तो तुच्छ प्रतीत हुन्छ। भोगको इच्छालाई त्यागिदिए त्यो जीव शिवस्वरूप परमेश्वर हुन्छ। जो पुरूषलाई आत्मसुख मिलेको छ त्यसले तुच्छ भोगको इच्छा कहिले पनि गर्दैन। प्रारब्ध वशात् भोग मिलिहाले पनि त्यसमा उनको विरस बुद्धि हुन्छ। मिथ्या भनेर देख्दछ, जस्तो जालबाट उम्केको चरा फेरि जालको चाहना गर्दैन त्यस्तै त्यो पुरूष पनि दुःख-रूप भोगको इच्छा गर्दैन।

हे रामजी ! मोक्षरूपी स्त्रीको कानमा लगाउने भूषण हो सन्तको संगत। जब साधु संगत मिल्छ तब अशुभ क्रियालाई त्याग गरिदिन्छ। जो कुछ आफ्नू हो त्यो पनि त्याग गर्ने इच्छा हुन्छ। भोगको आशा, इच्छा लिएर जो अतिथि आउँछ त्यसलाई यथाशक्ति दिएर पठाउँछ। कसैले शरीर मागे शरीर पनि दिइहाल्छ। किनकि तिनको दिने बानी (अभ्यास) बनिसकेको छ। कुनै दुःख हुँदैन। संतोष पूर्वक चेष्टा गर्दछ।

तृष्णा हो दुःख

हे रामजी ! जुन दुःख पापी, क्रूर नराधमलाई पनि हुँदैन त्यस्तो दुःख तृष्णावान पुरूषलाई हुन्छ। जो धनवान हुन् तिनलाई धनको चिन्ता धेरै भइरहन्छ। कमाउने चिन्ता, रक्षा गर्ने चिन्ता र नाश भएर जाला कि भन्ने आदि चिन्ता हुन्छ। हिँड्दा, बसदा, सुत्दा, सदा धनकै चिन्ता गरी दुःख पाउँछ र चिन्ता गर्दागर्दै मरिहाल्छ।

हे रामजी ! निर्धनीलाई पनि चिंन्ता हुन्छ परन्तु थोरै हुन्छ। जबसम्म चिन्ता हुन्छ तब दुःखीरहन्छ जब चिन्ता हुँदैन तब परम सुखी हुन्छ।

हे रामजी ! यदि धनवान बनेर पनि संतोष छैन भने तिनी परम दरिद्री हुन् । जो धनहिन हो परन्तु संतोषी छ त्यो परम ईश्वर हो। जबसम्म धनको इच्छा गर्दैन तबसम्म तिनलाई भोगरूपी विष लाग्दैन । जब धनको इच्छा हुन्छ तब परम विष लागेर दुःख र कष्ट पाउँछ ।

हे रामजी ! जो कुछ अर्थ हो, त्यो अनर्थ हो । जसलाई संपद भनी जानेको थियो त्यो आपद हो । जसलाई तिनले भोग भनी मानेको थियो त्यो सारा रोग हो। त्यसैले इच्छा-रूपी पिचाशिनीलाई त्याग गरी सुख पूर्वक स्थित होऊ ।

हे रामजी ! यो संसार मिथ्या हो । त्यसको चाहना इच्छा गरी रहने पुरूष पनि मूर्ख हुन्। जस्तो हातमा अंजलि-भरि भरि पानी उठाई राखेर तलाउ भर्न सकिंदैन मेघ-पानी वर्षा भए तुरून्तै भरिहाल्छ । त्यस्तै तुच्छ विषयको भोग गरेर कहिले पनि तृप्त हुँदैन, सन्तोष लिए पछि शान्त चित्तमा परमानन्द मिलिहाल्छ ।

हे रामजी ! जब इच्छा नाश हुन्छ तब सन्तोष प्राप्त हुन्छ र द्वैत कलना मेटिएर जान्छ । यसैलाई परमपद भनेको छ। यो कसरी मिल्छ ? जब संसारदेखि वैराग्य हुन्छ, सन्तको संगत मिल्छ, सत्शास्त्रको श्रवण हुन्छ, तब संपूर्ण जगत् बिरस भएर जान्छ । भोगमा विरस भए आत्माको दृढ अभ्यास बढेर आउँछ अर्थात् आफ्नू स्वभाव सत्ता प्रकाश भएर आउँछ । तब स्वभाव सत्तामा स्थित भए आत्मपद प्राप्ति हुन्छ । जुन बचनले बताउन सकिंदैन ।

हे रामजी ! जो पुरूष स्वभाविक चेष्टा हुँदा संकल्प र विकल्प रहित छन् तिनी सदा मुक्तिरूप हुन् । तिनलाई कुनै क्रियाले बन्धन गर्दैन । जसलाई विषयजगत् विरस भएको छ तिनलाई विषयको तृष्णा कसरी होला ? जब तृष्णा

छैन तब दुःख कसरी होला ? दुःख तबसम्म हुन्छ जबसम्म विषयको तृष्णा रहन्छ। विषयको तृष्णा तब हुन्छ जब आफ्नू स्वभावलाई त्यागिदिन्छ। जब आफ्नू स्वभावमा स्थित हुन्छ तब परस्वभाव जुन हो इन्द्रियको विषय त्यो रसयुक्त कसरी होला ? दुःख तृष्णा कसरी होला ?

हे रामजी ! जब आफ्नू स्वभावलाई जानिलिन्छ तब परम निर्वाणपद प्राप्त हुन्छ, जो नित्य, सत्य, आदि, अन्त रहित पद हो। त्यसको लागि बेदको अध्ययन गर्नु, प्रणवको जप गर्नु त्यसबाट थाके चित्त वृत्तिलाई स्थित राखी समाधिमा स्थित रहनु त्यसाट थाके जप, पाठ, ध्यान र स्वरूप चिन्तन गरी रहनु। जब यसरी दृढ अभ्यास हुन्छ तब त्यो पद प्राप्त हुन्छ। जो संसारलाई पार गर्ने मार्ग हो। जब त्यसलाई पाउँछ तब परम शान्ति मिल्छ र स्वच्छ, निर्मल आफ्नू स्वभावमा स्थित हुन्छ।

हे रामजी ! सन्तोष परम रसायन हो। जब विषयमा दोषदृष्टि हुन्छ र संतोषलाई लिन्छ तब त्यसको मूर्खता हटेर जान्छ। जस्तो गाईको पाईला सजिलोसित नाघ्न सकिन्छ त्यस्तै संसार समुद्रलाई चाँडनै तर्न सकिन्छ। जसलाई संतोष मिलेको छ त्यसलाई परम शान्ति मिल्छ। जो तृष्णा गरिरहन्छ त्यसलाई संतोष र शान्ति कहिले पनि मिल्दैन।

हे रामजी ! जुन संतोषवान् हुन् तिनको मन अमन हुन्छ। तिनको धनमा तृष्णा रहँदैन। जो आफूसित छ त्यो राखिछोडन इच्छा पनि गर्दैनन्। सहज त्याग भइरहन्छ। स्त्री, पुत्र र धनादि सारा विरस भएर जान्छ। उनीहरूसित रहन्छन् तापनि त्यसमा अहं मम अभिमान गर्दैनन्। जो अनिच्छित पदार्थ मिले पनि त्यस्मा रागद्वेष गर्दैनन्।

हे रामजी ! मुमुक्षु पुरूष एकान्तमा रहन चाहन्छ।

देव संयोग इष्ट अनिष्ट-आदि भोग मिले पनि त्यसलाई उपेक्षा गर्छ। जसरी जरा-मूढा निकाली राम्रो बनाई खेतमा बीज रोपे राम्रो फल फल्दछ। त्यस्तै मनरूपी खेतमा इच्छा रूपी जरा र मूढालाई अनिच्छारूपी कोदालोले निकाली सन्तोषरूपी बीउ छरे पछि अनुभवरूपी फल मिलिहाल्छ।

जब अनुभवरूपी फल मिल्छ तब त्यो पुरूष सूक्ष्म देखि सूक्ष्म र स्थूलदखि स्थूल हुन्छ र सर्वात्मा भै स्थित हुन्छ।

हे रामजी ! जे जति नाना विकार प्रतीत हुन्छ त्यो प्रमादले भास्दछ। जब आत्मबोध हुन्छ तब सारा क्षोभ विकार मेटिएर जान्छ। जस्तो नाना प्रकारको गहना, आगोमा गलाए पछि सुन मात्र बाँकी रहन्छ त्यस्तै मनलाई आत्मबोधमा स्थित गरे जगत् भन्नु कुनै पदार्थ रहँदैन। एक अद्वैत आत्मा भासमान हुन्छ।

हे रामजी ! देह, इन्द्रिय जगत् तबसम्म भासित हुन्छ जबसम्म स्वरूपबाट सुतिरहेको छ। जब स्वरूपमा जाग्दछ तब संसारको सत्यता मेटिएर जान्छ। जे जति बिकार भास्दछ त्यो आत्माको अज्ञानले हो। जब तिमी एकाग्र चित्तले बिचार गरिदेख्छौ तब जगत्भ्रम शान्त भइहाल्छ।

यो जगत् भ्रम-स्फुरणले भासित हुन्छ। जब स्फुरण फर्किएर आत्मा तिर आउँछ तब जगत्भ्रम मेटिएर जान्छ।

हे रामजी ! यो जगत् स्वप्नमा देखिएको प्रपञ्च झैं मिथ्या हो। स्वप्न र जाग्रतमा केही भेद छैन। यी सारा हुन् वृत्तिरूप। जब वृत्तिको अभाव हुन्छ तब द्वैतभावना मिटेर जान्छ। द्वैतभावना मेटिए चित्तअभाव हुन्छ। चित्तको उपशम भए निरतिशय सुखमिल्छ।

देवदर्शन

हे रामजी ! ईश्वर टाढा छैनन् र त्यो ईश्वर पाउन दुर्लभ

पनि छैन । किनकि ईश्वर अनुभवज्योति हो । परम बोध-स्वरूप हो । सारा संसार उसैको वशमा छ । त्यो सबैको आत्मा हो । त्यस्ता सर्वात्मालाई मेरो नमस्कार छ ।

हे रामजी ! त्यो ईश्वरलाई देवता, दैत्य, मनुष्य सारा जगत्ले पूजा गर्छन् । सबैलाई फल दिनेवाला पनि उनै हुन् । उत्पत्ति र प्रलयमा जे जति पदार्थ देखिन्छ त्यो सबै उनैबाट सिद्ध हुन्छ । जब त्यो ईश्वर खुशी हुन्छन् तब विवेकरूपी दूत हृदयभित्र उदय हुन्छ । त्यो कस्तो ईश्वर हो ? जे जति शुभ क्रिया उसमा पाइन्छ त्यो अत्यन्त पवित्र छ । जस्तो चन्द्रमा उदय भए आकाशले शोभा पाउँछ त्यस्तै त्यो पुरुष शोभा युक्त हुन्छ ।

हे रामजी ! हृदयमा विवेक उदय भए तिनलाई संसार बाट पवित्र तुल्याइदिन्छ । अर्थात् देवताको समीपमा पुऱ्याइ दिन्छ । पहिले वासनारूपी मयलले छोपिराखेको थियो । चित्तरूपी शत्रुले बाँधेको थियो । जब विवेकरूपी दूत आउँछ तब चित्तरूपी शत्रुलाई मारिदिन्छ र वासनारूपी मयललाई नाश गरी देवताको नजिक पुऱ्याई दिन्छ । जब त्यो देवताको दर्शन मिल्छ तब परमानन्द प्राप्त हुन्छ र अत्यन्त सुख पाउँछ ।

हे रामजी ! संसाररूपी समुद्रमा मृत्युरूपी भँमरी परि-राखेको छ । अज्ञानरूपी जलले भरिएको छ । तृष्णारूपी लहरी-तरंग उठिराखेको छ । त्यो समुद्रमा जीव परिराखेको छ । जब ठूलो पुण्यले विवेकरूपी नौका अकस्मात मिलिहाल्छ तब त्यो संसार समुद्रबाट पार तरिहाल्छ ।

हे रामजी ! जीव प्रमाद गरेर जड बनिराखेको छ । जस्तो पानी धेरै चिसो भए जमेर पत्थर बनिहाल्छ त्यस्तै प्रमादले जीव बनेर वासनाकासाथ मिलिराखेको छ । जब

अन्तर्मुख हुन्छ तब परमदेव प्रसन्न हुन्छन् । त्यो कस्तो देव हो? सहस्र जसका शिर छन्, सहस्र जसको पाउँछन् । सहस्र हात छन् । सहस्र आँखा छन् , सहस्र कान छन् र सबै चेष्टाको कर्ता उनै हुन् । देख्नु, सुन्नु, बोल्नु, चल्नु उनै हुन् । आफ्नै स्वभाव सत्ताले प्रकाशित हुन्छ । जब देवको सन्मुख (अन्तर मुख) हुन्छ तब विवेकरूपी दूत पाएर सज्जनको सङ्ग र सत्शास्त्रको श्रवण हुन्छ । अर्थात् दृढ भावना हुन्छ तब चित्त अभाव-(शून्य) हुन्छ । फेरी शून्यको पनि त्याग गरी बोध मात्रमा स्थित हुन्छ तब पूर्ण आनन्द प्राप्त हुन्छ ।

हे रामजी ! पुरूष आनन्दस्वरूप हो । विश्व पनि आफ्नै स्वरूप हो । परन्तु अज्ञानले भिन्न देखिराखेको छ । जस्तो भ्रान्तिले मरुस्थलमा जल प्रतीत हुन्छ त्यस्तै भ्रान्तिले यो जगत् भासमान भै राखेको छ। विवेक गरेपछि भित्र, बाहिर, तल, माथि सारा ब्रह्म देव नै व्यापक रूपले व्यापी राखेको छ । सबैलाई उसैले धारण गरिराखेको छ ।

हे रामजी ! उनै ईश्वर ब्रह्म हो, साक्षी आत्मा हो ॐकार प्रणव हो । यो सबै उसैको नाम हो । त्यसैले यो विश्वरूप ईश्वरलाई नमस्कार छ ।

हे रामजी ! जब शुद्ध चेतनमा चेत्योन्मुखत्व हुन्छ तब मनोमय शरीर देखिन्छ । जसलाई अन्त बाहक शरीर भन्छ । जब वासनाको दृढता हुन्छ तब अधिभूत प्रतीत हुन्छ । जस्तो स्वप्नमा आफूमा नै शरीर देखिन्छ त्यस्तै आफैमा यो शरीर देखिएको छ । यसको उत्थान हुनु नै अनर्थको कारण हो । जब त्यो चेत्य हुन्छ तब त्यसलाई अनर्थ मिलिहाल्छ । अर्थात् म मेरा इत्यादि जगत् भासमान हुन्छ । त्यसैले हे राम ! तिमी अहंतारूप चेतन देखि रहित आफ्नू बोधस्वरूपमा स्थित होऊ ।

हे रामजी ! यो मनले जगत् रचेको छ त्यो मन र जगत् दुबै मिथ्या हो। रूप, अवलोकन, मनस्कार यही तिनको नाम–जगत् हो। त्यो मृगतृष्णाको पानी झैं मिथ्या (नाशवान्) हो। जब त्यसको अभाव हुन्छ तब शून्य पनि रहँदैन केवल बोध मात्र चेतन रहन्छ ।

हे रामजी ! दृश्य, दर्शन, द्रष्टा यो तीनै भावना मात्र हो। जब यो खडा हुन्छ तब जगत् प्रतीत हुन्छ । जब अहंताको अभाव हुन्छ तब आत्मपद शेष रहन्छ । जस्तो सुनमा भूषण रहन्छ त्यस्तै आत्ममा जगत् रहेको छ दोस्रो केही बनेको छैन। वासनाले दृश्य प्रतीत भएको हो। त्यो वासना मनबाट स्फुरेको हो र मन अज्ञानले भएको हो। जब मन अमनपदमा पुगिहाल्छ तब सारा दृश्य एकैरूप भएर आउँछ ।

हे रामजी ! जबसम्म चित्तको दृश्यसंग सम्बन्ध रहन्छ तबसम्म कर्मबाट छुट्दैन । जब चित्तको दृश्यसित सम्बन्ध टुट्छ तब शुद्ध अद्वैतपद प्राप्त हुन्छ। जबसम्म मन स्फुरिरहन्छ तबसम्म जगत्को अभाव हुँदैन । जब मन उपशम हुन्छ तब जगत्को अभाव हुन्छ । जस्तो सपनालाई स्वप्न भनी जान्दछ तब स्वप्नको पदार्थमा इच्छा गर्दैन । त्यस्तै यो जगत् मनको दृढ स्फुरण भनी निश्चय भए जगत् मदार्थमा इच्छा हुँदैन ।

हे रामजी ! यो जीव वासनाको भूमरिमा घुमिरहेको छ । जब वासनाक्षय हुन्छ तब त्यसैलाई ज्ञान भन्छ। अज्ञानरूपी भूत जीवलाई लागेको छ, त्यसैले उन्मत्त भएर जगत् देखि-राखेको छ । जगत्लाई देखेर नाना प्रकारको वासना दृढ हुँदैछ त्यसैले दुःख मिलेको छ । जब यो चित्तलाई उल्टाएर अन्तर्मुख गरी आत्माको दृढ भावना गर्छ तब ज्ञानरूपी मन्त्र पाएपछि अज्ञानरूपी भूत भागेर जान्छ ।

हे रामजी ! सर्वप्रथम शरीर अन्तवाहक थियो। आफ्नू

स्वरूप भुलेको थिएन । आफूलाई आत्मा नै जानेको थियो । जगत् आफ्नै संकल्प मात्र भनी प्रतीत हुन्थ्यो । त्यसको नाम अन्तवाहक हो । जब त्यो संकल्पमा दृढ भावना भयो तब अधिभूत प्रतीत भयो । जब त्यस्मा दृढ भावना भयो तब देह, इन्द्रिय सबै आफूमा देखियो र सुख दु:ख पनि प्रतीत भयो । जब जगत्‌को सुख दु:ख भासित भयो तब संसारआपत आफूमा आइलाग्यो ।

वास्तवमा न कुनै सुख दु:ख छ, न जगत् छ । केवल भावना मात्र हो । जस्तो चित्तको भावना हुन्छ त्यस्तै भासित हुन्छ । त्यसैले जगत्‌को भावना उल्टाएर आत्मातिर अन्तरर्मुख भए एक अद्वैत बोधस्वरूपको बोध हुनेछ । जब बोधस्वरूपको अनुभव हुन्छ तब द्वैतभ्रम सारा मेटिएर जान्छ ।

हे रामजी ! आत्मा अद्वैत हो, दोस्रो केही बनेको छैन । भ्रमले द्वैत भनी प्रतीत भएको छ । जस्तो सुतेको पुरूष स्वप्न-भ्रमले नाना पदार्थ देखिराख्छ तेस्तै यो जाग्रत जगत् पनि भ्रान्तिले देखिएको छ, परन्तु भएको हैन । जब छँदैछैन तब इच्छा कुन पदार्थको गर्ने ? जस्तो सुख इन्द्रियको इष्ट भोगेर मिल्दैन त्यस्तो सुख त्यसलाई त्यागे पछि मिल्छ । त्यसैले हेराम तिमी कुनै कुराको इच्छा मनमा नराख तब तिमीले परम शान्ति पाउनेछौ ।

विश्वजित यज्ञ–

हे रामजी ! अब ध्यान-यज्ञ बताऊँछु सुन-पहिले ध्यान रूपी स्तम्भ गाड, अर्थात आत्मतत्त्वको सदा अभ्यास गरी रहनू र तृष्णारूपी वली चढाउनू अर्थात् मनलाई कतै नलगाई आत्मा मै रमिराख्नु । ज्ञानरूपी यज्ञ गर, आत्माका वारेमा जे जति वेद र शास्त्रमा बताएको छ त्यो नित्यहो, शुद्ध हो,

बोधरूप हो, अद्वैत हो, निर्विकल्प हो, देह, इन्द्रिय, प्राण र मन आदिदेखि रहित हो, यस्तो जान्नुलाई ज्ञान भनेको छ । त्यो यज्ञ यही हो कि ध्यानरुपी स्तम्भ गाडी तृष्णारुपी बली मनरूपी दृश्यलाई जानेर यो यज्ञ पूर्णहुन्छ । अन्तमा दक्षिणापनि दिनु पर्छ तब फल मिल्छ । सारा सर्वस्वलाई अर्पण गरिदिनु यो दक्षिणा हो । अर्थात अहङ्कारलाई त्याग गर्नु नै सर्वस्व त्याग हो । जब सर्वस्व त्याग गर्छ तब यज्ञ सफल हुन्छ । यसैलाई विश्वजित यज्ञ भनेको छ । अब यो यज्ञको फल के कस्तो मिल्छ सुन– हे राम ! यदि अङ्गारको धनघोर वर्षा होस् , प्रलय कालको हावा-हुरी चलोस र पृथ्वी आदि तत्त्व नाश होस, यस्तो माहामारी उपाधि सारा क्षोभ आए पनि ती महापुरुष चलायमान हुँदैन । यो शत्रुनाशको वज्रध्यान हो ।

हे रामजी ! अहंता को त्याग गर्नु नै सबैभन्दा श्रेष्ठ त्याग हो । जुन कार्य अहंताको त्याग गरे हुन्छ त्यो अरू उपायले हुँदैन । तप, दान, यज्ञ, व्रत र उपदेश आदि उपाधिदेखि अहंताको त्याग गर्नु ठूलो साधन हो । अरू सारा साधन यसैको भित्र परिहाल्छ । जब तिमी अहंतालाई त्याग गरिदिन्छौ तब तिम्रो भित्र र बाहिर ब्रह्म सत्तानै प्रतीत हुनेछ, द्वैतभ्रम सारा मेटिएर जानेछ ।

हे रामजी ! मनको सारा अर्थ-ऐश्वर्यरूपी तृणलाई ज्ञानरूपी अग्निलगाई वैराग्यरूपी हावाले फुकेर जगाऊ ।तब त्यो तृष्णारूपी ऐश्वर्य भस्म भएर जानेछ तब तिमी परम शान्ति प्राप्त गर्नेछौ ।

हेरामजी मनलाई जलाए पछि परम संपदा मिल्छ। यो देखि अरू सबै आपत हो । मनको उपशममा कल्याण छ । यो जुन भित्र र बाहिर नाना प्रकारको पदार्थ देखिन्छ त्यो मनको

मोहले उत्पन्न भएकोछ । जब मन उपशम हुन्छ तब नाना प्रकारको जुन पाँच भूतको पदार्थ हो अर्थात मनुष्य, पशु,पक्षी, देवता पृथ्वी आदि त्यो सबै आकाशरूप भएर जान्छ। त्यसैले हे राम! यो सारा ब्रह्ममय हो। ज्ञानवानलाई यही एक सत्ता भासमान हुन्छ दोस्रो कुनै बनेको छैन।

हे रामजी ! अज्ञानले जो आत्मपददेखि पर सुतिराखेको छ, वासनाको पिंजडा भित्र पडिराखेको छ त्यस्तो अज्ञानी झैं तिमी नहोऊ। अज्ञानले जीवलाई नाश गरिदिन्छ। जे जति जगत्‌देखिन्छ त्यो सारा भ्रम हो।

यो संसार आफ्नै स्फुरण बाट भएको हो । जब स्फुरण दृढ हुन्छ तब दुःख मिल्छ।जस्तो बालक आफ्नू छायालाई बेताल सम्झी आफै दुःख पाऊँछ त्यस्तै यी जीवहरू पनि आफ्नै स्फुरणदेखि आफै दुःख पाऊँछन्। जब आत्मबोध प्राप्त हुन्छ तब संसार भ्रम निवृत्त भएर जान्छ।

हे रामजी ! यो संसार जुन रसले भरिएको देखिन्छ त्यो भावना मात्र हो। जब यो भावना फर्किएर आत्मातिर आऊँछ तब जगत्‌भ्रम मेटिएर जान्छ।

हे रामजी ! देह इन्द्रियादि जगत् तबसम्म देखिन्छ जब-सम्म स्वरूपतिर सुतिरहेको छ। जब स्वरूपमा जागदछ तब संसारको सत्ता मेटिएर जान्छ। कुनै इच्छा स्फुरित हुँदैन।

जस्तो कुनै पुरूष स्वप्नमा सुनको थैली पाएर हर्षित हुन्छ, जब स्वप्नबाट जागदछ तब स्वप्नको सुनलाई इच्छा गर्दैन।

हे रामजी ! जस्तो मनोराज्य कल्पना गरी मनमा नै जगत् स्थित हुन्छ त्यस्तै यो पर्वत, नदी, बन, देश, काल र जगत् पनि जान। त्यसैले यो मिथ्या भ्रमलाई त्याग गरी आफ्नू अबिनाशी स्वभावमा स्थित होऊ। यो जगत्‌भ्रमले उदाएको

छ, बिचार गरी हेरे नाश भइहाल्छ ।

हे रामजी ! जसको मन उपशम भावमा प्राप्त भएको छ त्यो पुरूष मौनि हो । ती निरोध पदमा पुगेका छन्, ती संसार समुद्रबाट तरेकाछन्, कर्मको अन्तमा पुगेकाछन् र परम शान्ति अमृतले तृप्त भएका छन् ।

हे रामजी ! जो पुरूष अविद्यारूपी निन्द्राबाट जागेकोछ त्यो निराभास हुन्छ । अर्थात चित्तदेखि चैतन्यको सम्बन्ध टुटेर जान्छ । परम प्रकाशरूप आत्मपद त्यसलाई मिल्छ र स्वभावमा स्थित हुन्छ । परस्वभाव जुन प्रकृति हो त्यसको अभाव हुन्छ । जे जति जगत् भिन्नरूपले देखिन्थ्यो त्यो सबै एकरूप भइहाल्छ ।

जस्तो स्वप्नको पदार्थ भिन्न भिन्न प्रतीत हुन्छ, जागेपछि सारा एक रूप भइहाल्छ । त्यस्तै जब आत्मतत्त्वको अनुभव हुन्छ तब जगत् आफू आफै देखिन्छ ।

हे राम एकै रूप तब देखिन्छ जब अरू केही बनेको छैन । जस्तो सुनको गहना आगोमा गलापछि एकै भइहाल्छ र एकै आकार देखिन्छ । त्यस्तै जब बोध स्वरूपको अनुभव हुन्छ तब सारा एकरूप भएर जान्छ । त्यसैले जगत् भासित भएपनि जगत् आत्मरूप हो । जगत् भन्नु कुनै छैन ।

हे रामजी ! स्वप्नमा नभएको राज्य पनि देखिन्छ- त्यस्तै यो नभएको जगत्लाई तिमी देखिराखेका छौ । यो जगत् मनको स्फूरण हो। त्यसमा सत्य बुद्धि गर्नु बन्धनको कारण हो ।

जस्तो रेसमी कीरा आफैले बस्ने ठाऊँ बनाएर आफै फसेर मर्छ त्यस्तै आफै सङ्कल्प गरी आफै बाँधिन्छ । जब संकल्प मेटिएर जान्छ तब परमानन्दरूप आत्मा प्राप्त हुन्छ ।

हे रामज़ी ! जस्तो बालकले नभएको भूतलाई कल्पनाले खडा गर्छ त्यस्तै यो अहङ्कार पनि अविद्याले कल्पेको हो ।

जो वस्तु छँदै छैन मिथ्या हो, परन्तु देखिन्छ त्यो अविद्या हो। जुन अविद्या नै मिथ्या हो तब त्यसको कार्य अहङ्कार कसरी सत्य होला ? त्यो मिथ्या भ्रमले भासित भएको छ। जस्तो भ्रमले ठूटोलाई भूत भनी देख्दछ। त्यस्तै भ्रमले अहङ्कार-रूपी भूत उदय भएकोछ। त्यसको कारण हो अविचार बिचार गरेपछि यसको अभाव भै जान्छ। जस्तो जाहाँ बत्तीछ त्यहाँ अन्धकार रहँदैन त्यस्तै विचारको उदय भए अविद्याको अभाव भैहाल्छ। जो बिचार गरे पछि रहँदैन त्यो मिथ्या हो। त्यसैले अहङ्कार मिथ्या हो।

हेरामजी ! जगत् आत्माको आभास हो। आत्मालाई जानेपछि जगत्को सत्ता रहँदैन। जस्तो किरणलाई जानेपछि जलाभास रहँदैन, जो देखिन्छ तापनि किरणकै सत्ता देखिन्छ। त्यस्तै आत्मालाई जानेपछि आत्माको सत्ता नै प्रतीत हुन्छ। भिन्न जगत्सत्ता प्रतीत हुँदैन।

हे रामजी ! जीवको आफ्नू वासना नै बन्धनको कारण हो। जबसम्म जगत्मा दुःखको वासना रहन्छ तबसम्म राग-द्वेष-उठिरहन्छ। त्यसैले बन्धन हुन्छ। जसलाई जगत् को सुख र दुःखमा राग र द्वेषको भावना उठ्दैन,वासना पनि नाश भएको छ तिन्लाई यो जगत् ब्रह्मरूप भासमान हुन्छ।

हे रामजी ! शास्त्र बताउँछ कि यो जगत् भ्रम मात्र हो। जस्तो बालकलाई आफ्नू छायामा वेताल भासित हुन्छ त्यस्तै यो जगत् अविचारले भास्दछ र विचार गरेपछि निवृत्त भइहाल्छ।

जे जति विकल्प उठ्छ त्यो सबै मनले रचेको हो। जब चित्शक्तिको मनसित सम्बन्ध हुन्छ तब पहिले प्राणको उदय हुन्छ। प्राणयुक्त भए पछि मनले भन्छ– म जीव हुँ प्राण नै मेरो गति हो, प्राणविना म कहाँ थिएँ। प्राण गएपछि

म मरि हाल्छु, फेरि म रहँदिन, यस्तो संशय गर्नेलाई न यो लोकमा सुख छ र न परलोकमा सुख हुन्छ। जबसम्म आत्मबोधको साक्षात्कार भएको छैन तबसम्म चित्त निर्वाण हुँदैन र ती विकल्प पनि मेटिंदैन।

हे रामजी ! मन मर्ने उपाय आत्माज्ञानदेखि अरू कुनै बाटो छैन। मन शान्त नभई कल्याण हुँदैन। दुवै उपायबाट मन शान्त हुन्छ। मनको वृत्ति स्थिर राख्नु र प्राणस्पन्द रोक्नु। जब मन स्थिर हुन्छ तब प्राण रोकिहाल्छ। प्राणको स्पन्द रोकेपछि मन स्थिर भै हाल्छ। जब प्राणको क्षोभ हुन्छ तब चित्तको पनि क्षोभ हुन्छ।

हे रामंजी ! शुद्ध आत्मतत्व आफू आफैमा स्थित छ। त्यो तत्व नै जगत् आकारमा देखिन्छ जस्तो स्वप्नमा जे जे वस्तु देखिन्छ त्यो सबै अनुभवरूप हो। त्यस्तै जगत् पनि ब्रह्मस्वरूप हो। मलाई सदा त्यही प्रतीत हुन्छ। तब अहंकार कहाँ छ ? न म अहंकार हुँ, न मेरो अहंकार हो। केवल आकाशमा अहंकार कहाँबाट हुने ? न म हुँ, न ममा कुनै स्फुरण छ। अथवा सारा आत्मसत्ता नै म हुँ तब अहंकार कहाँ छ ?

हे रामजी ! हाम्रो अहंकार त्यस्तो छ जस्तो तस्बीरमा दन्किएको आगो। त्यो आगोले अर्थ सिद्ध केही हुँदैन, देख्दा मात्र जलिराखेको छ। त्यस्तै ज्ञानीको अहंकार देखन मात्र हो। कर्तृत्व र भोक्तृत्व हुँदैन। आफू आफैमा स्थित छ। सबै ज्ञानवान्को एकै निश्चय हुन्छ।

हे रामजी ! ज्ञानीको अहंकार देखन मात्र हो। अरूको दृष्टिमा देखिन्छ। परन्तु ज्ञानीको निश्चयमा असंभव हो। उसको अहं प्रत्यय आत्ममा रहन्छ। परिच्छिन्न अहंभावको अभाव भएर जान्छ। जब अहंकारनाश हुन्छ तब अविद्या

पनि नाश हुन्छ । त्यो नै अज्ञानको नाश हो । त्यसैले हे राम ! आफ्नू स्वभावमा स्थित भएर प्रकृत आचार गरी शिला जस्तो भै रहूँ र आफ्नू निश्चयलाई गुप्त राख्नू ।

हे रामजी ! यो आश्चर्य हो कि जो सत् वस्तु हो त्यो देखिंदैन । जुन असत् वस्तु हो त्यो भासित हुन्छ । जस्तो स्वप्नमा पृथ्वी, पर्वत, समुद्र र जगत् व्यवहार छँदै थिएन त्यो प्रत्यक्ष देखिन्छ र सत् वस्तु अनुभव जो तत्त्व हो त्यो देखिंदैन त्यसैले म, तिमी, जगत् सबै आकाशरूप हो । जस्तो स्वप्नमा युद्ध भएको देखिन्छ, कराएको सुनिन्छ, आएगएको देखिन्छ त्यो सबै आकाशरूप हो । त्यस्तै यो जगत् पनि भएको कुनै होइन सब संकल्परूप हो ।

हे रामजी ! अज्ञानले अहंकार पिचाश दृढ भएर बसेको छ जब शास्त्र वचनमा दृढ अभ्यास गर्छ तब वासना क्षीण भएर जान्छ । जुन अभ्यासको प्रवलता भए पछि के सिद्ध नहोला ?

अज्ञानी पुरूषले ब्रह्माभ्यास गरे ज्ञानी बनिहाल्छ । जस्तो चिन्तामणिको नजिक गएर जो पदार्थको इच्छा गर्छ त्यही मिल्छ त्यस्तै आत्मरूपी चिन्तामणिको अगाडी जुन विषयको अभ्यास गर्छ त्यो सिद्ध हुन्छ । जो बाल्यकालदेखि अभ्यास हुन्छ त्यो वृद्ध अवस्थापर्यन्त भै रहन्छ । त्यसैले निरन्तर ब्रह्मचर्चाको अभ्यास गरेपछि अज्ञानरूप विसूचिका निवृत्त भै जान्छ ।

हे रामजी ! संसाररूपी समुद्र आदि र अन्त्य रहित छ। आत्माभ्यासरूपी नौका भए सजिलोसित पार तरिन्छ।

जो पुरूष शास्त्रको अर्थ श्रवण गरी त्यस्मा अभ्यास गर्दैन त्यसलाई मनुष्यहरूमा नीच भनी जान्नु । त्यसले इष्ट वस्तुलाई सिद्ध गर्न सक्दैन । जस्तो बाँझीको छोरा हुँदैन

त्यस्तै उनको इष्ट पदार्थ सिद्ध हुँदैन ।

हे रामजी ! जसले आत्मरूपी इष्टलाई त्यागेर अरू कुनै पदार्थको इच्छा गर्छ त्यसले अनिष्टदेखि अनिष्ट गति पाउँछ । अर्थात् नरकदेखि नरकको भोग मिल्दछ ।

जसको अभ्यासको पनि अभ्यास मिल्छ त्यसलाई चाँडैनै आत्मपद प्राप्त हुन्छ । अभ्यासको बलले इष्ट वस्तुलाई पाउँछ ।

बत्तीद्वारा पदार्थलाई देख्नु अभ्यास हो, देखिकन त्यसको निम्ति यत्न गर्नु अभ्यासको अभ्यास हो । जब यत्न र अभ्यास गर्छ तब पदार्थलाई प्राप्त गरिहाल्छ । बारंबार चिन्तन गरिरहनुलाई अभ्यास भनेको छ । जब यस्तो अभ्यास गरिलिन्छौ तब परम प्रकाश अनुभवरूप परम देव तिम्रो हृदयमा उदय हुनेछ ।

हे रामजी ! यो आश्चर्य छ – जो वस्तु सत्‌रूप छ, त्यो असत् झैं देखिन्छ । अर्थात् आतमा सदा सत्‌रूप हो । त्यो अज्ञानले भासमान हुँदैन । जो असत्‌रूप जगत् हो त्यो सत्य भएर देखिन्छ । जो शरीरादि दृश्य जगत् असत् हो त्यो सत्य भनी प्रतीत हुन्छ ।

आत्मा सदा प्रत्यक्ष हो र शरीरादि परोक्ष हो । अज्ञानले शरीरादि प्रत्यक्ष प्रतीत हुन्छ र आत्मपद परोक्ष भास्दछ ।

हे रामजी ! जे जति जीवहरू छन् तिनको वास्तविक रूप ब्रह्म नै हो । त्यसमा आदि स्फुरण हुनुलाई अन्त वाहक रूप भन्छन् । त्यसपछि अधिभूत देखिन्छ तब भ्रम वशात् अधिभूतलाई आफू भनी आफैंले ठानिलिन्छ । जो सर्वदा निर्विकार, निराकार, निर्गुण स्वरूप छ र अनुभवरूप हो त्यसलाई कसैले जान्दैन ।

हे रामजी ! आदि शरीर सबै जीवको अन्त वाहक हो ।

त्यो शुद्ध आत्माको किंचन हो, आकाशरूप हो, केही बनेको छैन । संकल्प गरेर आधिभौतिकभाव दृढ भएको छ । त्यो भ्रान्तिले प्रतीत भएको हो । वस्तु केही छैन सारा मिथ्या हो । वास्तवमा बोधस्वरूपदेखि अरू केही होइन ।

हे रामजी ! जस्तो मृगतृष्णाको पानीले तृप्ती हुँदैन त्यस्तै विषयको सुखले कोही तृप्त हुँदैन । त्यस्तो क्षणिक सुखमा जुन पुरूष भुलिराख्छ ती मूर्ख हुन् । जो नित्य अविनाशी सुख हो त्यो अनुभवरूपले सदा सर्वदा स्वयं प्रकाशमान हुन्छ । त्यसलाई त्यागेर जो विषयको सुखमा लागिरहन्छ त्यो मूर्ख हो । त्यसैले हे राम ! अविद्यारूपी स्फुरणलाई त्याग गरेर आफ्नू निर्विकल्प स्वरूपमा स्थित होऊ तब जगत्-भ्रम निवृत्ती हुन्छ ।

हे रामजी ! आँखा उघार्न र चिम्लन वरू यत्न चाहिन्छ परन्तु मुक्त हुनको लागि कुनै यत्न छैन । वृत्ति वहिर्मुख भए बन्धन हुन्छ, अन्तर्मुख भए मुक्त हुन्छ। त्यसमा के यत्न छ ? त्यसैले निर्वासनिक भएर सुषुप्ति जस्तो स्थित होऊ । जब अहं संवेदन स्फुर्छ तब मिथ्या जगत् साँचो भएर देखिन्छ। जब अहं उत्थान देखि रहित हुन्छौ तब परम निर्वाण पद पाउनेछौ । जहाँ एक र दुई कल्पना छैन । परम शान्त निर्विकल्प पद प्राप्त हुन्छ ।

हे रामजी ! जो अहं स्फुरि राखेको छ त्यो मिथ्या हो । अज्ञानले असम्यकदर्शीलाई दृढ भैराखेको छ । त्यो केवल संकल्प मात्र हो । जे जति जगत् देखिन्छ त्यो सबै चिदाकाश हो। एक र द्वैत कलनादेखि रहित आत्मा मात्र हो ।

हे रामजी ! मलाई अहिले पनि संवित सत्तानै प्रतीत भएको छ । म कस्तो हुँ ? म शुद्धहुँ, सारा कल्पना रहित हुँ, चिदाकाश हुँ, सच्चिदानन्द ब्रह्म हुँ । ममा जो वसिष्ट अहं

स्फुरेको छ तर त्यो स्फुरेको हैन । स्फुरेको झैं देखिन्छ यो सबै आत्माको किंचन झलक हो । वास्तवमा केही पनि भएको होइन, त्यसैले तिमी यस प्रकार जानिकन निर्वासनिक होऊ ।

आफ्नू स्वभाविक आचरण गर अथवा नगर परम मौन भएर स्थित होऊ । ज्ञानवान्हरूको यही अनुभव हुन्छ । तिमी पनि यस्तै गर ।

हे रामजी ! जब अहं संवेदन स्फुरण हुन्छ तब मिथ्या जगत सत्य भनी प्रतीत हुन्छ । जब यत्न पूर्वक अहंकारको परित्याग हुन्छ अर्थात् अहं वृत्ति असत् जानेर त्यागिदिन्छ तब आत्मदेव भासमान हुन्छ ।

अनात्ममा आत्म बुद्धि गरे बन्धन हुन्छ । त्यसलाई परित्याग गरे परमपद मिल्छ । त्यसैले दृढ अभ्यास गरेर आत्मनिश्चय गरिलेऊ ।

हे रामजी ! आत्मरूपी आकाशमा मनरूपी निलोपन देखिन्छ । त्यो अविचार हो । विचार गरेपछि निलोपन कुनै छैन । त्यस्तै मन र मनले रचेको जगत्को स्थिति छ । त्यसैले सारा कल्पना स्फुरणलाई त्यागेर आफ्नू स्वभावमा स्थित होऊ ।

हे रामजी ! जे जति विषयहरू छन् ती विषरूप हुन । विषको सेवन गरे पछि मरेर जान्छ त्यस्तै विषय,स्त्री,धन, जन आदि जो सुखरूप हो त्यो मोहले दुःख दिएर जान्छ । त्यसैले त्यो भोगको इच्छालाई मनबाट त्यागिदेऊ । जुन शरीरको लागि विषयको इच्छा गर्छ त्यो नाश भएर जान्छ । त्यस्मा अभिमान गर्नु अत्यन्त दुःखदायक हो ।

हे रामजी ! यो संसारभ्रम चित्त संवितमा दृढ भै स्थित भएको छ । त्यसैले संसारसुखको त्याग गर्न सक्दैन ।

जब आत्मासुख प्राप्त हुन्छ तब त्यागिदिन्छ । जबसम्म पारसमणि मिलेको छैन तबसम्म अरू धनलाई त्याग्न सक्दैन । जब पारश मिल्छ तब तुच्छ धनलाई त्यागिदिन्छ ।

हे रामजी ! भ्रमरा तबसम्म बाहिर घुमिरहन्छ जबसम्म कमलको फूल पाउँदैन । जब कमललाई पाउँछ तब अरू स्थानलाई त्यागिदिन्छ । त्यस्तै चित् शक्ति जब आत्मस्वरूपमालीन हुन्छ तब कुनै पदार्थको इच्छा गर्दैन निर्विकल्प पदको प्राप्ति हुन्छ ।

हे रामजी ! आत्मज्ञानविना जगत्बाट शान्ति मिल्दैन किनकि जगत् हो अत्यन्त दुःखरूप त्यसैले जगत्को भावना-लाई छोडेर आत्मसत्तामा स्थित भै बस ।

हे रामजी ! यो मनको प्रवाह दुईतिर बगिरहेको छ । एक जगत्तिर र अर्को स्वरूप प्राप्तीको लागि । जब मनको प्रवाहलाई स्वरूपतिर लगाउँछ तब जगत्भावनाबाट मुक्त हुन्छ । त्यसैले दृश्यको चिन्तनलाई छोडि निरन्तर आत्म चिन्तन गर । तब तिम्रो बुद्धि बोधरूप हुनेछ ।

हे रामजी ! यो सारा दृश्य प्रपञ्च हो चिदाकाश, दोश्रो केही बनेको छैन । आत्मरूपी आकाशमा मनरूपी निलोपन देखिन्छ त्यो अविचारले भएको हो । विचार गरे भएको कुनै होइन । जस्तो बत्तीको अगाडी अन्धकार रहँदैन विचार गरे पछि मन र त्यसको कल्पना जगत् रहँदैन । त्यसैले मनलाई निर्वाण गर्नु परम शान्ति हो ।

हे रामजी ! जे जति क्षोभ चञ्चल हो त्यसको कर्ता मन हो । मन निर्वाण भए केही रहँदैन । जस्तो बालक माटाको हात्ती, घोडा, सेना रचना गर्छ र भिन्नभिन्न भाव निश्चय गर्छ । त्यस्तै अद्वैत आत्ममा मनरूपी बालकले जगत्को कल्पना गर्छ । वास्तवमा केही होइन, आत्मा सदा आफू

आफैमा स्थित छ ।

हे रामजी ! यो जगत् सबै परोक्ष हो । किनकि जुन इन्द्रियद्वारा प्रत्यक्ष हुन्छ । जसको आँखा छ त्यसले रूपदेख्न सक्छ । जसको आँखा छैन त्यसले केही देख्दैन । त्यसैले यो सबै इन्द्रियको विषय हो । आत्मा सदा प्रत्यक्ष हो । उस-लाई देख्न कसैको अपेक्षा चाहिंदैन । जो इन्द्रियद्वारा सिद्ध हुन्छ त्यो असत्य हो अर्थात् जगत् सबै असत्य हो । त्यसैले जगत्को सत्य भावलाई त्यागेर शुद्ध बोधस्वरूपमा स्थित होऊ ।

हे रामजी ! अहं जो स्फुरेको छ त्यो मिथ्या हो । अज्ञानले दृढ स्थित भएको छ । असम्यकदर्शीलाई दृढ भास्दछ । त्यो केवल संकल्प मात्र हो, अरू कुनै होइन । त्यसैले जे जति जगत् भासमान हुन्छ त्यो सारा चिदाकाश हो । एक र द्वैत कलना रहित सारा शब्द रहित आत्मा मात्र हो । म र तिमी शब्द कुनै छैन । यो जगत् उसैको किंचन हो । जस्तो सूर्य किरणमा जलाभास देखिन्छ त्यस्तै आत्माको आभास जगत् हो । संकल्पको दृढताले दृश्य देखिन्छ भएको कुनै हैन ।

हे रामजी ! यो जगत् विशालरूप देखिन्छ तापनि एक कनिका जति पनि छैन । जस्तो स्वप्नको पर्वत एक कनिका जति पनि छैन त्यस्तै विचाररूपि तराजुमा तौलिएदेखि परमार्थ सत्तामा कुनै सत्य वस्तु पाईंदैन । हेर्दा देखिन्छ तापनि आत्मसत्तादेखि भिन्न केही होइन । आत्मसत्ता नै यस प्रकारले भासमान हुन्छ ।

हे रामजी ! सबै भन्दा ठूलो शास्त्रको सिद्धान्त यही हो । सारा सिद्धान्तको समता पनि यही हो कि निर्विकल्प समाधिमा स्थित हुनु । सबैको सिद्धान्त यही हो । जस्तो

ढुङ्गाको मूर्ति परम मौन हुन्छ त्यस्तै चेत्यदेखि रहित हुनु, सदा आत्मनिश्चय रहनु यसैको नाम परम मौन हो । सबै क्रिया भैराखे पनि आफूमा कुनै क्रिया नदेख्नु र अद्वैत स्वरूपमा स्थित रहनुनै परम समाधि हो ।

हे रामजी ! शिव के हो, शक्ति के हो ? त्यो सुन– जे जति जीव छन् ती शिवरूप हुन् । यिनको जो चित्तको स्फुरण हो त्यसलाई काली भनेपनि चित् शक्ति भने पनि हुन्छ ।

जबसम्म इच्छा गरी चित्शक्ति बाहिर स्फुरिराख्छ तबसम्म भ्रमको अन्त हुँदैन । नाना प्रकारको विकार अनुभव हुन्छ शान्ति मिल्दैन । जब चित्शक्ति फर्काएर अधिष्ठान-लाई देख्छ तब जगत्भ्रम निवृत्त भै जान्छ र परम शान्ति प्राप्त हुन्छ ।

हे रामजी ! जबसम्म इच्छा शक्ति शिवतिर फर्कदैन तबसम्म नाना प्रकारको नृत्य गरिराख्छ अर्थात् जगत्को रचना गर्छ । जब शिवतिर हेर्छ तब तिनको नृत्य विरस भै जान्छ ।

देवी परमात्माको इच्छाशक्ति हो । जगत् माता उसको नाम हो । जबसम्म शिवतत्त्व देखि व्यतिरेक हुन्छ तबसम्म जगत्लाई रचना गर्छ । जब आफ्नू अधिष्ठानतिर आउँछ त्यो नित्य तृप्त हो, अनामय हो, निर्विकार हो, परम शान्त-रूप द्वैतभाव रहित हो । तब परम शान्ति प्राप्त हुन्छ ।

हे रामजी ! चित्शक्ति जब शिवपदमा लीन भएर जान्छ तब इन्द्रियको इष्ट र अनिष्टमा आफूलाई सुखी-दुःखी नमानी नित्य तृप्त हुन्छ । अर्थात् अनामयपद प्राप्त भै सुख र दुःखदेखि रहित हुन्छ ।

जस्तो ढुङ्गामा उद्याए पछि खड्गको धार तीखो हुन्छ

त्यस्तै चित्संवित जब आत्मापदमा मिल्छ तब अद्वैतरूप भै हाल्छ । आत्मा पदलाई स्पर्श गरे पछि अनात्म भावको त्याग हुन्छ । जस्तो फलाम पारसलाई छोए पछि सुन हुन्छ फेरि फलाम हुँदैन त्यस्तै स्वरूपको ज्ञान भएपछि वृत्ति फेरि अनात्मभावमा प्राप्त हुँदैन ।

हे रामजी ! यो चित्तकला तबसम्म विषयतिर धाइरहन्छ जबसम्म आफ्नू वास्तविक स्वरूपलाई पाएको छैन जब अफनू वास्तविक स्वरूपलाई पाउँछ तब विषय-तिर धाउँदैन ।

जस्तो अमृत पिएको पुरूषले निमको रसपान गर्न इच्छा गर्दैन त्यस्तै जसको आत्मानन्द प्राप्त भएको छ त्यसले विषयसुखको इच्छा गर्दैन ।

हे रामजी ! जे जति जगत् देखिन्छ त्यो संकलपरूप हो। किन्तु अधिभूत जस्तो भास्दछ । त्यो केवल चिदाकाश आफू आफैमा स्थित छ । त्यो चिदाकाश म हुँ । न कहिले उब्जेको हुँ । न नाश हुन्छु । सदा अद्वैत अचेत्य चिन्मात्र रूप हुँ । त्यसको सङ्कल्पको नाम मन हो । आभाषको नाम सङ्कल्प हो । त्यसैको नाम ब्रह्म हो । त्यसैको नाम इच्छा हो । त्यसैमा जगत् स्थित छ । त्यो जगत् आकाशरूप हो ।

हे रामजी ! जसलाई सत्य र असत्य भनिन्छ त्यो शुभ, अशुभरूप जगत् मनमा स्थित छ । जो आकार भास्दछ त्यो निराकाररूप हो । जस्तो आकाशरूप भ्रान्तिले पिण्डा-कार भास्दछ । जस्तो स्वप्नमा शुभ र अशुभ देखिन्छ त्यो निराकार हो भ्रान्तिले पिण्डाकार भासित हुन्छ त्यस्तै यो जगत पनि निराकार हो । (स–२२४)

हे रामजी ! एक दिन मेरो कुटिमा एक पुरूष बसि-राखेको देखें । तब मैले सोधें हे साधु ! तिमी को हौ ? किन

बसेका छौ ? के को लागि कुटिमा बसका छौ भनी सोधेपछि सिद्ध भन्छन्–

हे मुनीश्वर ! यो संसाररूपी नदीको अत्यन्त ठूलो प्रवाह छ। त्यो कहिले पनि सुक्दैन। चित्तरूपी समुद्रदेखि प्रवाह निक्लन्छ। जन्म र मरण दुबै त्यसको किनार हो। राग र द्वेषरूपी तरङ्ग उठिराखेको छ। भोगरूपी तृष्णा त्यसमा भुमरी परिराखेको छ। त्यसैले मैले अत्यन्त दुःख पाएको छु।

हे मुनीश्वर ! आफ्नू सुखको निम्ति देवस्थानमा पनि गएँ। दिव्य भोग पनि भोगें। जुन स्पर्श आदि भोग हो त्यो सबै मैले भोगिसकें। परन्तु शान्ति मलाई मिलेन। जुन सुखलाई मैले चाहेको थिएँ त्यो परम सुख मैले पाइंन। जस्तो काकाकुल मेघबाट बर्सेको बुँदलाई चाहन्छ मरू-स्थलको भूमिमा उसलाई शान्ति मिल्दैन त्यस्तै मलाई विषयको सुखमा शान्ति मिलेन।

हे मुनीश्वर ! यो जगत्लाई असत् जानेर मेरो चित्त विरक्त भएको छ। यतिका काल पर्यन्त मैले भोग भोगें, परन्तु मलाई शान्ति मिलेन। यो मायाजाल असत् जानेर म घुमें, फिरें र विचार गरें कि जो सारतत्त्व हो त्यसमा स्थित हौं। तब मैले जाने कि सार तत्व आफ्नू अनुभवरूप-ज्ञान संवित् हो। यस्तो जानेर म त्यसमा स्थित भएको छु।

हे मुनीश्वर ! जे जति विषय हो त्यो विषरूप हो। विषलाई पिए पछि मरिहाल्छ। जुन स्त्री, धन आदि सुख हो त्यो मोह र दुःख दिने पदार्थ हो। त्यसलाई ग्रहण गरेपछि स्वरूपबाट नाश गरिहाल्छ।

हे मुनीश्वर ! देहरूपी एक नदी हो त्यसमा बुद्धिरूपी एक माछा बसेको छ त्यसले जब शिर बाहिर निकाल्छ अर्थात् जो इच्छा गर्छ तब भोगरूपी वगुल्ला त्यसलाई खाइदिन्छ।

अर्थात् आत्ममार्गदेखि विमुख हुन्छ । यो जो भोगरूपी चोर हुन् तीनको संग गरे सारा धन लुटिहाल्छ । अर्थात् आत्मज्ञानदेखि शुन्य गरिदिन्छ । आत्मज्ञानदेखि शून्य भए जन्मको अन्त हुँदैन । अनेक शरीर धारण गर्छ । जस्तो कुमालेको चक्र माथि राखेको माटो अनेक आकारको भाँडो बन्दछ त्यस्तै आत्मज्ञान देखि रहित भए अनेक शरीर धारण गर्छ ।

हे मुनीश्वर ! जो सृष्टि हो त्यो आभासरूप हो । आभास अधिष्ठानको आश्रयमा हुन्छ । त्यो सबैको अधिष्ठान ब्रह्मसत्ता हो । देश, काल, परिच्छेद रहित अखण्ड र अद्वैत सत्ता हो । त्यसैले अणु-अणुमा सृष्टि देखिन्छ कुनै अणु भिन्न वस्तु होइन ब्रह्म सत्ता नै हो । सबै ब्रह्म भएदेखि सृष्टि पनि ब्रह्मरूप हो । त्यसैले सारा ब्रह्म नै जान ।

हे मुनीश्वर ! जो वस्तु व्यभिचारी नाशवान हो त्यो अविद्यारूप हो । जो अव्यभिचारी, अविनाशी हो त्यो ब्रह्म सत्ता हो। त्यो ब्रह्मसत्ता ज्ञानसंवित हो । अनुभवरूपले सर्वदा प्रकाशमान छ । त्यसमा अविद्या कसरी होला ? जे जति आकार देखिन्छ त्यो सबै चिदाकाशरूप हो । जब संवेदन स्फुरण निवृत्त हुन्छ तब सारा जगत् आत्मरूप प्रतीत हुन्छ ।

हे मुनीश्वर ! आत्मा सर्वदा एकरूप हो । त्यसमा बन्ध र मोक्ष केही छैन । बन्धन भए तब मोक्ष पनि होला । बन्धन नै छैन भने मोक्ष कसरी हुने ? बन्धन र मोक्ष दुबै चित्त (संवेदन) मा देखिन्छ । त्यसैले चित्तलाई निर्वाण गर तब सारा कल्पना मेटिएर जान्छ ।

हे मुनीश्वर ! जे जति पदार्थलाई जनाउने शब्द, अर्थ छन् त्यसलाई त्यागिदेऊ । निर्मल ज्ञान मात्र जो आत्म-

सत्ता हो त्यसमा स्थित होऊ । पदार्थ हो मनको संकल्प । अत त्यो मिथ्या हो । त्यसको निम्ति इच्छा गरी रहनु मूर्खता हो । जो दृश्यजगत् प्रतीत भएको छ त्यो सारा हो भ्रम, जस्तो भ्रमले डोरीमा सर्प प्रतीत हुन्छ विचार गरेपछि सबै मिथ्या सिद्ध हुन्छ ।

नश्वर शरीर

हे मुनीश्वर ! जुन शरीरको लागि त्यो विषयको इच्छा गर्छ त्यो शरीर भोली या पर्सी नाश भएर जान्छ । त्यस्मा अहं, मम गर्नु अत्यन्त आपत्को कारण हो । मिथ्या जड र नाशवान् शरीरमा अहंमम नगर्नु परम सुखको कारण हो । जस्तो सर्पको मुखमा परिराखेको भ्याकुता माखालाई खान ताकिरहन्छ त्यस्तै मूर्ख मनुष्य कालरूपी सर्पको मुखमा परेर विषय भोगको इच्छा गरिरहन्छ । त्यो महा मूर्ख हो त्यसलाई धिक्कार छ ।

जीवको अवस्था

हे मुनीश्वर ! जब बालक अवस्था बितेर जान्छ तब युवावस्था आउँछ । युवा उपरान्त वृद्धावस्था आउँछ तब शरीर, इन्द्रिय सबै गलेर जर्जरी भाव प्राप्त हुन्छ । जस्तो वसन्तऋतुको मंजरी जेष्ठ असारमा सुकेर जान्छ त्यस्तै वृद्धावस्थाको शरीर सुकेर कुरूप भइहाल्छ र अत्यन्त दु:ख पाउँछ ।

बालकावस्था खेलेर मग्न हुन्छ । यौवन अवस्था कामनाले मग्न हुन्छ र वृद्धावस्था चिन्तैचिन्ताले मग्न हुन्छ । यसप्रकार त्यो तिनै अवस्था बितेर जान्छ र फेरि मृत्यु हुन्छ तब वासना

अनुरूप तलमाथि घुमिरहन्छ । जीवको अवधिकाल यस प्रकारले व्यतीत भएको छ परमपद पाउन सक्दैन मूर्ख जीव दुःखमा नै डुबिरहन्छ ।

हे मुनीश्वर ! यो आयुर्बल विजुली चम्के झैं क्षणिक छ । त्यस्तो क्षणभंगुर शरीर पाएर जो सुख पाउन भोगको इच्छा गरिरहन्छ त्यसले महान् दुःख पाउँछ। त्यसैले इच्छालाई त्यागेर आफ्नू स्वभावमा स्थित होऊ । जस्तो नदीको प्रवाह तलतिर बगेर जान्छ त्यस्तै मूर्खको मन विषयतिर धाइरहन्छ। यो संसार मायामात्र हो त्यसमा शान्ति कदाचित प्राप्ति हुँदैन । जस्तो मरुभूमिमा देखिएका पानीले प्यास मेटिएर जाँदैन । त्यस्तै विषय भोग भोगेर शान्ति कदाचित हुँदैन । जो आत्मपददेखि विमुख छन् तिनी विषयतिर धाइरहन्छन् । जो आत्मपदमा स्थित छन् तिनी विषयतिर दौडदैनन् । आफ्नू परमार्थ अनुभवरूप आफैमा स्थित हुन्छ । अर्थात् जब भोगको इच्छाबाट मन उपराम हुन्छ तब आफ्नू अनुभवरूप आत्मपदमा स्थित हुन्छ ।

हे मुनीश्वर ! यो आश्चर्य हो ! जुन पदार्थ सुखदायक हैन त्यसको लागि दिनरात यत्न गरिहन्छ परन्तु सिद्ध हुँदैन । जो यत्न गर्नु पर्दैन अयत्न सिद्ध आत्मपद हो त्यसलाई त्यागि दिन्छ ।

म र मेरो हो दुःख रूप

हे मुनीश्वर ! जो पदार्थ सुख भनी मानेको थियो त्यो सबै दुःखको स्थान हो, अनर्थको कारण हो।जुन देहलाई सुखरूप जानेको थियो त्यो रोगको घर हो । जो सत्य भनी मानेको थियो त्यो सारा असत् र मिथ्या हो। जसलाई सदा रहिरहने स्थिर भनी मानेको थियो त्यो स्थिर होइन, क्षणभँगुर

हो। जसलाई रसयुक्त भनी ठानेको थियो त्यो सबै विरस हो। जसलाई आफ्नू बान्धव भनी जानेको थियो ती सबै अबान्धव हुन्। जुन स्त्रीलाई सुखको खानी भनेर मानिएको थियो ती कालसर्पिणी हुन्। त्यसको विष फैलिएपछि मृत्यु भइहाल्छ। अर्थात् स्त्रीमा मोह भएपछि आत्मपदमा स्थित हुन सक्दैन। त्यसैले यो देह परम आपतको कारण हो। यसको निवृत्ति भए परमपद प्राप्ति हुन्छ।

हे मुनीश्वर! यो वचन मैले सुनेर तिमीलाई बताएको होइन। देखेर, विचार गरेर, अनुभव गरी बताएको हुँ। त्यसैले यो संसार माया मात्रै हो।

हे मुनीश्वर! म ठूला ठूला ठाउँमा पुगें परन्तु मैले सार वस्तु कहीं पनि देखिन। स्वर्गको नन्दन वन आदि हेरें परन्तु सबै काठैकाठ रूप देखें। फेरि पृथ्वीमा पनि आएर हेरें त्यहाँ पाँचभूत पृथ्वी, जल, तेज, वायु आकाश मात्र देखें। शरीरमा रगत, मासु, हाड, मल, मूत्र आदि देखें। त्यो देखेर मैले त्यसलाई धिक्कार दिएँ। जुन पुरूषले त्यस्तो शरीरमा अहंमम बनेर अनुभवरूप निर्मल आफूलाई भुली क्षणभंगुर पदार्थमा आयुलाई क्षीण गरिराखेको छ तिनी धिक्कारका पात्र हुन्।

हे रामजी! ज्ञान भएपछि जगत्भ्रम सारा निवृत्त हुन्छ। जसरी स्वप्नमा धेरै सम्पत्ति देखेर पाउन ठूलो यत्न पनि गरेको थियो। परन्तु स्वप्नबाट जागेपछि त्यसलाई पाउन यत्न गर्दैन। त्यस्तै जब आत्मबोध प्राप्त हुन्छ तब फेरि यो जगत्मा जगत् बुद्धि रहँदैन।

हे रामजी! अज्ञान नै जगत्भ्रमको कारण हो। त्यो अज्ञानलाई निवृत्त गर्ने उपाय यो महारामायणको विचार हो। जसबाट संसारभ्रम निवृत्त हुन्छ र परमानन्दपद प्राप्त

हुन्छ ।

यो संसार अविद्याको विलास मात्र हो । यसलाई सत्य मानेर जुन पुरूष यस्मा धाइराख्छन् ती परमार्थदेखि शून्य मूढ हुन् ।

हे रामजी ! जसको भोग्य पदार्थमा इच्छारहन्छ त्यो नीच पशु हो । त्यसको संसार निवृत्त हुनु मुस्किल छ । किनकि भित्र तृष्णा सदा रहिरहन्छ, वैराग्यलाई पाउन सक्दैन त्यसैले धेरै धेरै दुःख पाउँछ ।

हे रामजी ! भोग त ज्ञानवान्ले पनि भोगिरहन्छ, परन्तु भोगबुद्धिले भोग्दैन । प्रवाह पतित जे जति प्रारब्धबाट मिल्छ त्यसलाई भोगिलिन्छ र इन्द्रिय सहित भोगलाई भ्रान्ति भनेर जान्दछ । जो अज्ञानी छ त्यो आशक्त भैकन भोग्छ र तृष्णा गरिरहन्छ । तब भोगको तृष्णाले भित्र जलन हुन्छ त्यसैलाई बन्धन भनेको छ । भोग दुःखरूप हो जसले त्यसलाई सेवन गर्छ त्यो तृष्णाले सदा जलिरहन्छ ।

जो ज्ञानवान् हो त्यो सदा आत्मस्वरूपमा रत भएर तृप्त रहन्छ । त्यसैले शान्तरूप हो । जस्तो हिमालय सर्वदा शीतल रहन्छ त्यस्तै आत्मज्ञानीको हृदय शीतल रहन्छ ।

अज्ञानी स्त्री, पुत्र, धनमै आशक्त रही इच्छा गरिरहन्छ । सन्तोष लिन सक्दैन, ईश्वरलाई देख्दैन, तब दुःखै दुख पाउँछ । त्यसैले सत्संगतिर सत्शास्त्रको विचार गरेपछि आत्मपद प्राप्त हुन्छ तब सारा दुःख छुटेर जान्छ र परमपद प्राप्त हुन्छ ।

हे रामजी ! जो पुरूषलाई आत्माको अनुभव हुन्छ त्यसलाई जगत् पदार्थमा इच्छा हुँदैन । जस्तो स्वप्नमा मणि पाएर जतन गरिराख्छ जब स्वप्नबाट जाग्छ तब मिथ्या भनी जानेर त्यसको इच्छा गर्दैन । त्यस्तै आफ्नू स्वरूपमा जागेपछि जगत्को

कुनै पदार्थमा इच्छा हुँदैन ।

हे रामजी ! जुन शरीरको लागि ठूलो यत्न गरिरहन्छ त्यो शरीर क्षणभंगुर हो । मुर्खमनुष्य पदार्थको इच्छा गरी व्यर्थ दुःख–कष्ट भोगिरहन्छ ।

हे रामजी ! जो पुरूष अनात्ममा आत्माभिमान गर्छ र आफूलाई बुद्धिमान ठानी म जन्मन्छु, मर्छु भनी मान्दछ त्यो अज्ञानी मूर्ख हो ।

जो पुरूष देहाभिमानलाई त्यागी आत्मालाई आत्मा मानी निश्चय गर्छ त्यो न जन्मन्छ, न मर्छ, न शस्त्रले काट्छ, न अग्निले जलाउँछ । त्यो निराकार अविनाशी चिदाकाशरूप हो । त्यो सदाबोधरूपले आकाश जस्तो स्थित भएको छ ।

हे रामजी ! बुद्धिमान पुरूषले निर्णय गरिसकेको छ कि साराभूततत्व आत्मसत्ता हो । जब त्यसमा दृढ अभ्यास गर्छ तब आत्मसत्ता नै प्रतीत हुन्छ ।

हे रामजी ! म चिदाकाशरूप हुँ । न मेरो कुनै आकार छ, न म कदाचित् जन्मेको हुँ, न म कदाचित मर्छु । नित्य शुद्ध-अजर-अमर-सदा आफ्नै स्वरूपमा स्थित छु । अनेक विकारमा पनि एकरस हुँ । जस्तो स्वप्नमा ठूलो विपत्त आउँछ परन्तु जाग्रत शरीरलाई छुन सक्दैन किनकि भएको केही हैन । आभास मात्र हो, त्यस्तै जगत्को उत्पत्ति प्रलयादि भए पनि आत्मसत्तामा स्पर्श हुँदैन । आत्मा क्षोभरहित सदा अनुभवरूप हो ।

हे रामजी ! बुद्धिमान पुरूषको हुन् ? सुन जे जति जगत्मा छन् तिनीहरू इन्द्रियको विषय पदार्थमा तृष्णा गरी जल्दछन् इष्ट वस्तु मिले खुशी हुन्छन्, अनिष्ट भए शोक गर्छन् । यसरी सबै भोगरूपी वायुको भुमरीमा तृण झैं घुमिरहन्छन् ।

जो पुरुष सबै भन्दा श्रेष्ठ भन्छन् तिनीहरू पनि विषयरूपी अग्निमा जलेका छन् । जस्तो स्वर्गलोकमा रहनपाई खुशी-भएका देवताहरू पनि त्यस्तो भोगरूपी अपवित्र स्थान्मा बसेर आफूलाई श्रेष्ठ भनी मान्दछन् ती मेरो मतमा गन्हाँएका कीरा हुन् । गन्धर्वहरूत मूढ नै हुन् तिनीहरूको कुनै शुद्धि बुद्धि छैन । अर्थात आत्मपदतिर अलिकति पनि गन्ध छैन त्यसैले तिनीहरू मेरोमतमा मृग जस्ता हुन् । जस्तो मृग रागसुन्न पाए पछि आनन्दित हुन्छन् त्यस्तै गन्धर्वहरू पनि राग, रागिनी सुनी उन्मत्त भै रहन्छन् र आत्मपददेखि बिमुख हुन्छन् । हेराम विद्याधरहरू पनि मूर्ख हुन् किनकि वेदको अर्थरूपी चतुराइलाई अग्निमा जलाइदिन्छन् वेदको सार जो अमृत आत्मसाक्षात्कार हो त्यसलाई जान्न सक्दैनन् । त्यसैले आत्मपददेखि विमुख छन् । अर्को जुन सिद्धहरू हुन् त्यो मेरोमतमा आकाशमा उड्ने पक्षी जस्ता हुन् । जुन पक्षी जस्तै उडी, फिरी रहन्छन् अभिमानरूपी हावाचलेपछि अनात्मरूपी खाडलमा खसी पडिरहन्छन् वास्तविक स्वरूपमा स्थित हुन सक्दैनन् । अर्को यक्षहरू पनि धनको अभिमान गरेर चतुराई मूर्खतालाई ग्रहण गरी जलिरहन्छन्, आत्म पदमा स्थित हुँदैन । योगिनीहरू पनि मदमत्त भैकन सदा उन्मत्त रहन्छन्, आत्मपदमा स्थित हुँदैनन् । दैत्यहरू पनि सधैं देवताहरूलाई मार्न इच्छा गरि-रहन्छन्। सदा शोक र चिन्ता मै रहन्छन् । आत्म पददेखि विमुख छन् । मनुष्यहरू पनि आत्मपदबाट तल खसेकाछन् यिनीहरू पनि सदा इच्छा नै गरिरहन्छन् कि घर बनाउनुछ, जमिन मिलाउनु छ, धन कमाउनु छ र खान, पानको व्यवस्था गर्नुछ आदि इन्द्रियको अर्थमा नै दिनरात डुबी मर्छन् ।

अरू पातालका नागहरू पानी माथि नै बस्छन् । सुन्दरी नागि-नीहरू सित आशक्त रहन्छन् तिनीहरू पनि आत्मपददेखि

तल खसेकाछन् । त्यस्तै जो सारा भूत प्राणिहरूछन् ती सबै विषयसुखमा मग्न भै लागिराखेकाछन् आत्मपददेखि विमुख छन् । हेराम ! दुर्लभ जीवनमुक्त पुरूष संसारमा देखिन्छन्, ज्ञानवान पनि छन्, त्यो संक्षेपले कहन्छु– सुन, हे राम ! देवताहरूमा ब्रह्मा, विष्णु, रुद्र सदा आत्मानन्दमा मग्न छन् । चन्द्रमा, सूर्य, अग्नि, वायु, इन्द्र, धर्म, वरूण कुवेर, वृहति, शुक्र, नारद, कच आदि जीवनमुक्त पुरूष हुन् । सप्तऋषि, दक्षप्रजापति र सनक, सनन्दन, सनातन, सनत्कुमार जीवन्मुक्त हुन् । अरूपनि मुक्त धेरैछन् । सिद्धमा कपिल मुनि र यक्ष, विद्याधर, योगिनीहरूमा पनि जीवन्मुक्त छन् । अरू दैत्यमा हिरण्य कशिपु, प्रह्लाद, वलि, विभीषण, इन्द्रजित र वासुकी नाग आदि छन् । ब्रह्मलोक, विष्णुलोक, शिवलोकमा कुनै कुनै ज्ञानवान महापुरूषहरू पाइन्छ ।

ज्ञानी जन स्वयमप्रकाश आनन्दस्वरूपमा निमग्न रहनु हुन्छ । त्यसैले सर्वदा मुक्त हुनुहुन्छ ।

हे रामजी ! जो विवेककी पुरूष, विरक्त चित्तहुन्, जसको स्वरूपमा स्थिति भएकोछ, तिनकोराग, द्वेष, काम, क्रोध, मोह, अभिमान, दम्भ आदि विकार स्वतः नाश भएर जान्छ । जस्तो सूर्यउदय भएपछि अन्धकार स्वतः निवृत्त भै जान्छ । जस्तो बाँणलाई देखे पछि कौवा भागी जान्छ त्यस्तै विवेकरूपी बाँणलाई देखेर विकाररूपी कौव रहन सक्दैन ।

हे रामजी ! विवेकी पुरूष कसैसित क्रोध गर्दैन यदि गरे जस्तो देखिएमा त्यसलाई निमित्त मात्र जान्नु । उनको हृदयमा केहीछैन, सदा शीतल रहन्छ र सबैमाथि दया गर्छन्, तिनको नजिक कोही आए ती पनि शीतल हुन्छन् किनकि जो निरावरण थित छन् । जस्तो चन्द्रमाको नजिक शीतल

हुन्छ त्यस्तै ज्ञानवान्को नजिक गएपछि हृदय शीतल हुन्छ। कुनै पनि पुरूषदेखि उद्वेग हुँदैन। जो कुनै नजिकमा आउँछन् तिनलाई बस्न स्थान दिन्छ उनको कार्य-अर्थ पूर्णगरिदिन्छ। जस्तो कमलको नजिक भँमरा पुग्छ, त्यसलाई बस्न स्थान मिल्छ र सुगन्धदिएर त्यसको अर्थ सिद्ध गर्छ त्यस्तै सन्तजनहरू अर्थपूर्ण गरिदिन्छन् र यथाशास्त्र चेष्टा गरिरहन्छन्। दान, स्नान आदि शुभ कार्य, र उदारता, वैराग्य, धैर्य, शम, दम आदि गुण उनमा स्वभाविक हुन्छ। यो लोकमा पनि सुख मिल्छ परलोकमा पनि सुख पाऊँछ। बाहिरबाट हेर्दाज्ञानीदेहधारी प्रतीत हुन्छन् तथापि त्यो अहङ्कारशून्य आत्मा हो। जुन पुरूषमा यस्तो गुण पाइन्छ ती पुरूष सन्त हुन्। जस्तो जहाजको आश्रयलिएर समुद्र पारहुन्छ त्यस्तै संसार समुद्रबाट पारहुन सन्तजनको आश्रय हो।

हे रामजी ! ज्ञानवानको हृदय स्वरूपदेखि चलायमान हुँदैन तिनीसदा आफ्नू स्वरूपमा स्थित रहन्छन्। जस्तो भूकम्प आएपनि सुमेरू चलायमान हुँदैन त्यस्तै तिनी चलायमान हुँदैनन्।

यो जुन शुभ गुण तिमीलाई बताएँ ती स्नान, दान आदि कार्य जीवहरूलाईसुख दिने कार्य हो र दुःखलाई निवारण गरिदिन्छ। जब स्नान, दानतिर दिल लाग्छ तब सन्तकोसंगत गर्न पनि मन लाग्छ। जब सन्तको सङ्गतमा चित्त रमिन्छ तब क्रम-क्रमले उनको परमपद प्राप्त हुन्छ।

त्यसैले जीवको कर्तव्यहो कि जुन शास्त्रले बताएको छ त्यो अनुसार अशुभलाई परित्याग गरी शुभ गुणतिर दिल लगाउनु र सन्तको निश्चयमा अभ्यास गर्नु।

हे रामजी ! जसलाई सन्तको सङ्गत मिल्छ तिनी पनि सन्त भएर रहन्छन्। सन्तको संगत वृथा खेर जाँदैन। जस्तो

आगोमा परेको पदार्थ अग्निरूप हुन्छ त्यस्तै सन्तको सङ्गत गरे असन्त पनि सन्त भैहाल्छ ।

जो मूर्खको सङ्गत गर्छ त्यो साधु भए पनि मूर्ख भैहाल्छ। जस्तो उज्यालो वस्त्र मयलको सङ्गले मलिन् भै हाल्छ तेस्तै मूढको सङ्ग गरी साधु पनि मूढ भैहाल्छ। किनकि पाप भए पछि उपद्रव पनि आइपर्छ त्यस्तै पापको वशले साधु पनि दुर्जनको सङ्गत गरी दुर्जन बन्दछ र निच योनिमा प्राप्त हुन्छ त्यसैले हेराम ! दुर्जनहरूको सङ्ग सर्वथा त्यागिदिनु श्रेयस्कर हो ।

हे रामजी ! सन्तको सङ्गतगर्नु कर्तव्य हो। जो परमहंस, सन्तजन महापुरूष हुन्,जसमा एक गुण भएपनि शुभ हो त्यसको अङ्गीकार गर । साधुको दोषलाई विचार नगर, तिनको शुभ गुणलाई ग्रहण गरिलेऊ । जस्तो भँमरा केतकीको कंटकतिर हेर्दैनन् उसको सुगन्धलाई ग्रहण गरिलिन्छन्। त्यसैले हेराम ! संसारमार्गलाई त्यागेर सन्तको सङ्गत गर तब संसार भ्रम निवृत्त भै जान्छ ।

नास्तिकवाद निराकरण सर्ग २३०

हे रामजी ! आत्मसत्ता, आकाश जस्तै अखण्डित, सर्वत्र पूर्ण छ । जबसम्म त्यसको भान हुँदैन तबसम्म मनको ताप नाश हुँदैन । जब आत्मतत्त्वको भान हुन्छ तब शान्ति मिल्छ । आफूलाई अमर भनी जानिलिन्छ । जो पूरूषले अखण्ड निश्चयलाई अंगीकार गरेको छ तिनलाई दुःखले छुँदैन, तिनी ब्रह्मदर्शी हुन्छन् । जसको ब्रह्मसत्ताको निश्चय भएको छैन त्यसलाई मनको तापले छोड्दैन । स्वरूपलाई नजानेकाले आफू मरेर जान्छ भनी ठान्दछन् ।

हे रामजी ! महाप्रलयरूप आत्मामा सारा शब्दको अभाव छ। जसको आत्मा प्रति निश्चय भएको छ, तिनको

सारा शब्दको अभाव भै जान्छ । त्यो महान ज्ञानवान हो उसलाई आत्मसत्ता नै भास्दछ । जो वास्तवमा छ, ती ज्ञानी हुन् ।

हे रामजी ! आत्मसत्तामा द्वैत जगत् केही छैन । परमार्थ सत्ता आफू आफैमा स्थित छ । त्यसमा जुन सृष्टि प्रतीत हुन्छ त्यो स्वप्न झैं अकारण हो । त्यसैले जगत् आत्माको किञ्चन हो । अज्ञानीलाई सत्य भनी प्रतीत हुन्छ र ज्ञानीको निश्चयमा केही पनि होइन । विलास मात्र हो । आत्मादेखि भिन्न केही छैन ।

हे रामजी ! जुन बुद्धिमा पदार्थको रंग चढेको छ त्यो राग–द्वेषरूप नरकबाट मुक्त हुँदैन । जसको एक अद्वैत आत्माको अभ्यास हुन्छ त्यो अभ्यासको बलले सारा जगत् आत्मतत्त्व नै भासमान हुन्छ र राग–द्वेष देखि मुक्त हुन्छ । जस्तो स्वप्नमा कसैको आफ्नू जाग्रत स्वरूप संज्ञना हुन्छ, तब स्वप्नको सारा जगत् त्यसलाई आफू नै प्रतीत हुन्छ त्यस्तै जसलाई आत्मज्ञान भएको छ तिनलाई सारा जगत् आफ्नू स्वरूप नै भास्दछ । आत्मसत्ता सर्वदा अनुभवरूप जाग्रत ज्योति हो । जसको त्यस्तो आत्मसत्तामा नास्तिक भावना हुन्छ त्यसलाई यस्तो अवस्था प्राप्त हुन्छ कि नरकको खाडलमा कीरा हुन्छ, ढुंगा, रूख, पर्वत आदि स्थावर योनी प्राप्त हुन्छ र अनन्तकाल पर्यन्त त्यहाँ रहन्छ । जबसम्म तिनको बुद्धि द्वैतसित संयोग रहन्छ तबसम्म जगत्भ्रम देखिरहन्छ । जब संवित् तत्वमा द्वैतको संयोग मेटिएर जान्छ तब जगत्भ्रम निवृत्त भै हाल्छ ।

हे रामजी ! यो जगत् नेत्रमा स्थित छैन । न श्रवणमा छ, न नासिका आदि इन्द्रियहरूमा स्थित छ । चेतन संवित्मा जगत् स्थित छ त्यो चेतन संवित् नै पुरूषरूप हो । जसको

त्यसमा निश्चय छ त्यो ज्ञानवान् हो । त्यसलाई द्वैत कलना स्फुरण हुँदैन जुन प्रत्यक्ष देखिन्छ परन्तु उसको निश्चयमा हुँदैन । जस्तो आकाशमा धूलो पनि देखिन्छ परन्तु आकाश-लाई स्पर्श गर्दैन त्यस्तै ज्ञानवान्‌लाई द्वैत कलनाले स्पर्श गर्दैन ।

हे रामजी ! कोही पुरूष यस्ता पनि छन् कि देहको इष्ट–अनिष्टप्राप्तिमा सम रहन्छन् । परन्तु आत्मसत्ता जस्ताको तस्तै देख्दैनन् तिनी अज्ञानी हुन् । आत्मसत्तालाई जान्नु विना त्यसको संसार निवृत्त हुँदैन । जब आत्मसत्ताको साक्षात्कार हुन्छ तब सारा भ्रम निवृत्त भै हाल्छ ।

हे रामजी ! त्यो पुरूष न जीव हुन् न स्फुरण हुन् । न शरीरको नाश भएनाश हुन्छ । त्यो पुरूष केवल चिन्मात्र स्वरूप हो । वासनाले भ्रमदेखिराख्छ । वास्तवमा अद्वैत, चिन् मात्र अनुभवदेखि अरू कुनै छैन ।

जुन शून्य वादि हुन् ती व्यर्थ वृक्ष, पर्वत, जडादि योनी पाउँछन् । जो सर्वदा अनुभव स्वरूप हो, आनन्ददेखि आनन्द-रूप हो त्यसलाई त्यागेर अरू कुनै तुच्छ इष्ट पदार्थमा बुद्धि हुन्छ त्यो मूर्ख हो त्यसलाई आत्मसुख मिल्दैन ।

हे रामजी ! जुन पुरूषले आत्माअनात्माको निर्णय गरी देखेको छैन ती पुरूषहरूमा नीच हुन् । जो पुरूषले निर्णय गरेर आत्मस्वरूपमा अहं प्रतीत गरेको छ, अनात्मा-लाई त्यागेको छ, त्यो महापुरूष हो । त्यसलाई मेरो नमस्कार छ ।

हे रामजी! जसले आफ्नू यथार्थ–अविनाशी आत्म स्वरूप-लाई त्यागेर अनात्मदृश्य प्रपञ्चमा अहं प्रतीत गरेको छ त्यो मूढ बालक हो । जस्तो आकाशमा बादलको चक्र, हात्ती, घोडा आकार देखिन्छ त्यस्तै आत्मामा जगत् भास्दछ, नाना

प्रतीत हुन्छ । विचार गरी हेर्रे केही होइन ।

हे रामजी ! म, तिमी दृश्य, दर्शन, द्रष्टा जुन त्रिपुटी देखिन्छ त्यो पनि चिदाकाशरूप हो । आत्मसत्तानै त्रिपुटी रूप भएर भास्दछ । दोस्रो वस्तु केही छैन । नास्तिकवादीहरू भन्छन् कि परलोक कुनै छैन अर्थात् आत्मसत्ता कुनै छैन । ती मूर्ख हुन् ।

हे रामजी ! जुन अनुभव आत्मसत्ता नै छैन भने त्यस्मा नास्तिकवादीहरू कसरी सिद्ध होलान् । जसबाट नास्तिकवाद पनि सिद्ध हुन्छ त्यो आत्मसत्ता हो । जुन इष्ट, अनिष्ट पदार्थमा राग, द्वेष गर्छन् र आत्मालाई छैन भन्छन् ती महान मूर्ख हुन् ।

हे रामजी ! चित्त स्फुरण भएपछि जगत्उत्पन्न हुन्छ, चित्त शान्त भए जगत्लय भै हाल्छ । त्यसैले जगत् मनभित्र स्थित छ । त्यो मन आत्माको अज्ञानले प्रतीत भएको छ । जब आत्मज्ञान हुन्छ तब देवता, नाग आदि स्थावर–जंगम सबै जगत् आत्मरूप भासमान हुन्छ ।

हे रामजी ! नास्तिकवादी जसलाई नास्तिक भन्छन् त्यो नास्तिकको साक्षी सिद्ध हुन्छ । जसबाट नास्तिक पनि सिद्ध हुन्छ । त्यो अविनाशी आत्मपद हो ।

हे रामजी ! अस्ति, यो अनुभवको नाम हो । सत् चित्, आत्मा, ब्रह्म, शिव, अस्मि आदि चिदाकाश ब्रह्म हो । कोही भन्छन् शून्य रहन्छ, कोही भन्छन् अस्ति पद रहन्छ । यो सारा संज्ञा आत्मसत्ता कै नाम हो । त्यो आत्मसत्ता आफू आफ्नू स्वरूप हो ।

हे रामजी ! केवल प्रमादले दुःख मिल्छ । अरू कुनै प्रकारले दुःख हुँदैन । यो जगत् सबै आत्मस्वरूप हुन् । जुन सारा आत्मरूप भए तब दुःख कसरी होला ? तिमी भनौला

म आफूले गरेको कर्मदेखि डराउँछु, परलोकको मलाई ठूलो भय छ, तब भन्छु खराब र असत्य कर्मको दुःख यहाँ पनि हुन्छ र परलोकमा पनि हुन्छ । त्यसैले खराब–असत् कर्म नगर । म तिमीलाई यस्तो उपाय बताउँछु जसबाट तिम्रो सारा दुःख नाश भएर जानेछ। त्यो उपाय यो हो कि शरीर म होइन, इन्द्रिय म होइन, प्राण म होइन, मन म होइन, बुद्धि म होइन अहंकार म होइन, जीव तत्व म होइन, भित्र बाहिर जो दृष्ट हुन्छ त्यो सारा दृश्य म होइन अथवा सारा म नै हुँ । सारा वासना त्यागेर आफूलाई अविनाशी पुरूष भनी जान र आत्म सत्तामा स्थित होऊ । यो जगत् सारा तिम्रो स्वरूप हो । जब यस्तो आत्मालाई जान्दछौ तब शरीरको त्याग भए पनि कुनै दुःख हुँदैन ।

हे रामजी ! जसले आत्मसत्ताको प्रकाश पाएको छ त्यो पुरूष सदा आनन्दमा मग्न रहन्छ । स्वाभाविक आचार पनि गर्छ परन्तु इष्ट-अनिष्ट प्राप्तिमा स्वरूप देखि चलायमान हुँदैन । जस्तो सुमेरू पर्वतलाई वायुले चलाउन सक्दैन त्यस्तै ज्ञानी इष्ट, अनिष्टमा चलायमान हुँदैन । परम गंभीर, निर्भय, अचल, आफ्नू स्वरूपमा स्थित रहन्छ । त्यसैले जो कुछ आत्मादेखि भिन्न उत्थान हुन्छ त्यसलाई त्यागेर आफ्नू स्वभावमा स्थित होऊ ।

जुन चिन्मात्र सत्ता शरत्कालको आकाश झैं निर्मल छ त्यसको अनुभव गर तब जगत् द्वैतरूपले भास्दैन व्यवहारमा पनि द्वैत स्फुर्दैन ।

हे रामजी ! स्वरूपको प्रमाद भए जगत् भासमान हुन्छ । स्वरूपको साक्षात्कार भए जगत् ब्रह्मरूप भै हाल्छ । जस्तो जस्तो वासना स्फुरित हुन्छ र दृढ हुन्छ त्यस्तै प्रतीत हुन्छ । आत्मसत्ता आफ्नू स्वभावमा स्थित छ । जगत् भन्नु

कुनै वस्तु छैन। जगत् हो आत्माको चमत्कार। जस्तो सुवर्णमा नाना गहना देखिन्छ त्यो सुवर्णदेखि भिन्न होइन त्यस्तै दृश्य जगत् जो कुछ देखिन्छ त्यो सबै ब्रह्मरूप हो। ब्रह्मदेखि भिन्न केही पनि छैन।

हे रामजी ! अज्ञानले जगत् नानारूप भासेको छ जब चित्त अन्तर्मुखभएर स्वरूपको ज्ञान हुन्छ तब परमानन्द-पद मोक्ष प्राप्त हुन्छ। जबसम्म चित्त स्फुरि रहन्छ तबसम्म जगत्को अभाव हुँदैन। जब विचारद्वारा स्वरूपमा स्थित हुन्छ तब जगत्को अभाव भै हाल्छ। अभ्यासविना आत्म–पद मिल्दैन। जब स्वरूपको अभ्यास हुन्छ तब द्वैतभ्रम मेटिएर जान्छ र परमपद प्राप्त हुन्छ।

हे रामजी ! विषय–पदार्थ सत्य हैन, सुखदायक पनि हैन। अन्तमा दुःख नै दिएर जान्छ। त्यसैले विषयबाट सर्वदा उपरत होऊ। आनन्दरूप जो आत्मा (सबैको स्वरूप) हो त्यस्मा सदा सर्वदा भावना गरे पछि वृत्ति अन्तर्मुख हुन्छ। अन्तर्मुख चित्तमा आत्मस्वरूपको ज्ञान भै हाल्छ। आत्मतत्त्व परमानन्द स्वरूप हो। त्यसदेखि भिन्न सारा पदार्थ दोष–रूप हो।

हे रामजी ! जो पुरूषको जुन पदार्थमा अभ्यास दृढ हुन्छ, त्यो नै त्यसलाई प्राप्त हुन्छ। जस्तो पत्थरलाई दिनदिन घोटिरहे धूलो भएर जान्छ त्यस्तै जो पदार्थको सर्वदा अभ्यास गरिरहन्छ त्यो प्राप्त हुन्छ। जसले आत्मपदको अभ्यास गर्दछ त्यो आत्मस्वरूप नै भइहाल्छ त्यो परम श्रेष्ठ माहान पुरूष हो।

हे रामजी ! जसलाई पुरूष भनिएको छ त्यो देह, इन्द्रिय पुरूष होइन। अरू अन्तस्करण चतुष्टय पनि पुरूष होइन, पुरूष केवल चिदाकाशरूप हो। त्यो न केही गर्छ, न केही गरी

त्यसको नाश हुन्छ। जस्तो नटुवा स्वाँग पारी चेष्टा देखाउँछ परन्तु आफूलाई त्यस कार्य देखि असंग देख्छ। त्यस्तै ज्ञानवान् व्यवहार गर्छ, परन्तु आफूलाई असंग, अकर्ता देख्दछ। त्यसको कुनै बन्धन हुँदैन, आफ्नू स्वरूपमा स्थित रहन्छ।

हे रामजी ! जो वास्तविक सत्ता हो त्यसको नाम "ब्रह्म" हो। अखण्ड हो र अद्वैत हो। त्यसमा कुनै द्वैतको विभाग छैन। परन्तु जसमा चित्त किंचन आभास स्फुर्छ त्यो स्फुरण नै नाना भएर भास्दछ। वास्तवमा केही भएको होइन।

जस्तो स्वप्नमा स्वप्न सृष्टि भासित हुन्छ परन्तु केही भएको होइन। निद्रा दोषले गर्दा प्रतीत हुन्छ। त्यस्तै जाग्रत सृष्टि पनि कुनै भएको होइन अज्ञानले जीवलाई भासित हुन्छ। वास्तवमा सारा ब्रह्मरूप हो। आफ्नू स्वरूपलाई प्रमाद गरेकाले जीवभावलाई ग्रहण गरेको छ।

हे रामजी ! आत्मसत्ता सर्वत्र र सर्व व्यापी हो। त्यसमा जस्तो जस्तो निश्चय स्फुरण हुन्छ अहं प्रत्यय भावनाको दृढताले त्यस्तै प्रतीत हुन्छ। जो पदार्थको निरन्तर दृढ अभ्यास हुन्छ शरीर त्यागेपछि पनि त्यही अभ्यासरूप धारण गरिलिन्छ। आत्मसत्ता ज्ञान मात्र हो। केवल अद्वैत संवित् सबैको आफ्नू स्वरूप हो। त्यसैले जो विपरीत भावना हो त्यसलाई निवृत्तिका लागि अर्थात् मनलाई जित्न इच्छालाई त्याग गर्नुपर्छ। जब इच्छालाई त्यागिदिन्छौ तब सारा ऐश्वर्य प्राप्त हुन्छ।

हे रामजी ! जुन आत्माको जो साक्षात्कार हो त्यो निश्चय आफूलाई आफैले जान्दछ। अरू कसैले जान्न सक्दैन। जस्तो सर्पको खुट्टा सर्पले देख्छ त्यस्तै ज्ञानीको लक्षण स्वसंवेद्य हो।

हे रामजी ज्ञानवान्को राग–द्वेष कुनै हुँदैन। पुत्र, धन, बान्धव आदि सारा ऐश्वर्य पानीको फोका झैं ठान्दछ। जस्तो पानीमा तरंग लहरी उठ्दछ र लीन हुन्छ त्यस्तै ज्ञानवान्लाई राग–द्वेष हुँदैन,सबै माथि दया हुन्छ। बाहिर देख्दा अज्ञानी झैं व्यवहार गर्छ परन्तु निश्चय जगत्लाई भ्रान्ति मात्र भनी जानेको छ, अथवा सारा ब्रह्म जान्दछ। सदा स्वभावमा स्थित हुन्छ। अनिच्छित आइपरेको प्रारब्धलाई भोग गर्छ। परन्तु जाग्रतमा सुषुप्त झैं स्थित हुन्छ। आफ्नू निश्चयलाई बाहिर प्रकट गर्दैन भूत भविष्यको चिन्ता गर्दैन। सर्वदा स्वभावमा शीतल भएर रहन्छ। हे राम ! यो निर्मल पवित्रजो गुण हो त्यो ज्ञानवान् पुरूषमा स्वाभाविक रहन्छ। अरूका लागि यत्न साध्य हो।

जसको चित्त एक रस चिदात्मस्वरूपमा स्थित हुँदैन ती दु:खी नै रहन्छन्। जसले परमार्थ स्वरूप ब्रह्ममा बुद्धिलाई स्थापित गरेका छन् तिनी नै ज्ञानवान् हुन् र परम सुखी हुन्। तिनी सर्वदा आफ्नू स्वरूप मै निमग्न रहन्छन्। जस्तो आगोले तातोपनलाई त्याग्दैन त्यस्तै ज्ञानवान्ले आफ्नो स्वभावलाई त्याग गर्दैन।

हे रामजी ! पात्रमा दिएको सोभायमान हुन्छ। अपात्रमा दिए अनिष्ट हुन्छ। जस्तो गाईलाई घाँस खुवाएपछि त्यसले दूध दिन्छ र सर्पलाई दूध पिलाए विष भएर जान्छ। त्यस्तै अधिकारीलाई दिएको शुभ हुन्छ। अनाधिकारीलाई दिए अनिष्ट हुन्छ।

हे रामजी ! संसारको पदार्थ मृग तृष्णाको पानी जस्तै हो। त्यसैले सदा विषयबाट उपरत हुनू र आत्मालाई परम इष्ट जान्नू यसैलाई ज्ञान भनिन्छ।

हे रामजी ! ज्ञानवान् बोधदृष्टिले देखे अद्वैत सत्ता

भास्दछ । अन्त वाहकमा स्थित भएर देखे जस्तो स्थित छ त्यस्तै देख्छ । आफूलाई शान्त रूपले देख्छ । अर्थात् आत्मतत्व परमानन्द स्वरूप हो । त्यसदेखि बाहेक अरू जो पदार्थ हो त्यो सबै दोषरूप हो ।

हे रामजी ! ज्ञानवान्को संगतमा जो पुरूष जान्छ, त्यसको चित्तमा प्रसन्नता आइहाल्छ । जस्तो पूर्णिमाको चन्द्रमा शीतल हुन्छ त्यस्तै ज्ञानवान्को संगत गरे शीतल भइहाल्छ । ज्ञानवान् आत्मपदलाई पाएर आनन्दित हुन्छन् । त्यो आनन्द टाढा हुँदैन किनकि आफू नै त्यो आनन्द हो । अष्टसिद्धि त स्वयं तृण समान भास्दछ ।

हे रामजी ! यसप्रकार आत्मपदमा जसको अहं प्रतीत भएको छ त्यसको नाश कसरी होला ? त्यो पुरूष चाहे जस्तै कार्य गरे पनि जस्तो, ठाउँमा रहे पनि त्यसलाई कुनै बन्धन हुँदैन । त्यो त चेतन पुरूष हो उसको परिच्छिन्न जीवभाव सारा नष्ट हुन्छ । उनी सर्वदा आफ्नू स्वभावमा स्थित हुन्छन् । आकाश झैं परम निर्मल साक्षात् परमेश्वर शिवपद हुन्छ । त्यसैले हे राम ! यस्तो जानेर आफ्नू स्वरूपमा स्थित होऊ ।

हे रामजी ! जो पुरूष इन्द्रियलाई जितेर आत्मपदमा स्थित हुँदैन त्यसले शान्ति पाउँदैन । चित्तलाई नाश गर्ने बाटो हो इच्छालाई त्यागी आत्मपदमा (आफ्नू शुद्ध चैतन्य स्वरुपमा) लगाउनु । अर्थात् चित्तलाई नठाउनु । केही कुराको इच्छा नगर्नु । संसारतिर मनलाई जान नदिनु । यस्तो अभ्यास गरे चाँडैनै आत्मपद मिलिहाल्छ ।

हे रामजी ! जब भोगको इच्छाबाट मन उपशम हुन्छ, तब आफ्नू अनुभवरूप आत्म स्वरूपमा स्थित हुन्छ । त्यसैले कुनै पदार्थको आशा, इच्छा नगर । चित्त वृत्तिरहित भए परमार्थ स्वरूप आत्मपदमा स्थित भैहाल्छ र परम शान्ति प्राप्त हुन्छ ।

हे रामजी ! जो पदार्थ देखिन्छ त्यो सबै असत्यरूप हो। जस्तो मरूभूमिको नदी मिथ्या हो त्यस्तै जगत्को पदार्थ असत् रूप हो। त्यस्मा तृष्णा गर्नु मूर्खता हो। त्यसबाट उपशम हुनु ठूलो उदारता हो। त्यसैले मनलाई बस गर तब तिम्रो जयहुन्छ।

मनलाई जय गर्ने उपाय

हे रामजी! जताजता मन जान्छ त्यहाँबाट मनलाई फर्काऊ। जब दृश्यबाट मनलाई फर्काइहाल्छौ तब वृत्ति संवित् ज्ञानतिर आउनेछ। जब संवित्तिर वृत्ति अभिमुख हून्छ तब तिमीलाई उदारता मिल्नेछ र शुद्ध आत्मसत्ताको अनुभव हुनेछ।

हे रामजी ! तप, ध्यानगरेर संवित्को अनुभव हुनु अत्यन्त गाऱ्हो हो। तीर्थ, दान, स्नान गरे पनि कठिन हो। परन्तु मनलाई स्थिर गरेपछि आफ्नू अनुभव स्वरूपमा पुग्नु सजिलो बाटो हो। मनलाई स्थिर गर्ने उपाय यो हो सन्तजनको संगत गर्नु, दिनरात सत्शास्त्रको विचार गर्नु, स्वरूपको चिन्तन गर्नु। यसप्रकार सदा लागिरहे मन चाँडैनै स्थिर हुन्छ। जब मन स्थिर हुन्छ तब आत्मस्वरूपको अनुभव हुन्छ। जसलाई आत्मपद प्राप्त भएको छ त्यो फेरि संसार समुद्रमा डुब्दैन। त्यसलाई नानात्व जगत् भासमान् हुँदैन र परम शान्ति पाउँछ।

हे रामजी ! ज्ञानवान् पुरूष इन्द्रियको इष्ट विषयलाई पाएर खुशी हुँदैन। अनिष्ट विषय आए पनि दुःख मान्दैन किनकि ज्ञानी जगत्लाई असत्य भनी जान्दछ र स्वरूपदेखि चलायमान हुँदैन, सदा ब्रह्मभावमा स्थित रहन्छ।

हे रामजी ! जो पुरूष अध्यात्म विद्याको अभ्यास गर्छ र अभ्यासमा उत्तम भएकोछ त्यसलाई चाडैनै आत्मपद मिल्दछ ऊ खुशी भएर जीवन विताउँछ। जुन् अज्ञानी हुन् तिनी राग, द्वेष ली जलिरहन्छन्। अभ्यास नभए ब्रह्मबोध मिल्न

सक्दैन । त्यसैले हे राम ! तिमी आत्माको लागि धेरै बल गरेर जगत्भ्रमलाई निवारण गर। नभए निवृत्त हुँदैन ।

हे रामजी ! यो मोक्षोपाय शास्त्र तिमीलाई बताएँ यसलाई वारम्वार विचार गर । जसलाई मोक्षपदको इच्छा छ त्यसले यो महारामायण मोक्षशास्त्रको वारम्वार विचार गरेर शुभ आचार गरी बुद्धिलाई निर्मल पारोस् तब सजिलोसित आफ्नू हृदयमा आत्मपद उदय भै संसार तापदेखि मुक्त हुनेछ।

हे रामजी! जुनपद मोक्षशास्त्र विचार गरी मिल्छ त्यो तीर्थस्नान, तप, दान गरेर मिल्दैन । तप, दान आदि गरेपछि स्वर्ग प्राप्त हुन्छ, मोक्ष मिल्दैन । मोक्ष अध्यात्म शास्त्रको अर्थलाई निरन्तर अभ्यास गरे पछि प्राप्त हुन्छ नभए हुँदैन ।

हे रामजी ! सारा जगत् ब्रह्मरूप हो । जो जगत्‌देखिन्छ त्यो भ्रम भनी जान । जब आत्मपदको अभ्यास हुन्छ तब भ्रान्ति शान्त भैहाल्छ । जस्तो सूर्य प्रकाश भए अन्धकार नाश भैजान्छ त्यस्तै आत्मपदको उदय भए दृश्यभ्रम निवृत्त हुन्छ ।

हे रामजी! आत्मा सदा आफ्नू स्वभावमा स्थित छ, सदा शुद्ध छ, मुक्त छ । परन्तु अज्ञानले अशुद्ध झैं भान भएकोछ । जस्तो स्वप्नमा आफू नै नानारूप ली प्रतीत हुन्छ त्यस्तै यो दृश्यमान जगत पनि आफैमा देखिएको छ । विचार गरेपछि शुद्ध, निर्मल, चैतन्यअनुभव सिवाय अरू केही पनि छैन ।

हे रामजी ! दृश्यतिर मनलाई बग्न नदेऊ किनकि दृश्य पदार्थ सारा असत् हो । जुन पदार्थं प्रत्यक्ष देखिन्छ र प्राप्त हुन्छ त्यसलाई मिथ्याभ्रम जानेर जब वृत्ती आत्मातिर आउँछ तब जान्नु कि मलाई इन्द्रपद मिलेकोछ ।

हे रामजी ! यो परम पवित्र सिद्धान्तलाई वारम्बार विचार गर तब तिम्रो भ्रम निवारण हुनेछ ।

दिनको दुई विभाग गरी आधादिन यो अध्यात्म शास्त्रको

विचार गर आधादिन आफ्नू आचार विचारमा व्यतितगर। जो पुरूष आत्मविचारदेखि विमुख छ त्यसले बाँचीरहनु व्यर्थ हो। एक श्वाँस पनि आत्मविचारदेखि रहित भए त्यो समय वृथा खेर जान्छ। एक श्वाँसको बराबर सारा पृथ्वीको धन दिए पनि मिल्न सक्दैन। त्यस्तो श्वासको अमूल्य समयलाई जसले वृथा खेरफाल्छ त्यो मनुष्य होइन मनुष्य शरीरमा पशु भनी जान।

हे रामजी! शरीरको नाश भएपनि आत्माको नाश हुँदैन। त्यो नित्य शुद्ध छ जस्तो जस्तो निश्चय उसमा हुन्छ त्यस्तै भएर भासित हुन्छ। त्यस्तो जुन सत्यआत्मा हो त्यो कुनैमा बन्धन हुँदैन। जस्तो डोरीमा सर्प आकार देखिन्छ परन्तु डोरी सर्प होइन। कल्पित सर्पको जब अभाव हुन्छ तब डोरी जस्तातस्तै रहिरहन्छ। त्यस्तै आत्मसत्ता भ्रमले आकार झैं देखिन्छ परन्तु भएको कुनै होइन। जब कल्पित भावको अभाव हुन्छ तब आत्मसत्ता ज्यौंका त्यौं रहन्छ। असत्य विषयसित सत्य आत्माको कुनै सम्पर्क रहन सक्दैन, जो विकार भास्दछ त्यो भ्रम मात्र हो। भ्रान्तिले दुःख पाउँछ।

हे रामजी! आत्मज्ञान वरदान र श्राप जस्तो होइन जो भन्ने वित्तिकै सिद्धि मिलोस्। यसको प्राप्ति तब हुन्छ जब बारम्बार अभ्यास गरी विचार गर्छ।। जब भावनादृढ हुन्छ तब मोक्षपद मिल्छ। त्यस्तो कल्याण माता, पिताले गर्दैन र मित्रहरूले पनि गर्न सक्दैन। जस्तो कल्याण बारम्बार विचार गरिएको मेरो उपदेशले गर्छ। त्यसैले अरू सबै उपाय-लाई त्यागी यसैको विचार गर तब भ्रान्ति सबै मेटिएर जानेछ र चाँडैनै आत्मपद मिल्नेछ।

हे रामजी! अज्ञानरूपी विसूचिका रोग फैलिएको छ

त्यो रोगले जीवलाई जलाई राखेको छ। जसले मेरो शास्त्रको विचार गर्छ त्यसको रोग नष्ट भै हाल्छ। ईश्वरको महामायाले जीव मिथ्या भ्रमले दुःखी भएका छन्। त्यो माहा दुःख नाश गर्ने इच्छा भए मेरो शास्त्रको विचार गर, वारम्वार अभ्यास गर र आफूलाई हेर।

हे रामजी! जो पुरूषले अहिलेसम्म अज्ञानरूपी शत्रुलाई मार्न यत्न गरेको छैन र आत्मपद पाउन यत्न गर्दैन त्यसले परम कष्ट पाउँछ। तिनी संसाररूपी दुःखदेखि कहिले पनि मुक्त हुँदैन। त्यहाँबाट निस्कने उपाय यही हो कि जुन यो माहारामायण ब्रह्म विद्याको उपदेश हो यसको विचार गरेर आफ्नू हृदय भित्र धारणा गर्नु त्यो उपाय गरेपछि। भ्रान्ति मेटिएर जान्छ र आत्मपद प्राप्त हुन्छ।

त्यो कस्तो महारामायण हो? जुन सर्व सिद्धान्तको सार हो। अरू शास्त्रबाट मिलेपनि, नमिले पनि यसको विचार गरे पछि अवश्य आत्मालाई पाइहाल्छ। जस्तो तीलको पिनाबाट तेल निस्कन गाह्रो छ, तील पेलेपछि निस्किहाल्छ त्यस्तै मेरो उपदेश तील जस्तो हो, अरू पिना जस्ता हुन्।

हे रामजी! दुःखको कारण वासना नै हो। जसले यो संसारबन्धन दुःखको चिकित्सा अझै पनि गर्दैन भने त्यो आत्म हत्यारा हो। त्यसले ठूलो दुःख पाऊँछ, जाहाँबाट निस्कन कहिले पनि समर्थ हुँदैन तब के गर्छ? त्यसैले अहिले नै उपाय गर। जबसम्म सारा वासना निवृत्त हुँदैन तबसम्म स्वरूपको साक्षात्कार हुँदैन। यसैलाई बन्धन भन्छन्। जब वासना क्षय हुन्छ तब आत्मपद प्राप्त हुन्छ, जे जति पदार्थ देखिन्छ त्यो अविचार सिद्ध हो विचार गरेपछि केही बाँकी रहँदैन। जुन. विचार गरेपछि रहँदैन त्यसको अभिलाषा गर्नु व्यर्थ हो।

हे रामजी! आत्मा निराकार हो म पनि आकाशरूप

हुँ, तिमी पनि आकाशरूप हो र सारा जगत् आकाशरूप हो। कसैकासाथ आकार छैन सबै निराकार रूपहो। तिमी भनौला बोल्छ, चल्छ त्यो कसरी होला ? जस्तो स्वप्नमा सबै आकाशरूप हुन्छ फेरि नाना प्रकारले चलेको, बोलेको देखिन्छ त्यस्तै यो भासमान जगत् पनि बोल्छ, चल्छ, परन्तु आकाशरूप हो। त्यसैले सत् शास्त्रको अर्थलाई वारम्वार मनन गरे पछि सजिलोसित देहमा तुच्छता बुद्धि उदय हुन्छ।

हे रामजी ! जे जति राम्रो भनी देखिन्छ त्यो सारा मिथ्याहो। त्यसको लागि यत्न गर्नु अत्यन्त मूर्खता हो। त्यो कस्तो पदार्थ हो बाहिरबाट हेर्न र देख्न मात्र राम्रो हो। परन्तु भित्रबाट शून्यछ, सार केही पनि छैन। त्यसको प्राप्तिमा मूर्ख मनुष्य आनन्द मान्दछ। विचार गरी हेरे दुःखरूप हो।

हे रामजी ! त्यो पदार्थ तबसम्म राम्रो प्रतीत हुन्छ, जबसम्म कालले समातेको छैन। जब काल आइपुग्छ तब सबै कार्य वेकार भइहाल्छ। त्यसको लागि जसले दिन प्रति दिन यत्न गरिरहन्छ त्यो मूर्ख हो। जुन वखतमा मृत्यु आइपुग्छ त्यो समय उसलाई अत्यन्त दुःख-कष्ट प्राप्त हुन्छ। चन्दनले लेपिदिए पनि त्यसलाई शीतल हुँदैन जो धन द्रव्यको लागि ठूलो यत्न गर्छ, मर्छ, मार्छ र लडाई गरी प्राणलाई त्याग्छ त्यो धन स्थिर रहँदैन। धनको र प्राणको वियोग भइहाल्छ। जब वियोग हुन्छ तब दुःख कष्ट पाउँछ त्यसैले होस राख।

हे रामजी ! म यस्तो उपाय बताउँछु जसमा यत्न पनि कुनैछैन,सजिलो सित मिल्छ, त्योहो जब शास्त्रको अर्थमा दृढ अभ्यासहुन्छ तब अजर–अमरपद प्राप्त हुन्छ। त्यसैले तिमी बोधवान् होऊ। बोध गरेर अजर पदको लागि यत्न-अभ्यास गर। यदि तिमीले यत्न गरेनौ भने अज्ञानरूपी शत्रुले लात मार्नेछ। यदि त्यो शत्रुलाई मार्न इच्छा भए तिमी निर्मोह

भएर आत्मपदको अभ्यास गर। निरन्तर आत्ममननको अभ्यास गरेपछि आत्मबोध दृढ हुन्छ र आत्माको यथार्थ अनुभव हुन्छ।

हे रामजी ! म तिमिलाई जो उपदेश दिन्छु त्यो कुनै अर्थको लागि गरेको होइन। अर्थात मेरो कुनै अर्थ सिद्ध होस्, जो तिम्रो ठूलो पुण्य हो त्योनै शुद्ध संवित् भएर मलिन संवित्लाई उपदेश दिएको छ। त्यो संवित् न देवता हो,न मनुष्य हो, न यक्ष हो, न पिचाश आदि हुन्,जो केवल ज्ञानमात्र हो त्यो पनि तिमीनै हो, म पनि त्यही हुँ, जगत् पनि त्यही हो।

हे रामजी ! यो जगत् सारा आफ्नू अनुभवरूप हो। भ्रमले आकार सहित प्रतीत हुन्छ। राम्रोसँग विचार गरी हेरे जगतभ्रम मेटिएर जान्छ केवल चेतन आत्मा तत्व मात्र शेष रहन्छ। जस्तो निद्रादोषले स्वप्नमा नना प्रकारको दृश्य भास्दछ, जब जाग्दछ तब एक आफू आफै भासमान हुन्छ, त्यस्तै आत्मसत्तामा जागेपछि अद्वैत नै अद्वैतभान हुन्छ।

हे रामजी ! जुन बोध समयमा द्वैत कुनै भासिंदैन तब अबोध समयमा पनि जान्नु कि द्वैत कुनै छैन। जुन बोधसमयमा सत्य भास्दछ तब जान्नु कि सदा काल त्यो सत्य हो।

हे रामजी ! आफ्नू कल्पना नै उसलाई जगत्‌रूप भएर भास्दछ। अरू केहि हैन। जस्तो स्वप्न सृष्टि आफ्नू कल्पना-रूप हो परन्तु निद्रा दोषले भिन्न भनी देखिन्छ, त्यसमा राग-द्वेष उब्जिन्छ जागेपछि सारा दृश्य मिटेर जान्छ। त्यस्तै अज्ञानले जगत् सत्य भास्दछ र राग-द्वेष प्रतीत हुन्छ। ज्ञान गरे सबै शान्त भइहाल्छ।

हे रामजी ! आत्मसत्तानै स्फुरणले जगत् भएर भास्दछ जे जति जगत् भास्दछ त्यो भावना मात्र हो। जस्तो भावना दृढ हुन्छ त्यस्तै रूप भएर प्रतीत हुन्छ। त्यसैले चिदाकाशको

निश्चयलाई दृढ गर तब अज्ञानले जुन विरुद्ध भावना भएको थियो त्यो निवृत्त भइजान्छ ।

हे रामजी ! आत्मरूपी रतनको जगत्रूपी चमत्कार हो । जो प्रकाश आत्मादेखि भिन्न केही हैन । जस्तो मरू स्थलमा पानीको नदी भास्दछ त्यो भ्रान्ति मात्र हो । त्यस्तै यो दृश्यमान जगत् भासेको छ, परन्तु वास्तवमा केही छैन । अवस्तु हो, उब्जेको कुनै होइन ।

हे रामजी ! चित्तरूपी बालकले जगत्जालरूपी सेना रचेको छ । त्यो असत् हो । पृथ्वी, जल, अग्नि, वायु आदि भूत भ्रान्ति मात्र हो । त्यसलाई सत्य भनी ठान्नु मूर्खता हो । बालकको कल्पनामा सत्य बुद्धि बालक नै गरिराख्छ । बुद्धिमानको काम हो सत्य-निज स्वरूपमा स्थित भइराख्नु ।

हे रामजी ! यो जगत्को आश्रय गरेर जो सुखको इच्छा गरिराख्छ त्यो आकाशलाई छुन यत्न गर्नु जस्तो हो त्यो उनको यत्न व्यर्थ हो । यो सारा जगत् भ्रान्तिरूप हो, त्यसको जसले आशा गर्छ र त्यो पदार्थ पाउन यत्न गरिरहन्छ त्यो बाँझी स्त्रीले छोरा पाउन यत्न गर्नु जस्तो व्यर्थ हो । त्यस्तै यो जगत्बाट जो सुख पाउन यत्न गर्दछ त्यो व्यर्थ हो ।

हे रामजी ! पृथ्वी आदि जो भूत पदार्थ हो त्यो भ्रान्तिरूप आकार सहित प्रतीत भए पनि निराकार हो । जो मूर्ख बालक हो त्यसले आफ्नू वास्तविक स्वरूपलाई जानेको छैन, त्यसलाई जगत सत्य भासित हुन्छ । ज्ञानवानलाई सत्य भासित हुँदैन । निराकार सत्ता नै जगत्रूपले भासित भएको छ । त्यसैले ज्ञानवानको लागि ब्रह्मरूप भै हाल्छ, द्वैतभाव रहँदैन ।

हे रामजी ! ज्ञानवान् सदाकाल शान्त रहन्छ । जसको

चित्त शान्त भएको छ तिनको भित्र राग, द्वेष केही हुँदैन । जसको हृदय तापयुक्त छ त्यो अज्ञानी हो । आत्मसत्ता जस्ताको तस्तै स्थित छ, कुनै भएको होइन । त्यसैले हे राम! तिमी सारा कलनालाई त्यागेर आफ्नू स्वभावमा स्थित होऊ ।

स्वरूप–वर्णन

हे रामजी ! जो तिम्रो स्वरूप हो त्यो सुन– जो एक देशलाई त्यागेर जो देशान्तरमा संवित् जान्छ त्यसको बीचमा जो ज्ञान संवित् रहन्छ त्यो तिम्रो स्वरूप हो । त्यो अनामय सारा दुःख रहित छ ।

जस्तो जाग्रत देशलाई त्यागेर स्वप्नमा जान्छ, जाग्रत त्यागिदियो, स्वप्न आएको छैन, मध्यमा जो चेतन चिन् मात्र सत्ता हो त्यसमा ब्रह्मा, विशणु, रूद्र स्थित रहन्छन् । त्यो नै ज्ञानवान्‌को निश्चय हो । त्यो नै तिम्रो स्वरूप हो ।

हे रामजी ! जसको अज्ञानले यो जगत् भासेको छ र जसको ज्ञान गरे निवृत्त हुन्छ त्यस्तो जो आत्मातत्व हो त्यो पाउन यत्न गर । त्यो कस्तो पद हो ? नित्य शुद्ध–परमानन्दस्वरूप हो । सदा आफ्नू स्वभावमा स्थित छ तिम्रो अनुभवरूप हो जो सर्वदा अनुभवरूपले प्रकाश गर्छ । त्यसमा स्थित हुन किन डराइरहन्छौ ?

जो कुछ प्रपञ्च हो त्यो भ्रान्ति मात्र हो । जस्तो डोरीमा सर्प भ्रान्ति मात्र हो त्यस्तै आत्मामा जगत्भ्रम मात्र हो । त्यसलाई त्याग र आफ्नू स्वभावमा स्थित होऊ ।

हे रामजी ! जब मन अलिकति स्फुर्छ तब जगत् उत्पति भै हाल्छ । जब स्फुरण रहित हुन्छ तब जगत् भावना मेटिएर जान्छ । यसलाई जसले जानेको छ त्यो ज्ञानवान

पुरूष हो ।

हे रामजी ! जसको मन निर्वासनिक शान्त भएको छ त्यो बोल्छ, चल्छ, खान्छ, पिउँछ तापनि ढुंगा जस्तो मौन हुन्छ । त्यसैले यो जगत् केही उत्पन्न भएको छैन । जस्तो मृगतृष्णाको नदी छैन तर देखिन्छ त्यस्तै मनको भ्रमले आत्मामा जगत् भास्दछ परन्तु भएको कुनै होइन ।

हे रामजी ! जो पदार्थ कारण विना भास्छ र जसमा भासमान हुन्छ त्यो अधिष्ठान सत्ता हो । अधिष्ठानमा भास्छ त्यसको पनि त्यहीरूप जान । जों अधिष्ठानदेखि व्यतिरेक भासे त्यसलाई भ्रम भनी जान्नु । जस्तो स्वप्नमा इन्द्रियादि पदार्थ देखिन्छ त्यसमा दृश्य–दर्शन सारा मिथ्या हो, भएको केही होइन । त्यस्तै यो जागृत जगत् पनि मिथ्या हो । न केही उब्जेको छ, न स्थित छ, न नाश हुन्छ । जो उब्जेको छैन तब नाश कसरी हुने ? केवल चिन्मात्र सत्ता आफू आफैमा स्थित छ । आफ्नो अभाव कहिले पनि छैन ।

हे रामजी ! जुन वस्तुको अभ्यास तीब्र हुन्छ त्यही सिद्ध हुन्छ । जसमा भावना हुन्छ त्यसबाट थाकेर छाड्दैन भने त्यो अवश्य प्राप्त हुन्छ। अभ्यासविना केही सिद्ध हुँदैन ।

जस्तो कुनै पुरूष देव दर्शनको इच्छा भए पनि जबसम्म त्यतातिर जाँदैन तबसम्म कुनै उपाय गरेपनि त्यहाँ पुग्न सक्दैन जब त्यसतर्फ जान्छ तब पुगिन्छ । त्यस्तै जब आत्माको अभ्यास अत्यन्त एकाग्रपूर्वक गरिरहन्छ तब त्यसलाई आत्मप्राप्त हुन्छ अन्यथा मिल्दैन ।

हे रामजी ! जसको जगत्को पदार्थमा इच्छा छ त्यसलाई आत्मपद मिल्दैन । जसलाई आत्मपदको इच्छा छ त्यसलाई त्यही प्राप्त हुन्छ । जस्तो भावना गर्छ त्यस्मा दृढ अभ्यास गरे पछि त्यही भासित हुन्छ । किनकि यो जगत्

अविद्यक भ्रम मात्र हो । त्यसैले यसको भावना त्यागेर आत्मपदको अभ्यास गर तब तिम्रो दुःख मेटिएर जानेछ ।

हे रामजी ! जगत्को भावअभाव, उत्पत्ति, प्रलयादि सारा स्वभाव अनुभवरूप ब्रह्मसत्तामा स्थित छ । त्यसमा कुनै विकार छैन । केवल शुद्ध–निरंजन–आत्मा–आकाश–निर्मल छ । त्यस्मा जो विकार देखिन्छ त्यो आत्माको अज्ञानले प्रतीत भैराखेको छ । जब चित्तलाई एकाग्र गरी विचार गर्छौं तब जगत्भ्रम शान्त भै हाल्छ ।

हे रामजी ! जसको बुद्धि शास्त्रबाट तीखो भएको छ, वैराग्य अभ्यास गरी सम्पन्न र निर्मल भएको छ त्यसलाई चाँडैनै आत्मपद मिल्छ ।

हे रामजी ! संसार भएको होइन । होइन, होइन भनी सारा शब्दलाई अभाव गर । फेरि अभावलाई पनि अभाव गर, त्यसपछि जो शेष रहन्छ त्यो आत्मसत्ता परम निर्वाण-रूप हो । त्यसैमा स्थित होऊ ।

हे रामजी ! विषय पदार्थ पाएर आनन्दित नहुनू । जो विषयको उपभोग गर्ने शरीर हो त्यो नाश भएर जान्छ । तब विषय कसले भोग गर्ने ? श्रुतिले पनि भनि राखेको छ, अनुभवले पनि सिद्ध छ कि यो शरीर नाशरूप हो । जुन पुरूष यो शरीरमा सत्यता बुद्धि गरी विषयभोगको इच्छा गरिरहन्छ त्यो पशुभन्दा पनि मूर्ख हो ।

हे रामजी! तिमी संसारबाट जाग, कुनै कुराको इच्छा नगर, आफूलाई अविनाशीरूप जान । अच्युत परमानन्द जान । यो जगत् मिथ्या भ्रमले उदय भएको हो, त्यसलाई त्यागिदेऊ र शुद्ध अविनाशी तत्वतिर फर्क । तब सजिलो सित आफ्नू अनुभव स्वरूपलाई प्राप्त गर्नेछौ ।

हे रामजी ! तिम्रो स्वरूप हो अचिन्त्य चिन् मात्र ।

त्यस्मा जो संवित् स्फुरण भयो त्यो ज्ञान संवित् अन्तस्करण-सित मिले पछि त्यसलाई जीव भन्छ । त्यहाँबाट चित् स्फुरण हुन्छ र नाना जगत् पदार्थमा दृढ सत्यता बुद्धि गरी जीव दुःख पाउँछ । त्यसैले जाहाँबाट चित् स्फुरण हुन्छ त्यहाँ नै चित्तलाई स्थित गर । तब इन्द्रियादि सारा जगत्को अभाव भइहाल्छ ।

हे रामजी ! मनलाई नाश गर्नु सुखदायक हो । त्यसैले मनरूपी हात्तीलाई वैराग्य र अभ्यासरूपी अंकुशले मारी वश गर । मनलाई वश गरे पछि सारा इन्द्रिय रोकिने छ । तब तिम्रो जय हुनेछ । जस्तो राजालाई जितेपछि सारा सेना उसैको वश हुन्छ त्यस्तै मन स्थित भए सबै इन्द्रिय वश हुन्छन् । जब इन्द्रियहरूलाई वश गरिलिन्छौ तब शुद्ध आत्म-सत्ता तिम्रो भासमान हुनेछ । जस्तो शरदकालको आकाश निर्मल देखिन्छ त्यस्तै मनरूपी वर्षाको अभाव भए वासना-रूपी बादल हटेर शुद्ध निर्मल आत्मसत्ता प्रकाशित हुनेछ ।

हे रामजी ! जे जति इन्द्रियका विषय छन् सबै अनर्थका कारण हुन् । त्यसमा प्रिती मूर्ख–अज्ञानीले गरिरहन्छ । विचार गरी हेरे आत्मस्वरूपदेखि भिन्न अरू केही पनि छैन । जबसम्म स्वरूपको प्रमाद हुन्छ तबसम्म विकारयुक्त जगत् प्रतीत हुन्छ । जब आत्म स्वरूपलाई देख्छ तब अविद्याको विलास संसारदृश्य सबै मेटिएर जान्छ ।

हे रामजी ! ज्ञानवान्को हृदयमा जगत् शून्य हुन्छ । अज्ञानीको हृदयमा भ्रम वशात नाना प्रकारको जगत् भासित हुन्छ । त्यसैले यो जगत्लाई स्वप्न झैं मिथ्या जानेर स्वाभाविक आचरण गर । भित्र शिला जस्तो भै रह कुनै स्फुरण नहोस् ।

हे रामजी ! ब्रह्म र जगत्मा अलिकति पनि भेद

छैन । ब्रह्म नै जगत् हो । जगत् नै ब्रह्म हो । त्यसैले जगत् ब्रम्हदेखि भिन्न होइन । आत्मसत्ता आफू आफैमा स्थिर छ । स्फुरणरूपी भ्रमले केही भिन्नता देखिन्छ जब भ्रम निवृत्त हुन्छ तब ब्रह्म नै भासमान हुन्छ । त्यसैले अविद्यारूप स्फुरणलाई त्यागेर आफ्नू निर्विकल्प स्वरूपमा स्थित होऊ, तब जगत्भ्रम निवृत्त भै हाल्छ ।

मन स्फुरेपछि जगत् भासित हुन्छ । मनको स्फुरण मेटिए पछि सबै ब्रह्म नै भास्दछ । त्यसैले मनबाट जगत् उत्पन्न भएको हो । अर्थात् जगत् मनरूप भएकाले मन अमन भए सारा प्रपञ्च शान्त भै हाल्छ ।

हे रामजी! मनले नै संकल्प गरी दृश्यको रचना गर्छ र मिथ्या शरीरमा आस्था गरी संसारजंगलमा घुमिरहन्छ । जब दृश्यबाट मनलाई फर्काई आत्मातिर हेर्छ तब दृश्य-भ्रम निवृत्त भएर जान्छ र मोक्षपद मिल्छ ।

वालमीकि भन्नु हुन्छ हे भारद्वाज ! जब वसिष्ठजीले यस प्रकार रामजीलाई उपदेश दि रहनु भएको थियो तब आकाशमा जो सिद्ध देवताहरू थिए तिनीहरूले फूलको वर्षा गर्न लागे । तब राजा दशरथ उठेर खडाभै पूजा गरी, हात जोडी भन्न लागे– ठूलो कल्याण भयो, अत्यन्त खुशी लाग्यो ।

हे मुनीश्वर ;! तपाईको प्रसाद पाई हामी आत्मपदमा प्राप्त भयौं, कृतकृत्य भयौं, चित्तको वियोग भयो, त्यसैले स्फुरणरूप दृश्यको पनि अभाव भयो । म अचेत्य चिन् मात्र हुँ । परम पद पाएर संताप मेटिएर गयो । जो संसाररूप अँध्यारो मार्ग थियो त्यहाँबाट थाकी पार भयौं । अब परम विश्रान्तिपद मिल्यो ।

हे मुनीश्वर ! अब म पहाड जस्तो अत्यन्त अचल भै स्थित भएँ । सारा आपतबाट तरेर पार पुगें । जान्नु पर्ने

सबै जानिलिएँ। तपाईले अनेक युक्ति-दृष्टान्त दिएर जगाउनु भयो। अब हामीले जान्यौं कि आत्मसत्तादेखिं भिन्न केही पनि छैन। यसरी राजा दशरथले भन्नु भएपछि फेरि रामजी उठेर हात जोडी भन्नु हुन्छ– हे मुनीश्वर! तपाईंको कृपाले मेरो मोह नष्ट भयो। अब न राग छ, न द्वेष छ, परम शान्ति पद मिल्यो। सारा संदेह नाश भएर गयो। परम संपद जो तत्व हो त्यो पायौं र सबै आपत-विपतको अन्त भयो। ज्ञानदेखि रहित जो अज्ञानी हुन् ती सारै अभागी हुन्। जुन आत्मपदलाई त्यागेर अनात्म पदार्थ तिर धाईरहन्छ त्यसलाई धिक्कार छ।

हे मुनीश्वर! मैले त्यो आत्म पदपाएर शान्ति पाएको छु। शोक रहित भएको छु। अचल पद पाएर आफू आफैमा स्थित छु भनी प्रार्थना गरी सकेपछि लक्ष्मण, शत्रुघ्न, विश्वामित्र, नारद आदि सबै सभासदले प्रार्थना गरी सकेपछि वसिष्ट जी भन्नु हुन्छ– हे रामजी! जे जति ब्राह्मणहरू छन् तिनलाई यथा योग्य पूजा-सत्कार गरी दान, दक्षिणा देऊ तिमी राजा हौ। भन्नु भएपछि राजा दशरथ उठेर दश हजार विद्वान् ब्राह्मणलाई भोजन गराई दक्षिणा, वस्त्र, भूषण, गाउँ आदि दिएर पूजा गर्नु भयो। ठूलो उत्सव पूर्वक नाच गान नगरा, सहनाई आदि बाजा बज्न लागे। यस प्रकार सात दिनसम्म ब्राह्मण, अतिथि, निर्धनी सारा प्राणीलाई यथायोग्य सत्कार गरी अन्न, वस्त्र, द्रव्य आदि दिएर प्रसन्न पार्नु भयो।

वाल्मीकिले भन्नु भयो हे भारद्वाज! जसरी वशिष्ट मुनिको वचन सुनेर रघुवंशी कृतकृत्य भए रामजी संशय रहित भएर जीवन मुक्त भै स्थित भए तिमी पनि त्यसै गर।

ज्ञान जस्तो सुखदायक अरू केही पनि छैन र अज्ञान

जस्तो दुःख अरू केही पनि छैन। यो भन्दा बढ्ता तिमीलाई कसरी बताउँ ? यो मोक्षको उपाय तिमीलाई सुनाएँ। त्यो परम पावन छ। संसार सागर पार गर्ने नौका हो। दुःख रूपी अन्धकारलाई नाश गर्ने सूर्य हो। सुखरूपी कमलको खानी भएको ताल हो। जो पुरूष यो माहारामायण ब्रह्म विद्याको वारंवार विचार गर्छ त्यो पुरूष महामूर्ख भए पनि शान्तिपद प्राप्त गर्छ।

हे रामजी ! जो पुरूष यो मोक्ष उपाय शास्त्रको पाठ गर्छ, पढेर सुनाउँछ, सुन्दछ र लेख्छ फेरि लेखेर पुस्तक सबैलाई दिन्छ त्यो पुण्यात्मा पुरूषको कामना भए ब्रह्म-लोक प्राप्त हुन्छ अर्थात् राजसूय यज्ञको फल पाउँछ र विचार गरे पछि ज्ञान प्राप्त हुन्छ र मुक्त हुन्छ।

मुनीश्वर वसिष्ठले भगवान श्रीरामचन्द्रलाई दिनुभएको बैंकटेश्वर प्रेस, बम्बईमा मुद्रित उपदेशामृत योगवासिष्ठलाई बन्दीपुरनिवासी प्रधान कुल शिरोमणि गुरु भक्त रत्न स्व० ख. लालप्रसाद प्रधानका सुपुत्र महात्यागी हीरालाल महासरस्वतीद्वारा नेपाली भाषामा अनुदित

योगवासिष्ठ ज्ञानमाला

समाप्त

क्षितीश-ज्ञानमाला



संकलनः

महात्यागी हीरालाल महासरस्वती

नारायणगढ, चितवन


गुरु–वन्दना

जस्को दर्शन मात्रले हृदयको दुर्भावनाहट्दछ
जस्को वाक्यसुनेर भित्र मनमा आनन्द मौलाऊँछ ।
जस्को संगतले स्वरूपसुखको सत्ता खुलिहाल्दछ
यस्ताज्ञानमय क्षितीश भगवान्लाई नमस्कारछ ।

प्रार्थना

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वर
गुरु साक्षात् परब्रह्म तस्मै श्री गुरवे नमः

क्षितीश-ज्ञानमाला



अद्वैत संस्था र अद्वैत विश्वविद्यालयका संस्थापक
अध्यात्मविद्यावतार एवं हिन्दू धर्मका मर्मज्ञ
श्रोत्रिय ब्रह्मज्ञानी गुरुदेव
डा. क्षितीशचन्द्र चक्रवर्ती



सुखको परिचय– (१)

सारा मनुष्यको लक्ष्य हो दुःखबाट अत्यन्त निवृत्त भई सदाको लागि सुखी रहनु । कहिले पनि दुःखबाट विचलित नहुनु । यो कसरी सम्भव होला ? सारा मनुष्यको वास्तविक स्वरूप नै हो सुखरूप र आनन्द स्वरूप । त्यो आफ्नू यथार्थ स्वरूपलाई भुलिदिएकाले अर्थात् जान्न नसकेका हुनाले मानिस भ्रममा परी राखेका छन् अर्थात् आफूलाई संसारी परिच्छिन्न जीव भनी ठानी सुखको लागि नाना उपाय गरिरहन्छन् । धन, जन, गृह र जमिन आदि पदार्थलाई संग्रह गरे तापनि जीव सुखी हुन सक्दैन । जब जीव आफ्नू वास्तविक चिदानन्द ब्रह्मस्वरूपलाई पत्ता लगाई अनुभव गर्छ तब नै सारा दुःखबाट मुक्त हुन्छ । जीव वास्तवमा परिपूर्ण अद्वैत ब्रह्मस्वरूप भैकन पनि देहादि उपाधिभ्रमले आफूलाई मनुष्य भनी मान्छ र नाना इच्छा गरिरहन्छ । इच्छाले वस्तु प्राप्त हुँदैन । धन, जन, सुख, दुःख र संयोग वियोग आदि प्रारब्ध–कर्म अनुसार मिलिरहन्छ । मनुष्यको ठूलो परिश्रमले केही मिल्न सक्दैन । यस्तो शास्त्र–सज्जनको कुरालाई विश्वास लिएर सारा संसारको अधिपति भगवान माथि भरपरेदेखि (केही कुराको चिन्ता नगरे पछि) जीव सुखी भै हाल्छ । अर्थात् चित्त निश्चलरही आत्माकारमा आकारित भै आनन्द स्वरूप भगवानको अनुभव भइहाल्छ । यही सुखको परिचय हो । □

स्वरूप–प्राप्तिको साधन–(२)

भगवान् हुनुहुन्छ सबैको अन्तरात्मा त्यो सबैको भित्र प्रकाशरूपले रहनु भएको छ। त्यस्ता भगवान्लाई पहिले आफ्नू हृदयभित्र खोज्नु पर्छ। "म को हुँ" भनी विवेचन गरेदेखि आफू शरीर, इन्द्रिय, मन, बुद्धि ठहर्दैन। मन, बुद्धि-लाई पनि जसले प्रकाश गरिराखेको छ, जो वस्तु सर्वदा निर्विकार रूपले रहिराखेको छ, त्यो सत्‌चित् आनन्द स्वरूप चैतन्यभगवान् नै वास्तविक आफ्नूस्वरूप ठहर्छ।

त्यसकारण भगवान्लाई प्राप्तगर्न चाहने भक्तहरू-ले पहिले सारा बृत्तिहरूलाई अन्तरमुख तुल्याइराख्नु पर्छ। अर्थात् हृदय भित्र बलिराखेको चैतन्यलाई देखी-राख्नु पर्छ, यही हो पहिलो साधन (श्रवण)। त्यसपछि त्यो चैतन्य स्वरूपलाई सर्वदा आफ्नू वास्तविक स्वरूप जानी हृदयमा प्रकाशित गरिराख्नु हो दोस्रो साधन (मनन्)। यस्तो आत्मचिन्तन निरन्तर भै राखेपछि अर्थात् अनात्म चिन्तनलाई उठ्न नदिएपछि त्यसको परिणामले आत्म चैतन्यको प्रकाश हृदयमा स्वयम् प्रकाशित भै हाल्छ अरू कुनै दृश्यको अनुभव हुँदैन, यसैलाई गीताजीमा निदिध्यासन भूमिका बताउनु भएको छ। यस्तो निर्गुण भक्तिद्वारा चैतन्य भगवान्लाई साक्षात् प्राप्त गर्नु हुन्छ। विश्वको अधिष्ठान प्रकाशरूप परमात्माको साक्षात्कार भएपछि सारा दृश्य वस्तुको विलिन भै हाल्छ। यो आत्म चैतन्य प्रभुको प्राप्त भएपछि सारा दुःखको अत्यन्त निवृत्ति पूर्वक आनन्द स्वरूपको अनुभव हुन्छ। यही हो स्वरूप प्राप्तिको साधन।

स्वरूप–स्थिति–(३)

सुख मानिसको ज्यादै नै इष्ट वस्तु हो । किनकि वास्तविक जीवको स्वरूप नै हो सुख। त्यसकारण सुखविना मानिस बाँची रहन सक्दैन । यस्तो कुरा थाहा नपाएको हुनाले आफूदेखि भिन्न केही इष्ट पदार्थ (वस्तु) लाई सुख ठानी बाहिरी पदार्थ प्राप्तिको कोशिस–मेहनत गरी रहन्छ । जस्तो मृग आफ्नू नाभी भित्रको कस्तुरी-सुगन्ध-लाई आफू मै सुप्राप्त नजानी भ्रमले सुगन्ध कहाँ छ भनी बाहिर खोजी दौडी रहन्छ र व्याधाको पासामा परी ठूलो कष्ट पाउँछ त्यस्तै विषयी मूर्ख मनुष्यहरू पनि आफ्नू यथार्थ चैतन्य सुखस्वरूप आफ्नै हृदयभित्र सदा प्रकाशरूपले बलिराखेको छ यस्तो न जानी त्यही सुखको लागि जीवन भर परिश्रम गरी आखिर कालको पासमा परी मरिहाल्छ । त्यसबेला धन, जन, स्त्री, पुत्र परिवारले केही काम दिंदैन, यस्तो देख्दा देख्दै पनि मूर्ख मनुष्यहरू आफ्नू सुख स्वरूप-लाई खोज्न लाग्दैन। जुन स्वरूप पाए पछि मनुष्य कृत कृत्य भै हाल्छ । त्यसकारण आफू को हो, संसार के हो; यो कुरा शास्त्र–सज्जनहरूबाट सुनिकन श्रद्धा पूर्वक आफ्नू खोजी गरिहाल्नु पर्छ । जतिजति आफ्नू खोजी गर्दै जान्छ उतिउति मनुष्य निर्धक्क हुँदै आउँछ किनकि पहिले हाड्, मासुको स्थूल शरीरलाई नै आफू भनी मानी राखको थियो। अब सत्संगबाट थाहा भयो कि शरीर त हाड, मासुको हो, हाड, मासुले के जान्दछ र त्यो त जड् हो, नाशवान् हो, त्यस्तो विकारी शरीर म कसरी हुने ? त्यसो भए शरीरको भित्र रहेको मन, बुद्धि, आदि सुक्ष्म शरीर नै "म" हो कि ? त्यो पनि "म" होइन किनकि मन हो चञ्चल, नाशवान् र विकारी। मन चलेपनि नचले पनि म जान्दछु।

मन विग्रेपनि नविग्रेपनि म जान्दछु, मन रोए पनि न रोए-पनि म जान्दछु, मन हाँसे पनि न हाँसे पनि म जान्दछु, त्यसकारण मनको द्रष्टा, मनको सबै कुरा जान्नेवाला स्वप्रकाश, अद्वैत चिदानन्द ब्रह्म वस्तु नै "म" रहेछु। अब विवेक द्वारा स्पष्ट थाहा भो– "म" भन्ने वस्तु शरीर मन, बुद्धिदेखि बिलकुल अलग, शरीर, मन, बुद्धिको प्रकाशक ज्ञान ज्योति नै रहेछु, "म" सदा शान्त स्वभावमा स्थित छु। "म" संसारी मानिस होइन, "म" सारा चेष्टा रहित भैकन स्थित छु, "म" कहिले पनि नमर्ने वस्तु रहेछु, "म" कहिले पनि नजन्मने वाला रहेछु, अथवा "म"घट्ने, बढ्नेवाला पुरूष हैन रहेछु। सारा संसार "म" मा नै कल्पीत भै देखिएको रहेछ, मदेखि भिन्न संसार-मा केही पनि छैन। जता हेरेपनि परिपूर्ण रूपले "म" नै विराजमान भै राखेको छु, सारा प्रपञ्चको अधिष्ठान "म" नै रहेछु, "म" विना केही कुरा पनि सिद्ध हुन सक्दैन। त्यसकारण "म" नै सर्वज्ञ हुँ, "म" नै सबैको हृदयमा विराजमान छु। "म" नारायण हुँ "म" पुरूषोत्तम हुँ "म" अखण्ड प्रकाश सारा पदार्थको ज्ञाता हुँ। ममा सोपाधिक (सगुण) ईश्वर भाव, परिच्छिन्न अहं भाव या मम भाव केही छैन। म, ईश्वर, जगत् सबै बुद्धिको कल्पना मात्र हो। मेरो वास्तविकरूप निरवच्छिन्न प्रकाश मात्र हो। यसैलाई हामीहरू श्रद्धा-भक्ति-पूर्वक निरन्तर चिन्तन गरी, वारम्वार नमस्कार गर्दछौं। यही सर्वात्मभाव हुनु नै ज्ञाननिष्ठ हो। (सिद्धान्त वर्ष १० को लेख–१८ तत्वज्ञानाभ्यास हेर्नुस्)

□

ईश्वर–परिचय (४)

चराचर जगतको नियन्ता हो ईश्वर (सगुण) परमात्मा । परमात्मा द्वारानै सारा संसारको नियन्त्रण भै राख्केको छ । सर्वज्ञ, सर्वशक्तिमान जगदीश्वरको सङ्कल्पबाट यो अद्भूत संसारको उत्पति, रक्षण र नाश भै राखेको छ । जगत्को पालन पोषण पनि ईश्वर–परमात्माबाटै चालित भएको छ । नभए हाम्रो जन्म हुनु पर्ने प्रयोजन केही थिएन । यसबाट थाहा हुन्छ कि पहिलेको कर्म अनुसार ईश्वर–परमात्माद्वारा जीवलाई तत् तत् कर्मको फल दिलाई दिनुहुन्छ । त्यसकारण शरीर र जगत् सम्बन्धी केही कुरामा पनि मनुष्यले चिन्तालिइराख्नु पर्ने प्रयोजन छैन, सारा पहिलेको कर्मअनुसार सुख, दुःख, संयोग, वियोग आदि बेलामा भै हाल्छ । जस्तो स्वप्नमा नाना व्यवहार, जीवन निर्वाह, सुख, दुःख, रोग, भोग त्यसै मिलिरहन्छ, इच्छा केही गरी रहनु पर्दैन त्यस्तै यो जगत्मा पनि सारा व्यवहार प्रारब्ध अनुसार त्यसै चलिरहन्छ । बेलामा सुख, दुःख पनि त्यसै मिलिरहन्छ, मानिसको इच्छाले अथवा प्रयत्नले केही घटी, बढी तुल्याउन सक्दैन। इच्छा नभए पनि रोग लागिरहन्छ, इच्छा नभए पनि बूढो भै हाल्छ । त्यसकारण शास्त्र-सज्जनहरूले इच्छालाई निराकरण गर्नु भएको हो । इच्छाबाट केही कुरा पनि सिद्ध हुन सक्दैन । यो सबैको अनुभवबाट पनि सिद्ध छ । अब मनुष्यले शरीरको र संसारको चिन्ता (इच्छा) लिन नपरेपछि अर्थात् सर्व नियन्ता परमेश्वरमाथि निर्भर परेपछि, चित्तले चिन्ता गर्नुपर्ने कुरा केही रहेन । जब यसरी चिन्तादेखि रहित भै अवस्थान गर्छ तब आफ्नै हृदयमा रहनु भएको चैतन्य परमात्माको अनुभव स्वतः

भैहाल्छ। चित्त परमात्म स्वरूपमै अखण्ड रूपले आकारित भैहाल्छ, यसैलाई आत्माकारबृत्ति भनी शास्त्र–गुरूले बताउनु भएको छ । यस्तो आत्माकार बृत्तिविना भगवान्‌को दर्शन दुर्लभ हुन्छ । त्यसकारण पहिले बताई सकियो कि शरीर, संसार सम्बन्धी साराकुरा ईश्वरको भरमा छोडिदिएपछि मनुष्यको बाँकी काम हो– अचञ्चल वृत्तिद्वारा अखण्ड चैतन्य प्रभुसँग मिलिराख्नु । परमात्माबाट वियोग कहिले पनि नहुनु । यदि परमात्माबाट वियोग भएपछि अनर्थको कारण खडा भै हाल्छ अर्थात् प्रमाता भावमा आएपछि भगवान् विमुख भै हाल्छन् र अत्यन्त दुःख पाउँछ । त्यसकारण, मुमुक्षु पुरूषहरूले प्रयत्न पूर्वक सदा सर्वदा चैतन्य प्रभुको नै याद गरी रहनु, अथवा चैतन्य समुद्रमा नै डुविराख्नु, अथवा चैतन्य स्वरूप नै आफु हो भनिकन स्वप्रकाशरूपमा बसिदिनु । यसरी चित्तलाई साक्षी स्वरूपमा स्थित राख्नुमा अभ्यास भएपछि मुमुक्षु आफ्नू सनातन स्वप्रकाश सुख स्वरूपमा स्थित भै हाल्छ । किनकि यस्तो भक्त सारा प्रपञ्चलाई मिथ्या भनी निश्चय गरी सकेकाले कुनै पदार्थमा आशक्ति गर्दैन । यस्तो निर्गुण भक्ति भएपछि चित्तको चञ्चलतालाई निवृत्त-गरी निदिध्यासनद्वारा भगवानको साक्षात्कार प्राप्त गर्नु हुन्छ अर्थात् आफू भगवान्‌देखि अभिन्न स्वरूप भै हाल्छ, यही हो ब्रह्मज्ञान र यही हो मनुष्यको परम धाम ।

ॐ

स्वस्वरूप–प्राप्ति–(५)

म हुँ अखण्ड परिपूर्ण चिदानन्द स्वरूप । म हुँ, स्वयम् प्रकाशमान् चैतन्य केवल पारमार्थिक सत् वस्तु (ब्रह्म) । यो नै हो मेरो वास्तविक लक्ष्यस्थान । यस्तो आफ्नू निर्विकार स्वरूपमा चित्त उठेपछि अर्थात् आफ्नू सनातन एकरस सुखस्वरूपलाई विर्से पछि इन्द्रजाल झैं असत् यो दृश्य प्रपञ्चमा भुलिहाल्छ र जन्मनु-मर्नु चक्करमा परिरहन्छ। निद्राबाट जागेपछि सारा स्वप्नको अनुभव विलकुल नाश भएर जान्छ, त्यस्तै यो जाग्रतबाट पनि ब्युँझे (अर्थात् आफ्नू साक्षी चैतन्य स्वरूपमा स्थित भए) जगत्को सारा भ्रम दूर भएर जान्छ ।

सच्चा जाग्रत हो आफ्नू साक्षी स्वरूपमा रहिरहनु । यसलाई भुलेपछि विश्व खडा भै हाल्छ, यो हामीले मानी राखेको जाग्रत विश्व त स्वप्न प्रपञ्च वरावर न भएकै हो । स्वप्न र जाग्रत जगत्मा केही फरक छैन । सङ्कल्प रूप हो, संकलपदेखि बढ्ता केही छैन । देखिएको शरीर, बन्धुवर्ग र नदी, नाला, पाहाड, पर्वत सारा दृश्य जति देखिन्छ त्यो हो सङ्कल्पमात्र। वस्तुरूप हैन, भए सुषुप्तिमा, अथवा समाधिमा देखिने थियो । भएको वस्तु कहिले पनि नाश हुँदैन तीनैकाल रहन्छ। जस्तो आफ्नू स्वरूप। आफू कहिले पनि अभाव हुँदैन, आफू सदा प्रकाशरूपले रहिरहन्छ। आफू नभए देश, काल, वस्तु केही पनि सिद्ध हुन सक्दैन । त्यसकारण सबैभन्दा पहिले आफ्नू खोजी गर्नु मनुष्यको परम कर्तव्य हो । आफ्नू खोजीविना संसारको उद्धार हुन सक्दैन । आफ्नू खोजी कसरी गर्ने ? हेर– स्वप्न प्रपञ्चमा, देखिएको ऐश्वर्य बन्धुजनहरू हेर्दा हेर्दै नाश भएर जान्छ, त्यस्तै यो शरीर र देखिएका ऐश्वर्य

बन्धुजनहरू पनि हेर्दा हेर्दै नाश भएर गैराखेको छ । यो साँचो वस्तु हैन, भ्रमले अथवा वासनाको बलले देखिएको मात्र हो। डोरीलाई नजाने पछि वासनाले गर्दा सर्पको भ्रम भै हाल्छ त्यस्तै आफ्नू अद्वैत आत्मस्वरूपलाई नजानेपछि जगत्भ्रम खडा भै हाल्छ । त्यसकारण बुद्धिमान् मनुष्यले उपरोक्त पञ्चविध उपदेशद्वारा आत्मानुसन्धानमा चिरकालसम्म निरन्तर अभ्यास गरिराख्नु कर्तव्य हो । यसबाट अन्तर्यामि भगवान् प्रसन्न हुनु भै भक्तलाई परम सुखी तुल्याई मुक्त गराइदिनु हुन्छ । यही हो भगवान्माथि भरोसाको फल ।

ॐ

वनारसबाट प्रकाशित सिद्धान्त पत्रिकाबाट
संकलित पञ्चविध उपदेश
०२२।३।१३ मा लेखक डा० चक्रवर्ति

अह बन्नु हो अज्ञान ।
अहं बने मम पनि हुन्छ ।
अहं-ममलाई संसार भनिएको छ।
अहं-मम नभए जगत्को अभाव हुन्छ ।
अहं (सम्वेदन) लाई परित्याग गरी
निर्वाणपद प्राप्त गर ।



सत्संग हो गङ्गा–

"सत्संग हो गङ्गा झैं । सत्संगरूपी गङ्गामा स्नान गरे पछि फेरि तप, तीर्थ, दान आदि साधनको आवश्यक रहँदैन । सत्संगद्वारा परमगति मिलिहाल्छ । मुमुक्षु पुरूषको लागि सत्संगको खोजी हो अत्यन्त आवश्यक । तप्त पृथ्वी जस्तो वृष्टिले शीतल हुन्छ त्यस्तै सत्संगले मनुष्यको हृदय शीतल भै हाल्छ ।"

(ईश्वर विज्ञान पृष्ठ १६३)

संवेदन हो अनर्थ–

(१) शुद्ध चिन्मात्र पदमा जो अहंकार उदित हुन्छ त्यसलाई सम्वेदन भनेको छ ।

(२) अहंकारको उत्थान भए पनि निजी अद्वितीय स्वरूपको स्मरणद्वारा साधक पुरूष अहंकारभ्रमलाई मेटाउन सक्छ । किन्तु यस्तो नगरिकन अहंकारलाई स्वीकार गरिकन "यो हो म" यस प्रकार भावना गर्छ । यस प्रकारको भावनाको फलले संसार दृढ हुन्छ र

(३) वासना दृढ हुन्छ र आफ्ना संस्कार अनुसार नाना प्रकार

(४) कलना (ज्ञान) भैरहन्छ, यसको परिणामले संसारको संकल्प-विकल्प उठिरहन्छ । यिनीहरूको अभाव भए मनुष्यलाई कल्याण प्राप्त हुन्छ ।

(ज्ञानामृत ४९)

पुरूसार्थले तत्वज्ञान मिल्छ

शुभ र अशुभ यी दुई मार्गमा चित्तरूप नदी प्रवाहित भैरहन्छ, पुरूष प्रयत्नले त्यसलाई शुभ मार्गमा (सज्जन र सत्शास्त्र निर्दिष्ट सन्मार्गमा) चालित गर्नु पर्छ । अशुभ (राजसिक र तामसिक) विषयमा मन धावमान भएपछि पुरूषार्थको सहाराले त्यसलाई शुभ विषयमा नियोजित गर्नु, जसद्वारा चित्तको संसारबाट उपरति हुन्छ। सतशास्त्र र ज्ञानवानको वचन अनुसार दृढ पुरूषार्थ गरेपछि मलिन वासना (आसुर स्वभाव) नष्ट भै हाल्छ । तत्वज्ञानको उदय नभएसम्म शुभ वासनाको मात्र अभ्यास गर्नु पर्छ ।

(गीतामृत पृष्ठ ५५३)

विचारमार्ग

विचार मार्ग हो निरन्तर आफ्नू स्वरूपलाई बुद्धि पूर्वक अनुसन्धान गरिराख्नु । आफ्नू प्रकाश स्वभावमा बुद्धिलाई निरन्तर स्थित राख्नु, कुनै विषयको चिन्तन उठ्न नदिकन बुद्धिलाई जागा राख्नु, अर्थात् लय विक्षेप रहित तुल्याइकन बुद्धिलाई राख्नु । अधिष्ठान साक्षी स्वरूपमा मन वास्तवमा छैन, भ्रमले (आफ्नू साक्षी स्वरूपलाई नजाने पछि अर्थात् बिर्से पछि) अविद्याद्वारा आवृत भएको आफ्नू साक्षी स्वरूपबाट मन उत्पन्न हुन्छ (साथसाथै प्रमाताभाव र प्रमेय जगत् खडा हुन्छ) । विचार या स्वरूप अनुसन्धानको उद्देश्य हो कि मनलाई उसको उत्पत्ति स्थानमा राखिछाड्नु (अर्थात् उठ्न नदिनु) जुन क्षणमा साक्षीभावबाट मन उत्पन्न हुन्छ त्यै क्षणमा साक्षी तत्वमा नै मनलाई रोकिछोड्नू र साक्षी तत्वबाट निस्किकन कुनै अनात्म वस्तुको आकारमा आकारित हुन नदिनू, अर्थात् चिदाकारमा, आत्माकारमा आकारित राख्नू अर्थात् चित् स्वरूपको नै अनुभव गरी राख्नू, अर्थात् आफ्नू स्वरूपमा नै अवस्थान गरिराख्नू ।

त्यसको परिणामले मन अत्यन्त वृत्तिशून्य भैकन साक्षी स्वरूपमा डुविहाल्छ र साक्षी चैतन्य आवरण रहित भै हाल्छ । यसरी आत्म चैतन्यको भान स्वतः स्पष्ट रूपले हुँदै रहन्छ ।

(गीतामृत ३९५।९६)

मन कसरी शान्त हुन्छ–

प्रश्न– मन कसरी शान्त हुन्छ ?

उत्तर– भोगेच्छाको त्याग हो मनलाई शान्त तुल्याउनुको मुख्य उपाय । भोगेच्छाको त्यागलाई नै वेदवेत्ताहरूले समाधिभन्नुभएको छ। इच्छाको त्याग भए मन जस्तो शान्त हुन्छ त्यस्तो सयकडौं उपदेशद्वारा मन शान्त हुँदैन ।

प्रश्न– सुख र दुःखको हेतु के हो ?

उत्तर– इच्छाको उदय भए जस्तो दुःख हुन्छ, त्यस्तो दुःख नरकमा पनि प्राणीलाई प्राप्त हुँदैन र इच्छाको उपशम भए जस्तो सुख मिल्छ, त्यस्तो सुख ब्रह्मलोकमा पनि अनुभव हुँदैन ।

जतिजति र जसरीजसरी जन्तुको इच्छा उदित हुन्छ त्यतित्यति दुःखको बीजमुष्ठी बढ्दै जान्छ । जतिजति विवेक–ज्ञानद्वारा मानिसको इच्छा शून्य हुँदै जान्छ, त्यतित्यति दुःख चिन्ता शान्त भै हाल्छ ।

प्रश्न– दुःख–चिकित्सा को औषधि के हो ?

उत्तर– दुःखको चिकित्साको लागि धैर्यरूप पुरूष प्रयत्न हो- एकमात्र औषधि । अरू कुनै औषधि छैन। आफ्नो पुरूष प्रयत्नरूपी औषधिद्वारा धैर्य पूर्वक इच्छारूपी व्याधिको चिकित्सा नगरे पछि त्यो व्याधिबाट छुट्ने अरू कुनै उत्तम औषधि यो संसारमा विद्यमान छैन ।

जो भोगको इच्छालाई घटाउन प्रयत्न गर्दैन त्यसले

प्रतिदिन आफूलाई अन्ध कुपमा खसालिरहन्छ ।

(वशिष्ठ गीता – १७)

बुद्धिमानले के गर्नुपर्छ

प्रश्न– बुद्धिमान पुरूषले के गर्नु उचित हो ?

उत्तर– बुद्धिमान विवेकी पुरूष आदि अन्त्य शून्य पारमार्थिक ब्रह्म स्वभावमा शान्त भएर निरन्तर स्थित रहन्छ। द्रष्टा र दृश्य दशा हो दोषयुक्त, त्यसमा बुद्धिमान पुरूष कहिल्यै पनि प्राप्त हुँदैन (विवेकी पुरूष द्रष्टा र दृश्य भावमा सत्यता बुद्धि गर्दैन) ।

अज्ञानी पुरूषले यो संसारलाई साँचो भनी मान्दछ, वास्तवमा संसार अलिकति पनि साँचो हैन । ब्रह्म किंवा अनुभव मात्र हो परमार्थ सत्य ।

(वृहद् वासिष्ठ विज्ञान ६२)

शिव–हो बोधरूप

चञ्चल नभैकन र उद्वेग शून्य भएर प्रारब्ध भोगमा लिप्त रहू र स्वात्मज्ञानरूप पानीमा स्नान गरेर शुचि हुनू र आफूलाई नित्य बोधरूप भनेर जान्नू । यो नित्य बोध नै हो, शिव र तद्भावना नै हो तिनको पूजा ।

(गीतामृत २८६ ग्रीच)

आनन्द स्वरूप हो आफू

आनन्द स्वरूप आफू हो । चीज–वस्तुबाट आनन्द हुँदैन । चीज–वस्तुबाट आनन्द हुने भए चीज–वस्तु भएको ठाउँमा गै हेरे आनन्द हुनु पर्ने तर आनन्द हुँदैन । चीज–वस्तु भएको मानिससंग सोधिलेऊ आनन्द कुन चीज-वस्तुबाट आउँछ ? तब सिद्ध हुन्छ कि चीज-वस्तुबाट आनन्द आउने होइन रहेछ । आनन्द कसरी आउँछ त ? कुनै वस्तुको इच्छा जब हुँदैन अनि आनन्द हुन्छ, त्यसकारण यो सिद्ध हुन्छ कि

इच्छा नहुनु नै आनन्द प्राप्तिको कारण हो ।

(स्वरूप प्रकाश पृष्ठ १४०)

विषयमा सुखः छैन

विषय सेवनबाट मनुष्यलाई सुख मिल्न सक्दैन । मृग तृष्णाको पानी पान गरेर कसैको पनि पिपासा शान्त हुँदैन, किनकि उसमा पानी नै छैन । त्यस्तो विषय भोग जनित सुखबाट इन्द्रिय वृत्तिको शान्ति प्राप्त हुँदैन किनकि वास्तवमा विषय र विषयसुख अलिकति पनि छैन । त्यसकारण बुद्धिमान पुरूषले सच्चित सुखरूप परब्रह्मको नै अनुसन्धान गर्नु उचित छ । यसको परिणामले नाम रूपात्मक सारा प्रपञ्च निवृत्त भैहाल्छ । एकमात्र अचिन्त्यानन्द सुधासिन्धु परमात्मा नै अवशिष्ट रहन्छ ।

(ईश्वर विज्ञान पृष्ठ ६५)

नाना पदार्थ हो ब्रह्मस्वरूप

वसिष्ठ भन्नु हुन्छ कि नानापदार्थ प्रतीत भै राखेको छ तापनि नाना पदार्थ वास्तवमा छैन । नानापदार्थ प्रतीतिको पूर्व क्षणमा नानापदार्थ थिएन र नानापदार्थको प्रतीतिको अन्तमा नानापदार्थ रहँदैन । आदि-अन्तमा केवल परमात्मा अधिष्ठान– जुन चाहीं जीवको र जगत्को वास्तविक स्वरूप हो– त्यो विद्यमान रहन्छ । त्यसकारण बीचमा पनि अर्थात् जब नाना प्रपञ्च प्रतीत भैराखेको छ तापनि केवल आत्म-सत्ता स्वयं प्रकाशित भैरहन्छ । त्यसैले यो जो नाना प्रपंच देखनमा आइराखेको छ, त्यो नाना पदार्थ हो वास्तवमा एक अद्वितीय, वास्तविक अधिष्ठान स्वरूप ब्रह्म ।

(स्वरूपानुसन्धान पृ. २३)

वस्तु हो सत्ता सामान्य

परमार्थ सत्य वस्तु हो– अद्वितीय ब्रह्म वस्तु । त्यो परमार्थ

सत्य किम्वा सत्तासामान्यबाट संवित् खडा हुन्छ। संवित्बाट सम्वेदन खडा हुन्छ। सम्वेदनबाट सम्वेद्य खडा हुन्छ। त्यसो भएको हुनाले सम्वेद्यमा आस्था नगर्नु। तब सम्वेदनभाव नष्ट हुन्छ र त्यसको फलले सम्वित् तत्व पनि रहँदैन। सम्वित् तत्व सत्तासामान्यमा विलीन भै हाल्छ र सत्ता सामान्य (परमार्थ सत्य अद्वितीय ब्रह्म वस्तु) स्वयं प्रकाश परिशिष्ट रहन्छ।

(नारायण प्रसाद पृष्ठ १२६)

ब्रह्म हो स्वप्रकाश

ब्रह्म स्वरूपको साक्षात्कार कसरी ? शङ्कराचार्य भन्नु हुन्छ– "अद्वितीय स्वयं प्रकाश हाम्रो स्वरूपमा माया किम्वा अज्ञान छैन। त्यसैले म प्रमाणद्वारा जानिने वस्तु (ज्ञेय वस्तु) होइन, मलाई देख्न (साक्षात् जान्न) मेरो स्वरूप-देखि अतिरिक्त अरू साधन चाहिंदैन।

वशिष्ठ भन्नु हुन्छ– "प्रस्तरको कुनै रेखा जस्तो पत्थरमा अवस्थित भइकन पत्थरदेखि अभिन्न आफूलाई साक्षात् जान्दछ त्यस्तै मुमुक्षु अचल बुद्धिद्वारा आफ्नो चैतन्य स्वरूपमा स्थित भएर ब्रह्मलाई साक्षात् अनुभव गर्छ"।

माण्डूक्यकारिमा बताइएको छ– "ब्रह्म स्वरूप आफू-बाट प्रकाशित भैरहन्छ"।

(ईश्वर विज्ञान पृष्ठ ७३)

अविद्यानाशको बाटो

यदि सत्सङ्ग, सत्शास्त्र, विचार र आत्माभ्यास समकाल (एकै चोटी) मा अनुष्ठित हुन्छ भने सकल अविद्या एकैचोटी निवृत्त भएर जान्छ।

(आत्मानुसन्धान १०९)



प्रातः स्मरण स्तोत्रम

भगवान शंकर भन्नु हुन्छ प्रातस्काल, अर्थात् सन्धि-कालमा आत्माको जो उपलब्ध हो त्यसको म अनुभव गर्दछु । जो अव्यभिचारी सर्वात्मा स्वरूप हो, जो आत्मतत्व हो, त्यसको म अनुभव गर्छु । त्यसको अनुभव गर्नु अलिकति पनि कठिन हैन । आफ्नू हृदयमा सदा सर्वदा प्रकाशित भैराखेको अव्यभिचारी निजी स्वरूपलाई आफ्नू वास्तविक स्वरूप भनी अनुभव गरूँ ।

यो आत्मा वस्तु हो सत्वस्तु, शरीर-संसार सत् हैन । यो शरीर सय वर्ष पहिले थिएन पछि पनि रहँदैन, त्यसकारण यो शरीर सत्य हैन । साँचो भनी माने तापनि सत् हैन, किन यो पछि रहदैन ? स्वयं प्रकाश होइन, त्यसकारण साँचो हैन । देखेर के भयो ? देख्नुबाट साँचो हुँदैन । जस्तो स्वप्न आदि । जो आफूबाट प्रकाशित हुन्छ त्यो साँचो ठहर्छ । शरीरको सत्ता छैन, आत्मा हो प्रकाशरूप वस्तु, त्यसकारण बुद्धिमान पुरूष जगतलाई साँचो मान्दैन, साँचो मान्छ– आफू (आत्मा) लाई ।

बुद्धि हो जड, सुख दुःख आदि हो जड, किन ? यिनीमा कुनै कुराको सत्ता छैन ।स्वप्रकाश वस्तु कस्तो हो? अद्वितीय हुन्छ । हामी तीन अवस्थालाई प्रकाश गरिरहन्छौं । जाग्रत आउँछ हराउँछ, स्वप्न आउँछ हराउँछ, सुषुप्ति आउँछ हराउँछ आफू नित्य विद्यमान रहन्छ । त्यसकारण जाग्रतमा देखिएको सारा दृश्य हो चित्तको विकार ।

जाग्रत अहिले स्थूल देखिन्छ एकछिन पछि स्वप्नमा विलीन भै हाल्छ, फेरि स्वप्न पनि सुषुप्तिमा हराइ हाल्ने, सुषुप्ति पनि हामीमा हराइ हाल्ने । त्यसैले शुद्ध-चैतन्य-तुरीय हामीमा जाग्रदादि अवस्था कल्पित हुन्छ । स्थूल पदार्थ स्वप्नमा कसरी विलीन गर्ने ? सदा विलीन भएकै छ ।

अब यो प्रातस्काल हो त्यसकारण म भजन गर्दछु । कसलाई भजन गर्ने ? मन वाणिको अगोचर अगम्य जो वस्तु हो त्यसको भजन गर्छु । त्यसलाई कसरी जान्ने ? मन-द्वारा प्रकाशित गर्ने वस्तु हैन भनी बुझ्नु तब स्वयं प्रकाश आत्मा प्रकाशित भइहाल्छ । किनकि आत्मा प्रकाशित नै छ । त्यसो भए पहिले किन प्रकाशित भएन ? तिमीले मन विशिष्ट भैकन खोजीरहेका हुनाले भेट्टाउन सकेन । जब कल्पित वस्तु मन, वाणिलाई कल्पित भनी बुझ्छौ, झुटो भनी देख्छौ, तब आत्मास्वरूप प्रकाशित नै छ । देहादि विसिष्ट भावले गर्दा आत्मास्वरूप ढाकिए जस्तो भएको हो । देहादि तिमी हैन, तब के बाँकी रहने ? स्वयं प्रकाश आत्मा नै भासमान हुन्छ । त्यसो भए बुद्धि कहाँ गयो ? आत्मा मै हराइहाल्छ । किन ? बुद्धि आत्मादेखि भिन्न हैन । बुद्धिलाई फ्याँक्ने वित्तिकै आत्मा साक्षात्कार भै हाल्छ । मनले गर्दा त्यस्तो महान मान्छेलाई जन्म-मरण तुल्याइराखेको छ, सुखी दुःखी तुल्याइ राखेको छ ।

तिमी मन हैन तिमी सदा सिद्ध हो, सदा सुखी हो, किनकि सारा सिद्धि हामीमा आई स्थित भै राखेको छ । त्यस्तो आत्मारूप मेरो स्वरूपलाई म स्मरण गर्दछु ।

माया छँदै छैन, वासना छँदै छैन । छैन भनी जान्नेवाला जो प्रकाशित वस्तु हो त्यो हो हामी । हामी प्रमाता हैन, हामी हो सिद्ध वस्तु, बलवान वस्तु, ब्रह्म वस्तु । यो वेदले हामीलाई

नेति नेति भनी बताइराखेको छ ।

हामी हो देवताको पनि देवता, हामी हो निर्विशेष वस्तु, अज-जन्मेको मान्छे हैन, अच्युत हामीमा च्यूति छैन । अर्थात् घटी बढी छैन । पहिले आत्मा सिद्ध नभए कुनै पदार्थ प्रकाशित हुन नपाउने कस्तो ठूलो वस्तु हो हामी ? त्यसैले म फेरि त्यो सनातन परमानन्द-पुरूषोत्तम वस्तुलाई नमस्कार गर्छु ।

सनातन कस्तो वस्तु हो ? जो कहिले पनि नाश हुँदैन, जो कहिले पनि अन्धकार छैन, अन्धकारले त्यसलाई ढाक्न सक्दैन, त्यो अन्धकारको प्रकाशक हो । जस्तो सर्प डोरीमा स्थित हुन्छ त्यस्तो बुद्धि आत्मा भएर बस्छ तब साक्षात्कार बन्दछ ।

एक जो अद्वितीय आनन्द चैतन्य वस्तु हो त्यस्मा सारा जगत् कल्पित हो । हामीमा जगत् वास्तवमा छैन यस्तो आफ्नू स्वरूपलाई म वारंवार याद गर्दछु ।

अब म देवताको बारेमा २।४ शब्द भन्छु सुन– कस्तो देवता ? देवताको पनि देवता । सारा भूतमा, प्राणिमा, सारा पदार्थका हृदयमा, सत्ता स्फूर्ति दिएर लुकिबसेका जो वस्तु हुन् । तिनलाई देवता भन्दछन् । देवता हो एक "एकोदेव" यो सारा भूत प्राणवान हो, अथवा प्राणरहित हो, त्यो सारामा देवता लुकेर बस्नु भएको छ । देवता बाहिर जंगल, पहाड, कंदरामा पाइँदैन किन ? देवता सबैको हृदय गुफामा लुकेर बसिराखेको हुनाले आफ्नू हृदय मै हेर्नु पर्छ ।

यस्तो देवतालाई कसरी जान्नु ? जसले मनलाई प्रकाश गरिराखेकोछ । मनलाई थाहा पाइराखेको जुन हो त्यो हो देवता । मनलाई त म प्रकाश गर्छु । तब तिमी नै हो देवता । देवतालाई हेर्न स्वर्गादि पुग्नु पर्दैन । देवता हो मनलाई प्रकाश

गरिराखेको शुद्ध चैतन्य । यसरी सजिलो सित देवताको पत्ता र अनुभव भै हाल्छ ।

यो देवता हो सर्व व्यापक, चर अचर सारा ठाउँमा लुकेर बसिराखेको । यो कुरा जान्नु पर्‍यो जान्नु हो श्रद्धाले ग्रहण गरिहाल्नु ।

आफू सदा सर्वदा स्वयं प्रकाश हो, तर थाहा भएन त्यसकारण फेरि जान्नु पर्‍यो अर्थात् स्वयं प्रकाश वस्तुलाई पुनः प्रकाशन चाहिन्छ । आँखा हो– चैतन्यस्वरूप भएको बुद्धि । हामी बुद्धिलाई चैतन्य समुद्रमा नड्डुवाउने । चैतन्य समुद्रमा बुद्धिलाई फ्याँकिदिए आफू पनि फ्याँकिन्छ, जहाँ बुद्धि वहाँ आफू । कसरी फ्याँक्ने ? बुद्धि छँदैछैनभनी मान्नु हो फ्याँक्नु । कसरी छैन ? नेति नेति भनिराख्यो । अविद्या छैन, बुद्धि पनि छैन, छैन भन्ने बित्तिकै के हुने ? आत्मा साक्षात्कार हुने ।

कर्म उपासना हो कल्पित वस्तुलाई लिकन स्वीकार हुन्छ । अकल्पित अद्वैतपरक भएका हुनाले ज्ञान अत्यन्त श्रेष्ठ हो । भूलले शरीर, मन आफू हो भनी तिमीले मानेका छौ, त्यो भूललाई फ्याँकिदिनु । बुद्धि छैन कसरी जान्ने ? श्रद्धाले छैन छैन भनेर । शंकर भगवानले बताउनु भो– तिमी शरीर सित मिलिराखेका चैतन्य हैन भनी बुझ्यो कि तिम्रो वास्तविक शुद्ध चैतन्य प्रकाशित भैहाल्छ ।

ज्ञानी चिन्नलाई कठिन होइन । कसरी ? ज्ञानीको संग गर्नु । कस्तो छाँट हुन्छ ? बडो रसिलो कुरा सुनाउँछ, शास्त्रको हृदय बताउँछ । ज्ञानी अज्ञानीमा के फरक ? ज्ञानीलाई स्वरूपमा अनुभव छ, कसरी थाहापाउने सबै खान्छन् ? पिउँछन्, हिंड्छन् । ज्ञानीको उपदेश सुन्नु त्यो सित संगत गरे ज्ञानीको चर्या देखिन्छ तब थाहा हुन्छ ।

सज्जन मानिसको सत्सङ्गमा खुव रूची हुन्छ छोड्नै सक्तैन। देह संसारलाई आफू भनी ठानिराखेको छ तर त्यो वास्तविक सत्य हैन भनी परित्यक्त गर्ने वित्तिकै आत्मा प्रकाशित हुन्छ। संसारलाई छोड्नु परेको छैन। संसार सदा परित्यक्त नै छ। कसरी? आविद्यक हुनाले, इन्द्रजालले रचेको हुनाले। यो हामीले नदेखे तापनि शास्त्र र सज्जनले बताई राखेका छन्। ज्ञानीको संगबाट संसारभ्रम हराइहाल्छ। सिङ, पुच्छर देख्नु परेको छैन। इन्द्रजाल-बाट बनेको शरीर रहनु र नरहनु सित के सम्बन्ध छ? इन्द्रजालले रच्यो, चलाइ राख्यो, नाश पनि गरी हाल्छ तब हाम्रो के हानी भयो। चित्त शुद्धि गर्नु पर्छ सव कुछ माइक हो भनी बुझ्नु पर्दछ। त्यसो भए कर्ता-भोक्ता रहँदैन।

—०—

२०२५।२।२९ मा
सेतोदर्वार।

तिमी मनसित सम्बन्ध नराख तिमीत मनको साक्षी स्वयम् प्रकाश आनन्द स्वरूप हो।



विश्वनाथ

संसार भरिमा जो ठूला ठूला तीर्थ छन् त्यो सारा तीर्थ हामीहरूको हृदयभित्र स्थित हुनुहुन्छ । जो मनको निवृत्ति हो त्यो ठूलो शान्ति हो । सदा जो वृत्ति स्फुरि रहन्छ त्यो वृत्ति जहाँबाट स्फुरि रहन्छ त्यहाँ नै मनलाई विलीन गरी बस्नु । अर्थात् उपशम हो आत्माको अनुभव हुनु । त्यो हो मनिकर्णिका तीर्थ । आत्माको कसरी अनुभव हुन्छ ? मन कसरी निवृत्ति हुन्छ ? मन वास्तवमा भएको वस्तु नै हैन, मन आत्मादेखि भिन्न हैन भनी जान्नु हो मनिकर्णिका तीर्थ । सारा दृश्यमान पदार्थ चलनबाट खडा भएको हुनाले कल्पित हो । कल्पित भनी जानेपछि बाँकी ज्ञानस्वरूप मनिकर्णिका नै रहन्छ । शरीरको भित्र गंगा पनि छ, बिमल, निर्मल ज्ञानको प्रवाह हो ज्ञानगंगा । ब्रह्माण्ड भर जो कुरा मिल्छ त्यो हाम्रो यो शरीररूप पिण्ड भित्र पाइन्छ । यो शरीरको भित्र महान दवताको पनि देवता निरन्तर विद्यमान छ । त्यो देवता देख्न पाएको थिएन । आज ज्ञानरूपि आँखा खुल्यो । जस्मा चराचर पदार्थ बसिराखेको छ, त्यहाँ नै हो काशी । आफ्नू स्वरूप भूत तत्व हो काशी । मैले देखिराखेको छु त्यो म जान्दछु त्यस्तो अवभासक जो तत्व हो त्यो हो काशी। जहाँ पुगेपछि कृतार्थ हुन्छ। बुद्धि र चैतन्य वस्तु अभिन्न हो । हामीहरूले बुद्धिलाई विगारिकन परपुरूष

विषयाकारमा लगाइराखेका छौं । बुद्धि हो भवानी, तिनी पाँच कोशमा बसिराख्नु भएको छ । जब बुद्धि अनात्मकार हुन पाएन तब स्वतः आत्माकार बनिहाल्छ । बुद्धि स्वतः आत्माभिमुख छ । किन बुद्धि आत्मा मै बसिराखेको छ ? चैतन्यविना बुद्धिको सत्ता छैन ।

प्रति शरीरमा साक्षीरूपले शिव निवास गरिरहनु भएको छ । त्यो हो परमात्मा । विश्वनाथ हो साक्षी चैतन्य । सारा मनको कुरा थाहा पाइराखेको हो । त्यसो भए विश्वनाथ म देखि भिन्न हैन । जाग्रदादि तीन अवस्थाको प्रकाशक, जाग्रदादि रहित त्यो हो विश्वनाथ ।

–०–

२०२५।२।३० मा
सेतोदर्वार ।

तिमी, चिताएर मात्र नाना विषय पदार्थ
प्रतीत भै राखेको छ ।
नचिताई, ननिदाई हेर
तिमी ब्रह्मरूपले अवस्थान भै हाल्दछौ



शिव पूजा
सुतसंहिता-दोश्रो खण्ड

सुखको बाटो हो आफ्नू वास्तविक स्वरूपलाई ग्रहण गर्नु । भगवान बसिष्ठ भन्नु हुन्छ– यो सारा जगत् हो वास्तविक परमात्म स्वरूप नै । यो कुरा सहजरूपले वासिष्ठमा शिव पूजाको क्रममा बताइएको छ ।

भगवान वसिष्ठजीले शिवजीसित सोध्नु भो– हे भगवान ! शिव पूजा कस्तो कुरा हो कसरी गर्नु पर्छ ? शिवजी भन्नु हुन्छ हे वसिष्ठ ! जो शिव हो त्यो म तिमी कुनै देवता हैन। शिव हुनुहुन्छ अखण्ड, आनन्द, चैतन्य स्वरूप परब्रह्म । साकार– सगुण शिव हैन, शिव हो निराकार परमार्थ अद्वितीय वस्तु । अर्थात् नित्यसत्य वस्तु, नित्य आनन्द वस्तु, मंगलमय आनन्दस्वरूप । आनन्द वस्तु हो त्यो परमात्माको विशेष स्वरूप । शिव हो परम सात्विक पुरूष । शिवजीको प्रसादविना ज्ञान हुँदैन ।

बाहिर जो जगत् देखिन्छ त्यो सारा शिव रूप हो भनी जानेर पूजा गर्नु हो वाह्य पूजा । सारा पदार्थ हो शिवरूप । पहाड हो शिवरूप, नदी हो शिवरूप, भनी अनुभव गर्नु हो शिव पूजा । यसबाट पूजकको बाहिरको व्यवहार गर्दा शिवजीकै अनुभव गरिरहन्छ । जस्तो स्वप्नबाट जागेपछि स्वप्नको संसार सारा मेरो स्वरूप नै हो भनी अनुभव गर्छ त्यस्तै प्रपञ्चलाई अभाव नतुल्याएसम्म शिवको दर्शन मिल्दैन ।

बाहिर जो देख्नमा आउँछ त्यो सारा शिव स्वरूपमा कल्पित हो भनी अनुभव गर्नु हो शिव पूजा । धन आदि पदार्थलाई चढाउनु ठूलो कुरा हैन । आफ्नू मनलाई चढाए पछि शिवजी खुशी हुनुहुन्छ' ।

कुरा स्फुर्छ त्यही चैतन्यमा, अन्यत्र कहीं स्फुर्न सक्दैन । चैतन्य विना दरिद्रय सिद्ध हुँदैन । त्यसैले दरिद्रयादि कुनै वृत्ति पनि शिवदेखि भिन्न हैन भनी जान्नु हो भित्रि शिव पूजा ।

आफ्नू साक्षी स्वरूपमा नै सारा कुरा स्फुरेको छ, साक्षीमानै स्थित छ, साक्षीमानै विलीन हुन्छ भनी जानेर शिव रूप आफ्नू स्वरूपमा रमिरहन्छ । यसरी बाहिरको प्रपञ्च देख्दा पनि उनै शिवलाई संझनु र भिन्न देखिन्छ जो प्रपञ्च सुख, दुःख हुँदा पनि त्यसको प्रकाशक आफ्नू वास्तविक स्वरूपलाई जानिराख्नु हो । शिव पूजा ।

मनसित मिले पछि शिव पूजा हुँदैन । मानिस बुद्धिसित मिलेर ईश्वरलाई पनि विस्वास नगर्ने भए ।

—०—

२०२५।३।२ मा
सेतोदर्वार ।

यो देह संसार सत्य होइन, मनको सृष्टि मात्र हो ।
तिमी त सच्चिदानन्द तथा ब्रह्म, स्वरुप हौ ।



गीताशास्त्रको मार्मिक श्लोक

हे अर्जुन ! म सबैको हृदयमा स्थित भएर बसेको छु र यिनीहरूलाई मायाको सहाराले भ्रमण गराइराखेको छु ।

भगवान सबैको हृदयमा निवास गरेका हुनाले हामीलाई परमात्मा नै मायाद्वारा घुमाई रहन्छन् । जस्तो काठको पुतलिलाई धागोद्वारा चालित गराइराख्छ त्यस्तै सारा जीवहरूलाई चलाई राखेका हुन् परमात्मा । अज्ञानले गर्दा हामीले जीवभाव स्वीकारेका छौं । त्यो जीव भावापन्न मानिसलाई परमात्माले संचारण गर्नु भएको छ । त्यसैले अर्जुनलाई भन्नुभयो– तिमी स्वतन्त्र हैन तिमीहरू यन्त्रारूढ भएका छौ। हामीहरूले केही निर्णय गर्न सक्दैनौ, किन ? हामी स्वतन्त्र छैनौ ? हाम्रो बुद्धिमा ईश्वर आरूढ भै बसेकाले उनै ईश्वरबाट चलिरहन्छ । त्यसकारण संसारबाट निस्क्रिय हुन इच्छा भए हृदयस्थित मलाई प्राप्त गर्नु पर्छ । त्यसैले सत्संगमा आए झुठा प्रमाताभावलाई छोडी दिनु पर्छ । आफू वास्तवमा कोहो त्यो यथार्थ जान्नु पर्छ । तिमी आफूलाई जो अनुभव गरिराखेका छौ त्यो हो भ्रान्त अनुभव । किनकि तिमी ईश्वरदेखि भिन्न जीव बनिकन कर्ता भोक्ता भै हिंडी रहेका छौ । त्यसैले तिम्रो दुःख कहिले पनि निवृत्त हुँदैन ।

मधुसुदन भन्नु हुन्छ– सारा शास्त्रको तात्पर्य हो ईश्वरको शरण पर्नु । यो शास्त्रको तात्पर्य हैन । त्यसो भए दुःख निवृत्त कसरी हुने ? अद्वैत संस्थाको काम हो सारा

अज्ञानलाई हटाइदिएर ज्ञानलाई प्रदान गरिदिने ।

अन्तस्करणको वृत्ति (म र मेरो) लाई नउठाऊ । शरीर इन्द्रियबाट आफ्नू स्वाभाविक शास्त्रोक्त कर्म हुन दिनु । त्यो स्वभावले हुँदै गर्छ तर कहिले पनि आफू नबन्नु । यसरी कर्म हुन देऊ तब तिम्रो चित्त स्थीर हुन्छ, तब तिमी आफ्नू स्वरूपलाई चिन्न सक्दछौ । कसरी ? तिमीले आफूलाई कर्ता, भोक्ता, ज्ञाता भनी मान्नु ठीक हैन, किनकि शरीर मन, बुद्धि सारा प्रकृतिबाट खडा भएका हुन् । प्रकृति साँचो हैन, त्यसको कार्य पनि साँचो हैन त्यसकारण वेदले नेति नेति भनिराखेको छ ।

तिमीले आफूलाई देहादि विशिष्ट मानिराख्नु हो भूल । यस्तो शास्त्र सज्जनबाट सुनिकन त्यो कुरालाई अपनाऊ, तब तिम्रो भ्रान्ति निवारण भएर जान्छ । सुनेको कुरा लिहाल्नु पर्छ किन ? महात्माले शास्त्रको, वेदको कुरा बताइराख्नु भएको छ, यो कुरा लिए आफ्नो जीवभाव निवृत्त भै हाल्छ ।

कुरालाई लिनु हो म शुद्ध चैतन्यहुँ भनी मान्नु । जानीने कुनै चीज आफू हैन, लोभ आए पनि त्यो मानिस आफू हैन किनकि आफू हो लोभ मोहलाई प्रकाश गरी राखेको शुद्ध चैतन्य । काम गर्ने मानिस म हैन । संसारको सारा दुःखबाट छुट्ने बाटो हो हामीहरू संसारी देहधारी जीव हैन भनेर जान्नु । शास्त्रले तिमीलाई आत्मा भै हाल भन्दैन, तिमी देहादि विशिष्ट मान्छे हैन भनी भनिरहन्छ । यो कुरालाई ग्रहण गऱ्यो कि आत्माको अनुभव भइहाल्ने ।

प्रारब्ध हो जड । प्रारब्ध अधिष्ठित परमात्माबाट सारा कुरा परिचालित भइरहन्छ । शास्त्रले बताएको छ आफू को हो ? के हो ? यस्को विवेचन गर्नु । आफू हो शुद्ध चैतन्य ।

यो हाम्रो सनातन अपौरूषय वेद हिन्दू संस्कृतिको शास्त्र हो, त्यसले आफ्नू वास्तविक स्वरूपलाई संझाइरहेछ । त्यो आफ्नू स्वरूपको उपलब्धी हो स्वत सिद्ध । जो सदा सिद्ध वस्तु हो त्यस्को फेरि सिद्ध गरिदिनु ।

सन्धिकालमा आत्मालाई सजिलोसित उपलब्ध हुन्छ । दुई कुराको जब अभाव हुन्छ तब सन्धिक्षणमा स्वतः सिद्ध वस्तु आत्माको अनुभव हुन्छ ।

०२५।३।१ मा
सेतोदर्वार

तिमी जब कर्ममा जुट्दछौ
तब रङ्गमञ्चमा खेल्ने पात्र झैं संझ ।
तिमी जब काम धन्दाबाट उपराम हुन्छौ
तब निजी शुद्ध स्वरुपमा अवस्थान गर ।



आनन्दको वर्णन

आत्मा हो चैतन्य वस्तु र आत्मा हो आनन्द वस्तु । चेतनभन्दा आनन्द वस्तु हो झन ठूलो । खास आनन्दको खानी हो हामीहरू । त्यसको उपलब्धी हुन्छ सुषुप्तिमा । त्यसैले सुषुप्तिको अनुस्मरण गर ।

यो देखिएको प्रपञ्च सबै पुतली हो । परमात्मरूप कर्ताले चलाएका छन् । आत्मा अन्तस्करणमा प्रतिविम्वित हुन्छ । अन्तस्करण चल्यो कि प्रमाता, प्रमाण, प्रमेय खडा हुन्छ। यो सारा प्रपञ्च हो त्रिपुटीरूप। त्रिपुटी माने मनको विकार । यो विकारको चलायमानता हो संसार । त्यो तिमीहरूले थाह नपाउनाले भ्रममा परिराख्यौ। आत्मसुखको अभिव्यक्ति चाहिन्छ भने विषय संग्रह चाहिंदैन । के चाहिन्छ ? चित्तको अचञ्चलता । विषयविना पनि चित्तलाई अचञ्चल तुल्याउन सकिन्छ ।

आनन्द वस्तु हो सर्व व्यापक। बाहिर पनि छ, भित्र पनि छ। अन्तस्करण अचञ्चल भए आनन्दको प्रकटता हुन्छ । मानिसलाई जो आनन्द हो त्यो विषयबाट मिलेको छैन । विषयप्राप्तिबाट हाम्रो अन्तस्करण अचञ्चल तुल्याइदियो । किन्तु आनन्दलाई खडा गरेन । त्यसैले विषयबाट आनन्द आएको भनी मानिराख्यो । त्यो भूललाई सत्संगले निवारण गरिदिन्छ। यथार्थ कुरा ईश्वरअनुग्रहविना फेला पर्दैन ।

सबैलाई पिरोली राख्यो चित्तको सद्भावनाले । आफू माहान भैकन पनि भूलले सानु बनिराख्यो । आफू सामान्य

रूपले ठूलो भनी थाहा छ किन्तु विशेष रूपले ठूलो भनी अनुभव गर्नु पर्‍यो तब सुखी बनिहाल्छ ।

हामीहरू सबै हो ज्ञाता मानिस। कर्म जानेको, भजन गरिरहेको, आफ्नू ब्रह्मस्वरूपलाई सुनेको, बुझेको । तर चित्त उठिहाल्छ तब फेरि संसार आइहाल्छ । चित्त आइहाल्छ नि ? चित्तलाई तिमीले किन साँचो मानिराखेका हौ । मूर्ख मानिस अकस्मात चित्तलाई खडा गरी सत्य मानिलिन्छ तब कसरी आत्माको अनुभव गर्ने । नभएको वेताललाई सद्भावनाले मानिराखेसम्म दुःख कहाँबाट छुट्ने ? वेताल भएकै हैन भनी दृढ निश्चय हुनु पर्‍यो । चित्तको स्वभाव हो चलिराख्नु, त्यसैले चित्त आइहाल्छ नि। चित्त कहाँबाट आउने ? बाँझिको छोरा कहाँबाट आउने ? देखिन्छ नि ? त्यो त हो आत्मा। आत्मादेखि भिन्न केही पनि छैन । यो शास्त्रको निर्घोष हो त्यसकारण चित्तको सत्यताको पक्ष लिनै भएन । मान्डुक्यकारीका भन्नु भो– चित्त हो चैतन्य, त्यसैले चित्त छैन, चित्तको चैतन्यभाव प्राप्ति-चित्त आयो चैतन्यमा चित्त चैतन्य बनिहाल्यो । चित्त चैतन्य बन्यो कि एकछिन पछि साक्षात्कार बनिहाल्यो, त्यही चैतन्यबाट ।

चित्त चलिराख्योनि ? चलेको छैन, जस्तो पानीको बुदबुदको स्वरूप हो त्यस्तै चित्त हो चैतन्य स्वरूप। आत्माले आत्मालाई जान्दछ, जानिने हो आत्मा। चित्त दर्कार छ कस्तो चित्त ? चैतन्य बनेको चित्त, चैतन्यदेखि अभिन्न चित्त । ब्रह्माकार चित्त, ब्रह्मस्वरूप भएको चित्त चाहिन्छ ।

चित्त भएको वस्तु हैन तब चित्त कहाँबाट आउने ? बाझीको छोरा कहाँबाट आउने ? चित्त साँचो मानेपनि २।४ दिनपछि झुट्टा मान्नै पर्छ। बाटो दुई छैन, बाटो हो एक ज्ञान मात्र ।

अब चित्तको विनाश देखाउँछु– नून पानीमा फ्याँके पानीरूपले बस्छ । मिथ्या चित्त पनि चैतन्य समुद्रमा चैतन्य भएर बस्छ । चित्त जहाँ जाने हामी त्यहीं पुग्ने साक्षात्कार भए नै ब्रह्ममा पुग्ने । हामी कसरी पुग्ने ? चित्तलाई पुऱ्याए पछि, पुग्योकि ब्रह्मसित हाम्रो अभेद हुने ।

चित्तलाई ब्रह्मसमुद्रमा फ्याँक्ने कुरा हो चित्त मिथ्या-भनी बुझ्नु । बुझ्यो कि चित्त ब्रह्ममा पुगिहाल्छ । हामी चित्तमा बसेको, चित्त चैतन्यमा निमज्जित छ तब हामी चैतन्यमा बसी चैतन्यलाई किन नजान्ने ?

चित्तलाई चैतन्यमा फ्याँके चित्त चैतन्य बनेपछि चैतन्य-को अनुभव हुनु हो साक्षात्कार ।

–०–

तिमी नित्यसिद्ध जो हो त्यस्तै भएर रहू ।
तिमी त जाग्रद स्वप्न सुषुप्तिको अधिष्ठान हो ।
तिमी आफ्नो चिदानन्द स्वरूपलाई न भुल ।
तिमी त जन्म-मरण रहित अविनाशी ब्रह्मस्वरुप हो ।



ज्ञानमाला

१, मानिस दुःखी हैन खाली ठानेको मात्र हो । आफूत सुख स्वरूप शुद्ध चैतन्य हो । त्यो सुषुप्तिमा पुरा देखनमा आउँछ ।

२, तिमीहरूको गल्ती हो दृश्यसित मिल्नु ।

प्रश्न–दृश्य कहाँ छ र ?

उत्तर– स्फुराए र खडागर्नुबाट । त्यसकारण जसमा खडा हुन्छ त्यो तिमी सदा रहने चीज हो । त्यो खडा भएको वस्तु-सित किन मिल्नु । न मिले कुनै डर छैन । आफूत हरहालतमा शुद्ध चैतन्य हो आसय यो होकि मैले खडा नगरे केही खडा हुन सक्तैन, तब किन खडा गर्नु । खडा भइहाले त्यस्तो तुच्छ चीजमा किन मिल्नु ?

३, विचारलाई कहिले पनि नछोड्नु । आफू अविनाशी ब्रह्म हो । आफूदेखि ठूलो अरू केही छैन। किन? कुरा खडा भए पनि न भए पनि आफूत सदा भएको वस्तु हो । चित्त खडा भए त्यो नभएको कुराले आफूलाई छुनै सक्तैन । कुरा खडा हुन्छ जान्छ, आफू एक नाश रहिरहन्छ । त्यही उज्यालो (शुद्ध चैतन्य) तिमी हौ । त्यसैलाई बताउनु नै सारा शास्त्र सज्जनको रहस्य कुराहो ।

४, साक्षात्कार चाहिन्छ भने होस राख्नु । निद्रालाई कम गर्नु, दृश्यसित कहिले पनि नमिल्नु । दृश्य भर्खर खडा गरेको वस्तु हो । सुषुप्तिमा थिएन, आफू त्यस्तो भैकन पनि यिनीहरू सित किन फस्नु । तिमी त शुद्ध चैतन्य हो । खडा गर्नु हो संवेदन साक्षी, खडा भएको चीजमा मिल्नु हो प्रमाता ।

यो अघि भर्खर नभएको वस्तु हो, यस्तो वस्तुमा किन फस्नू। तिमीहरूलाई थाहा छ कि? जसमा खडा हुन्छ त्यो खडागर्ने वाला आफु हो भनी राम्रो सङ्ग जान्न सकेन। जानेदेखि खडा भए पनि दुःखी हुन सक्तैन। किनकि आफू दृष्यखडा नहुँदा पनि रहेको शुद्ध चैतन्य हो। जो जति बनेको वस्तु हो त्यो अविद्याको कार्य (नभएको) झुठा वस्तु हो। सुषुप्तिमा हेर कुनै वस्तु छैन। आफू सिंगै उज्यालो हो।

५. कामकाज हो शरीरको। त्योसित तिम्रो केही मतलव छैन। कामकाज हुन दिनु, किन त्यो शरीरबाट भैराख्छ। त्यो प्रारब्धबाट मिलेकोले सारा अविद्यक हो। अलिकति पनी भएको वस्तु हैन। भुलले मानिराखेको मात्र हो। आफू पारमार्थिक सदा रहने वस्तु हो, त्यसलाई कसैले छुन सक्तैन, त्यसैले आफू ठूलो वस्तु हो।

६. तिमीहरूको गल्ती हो स्त्री पुत्र, जग्गा, जमिन र शरीरमा अहंबुद्धि गर्नु। पहिले म भनी शरीरलाई मानिराखेको छ र दोस्रो स्त्री पुत्रलाई मेरो भनी पक्का ठानेको छ। स्त्री, पुत्र, जग्गा जमिन फाल्नु पर्दैन, पालन–पोषण प्रारब्धबाट शरीरद्वारा भैरहन्छ, त्यो भएको हैन किन? अविद्याले रचेको हुनाले त्यसमा भुल्नु परेन किनभने अविद्याको संसार मायावि परमात्माद्वारा नै चलिरहन्छ किन? आफू हो शुद्ध चैतन्य। चैतन्यसित कुनै वस्तु मिल्न सक्तैन किनभने आफू हो पारमार्थिक सत्य वस्तु, यिनी हुन् अपारमार्थिक वस्तु। यो कुरा बुझेदेखि सरासर मोक्ष मिलिहाल्छ।

७. ब्रह्मज्ञानी हो ब्रह्म, त्यसको ज्ञान अटुट रहन्छ। किनकि उनको ज्ञानको पूरा संस्कार रहन्छ। खाए पनि, हिंडे पनि, बोले पनि, बसे पनि ज्ञानीको ज्ञान थाहा भैरहन्छ। आफू सदा प्रसन्न रहन्छ, किन आफू गुणातीत वस्तु हो। यै

हो ज्ञानीको विशेषता ।

८. अविवेक भन्छ, दुई वस्तुलाई पृथक, पृथक छुटचाउन नजान्नु । शरीर अविद्याले रचेको विनश्वर दुःखदायी हो यसलाई आफू मान्नु कत्रो गल्ति हो । आफू अविनाशी वस्तु-जस्तो सुषुप्तिमा देखिन्छ त्यस्तो आफू सदा रहिरहने शुद्ध चैतन्य पारमार्थिक वस्तु । अपारमार्थिकमा दृश्यको आरोप गर्नु हो अविवेक । यस्तो अविवेकले गर्दा सबै जग्गा जमिन शरीरादिमा आफू ठानिराख्छ ।

विवेक भन्नु हो आफूलाई शुद्ध चैतन्य स्वरूप हो भनी अनुभव गरिराख्नु । अर्को रहस्य कुरा सुन– पहिला भूमिका जसको प्राप्त छ उसको विवेक, वैराग्य, शम, दम, मुमुक्षा आदि चारै साधन मौजुद हुन्छ । पहिला भूमिका भए चतुर्थ भूमिका अलि दिनमा भैहाल्छ । ज्ञान सफल भैहाल्छ ।

वासिष्ठमा वसिष्ठले बताउनु भो– हे राम ! जसले एक आधा भूमिका प्राप्त गरको छ त्यसलाई म नमस्कार गर्दछु । विवेक भएदेखि ज्ञानी हुनु सहज छ । किनभने आफू ज्ञानस्वरूप नै हो ।

९. शङ्कर भगवान् सारा भाष्य रचना गरिसकेपछि आमालाई अन्तिम विवेक बताउनु भयो, अर्थात् विवेक चुडामणि खडा गर्नु भो। त्यसकारण विवेक मामुली कुरा हैन सर्वोपरि ठूलो कुरा हो ।

१०. सारा दृश्यलाई प्रकाश गर्नेवाला तिमी हौ । तिमी स्वप्रकाश हौ । आफूलाई प्रकाश गर्न अरू कुनै वस्तु जरूरत छैन । जस्तो सुषुप्तिमा देखिन्छ आफू सदा स्वयं प्रकाश शुद्ध सत्ता मात्र हो । जो स्वप्रकाश हो त्यो सत्य वस्तु हो। जो देखिन्छ, सुनिन्छ त्यो सारा झुट्टा हो। यो हो वेदान्तको सारा सर्वस्व कुरा, सबैलाई जान्नु वस्तुरूप हो आफू । त्यस-

कारण ठूलो श्रद्धाले कुरालाई दृढ गरिहाल । श्रद्धा हो संसारमा अरूचि, भोगमा अरूचि, यस्तो श्रद्धा भए माथि उठिहाल्छ, वेर लाग्दैन । आफू माथि उठिराखेकै वस्तु शुद्ध चैतन्य हो । अहिले बनाएर खडा गर्ने हैन, आफू बनिबनाउ वस्तु हो, विचार गरिहेर ।

११. सत्यमार्ग चल्नुको आशय हो आमा–बाबुलाई सन्तोषराख्नु । अर्थात् आमा–बाबुलाई खुशी तुल्याउनु । आमा-बाबुको सन्तोषविना कल्याण हुनु संभव छैन । आमा-बाबु हो ईश्वर । यिनीहरूलाई खुशी नतुल्याए कहीं गए पनि, विद्वान् भए पनि, कोटी धाम घुमे पनि कल्याण हुँदैन । यो हो ईश्वरको नीति, ईश्वर नीतिमा नचले कसरी कल्याण हुने । त्यसैले पहिले पिता माताको सेवा गर्नु, आज्ञा पालन गर्नु सदा खुशी तुल्याउनु तब तत्क्षणमा नै चित्तशुद्धी भैहाल्छ ।

जस्तो आमालाई हेला गरेको हुनाले विद्यारण्य जस्तो महान् विद्वान्लाई पनि ज्ञान प्राप्त हुन सकेन । यो इश्वरको कानून हो । पितालाई खुशी तुल्याए ईश्वर खुशी हुने । पितालाई सन्तोष नतुल्याए ईश्वर खुशी नहुने यस्तो नीति ईश्वरले बाँधिराखेकाछन् । त्यसकारण सर्वोपरि माता पितालाई खुशी तुल्याए मात्र मोक्षको ढोका खुल्दछ ।

१२. आफू हो वस्तु तन्त्र, त्यसकारण सदा प्रकाशित । कहिले पनि अप्रकाशित हुन सक्दैन । आफू कहिले पनि हराउँदैन । आत्मा सिङ्गै सदा प्रकाशित छ । स्वरूपदेखि आफू कहिले पनि नझर्नु । सदाकाल स्वरूपको याद चाहिन्छ अर्थात् बुद्धिपूर्वक याद भैराखोस् । आत्माको सदा प्रेम भैरहोस्, त्यसो भए दृढता हुँदै जान्छ । अहिले तिमीहरूको काम हो निषेध मुख– कुनै कुरालाई कहिले पनि ग्रहण

नगर्नु । किन ? आफू ग्रहणलायक वस्तु हैन । आफू हो शुद्ध चैतन्य प्रकाश स्वरूप ।

१३. प्रश्न– मेरोस्वरूप प्रकाशित भएको छैन ?

उत्तर– यसो त्यसो भन्नेवाला तिमी हैन । तिमी त शुद्ध चैतन्य हो, चैतन्य कहिले पनि अचैतन्य बन्न सक्दैन । त्यसकारण अन्तस्करणलाई अलिकति पनि ग्रहण गर्न भएन । ग्रहण नगरे तिमी सधैं शुद्ध चैतन्य हो । तिमी ठान्नेवाला, कुरा झिक्नेवाला हैनौ । जीवभाव स्वीकार गरे तिमी कुनै जन्ममा पनि ब्रह्म हुन सक्ने छैनौ । तिमी खास ब्रह्म नै हौ । हेरिहाल सुषुप्तिमा ।

१४. बत्ती जलाएपछि सिंगै अँध्यारो हराउँछ, आदि मात्र हराउँदैन त्यस्तै जीवभाव ग्रहण नगरे पुरै आत्मा प्रकाशित हुन्छ, आदि हैन ।

१५. तिमी झरेको संसारमा फँसेको मानिस हैन । त्यसकारण साधनको पनि केही अपेक्षा छैन । हैन झरेको मानिस हो नि? त्यो तिमी होइन। तिमी हो पूर्ण चैतन्य त्यसो भएकाले केही साधन चाहींदैन । साधन हो स्वरूपको पहिचान । जब स्वरूपको पहिचान सतसङ्ग र सत्‌गुरूबाट आफूलाई थाहा भयो तब तिम्रो साक्षात्कार भैहाल्छ । आफू जस्तो हो उसैमा रहिदिनुलाई साक्षात्कार भन्छ ।

प्र– साक्षात्कार कसरी भयो ?

उ– बुद्धिलाई लिएर जब स्वरूपमा पुग्यो तब साक्षात्कार भैहाल्यो, देखिहाल्यो । यसरी आफ्नू भित्र उज्यालोलाई देखिहाल्छ ।

शङ्करले पनि भन्नुभो हे आमा ! चिदाभास तपाइँ होइन। तपाईं शुद्ध चैतन्य हो। आमाले यस्तो कुरा थाहापाई तत्क्षण मै साक्षात्कार हुनुभयो। अर्थात् आफू शुद्ध चैतन्य

रहेछ भनी जान्नु भयो । जानेपछि फेरि जान्न बाँकी रहँदैन त्यो हो स्वरूपको ज्ञान ।

१६. अब हामीहरूको साधन के बाँकी रह्यो त ?

उत्तर– चिदाभासलाई नलिनु हो खास साधन । अरू साधन केही छैन, सबै कुरा बनावटी मात्र हो । आफू सदा-रहेको शुद्ध चैतन्य हो भनी बुझेपछि, उज्यालोलाई देखेपछि अरू साधनको जरूरत छैन । साधन हो अपारमार्थिक वस्तु । त्यसकारण लोभले जीव भावलाई कहिले पनि ग्रहण नगर्नु तब सिङ्गै ब्रह्म भैहाल्छ । अर्थात् आफू ब्रह्म नै हो ।

हीरालोभले फलाना बनिहाल्छ, फलाना भएको वस्तु हैन । मसिनु विचार गरी हेर म भन्ने के छ ? म नभएपछि मेरो के बाँकी रहन्छ ? यो त सबै नभएको कुरा हो, यस्तो कुराको पछि किन लाग्नु ? यस्तो कुरालाई मानिराख्नु हो अहंकार अर्थात् जीवभाव ।

हीरा त्यो झुट्टो मानिस हैन तिमी सदा रहेको वस्तु हो,तिम्रो अभाव कहिले पनि छैन, त्यै हीरा हो खास तिम्रो स्वरूप। त्यसैलाई शुद्ध चैतन्य किंवा ब्रह्म भनी कहिएको छ।

१७. हेर सारा दृश्यलाई द्रष्टा खडा गर्दछ तर द्रष्टा-लाई कुनै दृश्यले खडा गर्न सक्दैन । दृश्य हो अपारमार्थिक वस्तु र द्रष्टा हो पारमार्थिक सत् बनिबनाउ वस्तु । जुन स्वप्रकाश हो त्यो सत्य वस्तु हो। खास तिमी नै शुद्ध ब्रह्म हो। ब्रह्म भन्न किन डराउनु पर्‍यो आफू ब्रह्मै हो हेर्‍यौ सुषुप्ति ? सुषुप्तिमा तिमी देखि अरू कुरा कुनै थियो कि ? कहिले पनि केही कुरा छैन तिमीले खडा गरेका मात्रै हो। त्यो साँचो वस्तु हैन। खडा नहुँदा पनि तिमी त रहिराखेको शुद्ध चैतन्य हो ।

१८. घर गएपछि एकातिर परिहाल्छ नि ? हैन

पर्दैन किनकि एकातिर परेको थाहा पाउने तिमी हो ? त्यही त शुद्ध चैतन्य हो । सारा थाहा पाउने तिमी हौ तब एकातिर कसरी पर्ने । हैन अभ्यास र वैराग्य गर भनी बताउनु भएको छ नि ? प्रमाताले अभ्यास गरेर कहिले पनि स्वरूप प्राप्त हुन सक्दैन। स्वरूप सधैं प्राप्त नै छ, प्राप्तब्यवस्तु नाश भैहाल्छ त्यसकारण आफू सदा, सर्वदा प्राप्त नै छ । यसैलाई दृढ तुल्याउनु हो तिमीहरूको काम । अरू कुनै साधनको जरूरत छैन । साधन खोजिराखेसम्म कहिले ज्ञान सफल हुन सक्ने ? नहुनुमा कारण यत्ति हो । तिमीहरू तल झरिकन फेरि माथिको चैतन्यलाई खोजिराख्छौ ? बाटो यो हैन आफू हो शुद्ध चैतन्य भनी बुझी, चैतन्य मै रहिदिनु हो काम ।

१९. गरीव भैकन धनीलाई हेरेर मात्र धनी हुन सक्दैन, धनी हुनलाई धन नै हुनुपर्छ । त्यस्तै प्रमाता बनिकन ब्रह्म हुन सक्तैन ब्रह्म हुनलाई ब्रह्म नै हुनु पर्छ । आफू ब्रह्म नै हो भुलले के के मानिराखेको मात्र हो ।

२०. जस्तो डोरी नै सर्प वन्यो, त्यस्तै शुद्ध चैतन्य नै भोक्ता बनिराख्यो । भोक्ता अरू कुनै मानिस छैन । त्यसो भए त्यस्तो सारा कुरालाई जान्नेवाला प्रकाशरूप नै आफू हो । स्वरूप-लाई नबिर्सनु यही हो कुरा । मिहिनेत कुनै चाहींदैन । किन ? त्रिपुटि छैन नि यसैले मानिस बन्नु परेन तब साधन के चाहिने ? शरीर जगत् भूतले रचिएको हो तब त्यसको कुरा के ठीक हुन सकला ।

२१. गोपालजी सदा किताब हेरिरहन्छ प्रमाता बनी किताब हेरी केकाम लाग्छ । त्यसैले दवेर गयो उठ्न सकेन, किनकि यिनीहरू हो गरीव मान्छे त्यसैले गरीवले म राजा हुँ भनी कसरी भन्न सक्ने ? त्यसैले म ब्रह्म भएको छैन किताबमा लेखिराखेको मात्र हो भनी भन्छन् । आफू ब्रह्म नै

थियो ब्रह्मै वस्तु हो, तब ब्रह्म, भन्न केको डर लाग्यो? ब्रह्म किन नभन्नु ?

गोपालजी जिन्दगीभर यसैमा (वेदान्त मार्ग) लाग्नु भो हामीले उनैबाट कुरा सिकिलियौं तब तिनी बढ्न किन नसकेको? वास्तवमा यिनीहरूलाई कुरा केही थाहा छैन यिनीहरूलाई द्वैतको संस्कार छ तब यसो, उसो भनी अल्मलिराख्छ । यसो, उसो प्रमाताले भनिराख्ला आफू प्रमाता हैन । प्रमातालाई जसले जान्दछ त्यो म नै आफू हो भनी किन बस्न सक्दैन बसिहालेत पुगिहाल्ने, आफू पुगिराखेकै थियो । सोचिहेरेथाहा हुन्छ आफू थाह रूपनै हो ।

२२. वास्तवमा गोपालजी उत्तम पदमा स्थित छ । म स्थित भएको छैन भनी भन्छ तापनि त्यो उठाएको कुरा आगमापाइ हो । त्यो आफू हैन आफू त त्यो सारा कुरालाई जानिराखेको गोपाल हो । त्यसो भए गोपालजी स्वरूपमै स्थितछ ।

फेरि भन्छ शास्त्रले बताएकोछ म त भएको छैन, यो कुरा कहाँबाट सिद्धभयो, यो कसरी थाहा भयो होस्राख्दैन । हो त्यै प्रकाश गरिराखेको वस्तु शुद्ध चैतन्य ब्रह्म आफू हो, आफू सदा आफूमै स्थित भैरहेकोछ कहीं खोज्नु पर्दैन । मानिस हाम्रो मुखमा जिब्रो छैन भनी भन्छ, त्यो ठीक हैन त्यस्तै म ब्रह्म भएको छैन भनी बताए पनि आफू ब्रह्मै हो । सारा कुरा थापिराखेको मात्र हो । त्यो थापने वाला, थापिने वस्तु, आफु हैन हेरन सुषुप्ति । तिमी भन्ने सिंङ्गै बसिराखेका हौ, अहिले पनि तिमी सिंगैछदैछौ । अनुभव गरिहेर आफू कहीं हराएको छ कि, सुषुप्तिमा केहीछैन, देखिंदैन तापनि अखण्ड सुख अनुभव हुन्छ ।

२३, अहंकार हो द्वैत वस्तु अर्थात सबैकुराबनाउनु । त्यसलाई त्याग गरिदिनु । जो दृश्य वस्तुलाई अग्रहण हो

त्यहीहो स्वरूप प्राप्तिको साधन ।

२४, गोविन्दको वास्तविक स्वरूप ध्याता ह्वैन, ध्याता कल्पित कुराहो । अभ्यासमा लाग्नेमानिस आफू हैन लागिरहनु, गरिरहनु प्रमाताको होला आफ्नो हैन । तिमिहरू भूललाई लिहाल्छौ । सुषुप्तिमा ध्याता, ध्यान कुनै देखिन्छ ? केही पनि कुरा हैन भएको आफुमात्र हो तिमी अर्कोमानिस हो । यो देखिएको कल्पित छाया मानिस तिमीहैन । भएको तिमी मात्रै हो । अरू मानिस बनिकन फेरि किन आउनु, आएपनि कतिकाल बस्ने त्यो आफ्नू छायाहो । त्यो मानिस हैन। आफूत मौजुदछ आफू सुषुप्ति झैं सदा बसिराखेको मानिस हो ।

२५, सूक्ष्म मन कुनै विषयाकार नभकोलाई भन्छ । मोटो मन हो विषयलाई चिताइराख्नु । साक्षात्कार हुन्छ सूक्ष्ममन अथवा मरेको मनबाट। जस्तो बत्तीबाट डोरीको साक्षात्कार हुन्छ त्यस्तै मन सूक्ष्म भए साक्षात्कार भैहाल्छ। अरूसाधनको अपेक्षा केही छैन। कुरा बाँकीछ भनिठानी राख्नु हो जीवभाव त्यो आफू हैन । वेकारमा शरीरलाई प्रेम गरी रहन्छ सुषुप्तिमा कुनै पनि शरीर छैन, आफू एक नाशछ ।

२६ कहिलेपनि प्रमाता बनेर शम देख्न नखोज्नु । साधन नखोजनु, प्रमाता बनी के साधन होला ? आफू जे हो त्यै भै दिनु । भूलमा परेको मानिसलाई भ्रमले आफू नठान्नु । प्रमाता भएर हेर्न नखोज्नु प्रमाताको आँखा विग्रेको छ, विग्रेको आँखाले के के देखिराख्छ त्यो विलकुल भ्रम र भूल हो । यही बुझनु हो कुरा अ रूकुरा हैन ।

२७, स्वरूपलाई नछोडे केहीटण्टा आउँदैन । स्वरूप-लाई तिमीले कहीलेपनि छोडन सम्भव नै छैन । आफ्नू स्वरुप

मात्र भएको कुरा हो । हैन-देखिन्छ नि ? यो सारासंवेदन हो, भएको वस्तु कुनै होइन । त्यो अहिले भर्खर स्फुराएको कुराहो त्यो रहँदैन । किन्तु आफू सदा विद्यमान छ ।

२८, अबुद्धि पूर्वक आफू ब्रह्म भैराखेकै हो त्यसले काम दिएन । अब बुद्धि पूर्वक म ब्रह्म हूँ भनी थाहा हुनु पर्छ तब ब्रह्म भै हाल्छ ।

२९, भूलको नाम हो संवेदन ।

३०, मनरूपी घैटाबाट विषयलाई झिकिदिनु । मन रूपी जुन घैटा हो खालितुल्याउनु, तब ब्रह्मको अनुभव हुन्छ ।

३१, जो सत्सङ्ग गर्न आउने मुमुक्षु हो त्यो हो ब्रह्म, प्रमाता हैन । भूलले आफूलाई फलाना भनी संझिराख्यौ ।

३२, तिमी शुद्ध हो, बुद्ध हो, निर्मल हो ।

३३, प्रमाता भावलाई जबसम्म छोड्दैन तबसम्म त्यसको वासना कहिले पनि नाश हुँदैन । त्यसकारण म शुद्ध चैतन्य हुँ भनी बस्नु । प्रमाता भनी कहिले पनि नभन्नु

३४, विचार के लाई भन्छ ? प्रमाता भाव हो झुट्टा, शुद्ध चैतन्य हो सच्चा ।

३५, संसारमा फसेको मानिस अभिमानी हुन्छ । अर्थात सानु कृपण बुद्धि हुन्छ । कृपण हो प्रमाता, अकृपण हो ब्रह्मस्वरूप । ब्रह्म स्वरूप भैकन पनि कृपणता बनिराख्नु कस्तो कुरा हो । व्याधाभाव नछोडेसम्म राजाको छोरा हुन सक्छ ? ब्याधाभाव छोडिदिए राजाको छोरा बानिहाल्ने–गान्हो केही छैन, राजाकै छोरा हो ।

३६, भित्र संसार राख्नेवाला पुरुष ब्रह्म हुनसक्तैन । प्रमाता भावलाई त्याग गरिदिए ब्रह्म हुन बेर लाग्दैन, ब्रह्म नै हो । त्यसकारण संसारलाई भित्र नराख्नू । संसार हो मनो राज्य, त्यस्तो तुच्छ मनोराज्य कुरालाई भित्र किन राख्नु ?

३७, पहिले श्रद्धाको बलले संसारमा सच्चा बुद्धिलाई शिथिल तुल्याउनु । तब चिताउने कुरापनि सिथिल भएर जान्छ र स्वरूपको दृढदताले म हुँ शुद्ध चैतन्य भनी अनुभव हुन्छ ।

३८., धन द्रव्य हो- भोलिसम्म नरहने अनित्य नाशबान । त्यसकारण नित्य दोष देखनु ।

स्वरूपमा बसेमात्र सुख-शान्ति मिल्छ। संसारमा लागे अर्थात प्रमाता बने, सुख शान्ति मिल्दैन । त्यसैले मित्र दिलबाट संसारको इच्छालाई परित्याग गरिदिनु ।

४०, सँधै शुद्ध चैतन्य परमात्मा स्वरूपको मात्र कुरा गरिराख्नु, नत्र संसारले थिचिहाल्छ ।

यस्तो वासिष्ठामृत निस्कनु सम्भव थिएन तिमीहरूको पुण्य प्रतापले अन्तिमरत्नको भण्डार निस्किहाल्यो । यस्तोज्ञान शास्त्र भू-लोकामा मिल्दैन, ब्रह्माजी कहाँ मात्र पाइन्छ म पनि बडोखुशी भएँ तिमीहरूले यत्रो कष्ट उठाइ आयौ कुरा बुझिलियौ, सुखी भयौ, मर्यादालाई नछोडनु भनी ०२२।७।४।४ अन्तिम दिन बिदा बक्स्यो ।

अबुद्धिमानलाई मनले मार्छ, बुद्धिमानहरूले मनलाई मार्छन् र चिर सुखी हुन्छन् ।

काम काज गर्नु, काम काज गर्नेवाला कर्ता नबन्नु । आफू अकर्ता, अभोक्ता हो भनी जान्नु ।

तिम्रो संसारिक जीवन प्रारब्धमा निर्भरछ ।
तिमी इश्वर भरोसा परि सदा सुखि भैरहु ।



वेलावेलामा दिनुभएको
फुटकर उपदेश

४१, तिमी अध्यात्म विचारको लागि सदा प्रसन्न रहने अभ्यास गर्नु । मुख सदा हँसिलोराख्नु । त्यसोभए सबैले तिमीमाथि प्रेम राख्नेछ । परमात्मा पनि तिमीदेखि खुसी रहनेछन् । तिमीपनि सुखी बन्नेछौ ।

४२, तिमी कहिलेपनि उत्तेजित नहुनु । जस्तो परिस्थिति आइपरे पनि सन्तुलनलाई नछोडनू । हिकमत नहार, सबै माथि सत्कार गर, यसरी जीवन बिताए तिम्रो हृदय शान्त रहनेछ । ईश्वर दर्शन हुनेछ ।

४३, तिमीले वृत्ति सहित चित्तलाई क्रमश वृत्तिरहित तुल्याउनुपर्छ । काम हो चित्तलाई वृत्तिरहित तुल्याउनु । कुरा कठिन हैन, अभ्यासको कमिहो । अभ्यास भए ज्ञानिबन्ने । ज्ञानीमा चित्त हुँदैन । त्यो मान्छेहैन ।

४४, ज्ञान हो चित्तलाई नष्टगरी केवल चैतन्य भएर बस्नु । चैतन्यहो हामी । त्यसको सिद्धगर्न साराबुद्धिलाई छोडिदिनुपर्छ ।

४५, तिमीले म हुँ ब्रह्म भनी सुखस्वरूपको अनुभव गरिराख्नु । जति कुराको अनुभव हो त्यो तीन' विभागमा हुन्छ । होस - त्यसलाई तत्कालमा त्याग गरिदिनु ।

४६, तिमी चित्तलाई चलाईराखे के के देख्छौ त्यो सारा कल्पित हो, नाशबान् हो । संसारको अनुभव गरिराख्यौ तिमीहरू, त्यो एक कौडीको मोल छैन । किन

त्यो मिथ्या हो। यो सारालाई परियाग गरे तिमी सत्, चित्, आनन्द स्वरूप प्रकाश भैहाल्छ।

४७, तिमी सदा सुखी आनन्द वस्तु हौ।
तिमी छाला, मासु को जड मानिस होइनौ।
तिमी स्वयं प्रकाशमान उज्यालो वस्तु हौ।
तिमी शरीर, मन, बुद्धि, इन्द्रिय आदि कुनै पुरूष हैन
तिमी मन, बुद्धि अहङ्कारको साक्षी अनुभवरूप हौ।

४८, चैतन्यदेखि बाहेक एकसिन्को पनि जगतमा केही छैन। किन देखिन्छ नि? चित्त चञ्चल भएकाले बालकले भूत देखे झैं। त्यसैले तिमी सत्चित् सुखमा अवस्थापन गर। तिम्रो स्वरूप त्यही हो। त्यो अखण्ड प्रकाश, अखण्ड आनन्द छ। त्यहाँ जन्म मरण केही पनि छैन।

४९, बुद्धिको जुन वृत्ति हो त्यो क्षणक्षणमा खडा हुँदैगर्छ त्यसको मोल एक कौडिको पनि छैन। म मर्छु, म जान्छु, म हेर्छु, खान्छु यो क्यै काम को कुरा हैन। त्यो भ्रान्त अनुभव हो तिमी त्यसलाई छोडी बस। बस्नु हो स्वरूपमा स्थित हुनु।

५० तिमी सारा वृत्तिलाई छोडी देऊ त्यसको कदर नगर। त्यो नाशवान् मिथ्या हो। तिमी दुई वृत्तिको बीचमा हेर त्यहाँ शान्त मन रहन्छ, त्यो प्वालमा चित्त शान्त रहन्छ, तब तिमी ब्रह्मज्ञान देखने, ब्रह्मको अनुभव हुने, ब्रह्म भइहाल्ने। त्यसैले चैतन्यलाई ठूलो कदर गर्नु। अब के गर्ने? एक क्षणको लागि ब्रह्म भएर बस्नु। कसरी? एक क्षण, दुई क्षण, तीन क्षण प्वाल खडा गर्नु। अर्थात् वृत्ति रहित भएर हेरौं। हेरे ब्रह्मको अनुभव हुने, बल बढेर आउने, बुद्धिमान कुरासित मिल्दैन तब ब्रह्म भएर बस्न पाउने। यो हो आत्माको अनुभूति।

५१ विकल्प भैरहनु हो जीव, उसलाई हटाइदिनु शिव हो । त्यसैले वृत्तिलाई नचलाऊ । कसरी ? ईश्वरको भरमा बसी । ईश्वर प्रारब्ध माथि चढी बस्नु भएको छ । तब तिम्रो विकल्प के काम । वृत्तिरहित चित्तले म हुँ ब्रह्म भनी बस । ननिदाऊ, न चिताऊ, तब तिमी ब्रह्माकार वृत्तिमा अवस्थान हुनेछौ ।

जति देहमा बुद्धि बलियो छ उति ब्रह्ममा बुद्धि भए तब मुक्त हुन्छ। ईश्वरले बचाएर राख्नु भो, किन ? मुक्त हुनको लागि ।

५२. तिमी सदा सत्संग गर । असत् वस्तुबाट सत् आत्मालाई पृथक गरिकन आफूले ग्रहण गर्नु । त्यो सत् वस्तु हो आत्मा, त्यो हो परमात्मा र त्यो हो ब्रह्म । आत्मालाई चिन, सुखी वन, ज्ञानवान बन, ईश्वरलाई मान । जीवन यात्रालाई सुनियन्त्रित गर । खान-पानतिर ध्यान नराख । राम्रो सत्य व्यवहार गर, जथाभावी विहार नगर । सज्जन राजभक्त प्रजाभएर ईश्वर भक्त पुरूष बनेर तिमी जनक झैं ब्रह्मज्ञानी बनिहाल ।

५३. आँखा, कानलाई बन्द गर्नु ठूलो कुरा हो । यिनलाई बन्द गर्न सके ठूलो लाभ हुन्छ। यसबाट सुख मिल्छ, सत्व गुण बढ्छ, शान्तिको अनुभव हुन्छ र स्वरूपमा पुग्छ ।

हाम्रो सर्वनाश गर्ने के हो ? इन्द्रिय । आँखा हेरिरहन्छ, कान सुनिरहन्छ, प्रमुख यी दुई इन्द्रिय शत्रु हुन् । अभ्यास कालमा यसलाई शत्रु नमाने मन एकाग्र नहुने । त्यसैले अनात्मातिर दृष्टि नलगाऊ ।

५४. मुमुक्षुले के गर्नु पर्छ ? सत्संग गर्नु पर्छ । कसरी ? चित्तलाई आफ्नू चैतन्य स्वरूपमा नियोजित गरी । दुर्लभ कुरा के हो ? सत्संग र ब्रह्म विचार। दिन रात के गरी

रहने ? शंकर भन्नु हुन्छ संसार हो मिथ्या र आफू हो चित् सुखस्वरूप भनी संझी राख्नु ।

अहर निशंकिम् परिचिन्तनियम्
संसार मिथ्यात्व शिवात्मतत्त्वम्

५५. तिमी चित्तलाई आत्मस्वरूपमा जोड, विषय पदार्थमा जान नदेऊ । यो चित्त हो दुष्ट, यसलाई स्थित गरे पछि परम अमृत प्राप्त हुन्छ । जो आत्म विचारलाई छोडेर सुखको निम्ति भोगको चाहना गर्छ त्यो वल्छिमा परेको माछा झैं कष्ट पाउँछ । त्यसैले मनमा जो कल्पना उठ्छ त्यसलाई चाँडैनै त्यागिदेऊ । त्यसो भए तिम्रो मन स्वतः नष्ट हुन्छ ।

५६. जिज्ञासु मानिसको लक्षण कस्तो हुन्छ ? निस्काम कर्म र भगवत् भक्तिद्वारा चित्तशुद्धि भैकन, अनात्मकार वृत्तिलाई उत्पत्ति हुन नदी आत्ममा नै निरन्तर मनलगाई-राख्छ । आफूलाई शुद्धप्रकाशचैतन्य भनिकन अनुभवको इच्छा राखिछोड्छ । ज्ञान–शास्त्र हेरि रहन्छ । ज्ञानशास्त्रमा बताएको सिद्धान्तलाई अनुभव गर्न प्रयत्न गरिराख्छ । संसारिक विषयलाई पाउनुको इच्छा उठेपनि त्यो इच्छालाई परित्याग गरिदिन्छ । किनकि जिज्ञासु पुरूषले अनात्म संसारबाट मुक्त हुन ठूलो इच्छा राखेको हुन्छ ।

५७. तिमी दुःख निवृत्तको लागि धन, पुत्र आदिमा लाग्नु बाटो हैन । बाटो हो म र मेरो भावको परित्याग । ज्ञानको लागि प्रयत्न गर्नु हो सारा दुःख निवृत्तिको उपाय ।

सारा जगत् हो तिम्रो संकल्प । त्यसो भए तिमी ज्ञानमा प्रयत्न गर्न सक्छौ । यो कुरा जगतमा लुकेको रहस्य हो ।

५८. मनसित मिले मानिस वेपत्ता हुन्छ । त्यसैले सुख, शान्ति चाहने मानिस मनसित कहिले पनि नमिल । तिमी

मन होइनौ । मन तिम्रो इष्ट पनि हैन । आफू सदैव ब्रह्म हो । नजाने पछि दुःखी, जानेपछि सदा सुखी हुने । कस्तो बाटो हो यो ।

५९. भगवानको दर्शन कसरी हुन्छ ? दर्शन गर्ने वाला तिमी र दर्शन गरिने पदार्थलाई छोडे पछि जो बाँकी रहन्छ त्यो हो भगवान, त्यही हो तिमी । आफू बुद्धियुक्त मानिस हैन । आफू हो बुद्धि विनिर्मुक्त, जसलाई चैतन्यरूप, थाहारूप भनिन्छ त्यही हो आफ्नू वास्तविक स्वरूप ।

६०. ब्रह्माकार, अखण्डाकार वृत्ति भनेको केही कुरा हैन । यो हो शास्त्रको जाल । त्यसैले गुरूविना ब्रह्मज्ञान हुन सक्दैन । यो हो गुरू महिमा । वृत्ति, आदि केही भएको हैन । भएको वस्तु हो एक चैतन्य तिमी मात्र । अरू सारा कलिपत हो ।

ब्रह्मज्ञानको लागि केही सोचनु, बनाउनु पर्दैन । ऊ हो बनिबनाउ वस्तु । बुझ्नु हो काम, गर्नु, सर्नु केही छैन । संसारलाई छोडी दिए बाबु बनिहाल्छ बाबु संसारी मानिस हैन ।

यहाँ ममता गरी के गर्ने ? यो धेरै दिन बस्दैन । बाबु संसारी देखिन्छ तर संसारी हैन, तिमी पनि त्यस्तै बन ।
(०२४।५।२१ कलकत्ता)

६१. ईश्वर कहाँ पाइन्छ ? त्रिपुटीलाई अङ्गीकार गरिकन ईश्वरलाई पाउन सक्तैन । त्रिपुटीलाई परित्याग गरे पछि मात्र ईश्वर आफ्नै हृदय भित्र देखिहाल्छ ।

ईश्वरलाई टाढा नदेख्नु, ईश्वर तिम्रै भित्र बस्नु भएको छ । वहाँलाई नबिर्सनु । ईश्वरसित अभेद हुनुको अनुभवलाई भक्ति भनेको छ । ईश्वर दर्शन नित्य भै राखे प्रपञ्च मिथ्या प्रतीत हुन्छ । नित्य निरन्तर ईश्वर साक्षात्कार भैरहन्छ ।

बुद्धिमान पुरूष मनरहित भएर बस्नु हुन्छ । नामा

पदार्थदेखी राखे पनि त्यसलाई पाउन इच्छा गर्नु हुन्न। इच्छा नउठाए मन उठ्न सक्तैन। मन नउठे निजी सुखरूप चैतन्य-लाई सजिलो सित अनुभव गरिरहन सकिन्छ।

६२. चीजबीज नखोज्नु हो असल चित्त। उस्मा ज्ञान प्राप्त हुन्छ।

६३. सत्संगमा मानिस आइरहेको छ परन्तु अगाडी बढेको छैन। किन? बाटो पाएको छैन। बाटो हो मर मेरोलाई त्याग गरिदिनु।

६४. मनुष्यको काम हो बुद्धिलाई घटाउँदै शान्त भै बस्नु। मनलाई सफा तुल्याउनु अर्थात् वृत्ति रहित भएर बस्नु। त्यति गरे तिमी जन्म मृत्यु रहित हुन्छौ। आफू महान परिपूर्ण आनन्दरूप भएर पनि यो तुच्छ खेल (वृत्तिरूप) मा किन फसेका हौ। अब यताउता नहेर आफ्नू सनातन सुख स्वरूपलाई प्राप्त गरिहाल। कसरी प्राप्त गर्ने ? यो तुच्छ वृत्तिलाई नचलाएर एक क्षण, दुई क्षण बस्ने गर। तुच्छ बुद्धिलाई चलाएर आफू किन तुच्छ र दीन (दुःखी) बन्ने ? बुद्धिलाई नचलाए महान लाभ हुन्छ आत्मज्ञान मिल्छ।

६५. शुद्ध मन (आत्माकार) हो संसार समुद्रबाट पार लगाउने नौका। विषयाकार वृत्ति उठ्न नदिनू। आत्माको चिन्तन गर्नू। चित्तलाई शान्त राख्नू। सारा पदार्थको इच्छालाई छोडि दिनू। केवल चिन्मात्र स्वरूपमा वृत्तिलाई स्थित राख्नू।

जो मानिसले अन्तकरणमा आत्माको भावना यत्न पूर्वक गरिरहन्छ त्यसले शान्ति प्राप्त गरिहाल्छ।

६६. गुरू वचनलाई ग्रहण गर्नु हो बुद्धिको अखण्डता। चित्तअन्तर्मुखको लागि कर्म चाहिन्छ। चित्त स्थित राख्न भक्ति चाहिन्छ। मल हो– विषय उन्मुखता। विक्षेप हो

विषयमा आकारिता । आफू ब्रह्मै थियो आफू ब्रह्मै हो ।

पापबाट पशु आदि योनि मिल्छ, पुण्य भए देव योनि मिल्छ मध्यम भए मनुष्य जन्म मिल्छ । मनुष्य जन्म हो तल र माथि जाने ढोका ।

६७. मनुष्य भएर जन्म मिल्यो उनको शरीर छ तब कमाई पनि पाइहाल्छ । त्यसैले बुद्धिमान मानिस संसार तिर दौडादौडी गर्दैनन् । तिनी ईश्वरको ज्ञान गर्छन्, ब्रह्मको ज्ञान गर्छन् र सारा दुःखबाट मुक्त भएर अविनाशी आत्म पद प्राप्त गर्छन् ।

ईश्वर हो संम्पत, अरू सबै हो विपत
दैवि संम्पत आर्जन गर
तब ईश्वर प्राप्त हुन्छ ।
दैविसंम्पत हो ईश्वर सित
मिल्ने बाटो ।

अन्तिम–

वन्दना

रामो राजमणिः सदा विजयते रामं रमेशं भजे
रामेणा भिहता निशाचर चमु रामाय तस्मै नमः।
रामान्नास्ति परायणं परतरं रामस्य दासोऽ स्म्यहम
रामे चित्तलयः सदाभवतुमे भोराम! मामुद्धर ॥